INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

# संसदमा महिला :

## संख्याभन्दा पर

*संशोधित संस्करण*

## हातेपुस्तक शृङ्खला

इन्टरनेसनल आइडियाको हातेपुस्तक शृङ्खलाले लोकतान्त्रिक संस्थाहरू र तिनका प्रक्रियाका विषयमा तुलनात्मक विश्लेषण, सूचना र विस्तृत जानकारी दिने प्रयत्न गर्दछ । हातेपुस्तकहरू मुख्यतः यी विषयहरूसँग सम्बन्धित नीति-निर्माता, राजनीतिज्ञ, नागरिक समाजका पात्र र प्रयोगकर्ताहरूलाई लक्षित गर्दछ । यिनीहरू प्राज्ञिकवर्ग, प्रजातन्त्रका सहयोगी समुदाय र अन्य निकायका निमित्त पनि रोचक बन्न पुगेका छन् ।

**सर्वाधिकार** © International Institute for Democracy and Electoral Assistance 2009

**इन्टरनेसनल आइडियाका प्रकाशनहरू कुनै राष्ट्र विशेष वा राजनीतिक स्वार्थबाट स्वतन्त्र छन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरूले स्वभावतः इन्टरनेसनल आइडिया, यसको सञ्चालक समिति वा परिषद सदस्यहरूका विचारलाई प्रतिनिधित्व गर्दैनन् ।**

**यस प्रकाशनको पुनः मुद्रण वा सम्पूर्ण या कुनै अंशको अनुवादका लागि अनुमति प्राप्त गर्न निम्न ठेगानामा निवेदन दिनुपर्ने छः**

**Publications office**

International IDEA
SE - 103 34 Stockholm
Sweden

**इन्टरनेसनल आइडिया आफ्नो कार्यको सूचना सम्प्रेषणलाई प्रोत्साहन गर्दछ र यसका प्रकाशनहरूलाई पुनःमुद्रण वा अनुवादका लागि अनुरोध गरिएमा तुरुन्त जवाफ दिने छ ।**

**ग्राफिक डिजाइन : ट्राइडेल्स फर्म**
**कभर चित्र : एनोली परेरा, श्रीलंका**
**अनुवाद (अङ्ग्रेजी-नेपाली) : प्रा. डा. बद्रीविशाल भट्टराई**
**मुद्रण : क्रिएटिभ प्रेस प्रा.लि, काठमाण्डौ, नेपाल**
ISBN: 978-91-85724-86-4

INTERNATIONAL IDEA INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

# संसदमा महिला :

## संख्याभन्दा पर

*संशोधित संस्करण*

*सम्पादकहरू :* अस्सा कराम तथा जुली बालिङ्टन

*योगदान :* अमल सब्बाघ, अस्सा कराम, द्रुदे दालेरूप, एलिसा केरियो, एलिजाबेथ पाउले, फ्रेन गिनवाला, जोनी लोभेनदुस्की, जुली ब्यालिङटन, करिना जाब्रे, खोफिफाह इन्दर पारावान्सा, लेना वाग्नेरूद, माला एन. ह्तुन, मारिएत सिनउ, नादेज्दा स्वेदोभा, नेस्तोरिन कम्पोरे नीना पकारी, रिचार्ड ई. म्याटल्यान्ड, शीला मिन्जेस, शिरिन राई, सोनिया पाल्मेरी ।

**दुई शब्दः एलेन जन्सन सिर्लिफ, राष्ट्रप्रमुख, गणतन्त्र लाइबेरिया**

# विषय सूची

**प्राक्कथन** ........ १३
एलेन जन्सन सर्लिफ

**सन् १९९८को मूल संस्करणको लागि मन्तब्य** ........ १४
फ्रेन गिन्वाला

**अन्तिमको मन्तब्य** ........ १८

**भूमिका** ........ १९
लेना हेम-वालेन

**संक्षिप्त शब्द र अर्थ** ........ २२

**१. परिचय** ........ २५
जुली ब्यालिङ्टन
*१) लोकतन्त्रमा पहुाचः महिलाहरूलाई किन समावेश गर्ने ?* ........ २६
*२) एउटा दशकः विश्वभरिमा भएका प्रगति* ........ २७
*३) यस हातेपुस्तकका बारेमा* ........ २८
*३.१. पृष्ठभूमि* ........ २८
*३.२. लक्षित वर्ग/पाठक* ........ २९
*३.३. क्षेत्रीय तहसम्म पुऱ्याउने कार्य* ........ २९
*४) हातेपुस्तकको रुपरेखा* ........ २९
*५) भविष्यको कार्यसूची* ........ ३२
*पादटिप्पणी* ........ ३३

**भाग १. मुद्दा तथा अवरोधहरू**

**२. संसदमा महिला सहभागिताका अवरोधहरू** ........ ३५
नाडेज्दा स्वेदाभा
*१. राजनैतिक अवरोधहरू* ........ ३६
*१.१. राजनीतिको पुलिङ्गी ढाँचा* ........ ३८
*१.२. पार्टीको सहयोगको कमी* ........ ३९
*१.३. महिलाहरूको सङ्गठनहरूसँग सहयोग* ........ ४१
*१.४. नर्वाचन प्रणाली* ........ ४२
*२. सामाजिक - आर्थिक अवरोधहरू* ........ ४२
*२.१. गरिबी र बेरोजगारीको महिलाकरण* ........ ४५
*२.२. दोहोरो बोझ* ........ ४६
*२.३. शिक्षा र तालिम* ........ ४६

३. वैचारिक र मनोवैज्ञानिक अवरोधहरू...... ४७
३.१. परम्परागत भूमिकाहरू...... ४८
३.२. आत्मविश्वासको कमी...... ४९
३.३. राजनीति 'फोहोर' भएको सोचाई...... ४९
३.४. आमसञ्चार माध्यमको भूमिका...... ५१
४. सारांश...... ५२
पादटिप्पणी...... ५४
संदर्भ र थप अध्ययन सामग्री...... ५४

**नमुना अध्ययनहरु**

अरब मुलुकहरू (अमल सब्बाघ)...... ५६
इक्वेडोर (निना पकारी)...... ७८
इन्डोनेसिया (खोफिफाह इन्दर परावान्सा)...... ९०

## भाग २. अवरोधहरूलाई जीत्नु

**३. महिलाको राजनैतिक सहभागिता अभिवृद्धि: संसदमा नयाँ पदपूर्ति तथा निर्वाचन प्रणालीहरू**...... १०३
रिचार्ड ई. म्याटल्यान्ड
१. संसदीय पदपूर्ति प्रक्रिया र महिलामा त्यसको प्रभाव...... १०३
१.१. आफू स्वयम्लाई छान्नु...... १०४
१.२. पार्टीद्वारा छानिनु...... १०५
१.३. निर्वाचित हुनु...... १०८
२. महिला प्रतिनिधित्वमा निर्वाचन प्रणालीको असर...... ११०
२.१. समानुपातिक प्रतिनिधित्व प्रणालीका फाइदाहरू...... ११२
२.२. केही समानुपातिक प्रतिनिधित्व प्रणाली अरूभन्दा किन असल छन् ?...... ११४
२.३. निर्वाचन सूचीका प्रकार...... ११६
३. महिला प्रतिनिधित्वलाई विस्तार गर्नका लागि पाठहरू...... ११८
पादटिप्पणी...... १२०
सन्दर्भ सामग्री र थप अध्ययन सामग्री...... १२२

**नमुना अध्ययनहरू**

ल्याटिन अमेरिका (माला एन. ह्तुन)...... १२४
फ्रान्स (मारिएत सिनउ)...... १३६
बुर्किना फासो (नेस्तोरिन कम्पोरे)...... १४८

**४. महिलाको राजनैतिक प्रतिनिधित्व वृद्धि: लैङ्गिक कोटामा नयाँ प्रवृत्तिहरू** ........ १५७
द्रुदे दालेरुप
१. कोटा वा कोटा प्रणाली भनेको के हो ? ........ १५७
२. कोटा : पक्ष तथा विपक्ष ........ १६०
२.१. विपक्ष ........ १६०
२.२. पक्ष ........ १६०
२.३. समानताका दुई अवधारणाहरू ........ १६१
३. कोटा वा कोटा प्रणालीको संसार ........ १६२
३.१. नर्डिक राष्ट्रहरू ........ १६४
३.२. राजनैतिक दल र कोटा ........ १६५
३.३. सङ्क्रमणकालीन राज्य व्यवस्था र संसदीय बनोट ........ १६५
३.४ साङ्केतिक महिला ? ........ १६६
४. कोटा प्रणालीको कार्यान्वयन ........ १६७
५. निष्कर्ष ........ १६९
पादटिप्पणी ........ १७०
सन्दर्भ सामग्रीहरु र थप अध्ययन सामग्री ........ १७१

**नमुना अध्ययनहरू**

रूवान्डा (एलिजाबेथ पाउले) ........ १७२
अर्जेन्टिना (एलिसा मारिया केरिया) ........ १८४
दक्षिण एसिया (सिरिन एम राय) ........ १९४

## भाग ३. असर पार्नु

**५. संसदमा महिला : प्रभाव पार्दै** ........ २०७
अस्सा कराम र जोनी लोभेन्दुस्की
१. ससंद्मा दखल गर्नु ........ २०७
१.१. उपस्थिति ........ २०९
१.२. नियमहरूको रणनीति ........ २१०
२. नियमहरू सिक्नु ........ २१४
२.१. संस्थागत/प्रकृयागत ........ २१५
२.२. प्रतिनिधित्व ........ २१७
२.२.१. लैंगिक समानता समितिहरू ........ २१८
२.३. प्रतिफलमाथि असर र प्रभाव ........ २१९
२.४. संवाद ........ २२१
३. नियमहरूलाई प्रयोगमा ल्याउनु ........ २२१
३.१. संस्थागत/प्रकृयागत ........ २२२

*३.२. प्रतिनिधित्व* ........ २२३
*३.३. प्रतिफलमाथि असर र प्रभाव* ........ २२४
*३.४.संवाद* ........ २२५
*४.नियमहरू परिवतर्न गर्नु* ........ २२६
*४.१.संस्थागत/प्रकियागत* ........ २२७
*४.२.प्रतिनिधित्व* ........ २२८
*४.३.प्रतिफलमाथि असर / प्रभाव* ........ २२९
*४.४.संवाद* ........ २३०
*५. सफलता नाप्ने मापदण्ड* ........ २३०
*६. असर वृद्धि गर्ने रणनीतिहरू* ........ २३१
*पादटिप्पणी* ........ २३५
*सन्दर्भ सामग्री र थप अध्ययन सामग्री* ........ २३६

**नमुना अध्ययनहरू**
*अन्तर व्यवस्थापिका संसद युनियन (सोनिया पल्मेरी र करिना जाब्रे)* ........ २३८
*दक्षिण अफ्रिका (शेइला मिन्जेस)* ........ २५६
*स्विडेन (लेना वाग्नेरुद)* ........ २६६

**६. निष्कर्ष** ........ २७९
अस्सा कराम
*१. मुद्दा तथा अवरोधहरू* ........ २८०
*२. अवराधेहरूलाई परास्त गर्नु* ........ २८१
*३. असर पार्नु* ........ २८३
*४. अन्तर्राष्ट्रिय प्रयासहरू* ........ २८५
*५. अगाडिको बाटो* ........ २८५

## तालिका, चित्र र बक्सका सूची


तालिका १: सन् २००५ मा क्षेत्रगतरूपमा विश्वका संसदमा महिला सहभागिता ..... २७
तालिका २: संसदका महिला सभाध्यक्ष वा सभामुखहरू ..... ४०
तालिका ३: अरब संसदहरूमा महिला प्रतिनिधित्व, २००५ ..... ६४
तालिका ४: यमन, लेबनान र जोर्डनमा राष्ट्रिय निर्वाचनमा उम्मेदवारको रूपमा महिला सहभागिता ..... ६६
तालिका ५: इन्डोनेसियाका औपचारिक राजनैतिक निकायहरूमा महिला, २००५ ..... ९४
तालिका ६: इन्डोनेसियामा महिला प्रतिनिधित्व : प्रतिनिधि सभा (डीपीआर) ..... ९५
तालिका ७: लैङ्गिक आधारमा इन्डोनेसियाली व्यवस्थापिकाका आयोगका सदस्यहरू ..... ९६
तालिका ८: २४ वटा राष्ट्रिय संसदमा महिला सांसदको प्रतिशत, सन् १९४५ देखि २००४ सम्म, बढीमतीय/बहुमतीय एकल सदस्यीय जिल्ला (Single Member District-SMD) प्रणाली विरुद्ध समानुपातिक प्रतिनिधित्व/मिश्रित, बहुसदस्यीय जिल्ला (Multi Member District-MMD) प्रणाली ..... १११
तालिका ९: सन् २००५ मा ल्याटिन अमेरिकामा शक्तिमा रहेका महिला : एक झलक ..... १२५
तालिका १०: ल्याटिन अमेरिकामा निर्वाचन प्रणाली (व्यवस्थापिकाको तल्लो सदन वा एक सदनात्मक व्यवस्थापिकाका लागि) ..... १३०
तालिका ११: ल्याटिन अमेरिकामा कोटाका परिणामहरू ..... १३१
तालिका १२: फ्रान्समा महिला र राजनैतिक शक्ति ..... १४२
तालिका १३: राष्ट्रिय संसदमा संवैधानिक कोटा तथा निर्वाचन ऐनमा कोटा प्रणाली भएका राष्ट्रहरू ..... १६३
तालिका १४: बङ्गलादेश, भारत र पाकिस्तानमा कोटाका प्रकार ..... १९७
तालिका १५: महिला सहभागितामा पभाव पार्ने परिवर्तनका चारवटा क्षेत्र ..... २१२
तालिका १६: महिलाहरू : संसदमार्फत् प्रभाव पार्दै ..... २१३
तालिका १७: संसद र अन्तर्व्यवस्थापिका संघमा महिला
क. संसदमा महिला : सन् १९४५–२००० ..... २४६
ख. अन्तर्व्यवस्थापिका संघ सम्मेलनमा महिला : सन् १९४७–२००० ..... २४७
तालिका १८: स्विडिस सांसदहरू तथा महिला सङ्गठनहरूबीचको सम्पर्कको हद ..... २७३

चित्र १ : संसदको पदपूर्ति प्रणाली ..... १०४
चित्र २ : संसदमा महिलाको प्रतिशतः बहुसंख्यक प्रणाली विरुद्ध समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली ..... ११३
चित्र ३: समानुपातिक प्रतिनिधित्व प्रणाली महिलाको निमित्त किन उपयुक्त छ ? ..... ११६
चित्र ४: ल्याटिन अमेरिकामा महिला नेताबारे जनताको भाव, सन् २००४ ..... १२६
चित्र ५: अर्जेन्टिनी कंग्रेस, च्याम्बर अफ डिप्युटिज, १९८३- २००१: महिला सङ्ख्या र सबै सदस्यको अनुपातमा महिला प्रतिशत ..... १८७

चित्र ६: अर्जेन्टाइन कंग्रेस, सिनेट १९८३- २००१: महिला सदस्य सङ्ख्या र कुल सिनेटहरूको अनुपातमा महिला प्रतिशत ........ १८८
चित्र ७ : संसदमा महिलाको विश्व औसत, सन् १९९५–२००४ ........ २४०
चित्र ८: व्यवस्थापिकामा महिलाको क्षेत्रीय औसत सन् १९९५, २००० र २००४ ........ २४२
चित्र ९: स्विडेनको संसद सदस्यहरूको एजेन्डामा महिला सरोकारहरू सन् १९८५–२००२ ........ २६९
चित्र १०: स्विडेनका सांसदहरूका कार्यसूचीमा लैङ्गिक समानता, १९८५ - २००२ ........ २७१

बक्स १. महिला प्रतिनिधित्वमा विकास र संस्कृतिको असर ........ ४२
बक्स २. नर्वेमा उम्मेदवार चयन ........ १०६
बक्स ३. नियमहरू परिवर्तन गर्नका लागि महिला सांसदरूको बैठकका अनुभवहरू ........ २४८

**परिशिष्ट**

क. लेखकहरूका बारेमा ........ २८८
ख. इन्टरनेसनल आइडिया : एक झलक ........ २९६

# प्राक्कथन

संसदमा महिलाहरूको उपस्थिति संसारभरि नै एउटा आवश्यक वास्तविकता हो, जसले हरेक राष्ट्र तथा विश्वका सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ। महत्वपूर्ण विधायिकी संरचनाहरुमा उनीहरूको पहुँचका साथै त्यहाँ पुगेपछि कसरी काम गर्ने भनेर सिक्ने र संसदमार्फत् उनीहरूले त्यहाँ कुन हदसम्म प्रभाव पार्दछन् भन्नेजस्ता कुराहरु गम्भीर चुनौतीका रूपमा रहेका छन् । पूर्णतः कार्य गर्ने लोकतान्त्रिक संस्थाहरू सुनिश्चित गर्न र सबैको मानव अधिकारलाई सम्मान गर्नका लागि यी चुनौतीप्रति लक्ष्य गरिनु र समाधान खोजिनु महत्वपूर्ण हुन्छ। सार्वजनिक ओहदामा जान निर्णय गरेको क्षणदेखि त्यहाँ नपुगेसम्म प्रत्येक पाइलामा महिलाको राजनैतिक सहभागिताका सबै चरणलाई लक्षित गर्नका लागि अनि संसद सदस्यहरूका रूपमा राष्ट्रको विकासका लागि सकारात्मक र रचनात्मक प्रभाव पार्न तिनीहरूसँग उपाय र आवश्यक स्रोतहरू उपलब्ध छन् भन्ने कुरा सुनिश्चित गर्नका निम्ति एउटा ठोस प्रयासको आवश्यकता रहेको छ ।

यो हातेपुस्तक प्रतिनिधिमूलक, न्याय र शान्तिपूर्ण शासन व्यवस्थाको निर्माणमा आफ्ना पुरूष सहकर्मीहरूसँग काँधमा काँध मिलाएर अघि बढ्नका लागि संसारभरिका कैयन् साहसी तथा दृढनिश्चयी महिलाको प्रयासको एउटा प्रमाण हो । यो हातेपुस्तक महिलाहरूले सामना गर्नु परेका अवरोधहरू, तिनीहरूबाट पार पाउने उपाय, विधायिकी संरचनाहरूमा तथा तिनीहरुमार्फत् प्रभाव पार्ने पद्धतिमा केन्द्रित र त्यसबाट सिक्नका लागि संसारभरिका उपलब्ध विविध तथा समृद्ध अनुभवहरूको सिंहावलोकन, विश्लेषण र निर्देशिका पनि हो ।

हाम्रो जीवनका हरेक क्षण इतिहासको निमित्त एउटा निर्णायक मोड हो, जे भइरहेको हुन्छ प्रत्येक घटना त्यसको प्रतीक हो । यो हातेपुस्तक हाम्रो विश्व मानव विकासमा द्रुत गतिमा परिवर्तनशील अनि जहिले पनि चाखलाग्दो एउटा त्यस्तो क्षण वा घटना हो ।

**एलेन जोहन्सन सर्लिफ**
*राष्ट्रप्रमुख*
*गणतन्त्र लाइबेरिया*

गणतन्त्र लाइबेरियाका राष्ट्रप्रमुख, एलेन जन्सन सर्लिफ अफ्रिकी मुलुकमा प्रथम निर्वाचित महिला राष्ट्रप्रमुख हुनुहुन्छ । उहाँले सन् २००६ जनवरी १६ मा सो पदको सपथ ग्रहण गर्नुभएको थियो ।

# सन् १९९८ को मूल संस्करणका लागि मन्तव्य

फ्रेन गिनवाला

*संसदमा महिला : सङ्ख्याभन्दा पर*को प्रथम संस्करणका लागि दक्षिण अफ्रिकाकी निवर्तमान सभामुख फ्रेन जिन्वालाले लेख्नुभएको मन्तव्यलाई हामीले यहाँ पुनः प्रस्तुत गरेका छौँ । त्यसपछि के भयो भन्नेबारेमा फ्रेन जिन्वालाले अन्तिम मन्तव्यमा प्रतिविम्बित गर्नुभएको छ ।

## सन् १९९८ को मन्तव्य

आफ्नो व्यक्तिगत जीवन, समाज र मुलुकबारे निर्णय गर्ने शक्तिले जनतामा प्रभाव पार्ने हुनाले तिनै जनतामा सो निर्णय लिने वैधानिक अधिकार हुनुपर्छ भन्ने सिद्धान्तमा लोकतन्त्रको जग बसेको हुन्छ । शताब्दीयौंसम्म यस सिद्धान्त विपरीत समाजका विपन्न, अशिक्षित, असंस्कृत तथा असभ्य मानिएका वर्णगत भिन्न (काला) जाति र महिलालाई समेत हातहतियारको आडमा आफूमा विलय गर्ने प्रवृत्तिले प्रजातन्त्रको जग मानिने सो अधिकार सीमित पारियो । फलतः ती देशका जनजाति र अत्यधिक रुपमा महिलाहरू निर्वाचित हुनबाट वञ्चित रहेका थिए ।

समाजभित्रको संघर्षमार्फत् मताधिकार प्राप्त गरिएको थियो र कैयन् देशमा अधीनस्थ जनताको आत्मनिर्णयको अधिकार उपनिवेशविरोधी तथा मुक्तिको लडाइँद्वारा प्राप्त गरिएको थियो । पहिले बहिष्करणमा पारिएकाहरूमध्ये धेरैजसोले आज-भोलि दुबै सदनमा र सरकारका निकायहरूमा सदस्य बन्ने अधिकार प्राप्त गरेका छन् । स्वतन्त्र र निष्पक्ष निर्वाचनमा मताधिकारको प्रयोग लोकतान्त्रिक समाजका लागि आवश्यक न्यूनतम मानकको रूपमा स्थापित भएको छ ।

तर, नयाँ र स्थापित लोकतन्त्रमा पनि यो स्पष्ट भएको छ कि मताधिकार स्वयम्ले प्रतिनिधिमूलक व्यवस्थापिकातर्फ उन्मुख गराएन । जनसंख्याका कैयन वर्ग खास गरेर गाउँका गरिबहरू र कम शिक्षित अनि अरु महिलाहरू बहिष्करणमा पर्ने क्रमले निरन्तरता पायो । समग्रमा व्यवस्थापिकामा महिलाको अनुपात अत्यन्त न्यून रहेको छ । प्रश्न त्यस्तो किन र के त्यसले कुनै फरक पर्छ ? भन्ने हो । त्यसले किन फरक पार्ने ? व्यवस्थापिकाहरू र सरकारका अन्य निकायहरूमा महिला भए पनि नभए पनि त्यसले के फरक पार्छ ?

> *आफ्नो जीवन, आफ्नो समाज र आफ्नो देशबारेको निर्णय लिन सक्ने शक्तिको वैधानिकता जसमाथि त्यसको असर पर्छ तिनीहरूबाट उत्पन्न भएको हुनुपर्छ भन्ने सिद्धान्तमा लोकतन्त्रको बीज रहेको हुन्छ ।*

यो मुद्दा संख्याको बारेमा मात्र होइन भन्ने कुराको मूल्याङ्कन गर्नु महत्त्वपूर्ण छ । नीति निर्णय र कानुनहरू समाजका सबै सदस्यहरूको फाइदाको लागि तर्जुमा गरिने हो भने सम्भव भएसम्म त्यस समाजका व्यापक पक्षको अनुभवलाई प्रतिविम्बित गर्न निर्णय गर्ने निकाय सक्षम भए त्यो निर्णय उपयुक्त हुनेछ । त्यसले कुनै खास समूहका मानिसहरू वा समूहहरूको भन्दा सम्पूर्ण समाजको आवश्यकतालाई पूरा गर्नेछ ।

महिलाको मताधिकार र निर्णयमा महिलाको सहभागिताबारेको बहस प्रायजसो न्याय, समता र मानव अधिकारहरूमाथि केन्द्रित रहेको हुन्छ भने महिलाको प्रतिनिधित्व र निर्णय प्रक्रियामा उनीहरूका धारणा र अनुभवहरू समावेश गर्नाले बढी सम्भाव्य समाधानतर्फ अवश्यम्भावी रुपमा उन्मुख गराउँछ र त्यसले समाजको अरु व्यापक तहलाई सन्तुष्ट तुल्याउँछ । त्यसकारण महिला त्यस प्रक्रियाको एउटा हिस्सा हुनुपर्छ। अनि यसले फरक पार्छ भन्ने कुरा पनि त्यही हो : हामीले हाम्रा समस्याहरूका असल र बढी उपयुक्त समाधान पाउने भएकाले यसबाट सम्पूर्ण समाजले फाइदा पाउँछ ।

चुनौती व्यवस्थापिकामा महिलालाई ठूलो संख्यामा चुनाव जिताउने सुनिश्चित गर्नु भन्दा अझै पर छ । कानुनमा सुनिश्चित गरिएका अधिकारहरू र असल शासनको राजनैतिक अलङ्कार तथा सहभागितामूलक लोकतन्त्र हुँदाहुँदै पनि पितृसत्तात्मकता, महिलालाई अधीनस्थ बनाइनु, सार्वजनिक क्षेत्र पुरूषका लागि सुरक्षित राखिएको हो र सामाजिक सम्झौता भनेको नागरिक र सरकारहरूबीचको होइन, सरकार तथा पुरूषहरूका बीचको सम्बन्धका बारेमा हो भन्ने गहिरोसँग जरा गाडेको सोचाइ महिलाहरूलाई निषेध गर्न एकसाथ आउँछन् ।

कैयन् राष्ट्रमा सांस्कृतिक, धार्मिक, पितृसत्तात्मक र आर्थिक अवरोधका कारण महिलाहरूले मतदानको अधिकारको अभ्यास गर्न निरन्तररूपमा कठिनाइ झेलिरहेका छन् । शासन व्यवस्थाका निकायहरूमा प्रवेश गर्नमा महिलाहरूले कठिनाइको सामना गरेका छन् र त्यो निरन्तररूपले चलिरहेको छ; राजनैतिक पार्टीहरू तिनीहरूलाई उम्मेदवारका रूपमा छनौट गर्नमा चुक्छन् र मतदाताहरूले पुरूषहरूलाई चयन गरेर समाजका पुरातन लैङ्गिक अवधारणाहरूलाई प्रतिविम्बित गर्छन् र त्यहीअनुसारले कार्य गर्छन् । त्यस संस्थामा प्रवेश गरिसकेपछि पनि महिलाहरूले तिनीहरूका कार्य गर्ने क्षमतालाई सीमित पार्ने खालका नयाँ अवरोधहरूको सामना गर्नुपर्छ ।

दबाइएकाहरूले एक अर्कालाई मद्दत गर्नुपर्छ भन्नेबारे सचेत भएर दक्षिण अफ्रिकाको मुक्ति सङ्ग्राममा महिलाहरू ठूलो संख्यामा सहभागी भए अनि महिला मुक्तिको सिद्धान्तमा सहयोद्धाहरूको रुपमा एकीकृत हुन सक्षम भएका थिए । सम्झौता वार्ताहरूमा महिलाहरूको

निरन्तर संलग्नताद्वारा नयाँ दक्षिण अफ्रिकामा लैङ्गिक संवेदनशील संविधानको सुनिश्चित भयो र त्यसले वास्तविक र प्रभावकारी समानताका निमित्त अनुपम कानुनी खाका उपलब्ध गरायो । यद्यपि, अन्य राष्ट्रका महिलाहरूको जस्तै कानुनमा अधिकारहरू रहनुको अर्थ ती अधिकारलाई स्वतः दाबी गर्न र अभ्यास गर्नमा महिलाहरू सक्षम रहेका हुन्छन् भन्ने होइन । समाजमा संरचित पितृसत्ता र महिलालाई दबाउने प्रवृत्तिका साथै सांस्कृतिक र धार्मिक चलनहरू पनि हामीसँग रहेका हुन्छन् ।

अन्य सबै निकायहरुजस्तै शासन व्यवस्थाका निकायहरू पनि पितृसत्तात्मक समाजमा विकसित भएका हुन् र ती असमान लैङ्गिक सम्बन्धहरूको मान्यताद्वारा अनि ती निकायहरु कस (पुरूष) ले सञ्चालन गर्ने भन्ने आधारमा निर्धारित हुन्छन् ।

दक्षिण अफ्रिकामा हामीले नासोको रूपमा पाएका समाजिक संरचनाहरू जातिवाद तथा पितृसत्तात्मकताद्वारा प्रेरित छन् अनि निकायहरू पनि त्यस्तै छन् । तिनीहरूलाई हामीले पाएका भौतिक तथा सामाजिक अवस्थाहरूमा सुधार गर्नका लागि प्रयोग गर्नु आवश्यक छ, तर हामी तिनीहरूको आमूलरूपले रुपान्तरण गरिनुपर्छ भन्ने मान्यता राख्छौँ । तिनका संस्कृति, मूल्य-मान्यताहरू, सङ्गठन र शैलीमा सदा असमानतालाई चिरस्थायी बनाउन लागि अनि विशेषाधिकारलाई संरक्षण गर्नका निम्ति तयार गरिएका थिए: ती उद्देश्यहरू हाम्रा उद्देश्यहरूको ठीक विपरीत छन् । रुपान्तरण नगरिएसम्म ती निकायहरूले त्यहाँ प्रवेश गर्ने कुनैपनि काला जाति वा महिलालाई या त आफैँमा निल्दै समाहित गराउँछ वा राजीनामा गर्न हतोत्साहन गराउँछ ।

आमूल परिवर्तनका लागि महिला चाहिन्छन् र त्यो आवश्यक पनि छ, अनि त्यसका लागि पछि आउनेहरूका लागि सजिलो बनाउँदै ती संस्थाहरूमा महिलाको उपस्थिति आफू संलग्न संरचनाको शक्ति परिवर्तन गर्न सक्षम हुन्छ भन्ने कुरालाई आत्मसात गर्ने राजनीतिक नेतृत्व पाएकोमा हामी भाग्यमानी छौं । विश्वभरका कैयन् अनुभवहरुमध्ये दक्षिण अफ्रिकी अनुभव एउटा हो ।

> *यो हातेपुस्तक एउटा साधन हो । यसले कुनै एउटा मात्र समाधान प्रस्ताव गर्दैन, तर हामीले साझा उद्देश्यहरू लिएको भए पनि हाम्रा अवस्थाहरू भिन्न रहेका छन् भन्ने कुरालाई स्वीकार गर्दछ । यसले हामीलाई अन्यत्र प्रयोग गरिएका र हाल हाम्रा लागि उपलब्ध विधिहरूबारे सूचना उपलब्ध गराउँछ ।*

यो हातेपुस्तक एउटा साधन हो । यसले कुनै एउटा मात्र समाधान प्रस्ताव गर्दैन, तर हामीले साझा उद्देश्यहरू लिएको भए पनि हाम्रा अवस्थाहरू भिन्न रहेका छन् भन्ने कुरालाई स्वीकार गर्दछ । यसले हामीलाई अन्यत्र प्रयोग गरिएका र हाल हाम्रा लागि उपलब्ध विधिहरूबारे सूचना उपलब्ध गराउँछ । यसले अभियानकर्ता, अनुसन्धानकर्ता र राजनीतिज्ञहरूको रूपमा कार्यरत निजी समूह तथा संगठनहरू र स्थानीय, क्षेत्रीय र अन्तरराष्ट्रिय अभियानकर्ताको रूपमा कार्यरत महिलाका साथै पुरूषहरूको साझेदारीका अनुभवहरूलाई उजागर गर्दछ ।

सबैभन्दा महत्त्वपूर्णरूपमा यो महिलाहरूले के गर्नु पर्छ भन्ने कुरामाथि केन्द्रित छ । यो

समानता वा विभेदीकरण विरुद्धको ऐन पारित गरेपछि समाजको उत्तरदायित्व समाप्त हुन्छ र बाँकी काम महिलाहरूमाथि भर पर्छ भनेर विश्वास गर्नेहरूलाई सहयोगका लागि होइन । बरू कुनै पनि समाज र अवस्थामा सबैभन्दा बढी असर परेकाहरूले नै परिवर्तन ल्याउनका लागि कार्य गर्नुपर्छ भन्ने कुरालाई मान्यता दिने खालको छ । विशेषाधिकार पाएकाहरूले अरूलाई सीमान्तकृत पार्ने प्रणालीबाट अञ्जानमा समेत लाभ उठाउँछन् । तसर्थ तिनीहरूको विशेषाधिकारको दर्जालाई हटाउने परिवर्तन ल्याउनका निमित्त तिनीहरूमाथि भर पर्नुहुँदैन । यो व्यक्तिगत रुपमा हामी महिलाहरूमाथि भर पर्छ । परिवर्तनका लागि जुनसुकै समाज र परिस्थितिमा पनि सबैभन्दा पीडितहरू आफैँले प्रयास गर्नुपर्छ । जसले विशेषाधिकार को फाइदा लिइरहेको छ, उनीहरूले व्यवस्थाका कारण नजानेर पनि अरुलाई सीमान्तीकरण गरिरहेका हुन्छन् । उनीहरू आफ्नो विशेषाधिकार समाप्त हुन्छ भनेर पनि परिवर्तनमा सामेल हुन सक्दैनन् । यो हामी महिलाहरूकै जिम्मेवारी हो ।

> *जुनसुकै समाज र परिस्थितिमा पनि परिवर्तनका लागि सबैभन्दा पीडितहरू आफैँले प्रयास गर्नुपर्छ । जसले विशेषाधिकारको फाइदा लिइरहेको छ, उनीहरूल व्यवस्थाका कारण नजानेर पनि अरुलाई सीमान्तीकरण गरिरहेका हुन्छन् । उनीहरू आफ्नो विशेषाधिकार समाप्त हुन्छ भनेर पनि परिवर्तनमा सामेल हुन सक्दैनन् । यो हामी महिलाहरूकै जिम्मेवारी हो ।*

हामी एक्काईसौं शताब्दीमा प्रवेश गर्दाखेरि विश्वव्यापीकरणले अवसर तथा नयाँ चुनौतीहरू दुवै ल्याउँछ । सन् १९९५ मा नैरोबी सम्मेलनसम्म पुऱ्याइँदाको अवधिमा महिलाहरू आफूलाई निजी वस्तुमा सीमित गर्ने धारणा उल्टाउनका लागि भेला भए । समाजमा राजनीतिक र आर्थिक सर्तहरूबाट अलग विशुद्ध सामाजिक रुपमा आफ्ना चासोहरूलाई परिभाषित गरे । विकासशील राष्ट्रहरूमा महिलाहरू एक जुट भए अनि समानता, विकास र शान्तिबीचको सम्बन्धको मान्यता प्राप्त गरे । बेइजिङमा पारित गरिएको कार्ययोजना महिलाको विकास समाजको विकासको समग्र भाग हो र त्यसका अतिरिक्त यो राजनैतिक र नागरिक अधिकारहरूलाई आर्थिक र सामाजिक अधिकारहरूबाट अलग गर्न सकिँदैन भन्ने मान्यतामा आधारित रहेको छ ।

हामीले दुई दशकअगाडि वा आधा शताब्दीअगाडिसम्म हेऱ्यौं भने आफूले गरेको वृहत् विकासलाई देख्नेछौं । नयाँ सहस्राब्दीमा अगाडि हेर्दाखेरि हामीले अरू अगाडि कति यात्रा गर्नु छ भन्नेबारे देख्नेछौं, तर हामीले सम्पूर्ण मानव जातिका लागि न्याय, शान्ति तथा सुरक्षाका वाहकको रूपमा महिलाहरूको कथा लेख्ने काम हाम्रो क्षमतामाथि आत्मविश्वासका साथ गर्न सक्छौं ।

# अन्तिमको मन्तव्य

अनुभवहरूले देखाएका छन् कि शासन प्रणालीको सर्वोच्च तहमा महिलाहरूको वृहत् प्रतिनिधित्वले चेतना अभिवृद्धि गर्न, कार्यसूची परिवर्तन गर्न र राष्ट्रिय लैङ्गिक संवेदनशील कानुनी संरचना उपलब्ध गराउन परिवर्तन ल्याएका छन् । लामो समयदेखि स्थापित कतिपय लोकतन्त्रहरु अझ पनि पछि परेको बेला प्रादुर्भाव भइरहेका लोकतन्त्रहरूमा महिला सहभागिता सुनिश्चित गर्नका लागि विशेष प्रावधानहरू तय गरिनुपर्छ भन्ने कुरालाई अहिले सामान्यतः स्वीकार गरिएको छ । हाम्रो फाइदाका लागि हामीले स्थानीय सरकार र राज्यका अन्य निकायहरूमा प्रतिनिधित्व बढाउने विधिहरूलाई रणनीतिकरण गर्नु आवश्यक छ ।

तर बढ्दो प्रगतिबारे उत्सव मनाए तापनि आत्मसन्तुष्टिप्रति हामीले सावधान हुनुपर्छ । व्यवस्थापिकाका अतिरिक्त निजी क्षेत्र, न्यायालय बहुपक्षीय संघ-संस्थाहरूलगायत पुरुषको वर्चस्वयुक्त शक्तिशाली संघ-संस्थाहरू अझै छन् । संयुक्त राज्य अमेरिकामा ०.७ प्रतिशतमात्र मुख्य कार्यकारी अधिकृत (CEO) महिलाहरू रहेका छन् । युरोपमा उच्चस्तरको वेतन पाउने २५ जना मुख्य कार्यकारी अधिकृतहरूमध्ये एकजना पनि महिला छैनन् । संयुक्त अधिराज्यका गनिएका ६५ प्रतिशत कम्पनीका सञ्चालक समितिहरूमा एकजना पनि महिला छैनन् । सन् २००६ सम्ममा सबै कम्पनीका सञ्चालक समितिमा कम्तीमा २ जना महिला रहेको हुनुपर्ने सुनिश्चित गर्नका लागि नर्वेको भरखरैको हस्तक्षेपको उदाहरण अन्यत्र पनि अनुसरण गर्न सकिने एउटा पहल हो ।

अन्तिम र सबैभन्दा महत्त्वपूर्ण कुरा महिलाहरूका निमित्त पूर्णसमानतालाई सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goals) हरूमा यथेष्टरूपले मूल प्रवाहीकरण गरिएको छैन र महिलाहरूसँग सम्बन्धित केही खास मुद्दालाई ठूलो मात्रामा बेवास्ता गरिएको छ । सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा र सन् २०१५ सम्ममा सबै तहमा लैङ्गिक भेदभाव निर्मूल पार्नेसँग सम्बन्धित र मातृस्वास्थ्य सुधार गर्नेबारेका विशेष लक्ष्यहरू रहेका छन् । सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्ने सङ्घर्षमा महिलाहरूले हाम्रा उपलब्धि र अगाडिका कार्यसूचीको विकासलाई बेवास्ता गरिएको छैन भन्ने कुरा सुनिश्चित गर्नु महत्त्वपूर्ण छ ।

*सन् २००५ अक्टोबर*

# भूमिका

लोकतन्त्र र निर्वाचनसम्बन्धी सहयोगका लागि अन्तरराष्ट्रिय संस्था (इन्टरनेसनल आइडिया) सबै महादेशका सदस्य राष्ट्र रहेको एउटा अन्तरसरकारी सङ्गठन हो । यसले नयाँ तथा लामो समयदेखि स्थापित लोकतन्त्रहरूमा दिगो लोकतन्त्रका लागि सहयोग गर्दछ । तुलनात्मक विश्लेषण तथा अनुभवहरू प्राप्त गर्दै आइडियाले निर्वाचन प्रक्रियाहरूलाई टेवा पुऱ्याउँछ, राजनैतिक समानता तथा सहभागिता अभिवृद्धि गर्छ र लोकतान्त्रिक संघ-संस्थाहरू तथा अभ्यासहरूको विकास गर्छ । समाजका व्यापक क्षेत्रका समूहहरूका निमित्त लाभ पुऱ्याउँदै प्रभावकारी शासन व्यवस्था खोज्ने हो भने यी निकायहरू विशेष गरेर समावेशी तथा उत्तर दायी हुनु महत्त्वपूर्ण छ। यस सन्दर्भमा राजनैतिक जीवनमा महिला सहभागिता र प्रतिनिधित्व प्रवर्द्धन गर्न आइडिया वचनबद्ध रहेको छ ।

लोकतान्त्रिक विकास र दिगोपनाका निमित्त राजनीतिमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्नु र राजनैतिक जीवनमा तिनीहरूको पहुँच सुरक्षित गर्नु विशेष महत्वको कुरा हुन्छ । महिलाको राजनैतिक सहभागिता प्रवर्द्धन तथा वृद्धि गर्ने पहलहरू विश्वभर नै भएका छन् र लैङ्गिक समानता प्राप्तिको साझा लक्ष्य भएका भिन्न राजनैतिक, सामाजिक तथा सांस्कृतिक समूहका महिलाहरू एकै ठाउँमा भेला गराइएका छन् । केही राष्ट्रमा, उदाहरणका लागि नर्डिक राष्ट्रहरूमा, राजनैतिक निकायहरू तथा व्यवस्थापिकामा महिलाहरूको समान प्रतिनिधित्वमा पुग्ने प्रक्रियाले लामो समय लिएको छ भने अन्य राष्ट्रमा लोकतन्त्रको सङ्क्रमणले बढी द्रुत गतिमा विकासको योगदान दिएको छ र समाजमा समग्र परिवर्तनले राजनैतिक जीवनमा महिलाहरूको सहभागिता प्रवर्द्धन गर्न 'अवसरका झ्यालहरू' लाई खोलिदिएको छ। यद्यपि, सान्दर्भिक भिन्नताहरू जेसुकै भए तापनि व्यवस्थापिकामा महिलाहरूको अझ उच्च प्रतिनिधित्व र महिलाहरू निर्वाचित हुनका लागि भएका अझ प्रभावकारी सङ्घर्षले कडा प्रतिरोधको सामना गर्नु परेको छ र समाजका समान सदस्यको रूपमा आफ्नो अधिकारका लागि सम्झौता वार्ताहरू गर्न महिलाको एउटा सशक्त समूहको आवश्यकता रहेको छ । लैङ्गिक समानताको लक्ष्यमा पुग्नका लागि विश्वभरिका महिलाहरू राजनैतिक सीमा नाघ्दै तथा भिन्न सामाजिक तथा सांस्कृतिक अवस्था र जातिगत सम्बन्धनहरूको दृष्टिकोणबाट गोलबन्द भएका छन् । कडा परिश्रमले फल दिएको छ र विश्वका धेरैजसो क्षेत्रमा यथार्थमा सकारात्मक परिवर्तनहरू भएका छन् । व्यवस्थापिकामा महिलाहरूको औसत संख्या सन् १९९८ को ११.८ प्रतिशतबाट सन् २००५ मा करिब १६ प्रतिशतमा वृद्धि भएको छ, तर कार्यका लागि बेइजिङ मञ्चले निर्धारण गरेका निर्णायक भूमिका रहेका ओहदाहरूमा ३० प्रतिशत महिला पुऱ्याउने लक्ष्य प्राप्तिका लागि अझै पनि लामो बाटो तय गर्न बाँकी छ । त्यसैकारण महिलाका निमित्त उपलब्ध संयन्त्रहरूलाई निरन्तररूपमा अभिवृद्धि गर्दै जानु र महिलाको राजनैतिक सहभागिताका सम्बन्धमा छलफलहरूलाई निरन्तरता

दिनु ज्यादै महत्त्वपूर्ण छ । यसको अर्थ व्यवस्थापिकामा महिला प्रतिनिधिहरू वृद्धि गर्नुमात्र होइन बरु 'संख्याभन्दा पर' जानु र निर्वाचित महिलाहरूको प्रभावकारिता र शक्तिशाली पदहरूमा निर्वाचित महिलाको प्रभावलाई अभिवृद्धि गर्ने विधिहरू खोज्नु पनि हो ।

यसका निमित्त *संसदमा महिला : संख्याभन्दा पर* नामक नयाँ हातेपुस्तक प्रकाशित भएको छ । यसले व्यवस्थापिकाका लागि हुने चुनाव जित्न महिलाहरूले सामना गर्ने अवरोधहरूको पहिचान गर्छ र तिनीहरूको सामना गर्नका लागि सुझाव तथा विकल्पहरू उपलब्ध गराउँछ । निर्णायक भूमिका रहेका निकायहरूमा आफ्नो सहभागिताद्वारा राजनैतिक प्रक्रियामा महिलाहरूले असर पार्न सक्ने विधिहरू पहिचान गरेर यो संख्याभन्दा पर पनि जान खोज्छ । यस हातेपुस्तकले ज्ञान र व्यावहारिक अनुभवलाई विश्वभरिबाट एकै ठाउँमा जम्मा पार्छ र विभिन्न क्षेत्रका महिलाहरूले राजनीतिमा लैङ्गिक समानताका निमित्त गरेका सङ्घर्षका अनुभवहरूलाई चित्रित गर्दछ ।

यस हातेपुस्तकको मौलिक संस्करण सन् १९९८ मा अङ्ग्रेजीमा प्रकाशित भएको थियो र यसको प्रारम्भिक प्रकाशनपछि विभिन्न क्षेत्रमा परिवर्तनका लागि अभियानमा संलग्न रहेकाहरूलाई सहायता पुऱ्याउन यसलाई अन्य भाषामा उपलब्ध गराउन देखाइएको अत्यधिक रुचिप्रति आइडिया जानकार छ । त्यसैले सन् २००२ देखि २००३ सम्म आइडियाले यस विषयलाई अद्यावधिक र अनुवाद गर्दै मात्र होइन, खास क्षेत्रहरूबाट घटना विवरणहरू थप गर्दै यस हातेपुस्तकका 'क्षेत्रीय' अनुवादहरू प्रकाशित गऱ्यो । हातेपुस्तकका स्पेनिस, फ्रान्सेली तथा इन्डोनेसियाली क्षेत्रीय संस्करणहरू उपलब्ध छन् । रुसी भाषामा यसको एउटा संक्षिप्त संस्करण उपलब्ध छ ।

विभिन्न महानुभावको खास तथा उत्कृष्ट योगदानबिना यो हातेपुस्तक तयार हुन सम्भव थिएन । सन् १९८८ को मौलिक हातेपुस्तकको उत्पादनमा अज्जा कराम सशक्त व्यक्तित्व र हनुभएको थियो र विगतका वर्षहरूमा इन्टरनेसनल आइडियाप्रति उहाँको सल्लाह, सम्पादकीय सहयोग र निर्देशनका लागि हामी उहाँप्रति कृतज्ञ छौँ । जुली बालिङ्टन सन् २००१ देखि २००५ सम्म आइडिया राजनीतिमा महिला आयोजनाको कार्यवाहक कार्यक्रम अधिकृत हुनुहुन्थ्यो र उहाँ यस संशोधित संस्करण र क्षेत्रीय संस्करणहरूका लागि जिम्मेवार हुनुहुन्छ । उहाँको व्यवसायिक अनुभव र विस्तृत सम्पर्कबिना यस हातेपुस्तकका विभिन्न संस्करण सम्भव हुने थिएनन् । कठिन परिश्रम, समर्पण तथा सम्पादकीय पौरखका लागि हामी जुली बालिङ्टन र अज्जा कराम दुवैलाई धन्यवाद दिन्छौँ, जसद्वारा यस हातेपुस्तकको फल प्राप्त भयो ।

हामी अमल सब्बाघ, अस्सा कराम, द्रुदे दालेरूप, एलिसा केरियो, एलिजाबेथ पाउले,

फ्रेन गिनवाला, जोनी लोभेनदुस्की, जुली ब्यालिङटन, करिना जाब्रे, खोफिफाह इन्दर पारावान्सा, लेना वाग्नेरूद, माला एन. ह्तुन, मारिएत सिनउ, नादेज्दा स्वेदोभा, नेस्तोरिन कम्पोरे नीना पकारी, रिचार्ड ई. म्याटल्यान्ड, शीला मिन्जेस, शिरिन राई, सोनिया पाल्मेरी लगायत सम्पूर्ण लेखकहरूलाई धन्यवाद दिन्छौँ, जसले यस ग्रन्थमा अद्यावधिक सूचनाका साथ आफ्नो योगदान तथा सहयोगद्वारा यस हातेपुस्तकलाई सम्भव बनाउनुभयो। हामी यस हातेपुस्तकका अन्य संस्करणमा योगदान पुऱ्याउने लेखकहरूलाई स्वागत गर्छौं र विभिन्न क्षेत्रबाट आफ्नो ज्ञान र अनुभवहरूलाई साझेदारी गर्नु भएकोमा हामी उहाँहरूप्रति कृतज्ञ छौँ।

धेरै नै वचनबद्ध तथा सिपालु परामर्शदाता तथा कर्मचारीले एकसाथ यस प्रकाशनलाई अगाडि बढाएका छन्। एकरूपता र गहन विवरणका निमित्त सूक्ष्म ध्यानका लागि हाम्रा प्रतिभाशाली सम्पादक इभ जन्सनलाई हाम्रो हार्दिक धन्यवाद जान्छ। त्यस प्रक्रियाभरि नै लेखक तथा सम्पादकहरूलाई यी यीन याप र सेसिलिया वाइलेसोले अमूल्य सहायता र पुऱ्याउनु भयो। हाम्रो प्रकाशन एकाइका कर्मचारी नादिया हान्डाल झान्देर तथा जोहन बलामीलगायत यस हातेपुस्तक उत्पादनमा उत्तरदायी रहेका सबैलाई हामी धन्यवाद दिन चाहन्छौँ।

अन्त्यमा, हामी हाम्रा सदस्य राष्ट्रहरूलाई धन्यवाद दिन्छौँ, जसको सहयोगबिना यो प्रकाशन सम्भव हुने थिएन। लोकतन्त्र प्रवर्द्धन गर्ने र महिलाहरूको राजनैतिक सहभागिताको विकास गर्ने व्यावहारिक कार्यमा संलग्न रहेकाहरूलगायत हाम्रा सम्पूर्ण पाठकले यसलाई प्रदीप्त, अद्यावधिक तथा एउटा पर्याप्त निर्देशिका भएको पाउने छन् भन्ने आशा राखेका छौँ।



**लेना हेम-वालेन**

*परिषद् अध्यक्ष*

*इन्टरनेसनल आइडिया*

# संक्षिप्त शब्द र अर्थ

| | |
|---|---|
| आईपीयु / IPU | अन्तर व्यवस्थापिका संघ / Inter-Parliamentary Union |
| आरपीएफ / RPF | रूवान्डा प्याट्रिअटिक फ्रन्ट / Rwandan Patriotic Front |
| ईआईएसए / EISA | दक्षिण अफ्रिकी निर्वाचन आयोग / Electoral Institute of Southern Africa |
| एएनसी / ANC | अफ्रिकी राष्ट्रिय कंग्रेस (दक्षिण अफ्रिका) / African National Congress |
| एनजीओ / NGO | गैरसरकारी संस्था / Non-Governmental Organization |
| एमएमडी / MMD | बहुसदस्यीय जिल्ला / Multi-Member District |
| एमपी / MP | संसदका सदस्य / Member of Parliament |
| एमपीआर / MPR | जनपरामर्श सभा (इन्डोनेसिया) / People's Consultative Assembly, Indonesia |
| एसएनटीभी / SNTV | एकल असङ्क्रमणीय मत / Single Non-Transferable Vote |
| एसएमडी / SMD | एक सदस्यीय जिल्ला / Single-member district |
| एसटीभी / STV | एकल सङ्क्रमणीय मत / Single Transferable Vote |
| जेएमसी / JMC | महिलाको अवस्था तथा गुणस्तरीय जीवनसम्बन्धी संयुक्त अनुगमन समिति (दक्षिण अफ्रिका) / Joint Monitoring Committee on the Quality of Life and Status of Women, South Africa |
| पीआर / PR | समानुपातिक प्रतिनिधित्व / PR Proportional Representation |
| पीआरआई / PRI | इन्स्टिच्युसनल रिभोल्युसनरी पार्टी (मेक्सिको) / Institutional Revolutionary Party, Mexico |
| पीआरडी / PRD | पार्टी अफ डेमोक्रेटिक रिभोल्युसन (मेक्सिको) / Party of the Democratic Revolution, Mexico |
| पीएएन / PAN | नेसनल एक्सन पार्टी (मेक्सिको) / National Action Party, Mexico |
| पीएस / PS | सोसियलिस्ट पार्टी (फ्रान्स) / Parti Socialiste,France |
| पीसी / PC | कम्युनिस्ट पार्टी (फ्रान्स) / Parti Communiste (France) |
| डब्लुएनसी / WNC | विमेन्स नेसनल कोलिसन (दक्षिण अफ्रिका) / Women's National Coalition, South Africa |
| डीपीडी / DPD | क्षेत्रीय प्रतिनिधि परिषद्, इन्डोनेसिया / Regional Representatives' Council, Indonesia |

| | |
|---|---|
| डीपीआर/DPR | प्रतिनिधिसभा, इन्डोनेसिया/House of Representatives, Indonesia |
| सिडो/CEDAW | महिलाविरूद्ध हुने सबैखाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (१९७९)/Convention on the Elimination of All Forms of Discrimination Against Women (1979) |
| सीजीई/CGE | लैङ्गिक समानता आयोग (दक्षिण अफ्रिका)/Commission on Gender Equality, South Africa |
| युएन/UN | संयुक्त राष्ट्रसंघ/United Nations |
| युएसडी/USD | अमेरिकी डलर/US Dollar |
| युएनडीपी/UNDP | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम/United Nations Development Programme |
| युनिफेम/UNIFEM | संयुक्त राष्ट्रसंघीय महिला विकास कोष/United Nations Development Fund for Women |

# अध्याय १

अध्याय १

जुली ब्यालिङ्टन

# परिचय

विश्वका कतिपय क्षेत्रका मुलुकहरू व्यापक रुपमा लोकतन्त्रतर्फ सङ्क्रमित हुन लाग्दा पनि 'विशेष गरेर राजनीतिमा पुरूषहरूसँग पूर्ण तथा समान साझेदारको रूपमा मुख्य निर्णायक भूमिकामा महिलाहरूको लोकप्रिय सहभागिता हालसम्म पनि प्राप्त हुन सकेको छैन'[1] भनेर विश्वका सरकारहरूले स्वीकार गरेकै वर्ष सन् १९९५ मा इन्टरनेसनल आइडियाको स्थापना भएको थियो । आइडिया प्रारम्भदेखि नै महिलाहरूको राजनैतिक सहभागिता लोकतान्त्रिक शासन व्यवस्थाको केन्द्रबिन्दु रहेको थियो र रहेको छ भन्ने विश्वास राख्दै आएको छ । विश्वका स्थापित र उदय भइरहेका अरु लोकतन्त्रहरू वास्तवमा नै लोकतान्त्रिक हुने हो भने विश्वको जनसंख्याको आधा भागलाई प्रतिनिधित्व वा सहभागिताबाट अलग राख्न सकिँदैन भन्ने कुरामा पनि आइडिया सहमति राख्दछ ।

यसका निमित्त आइडियाद्वारा सञ्चालित राजनीतिमा महिला कार्यक्रमले महिलाहरूको राजनैतिक सहभागिता अभिवृद्धि गर्न विभिन्न विधि तथा ढाँचाहरूलाई सूक्ष्म ढङ्गले तुलना गर्दछ । आइडियाले विद्वान् तथा अभ्यासकर्ताहरूबीचको रिक्तता पूर्ति गर्न महिलाहरूको न्यून प्रतिनिधित्वका निमित्त व्यावहारिक समाधानहरू खोज्ने कार्यमा संलग्नहरूका निम्ति सान्दर्भिक नीतिका विकल्प तथा तथ्याङ्कहरू उपलब्ध गराउने उद्देश्य राखेको छ । विश्व परिप्रेक्ष्यलाई ध्यानमा राखी उत्पादित सामग्रीहरूमार्फत् पनि भिन्न राष्ट्रिय, क्षेत्रीय र स्थानीय सन्दर्भबारेको चेतना र तिनीहरूबीच तुलनात्मक प्रस्तुति झल्काउने प्रयास यसले गरेको छ । अङ्ग्रेजी भाषाको यस दोस्रो संस्करणको आवश्यकताले प्रमाणित गरेअनुसार आइडियाद्वारा सञ्चालित राजनीतिमा महिला कार्यक्रमद्वारा सन् १९९८ देखि उत्पादित हातेपुस्तकका समग्र शृङ्खलाका साथ *संसदमा महिला: संख्याभन्दा पर* नामक यो पुस्तक दर्शनशास्त्र नभई विश्वभरि समान लक्ष्य प्राप्तिका निम्ति कार्यरत असंख्य मानिसहरूबीचको निश्चयात्मक इच्छापत्र पनि हो । प्रस्तुत हातेपुस्तक सो शृङ्खलाको छैटौं पुस्तक हो ।

## १. लोकतन्त्रमा पहुँच : महिलाहरूलाई किन समावेश गर्ने ?

कुनै पनि लोकतान्त्रिक खाका वा संरचनाको आधारभूत तथा आवश्यक सिद्धान्त महिला तथा पुरूष दुवैलाई समान राजनैतिक अधिकार प्रदान र अभ्यास लगायतको मानव अधिकारको सिद्धान्त हो । प्रभावित हुनेहरूको सन्दर्भ, दृष्टिकोण र अनुभवहरू नसमेटिएको कुनै पनि राजनैतिक कार्यसूचीको विकास विश्वसनीय हुँदैन ।

समाजका कतिपय प्रतिष्ठित महिला तथा पुरूषहरू शताब्दीभन्दा बढी समयदेखि प्रयासरत हुँदाहुँदै पनि महिलाहरूका राजनैतिक, आर्थिक र सामाजिक अधिकारहरू महिला र पुरूषबीच कुनै पनि अर्थमा समान छैनन् ।[२] विश्व जनसंख्याको आधा भाग महिलाको रहेको छ । श्रमशक्तिको ५० प्रतिशत हिस्सा तिनीहरूले ओगट्छन् तैपनि एक अरबभन्दा बढी मानव जाति गरिबीमा जीवन व्यतित गर्छन् । निर्णय प्रक्रिया र प्राथमिकता निर्धारण सँधै पुरूषको हातमा रहेको छ । लैङ्गिक परिप्रेक्ष्यलाई मनन गरेर निर्णय प्रक्रियाहरूमा महिला तथा पुरूष दुवैलाई समावेश गर्नु कुनै पनि लोकतान्त्रिक संरचनाको अनिवार्य सर्त हो । त्यसैले, लोकतन्त्र व्याख्या वा परिभाषाका आधारमा लिङ्गप्रति अन्धो हुन सक्दैन । समानता र निर्णय प्रक्रियामा महिला र पुरूषको समान प्रतिनिधित्व गराउन र यी दुवै लक्ष्य प्राप्त गर्ने अवसर तर्फ मरिमेट्नु पर्छ ।

संयुक्त राष्ट्रसंघीय महासभाद्वारा सन् १९७९ मा पारित भई सन् १९८१ देखि लागू भएको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW) को केन्द्रीय विषयहरुमध्येको एक सार्वजनिक जीवनमा महिला तथा पुरूषको समान सहभागिता हो । सो महासन्धिमा हस्ताक्षर भएको २० वर्षभन्दा बढी भएको छ र यसमा १७९ राष्ट्रहरू पक्ष बनेका छन् । तिनीहरू निर्णायक भूमिका र नेतृत्वदायी पदहरूमा महिला सहभागिता अभिवृद्धि गर्ने उपाय प्रवर्द्धन गर्न बाध्य छन् ।

सन् १९९५ मा बेइजिङमा आयोजित संयुक्त राष्ट्रसंघको महिलासम्बन्धी चौथो विश्वसभाले सीईडीएडब्लु (CEDAW) का प्रावधान कार्यान्वयन गर्नका लागि पुनः दबाब सृजना गऱ्यो । कार्यान्वयनका लागि बेइजिङ मञ्चले 'सबै तहमा शक्ति साझेदारी र निर्णायक भूमिकामा महिला तथा पुरूषहरूबीचको असमानता' र 'महिला विकास प्रवर्द्धनमा सबै तहमा अपर्याप्त संयन्त्र' लाई महिलाको अग्रगमनका निमित्त कार्य गर्नु महत्त्वपूर्ण रहेको ठूलो सरोकारका दुईवटा क्षेत्रको पहिचान गऱ्यो । द्वन्द्वपछिको राष्ट्र निर्माणमा महिलाहरूको सहभागितालाई यसको परिधिभित्र ल्याउन यसलाई अरु बढी विस्तार गरियो, जसलाई संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षाबारेको सन् २००० को अक्टोबरमा पारित प्रस्ताव नम्बर १३२५ मा अभिव्यक्त गरियो । सन् २००० मा प्रस्ताव संख्या १३२५ प्रवेश गराउनेबारे सन् २००० मा भएको छलफलमा संयुक्त राष्ट्रसंघीय महासचिव कोफी अन्नानले भन्नुभयो 'शान्ति महिला तथा पुरूषबीचको समानतासँग अविभाज्य रुपमा सम्बन्धित छ ...शान्ति र सुरक्षा व्यवस्था कायम राख्न तथा प्रवर्द्धन गर्नका लागि निर्णायक भूमिकामा समान सहभागिता आवश्यक रहेको हुन्छ ।'[३]

## २. एउटा दशक : विश्वभरि नै बढ्दो प्रगति

सन् १९९५ मा आइडियाको स्थापना भएपछिका दसवर्ष र सन् १९९८ मा *संसदमा महिलाः संख्याभन्दा पर*को मूल संस्करण प्रकाशित भएको सात वर्षपछि महिलाको राजनैतिक सहभागिताको अवस्था विस्तारै परिवर्तित भएको छ । समग्रमा राष्ट्रिय व्यवस्थापिकाहरूमा महिलाहरूको उपस्थितिका सम्बन्धमा बितेको दशकले थोरै परिणाममा भए पनि प्रगति देखेको छ ।

सन् १९९५ मा संसदका सदस्यहरूमध्ये ११.३ प्रतिशत महिला रहेका थिए भने सन् २००५ मा यो संख्यामा करिब १६ प्रतिशतले वृद्धि भएको छ ।[४] सन् १९९५ देखि ३० जनाभन्दा बढी महिलाले सरकार प्रमुख र/वा राष्ट्र प्रमुखको रूपमा सेवा गरेका छन् । सन् २००५ को अक्टोबरसम्ममा २७ जना महिलाले संसदको अध्यक्षता गरेका छन् ।[५] विश्वव्यापी रुपमा महिलाहरूले पहिलेभन्दा बढी महत्त्वपूर्ण निर्वाचित स्थानहरू ओगटेका छन् ।[६]

**तालिका १ : सन् २००५ मा क्षेत्रगतरूपमा विश्वका संसदमा महिला सहभागिता**

| क्षेत्र | एकल सदन वा तल्लो सदन | माथिल्लो सदन वा सिनेट | दुवै सदन मिलाएर |
|---|---|---|---|
| नर्डिक राष्ट्रहरू | ४०.१% | - | ४०.१% |
| युरोप, नर्डिक राष्ट्रहरूलगायत | | | |
| ओएससीई (OSCE) सदस्य राष्ट्रहरू | १८.९% | १६.५% | १८.४% |
| अमेरिका | १८.७% | १८.५% | |
| युरोप, नर्डिक राष्ट्रहरूबाहेकका | | | |
| ओएससीई सदस्य राष्ट्रहरू | १६.८% | १६.५% | १६.८% |
| एसिया | १५.१% | १३.५% | १५.०% |
| सब सहारा अफ्रिका | १४.९% | १४.०% | १४.८% |
| पेसिफिक | ११.२% | २६.५% | १३.२% |
| अरब राष्ट्रहरू | ६.७% | ५.६% | ६.५% |
| विश्वको औसत | १५.८% | १४.७% | १५.७% |

**स्रोतः** Inter Parliamentary Union (IPU), 'Women in National Parliaments: Situation as of 31 January 2005', <http://www.ipu.org>

केही क्षेत्रहरुमा महत्वपूर्ण प्रगति भएको छ, उल्लेख्य रुपमा नर्डिक राष्ट्रहरूमा, जहाँ संसदमा औसत ४० प्रतिशत महिला प्रतिनिधित्व छ । संसदमा कम्तीमा ३० प्रतिशत महिला हुनुपर्ने बेइजिङ सम्मेलनको लक्ष्य प्राप्त गर्न सफल संसदहरूको प्रतिशत विगत दस वर्षमा

६ प्रतिशतले वृद्धि भएर तीन गुणा बढी भएको छ ।[७] तैपनि विश्वका कैयन् भूभागमा संसदमा महिलाको वास्तविक पहुँच पुगेको छैन र त्यहाँ ठूलो मात्रामा नाघ्न नसकिने खालका अवरोधहरू रहेका छन् । उदाहरणका लागि अरब मुलुकहरूमा हालसम्म पनि महिलाहरूको न्यून प्रतिनिधित्व रहेको छ, जहाँ तल्लो सदनमा क्षेत्रीय औसत ६.७ प्रतिशत छ । ३.२ प्रतिशतको औसतका साथ महिलाहरूको प्रतिनिधित्व प्रशान्त द्वीपका राष्ट्रहरू (महिलाको प्रतिनिधित्व क्रमशः २४.७ प्रतिशत र २८.३ प्रतिशत रहेको अस्ट्रेलिया र न्युजिल्यान्डबाहेक)[८] का संसदमा पनि दयनीय रुपमा न्यून प्रतिनिधित्व रहेको छ ।

## ३. यस हातेपुस्तकका बारेमा

### *३.१ पृष्ठभूमि*

मन्द गतिमा परिवर्तन भइरहेको व्यवस्थापिकामा महिला प्रतिनिधित्व र लोकतन्त्रीकरण प्रक्रियामा राजनैतिक आकाश फराकिलो हुनु एउटा अपरिहार्य परिणाम थिएन बरु, यो निरन्तर सञ्चालित अभियान, संस्थागत कालिगडी (Engineering), राजनैतिक पार्टीको वचनबद्धता र लैङ्गिक समानताको आवश्यकताका लागि अन्तरराष्ट्रिय समुदायहरूद्वारा दिइएको ठूलो मान्यताको परिणामस्वरूप भएको थियो । यो अन्तरराष्ट्रिय संवाद विगतका दसवर्षमा महिलाको पूर्ण राजनैतिक सहभागितालाई सहयोग पुऱ्याउनका लागि गरिएको ठोस प्रयासको जग बनेको छ । क्षेत्रीय, राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा महिलाहरूको सशक्त अभियान र ऐक्यवद्धता लैङ्गिक समानतालाई अन्तरराष्ट्रिय कार्यसूचीमा सशक्त र दृढताका साथ राख्न निर्णायक रहेको छ । यी अध्याय तथा घटना अध्ययनहरू यिनै विषयमा आधारित छन् ।

सन् १९९८ मा आइडियाले यस हातेपुस्तकको पहिलो संस्करण प्रकाशित गऱ्यो । यो दोस्रो संस्करण पनि सन् २००५ मा संशोधन तथा अद्यावधिक गरिएको थियो । निर्णायक भूमिका रहेका निकायहरूमा राजनैतिक परिवर्तनको असर कसरी ल्याउने भन्नेबारे सार्वजनिक जीवनका महिलाहरूका निमित्त पहुँचयोग्य र उपयोगी सूचना आवश्यक रहेको हुन्छ भन्ने विचार यसको प्रकाशन पछिको पहिलो सोच रहेको छ । त्यसैले यसमा सुरुदेखि अन्त्यसम्म प्रभाव पार्ने साधनका साथै सहभागिताको समग्र प्रक्रियामाथि जोड दिइएको छ । 'यो स्पष्ट छ कि महिलाहरू राजनीतिमा जति बढी संलग्न र सक्रिय हुन्छन् तिनीहरूका अनुभव ती निकायहरूमा कसरी पुऱ्याउने र त्यहाँ पुऱ्याएपछि तिनीहरूले के गर्न सक्छन् भन्नेबारे सविस्तार व्याख्या गर्ने तवरले केलाउनु र रीतपूर्वकको बनाउनु ज्यादै आवश्यक हुन्छ'[९] भनेर अज्जा कराम व्याख्या गर्नुहुन्छ ।

त्यसैले यो हातेपुस्तक राजनीतिमा सकारात्मक परिवर्तन र प्रभाव कसरी ल्याउने भन्ने बारे केही विकल्पहरू उपलब्ध गराउँदै संसदीय निर्वाचन प्रक्रियाभरि नै महिलाहरूले सामना गर्नुपर्ने अवरोधहरूमाथि विजय प्राप्त गर्ने एउटा व्यावहारिक औजार हो । यसलाई आइडियाको लोकतन्त्रका लागि सहयोगको अनुपम पहुँचद्वारा टेवा पुऱ्याइएको छ र यो राजनीतिमा रहेका असन्तुलनहरू सच्याउन प्रतिवद्ध महिला तथा पुरूषहरूका लागि रणनीतिहरू उपलब्ध गराएर विज्ञ तथा प्रयोक्ताहरूबीचको खाडल पुर्नतर्फ लक्षित रहेको

छ। यसले निम्नलिखित प्रश्नहरूको उत्तर दिन खोज्छ, *व्यवस्थापिकामा प्रवेश गर्दा महिलाहरूले सामना गर्नुपर्ने मुख्य अवरोधहरू के के हुन् ? कुन कुन संरचनागत र राजनैतिक अवरोधहरू परास्त गर्ने विभिन्न उपायहरू के के हुन् ? संसदीय राजनैतिक प्रक्रियालाई प्रभावित पार्न महिलाहरूले प्रयोग गर्नसक्ने संयन्त्र संरचना तथा रणनीतिहरू के के हुन् ?*

### ३.२ लक्षित वर्ग/पाठक

यस हातेपुस्तकले विभिन्न ग्रन्थकारलाई एकै थलोमा ल्याएको छ । यसले स्थानीय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा अनुसन्धानकर्ता, राजनीतिज्ञ र अभियानकर्ताका रूपमा कार्यरत महिलाहरूका साथै पुरूषहरूको साझेदारीको अनुभव आदान-प्रदान गर्दछ । राजनैतिक संरचनाहरूमा महिला सहभागिता तथा प्रतिनिधित्व प्रवर्द्धनमा कार्यरत व्यक्तिहरूको व्यापक तहप्रति यो पुस्तक लक्षित रहेको छ। यसमा प्रथमतः तथा सबैभन्दा पहिलो स्थानमा संसदका महिला सदस्यहरू र निर्वाचित पदका निमित्त अभियानरत व्यक्तिहरू समाविष्ट छन् । राजनीतिमा महिलाहरूको उन्नतिका लागि कार्यरत अभियानकर्ता, विद्वत् वर्ग, अनुसन्धानकर्ता, पत्रकार तथा अन्य सम्बद्ध पक्षलगायत नागरिक समाजका सदस्यहरू पनि यसका लक्षित वर्ग हुन् ।

### ३.३ क्षेत्रीय तहसम्म पुऱ्याउने कार्य

सन् १९९८ मा अङ्ग्रेजीमा *संसदमा महिला : संख्याभन्दा पर (Women in Parliament: Beyond Numbers)* नामक यो पुस्तक प्रकाशित भएपछि विश्वभरका परिवर्तनका पक्षधरहरूबीच यस पुस्तकप्रतिको पत्याइनसक्नुको रुचि तथा माग रहेको छ । यस हातेपुस्तकलाई विभिन्न भाषामा अनुवाद गर्न निरन्तर भएको अनुरोधलाई स्वीकार गर्दै इन्टरनेसनल आइडियाले निम्नलिखित क्षेत्रीय संस्करणहरू प्रकाशित गरेको छः फ्रेन्च (सन् २००२), इन्डोनेसियाली (सन् २००२), स्पेनिस (सन् २००२) र रुसी (सन् २००३ मा संक्षिप्त संस्करण) । यस हातेपुस्तकमा विश्वका सबै भूभागबाट २५ वटाभन्दा बढी राष्ट्रका घटना अध्ययनहरू रहेका छन् । इन्टरनेसनल आइडियाको वेब साइटमा रहेको यस हातेपुस्तकका विभिन्न क्षेत्रीय संस्करणलाई पूर्णरूपमा डाउनलोड गर्न पनि सकिन्छ ।

## ४. हातेपुस्तकको रूपरेखा

राजनैतिक निकायहरूमा महिलाको सहभागिता अभिवृद्धि गर्न अभ्यासरतहरूका निमित्त तुलनात्मक सूचना तथा रणनीतिहरूको प्रावधान मुख्य रहेको छ । यसमा संसदमा पुग्न महिलाहरूले सामना गर्नुपर्ने अवरोधहरूलाई दुईवटा मुख्य वर्गमा विभाजन गरेर परिभाषित गरिएको छ : मनोवृत्तिजनक तथा आर्थिक-सामाजिक कारक तत्वहरू तथा राजनैतिक र संस्थागत कारक तत्वहरू । आर्थिक-सामाजिक तथा विचारधारागत कारक तत्वहरूलाई बेवास्ता गर्न नसकिने भए पनि यसमा महिला प्रतिनिधित्वको स्तरलाई प्रभावित पार्ने राजनैतिक तथा संस्थागत कारक तत्वहरूमाथि बढी जोड दिइएको छ किनकि तिनीहरूबाट छोटो समयावधिमा परिवर्तन ल्याउन सकिन्छ र ल्याउने गरिएको छ ।

यस हाते पुस्तकमा निम्नलिखित मुख्य विषयहरु समावेश छन् :

- आर्थिक, सामाजिक तथा सांस्कृतिक पूर्वाग्रहको असर अनि संसदीय निर्वाचनमा विजयी हुनका लागि रहेका चुनौतीहरूलाई पराजित गर्नु,
- राजनैतिक पार्टीहरू र निर्वाचन प्रणालीले खेल्ने केन्द्रीय भूमिका,
- कोटा जस्ता विशेष उपायहरूको प्रयोगद्वारा निर्णायक भूमिका रहेका निकायहरूमा महिलाको पहुँच अभिवृद्धि गर्नु, र
- संसद जस्ता संस्थालाई आमूल परिवर्तन गर्न र नीतिगत परिवर्तनमाथि असर पार्न महिला राजनीतिज्ञहरूको प्रभावकारिता अभिवृद्धि गर्न संख्याको प्रश्नभन्दा अझ व्यापक रुपमा हेर्नु ।

यस हातेपुस्तकमा प्रस्तुत सूचनाले यिनै विषयमा उपलब्ध विशेषज्ञता र तथ्याङ्कहरूलाई एकसाथ ल्याउँछन् र अन्य अनुसन्धान तथा तालिम सञ्चालन गरिनु आवश्यक रहेका क्षेत्रहरूलाई महत्त्वपूर्ण रहेको दर्साउँछ । यसरी महिला सांसदहरूले राजनैतिक प्रक्रियामाथि कसरी प्रभाव पार्न सक्छन् भन्नेबारेको अन्तिम ग्रन्थ भने यो होइन न त यो प्राथमिक रूपले एउटा अनुसन्धान नै हो । अनुसन्धानकर्ताहरूको दृष्टिकोण तथा विश्लेषणहरू यसमा समावेश गरेको भए तापनि अगाडिका अन्य कार्यका निमित्त प्रयोग गर्न सकिने रणनीति तथा विचारहरू उपलब्ध गराउँदै यस हातेपुस्तकको ढाँचा प्राथमिकरूपमा व्यावहारिक उद्देश्यको निमित्त तयार पारिएको हो ।

पहिला चर्चा गरिएअनुसार, राजनीतिमा प्रभाव पार्ने मुद्दाहरूसहित व्यवस्थापिकामा प्रवेश गर्नका लागि सर्वप्रथम महिलाहरूले सामना गर्नुपर्ने समस्याहरूतर्फ हेर्नु र ती अवरोधहरूलाई परास्त गर्नका लागि प्रयोग र समावेश गरिएका संयन्त्र संरचनालाई हेर्नु आवश्यक हुन्छ । राजनीतिमा प्रवेश गर्न चाहने प्रायः सबै महिलाले राजनैतिक, सार्वजनिक, सांस्कृतिक र सामाजिक वातावरण आफ्नो सहभागिताका निमित्त उपयुक्त नभएको पाउँछन् । **अध्याय २** मा नादेज्दा स्भेदोभाले राजनैतिक, आर्थिक सामाजिक अनि मनोवैज्ञानिक कारक तत्वहरूमा वर्गीकरण गरिएको महिलाहरूको राजनैतिक सहभागितामाथि प्रभाव पार्ने समस्याहरूको पहिचानयुक्त प्रस्तुति गर्नुभएको छ ।

*संसदमा महिला* भन्ने लेखले व्यवस्थापिकामा महिलाहरूको पहुँचमाथि संघ-संस्थाहरूको प्रभाव महत्त्वपूर्ण रहेको भनेर स्पष्ट रूपले दर्साएको छ। **अध्याय ३** मा रिचार्ड इ. म्याटल्यान्डले विभिन्न निर्वाचन प्रणालीका परिणामहरूको चित्रण गर्नुभएको छ । निर्वाचन प्रणालीहरूले मात्र महिला प्रतिनिधित्वको स्तर निर्क्योल नगर्ने भएकाले तिनीहरूलाई परिवर्तन गर्न सकिने र निरन्तररूपले परिवर्तित हुँदै आएकाले तिनीहरू महत्त्वपूर्ण रहेका छन् । सोही अध्यायले उम्मेदवार मनोनयनका लागि प्राथमिक उत्तरदायित्व वहन गर्ने भएकाले राजनैतिक पार्टीहरूको प्रभावलाई पनि महत्त्वपूर्ण रहेको भन्ने दर्साएको छ । लोकतन्त्रमा निर्वाचनका निमित्त उम्मेदवारहरू तयार तथा छनौट गर्ने र तिनीहरूलाई नेतृत्व तथा शासन व्यवस्थाका पदहरूमा सहायता गर्ने कार्यमा सबैभन्दा रणनैतिक उत्तरदायित्वको निमित्त पार्टीहरूलाई विश्वास गरिन्छ ।

निर्वाचन प्रक्रियामा महिलाहरूले सामना गर्नुपर्ने अवरोधहरूका कारण व्यवस्थापिका तथा अन्य निर्वाचित पदमा तिनीहरूको उपस्थिति प्रवर्द्धन गर्न विशेष उपायहरू कार्यान्वयन गरिएका छन् । राजनैतिक शक्तिमा महिलाहरूको सोझो पहुँच सुनिश्चित गर्नका लागि अहिले कोटा सबैभन्दा प्रभावकारी संयन्त्रहरुमध्येको एक भएको छ । **अध्याय ४** मा लेखक ड्रुडे दाह्लेरुपले कोटा प्रणालीहरू र महिलाहरूको प्रतिनिधित्वमा वृद्धि ल्याउनका लागि तिनीहरूले कसरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पुगेका छन् भनेर परीक्षण गर्नुभएको छ । यस लेखले कोटा प्रणालीको प्रयोगका पक्ष तथा विपक्षमा विभिन्न तर्क उपलब्ध गराएको छ । विगत दसवर्षमा कोटा प्रणालीको प्रवेशले केही सफलता हात पारेको छ । अन्य उदाहरणमा कोटाहरूको प्रवेशको परिणामस्वरूप राजनीतिमा महिलाहरूको संख्यामा वा तिनीहरूको सशक्तीकरणमा वृद्धि भएको छैन । त्यसैले यस अध्यायले विश्वभरिका राष्ट्रमा कोटाहरूको कार्यान्वयनको तुलनात्मक उदाहरणहरू उपलब्ध गराउँछ ।

महिलाहरूको राजनैतिक सहभागिताका सम्बन्धमा विभिन्न चुनौतीहरूलाई तोक्न सापेक्षरूपमा सहज हुन्छ, तर महिलाहरूमा भएको शक्ति र आफूले छानेको पेसामा तिनीहरूले ल्याएका सकारात्मक भिन्नतालाई कदर गर्नु निकै गाह्रो हुन्छ । यस हातेपुस्तकको दोस्रो विषय राजनैतिक प्रक्रियामा खास प्रभाव पार्नका लागि संसदमा महिलाहरू कसरी ‘संख्याभन्दा पर’ जान सक्छन् भन्ने विषयमा केन्द्रित छ । **अध्याय ५** मा अज्जा काराम तथा जोनी लोभेन्दुस्कीले ‘नियम रणनीति’ लागू गरेर प्रायजसो व्यवस्थापिकाको स्वभाव वर्णन गर्ने निहित ‘संस्थागत पुरूषत्व’ मा महिलाहरूले कसरी सुधार ल्याउन सक्छन् भन्नेबारे रूपरेखा प्रस्तुत गर्नुभएको छ । महिलाहरूले आफ्नो विधायिकी निर्णय लिनसक्ने क्षमतामा कसरी वृद्धि गर्न सक्छन् भन्ने प्रश्नबारे सोच्ने र कार्य गर्ने एउटा खाकाबारे उनीहरूले सुझाव दिएका छन् र नियमहरू सिक्ने, नियमहरू प्रयोग गर्ने र नियमहरू परिवर्तन गर्ने तीनवटा मुख्य क्षेत्रहरू पहिचान गरेका छन् । त्यस अध्यायले प्रयास गरिएका र भविष्यमा प्रयास गर्न सकिने रणनीतिहरू प्रस्तुत गरेको छ र ‘संख्याभन्दा पर’ हेर्नुको महत्वबारे तर्क प्रस्तुत गरेको छ ।

विभिन्न राष्ट्रिय वास्तविकताहरू पहिचान गर्न र त्यससँग व्यवहार गर्न आइडिया सँधै प्रयासरत छ । यथार्थमा यस हातेपुस्तकमा विभिन्न राजनैतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भहरूका साथै महिला सहभागितामा सबैको आआफ्नै किसिमको प्रभाव भएका सङ्क्रमणकालीन, लोकतन्त्र विकासशील रहेका र स्थापित तथा संस्थागत लोकतन्त्र भएका राष्ट्रहरूलगायत ठूलो सङ्ख्याका सन्दर्भहरूलाई प्रस्तुत गरिएको छ । यी विभिन्नताहरूलाई महत्त्वपूर्ण रहेको भनेर दर्साउन छलफल गरिएका सबै मुद्दाहरूमा विश्वका विभिन्न भूभागका घटना अध्ययनहरू समावेश गरिएका छन् । प्रत्येक घटना अध्ययनहरूले प्रत्येक राष्ट्रमा रहेका विभिन्न सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थालाई प्रतिबिम्बित गर्नुका साथै महिलाहरूको आवश्यकता र अपेक्षाका सन्दर्भमा साझा सवालहरूलाई अनि केही मामिलाहरूमा उपलब्धिहरूलाई समेत प्रतिबिम्बित गरेको छ । अर्जेन्टिना, अरब राष्ट्रहरू (जोर्डन, लेबनान र यमन), एसिया (बाङ्लादेश, भारत र पाकिस्तान), बुर्किना फासो, इक्वेडोर, फ्रान्स, इन्डोनेसिया, ल्याटिन अमेरिका (क्षेत्रीय तुलनाहरू), रूवान्डा, दक्षिण

अफ्रिका र स्विडेनलगायत एघारवटा राष्ट्रिय तथा क्षेत्रीय घटना अध्ययनहरू यसमा प्रस्तुत गरिएका छन्। यसमा अन्तर व्यवस्थापिका संघ (आइपीयु) को कार्यबारे बाह्रौं नमुना अध्ययन पनि प्रस्तुत गरिएको छ। आइपीयुका महिला सांसदहरूसँग कार्य गरेको लामो तथा विशिष्ट अभिलेख रहेको छ। प्रस्तुतीकरणले एउटा कुनै खास प्रणालीको बदलामा अर्कोलाई समर्थन गर्दैन, बरु विकल्प तथा सबैभन्दा असल अभ्यासहरूको श्रेणीलाई समावेश गर्छ। यसप्रकारले मुद्दाहरूका बारेमा र तिनीहरूको खास अवस्थाका लागि अनुकूल कार्य गर्न तयार रहेकाबारे महिला तथा पुरूषहरूलाई सूचित गर्न सकिन्छ।

निर्णायक भूमिका रहेका निकायहरूमा लैङ्गिक समानताको विकास गर्न कार्यरत अनुसन्धानकर्ता, राजनीतिज्ञ तथा अभियानकर्ताहरूद्वारा प्रस्तुत गरिएका सूचनालाई एकसाथ ल्याउने उद्देश्य यस हातेपुस्तकले राखेको छ। यसमा कैयन् दृष्टिकोण तथा मुद्दालाई समावेश गरिएको छ र रणनीतिहरू प्रस्तावित गरिएका छन्। **अध्याय ६** मा अज्जा करामले महिला सांसदहरूद्वारा पहिचान गरिएका आवश्यकताहरूबारे एउटा सिंहावलोकन उपलब्ध गराएर, व्यवस्थापिकाभित्र तिनको सफलतापूर्वक कार्यान्वयन गरिएका रणनीतिहरूको सारांश उपलब्ध गराएर तथा कैयन् दशकदेखि महिलाहरूले डोऱ्याएको र समाजले समूहगत रूपले जिम्मेवारी पूरा गरेको सफलताको लागि लामो दूरीको पैदल यात्रा (लङ मार्च) लाई निश्चय गर्दै यस हातेपुस्तकमा प्रस्तुत गरिएका सामग्रीहरूलाई संयोजन गर्नुभएको छ।

यो हातेपुस्तक यस क्षेत्रका अनुसन्धानकर्ताहरूका साथै महिला अभियानकर्ताहरूका व्यावहारिक अनुभवहरू र व्यवस्थापिकामा महिलाहरूको सहभागिता प्रवर्द्धनमा कार्यरत सङ्गठनहरूद्वारा उपलब्ध गराइएका सूचनाहरूलाई सूक्ष्मतासँग दाँज्ने एउटा प्रयास हो। व्यक्ति तथा संस्थाहरू दुवै स्थानीय तथा अन्तरराष्ट्रिय स्तरसम्म फैलिएर रहेका छन्। त्यसकारण यो हातेपुस्तकले ठूलो संख्याका बाटो पहिल्याइहरूलाई एकै पटक एकैसाथ ल्याउने प्रयासलाई समेटेको छ। अनुभव तथा परिणामहरूमा साझा रहेका कुरालाई ठम्याउनका निमित्त केही सामान्यीकरण गर्न सकिन्छ, तर त्यस्तो भए तापनि प्रत्येक स्थानीय अवस्थाको विशेषतालाई सम्मान तथा गणना गरिँदाखेरि यस समग्रतामा ग्रहण गर्न कठिन रहन्छ।

## ५. भविष्यको कार्यसूची

प्रत्येक राष्ट्रमा पद्धतिहरू भिन्न हुन सक्छन्, तर राजनैतिक प्रणालीमा महिला सहभागितालाई लोकतान्त्रिक प्रक्रियाको समग्र विकासको एउटा भागको रूपमा वृद्धि तथा सुदृढ गरिनु आवश्यक छ भन्ने कुरालाई विश्वभरिका केही सरकारले मात्र अस्वीकार गर्न सक्छन्। तथ्यहरू, जीवन्त वास्तविकताहरू, मिश्रित अन्तर्ज्ञान तथा अनुभवहरूमाथि भर परेर यस हातेपुस्तकले फराकिलो राजनैतिक प्रक्रियामा भिन्नता ल्याउन मानिसहरूको महत्त्वपूर्ण जमात तथा रणनैतिक गठबन्धन निर्माणमा योगदान दिनेछ र यस सूचनाले पूर्व, पश्चिम, उत्तर र दक्षिणका महिलाहरूको वास्तविकतालाई प्रतिबिम्बित गरेको छ भन्ने आशा आइडियाले लिएको छ।

अन्त्यमा, कुनै पनि प्रयासको सफलता यसमा योगदान दिनेहरू सबैको प्रयासहरूको कुल

योग हो र सम्पूर्ण समाजलाई हाम्रो संसारलाई आफ्नो क्षमताअनुसार सबैभन्दा असल तवरले समग्र मुख्य पात्रहरू संलग्न रहेको एउटा असल स्थान बनाउने अपरिहार्य प्रक्रियामा संलग्न हुन आह्वान गरिन्छ । राजनैतिक परिधिमा महिलाहरूको प्रवेश तथा सफलतातर्फ उन्मुख भएको स्थान त्यही नै हो र यो हातेपुस्तक यो रुचिपूर्ण समयमा विगतमा कार्य गरेका तथा हाल पनि यस महत्त्वपूर्ण यात्राको एउटा भाग रहेका सम्पूर्ण महिला अनि पुरूषलाई अभिवादन गर्ने एउटा प्रयास हो ।

## *पादटिप्पणी*

१ United Nations, 1995. 'Fourth World Conference on Women Platform for Action', 1995, article 15, <http://www.un.org/womenwatch/daw/beijing/platform/plat1.htm>.

२ United Nations Development Programme (UNDP), 1995. *Human Development Report 1995: Gender and Human Development.* Oxford and New York: Oxford University Press.

३ Whittington, S., 2004. 'UN Goals for Gender Mainstreaming', Paper presented at the conference on Women and Post-War Reconstruction: Strategies for Implementation of Democracy Building Policies, Florida International University, Miami, March.

४ The statistics regarding the number of women in parliaments in this handbook are taken from the Inter-Parliamentary Union's Women in National Parliaments database at <http://www.ipu.org>. We have endeavoured to use consistently the statistics from 31 January 2005 unless otherwise specified. See also the case study on the Inter-Parliamentary Union (IPU) in this Handbook.

५ As of 31 October 2005. See IPU, 'Women Presiding Officers of Parliaments', <http://www.ipu.org>.

६ The global average number of women in parliament of 15.7 percent as of 31 January 2005 had increased to 16.1 percent as of 31 October 2005.

७ See the case study on the Inter-Parliamentary Union in this handbook.

८ IPU, 2005. 'Women in National Parliaments: Situation as of 31 January 2005', <http://www.ipu.org>.

९ Ballington, Julie, 2005. 'Ten Years of Progress: Enhancing Women's Political Participation', in International IDEA, *Ten Years of Supporting Democracy Worldwide.* Stockholm: International IDEA.

# अध्याय २

## अध्याय २

नाडेज्दा स्वेदोभा

# संसदमा महिला सहभागिताका अवरोधहरू

संसारभरका प्रत्येक सामाजिक, राजनैतिक तहका महिलाहरूले संसदमा आफ्नो न्यून प्रतिनिधित्व रहेको र निर्णायक तहबाट ज्यादै नै टाढा पारिएको अनुभव गरेका छन् । पहिलो अध्यायमा उल्लेख भएअनुसार सन् २००५ मा संसारभरिमा १६ प्रतिशत मात्र महिलाहरू सांसद पद प्राप्त गर्न सफल भएका थिए । महिलाहरूको राजनैतिक सहभागितामा अवरोध पुऱ्याउने वा सहजीकरण गर्ने कारक तत्वहरू सामाजिक, राजनैतिक विकासको स्तर, भौगोलिक अवस्था, संस्कृति र राजनैतिक प्रणालीको ढाँचाअनुसार फरक हुन्छन् । महिलाहरू आफैँ पनि एउटा समान स्तरका समूहमा पर्दैनन् : वर्ग, जात, जातीयता, सांस्कृतिक पृष्ठभूमि र शिक्षामा उनीहरूबीच भिन्नता हुनेगर्दछ । निर्णायक भूमिका रहेको निकायबाट महिलाहरूलाई अलग राखिनुले लोकतन्त्रका आधारहरू सुदृढ हुने सम्भावनालाई सीमित बनाउँछ यसबाट आर्थिक विकासमा बाधा पुग्नुका साथै लैङ्गिक समानता प्राप्तिलाई समेत हतोत्साही गराउँछ । पुरूषहरूले समाजमा व्यापक असर पार्ने खालका कानुन तर्जुमा गरेर राजनैतिक प्रक्रियालाई एकलौटी बनाए भने निर्णय प्रक्रियामा पुरूष र महिला दुवैको सरोकारलाई सधैँ सन्तुलनमा राख्दैन । सहस्राब्दी विकास लक्ष्यमा टिप्पणी गरिएअनुसार शक्ति र निर्णायक भूमिकामा पुरूषसँग महिलाको समान सहभागिता, राजनैतिक जीवनमा सहभागी हुने उनीहरूको मौलिक हकको एउटा भाग हो । यो लैङ्गिक समानता र महिला सशक्तीकरणको केन्द्रबिन्दु हो ।[1] विकाससम्बन्धी कार्यसूची निर्धारण गर्न महिलाहरू सक्रिय सहभागी हुनुपर्छ ।

राजनीतिमा प्रवेश गर्न चाहने महिलाहरूले राजनैतिक, सार्वजनिक, सांस्कृतिक अनि सामाजिक वातावरण सधैँ मित्रवत् नभएको वा हतोत्साहित गर्नेसमेत भएको पाउँछन् । कुनै पनि क्षेत्रमा वर्तमान राजनैतिक निर्णायकहरूको संरचनामा सरसर्ती हेर्ने हो भने मात्र पनि महिलाहरूका निमित्त आफ्नै सरोकारका विषयहरू व्यक्त गर्न र त्यसलाई आकार दिनमा अझ पनि

असंख्य अवरोध रहेका प्रमाणहरू प्राप्त हुन्छन् । संसदमा प्रवेश गर्दा महिलाहरूले सामना गर्नुपर्ने अवरोधहरू के के हुन् ? यस्ता अवरोधहरूलाई महिलाले कसरी अझ राम्ररी सामना गर्न सक्छन् ? यस अध्यायमा हामी महिलाहरूले सामना गर्ने साझा समस्याहरूलाई पहिचान गरेर संसदमा महिला प्रतिनिधित्व र प्रभावकारितालाई अझ बढाउनेतर्फ पहिलो पाइला चाल्नेछौँ। हामी समस्याहरूलाई तीनवटा क्षेत्रमा वर्गीकरण गर्छौं- राजनैतिक, आर्थिक-सामाजिक तथा वैचारिक र मनोवैज्ञानिक (वा सामाजिक-सांस्कृतिक) । पछि आउने अध्यायहरूमा यी अवरोधलाई परास्त गर्न केही रणनीतिहरू पहिचान गर्नेछौँ र संसदमा प्रवेश गरेपछि महिलाहरूले के गर्न सक्छन् भन्ने कुराको पहिचान गर्ने छौँ ।

## १. राजनैतिक अवरोधहरू

**पुरूषहरूले राजनैतिक क्षेत्रमा प्रभुत्व जमाएका छन्; पुरूषहरूले राजनैतिक खेलको नियम तर्जुमा गर्छन्; अनि मूल्याङ्कनका मापदण्डहरू पनि उनीहरूले नै निर्क्योल गर्छन् । पुरूषहरूले प्रभुत्व जमाएको यस अस्तित्वको ढाँचाको परिणामस्वरूप कि त महिलाहरूले पूर्णरूपले राजनीतिलाई अस्वीकार गर्छन् वा पुरूष ढाँचाको राजनीतिलाई अस्वीकार गर्छन् ।**

एक्काइसौँ शताब्दीको प्रारम्भमा संसारभरका ९५ प्रतिशतभन्दा बढी देशले महिलाहरूलाई दुईवटा सबैभन्दा मौलिक लोकतान्त्रिक हक दिएका छन् ती हुन् मतदानको हक र निर्वाचनमा उम्मेदवार हुने अधिकार । सन् १८९३ मा महिलालाई मतदानको अधिकार दिने पहिलो राष्ट्र न्युजिल्यान्ड थियो अनि सन् १९०६ मा दुवै मौलिक हक स्वीकार गर्ने राष्ट्र फिनल्यान्ड थियो । महिलालाई मतदान र निर्वाचनमा उम्मेदवार हुने दुवै मौलिक हक दिन अस्वीकार गर्ने केही राष्ट्रहरू अझ पनि छन् ।[२]

सिद्धान्ततः निर्वाचनमा उठ्ने अधिकार, उम्मेदवार हुने र निर्वाचित हुने कुरा मतदानको हकमा आधारित छ । यद्यपि वास्तविकता यस्तो छ कि प्रायजसो पुरूषहरू उम्मेदवारहरू हुने भएकोले महिलाको मतदानको अधिकार सीमित भएको छ । केही लोकतान्त्रिक र विकासोन्मुख लोकतन्त्रका लागि मात्र होइन, स्थापित लोकतन्त्रका लागिसमेत यो कुरा सत्य सावित हुन पुगेको छ । केही युरोपेली संसदहरुमा महिलाको न्यून प्रतिनिधित्वलाई उनीहरूका आधारभूत लोकतान्त्रिक अधिकारको हनन र यथार्थमा तिनीहरुको मानव अधिकारको हनन भएको मान्नुपर्छ । व्यवस्थापिकामा महिला प्रतिनिधित्वको यो असमान दरले लोकतन्त्रीकरणको परिणामभन्दा पनि यसले महिला प्रतिनिधित्वको यथास्थितिलाई बढी प्रतिबिम्बित गरेको जनाउँछ ।

अधिकांश देशहरुमा कानुन नै नभएर र कानुन बनाइएको भए पनि त्यसको पालना नगरिएर वा कानुन अनुसार पनि पहिलो प्राथमिकता नदिइएर पनि धेरैजसो देशमा यस्ता कठिनाइहरू रहेका छन् । राजनैतिक जीवनमा लैङ्गिक समानता प्राप्त गर्न कानुन र राष्ट्रिय नीतिहरूमा समानताको लागि वचनबद्धता प्रतिबिम्बित भएको सुनिश्चित गर्नु आवश्यक छ । 'सन् १९९५ मा मौलिक रूपले प्रवर्द्धन गरिएका राजनैतिक पदहरूमा महिलाको निमित्त लिइएको ३० प्रतिशतको लक्ष्यलाई संसारभर समाजका सबै तहमा सङ्गठित गरिएको महिलाहरूको

उदीयमान शक्तिले अरू बढी प्रेरणा दिएको छ । निर्वाचन सिटहरूका लागि कोटा लागू गर्नुलाई एउटा महत्त्वपूर्ण रणनीति मानिन्छ ।'[३] वास्तवमा निर्णायक भूमिकाका सबै तहमा कम्तीमा ३० प्रतिशत महिला सहभागिता कायम राख्नका लागि सकारात्मक पहल अवश्य नै एउटा आवश्यक साधन हो ।

कोटासम्बन्धी उदाहरणका लागि अर्जेन्टिनाको कानुनमा त्यहाँ निर्वाचन हुने सम्पूर्ण पदहरूमा राजनैतिक दलहरूले आफ्ना उम्मेदवारहरूको सूचीमा ३० प्रतिशत महिला उम्मेदवार मनोनयन गर्न आवश्यक छ । यस्तो कानुनले व्यवस्थापिका निकायमा महिलाहरूको निर्वाचनलाई प्रभावकारी रूपले सहज बनाउनसक्छ । यस्ता कानुन खारेज गरिँदा महिलाहरूको प्रतिनिधित्व प्रभावित भएका प्रमाणहरू छन् । उदाहरणको लागि बंगलादेशको मुद्दालाई लिन सकिन्छ, जहाँ अप्रिल २००१ मा महिला कोटा समाप्त भएपछि सन् २००१ अक्टोबरमा भएको निर्वाचनमा महिला सांसदको संख्या दस प्रतिशतबाट दुई प्रतिशतमा झ-यो । यसको विपरीत रुवान्डामा सन् २००३ को निर्वाचनले राष्ट्रिय सभामा निर्वाचित महिलाको संख्यामा उल्लेख्य वृद्धि भएको देखायो ।

महिला र पुरूषहरूको बराबरी संख्यामा सबै राष्ट्रिय संसदहरुमध्ये रूवान्डा सबैभन्दा नजिक पुगेको छ : नर्डिक देशहरूको अनुपातलाई समेत पछाडि पार्दै त्यहाँ ४८.८ प्रतिशत पद महिलाले ओगटेका छन् । यो मुख्यतया संवैधानिक कोटाको कारणले भएको हो, जसले तल्लो सदनमा महिलाका लागि ८० स्थानमध्ये २४ स्थान आरक्षित गर्छ । रूवान्डाको माथिल्लो सदनमा पनि महिलाहरूलाई ३० प्रतिशत स्थानका लागि सुनिश्चितता दिइएको छ ।[४]

अनुसन्धानहरूले देखाएअनुसार महिलाले संसदमा सदस्यता प्राप्त गर्न राजनैतिक संरचनाले ठूलो भूमिका निर्वाह गर्नसक्छ । उदाहरणका लागि समानुपातिक प्रतिनिधित्वमा आधारित प्रणालीको परिणामस्वरूप उस्तै संस्कृति भएका देशहरू (जर्मनी र अस्ट्रेलिया) मा तीनदेखि चार गुणा बढी महिला प्रतिनिधि निर्वाचित भएर आएका छन् । यस प्रकारको सामान्यीकरण सांस्कृतिक समानता भएका अर्थात् दुई देशबीच एकै स्तरको सामाजिक र आर्थिक विकास भएको हदसम्म वैध हुन्छ । फरक र विकासशील संस्कृति खास गरेर कमजोर रूपले विकास भएको पार्टी प्रणाली, कैयन् समूह र खेमाहरूको अस्तित्व भए (सन् २००३ सम्म) का कारण, कैयन् महिलाहरूले सामना गर्नुपर्ने आत्मविश्वासको कमी र महिलाहरूको सरोकारलाई किनारा लगाउने राजनैतिक समूहहरूको प्रवृत्तिका कारण रूसमा यो सामान्यीकरण लागू हुँदैन । मतदाताहरूको राजनैतिक साक्षरताले (मतदान गर्दा युक्तिसङ्गत चयन गर्ने र युक्तिसङ्गत निर्णय लिन सक्ने क्षमता, जुन स्पष्टसँग औपचारिक शिक्षाको स्तरसँग मात्र भर परेको हुँदैन) महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भने त्यसको अवस्थामा सुधार ल्याउने राजनैतिक सङ्कल्पले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

महिलाहरूले सामना गर्नु पर्ने राजनैतिक अवरोधहरूमध्ये निम्नलिखित अवरोधहरू मुख्य हुन् :

- राजनैतिक जीवनको 'पुलिङ्गी ढाँचा' र निर्वाचित सरकारी निकायहरूको व्यापकता,

- पार्टीको सहयोगको कमी, उदाहरणका लागि महिला उम्मेदवारहरूका निमित्त सीमित आर्थिक सहायता, राजनैतिक सञ्जालहरूमा सीमित पहुँच र महिलामाथि लागू गरिएका बढी कठोर मापदण्ड र योग्यताहरू,
- ट्रेड (श्रमिक) युनियन तथा महिला समूहहरूजस्ता निरन्तर सम्पर्क र सहयोग गर्नुपर्ने अन्य सार्वजनिक सङ्गठनहरूसँग पहुँच तथा आपसी सहयोगको कमी,
- सामान्यतया महिलाहरूको नेतृत्वका लागि सुयोग्य विकसित शिक्षा र तालिम प्रणालीसम्म पहुँचको कमी र राजनैतिक जीवनतर्फ युवा महिलाहरूलाई प्रोत्साहनमा पहुँचको कमी, र
- निर्वाचन प्रणालीको प्रकृति, जुन महिला उम्मेदवारका निमित्त अनुकूल हुन पनि सक्छ वा नहुन पनि सक्छ ।

## १.१ राजनीतिको पुलिङ्गी ढाँचा

**पुरूषहरूको आदर्श र मूल्य–मान्यताअनुसारले अनि केही मामिलाहरूमा पुरूषहरूको जीवन शैलीबाट समेत राजनैतिक जीवन सङ्गठित भएको हुन्छ ।**

राजनैतिक मञ्चमा व्यापक मात्रामा पुरूषहरूको दवदबा रहेको छ, राजनैतिक खेलका नियमहरू प्रशस्त मात्रामा उनीहरू नै तर्जुमा गर्छन् र मूल्याङ्कनका मापदण्ड पनि उनीहरूले नै निर्धारण गर्छन् । अझ भन्नुपर्दा पुरूषहरूको आदर्श र मूल्य-मान्यताअनुसार अनि केही मामिलाहरूमा पुरूषहरूको जीवन शैलीबाट समेत राजनैतिक जीवन सङ्गठित भएको हुन्छ । उदाहरणका लागि विशेष गरेर दलगत राजनीतिको पंक्तिमा प्रायजसो विधिसम्मत आपसी सहयोग र विवेकमा भन्दा पनि 'विजेता र पराजितहरू', को प्रतियोगिता र द्वन्द्वको चिन्तनमा आधारित रहेको हुन्छ । परिणामस्वरूप कि त महिलाले राजनीतिलाई पूर्णरूपले त्यागिदिन्छन् कि त पुरूष ढाँचाको यस्तो राजनीतिलाई त्यागिदिन्छन् । यसरी राजनीतिमा सहभागी हुँदा महिलाहरूले आफ्नो सानो संख्यामा त्यस्तो कार्य गर्न अभिमुख हुनुपर्दछ ।

> 'स्विडेनको संसदको सबैभन्दा चाखलाग्दो पक्ष हामीकहाँ ४५ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ भन्ने होइन तर बहुसंख्यक पुरूष र महिलाले संसदको कामकारबाहीमा सही सामाजिक अनुभव ल्याउँछन् । फरक पार्ने कुरा यही हो । पुरूषहरूले आफूसँग बालबच्चा हुर्काउने बारेको, घर चलाउने बारेको वास्तविक जीवनका यथार्थ मुद्दाहरू ल्याउँछन् । तिनीहरूसँग व्यापक सन्दर्भ अनि वृहत्तर सुझबुझ रहेको छ । अनि महिलाहरूलाई हामीले जे छौँ त्यो हुने र हाम्रो आफ्नै अनुपम व्यक्तित्वअनुसार कार्य गर्न अनुमति दिइएको छ । न त पुरूषले न त महिलाले नै परम्परागत भूमिकामा चल्नुपर्छ । महिलाले वलिष्ठ पुरूषको जस्तो व्यवहार गर्नु पर्दैन, पुरूषले पनि बालबच्चाको स्याहारसुसार गर्ने महिलाको जस्तो व्यवहार गर्नुपर्दैन । जतिबेला यो तरिका मान्यता बन्दछ त्यसबेला हामी वास्तविक परिवर्तन देख्छौँ ।'
>
> *बिर्गिटा दहल, निवर्तमान सभामुख, स्विडेन*

महिला र पुरूषबीचको भिन्नता निर्णय लिइने कुराको विषयवस्तु र प्राथमिकताको सम्बन्धमा पनि देखा पर्छ जुन दुवै लिङ्गको रुचि, पृष्ठभूमि र काम गर्ने तरिकाले निर्क्योल गर्छ । महिलाहरू सामाजिक सुरक्षा, राष्ट्रिय स्वास्थ्य सेवा र बालबालिकासँग सम्बन्धित मुद्दाजस्ता सामाजिक सरोकारका विषयवस्तुलाई प्राथमिकता दिन उन्मुख हुन्छन् ।

पुरूषवर्गको बोलवाला अत्यधिक रहेको संसदको काम गर्ने ढाँचा त्यहाँको कार्यतालिकामा अझ बढी प्रतिविम्बित हुन्छ । सामान्यतया त्यहाँ कार्यरत आमाहरूका साथै महिला सांसदहरूको निमित्त प्रायजसो समर्थन गर्ने खालका संरचनाहरूको कमी हुन्छ । तिनीहरूको पार्टीगत र संविधानको कार्य र विभिन्न समितिहरूमा सेवा गर्नुबाहेक महिला सांसदहरूलाई आफ्ना पार्टीभित्रको सञ्जालमा, अन्तरपार्टी स्तर र संसदबाहिरका महिलासँग कार्य गर्न भनिन्छ । अझ भन्नुपर्दा तिनीहरूले सामाजिक रूपले निर्दिष्ट गरिएको आमा, पत्नी, बहिनी, अनि हजुर आमाको स्याहारसुसार गर्ने भूमिका निर्वाह गर्नु पर्छ । वर्तमानमा महिलाहरूले उठाउनुपरेको दोहोरो बोझलाई चिन्तन गरेर धेरैजसो संसदका कार्यक्रम र बैठक बस्ने समय मिलाइएको छैन । कैयन महिला सांसदले आफ्नो पारिवारिक जीवन र प्रायजसो अबेरसम्म काम गर्नु पर्ने, धेरै यात्रा गर्नु पर्ने र कम सुविधा भएको काम गर्नु पर्ने कामको मागका बीच सन्तुलनको सामना गरिरहेका छन् ।

## १.२ पार्टीको सहयोगको कमी

आफ्नो पार्टीका अभियानमा र पार्टीको लागि सहयोग परिचालन गर्नमा महिलाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् तैपनि ती संरचनामा तिनीहरूले विरलै मात्र निर्णायक पदहरू ओगटेका छन् । वास्तवमा विश्वभरका पार्टी नेताहरूमा महिलाहरूको संख्या ११ प्रतिशतभन्दा कम रहेको छ ।

राजनैतिक पार्टीहरूसँग निर्वाचन अभियान सञ्चालन गर्नका लागि स्रोत भए तापनि ती स्रोतहरूबाट महिलाहरूले बिरलै लाभ पाउँछन् । उदाहरणका लागि कैयन् पार्टीहरूले महिला उम्मेदवारहरूका लागि यथेष्ट मात्रामा आर्थिक सहयोग उपलब्ध गराउँदैनन् । अनुसन्धानहरूले देखाएअनुसार यथेष्ट आर्थिक स्रोतसँग संयोजन गरिएको महिला उम्मेदवारहरूको एउटा ठूलो समूहले चुनिएका महिलाको संख्यालाई ठूलो मात्रामा वृद्धि गर्न सक्छ । यसबारे तेस्रो अध्यायमा विस्तृत रूपले छलफल गरिएको छ ।

राजनैतिक पार्टीहरूभित्र छनौट र मनोनयन प्रक्रिया पनि महिलाविरुद्ध पूर्वाग्रही रहेको छ। त्यसमा 'पुरूषका विशेषता' हरूमाथि जोड दिइन्छ र प्रायजसो उम्मेदवारहरू चयन गर्नमा यो अति आवश्यक योग्यता हुन्छ । महिलाहरूलाई पार्टीको काममा एकीकृत हुन 'पुराना ठिटा' हरूको क्लबले बाधा दिन्छ र त्यसमा समेत अवरोध खडा गर्छ । फलस्वरूप निर्वाचन प्रचारप्रसार अभियानमा आर्थिक सहयोग गर्नेहरूको महिलाहरू भरपर्दा उम्मेदवार हुन् भन्ने सोचाइमाथि असर पार्छ । यसबाहेक प्रायजसो पार्टीको सूचीमा महिलाहरूलाई जित्न सक्ने अवस्थामा राखिँदैन । त्यस कारण पदस्थापन कार्यादेशका साथ कोटा भएको अवस्थामा मात्र महिलाहरूको सहभागिता साँचो हुन्छ । उदाहरणका लागि स्विडेनमा प्रायजसो राजनैतिक पार्टीले पार्टीको

सूचीमा महिला र पुरूषको नाम विकल्पमा पर्दाखेरि ‘बन्द’ सूची ('zipper' list) को प्रयोग गर्छन् । संसदमा ४५.३ प्रतिशत महिलाहरू यसकै परिणामस्वरुप आएका हुन् ।

**तालिका २ . संसदका महिला सभाध्यक्ष वा सभामुखहरू**

| १९४५–९७ | २८ फ्रेब्रुअरी सन् २००५ सम्ममा |
|---|---|
| विश्वका संसदको ५२ वर्षको इतिहासमा र भर्खरकै इतिहासमा व्यवस्थापिका भएका १८६ वटा देशहरूमध्ये ४२ वटाले मात्र कुनै समयमा संसद वा संसद सभाको अध्यक्षता गर्नका लागि महिलालाई चुनेका छन् । यस्तो जम्मा ७८ पटक भएको छ । यसमा १८ वटा युरोपेली राष्ट्र, १९ अमेरिकी महादेशका राष्ट्र, ३ वटा अफ्रिकी राष्ट्र, एउटा एसियाली राष्ट्र र एउटा प्रशान्त क्षेत्रको राष्ट्र रहेको छ ।<br><br>४२ मध्ये २४ वटा राष्ट्रका संसद द्विसदनात्मक थिए अनि तल्लो सदनमा भन्दा माथिल्लो सदनमा केही बढी महिलालाई सभाध्यक्षता सुम्पिएको थियो । | हालका संसदहरूमा २२ जना महिलाहरूले मात्र अध्यक्षता गर्छन् । जसमा ७० वटा संसद द्विसदनात्मक छन् । यसको अर्थ प्रतिनिधिसभाको वा यसका संसदका दुई सदनमध्ये एकमा अध्यक्षता गर्ने अधिकारीहरूको जम्मा २५५ पदहरू मध्ये ८.६ प्रतिशत छ ।<br><br>ती देशहरूमा एन्टिगुवा र बर्बुडा (प्रतिनिधि सभा र सिनेट), बहामास (सिनेट), बेल्जियम (सिनेट), बेलिज (प्रतिनिधि सभा), कोलम्बिया (क्यामेरा डि रिप्रेजेन्टेटिभ्स), डोमिनिका (हाउस अफ असेम्ब्ली), इस्टोनिया (रिगिकोगु), जर्जिया (साकार्तेभिलोस पार्लिमेन्ट्री) ग्रिस (भोउली टोन इलिनोन), ग्रिनाडा (सिनेट), हङ्गेरी (ओर्सरुग्युलेस), जमइका (सिनेट), जापान (साङ्गीन), लात्भिया (सेइमा), लेसोथो (राष्ट्रिय सभा), माल्डोभा (पार्लामेन्टुल), द निदरल्यान्डस् (इर्सटे कामेर डि स्टेटेन जेनेरल), सान मारिनो (कन्सिग्लियो ग्रान्डे इ जेनेरल), दक्षिण अफ्रिका (राष्ट्रिय सभा तथा प्रान्तीय राष्ट्रिय परिषद्), ट्रिनिडाड एन्ड टोबेगो (सिनेट), उरुग्वे (कामेरा डि रिप्रेजेन्टेटिभ्स्) |

**स्रोतः** Inter- Parliamentary Union (IPU), 2005, ‘Woman speakers of National Parliaments: History and the Present. Situation as of 28th February, 2005, ‘available at <http://www.ipu.org/wmn-e/speakers.htm>

> ‘महिलाका लागि राजनीतिमा प्रवेश गर्ने मनस्थिति बनाउन ज्यादै कठिन छ । राजनीतिमा प्रवेश गर्ने मनस्थिति बनाइसकेपछि उनले आफ्नो श्रीमान्, बालबच्चाहरूलाई र परिवारलाई तयार गर्नुपर्छ । यी सबै अवरोधहरूलाई पराजित गरेर टिकटको लागि निवेदन दिइसकेपछि जसको विरुद्ध उनले निवेदन गरेकी छन् त्यो पुरूष उम्मेदवारले उनको बारेमा सबै प्रकारका कथाहरू बनाउँछ । यी सबै कुरा भएपछि उनको नाम पार्टी प्रमुखहरूकहाँ जान्छ तर त्यो सिट गुम्ने डरले पार्टीका मुख्य नेताहरूले ती महिलाको नाम चयन गर्दैनन् ।’

*सुषमा स्वराज, सांसद, भारत*

## १.३ महिलाहरूको सङ्गठनहरूसँग सहयोग

पछिल्लो दशकमा लामो समयसम्म कायम रहेका लोकतन्त्रहरूमा संसदमा महिलाको प्रतिनिधित्व बढेको छ । यसरी बृद्धि हुनुका कारणमध्ये एक कारण राजनैतिक समूहबाहिर र भित्र दुवै स्थानमा महिलाहरूको सङ्गठनको प्रभाव हो । महिला उम्मेदवारीमा एकल सदस्य निर्वाचन हुने जिल्लाहरूको प्रभावबारे महिला सङ्गठनहरू सुपरिचित थिए । महिलाको मनोनयन र निर्वाचनमा सफलता सहज बनाउन निर्वाचन परिवर्तन प्राप्त गर्न उनीहरूले राजनैतिक र सरकारी सङ्घ-संस्थाहरूसँग सहकार्य गरे । यस रणनीतिको परिणामस्वरूप व्यवस्थापिकामा महिलाको प्रतिनिधित्वमा वृद्धि भयो ।

> 'महिला सांसदहरूको रूपमा हामीले हाम्रा अनुभव आदानप्रदान गर्नुपर्छ । यसले नै महिलाहरूलाई प्रेरणा दिन्छ । यस खेलमा हामी एक्लै छैनौं भन्ने अनुभव हामीले गर्नेछौं अनि अरू महिलाहरूले त्यस प्रक्रियाबाट अलग पारिएको अनुभव गर्ने छैनन् । प्रत्येक अवसरमा, प्रत्येक सभास्थलमा, प्रत्येक समयमा हामीले सूचना, विचार अनि ज्ञान आदानप्रदान गर्नुपर्छ । समाजभित्र महिलाहरू सबैभन्दा बढी सुसूचित छन् भन्ने कुरामा हामी निश्चित हुनैपर्छ ।'

*मार्गरेट डोङ्गो, पूर्व सांसद, जिम्बाब्वे*

यद्यपि नयाँ लोकतन्त्रहरूमा महिला राजनीतिज्ञहरू र महिलाका सङ्गठनहरू वा ट्रेड युनियन र श्रम संगठन जस्ता अन्य व्यापक सरोकारवाला संघ-सस्थाहरूबीच सम्पर्क र सहयोग कम भएको छ । सञ्जाल कार्यको सम्भाव्य लाभबारे जानकारीको अभाव भएर वा यस्ता सम्पर्कहरूमा लगानी गर्नका लागि स्रोतको कमी हुनुको कारणले यो भएको हो ।

परिवर्तनको लोकतान्त्रिक स्वरुपबारे सरकारले वचनबद्धता जाहेर गर्न सक्ने भए तापनि समाजका सबै क्षेत्रमा महिलाहरूले अधिकारयुक्त स्थान प्राप्तिका लागि सरकारको मात्र अपेक्षा गर्नु अवास्तविक कुरा हुनजान्छ । गैरसरकारी संघ-संस्थाहरू र महिलाका समूहहरूलगायत सामान्यतया नागरिक समाजले महिलाको प्रतिनिधित्वलाई अगाडि बढाउन भूमिका खेल्नै पर्छ । आस्थामा आधारित महिला सङ्गठन र बाह्य जगत्सम्म पुऱ्याउने सञ्जालहरू पनि साह्रै ठूला मित्र हुन सक्छन् ।

आफ्ना लक्ष्यहरू, रणनीति र चतुऱ्याइँहरूबारे पनि महिलाले सावधानीपूर्वक सोच्नै पर्छ । संसदमा पुगिसकेका महिलाहरूलाई आफूले दिएका वचन पूरा गर्न र महिलाले उठाएका विषयबारे संसदमा छलफल र निर्णय लिनमा सुनुवाइ हुनेबारे निश्चित गर्न उनीहरूलाई आवश्यक सीप र रणनीतियुक्त बनाउन सहयोग गर्नु महत्त्वपूर्ण हुन्छ । महिलालाई सबल पार्न र उनीहरूलाई राजनीतिमा भाग लिन सक्षम बनाउन तल्लो तहदेखि नै र स्थानीय निर्वाचित निकायहरूमा महिलाको सहभागिताको क्षेत्रलाई फराकिलो पार्नु आवश्यक छ । यसले पनि आत्मविश्वास जगाउने खुट्किलोमा महत्त्वपूर्ण भूमिका निर्माण गर्दछ र अनुभव आदानप्रदानका निम्ति सहज बनाउँछ ।

महिला आन्दोलनको मुख्य लक्ष्य उनीहरूबीच सही प्रकारको आत्मविश्वास र दृढ निश्चय विकास गर्नु हो । यसमा सही वैचारिक सन्देश व्यक्त गर्न सक्ने र आत्मविश्वासको प्रेरणा जगाउन सक्ने नेतृत्वको आवश्यकता हुन्छ । सोच्ने र कार्य गर्ने नयाँ तरिका, शैक्षिक क्रियाकलाप, महिलाको अवस्थाबारे अनुसन्धान र महिला संघ-संस्थाहरूबीच सञ्चारका माध्यमहरू आवश्यक छन् । आफ्ना मूल्य-मान्यता, बल र आकाङ्क्षा प्रतिबिम्बित हुने उदाहरणअनुसारको समाज बनाउनु र त्यसबाट राजनैतिक प्रक्रियामा उनीहरूको सरोकार र सहभागितालाई सशक्तीकरण गर्नु महिलाहरूका निमित्त चुनौती हो ।

### १.४ निर्वाचन प्रणाली

महिलाहरूको राजनैतिक प्रतिनिधित्वमा देशको निर्वाचन प्रणालीको प्रकारले महत्त्वपूर्ण भूमिका खेल्छ । (यस मुद्दाबारे तेस्रो अध्यायमा विस्तृत रूपमा छलफल गरिएको छ ।)

> ‘नर्डिक संसदहरूमा महिलाको उच्च प्रतिनिधित्वबारे हामीसँग कैयन् स्पष्टीकरणहरू छन् । तीमध्ये समानुपातिक निर्वाचन प्रणाली पनि एक हो । फिनल्यान्डमा समानुपातिक सूची छ, तर मतदाताको व्यक्तिगत छनौट पनि यसमा आउँछ । अर्को व्याख्या, देशमा वैचारिक छलफलमा पाइन्छ । स्क्यानडेनेभियाको अनुभव भन्नुपर्दा त्यहाँको राजनीति नेतृत्वदायी भूमिकामा छ । व्यापारिक संसार ढल्दै छ अनि शैक्षिक संसार पनि पछि परेको छ । हाम्रा विश्वविद्यालयमा यथेष्ट महिला प्राध्यापक छैनन् अनि ट्रेड युनियनहरूमा पनि महिलाको प्रतिनिधित्व कमजोर छ ।’
>
> *योन भोन साइडो, स्विडिस रिक्स्डागकी सभामुख*

## २. सामाजिक - आर्थिक अवरोधहरू

**कथित विकासशील लोकतन्त्रहरूमा आर्थिक सङ्कटले महिलाहरूको गरिबीको जोखिमलाई सघन बनाएको छ । बेरोजगारी जस्तै गरिबी बढ्दो रूपले महिलाकरण भइरहेको छ ।**

स्थापित लोकतन्त्र र नयाँ लोकतन्त्र दुवैमा व्यवस्थापिकामा महिलालाई पुऱ्याउने सामाजिक-आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेल्छ । राजनैतिक संस्थाहरू र निर्वाचित निकायमा महिलाको सहभागिताबारे समाजमा उनीहरूको सामाजिक र आर्थिक हैसियतको सोझो प्रभाव परेको हुन्छ । उदाहरणका लागि व्यवस्थापिकामा महिलाको पदस्थापन र घरबाहिर काम गर्ने महिलाहरूको अनुपातका साथै महिला स्नातकहरूबीच पारस्परिक सम्बन्ध रहेको कुरा अनुसन्धानकर्ताहरूले सङ्केत गरेका छन् । केही अनुसन्धानका अनुसार स्थापित लोकतन्त्रहरूमा महिलाहरूको व्यवस्थापिकामा पदस्थापनका लागि हुने निर्वाचन प्रणालीमा सामाजिक-आर्थिक अवस्थाले दोस्रो स्थान लिन्छ ।

## बक्स १. महिला प्रतिनिधित्वमा विकास र संस्कृतिको असर

महिला प्रतिनिधित्वको स्थितिसँग सम्बन्धित समाजका सबैभन्दा महत्त्वपूर्ण विशेषताहरुमध्ये एक देशको विकासको अवस्था पनि हो । विकासले परम्परागत मूल्य र मान्यता कमजोर बनाउँदै घट्दो प्रजनन दर, बढदो सहरीकरण, शिक्षामा वृद्धि र महिलाका लागि श्रमशक्तिको अभिवृद्धिले सहभागितातर्फ डोऱ्याउँछ। यसले महिलाको उपयुक्त भूमिकासम्बन्धी धारणामा परिवर्तन र महिलाको राजनैतिक स्रोत वृद्धि गर्छ साथै राजनैतिक क्रियाकलापका अवरोधक सम्पूर्ण कारक तत्त्वलाई घटाउँछ ।

विकासको एउटा विशेषताले के प्रमाणित गरेको छ भने पश्चिमी मुलुकहरूमा महिला सहभागिताका निमित्त खास गरेर महत्त्वपूर्ण ठहरिएको एउटा कुरा श्रमशक्तिमा महिला सहभागिताको उच्चतम मात्रा हो । घरबाट बाहिर निस्केर कार्यमा लाग्नुले महिलामाथि सचेतना वृद्धि हुने अवस्था देखिएको छ । उच्च विकासले औपचारिक पदहरूको संख्या र अनुभव महिलाले बढी लिन सक्ने सम्भावना वृद्धि गर्दछ उदाहरणका लागि श्रमसङ्गठन वा व्यावसायिक सङ्गठनहरूमा ।

संस्कृति विकाससँग सम्बन्धित छ अनि विकासको वृद्धिसँगै पुरूषसँग सापेक्ष रहेको समाजमा महिलालाई उभ्याउने कार्य बढी समान हुन्छ । अर्कोतर्फ विकासको मामिलामा दुईवटा देश उस्तै नै हुन सक्छन्, तर समानताको हकमा एउटा देशमा भन्दा अर्को देशमा महिला उल्लेख्य रूपले अघि बढेका हुन सक्छन् ।

संस्कृति महत्त्वपूर्ण रहेको विश्वास गरिन्छ, तर त्यसले पार्ने असरबारे सोझै परीक्षण गर्न कठिन छ । संस्कृतिको सट्टामा आउन सक्ने अन्य विषयबारे हालसालै गरिएका केही अनुसन्धानहरूमा मैले खास गरेर पुरूषको साक्षरतासँग महिलाको साक्षरताको अनुपात, श्रमशक्तिमा महिला सहभागिता र श्रमशक्तिमा पुरूष सहभागिताको अनुपात र विश्वविद्यालयमा शिक्षा लिएका महिलाहरू र विश्वविद्यालयमा शिक्षा लिएका पुरूषहरूको अनुपात जस्ता चलहरुको सूचीको प्रयोग गरेर एउटा मापकको विकास गरेँ ।* अनुमान यो थियो कि साक्षरताको स्तर, कार्यशक्तिमा सहभागिता अनि विश्वविद्यालयको शिक्षामा महिलाको पहुँच पुरूषसरह भएर सामाजिक धरातलमा पुरूषसमान भएमा राजनैतिक तहमा तिनीहरू पुरूषसरह हुने सम्भावना बढी हुन्छ अनि उनीहरूको प्रतिनिधित्वमा वृद्धि हुनेछ । उल्लिखित सांस्कृतिक उपायहरूको महिलाको सहभागितासँग बलियो अन्तरसम्बन्ध हुने भएकोले यस प्राक्कल्पनाले स्थान लिन्छ ।

यो उल्लेख गर्नु महत्त्वपूर्ण छ कि स्थापित लोकतन्त्रहरूमा महिला सहभागिताबारे थाहा पाउन सञ्चालित अनुसन्धानहरू भिन्न हुने कारणहरू पहिचान गर्न निकै सफल रहेको छ । विकासशील देशहरूमा महिला सहभागिताको ढाँचा बनाउने प्रयासले

निकै कम सफलता पाएको छ । विकसित देशहरूमा सहभागितामा भिन्नता ल्याउने कारक तत्वहरू स्पष्टसँग बुझिएका छन्, तर विकासशील देशहरूमा प्रतिनिधित्वबारे हाम्रो बुझाइ ज्यादै कमजोर छ । पछिमात्र लोकतन्त्र स्थापित देशहरूमा कुनै पनि उपाय अभिप्रायपूर्ण भेटिएन भने अन्य कैयन् मनासिब उपायले पनि सिद्धान्ततः प्रभाव पारेको भेटिएन । **

यी निष्कर्षहरूले सङ्केत गर्दछन् कि खास प्रभाव पार्नका लागि निर्वाचन प्रणालीजस्ता अन्य उपायहरूको जग बसाउन (महिलाको श्रमशक्तिमा सहभागितालगायत) न्यूनतम स्तरको विकास आवश्यक हुन्छ। यस्तो आधार बिना बढी विकसित राष्ट्रहरूमा महिला प्रतिनिधित्व प्राप्तिमा सहायता पुऱ्याउने कारक तत्वहरूको कुनै सरल असर हुँदैन । के देखिन्छ भने प्रायजसो कम विकसित राष्ट्रहरूमा महिला राजनैतिक क्रियाकलापविरुद्ध लागेका शक्तिहरू यति ठूला छन् कि तिनीहरूले महिलालाई न्यूनतम प्रतिनिधित्व मात्र दिन्छन् । यद्यपि विकासको वृद्धिसँगै सांस्कृतिक परिवर्तनहरू हुन सुरु गर्छन् । यसबाहेक शिक्षा, श्रमिकहरूको तलब रोक्काका अनुभव र व्यावसायिक तालिम जस्ता राजनैतिक रूपले शक्तिशाली हुने आवश्यक स्रोतहरू प्राप्त गर्न सुरु गर्छन् । यसले आलोचक जनसमुदाय बनाउँछ । आवश्यक स्रोत पर्याप्त भएका महिलाहरूको संख्या निरन्तर बढेपछि उनीहरू निर्णायक भूमिकामा बढी प्रतिनिधित्व र प्रभाव माग गर्ने प्रभावशाली सरोकार समूह बन्न सुरु गर्छन् । विकास यस प्रक्रियाको एउटा महत्वपूर्ण भाग हो ।

*रिचार्ड ई. म्याटल्यान्ड*

* Matland, Richard E., 1998a, 'Woman's representation in National Legislatures: Developed and Developing Countries'. *Legislative Studies Quarterly*, Vol. 23, No. 1, pp. 109-25.

** ——1998b. 'The Two Faces of Representation'. Paper presented at the Europeal Consortium for Political Research workshops in Warwick, UK, 23-28 March.

पर्याप्त आर्थिक स्रोतको कमीका अतिरिक्त संसदमा महिला सहभागितामा प्रभाव पार्ने सामाजिक-आर्थिक अवरोधहरू यस प्रकार छन् :

- निरक्षरता र शिक्षा तथा व्यवसाय छनौटमाथिको सीमित पहुँच, र
- घरायसी काम र व्यावसायिक बन्धनको दोहोरो बोझ ।

> 'संसदमा महिलाको प्रवेशका सिलसिलामा देखा पर्ने सबैभन्दा कहाली लाग्दा दुई अवरोधमा मतदाता र आर्थिक स्रोतको कमी हो । महिलाहरू आफ्नो पिताको घरबाट श्रीमान्को घरमा जान्छन्...उनीहरू शरणार्थी जस्तै छन् । मानिसहरूसँग

सम्पर्क विकास गर्न वा ज्ञान बढाउन अनि विभिन्न विषयहरूबारे अनुभव बटुल्न उनीहरूसँग कुनै आधार हुँदैन । अझ भन्नु पर्दा तिनीहरू आफूसँग धन हुँदैन, धन त उनीहरूका पिता, श्रीमान् वा ससुराको हुन्छ । प्रभावकारी अभियान सञ्चालनका लागि विकासशील देशमा बढ्दो खर्चका सम्बन्धमा महिलाको निमित्त यसले एउटा अर्को गम्भीर अवरोध खडा गर्छ ।'

*रजिया फैज, पूर्व सांसद, बंगलादेश*

## २.१ गरिबी र बेरोजगारीको महिलाकरण

सन् २००४ मा विश्वभरका कुल वैतनिक रोजगारीमा महिलाको समग्र हिस्सा ४० प्रतिशतभन्दा माथि थियो ।

> 'हालसालका सबभन्दा घतलाग्दा घटनामध्ये श्रमशक्तिमा महिलाको बढ्दो अनुपात एक हो । ...सन् २००३ मा रोजगारी पाएका दुई अरब ८० करोड मानिसमध्ये एक अरब १० करोड अरब महिला थिए... । यद्यपि महिला र पुरूष कामदारको संख्याका सम्बन्धमा महिलाहरूका लागि वास्तविक सामाजिक, आर्थिक सशक्तीकरण, घरायसी उत्तरदायित्वको समान वितरण, समान कामका लागि समान ज्याला र सम्पूर्ण कामधन्दा आदिमा लैङ्गिक सन्तुलनद्वारा सुधारिएको गुणात्मक परिणाम हालसम्म देखा परेको छैन । छोटकरीमा भन्नुपर्दा कमधन्दाको संसारमा वास्तविक समानता अझ पनि पहुँचभन्दा बाहिर छ ।'[५]

महिला रोजगारीको दरमा अभिवृद्धि भए तापनि सन् १९६० देखि औद्योगिक दृष्टिले विकसित देशमा महिलाहरूले प्राप्त गरेका आर्थिक लाभहरुमध्ये धेरैजसो क्रमशः क्षय हुँदै जाने खतरामा रहेका छन्, जुन विश्व र घरेलु दुवै अर्थव्यवस्थाको पुर्नसंरचनाको परिणामको भाग भएको जस्तो लाग्छ ।

त्यसै बखत, प्रायजसो देशमा श्रमिक कार्य गरी महिलाले भुक्तानी नपाएको रकम पुरूषहरूको तुलनामा दोब्बर हुन आउँछ र भुक्तानी नभएको महिला श्रमको आर्थिक मूल्य विश्वको आर्थिक उत्पादनको एक तिहाइ (वा १३० खर्ब अमेरिकी डलर)[६] भएको अनुमान गरिएको छ । सबै देशमा महिला र पुरूषहरूको हैसियतका बीचमा एउटा ठूलो खाडल रहेको छ । सन् १९९० को दशकको पछिल्लो समयमा सञ्चालन गरिएको सर्वेक्षणले तलब, पदपूर्ति, पदोन्नति र बर्खास्ती, लिङ्ग भेदका साथै व्यावसायिक पृथकीकरण र गरिबीको महिलाकरणको बढ्दो रूप देखाएको छ । संयुक्त राष्ट्रसंघको तथ्याङ्कअनुसार विश्वमा एक अरब ८० करोड मानिस गरिबीको रेखामुनि रहेका छन् भने तिनमा ७० प्रतिशत महिला छन् । सम्पूर्ण विश्वभरि आय आर्जनमा लैङ्गिक असमानताको दूरी भएको कुरा पुष्टि भएको छ : एकजना महिलाको औसत ज्याला पुरूषको औसत ज्यालाको ७५ प्रतिशत समान (कृषि श्रमिकको ज्याला बाहेक) छ । कथित 'विकासशील लोकतन्त्र' भएका देशहरूमा भएको आर्थिक सङ्कटले महिलाको गरिबीको जोखिमलाई अझ सघन बनाएको छ, जसमा बेरोजगारी जस्तै महिलाकरण गरिनसक्ने सम्भावना रहेको छ ।

भुक्तानी गरिएको र नगरिएको दुवै श्रममार्फत महिलाहरु राष्ट्रिय अर्थ व्यवस्थामा महत्त्वपूर्ण योगदानर्ता रहेका छन् । जहाँसम्म पछिल्लो वा भुक्तानी नगरिएको श्रमको कुरा छ त्यसमा ग्रामीण महिलाहरूको योगदान र ठूलो मतदाताको समूहको रुपमा उनीहरूको भूमिकालाई कम आँक्नु हुँदैन । महिलाको जैविक र सामाजिक भूमिकाको महत्त्व स्पष्ट भए तापनि जीवनका सम्पूर्ण अस्तित्वमा उनीहरूको योगदानलाई प्रायजसो मान्यता दिइँदैन । लोकतन्त्रीकरण प्रक्रियामा महिला सहभागिता बुद्धिमा गरिबी निवारणको सकारात्मक प्रभाव पार्दछ । शिक्षा र सूचनामा पहुँचका साथै महिलाको आर्थिक सशक्तीकरणले महिलालाई घरका अवरोधबाट राजनीति र राजनैतिक निर्वाचनमा पूर्ण सहभागितातर्फ लैजान्छ ।

## २.२ दोहोरो बोझ

प्रायजसो देशमा महिलाहरूले घरायसी कार्यको असमानुपातिक भागको काम गर्छन् । गरिबी र अशिक्षा अनि सूचनामाथिको पहुँचको कमीले राजनीतिमा उनीहरूको सहभागितालाई अरु तगारो हाल्छ । आफ्नो मुख्य सरोकार कसरी बाँच्ने भन्ने हुने हुँदा महिलाहरूका लागि राजनीतिक सहभागिता कठिन हुन्छ भन्ने कुरालाई मान्यता दिनै पर्छ । परिवारको आधारभूत आवश्यकता पूरा गर्ने प्रयासमा आफ्नो अधिकांश समय बिताउनबाहेक उनीहरूसँग अर्को विकल्प हुँदैन । विशेष गरेर विकासशील राष्ट्रहरूमा भइरहेको द्वन्द्वका कारण आंशिकरूपले महिला मुख्य व्यक्ति भएको घरको संख्यामा भएको वृद्धिले यसलाई जोड दिएको छ । (जुन विश्वभरि २५ प्रतिशत रहेको छ)

त्यसबाहेक, श्रीमती र आमाको रूपमा केही महिलाको पूर्णकालीन कामका साथै अन्य पूर्णकालीन काम (उदाहरणका लागि शिक्षक, वकिल र चिकित्सकका रूपमा) हुन सक्छ । यस्तो अवस्थामा एकजना सांसद हुनुलाई तेस्रो पूर्णकालीन कामको रूपमा लिइन सक्छ ।

> 'संसदमा प्रवेश गर्नुको अर्थ निजी जीवन वा सार्वजनिक जीवन मध्ये एउटा चयन गर्नु हो भन्नेमा महिलाहरू विश्वास गर्छन् । यो त्यस्तो होइन । बरु, महिलाहरूले आफ्नो जीवनलाई सग्लो रूपमा हेर्नुपर्छ । जीवनमा आफूले के उपलब्धि प्राप्त गर्न खोजेको हो त्यसबारे उनीहरूले निर्णय गर्नुपर्छ अनि उनीहरूले ती लक्ष्यलाई समयक्रमानुसारले प्राथमिकता दिनुपर्छ । कसैकी श्रीमती वा आमा, व्यावसायिक वा सांसद बन्ने यी प्रत्येक लक्ष्य प्राप्त गर्ने एउटा निश्चित सही समय हुन्छ । जीवन लामो छ महिलाहरूले कैयन् उपलब्धिहरू हासिल गर्न सक्छन् ।'

*अन्ना बालेटबो, पूर्व सांसद, स्पेन*

## २.३. शिक्षा र तालिम

> 'महिलाहरूका लागि कुरा गर्नु, तर्क गर्नु, आफ्नो सरोकारको बारेमा दबाब दिनु ज्यादै कठिन हुन्छ । महिलाहरूलाई कुरा गर्न र आफूलाई व्यक्त गर्न हामी कसरी प्रोत्साहन दिन सक्छौ र ? झुप्रोभित्रकी महिलाले भन्नु पर्ने आफ्ना कुराहरू धेरै हुन सक्छन्,

तसर्थ हामीले उनलाई कुरा गर्न प्रोत्साहन गर्नुपर्छ। राजनीतिका बारेमा नभई उनका समस्याहरूका बारेमा, उनको जीवनका बारेमा, उनीसँग सरोकार राख्ने विषयहरूका बारेमा कुरा गर्न प्रोत्साहन गर्नुपर्छ। यसको जवाफ शिक्षा हो। शिक्षाले मेरो समाजका कैयन् महिलालाई राजनैतिक पार्टीमा लाग्न वा राजनैतिक क्रियाकलापमा संलग्न हुन अभिमुख गराएको छ। महिलाहरूलाई बोल्नका लागि प्रोत्साहन गर्ने सबैभन्दा महत्त्वपूर्ण माध्यम शिक्षा हो।'

*राव्या सावा, पूर्व प्यालेस्टाइनी विधायिकी परिषद्की सदस्य*

कम विकसित राष्ट्रहरूको साक्षरता दर ८४ प्रतिशतको विरुद्ध विकसित देशहरूको साक्षरता दर करिब ९९ प्रतिशत रहेको छ। साक्षरता दर र महिलाहरूको राजनैतिक प्रतिनिधित्वका बीचमा कुनै आपसी सम्बन्ध छैन तर कैयन् उम्मेदवारको मनोनयन प्रक्रियामा न्यूनतम स्तरको साक्षरता आवश्यक रहेको हुन्छ। यसले महिलालाई निर्वाचनको उम्मेदवार हुनबाट वञ्चित गर्छ। आधारभूत शिक्षाबाहेक कैयन् महिलामा राजनैतिक क्षेत्रमा प्रभावकारी ढङ्गले सहभागी हुन राजनैतिक तालिमको कमी भएको हुन्छ। त्यसैले राजनीतिमा लाग्न योग्य महिला समूहको नामावलीमा विस्तार आवश्यक छ। समुदायमा आधारित वा छिमेकी सङ्गठनहरूमा विशेष तालिम जस्ता राजनैतिक नेतृत्वतर्फ प्रवृत्त गराउने खालका कार्यको ढाँचामा प्रारम्भिक अवस्थादेखि नै महिलाहरूलाई पहुँच प्रदान गरेर यसो गर्न सकिन्छ।

महिलाहरूलाई राजनैतिक तालिम दिने प्रक्रियामा महिला सरोकारबारे सामान्य बुझाइ, लिङ्गसँग सम्बन्धित राजनैतिक चेतना अभिवृद्धि, अरूलाई प्रभाव पार्न सक्ने कला र सञ्जालको प्रयोग महत्त्वपूर्ण छन्। त्यसका लागि तिनीहरूले महिला र विभिन्न राजनीतिज्ञको वृहत्तर समूहसँग सम्पर्क बनाउने अवसर प्रदान गर्ने भएकाले महिलाहरूको नेतृत्व विकासमा तालिम कार्यक्रमले विशेष भूमिका खेल्छ अनि संसदमा राजनैतिक उन्नतिका लागि महिलालाई तयार गर्न सकिने र त्यसका लागि अभिप्रेरित गर्न तालिमहरू प्रायजसो एकमात्र अवसर हुन सक्छन्। युवा महिलाहरूलाई संलग्न गराउन र पुरूषहरूसँग सहयोग लिनुको महत्वतर्फ पनि विशेष ध्यान दिनुपर्छ।

## ३. वैचारिक र मनोवैज्ञानिक अवरोधहरू

महिलाहरूका लागि संसदमा प्रवेश गर्न वैचारिक र मनोवैज्ञानिक अवरोधहरू निम्न बमोजिम छन् :

- लैङ्गिक चिन्तन, सांस्कृतिक ढाँचा र महिला र पुरूषहरूका निमित्त निर्धारित पूर्वनिश्चित सामाजिक भूमिकाहरू,
- चुनावमा उठ्नका लागि महिलाको आत्मविश्वासमा कमी,
- राजनीति 'फोहोरी' खेल हो भन्ने महिला मानसिकता र
- आम सञ्चारमाध्यमहरूमा महिलाको चित्रण गर्ने तौरतरिका।

### ३.१. परम्परागत भूमिकाहरू

> ‘पुरूषहरू जस्तै देखिने प्रयत्न गर्दै महिलाहरूले राजनीतिमा प्रवेश गर्ने प्रयास गरेका छन् । यसले काम गर्दैन । यस प्रक्रियामा हामीले हाम्रा मतान्तर, हाम्रा भावना, वस्तुलाई हेर्ने हाम्रा तरिका अनि हाम्रा आँसुलाई समेतलाई प्रक्रियामा ल्याउनु पर्छ ।’
>
> *अन्ना तिवाइजुका, प्राध्यापक, तान्जानिया*

कैयन् देशका परम्पराहरूले महिलाका प्राथमिक भूमिकामा आमा र गृहिणी हुनुलाई जोड दिने कामलाई नै निरन्तरता दिँदै आएका छन् र उनीहरूलाई त्यही भूमिकाको बन्धनमा राखेका छन् । परम्परागतरूपले सशक्त पितृसत्तात्मक मूल्य र मान्यता प्रणाली लिङ्गभेदी भूमिकाको पक्षपाती हुन्छ र ‘परम्परागत सांस्कृतिक मूल्य र मान्यता’ महिलाको अग्रगमन, विकास र राजनैतिक प्रक्रियामा सहभागिताका विरुद्ध उभिन्छ । संसारभरिका समाजलाई ‘एउटी महिलाको स्थान’ को चिन्तनले गाँजेर राखेको छ । यस चिन्तनअनुसार महिलाले ‘कार्यरत आमा’ को भूमिका मात्र खेल्नु पर्छ, जुन सामान्यतया न्यून वैतनिक र गैरराजनैतिक हुन्छ । यसबाहेक केही देशमा पुरूषले महिलालाई कसरी भोट दिने भन्नेसमेत निर्देश गर्छन् ।

यो त्यो वातावरण हो जहाँ परम्परागत, गैरराजनैतिक भूमिकामा महिलाको कुनै सामूहिक छविलाई दबाएर राख्ने कार्यले निरन्तरता पाउँछ जसलाई कैयन् महिलाले सामना गर्छन् । महिला नेताको छविमा उनी आफ्नो भाषण र चालढालमा अयौनजन्य (Asexual) हुनु आवश्यक हुन्छ, कोही जसलाई अयौनजन्य गुणहरूद्वारा मात्र एउटी महिलाको रूपमा पहिचान गर्न सकियोस् ।

आमचेतनामा प्रायजसो एउटी महिलाका निमित्त आफ्नो स्त्रीलिङ्गी प्रकृतिबारे खुला हुन स्वीकारयोग्य नभएको वा लज्जाजनकसमेत भएको मानिन्छ । वास्तवमा एउटी महिला जति बढी सशक्त र ‘लोग्ने मानिस जस्तो’ हुन्छिन् उनी त्यस खेलको घोषणा नगरिएको पुरूष नियमहरूसँग त्यति नै अनुरूप हुन्छिन् । त्यसकारणले नै सामान्यतया केही महिला राजनीतिज्ञले उनीहरूले आफू नहुनु पर्ने स्थानमा भएको झैँ लाग्ने, आफ्ना निमित्त असहज विधिमा आफूले व्यवहार गरेको जस्तो लाग्ने जस्ता राजनैतिक क्षेत्रमा गर्नुपर्ने असजिला अनुभवहरुलाई पराजित गर्नुपर्छ ।

महिलाहरूले प्रायजसो यस्ता कैयन् चिन्तनलाई आफूभित्र राख्छन् र यस असम्भवप्रायः छविमा आफू आफ्नो प्रतिकूल स्थिति देखेर हताश भई छाडिदिन्छन् । हताशीको यो चेतना आफ्नो स्त्रीत्व वा आफ्नो स्त्रीत्वको चेतनासँग विश्वासघात गरेकोमा क्षम्य भएको एउटा महिला चेतनासँग फुकाउन नसकिने गरेर जेलिएको छ । खास सामूहिक छवि, परम्परागत प्रभुत्व, र तिनीहरुको आफ्नै स्त्री स्वभावलाई तालमेलयुक्त नबनाएसम्म

**राजनीतिज्ञ भएपछि उनी एउटी महिला हुनबाट समाप्त हुदिनन् भन्ने तथ्यका लागि एउटी महिला तयार हुनुपर्छ । विभिन्न सृजनशील सम्भाव्य र बौद्धिक शक्ति यसमा रहने भएकाले स्त्रीत्वलाई उनले पहिला राख्नुपर्छ ।**

(वा तिनीहरूको बीच एउटा चयन नगरेसम्म) उनीहरूको जीवन कठिन हुन्छ र उनीहरूका निमित्त यी संघर्षपूर्ण अपेक्षाहरूसँग तालमेल गर्न कठिन हुन्छ । राजनीतिज्ञ भएपछि उनी एउटी महिला हुनबाट समाप्त हुन्नन् भन्ने तथ्यका लागि एउटी महिला तयार हुनुपर्छ । विभिन्न सृजनशील सम्भाव्यता र बौद्धिक शक्ति यसमा रहने भएकाले स्त्रीत्वलाई उनले पहिला राख्नुपर्छ । निर्णय लिने र त्यसलाई लागू गर्ने क्षमता कुनै लिङ्ग विशेषको गुण होइन, मानवीय साझा गुण हो : अर्को शब्दमा, आफूसँग क्षमता राख्नु एकजना पुरूषको निमित्त प्राकृतिक कुरा भए जस्तै आफू क्षमतावान् बन्नु एउटी महिलाका निमित्त पनि प्राकृतिक कुरा हो ।

### ३.२ आत्मविश्वासको कमी

संसद, मन्त्रालयहरू वा राजनैतिक पार्टीहरू जहाँसुकै भए पनि औपचारिक राजनैतिक निकायहरूमा महिलाको कम प्रतिनिधित्वको मुख्य कारणमध्ये एक आत्म विश्वासको कमी हो । आत्मविश्वास र दृढ निश्चयका साथ महिलाहरू राजनैतिक प्रक्रियामा उच्च तहसम्म पुग्न सक्छन् । त्यसैले महिलाहरूले आफूमाथि नै विश्वास गर्नु पर्छ र पुरूषहरू उनीहरूको नेता हुनुपर्छ भन्ने व्यापक मात्रामा फैलेको सोचाइलाई त्याग्नु पर्छ । महिलाहरू पुरूषहरूसँग समान छन् र उनीहरूमा पुरूषसरह सम्भाव्यता रहेको छ, तर महिलाको अधिकारका लागि महिलाले मात्र लड्न सक्छन् । महिलाहरू अत्यन्त राम्रो निर्वाचन प्रचार अभियानका सञ्चालक, सङ्गठनकर्ता र समर्थकहरूलाई क्रियाशील बनाउनमा कुशल हुन्छन्, तर त्रासले कहिलेकहीँ महिलाहरूलाई चुनाव जित्न र राजनैतिक जीवनमा सहभागी हुन बाधा पुऱ्याउँछ ।

### ३.३ राजनीति 'फोहोर' भएको सोचाइ

केही देशमा महिलाहरू राजनीतिलाई 'फोहोरी खेल' भएको सोच्छन् । यसले राजनैतिक प्रक्रियामा सहभागी हुने उनीहरूको क्षमतामाथिको आत्मविश्वासलाई नराम्रो धक्का दिएको छ । वास्तवमा यस्तो सोचाइ विश्वभरि नै प्रासङ्गिक छ । दुर्भाग्यवश यस्ता सोचाइले कैयन् देशको वास्तविकतालाई प्रतिबिम्बित गर्छ । यसका कारणहरूमा फरक परे पनि केही साझा प्रवृत्तिहरू रहेका छन् ।

निष्क्रिय भ्रष्टाचारको आधारलाई सार्वजनिक बजार (अर्थात् कानुन, बजेट वा आर्थिक विधेयकहरू) र वित्तीय बजार (अर्थात् कोष, मत, रोजगारी) का फाइदा अर्थात् लाभबीचको आदानप्रदानद्वारा व्याख्या गर्न सकिन्छ, जसले प्रतिस्पर्धाबाट फुत्केर अनि एकाधिकारको अवस्थालाई सम्वर्द्धन गरेर आर्थिक लाभ प्राप्त गर्छ । यसबाहेक, निर्वाचन प्रचार अभियानको लागतमा सोच्नै पर्ने गरी स्पष्ट वृद्धि भएको छ, त्यसैले त्यसको बदलामा यसबाट प्राप्त हुने रूपियाँपैसाको कुनै पनि स्रोतलाई प्रयोग गर्ने लोभ बढाउँछ ।

भ्रष्टाचारका कैयन् रुप हुन सक्छन् । सार्वजनिक क्षेत्रमा घुसखोरी र करकाप गरेर पैसा लिनुका साथै वस्तु तथा सेवाको खरिद यसका मुख्य उदाहरणहरू हुन् । यद्यपि, नयाँ

लोकतन्त्रले आफूलाई स्थापित गराउन र जरा गाड्न समय लाग्छ, राजनैतिक र आर्थिक रूपान्तरणले आकार लिइरहेका र नयाँ संस्थाहरू देखा परिरहेका देशहरूमा नागरिक समाजको अनुपस्थितिमा भ्रष्टाचार अझ फैलिएको छ । जेहोस्, राजनैतिक र आर्थिक प्रणालीमा परिवर्तन आइसकेका कैयन् स्थानमा बजार अर्थव्यवस्था 'जङ्गलको कानुन', माफिया र भ्रष्टाचारमा जकडिन पुगेको छ ।

अझ भन्नु पर्दा, स्थापित केन्द्रीकृत र तानाशाही शासन व्यवस्था भएका देशहरूमा आडम्बर बढ्दो रूपले साझा विशेषता बनेको छ। हठी स्वभावको वा अनुदान अर्थ व्यवस्थामा 'बाँच्नका लागि नियमहरू' रहेका छन् । त्यहाँ राज्यले आधिकारिक घोषणा र सोचाइ विपरीत स्थिति टड्कारो रूपले देखापरेको हुन्छ । यद्यपि, कार्यको विकासको लागि गरिब राष्ट्रहरूमा राजनैतिक समूहलाई आर्थिक सहायता र स्वतन्त्र प्रेसको अस्तित्व समाधान नगरिएको मुख्य समस्या रहेको छ ।

**केही राष्ट्रमा सङ्गठित अपराध र भ्रष्टाचारले महिलाहरूलाई त्रसित तुल्याउँछ र आफ्ना परिवारका सदस्य गुमाउने तिनीहरूको डरलाई जगाउँछ । जसमध्ये सबै उनीहरूको राजनैतिक संलग्नता वा निर्वाचित निकायमा उनीहरूको अडानविरुद्ध उभिन्छन् ।**

चर्को घुसखोरी र जबर्जस्ती चन्दाले समाजमा मान्यता पाएको हुन्छ। कैयन् सरकार तथा व्यापारिक पृष्ठभूमीका नेताहरूले भ्रष्टाचारमाथि लगाम लगाउने र त्यसलाई निर्मूल पार्ने आफ्नो इच्छा व्यक्त गरेका हुन्छन् तर यो सजिलो काम होइन, घूस दिने कामलाई निरन्तरता दिने केही पार्टीद्वारा प्रणालीमा नै भ्रष्टाचारको जरा गाडिएको हुन्छ । परिणामस्वरुप भ्रष्टाचारको सबैभन्दा नकारात्मक प्रस्तुति सङ्गठित अपराधिक अस्तित्वका अवसरहरूको निमित्त अनुकूल अवस्था उत्पन्न हुन्छ । यी कारक तत्वले महिलाका निमित्त आफ्ना परिवारका सदस्य गुमाउने त्रास उत्पन्न गर्दछ फलतः तिनीहरूको राजनैतिक संलग्नता वा निर्वाचित निकायमा उनीहरूको अडान ध्वस्त हुन्छ ।

यद्यपि भ्रष्टाचारसम्बन्धी यस सोचाइले सधैँ मामिलाहरूको सही रूपले प्रतिबिम्ब नगर्न पनि सक्छ, यसले राजनैतिक यात्रातर्फ महिलाको मनोवृत्तिमाथि एउटा असर परेको हुन्छ । के सानो वा कम एकाइमा भ्रष्टाचार हुने देशहरूमा निर्वाचित निकायहरूमा महिला प्रतिनिधित्वको उच्च दर भएको देखिनु एउटा संयोग मात्र हो ? उदाहरणका लागि नर्वे, फिनल्यान्ड, स्विडेन, डेनमार्क र न्युजिल्यान्ड जस्ता देशलाई कम भ्रष्ट देशको रूपमा लिइन्छ र यी देशमा कुल सांसदको ३० देखि ४५.४ प्रतिशतसम्म महिला छन् अर्थात् त्यहाँ भ्रष्टाचारको उच्च दर भएका देशहरूमा भन्दा ५ देखि १० गुणाभन्दा बढी महिला सांसद छन् ।

निर्वाचनमा उठ्ने निश्चय गरेका महिलाहरूले यी सम्पूर्ण परिस्थितिबारे सोच्नु पर्छ। भ्रष्टाचार भन्ने कडा 'रोग' विरुद्ध लड्न तयार हुनु पर्छ। भ्रष्टाचारमा गोप्यता आवश्यकता हुन्छ भने लोकतन्त्रले राजनैतिक बहुलता, प्रेस स्वतन्त्रता र कानुनको शासनको परिणामस्वरूप बढ्दो

पारदर्शितालाई संवर्द्धन गर्छ । जनताको वास्तविक सहभागिता निश्चित गर्नाले र प्रभावकारी सन्तुलन गर्ने उपायहरू स्थापना गर्नाले लोकतन्त्रले भ्रष्टाचारमाथि लगाम लगाउनमा योगदान दिन सक्छ ।

बजार शक्तिहरूले विधिको शासनलाई विस्थापित गर्न सक्दैन । आर्थिक उदारताले भ्रष्टाचारको उत्पातलाई न्यूनीकरण गर्नमा योगदान पुऱ्याउनु पर्छ । यद्यपि, यो स्वचालित रूपबाट हुन भने सक्दैन । व्यवस्थित बजार अर्थव्यवस्थाले भ्रष्टाचारका अवसरहरूलाई न्यूनीकरण गर्छ । यसर्थ यसलाई राजनैतिक जनादेशमा प्राथमिकता दिएर राजनैतिक वचनवद्धता र भ्रष्टाचारलाई निर्मूल पार्ने दृढ निश्चय महत्त्वपूर्ण रहन्छ । यस प्रक्रियामा महिलाहरूले ठूलो योगदान गर्न सक्छन् ।

## ३.४ आम सञ्चारमाध्यमको भूमिका

**प्रायजसो आम सञ्चारमाध्यम महिलाहरुको हक हितका घटना र सङ्गठनहरुको न्यून प्रकाशनतर्फ ढल्कन्छन् ।**

जनमत र जनचेतनामा पार्ने प्रभावका कारण आम सञ्चारलाई शक्ति वा राज्य व्यवस्थाको चौथो अङ्ग भनेको मनासिब हो । समसामयिक घटनाहरूको इतिवृत्तकारको रूपमा र विभिन्न विचारहरूको संवर्धन गर्ने जनमतको एउटा सूचकको रुपमा समाजमा आम सञ्चार माध्यमका दुई भूमिका हुन्छन् । प्रायजसो आम सञ्चारमाध्यम महिलाहरूको हकहितका घटना र सङ्गठनहरूको न्यून प्रकाशनतर्फ ढल्कन्छन् । आम सञ्चारले जनतालाई समाजमा महिलाको अधिकार र भूमिकाबारे यथेष्ट मात्रामा सुसूचित गर्दैनन्, न त तिनीहरू महिलाको अवस्था सुधार गर्ने उपायको प्रवर्द्धन वा सुधार गर्न संलग्न हुन्छन् । विश्वका आम सञ्चारमाध्यममध्ये धेरैजसो नियमअनुसारले देशमा भएका राजनैतिक, सामाजिक र आर्थिक परिवर्तन र सुधारको पहिलो असर महिलामाथि पर्छ भन्ने तथ्यबारे विमर्श गर्न अझै बाँकी छ । उदाहरणका रुपमा के लिन सकिन्छ भने पहिला जागिर गुमाउनेहरूमध्येमा महिला नै हुन्छन् । राजनैतिक निर्णय गर्ने प्रक्रियाबाट ठूलो मात्रामा महिलाहरूलाई अलग्याइने तथ्यलाई पनि आम सञ्चार माध्यमले उपेक्षा गर्छन् ।

लैङ्गिक असमानता सघन पार्न र 'एक महिलाको स्थान' का बारेमा अविचल भई चालु रहेको चलनलाई प्रवर्द्धन गर्न, परिवारको नीति असफल भएकोमा महिलामाथि दोष थोपर्न रूढीवादी सरकार र समाजलाई सहयोग गर्न तथा पारपाचुके र सामान्य अपराधहरूमा अभिवृद्धि जस्ता सामाजिक समस्याहरू खराब हुँदै गएको अवस्थाका लागि महिलाहरू उत्तरदायी छन् भन्ने विचारलाई सबल बनाउन पनि आम सञ्चार माध्यमको प्रयोग गर्न सकिन्छ । मूल प्रवाहका आम सञ्चारमाध्यमहरूमा ठूलो मात्रामा व्याप्त रहेको अर्को प्रवृत्ति महिलालाई सुन्दर वस्तुको रूपमा वर्णन गर्नु हो, महिलालाई उनीहरूको लिङ्गअनुसार पहिचान र वस्तुवत् व्यवहार गरिन्छ र उनीहरूलाई मानसिक कार्य क्षमताभन्दा बढीजसो शारीरिक क्षमतासँग सम्बन्धित सुन्दरता र आकर्षणको निश्चित भावना राख्ने बनाइन्छ । यसले 'कमजोर लिङ्ग' माथि लामो समयदेखि कायम रहेको पितृसत्तात्मक चलनलाई प्रोत्साहन दिन्छ, जहाँ महिलाहरूलाई यौनका वस्तु र दोस्रो दर्जाका नागरिक मानिन्छ ।

**महिलाको मुद्दा र महिला सांसदका क्रियाकलापहरूको उचित प्रकाशनको कमी रहेको छ, यसले तिनीहरूबारे सजगतामा कमी हुनुमा योगदान गर्छ, त्यसको बदलामा जुन महिला सांसदहरूका निमित्त निर्वाचन क्षेत्रको कमीमा अनुवाद हुन्छ । आम सञ्चार माध्यमले अरु पनि महिला र पुरुषको समान मूल्य-मान्यता र प्रतिष्ठालाई मान्यता दिन जरुरी छ ।**

आम सञ्चारमाध्यमले महिला राजनीतिज्ञहरू र व्यापारी महिलाहरूबारे र उनीहरूको सफलताबारेको कथा भन्छ, तर यस प्रकारको प्रकाशन दुर्लभ र कहिलेकहीँ मात्र हुन्छ । फेसन प्रतियोगिता, चलचित्र अभिनेता, कला र युवाको गोप्यता जस्ता विषयवस्तुका प्रस्तुतिहरू खासमा बढी हुन्छन् । अचम्म नलाग्ने तवरले यस्ता दृष्टिकोणले महिलाको आन्तरिक गुण र आत्मसम्मानको चेतनालाई मुस्किलले प्रवर्द्धन गर्छ वा उनीहरूलाई सार्वजनिक उत्तरदायित्वका पदहरू लिनका लागि मुस्किलले प्रोत्साहन गर्छ ।

निर्वाचन प्रक्रियामा आम सञ्चारमाध्यमको भूमिकालाई पर्याप्त मात्रामा जोड दिन सकिँदैन साथै हामीसँग हालसम्म विश्वस्तरको र तुलनात्मक अनुसन्धान पर्याप्त मात्रामा उपलब्ध छैन । खास गरेर भन्नु पर्दा, महिलाका मुद्दा र महिला सांसदका क्रियाकलापहरूको उचित प्रकाशनको कमी रहेको छ । यसले तिनीहरूबारे सजगता घटाउन मदत पुऱ्याउँछ, जुन त्यसको बदलामा महिला सांसदहरूका निमित्त निर्वाचन क्षेत्रको कमीमा अनुवाद हुन्छ। आम सञ्चारमाध्यमले अझै पनि महिला र पुरूषको समान मूल्य-मान्यता र प्रतिष्ठालाई मान्यता दिन जरुरी छ ।

## ४. सारांश

बीसौं शताब्दीले महिलाले राजनैतिक, आर्थिक र सामाजिक अधिकारहरूमाथि पहुँच प्राप्त गरेको देख्यो । यी सबै उपलब्धिले महिलाहरूलाई जीवनमा महत्त्वपूर्ण परिवर्तनतर्फ डोऱ्याउँदै छन्, तर लिङ्गमा आधारित विभेदविरुद्ध लड्न महिलाले आंशिक रूपले सफलता प्राप्त गरेको भए तापनि कैयन् क्षेत्रमा असमानता अझै पनि कायम छ । एक्काईसौं शताब्दीको प्रारम्भमा महिलाहरूले नयाँ र पुराना दुवैथरिका चुनौती विशेष गरेर आन्तरिक र बाह्य द्वन्द्वहरू र आतङ्कवादसँग निरन्तर सामना गरिरहेका छन् । ठूला चुनौतीहरू निम्नलिखित छन् :

- कामसँग सम्बन्धित र पारिवारिक अभिभारामा सन्तुलन राख्नु,
- न्यून वैतनिक कामहरूबाट पृथकीकरण,
- काम गरेको ज्याला पाउन महिला र पुरूषबीच असमानता,
- गरिबीको महिलाकरण,
- महिलाविरुद्धको हिंसामा वृद्धि र
- द्वन्द्वपछिको शान्तिसम्झौता अनि पुनःस्थापन र पुनर्निर्माणका प्रयासमा समावेश नगरिनु ।

कैयन् देशमा राजनीतिमा महिला सहभागितामा देखा परेका कानुनी अड्चनहरू हटाइए तापनि सरकार अधिक मात्रामा पुरूषप्रधान रहेको छ । निम्नलिखित र अन्य विभिन्न कारक तत्त्वले *निर्णयात्मक भूमिका भएका निकायहरूमा महिलाको पहुँच*लाई असर पार्छ :

- आर्थिकलगायत महिलाको अभियान र उनीहरूको राजनैतिक, सामाजिक र आर्थिक विश्वसनीयतालाई टेवा दिन आर्थिक सहयोग दलगत सहायतामा कमी,
- निर्वाचन प्रणालीको ढाँचाका साथै कोटा प्रावधानका ढाँचाहरू र तिनीहरू लागू गरिएको हद,
- पुरूष मापदण्ड र राजनैतिक प्रवृत्तिअनुसारले यी मध्येका कैयन् संघ-संस्थाहरूको निर्माण,
- महिला सङ्गठन र अन्य गैरसरकारी सङ्गठनहरूबाट प्राप्त सहायताबीच समन्वयको कमी,
- राजनैतिक यात्रामा महिलाको पहुँचलाई सहज नबनाउने निश्चित सांस्कृतिक ढाँचाहरूले अनुमोदन गरेका महिलाको न्यून आत्मसम्मान र आत्मविश्वास, र
- महिलाको योगदान र सम्भाव्यतामाथि आम सञ्चारमाध्यमहरूको ध्यानाकर्षणमा कमी, जसबाट महिलाहरूको निमित्त निर्वाचन क्षेत्रको कमी हुन जान्छ ।

प्रत्येक देशको राजनैतिक अवस्थाअनुसार अवरोधहरूमा भिन्नता आउँछ । तैपनि राजनैतिक सन्दर्भको परवाह नगरीकन सबै देशमा महिलाहरू पुरूषसँग खेल मैदानको स्तरमा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्छ । राजनीतिमा *महिला सहभागिताको सफलताका सूचकहरू*मध्ये निम्नलिखित छन् :

- मनोनयन भएका महिलाले चुनावी अभियानहरूमा समान रुपमा सहभागी हुन महिला उम्मेदवारीलाई प्रवर्द्धन गर्ने राजनैतिक, संस्थागत र आर्थिक सुनिश्चितताको प्रस्तावना,
- प्रभावकारी कोटाका लागि यान्त्रिक सम्पादन लागू गर्न व्यवस्थापिका विधानहरूको ढाँचा तयार,
- राजनैतिक यात्रामा महिलालाई तयार गर्नको लागि बनाइएका शैक्षिक कार्यक्रम र केन्द्रहरूको सृजना, र
- चुनावी अभियानहरूमा सहभागी हुने महिलाहरूलाई तालिम दिने विद्यालय (वा केन्द्र)हरूको विकास र तिनीहरूलाई सहायता ।

शक्तिका पद र निर्वाचित निकायहरूबाट महिलालाई अलग राख्नाले सार्वजनिक जीवनमा सिद्धान्तहरूलाई कमजोर बनाउँछ र एउटा समाजको आर्थिक विकासलाई निषेध गर्छ । महिलाहरूको राजनैतिक सहभागितामा सहयोग पुऱ्याउँछन् नै भनेर ठोकुवा गर्न नसकिने सरकारी संस्थाहरूमध्ये धेरैजसोमा पुरूषहरूको हालीमुहाली रहेको छ । यसरी आफ्ना

सञ्जालहरू सङ्गठित र क्रियाशील बनाउने, आफ्नो पुरूष समपूरक र विभिन्न संघ-संस्थालाई आफ्नो सरोकारको विषयहरू सञ्चार गर्न सिक्ने र महिलाको प्रतिनिधित्वलाई बढाउने संयन्त्र निर्माणका लागि अगाडि धकेल्ने प्रक्रियाहरूको नेतृत्व महिलाले नै गर्नुपर्छ भन्ने कुरालाई जोड दिनु अनिवार्य हुन्छ।

'लैङ्गिक समानता' भएको व्यवस्थापिकीय निकायको लक्ष्य लिएर समाजको पूर्ण विविधता प्रतिबिम्बित हुने प्रतिनिधित्व निश्चित गर्न सकारात्मक कार्यका उपायहरू अवलम्बन गरिनुपर्छ। त्यसका लागि पछिल्ला दुईवटा अध्यायले व्यवस्थापिकामा महिलाको प्रतिनिधित्वमा बाधा पुऱ्याउने कैयन् अवरोध पराजित गर्न प्रयोग गरिएका सबैभन्दा सार्थक संयन्त्र रचनामध्येका दुईवटा नाम तोकेर भन्नु पर्दा निर्वाचन प्रणाली र कोटातर्फ हेर्छ।

## पादटिप्पणी

१ 'Promote Gender Equality and Empower Women', Millennium Development Goals, available at <http://www.developmentgoals.org/Gender_Equality.htm>.

२ Inter-Parliamentary Union (IPU), 2004. 'Women in Parliaments 2003'. Release No. 183, 1 March, available at <http://www.ipu.org/press-e/gen183.htm>.

३ Tinker, Irene, 2004. 'Many Paths to Power: Women in Contemporary Asia', in Christine Hünefeldt, Jennifer Troutner and Peter Smith (eds). *Promises of Empowerment: Women in Asia and Latin America.* New York: Rowman & Littlefield.

४ IPU 2004, op. cit. See also the case study in this Handbook.

५ Emphasis added. See International Labour Organization (ILO), 2004. 'Global Employment Trends for Women 2004', p. 1, available at <http://kilm.ilo.org/GET2004/DOWNLOAD/trendsw.pdf>.

६ United Nations Population Fund (UNPF), 2000. 'Lives Together, Worlds Apart: The State of World Population 2000'. New York: UNPF.

## सन्दर्भ र थप अध्ययन सामग्री

Fraser, Arvonne and Irene Tinker (eds), 2004. *Developing Power: How Women Transformed International Development.* New York: Feminist Press at the City University of New York

International Labour Organization (ILO), 2004. 'Global Employment Trends for Women 2004', available at <http://kilm.ilo.org/GET2004/DOWNLOAD/trendsw.pdf>

Inter-Parliamentary Union (IPU), 1989. *Reports and Conclusions of the Inter-Parliamentary Symposium on the Participation of Women in the Political and Parliamentary Decision-Making Process.* Reports and Documents, no. 16. Geneva: IPU

— 2003. 'The Convention on the Elimination of All Forms of Discrimination Against Women and Its Optional Protocol', in *Handbook for Parliamentarians.* Geneva: IPU

— 2004. 'Women in Parliaments 2003', Release no. 183, 1 March, available at <http://www.ipu.org/press-e/gen183.htm>

— 2005. 'Women Speakers of National Parliaments: History and the Present. Situation as of 28 February 2005', available at <http://www.ipu.org/wmn-e/speakers.htm>

Matland, Richard E., 1998a. 'Women's Representation in National Legislatures: Developed and Developing Countries'. *Legislative Studies Quarterly.* Vol. 23, no. 1, pp. 109–25

— 1998b. 'The Two Faces of Representation'. Paper presented at the European Consortium for Political Research workshops in Warwick, UK, 23–28 March

Norris, Pippa and Joni Lovenduski, 1995. *Political Recruitment: Gender, Race and Class in the British Parliament.* Cambridge: Cambridge University Press

'Promote Gender Equality and Empower Women', Millennium Development Goals, available at <http://www.developmentgoals.org/Gender_Equality.htm>

Reynolds, Andrew, Ben Reilly and Andrew Ellis, 2005. *The New International IDEA Handbook of Electoral System Design.* Stockholm: International IDEA

Shvedova, N. A., 1994. 'A Woman's Place: How the Media Works Against Women in Russia'. *Surviving Together.* Vol. 12, no. 2

— and W. Rule, 1996. 'Women in Russia's First Multiparty Election', in Wilma Rule and Norma Noonan (eds). *Russian Women in Politics and Society.* Westport, Conn. and London: Greenwood Press

Tinker, Irene, 2004. 'Many Paths to Power: Women in Contemporary Asia', in Christine Hünefeldt, Jennifer Troutner and Peter Smith (eds). *Promises of Empowerment: Women in Asia and Latin America.* New York: Rowman & Littlefield

United Nations Population Fund (UNPF), 2000. 'Lives Together, Worlds Apart: The State of World Population 2000'. New York: UNPF

**नमुना अध्ययनः अरब मुलुकहरू**

# अरब मुलुकहरूः राजनीतिमा महिला सहभागिता बढाउँदै

अमल सब्बाघ

लामो समयदेखिको उपनिवेशविरोधी आन्दोलन, आफ्नै क्षेत्रीय तथा आन्तरिक द्वन्द्व वा यसले देखेका विभिन्न लडाईं जस्ता राजनैतिक क्रियाकलापका विशेषतायुक्त अरब क्षेत्र यसका महिलाहरूको राजनैतिक स्थितिको मामिलामा विश्वका अन्य क्षेत्रहरूभन्दा अझ पनि धेरै पछाडि रहेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को लैङ्गिक सशक्तीकरण मापदण्डमा अरब विश्व संसारमा सबैभन्दा तल्लो तहको दोस्रो स्थानमा छ भने संसदमा महिलाको प्रतिशतका सन्दर्भमा अन्तर व्यवस्थापिका संघ (आइपीयु) को मापदण्डमा सबै भन्दा तल्लो स्थानमा रहेको क्षेत्र भएको छ । त्यसैले अरबी महिलाको राजनैतिक हैसियतको एउटा चरम मुद्दा रहेको छ ।

त्यस अवस्थाको विस्तृत प्रस्तुतीकरणका निमित्त मात्र स्थान रहेको छ । यस घटना अध्ययनले सर्वप्रथम अरब क्षेत्रको सिंहावलोकन प्रस्तुत गर्छ र महिलाको राजनैतिक हैसियतमा केन्द्रित हुन्छ । यहाँनेर सावधानीको एउटा बुँदा उल्लेख गर्नु आवश्यक रहेको छ : अरब मुलुकहरूको विकासमा प्रभाव पर्ने कैयन् साझा आर्थिक, सामाजिक तथा राजनैतिक कारक तत्त्व हुँदाहुँदै पनि ती कारक तत्त्वप्रति प्रत्येक मुलुकका प्रतिक्रिया अनौठो प्रकारका रहेका छन् र त्यो प्रत्येक मुलुकको आन्तरिक गतिशीलतामा निर्भर रहेको छ । तसर्थ अरब महिलाहरूबारे छलफल गर्दा के कुराको हेक्का राख्नु आवश्यक छ भने अरब विश्व उस्तै प्रकारको क्षेत्र होइन र अरब महिलाको एउटै आदर्श रुप वा नमुना लिनसक्ने स्थिति छैन । दोस्रो भागमा, जोर्डन, लेबनान र यमनबाट तीनवटा अनुभव लिएर महिलाका निमित्त निर्णय लिन सक्ने पदहरूमा पुग्न अवरोध पुऱ्याउने मुख्य चुनौतीहरू प्रस्तुत गरिएको छ । यस घटना अध्ययनको तेस्रो भागमा चुनौतीको सामना गर्न प्रयोग गरिएका केही संयन्त्र र संसदहरूमा अरब महिलाको सहभागिता वृद्धिबारे वर्णन गरिएको छ । यस भागमा अरब क्षेत्रका लागि उपयुक्त हुन सक्ने अरू सल्लाह-सुझाव पनि दिइएको छ ।

# क. सिंहावलोकन

अरब क्षेत्र पश्चिममा प्रशान्त महासागरदेखि पूर्वमा अरबियन सागर तथा हिन्द महासागरसम्म फैलिएको छ, जसमा हाल अरब लिगका २२ सदस्य राष्ट्र छन्। ती राष्ट्रहरूबीच ठूलो भिन्नता रहेको भए पनि तिनीहरूको अरब इस्लामिक सांस्कृतिक सम्पदा र साझा भाषाले त्यस क्षेत्र र त्यहाँका जनताका निमित्त भिन्नै विशेषताको संरक्षण गरेको छ। प्रस्तुत भागले यस क्षेत्रको आर्थिक, सामाजिक र राजनैतिक वातावरणलाई आकार दिने मुख्य कारक तत्त्वहरूको चित्रण गरेको छ र यो अरब महिलाको राजनैतिक अवस्थामा केन्द्रित छ।

## *आर्थिक, सामाजिक र राजनैतिक वातावरणलाई आकार दिने कारक तत्त्वहरू*

अन्य क्षेत्रभन्दा बढी अरब क्षेत्रलाई अरब इजरायली द्वन्द्वका साथै यस द्वन्द्वमा मात्र सीमित नरहेका विषयहरूको जटिल समूह र यसको प्रतिध्वनि, अस्थिर आर्थिक अवस्था र प्रवृत्ति, जनसंख्या स्रोत असन्तुलन, अलोकतान्त्रिक आन्तरिक राज्यव्यवस्था अनि वातावरणीय चापद्वारा परिभाषित गरिएको छ। यस क्षेत्रभरि नै नागरिक समाज विकासको भिन्न चरणमा रहेका छन् तर सामान्यतया अन्य क्षेत्रमा रहेका नागरिक समाजहरूको जस्तो भूमिका निर्वाह गरेका छैनन्।

### *राजनैतिक परिधि*

सन् १९४८, १९५६, १९६७ र १९७३ मा भएका चारवटा अरब इजरायल युद्धका साथै अरब विश्वको पूर्वमा भएका तीनवटा क्रमागत द्वन्द्व सन् १९८० ताकाको इरान-इराक युद्ध, सन् १९९० मा इराकको कुवेतमाथि हमला पछिको युद्ध, अनि हालसालै इराकमा गठबन्धन शक्तिले छेडेको युद्ध र त्यस पछिका घटनाहरू सबैले अरब विश्वमा मृत्यु घण्टा बजाएका छन्। निश्चय पनि ती द्वन्द्वग्रस्त क्षेत्रसँगको निकटता र प्रत्येक राष्ट्रमा बसेका शरणार्थीहरूको संख्या जस्ता विभिन्न कारक तत्त्वहरूका आधारमा विभिन्न राष्ट्रमा परेको तिनको असरमा समेत भिन्नता रहेको छ। तैपनि, यी क्षेत्रीय घटनाहरूले नागरिक र राजनैतिक अधिकारहरूमाथि ठूलो असर परेको छ।

सन् २००२ मा पहिलो पटक *अरब मानव विकास प्रतिवेदन* प्रकाशन भएपछि अरब 'स्वतन्त्रता र लोकतन्त्रको कमी' ले ठूलो मात्रामा ध्यानाकर्षण पाएको छ।[१] अहिले विश्वका विभिन्न राष्ट्रमा राजनैतिक अधिकार र नागरिक स्वतन्त्रताका सम्बन्धमा समय समयमा फ्रिडम हाउसले निर्धारण गरेको स्तरले अहिले तथ्यलाई उजागर गरेको छ। विगत गत दसवर्षमा कुनै पनि अरब मुलुकलाई स्वतन्त्र भनेर वर्गीकरण गरिएको छैन। आंशिक रूपमा स्वतन्त्र भनेर वर्गीकरण गरिएका अरब राष्ट्र सातवटा मात्र छन्, बाँकी १५ वटा राष्ट्रलाई स्वतन्त्र नभएका भनेर वर्गीकरण गरिएको छ।[२] सेप्टेम्बर ११ सन् २००१ देखि माथि उल्लेख गरिएका विषयहरु 'उस्तै रहेको वा अझ खराब भएको अनि त्यस क्षेत्रमा नयाँ चापहरू तथा जोरजुलुमहरू उपल्लो तहमा रहेका छन्'[३] भनेर टिप्पणी गरिएको छ। थप उल्लेख गरिएको छ कि त्यस क्षेत्रका कैयन् मुलुकले मानव अधिकार र राजनैतिक अवस्था पछिल्तिर

धकेलिएको देखेका छन् र नागरिकमाथि राज्यको बढ्दो नियन्त्रण र कहिलेकाहीँ अझ बढी दमनसमेत महसुस गरेका छन् ।

अरब क्षेत्रमा यससम्बन्धी व्याख्या प्रशस्त मात्रामा पाइन्छ । एकतर्फका यी प्रतिकूल आन्तरिक र अन्तर्निहित राजनैतिक, सांस्कृतिक र आर्थिक कारक तत्त्वहरू र अर्कातर्फ पश्चिमको बाह्‌य दबाबको प्रस्ताव (अझ बढी तोकेर भन्नुपर्दा संयुक्त राज्य अमेरिकाबाट) त्यस क्षेत्रमा लोकतान्त्रिक प्रवृत्तिहरूलाई बदल्ने यथेष्ट कारण हुन सकेका छैनन् ।[४]

### *सामाजिक-आर्थिक स्थिति*

विश्वका अन्य क्षेत्रहरुमा अर्थव्यवस्था विकसित भएपछि (शिक्षा, स्वास्थ्य र सहरीकरणको सन्दर्भमा सुधारिएका सेवाहरूका साथ) लोकतन्त्रतर्फ अगाडि बढेको भए तापनि अरब क्षेत्रले प्रायजसो आर्थिक-सामाजिक सूचकहरूमा उल्लेख्य वृद्धि हासिल गरे पनि हालसम्म पनि यस्तो प्रवृत्ति देखाएको थिएन । त्यस अवस्थाको व्याख्या गर्न अगाडि सारिएका तर्कहरुले बढी स्वतन्त्रता र लोकतन्त्रतर्फ प्रवृत्त नगराउन एउटा सन्दर्भलाई आकार दिने सशक्त कारक तत्त्वहरूमध्ये त्यहाँको जातिवादी राजनैतिक संस्कृति मुख्य रहेको कुरालाई महत्त्व दिएका छन् ।

जातिवाद अरब क्षेत्र थर्काउने नागरिक समाजको विकासको बाधक तत्त्वका रूपमा पनि अलोकप्रिय रुपमा चित्रित छ । नागरिकहरूका सामाजिक-राजनीतिक आवश्यकताहरूको व्यवस्था गर्न नागरिक समाजको असक्षमताले आफ्ना आवश्यकतालाई पूरा गर्ने बढी मनासिब उपायको रूपमा तिनीहरूलाई जातीय पहिचानतर्फ बढी टाँसिएर बस्नतर्फ उन्मुख गराएको छ भनेर पनि तर्क गर्न त्यत्तिकै सकिन्छ ।

आर्थिक क्षेत्रमा अरब राष्ट्रहरूलाई सामान्यतया भाडा उठाउने राष्ट्रको रूपमा बुझिन्छ । तैपनि अन्तरराष्ट्रिय सूचकहरूले धेरैजसो अरब राष्ट्रको अर्थव्यवस्था उत्पादनको औद्योगिक विधिमा निहित नरहेको भए तापनि तेलबाट धनाढ्‌य भएको राष्ट्र, मानवस्रोत सम्पन्न राष्ट्र र सबै सूचकाङ्कहरूमा निकै गरिब रहेका राष्ट्रको बीचका भिन्नतायुक्त जनाएका छन् ।

अरब विश्वमा गरिबीको मुद्दामा अझ बढी अनुसन्धान गर्नुपर्ने आवश्यकताले निरन्तरता पाएको छ । केही राष्ट्रले मात्र आधिकारिक रूपमा राष्ट्रिय गरिबीको रेखा निर्धारण गरेका छन् ।[५] तैपनि कैयन् राष्ट्रले आर्थिक समायोजन कार्यक्रमहरू अवलम्बन गर्नु परेको थियो, जसमा अनुदान कटौती र पहिला व्यापक मात्रामा राज्यनियन्त्रित अर्थ व्यवस्थाका सेवाहरू घटाउने जस्ता कुराहरू समावेश थिए । जसको अर्थ त्यहाँ कुनै 'वैकल्पिक, सक्षम र गतिशील' निजी क्षेत्र रहेको थिएन भन्ने हुन्छ । तसर्थ, त्यहाँका कैयन् राष्ट्रमा राज्यको पछि हटाइले सामाजिक सेवाको क्षेत्रमा शून्यता सृजना गऱ्यो ।[६]

## *अरब क्षेत्रमा महिलाको राजनैतिक स्थिति*

यस्तो राजनैतिक उत्कण्ठा र गम्भीर आर्थिक-सामाजिक अवस्था देखेका अरब क्षेत्रमा महिलाहरूले सार्वजनिक क्षेत्रमा आफ्नै मार्ग निर्माण गर्नुपरेको थियो । त्यस क्षेत्रमा

श्रमशक्तिमा महिला सहभागिता सामान्यतया न्यून रहेको छ । राजनैतिक नियुक्तिमा होस् वा निर्वाचित स्थानहरूमा तिनीहरूको राजनैतिक सहभागिता अत्यन्त न्यून रहेको छ । अरब राष्ट्रहरूमा क्षेत्रीय औसत महिला सहभागिता हाल ७ प्रतिशतभन्दा तल रहेको छ, जुन विश्वको औसत महिला सहभागिताको आधाभन्दा पनि कम हो । सहभागिता वृद्धि गर्न अझ बढी गर्नुपर्ने संयोजनयुक्त कार्यका साथै संख्यात्मक र गुणात्मक दुवै दृष्टिले आधारले गएको दशकमा केही आशाजनक परिवर्तनहरू देखिएका छन् । तैपनि यस्ता प्रयासले सामना गर्नुपर्ने अवरोधहरू अन्य क्षेत्रका अवरोधभन्दा धेरै बढी मात्रामा देखिन्छन् । राष्ट्रिय कानुनहरुलाई महिलाविरुद्ध सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि-सेडो (Convention on the Elimination of All Forms of Discrimination Against Women (1979)-CEDAW) का सर्तहरू अनुकूल बनाउने सन्धिलाई अनुमोदन गर्न अरब राष्ट्रहरूमा सामना गर्नु परेका कठिनाइ महिलाको अग्रगमनको सम्बन्धमा रहेका तनावको जोडदार उदाहरणका रूपमा खडा हुन्छ ।

### *पितृसत्तात्मकता*

अरब महिलाको अग्रगमनमा अझैसम्म पनि बाधा पुर्‍याउने एउटा मुख्य शक्ति पृतृसत्तात्मकता रहेको छ । सार्वजनिक क्षेत्रमा महिलाको सहभागिताका निम्ति पितृसत्तात्मकता, रूढिवादी धार्मिक व्याख्या र सांस्कृतिक चलनको एउटा मिश्रितरूपले अरब जनतामा ज्यादै बलियो मनोवैज्ञानिक अवरोध खडा गरिदिएको छ । यस्तो अवस्थाको सृजनामा सहयोगी अर्को कारक तत्त्व कैयन् अरब समाजको तहगत र पितृसत्तात्मक जातीय संरचना हुनसक्छ । अन्ततोगत्वा यथावत् स्थितिको एउटा स्वीकारोक्ति र सम्भवतः परिवर्तनबाट उत्पन्न हुने अज्ञात त्रास एउटा मुख्य चुनौती बनेको छ, जसको समाधान गरिनुपर्दछ । नवपितृसत्तात्मकता[७] सम्बन्धी हिसाम सराबीको अवधारणाले अरब समाजमा झन् बढी आधुनिक ढङ्गले पुनः सबल भएको र संवर्द्धन गरिएको पितृसत्तात्मकताको अवस्थालाई सही ढङ्गले व्याख्या गर्छ । सराबीले त्यस क्षेत्रमा आधुनिकतातर्फको प्रभावले पितृसत्तात्मक मूल्य र मान्यतालाई मजबुत बनाएको मा विरोध जनाएका छन्, तसर्थ उनी महिलामाथिको थिचोमिचोलाई नवपितृसत्तात्मक प्रणालीको जग र त्यसलाई पराजित गर्नका लागि उनीहरूको मुक्तिलाई अति आवश्यक सर्तको रूपमा हेर्छन् ।

### *धर्म*

त्यस क्षेत्रका महिलाको अवस्थामा सुस्त अग्रगमन हुनमा मुख्य दोषीको रूपमा इस्लाम धर्मलाई उल्लेख गरिन्छ । इस्लाम र इस्लामिक स्त्रीत्वसम्बन्धी विभिन्न व्याख्याबारे खोजतलास गर्नु यस घटना अध्ययनको क्षेत्रभन्दा बाहिरको कुरा हो । इन्डोनेसिया, बङ्गलादेश र पाकिस्तानजस्ता गैरअरब इस्लामिक राष्ट्रमा महिलाहरूलाई निर्वाचित उच्च पदमा पुग्नबाट इस्लामले निरुत्साहित गरेको छैन भनेर प्रशस्त मात्रामा भनिन्छ । यसमा यो पनि जोड्न सकिन्छ कि अरब विश्वमा केही इस्लामिक राजनैतिक पार्टीले आफ्ना महिला सदस्यलाई संसदीय उम्मेदवारको रूपमा खडा गरेका छन् । आफ्नो भाग्य सुधार गर्ने र राजनैतिक 'करिअर'मा अग्रगमन गर्ने कार्यको खोजमा अरब गैरमुस्लिम महिलाहरूले उनीहरूका

अरब मुस्लिम दिदी-बहिनीको तुलनामा बढी राम्रा अवसर पाएका छन्, अथवा तिनीहरू सबैले उस्तै चुनौतीको सामना गर्नुपर्छ भनेर कसैले प्रश्न गर्न सक्छ । 'अहिलेको मुद्दा धर्म आफैँबाट त्यति बढी होइन, तर नवपितृसत्तात्मकताको अझ फराकिलो पक्ष हो...महिलाको राजनैतिक सहभागितामा असर पार्ने कुरा संस्कृति एक्लै मात्र होइन बरु उनीहरूको अवस्था हाल जस्तो छ त्यस्तै रूपमा सुम्पनका लागि अन्य कारक तत्त्वको सम्पूर्ण समूह एकीकृत हुन्छन्'[८] भनी ठीक कुरा बताइएको छ ।

***सार्वजनिक-निजी विभाजन*** *(Public-Private Divide)*

सार्वजनिक सहभागितामा अवरोध खडा गर्दै निजी क्षेत्रमा महिलाको भूमिकाबारे तारिफ गर्ने अरब सामाजिक मूल्य-मान्यता र प्रवृत्तिहरू पनि महत्त्वपूर्ण अवरोध रहेका छन् । विश्व बैंकले घरभित्रको लैङ्गिक भूमिका र गतिशीलतालाई महिलाले परिवार र समाजलाई दिन सक्ने सबैभन्दा महत्त्वपूर्ण योगदान गृहिणी र आमाको रूपमा हो भन्ने धारणा राख्ने परम्परागत लैङ्गिक दृष्टान्तले स्वरुप लिएको रूपमा हेर्छ । श्रमशक्तिमा महिला सहभागिताको न्यून दरलाई व्याख्या गर्दा विश्व बैंकले यस दृष्टान्तलाई अगाडि सार्छ भने राजनैतिक जीवन र सामान्यतया सार्वजनिक जीवनमा उनीहरूको सहभागिताको न्यून दरलाई व्याख्या गर्नु पर्दा यो सजिलैसँग लागू हुन्छ । यो लैङ्गिक दृष्टान्त चारवटा कुरामा प्रयोग गरिन्छ :

१. 'समाजको प्रमुख एकाइको रूपमा व्यक्तिको भन्दा परिवारको केन्द्रीयता । परिवारमाथिको यो जोडलाई समानभन्दा अनुरूपको अधिकारलाई...न्यायसंगत भएको मानिन्छ ।'

२. 'पुरूष नै परिवारको एकमात्र मालिक हो भन्ने धारणा ।'

३. 'एउटा मर्यादाको संहिता' जसअन्तर्गत परिवारको मान-सम्मान महिलाको प्रतिष्ठामाथि अडिएको हुन्छ । यस संहिताले महिला र पुरूषबीच अन्तर्क्रियामाथि बन्देज लगाउँछ ।

४. 'निजी क्षेत्रमा शक्तिको असमान सन्तुलन, जसले सार्वजनिक क्षेत्रमा महिलाको पहुँचलाई असर पार्छ । शक्तिको यो विभेद पारिवारिक कानुनमा अडेको हुन्छ ।'[९]

यस दृष्टान्तले श्रीमती र परिवारलाई सहयोग गर्ने पुरूषको उत्तरदायित्वले सार्वजनिक क्षेत्रमा उसकी श्रीमतीको अन्तर्क्रियामाथिको प्रभुत्व र त्यसमाथिको नियन्त्रणलाई न्यायसंगत भएको ठान्छ । सार्वजनिक क्षेत्रमा महिलाको भूमिका निर्धारण गर्न तिनीहरुको निजी क्षेत्रमा महिलाको प्राथमिक भूमिकाले वास्तवमा नागरिक अधिकारमा उनीहरूको पहुँचलाई खतरामा पारेको छ । हालसालै 'कैयन् राष्ट्रमा महिलाहरू नागरिक हुन् भनेर कागजमा घोषणा गरिएको छ, तर महिलाका लागि परिवारको माध्यमद्वारा बाहेक पहुँचभन्दा बाहिर रहेका कैयन् सामाजिक अधिकार र लाभ छन्'[१०] भनेर स्पष्ट रुपमा इङ्गित गरिएको छ । केही अरब राष्ट्रमा महिलाहरूले नागरिकको रूपमा पूर्ण राजनैतिक अधिकार प्राप्त गरेका भए पनि आफ्नो पूर्ण सामाजिक र आर्थिक अधिकार प्राप्त नगरेसम्म उनीहरूको नागरिक अभ्यास अधुरो हुनेछ ।

अरब महिलाको राजनैतिक सहभागिताबारे हालैको अनुसन्धानले कुनै डरत्रास र

जबरजस्तीबिना स्वतन्त्रतापूर्वक महिला सहभागिता सुनिश्चित गर्न र मानव सुरक्षामा केन्द्रित हुन आह्वान गर्दै 'राजनीति सुरक्षित र निरापद स्थान नभएकाले महिलाहरू राजनीतिमा सक्रिय हुँदैनन्'[११] भन्ने निष्कर्ष निकालेको छ । राजनीतिमा अरब महिलाको सहभागिताबारे विश्लेषण गर्ने यस्तो नयाँ दृष्टिकोणले महिला सहभागिताको स्तरलाई निश्चित सुधारतर्फ डोऱ्याउँछ भने टेबुलहरू घुमाएर महिला सहभागितालाई यसको पूर्ण लयमा ल्याउन यथेष्ट हुन्छ भनेर सोच्नु सरल हुन्छ ।

### *संवादहरू*

यस क्षेत्रमा महिलाको अवस्थामा खास सुधार हुँदाहुँदै पनि भरखरै 'पश्चिमी कार्यसूची' को एउटा भागको रूपमा महिला सशक्तीकरण प्रयासलाई शङ्काको दृष्टिले हेरिएको कुरा पुनः चुनौतीको रुपमा देखा परेको छ । सन् १९९० को दशकमा महिला मानव अधिकारलाई रुचिको प्रमुख विषय बनाउने अन्तरराष्ट्रिय गोष्ठीहरूको प्रतिक्रियास्वरूप यो दाबी आयो । सन् २००२ को अन्त्यतिर युएस मिडल इस्ट पार्टनरसिप इनिसिएटिभ (एमईपीआई) अर्थात् अमेरिका मध्यपूर्व सहयोग जागरण कार्यक्रमको स्थापना अनि आठ औद्योगिक राष्ट्र (G8) को शिखर सम्मेलनपछि जारी बृहत् स्तरको मध्यपूर्व जागरण घोषणाले आशंकाहरूलाई उजागर गर्ने कार्यमात्र गऱ्यो । सुधार भित्रबाट नै आउनुपर्छ भन्ने कुरा प्रमाणित गर्ने उद्देश्यले गरिएको एउटा प्रयास स्वरुप ट्युनिस शिखर सम्मेलन (मे, २००४) मा अरब राष्ट्रका प्रमुखहरूले 'महिलाको भूमिका प्रवर्द्धन गर्ने, तिनीहरूका अधिकारलाई ठोस बनाउने, विकास र राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा तिनीहरूको प्रभावकारी सहभागितालाई प्रोत्साहन गर्ने' वचनबद्धता जाहेर गरे ।[१२] अरब शिखर सम्मेलनको इतिहासमा महिलाबारेको यो नै पहिलो जिकिर थियो ।

### *महिला आन्दोलनहरू*

अरब राष्ट्रहरूमा साझा प्रवृत्ति बनेको पितृसत्तात्मक व्यवस्थाले नागरिक समाजलाई गिजोलेको छ र सामाजिक परिवर्तनका लागि मुख्य शक्ति हुनमा यसले नागरिक समाजलाई एउटा अवरोध खडा गरेको छ । विश्वका अन्य क्षेत्रमा जस्तै महिला आन्दोलनहरूले अरब विश्वमा महिलाको अग्रगमनमा सहायता पुऱ्याएको जस दिइएको छैन । बरु महिला सङ्गठनहरूलाई नेतृत्वको उपकारक(ग्राहक ढाँचा अङ्गीकार गरेको र त्यहाँको समाजमा स्थापित पितृसत्तात्मक ढाँचाहरूको पूर्ण नक्कल गरेको भनेर आलोचना गरिएको छ ।[१३]

महिला कार्य समितिका सदस्यहरू वा महिला आन्दोलनले नेतृत्व लिएका केही फाट्टफुट्ट घटनाहरूको अपवादबाहेक अरब महिलाहरूको सार्वजनिक जीवनमा सहभागिताको क्षेत्र विस्तार गर्ने धेरैजसो प्रयासको नेतृत्व सन् १९८० को सुरुआततिर मेरभाट हातेमद्वारा प्रयुक्त (Coined) शब्द 'राज्य नारीवाद' द्वारा भएको छ । साक्षरता कार्यक्रमहरूदेखि लिएर व्यक्तिगत प्रतिष्ठासँग सम्बन्धित निश्चित धर्मद्वारा अनुज्ञा प्राप्त चलनहरूलाई संविधानबाहिरको भनेर संशोधन गर्नेसम्मका (अर्थात् ट्युनिसियामा बहुविवाहलाई निषेध गर्ने) कार्य गरेको राज्य नारीवादलाई महिलावर्गलाई लाभ नपुऱ्याएको भनेर आलोचना गर्न सकिँदैन । यसप्रति लक्षित मुख्य आलोचनामा यसले 'विस्तारित राज्य स्थापित गर्न अथवा शासन बलियो बनाउने

प्रक्रियाहरूको एउटा भागको रूपमा सेवा गरेको छ । महिलाहरू र तिनको स्वतन्त्रता सामान्यतया पितृसत्तात्मक संरचनाको प्रभुत्वलाई निरन्तरता दिन राज्य शृंखलाभित्रको नियन्त्रणलाई बल पुर्‍याउने बृहत् योजनाको एउटा भागका साधन वा औजार मात्र थिए'[१४] भन्ने हो । यस प्रक्रियाको असरले परम्परागत पितृसत्तात्मक संरचना विरुद्धमा गए पनि महिलाको अवस्थामा अग्रगमन ल्याउने संयन्त्रको तयारीमा अरब राष्ट्रहरूलाई उत्प्रेरित गर्न अन्तरराष्ट्रिय मान्यता प्राप्त गर्नु निश्चय नै एउटा मुख्य कारक तत्त्व भएको छ । यद्यपि, त्यस्ता संरचनाहरू र सरकार बीचमा समर्थन दिनका लागि परिवर्तनको गति यथेष्ट छैन ।

### *निर्वाचन अभ्यासहरू*

अरब राष्ट्रहरूमा प्रचलित निर्वाचनसम्बन्धी कानुनहरू र तिनका परिणामको रुपमा रहेका निर्वाचन प्रक्रियाहरू पहिले उठाइएका 'अरब स्वतन्त्रता र लोकतन्त्रको कमी' सँग निकट सम्बन्ध रहेका छन् । महिलाका विषयमा उठ्ने प्रश्न, लिङ्ग संवेदनशील प्रक्रियाहरू र विधान कस्ता छन् अनि अझ महत्त्वपूर्ण कुरा अलोकतान्त्रिक वा नव लोकतन्त्र हुने प्रवृत्तिका संयन्त्र मिलाउँदा त्यो लिङ्ग संवेदनशीलतायुक्त रहन्छ कि रहँदैन भन्ने हो । पितृसत्तात्मक समाजमा, लोकतन्त्रीकरणको स्तर र महिलाहरू, राजनैतिक अवस्थाको सम्बन्ध यथार्थमा ज्यादै दाउपेचयुक्त हुन्छ । अरब क्षेत्रमा यसबारे यथेष्ट मात्रामा अनुसन्धान गरिएको छैन, यो दु:खको कुरा हो । अरब राष्ट्रहरूमा निर्वाचन प्रणालीहरू फरक-फरक रहेका छन्, तर कोटा प्रणाली लागू गरिएका केही विषयबाहेक तिनीहरू सामान्यतया महिलामैत्री छैनन् ।

## *व्यवस्थापिकाहरूमा अरबी महिला सहभागिता*

माथि पुनरावलोकन गरिएका विभिन्न तथ्यहरुको आपसी सम्बन्धको प्रतिविम्बका आधारमा व्यवस्थापिकामा अरब महिलाहरूको प्रतिनिधित्व विश्वभरिकै न्यून रहेको छ । विश्वमा १६ प्रतिशत महिला प्रतिनिधित्त्व रहेको सन्दर्भमा (प्रशान्त क्षेत्रबाहेक) अरब विश्वको औसत ६.५ प्रतिशत मात्र छ ।[१५] विश्वका धेरैजसो क्षेत्रको तुलनामा अरब मुलुकहरूमा त्यहाँको संसदको तल्लो सदनमा भन्दा माथिल्लो सदनमा महिलाको सामान्यतया राम्रो प्रतिनिधित्व रहेको छ । अरब क्षेत्रमा प्रायजसो माथिल्लो सदनमा सदस्यहरू नियुक्त गरिन्छ भन्ने तथ्यद्वारा यसलाई व्याख्या गर्न सकिन्छ ।

कुनै पनि राष्ट्रको व्यवस्थापिकामा महिलाको प्रतिशत कम्तीमा ३० प्रतिशत पुर्‍याउने कार्यका लागि बेइजिङ मञ्चको लक्ष्यमा अरब व्यवस्थापिका पुग्न नसकेको कुरा तालिका संख्या ३ ले प्रमाणित गर्छ, जसले ऐनमा महिलालाई लाभ पुर्‍याउन गरिने कुनै पनि परिवर्तनलाई प्रभावित पार्न राष्ट्रिय संसदमा उपस्थित महिलाका लागि कठिन बनाउँछ । तालिका संख्या ३ मा वर्णन गरिएको महिला प्रतिनिधित्वका सम्बन्धमा निर्धारण गरिएका राष्ट्रहरूको स्थानअनुसार इराकको ३१ प्रतिशत र ट्युनिसियाको २२.८ प्रतिशतको अपवादबाहेक अरब राष्ट्रको अवस्था राम्रो छैन । १२ प्रतिशत महिलाका साथ सिरिया ७१ औं स्थानमा र १०.८ प्रतिशतका साथ जिबुटी ७८ औं स्थानमा रहेका छन् । त्यसपछि अल्जेरिया र जोर्डनको स्थान रहेको छ भने बहराइन, सउदी अरबिया र युनाइटेड अरब

इमिरेट्स लगायतका खाडी मुलुकका लागि सबैभन्दा न्यून स्थान साझा रहेको छ, अर्थात् त्यहाँको संसदमा शून्य प्रतिशत महिला प्रतिनिधित्व रहेको छ ।

दुईवटा कुरा ध्यानाकर्षणयोग्य रहेका छन् । पहिलो, विभिन्न अरब राष्ट्रका ऐनमा केही निश्चित सकारात्मक संशोधन हुँदाहुँदै पनि महिलाको अग्रगमनमा अझै पनि कानुनी भेदभाव मुख्य अवरोध रहेको छ । एउटा अरब राष्ट्र (सउदी अरबिया) मा अझै पनि महिलालाई मतदानको अधिकार छैन । अझ साझा रूपमा, सामाजिक सुरक्षा, निवृत्तिभरण, आयकर, उत्तराधिकार र आपराधिक प्रकरणहरूमा लागू हुने कानुनमा महिलालाई समान व्यवहार गरिँदैन न त तिनीहरूले पुरूषले उपभोग गर्ने सम्पूर्ण सुविधा नै उपभोग गर्न पाउँछन् । महिलालाई पूर्ण मताधिकार दिइएका राष्ट्रहरूमा समेत यस्तो विभेद र व्यवस्थापिकामा महिलाको न्यून सहभागिताबीचको सम्बन्धबारे पूर्णरूपले अनुसन्धान गरिएको छैन वा अभिलेख राखिएको छैन ।[१६]

दोस्रो विषय प्रत्येक राष्ट्रभित्रको निर्वाचन प्रक्रियासम्बन्धी हो । यद्यपि, यस लेखले निर्वाचन प्रक्रियाबारे पूर्णरूपले सिंहावलोकन गर्दैन तर पनि यो महिलाका लागि राजनैतिक सहभागितामा बाधा पुऱ्याउने विभिन्न प्रकारका अवरोधबारे केन्द्रित रहेको छ, यस्तो निर्वाचन प्रक्रियामा निश्चित तत्त्व रहेको हुन्छ जसले महिलाविरुद्ध विभेद गर्छ । यसलाई आन्तरिक अथवा क्षेत्रीय विकासको प्रतिक्रियास्वरूप प्रत्येक राष्ट्रमा निर्वाचन गरिने अवस्थाहरू निरन्तररूपले सरेका र परिवर्तन भएका तथ्यले बढाएको छ । यसका साथै निर्वाचन ऐनलाई अस्थायी ऐनको रूपमा पास गरिएका केही अवस्था छन्, तसर्थ त्यस ऐनबारे सार्वजनिक वा संसदीय छलफल हुन दिइँदैन । यसले यस्तो प्रक्रियामा निहित रहेको लैङ्गिक विभेदलाई परास्त गर्न आवश्यक योजना बनाउने र लबी गर्ने अवसर दिँदैन ।

## तालिका ३ : अरब संसदहरूमा महिला प्रतिनिधित्व, २००५

| राष्ट्र | तल्लो/एक सदनात्मक सदन | | | | माथिल्लो सदन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्वाचन वर्ष | जम्मा सिट | महिला संख्या | महिलाको प्रतिशत | पछिल्लो निर्वाचन | जम्मा | महिला संख्या | महिलाको प्रतिशत | आइपीयुको स्थान (१) |
| अल्जेरिया | २००२ | ३८९* | २४ | ६.२ | २००३ | १४४* | ४ | २.८ | १०५ |
| बहराइन | २००२ | ४०* | ० | ० | २००२ | ४०*** | ६ | १५ | १२६ |
| कमोरोस | २००४ | ३३ | १ | ३.० | | | | | ११९ |
| जिबुटी | २००३ | ६५* | ७ | १०.८ | | | | | ७८ |
| इजिप्ट (२) | २००० | ४५४ | ११ | २.९ | २००१ | २६४** | १८ | ६.८ | १२० |
| इराक | २००५ | २७५ | ८७ | ३१.६ | | | | | १५ |
| जोर्डन | २००३ | ११०* | ६ | ५.५ | २००३ | ५५*** | ७ | १२.७ | १०९ |
| कुवेत | २००३ | ६५* | ० | ० | | | | | १२६ |
| लेबनान | २००० | १२८* | ३ | २.३ | | | | | १२२ |
| लिबिया | १९९७ | ७६०** | | | | | | | |
| मौरीटानिया | २००१ | ८१* | ३ | ३.७ | २००२ | ५६** | ३ | ५.४ | ११७ |
| मोरक्को | २००२ | ३२५* | ३५ | १०.८ | २००३ | २७०** | ३ | १.१ | ७८ |
| ओमन | २००३ | ३८* | २ | २.४ | २००१ | ५८*** | ९ | १५.५ | १२१ |
| प्यालेस्टाइनी अधीनस्थ भूभाग | १९९६ | ८५* | ५ | ५.९ | | | | | |
| कतार | २००२ | ३५*** | ० | ० | | | | | |
| साउदी अरबिया | २००१ | १२०*** | ० | ० | | | | | १२६ |
| सोमालिया | | | | | | | | | |
| सुडान (३) | २००० | ३६० | ३५ | ९.७ | | | | | ८५ |
| सिरिया | २००३ | २५०* | ३० | १२.० | | | | | ७१ |
| ट्युनिसिया | २००४ | १८२* | २१ | २२.८ | | | | | २७ |
| संयुक्त अरब इमिरेट्स् | १९९६ | ४०*** | ० | ० | | | | | १२६ |
| यमन | २००३ | ३०१* | १ | ०.३ | | | | | १२६ |

### *टिप्पणी*

(१) १८३ राष्ट्रमा तल्लो/एकल सदनमा महिलाको प्रतिशतको घट्दो क्रममा राखिएको लगाइएको
(२) ४४४ जना सदस्यहरु निर्वाचित, १० जना सदस्यहरु राष्ट्र प्रमुखद्वारा नियुक्ति गरिएको
(३) २७० जना प्रत्यक्ष निर्वाचित, ३५ जना महिला प्रतिनिधि, २६ जना स्नातक प्रतिनिधि र २९ जना ट्रेड युनियनका प्रतिनिधि
* सदस्य प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित
** सदस्य अप्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित
*** सदस्य राष्ट्र प्रमुखद्वारा नियुक्त

**स्रोत**: इराक, ओमान र कतार बाहेक अन्य सबै अरब मुलुकहरूबारे आइपीयू (Inter Parliamentary Union) को वेब साईटमा रहेको जानकारीका आधारमा तयार गरिएको छ । 'Women in National Parliaments', <http://www.ipu.org>. इराक, ओमान र कतारबारे Arab Inter-Parliamentary Union (AIPU) को बेव साईट <http://www.arab-ipu.org/> बाट तयार गरिएको र OPT बारे Palestinian Legislative Council को वेब साईट <http://www.pal-plc.org> बाट तयार गरिएको ।

## ख. राष्ट्रिय स्तरका मुख्य चुनौतीहरू

यस भागले निर्णायक भूमिका भएका पदहरू र विशेषतः संसदमा पुग्न महिलाले मुख्य रूपले सामना गर्नुपर्ने चुनौतीहरूको पहिचान गर्छ । माथि उल्लिखित राजनैतिक वातावरणका अतिरिक्त यो भागले राजनैतिक दल, जातिवाद, महिला आन्दोलन र आर्थिक समस्या जस्ता सामना गरिएका खास अवरोधबारे छलफल गर्छ, जुन मुख्य अवरोधहरू हुन् । कुनै पनि राष्ट्रमा राजनैतिक विकास गर्न र निर्णय लिनमा सक्रियरूपले सहभागी हुने उम्मेदवार तयार गर्न परिपक्व तथा सङ्गठित राजनैतिक दलहरूको निर्णायक भूमिका रहेको हुन्छ, जसलाई अस्वीकार गर्न सकिँदैन । महिलाको अग्रगमनमा जहिले पनि अवरोध पुऱ्याउने भनेर आलोचना गरिएको जातिवादले महिलाका लागि प्राप्त हुने कुनै पनि अवसरलाई आफ्नो फाइदाका लागि चयन गर्ने गरेको देखिन्छ । त्यस्तै गरेर निर्णायक भूमिकामा महिलाको संख्या प्रवर्द्धन गर्न महिला आन्दोलनले खेलेको भूमिका मुख्य कारक रहेको अपेक्षा गरिएको छ । अन्त्यमा, उम्मेदवारलाई सहयोग गर्न लागि स्रोत परिचालनका लागि आर्थिक क्षमताले निर्णायक भूमिका खेल्छ ।

संख्यात्मक दृष्टिले प्रत्येक राष्ट्रको निर्वाचन प्रक्रियालाई एक एक गरेर हेर्न असम्भव हुने भएकोले यहाँ यमन, लेबनान र जोर्डन तीन राष्ट्रलाई महत्त्व दिइने छ । यहाँ विचारणीय कुरा के छ भने, माथि उल्लेख गरिएका क्षेत्रीय द्वन्द्व र अरब राष्ट्रहरूमाथि तिनीहरूका विभिन्न असरका अतिरिक्त यमन र लेबनान दुवै देशमा आफ्नै आन्तरिक द्वन्द्व पनि भएका थिए, जसले अन्त्यमा गएर यी राष्ट्रमा राजनैतिक, सामाजिक र आर्थिक सन्दर्भलाई आकार दियो । यी विषय सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्ने खालका नहुने भए पनि तिनीहरूले छिमेकी राष्ट्रहरूमा मेलखाने विषयलाई प्रतिबिम्बित गर्छन् ।

गत १५ वर्षको अवधिमा लेबनान र यमन दुवैमा तीन तीनवटा राष्ट्रिय निर्वाचन गरिएका थिए भने जोर्डनमा चारवटा राष्ट्रिय निर्वाचन गरिएका थिए । ती निर्वाचनमा उम्मेदवारको रूपमा महिला सहभागितालाई तालिका ४ मा संक्षेपमा गरिएको छ, जसले यमन र लेबनानमा महिला सहभागिता सीमित रहेको तर जोर्डनमा परिवर्तन देखिएको र चारवटा निर्वाचनमा अग्रगमन भएको तथा महिलाहरूका निमित्त छ वटा आरक्षित सिटका कारण सन् २००३ मा उल्लेख्य रूपले वृद्धि भएको देखाउँछ ।[१७]

***यमन***

तालिका ४ ले सन् २००३ मा यमनी संसदमा महिलाको संख्या केवल ०.३ प्रतिशतमा झरेको देखाउँछ ।[१८] यस्तो अवस्था हुनुमा विभिन्न कारक तत्त्वले कारण बनेका छन् ।

*निरक्षरता* : यमनी महिलाहरूमा निरक्षरता दर त्यस क्षेत्रकै सबैभन्दा उच्च (७६.१ प्रतिशत)[१९] छ, यसले मतदाता नाम दर्ता र मतदान प्रक्रियालाई मात्र होइन, विजयी हुने महिलाको राजनैतिक चेतनालाई समेत असर पार्छ । यद्यपि, लेबनान र जोर्डनमा महिलाको उच्च शैक्षिक स्तरले ती राष्ट्रमा महिलाको व्यापक सहभागिताका लागि धेरै परिणाम ल्याएको छैन ।

*गतिशीलता* : यमनी निर्वाचनमा महिलाहरू सहभागी हुन पाउने अवसरलाई सीमित बनाउने यो महत्त्वपूर्ण कारक तत्त्व हो । तालिका ४ ले चुनावमा उठ्ने महिला उम्मेदवारको संख्या सन् १९९७ देखि करिब आधा भएको देखाउँछ । सन् २००१ को आमनिर्वाचन ऐनमा व्यवस्था गरिएको सर्त नं. १३ का कारणले यस्तो भएको हो, सो सर्तले एकजना स्वतन्त्र उम्मेदवारलाई उसको निर्वाचन क्षेत्रका कम्तीमा ३०० जना मानिसले समर्थन गरेको हुनुपर्छ भन्दछ ।

**तालिका ४ : यमन, लेबनान र जोर्डनमा राष्ट्रिय निर्वाचनमा उम्मेदवारको रूपमा महिला सहभागिताः**

| राष्ट्र | निर्वाचन वर्ष (ई.सं.) | महिला उम्देवार को संख्या | कुल उम्मेदवारमा महिलाको प्रतिशत | विजयी महिला उम्मेदवारको संख्या | तल्लो सदनमा महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| यमन | १९९३ | ४१ | १.३ | २ | ०.७ |
| | १९९७ | १९ | १.३ | २ | ०.७ |
| | २००३ | ११ | ०.६ | १ | ०.३ |
| लेबनान | १९९२ | उपलब्ध छैन | उपलब्ध छैन | उपलब्ध छैन | उपलब्ध छैन |
| | १९९६ | १० | उपलब्ध छैन | ३ | २.३ |
| | २००० | ११ | उपलब्ध छैन | ३ | २.३ |
| जोर्डन | १९८९ | १२ | १.८६ | ० | ० |
| | १९९३ | ३ | ०.१८ | १ | १.३ |
| | १९९७ | १७ | ३.२४ | ० | ० |
| | २००३ | ५४ | ७.०६ | ६ | ५.५ |

**स्रोतः** Mashhur, Huriya, 2005, 'Political Participation by Yemani Woman', in Internatioanl IDEA and Arab NGO Network for Development (ANND), *Building Democracy in Yemen: Woman's Political Participation, Political Party Life and Democratic Elections*. Stockholm: International IDEA and ANND.

यो सबै उम्मेदवारका निमित्त पूरा गर्न कठिन सर्त थियो तर महिलाका निम्ति त सम्भवतः झनै कठिन, किनकि उनीहरू टाढासम्म यात्रा गर्न सक्दैनथे र आफ्नो समुदायमा कम चिनिएका हुन्थे ।[२०]

*राजनैतिक दलहरू :* एकीकरणपछि यमनमा राजनैतिक दलहरू विकसित भएको देखिए पनि तिनीहरूको सम्पूर्ण सदस्यको २ प्रतिशत मात्र महिला रहेका छन् । जब कि सन् १९९० को एकीकरणपछि तिनीहरू स्थापित राजनैतिक दल भइसकेका थिए । सन् २००३ मा २ ९ सदस्यीय राजनैतिक ब्युरोमा ४ जना महिला भएको सोसलिस्ट पार्टीको अपवादबाहेक

मुख्य राजनैतिक दलमा माथिल्लो स्तर (पार्टीको कार्यकारीणी समिति वा निर्णायक भूमिका उच्च भएको निकाय, जसमा सामान्यतया २० जना हुन्छन्) मा एक वा दुईजना महिलाको साङ्केतिक प्रतिनिधित्व पक्कै रहेको छ । उल्लेख गरिएका यसका कारणहरूमा महिलाहरू आफैँ पार्टीको कामबाट टाढा रहेकोदेखि लिएर महिलाहरूले 'निर्वाचनताका मतदानका लागि महिलालाई परिचालन गर्नबाहेक आफूलाई गम्भीर प्रकृतिको काम नदिइएको' अनुभव गरेको सम्मका विविधतायुक्त रहेका छन् ।

सन् २००३ को चुनावमा उठेका महिलाहरूले चुनाव प्रचार अभियानका लागि आफूहरूलाई कुनै पनि प्रकारको आर्थिक वा नैतिक सहयोग उपलब्ध गराइएको थिएन भन्ने तर्क गरेका थिए जब कि परम्परागत शक्तिहरूले महिला सहभागिताको खुल्ला रूपले विरोध गरे । राजनैतिक पार्टीहरूको विरोध त्यति सोझै त थिएन, तर तिनीहरूले महिलालाई नउठ्नका लागि अप्रत्यक्ष दबाब दिए । सत्तासीन पार्टी जनरल पिपुल्स कंग्रेस (जीपीसी) ले एक जनामात्र महिला उम्मेदवारी दियो, जब कि सोसलिस्ट पार्टी (जुन पहिले पिपल्स डेमोक्रेटिक रिपब्लिक अफ यमन (दक्षिण यमन) मा सत्तासीन पार्टी थियो अनि यसको महिलामुखी नीतिका कारण चर्चामा थियो) ले दुईजना महिला उम्मेदवार खडा गऱ्यो । अझ भन्नुपर्दा, सन् २००३ मा तिनीहरूको चुनावी मञ्चले यी पार्टीहरुलाई चुनावमा उम्मेदवार हुनका लागि महिलाहरूलाई सहायता गर्नमा आफूलाई संलग्न गरेन ।[२१]

*जातिवाद (Tribalism) :* यी कारक तत्त्वहरूलाई बढाउँदा यमनी महिलाहरूले अझसम्म पनि जातिवादको परम्परागत शक्तिसँग झुत्ती खेल्नुपर्छ । महिला सहभागितामा पछाडि हट्ने प्रवृत्ति 'जातिवाद, यसको मान्यता प्रणाली र महिलाप्रतिको यसको दृष्टिकोणको परिणाम हो भनेर धेरैले स्वीकार गरेका छन् । राज्यभित्र आधुनिकीकरण गर्ने प्रभावहरूको प्रतिनिधित्व गर्ने भएकाले परिवर्तन लागू गर्नुपर्ने अपेक्षा गरिएका राजनैतिक पार्टीहरू आफैँसमेत महिलाको अवस्थामा कुनै पनि प्रकारको अग्रगमनको विरोध गर्ने जाति र जातिगत प्रवृत्तिको विस्तारित रुप बनेका थिए ।'[२२]

### लेबनान

सन् २००० मा सम्पन्न निर्वाचनको परिणामस्वरूप संसद प्रतिनिधिहरू मध्येका २.३ प्रतिशत मात्र महिला छन् । यसलाई निम्नलिखित लगायत विभिन्न कारक तत्वहरूद्वारा व्याख्या गरिन्छ ।

*राजनैतिक दलहरू* : लगातार भएका तीनवटा संसदीय निर्वाचनका परिणामले शिक्षा, अर्थव्यवस्था र संस्कृति जस्ता अन्य अनेकौं क्षेत्रमा लेबनानी महिलाहरूको प्रगतिलाई प्रतिबिम्बित गर्दैन । महिलाहरूको राजनैतिक अग्रगमनलाई विभिन्न तवरले अपाङ्ग पार्नमा विशेष प्रयत्न गरेको भनेर गृहयुद्धलाई आक्षेप लगाउन सकिन्छ । गृहयुद्धभन्दा पहिले महिलाहरू राजनैतिक पार्टीहरूमा धेरै सक्रिय थिए अनि गृहयुद्धताका समेत निश्चित पार्टीहरुले विशेष गरेर महिला सहभागिता खोजे । यद्यपि, हालसालै त्यो अवस्थामा कमी आएको छ, अनि केही उदाहरणका रुपमा १८ वटा राजनैतिक पार्टीको महिला शाखा वा विभाग गैरसरकारी संस्था (एनजीओ) का रूपमा रुपान्तरित गरिएका छन् । नागरिक समाजका

कार्यकर्ता अनुभव गर्छन् कि 'राजनैतिक पार्टीहरूका महिला विभागहरु सीमान्तकृत गरिएका छन् र ती एनजीओहरूतिर 'पाखा लगाइएका' छन् । त्यसरी उनीहरु यसलाई महिलाका विषयहरूमा यथार्थ रुपमा ध्यानाकर्षण गर्नभन्दा महिलालाई पार्टी राजनीतिमा सङ्गठित पार्नुमा भएको कमीको सङ्केत बढी भएको भनेर लिन्छन् ।'[२३]

राजनैतिक दलका नेतृत्वतहमा पुरूषको प्रभुत्व रहेको छ अनि छवटा मुख्य पार्टीका उच्च निर्णयात्मक तहमा महिला सहभागिता शून्यदेखि १० प्रतिशतसम्म रहेको छ ।[२४] व्यक्तिगत भनाइअनुसार राजनैतिक पार्टीहरूभित्र महिलाले कठिनाइको सामना गर्नुपर्छ, महिलाले पार्टीहरूका आन्तरिक लोकतन्त्रमाथि प्रश्न उठाउँछन् र पार्टीभित्रको सामान्य क्रियाकलापमा स्पष्टसँग देखिने गरेर लिङ्गमा आधारित श्रमविभाजन रहेको छ भनेर वादविवाद गर्छन् ।[२५] यसबाहेक महिला उम्मेदवारहरू आर्थिक समस्याले गाँजिएका छन् अनि पार्टी सहयोग र आर्थिक सहायताबिना महँगो निर्वाचन प्रचार अभियानमा अवरोध रहन्छ ।

*संरक्षकत्व तथा पारिवारिक बन्धन* : यद्यपि, लेबनानमा जातिवादको अस्तित्व छैन तथापि यहाँको राजनीतिक चेतना राजनैतिक जीवनमा प्रभुत्व जमाएका शक्तिशाली परिवारहरूलगायत आफूभित्र उस्तै प्रकारको पितृसत्तात्मक परम्परावादी व्यवहार लिएका अन्य कारक तत्त्वद्वारा निर्देशित छ । छोटकरीमा भन्नु पर्दा, लेबनानी राजनीतिको शासन पद्धतिलाई साम्प्रदायिक, परिवारमा आधारित प्रणालीको रूपमा लिन सकिन्छ । फलतः राजनीतिमा महिला सहभागितामाथिको असर नकारात्मक रहेको छ र प्रायजसो यसको आलोचना गरिन्छ ।

लेबनानी महिला सांसदहरूलाई 'कालो पोशाक लगाएकी' महिलाको रूपमा चिन्ने गरिएको छ ।[२६] सन् १९६३ र त्यसको धेरैपछि सन् १९९२ मा संसदमा प्रवेश गर्ने दुईजना (पहिलो महिलाले आफ्नो सिट आफ्नो पिताबाट र दोस्रो महिलाले आफ्नो सिट हत्या गरिएका श्रीमान्बाट) 'उत्तराधिकार' स्वरूप पाएका थिए, यसप्रकारले शोक मनाउनका लागि तिनीहरूले लगाएको कालो पोसाकको व्याख्या गर्दै उनीहरूलाई त्यसप्रकारको नाम दिइएको हो । महिला सांसदको त्यस्तो राजनैतिक 'करिअर' नभएकाले हालको अवस्थामा त्यति धेरै सुधार आएको छैन, तर तिनीहरूको सामाजिक-राजनैतिक अवस्था हाल पनि एकजना जीवित वा मृत्यु भइसकेको पुरूष राजनीतिज्ञबाट उद्‌भव भएको छ ।[२७] तैपनि यस्तो तर्क पनि गर्न सकिन्छ कि लेबनानी समाजभित्र, विशेष गरी राजनैतिक रूपले प्रभावशाली परिवारभित्र बढी उदार पारिवारिक संरचना भएको भए लेबनानका महिला राजनीतिज्ञहरूले आफूलाई भविष्यको राजनैतिक 'करिअर' लाई सहयोग गर्न विचार, ज्ञान र प्रविधिहरू यथेष्ट मात्रामा खुल्ला हुने मौका पाउने थिए ।

**जोर्डन**

सन् २००३ को निर्वाचनले संसदमा महिला प्रतिनिधित्वले शून्यदेखि ५.५ प्रतिशतको मननयोग्य संख्यामा वृद्धि देखायो । महिला सहभागितामा देखापरेका अवरोधहरू हटाउन संसदमा महिलाका निमित्त ६ वटा सिट कोटा गरिएपछि यस्तो परिणाम आएको हो ।

*जातिवाद (Tribalism)* : जोर्डनी समाज र राजनीति दुवैमा जातिवाद एउटा मुख्य शक्ति रहेको छ। यो उल्लेख गर्नु चाखलाग्दो छ कि संसदमा महिलाका निमित्त कोटा गरिएका छवटा सिटमध्ये 'विजयी' ५ वटालाई तिनका जातिगत समर्थन रहेको थियो र तिनीहरूलाई 'जातिगत उम्मेदवार' को रूपमा उठाइएको थियो भने एक जनामात्र दलगत उम्मेदवार थिए। यमनको अवस्थाको विपरित जहाँ जातिवादलाई महिला अग्रगमनमा शिथिलता ल्याउने कारक तत्त्वको रूपमा हेरिन्छ, यहाँ कोटा प्रणाली कम संख्याका जातिका निमित्त अनुकूल देखिन्छ, जहाँ खुल्ला प्रतिस्पर्धामा ठूलो संख्यामा पुरूष उम्मेदवार रहेका जातिको उम्मेदवारको विरुद्धमा उठ्ने हुँदैनथे। केही सामान्य आँकलनले कोटा प्रणालीले अल्पसंख्यक जातिका निमित्त निकै राम्रो अवसर दिन सक्ने कुरा सुनिश्चित गऱ्यो, तसर्थ तिनीहरूले यसलाई आफ्नो फाइदाका निमित्त प्रयोग गरे।

*राजनैतिक दलहरू* : सन् १९८९ मा राजनैतिक मुक्तिले निरन्तरता पाएपछि र नयाँ राजनैतिक दलसम्बन्धी नयाँ कानुन पास भएपछि हाल जोर्डनमा ३२ वटा राजनैतिक दलहरु दर्ता भएका छन्। ती दलहरुमा महिला सदस्यता ८ प्रतिशत नाघेको छैन र माथिल्ला पदहरुमा ज्यादै कम महिला छन्। राजनैतिक पार्टीहरू र लैङ्गिक समानताबीचको संवादबारे कुनै पनि पार्टीले त्यस्ता मुद्दाको प्रकृति र महत्त्व बुझेको नपाइएकाले महिला अग्रगमनका लागि तिनीहरूको सामान्य वचनबद्धता प्राय साङ्केतिक मात्र भएको कुरा एउटा अध्ययन विश्लेषणले देखाएको छ। अनि गरिबी, बेरोजगारी, स्वास्थ्य र शिक्षाजस्ता मुख्य चुनौतीलाई तिनीहरूले पूर्णतया लिङ्गप्रति अन्ध ढाँचामा सम्बोधन गर्ने गरेका छन्।[२८]

*महिलाहरूको सम्पर्क* : आरक्षित सिटहरूद्वारा ६ जना महिला प्रतिनिधि निर्वाचित भएपछिको नयाँ चुनौती महिला सांसदहरू र महिला आन्दोलनबीचको सम्बन्ध हुन पुगेको छ। लैङ्गिक समानता प्राप्तिमा महिला सांसदहरू नै 'अवरोध' भएका छन् र उनीहरूले समाजमा महिला सरोकारबारे आवाज उठाइरहेका छैनन् भनेर तर्क गरिएको छ।[२९] यस अभियोगले एउटा महत्त्वपूर्ण चुनौतीतर्फ सङ्केत गर्छ अनि त्यहाँ संरचनागत तथा आर्थिक अभाव रहेको छ, जसले जोर्डनमा सांसदहरु 'सुविधा पाउने सांसद' हुनेतर्फ निकै बढी ढल्केका छन् भन्ने दृष्टिकोणलगायत महिला सांसदलाई घाटामा पारेको छ।[३०] तिनीहरू आफ्नो चुनाव क्षेत्रका लागि सरकारबाट विशेष सुविधा (गदाहरणका लागि उच्च पदमा नियुक्ति वा एउटा गरिब परिवारको लागि आर्थिक सहायता इत्यादि) प्राप्त गर्न बढी लिप्त रहेको देखिने भएकोले तिनीहरूले व्यवस्थापिकामा आफ्नो भूमिका सही ढङ्गले पूरा गर्दैनन् भनेर जोर्डनी सांसदहरूलाई गरिने आलोचनालाई यसले प्रतिबिम्बित गरेको छ।

महिलाको बढ्दो राजनैतिक सहभागिता सुनिश्चित गर्न महिला आन्दोलनले के गरिरहेको छ भन्ने प्रश्न उत्तिकै चुनौतीपूर्ण रहेको छ। महिला आन्दोलन र कैयन् पश्चिमा लोकतन्त्रलाई चित्रण गर्ने व्यवस्थापिकाहरूबीचको सहसम्बन्धको अस्तित्व जोर्डनमा छैन अथवा जोर्डनी प्रेसका अनुसार बरु त्यो वर्षौंसम्म शत्रुतापूर्ण प्रकृतिको रहेको छ।[३१] परम्परावादी सांसदहरूले 'पश्चिमी कार्यसूची' को अतिक्रमणविरुद्ध आफ्ना सांस्कृतिक मूल्य र मान्यता, परम्परालाई' संरक्षण गर्न आह्वान गरेका छन्। महिला सांसद र महिला आन्दोलनबीचको सम्बन्धसमेत हार्दिकतापूर्वक सुरु भएन। सांसदहरूले केही महिला नेताको

आलोचना गरे अनि महिला अधिकारकर्मीहरूले महिला सांसदहरूले उनीहरूको आकांक्षा पूरा गरिरहेका छैनन् भने ।[३२] पहिले उल्लेख गरिएको संरक्षक(ग्राहक ढाँचालाई समर्थन गर्न जोर्डनी महिला सङ्गठनहरूबारे कुनै अनुसन्धान नभएकाले छवटा आरक्षित सिट सामान्यतया महिलाहरूको अग्रगमनका लागि होइन, तर आफ्नो व्यक्तिगत अग्रगमन वा अन्य आफ्नै सेवा गर्ने सरोकारका लागि महिलाहरूद्वारा प्रयोग भइरहेका छन् भन्ने आलोचना त्यहाँको निर्वाचन प्रणाली विज्ञहरूले गरिरहेका छन् ।[३३]

## ग. संसदमा अरब महिलाको सहभागितालाई वृद्धि गर्ने संयन्त्रहरू

उपर्युक्त उदाहरणले तीनवटा अरब राष्ट्रहरुमा महिलाले सामना गर्नुपरेका केही मुख्य अवरोधबारेको एउटा पाटोलाई प्रस्तुत गर्छ । लेबनान र यमनको दाँजोमा कुनै आन्तरिक द्वन्द्वबिना जोर्डनले एउटा स्थिर आन्तरिक राजनैतिक वातावरण कायम राखेको छ । तैपनि सार्वजनिक जीवनमा महिलाको भूमिकालाई हेर्दा हामी ती तीनवटै राष्ट्रमा उस्तै अवस्था पाउँछौं । अझ भन्नुपर्दा, प्रत्येक राष्ट्रका राजनैतिक दलहरूमा जे-जस्ता ऐतिहासिक तथा प्रकरणगत भिन्नता रहे तापनि यो स्पष्ट छ कि महिलाको राजनैतिक सशक्तीकरणप्रति राजनैतिक दलहरूको भूमिका सङ्कटमय हुँदै गएको छ, ती पार्टीहरू यससम्बन्धी भूमिका महसुस गर्नबाट चुकेका छन् ।

यमनको घटनामा निरक्षरताको दरले खास द्विविधा खडा गरेको स्पष्ट छ । यो विषय अन्य राष्ट्रमा प्रबल भएर देखा नपरे पनि यो निश्चय नै स्पष्ट छ कि समाजका सम्पूर्ण सदस्यको समावेशिताबारे सुनिश्चित हुनु छ भने यस्ता अवरोधात्मक कारक तत्त्वहरूलाई सम्बोधन गर्न लागि खास उपाय अपनाउन अति आवश्यक छ ।

स्थानको अभावले यस लेखमा निर्वाचन प्रणालीहरूलाई विस्तृतरुपमा छोइएको छैन, तर तिनीहरूबारे तेस्रो अध्यायमा विस्तृतरूपमा छलफल गरिएको छ ।

छोटकरीमा भन्नु पर्दा सार्वजनिक क्षेत्रमा महिला प्रवर्द्धनमा अवरोध पुर्‍याउने कारक तत्त्वहरू जटिल र एकआपसमा जेलिएका छन् । स(साना झ्याल जस्ता प्राप्त हुने अवसरमा पनि राष्ट्रहरूबीच भिन्नता रहेको छ अनि त्यसको परिणामस्वरूप प्रत्येक राष्ट्रको फरक फरक सन्दर्भ र अनुभवहरूमा महिलाको प्रवर्द्धनका निमित्त अरब विश्वभरि लागू गर्न सकिने कुनै नापनक्सा उपलब्ध छैन । तैपनि यहाँ दिइएका उदाहरणले महिलाहरूले सामना गरेका निश्चित र साझा अवरोधहरूलाई चित्रण गरेका छन् अनि यी अवरोध केही हदसम्म परास्त गर्न केही संयन्त्र तथा सामान्य सिफारिसहरू लागू गर्न सकिन्छ । आउने भागले महिलाको अग्रगमनतर्फ लक्षित समान्य रणनीतिहरू (राज्यस्तर र राजनैतिक पार्टीका कार्यमा समूहगत भएका), निर्वाचन हुनुभन्दा पहिला लिइने उपायहरू र निर्वाचनताका अपनाइने उपायहरूमा वर्गीकरण गरिएका निर्वाचन प्रणालीबारे खास सिफारिसलाई सम्बोधन गरेको छ ।

## सामान्य सिफारिस तथा संयन्त्रहरू

### राज्यस्तर

अरब विश्वमा अलोकतान्त्रिक प्रणालीहरू वा नवजात लोकतन्त्रहरूमा अरु राजनैतिक उदारताको आवश्यकता छ। अरब विश्वमा यस्ता प्रयासहरू महिला अग्रगमनका निमित्त सधैँ प्रेरक रहेका छैनन् ।[३४] राज्यसंयन्त्रमा मात्र होइन समग्र परिवार र समाजमा समेत व्याप्त पितृसत्तात्मक संरचनाहरूमा लोकतन्त्रीकरण गर्दाको लाभलाई कम आँक्न सकिँदैन ।

अझ लोकतन्त्रीकरणसँगै यो अनुमान गर्न सकिन्छ कि अरब महिलाले सामना गर्नुपरेका कानुनी प्रावधानहरूलाई संशोधन गरिनुपर्छ र महिलाविरूद्ध हुने सबैखाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धि[३५] (सेडो) का अरब देशका पक्ष राज्यहरूले आफ्ना ऐनहरूमा महिलाविरूद्ध हुने सबैखाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धिका सर्तहरूसँग अझ बढी नजिक हुने गरी मिलाउन सुधार गर्ने उद्देश्यले एउटा महत्त्वपूर्ण उथलपुथल गर्नुपर्छ। यसबाट महिलाका लागि संयुक्त राष्ट्रसंघीय विकास कोष (UNIFEM) को *अरब महिला विकास २००४*मा जोड दिइएका सम्पूर्ण क्षेत्रभर व्याप्त महिलाको पूर्ण नागरिक अधिकारको कमीको कुरालाई समाधान गर्न सक्छ।

महिलाको राजनैतिक सहभागितामा एउटा उलेख्य प्रभाव पारेको जस्तो लाग्ने हालको उच्चस्तरको राजनैतिक इच्छाशक्तिलाई पूँजीकरण गर्ने अवसरलाई बेवास्ता गरिनु हुँदैन । जोर्डनमा राजा र राजपरिवारका अन्य सदस्यहरूबाट समर्थन आयो। यमनमा मुख्य राजनैतिक पार्टीहरूबाट समर्थन आयो भने लेबनानमा त्यो नेतृत्वतहमा रहेका पुरूष राजनीतिज्ञहरूबाट आयो । यहाँ छलफल नगरिएको भए तापनि यस्तो समर्थनको मुख्य भूमिकालाई महत्त्व दिने अन्य उदाहरणमा ट्युनिसिया र मोरोक्कोलगायतका छन्, जहाँ ऐनमा सकारात्मक परिवर्तन सम्भव भयो । यो स्पष्ट छ कि पितृसत्तात्मक संरचनामा यस्ता समर्थनहरू निरन्तररूपले प्राप्त हुनुपर्छ र यी नीति-निर्माताहरूसँग रणनैतिक सम्बन्ध बनाउन महिला आन्दोलनहरूले निरन्तरता पाउनुपर्छ।

राष्ट्रिय संयन्त्रहरूको स्थापनालाई तिनीहरू 'राज्य नारीवाद' का औजारहरू हुन् भन्ने दृष्टिकोणको सट्टा तिनीहरूलाई महिला सहभागिता सहजीकरणका कारक तत्त्वको रूपमा हेर्न सकिन्छ। हालका वर्षहरूमा अरब विश्वमा त्यहाँका महिलाहरूका लागि जोर्डनी राष्ट्रिय परिषद्, जुन अरबमा सबैभन्दा पुरानो रहेको छ र यमनी महिला राष्ट्रिय समिति बढी प्रभावकारी भएका छन् । धेरै युवा लेबनानी समकक्षीले आउँदा निर्वाचनहरूमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

अन्तिम अवलोकन यो हो कि महिला राजनीतिज्ञहरू र महिला आन्दोलनबीचको सम्बन्धलाई एकआपसमा सहयोगीको रुपमा अझ विकसित गर्नुपर्छ। यस सम्बन्धलाई सुधार्न र वृद्धि गर्न संयन्त्रहरूबारे अझ अध्ययन गरिनुपर्छ र विकसित गरिनुपर्छ ।[३६] अरब क्षेत्रभित्र मोरोक्को, ट्युनिसिया र अल्जेरिया जस्ता उत्तर अफ्रिकी राष्ट्रका उदाहरणहरूलाई महिला आन्दोलनले माग गरेका ऐन संशोधनप्रति महिला राजनीतिज्ञहरूले कस्तो प्रतिक्रिया गरे भन्ने कुरालाई जोड दिन प्रयोग गर्न सकिन्छ। यद्यपि, प्रायजसो अरब राष्ट्रमा महिला राजनीतिज्ञहरू हालसम्म

चरम घनत्वसम्म पुग्न सकेका छैनन् भन्ने कुरालाई मनन गरेर महिला राजनीतिज्ञहरू र महिला आन्दोलन दुवैले प्रत्येक राष्ट्रका प्राथमिकताका शृंखला, अवसरहरू र चुनौतीहरूभित्र सबैभन्दा राम्रो तरिकाले कसरी परिवर्तनका प्रभावहरू ल्याउन सकिन्छ भन्नेबारे रणनीति बनाउनु आवश्यक छ ।

***राजनैतिक दलहरू***

पहिला देखाएअनुसार सामान्यतया राजनैतिक दलहरूको विकास र तिनीहरूभित्र महिलाको भूमिकाका सम्बन्धमा गम्भीरताका साथ पुनरावलोकन गरिनुपर्छ र तिनीहरूबारे सोचविचार गरिनुपर्छ । राज्यका निकायहरूभित्र भन्दा राजनैतिक पार्टीहरूभित्र महिलाको साङ्केतिकता अझ बढी स्पष्ट भएको छ, यो संख्यात्मक सर्तहरूमा मात्र होइन तर नीतिगत सर्तहरूमा समेत स्पष्ट भएको छ, जहाँ  राजनैतिक पार्टीहरूको भन्दा राज्यको नीति प्राय लैङ्गिक संवेदनशील बढी भएको देखिन्छ । तसर्थ राजनैतिक पार्टीहरूले आफ्नो मञ्च, संस्थागत संरचना र आन्तरिक कार्यपद्धतिहरूमा लैङ्गिक मुद्दालाई पहिचान गर्न आवश्यक रहेको छ ।[३७]

यस घटना अध्ययनको एउटा राष्ट्र जोर्डनले पार्टी सदस्यता र नेतृत्वमा बढी महिलालाई संलग्न गराउने राजनैतिक पार्टीहरूलाई आर्थिक प्रोत्साहन दिनेबारे गम्भीरतापूर्वक सोचिरहेको छ ।[३८] टिमोर लात्सेमा भएको जस्तै समानुपातिक प्रतिनिधित्व प्रणाली अङ्गीकार गरेका राष्ट्रमा आफ्नो पार्टीसूचीमा महिलालाई विजय प्राप्त गर्न सकिने स्थानमा उठाएका पार्टीलाई चुनावी अभियानमा सार्वजनिक आर्थिक सहायता वा निर्वाचनताका अभियानका लागि बढी प्रसारण समय प्रदान गर्ने जस्तो प्रोत्साहन दिनु एउटा रणनीति हुनसक्छ ।[३९] अर्को संयन्त्र कार्यान्वयनका लागि कठोर अनुज्ञाका साथ महिलाका निमित्त कोटा लागू गर्ने हुनसक्छ ।

***निर्वाचन प्रक्रिया***

***निर्वाचनपूर्व अपनाउनु पर्ने उपायहरू***

अरब राष्ट्रको सामाजिक ढाँचा पितृसत्तात्मक संरचनाद्वारा घेरिएको छ। निजी तथा सार्वजनिक क्षेत्रहरूमा पितृसत्तात्मक प्रभुत्वलाई चुनौती दिनु निश्चय नै अति जरुरी छ । अन्यत्र कतै छलफल गरिएअनुसार[४०] सामान्यतः मतदाता शिक्षा र नागरिक शिक्षा आधारभूत र अध्ययन गरिएका विषयहरूमा छरपस्ट रहेका देखिन्छन् । यसलाई निर्मूल गर्न राष्ट्रकेन्द्रित लिङ्ग संवेदनशील कार्यक्रमका योजनाहरूको ढाँचा तयार गर्न सुरु गरिएको छ ।[४१]

महिलाका सीमित राजनैतिक उजागरका अवसर तथा अनुभवले उम्मेदवारको रूपमा उनीहरूका अवसरलाई निश्चय पनि न्यून पारेको छ । समयको व्यवस्थापन, मतदातालाई लक्षित गर्न, स्वयम्सेवकहरूको भर्ना, सञ्चार, कोष सङ्कलन र कार्यक्षेत्र रणनीति तर्जुमा गर्ने तथा त्यसलाई लागू गर्ने जस्ता विषयमा महिला र तिनीहरूका अभियान व्यवस्थापकहरूका निमित्त सीप विकास तालिम र व्यक्तिगत सल्लाह-सुझाव ठूलो सफलताका साथ प्रयोग गरिएका छन् ।[४२] विगतका क्रियाकलापहरूको मूल्याङ्कनमा आधारित भएर यस्ता तालिम कार्यक्रमहरूलाई अझ विकसित पार्न सकिन्छ ।

महिला आन्दोलनहरू महिला सम्बन्धी विषयहरूप्रति ध्यानाकर्षण गर्न खेलेको भूमिका जत्तिको उम्मेदवारहरूलाई सहायता गर्न सफल देखिएका छैनन् । सबै गैरसरकारी संस्थालाई राजनैतिक विषयहरूमा संलग्न हुन लगाइएको बन्देज वा जातिवाद जस्ता पितृसत्तात्मक संरचना वा राजनैतिक परिवार जस्ता विभिन्न कारक तत्त्वका कारण यस्तो भएको हुन सक्छ, जसबाट उम्मेदवारहरूका निमित्त महिला समर्थन स्वतः पारिवारिक उम्मेदवारतर्फ लागेको हुन्छ । यी कारक तत्त्वहरूले पनि राजनैतिक दलभित्र नै पितृसत्तात्मक संरचनाहरूको अभेद्यताका साथ महिलाहरूलाई नामाङ्कन गर्न राजनैतिक पार्टीहरूलाई दबाब दिनमा महिला आन्दोलनका निमित्त अवरोध खडा गर्छ ।

***निर्वाचनताका अपनाइनु पर्ने उपायहरू***

यमन जस्तो राष्ट्रको आर्थिक-सामाजिक र सांस्कृतिक सामर्थ्यलाई मनन गर्दा त्यहाँको निर्वाचन ऐनले फाइदा पुऱ्याएको देखिन्छ । निरक्षरताको अवरोध हटाउन मतपत्रमा प्रत्येक उम्मेदवारका निमित्त प्रतीक तथा परिचय चिह्नहरू राखिएका थिए । महिला मतदातालाई नाम दर्ता गर्ने र निर्वाचन हुने दिनमा मत खसाल्ने प्रक्रिया निरीक्षण गर्ने जिम्मेवारी दिएर प्रत्येक निर्वाचन क्षेत्रमा महिला समिति स्थापना गर्नाले पनि मतदाताका रूपमा महिलाहरूको भूमिकालाई सहज बनायो र उनीहरूको उपस्थिति दरमा वृद्धि ल्यायो ।[४३] यमन र जोर्डन दुवैमा पुरूष र महिलाका निमित्त अलगअलग मतदान केन्द्र रहेका छन्, जसले ती समाजको परम्परागत प्रवृत्तिलाई सम्मान गर्छ । यसबाहेक, सन् २००३ को निर्वाचनमा जोर्डनले प्रत्येक मतदाताका निमित्त मतदान केन्द्र निश्चित गर्नुको बदला मतदातालाई आफ्नो जिल्लाभित्र रहेका कुनै पनि मतदान केन्द्र प्रयोग गर्ने अनुमति प्रदान गऱ्यो । यसले हिँडडुल गर्ने स्वतन्त्रता बढी सीमित रहेका महिला मतदाताहरूका निमित्त सहज पहुँच प्रदान गऱ्यो ।

यमनका सन्दर्भमा भने सन् २००३ को निर्वाचनमा ल्याइएको प्रत्येक स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ताका लागि ३०० जना मतदाताको समर्थन रहेको हुनुपर्ने अनिवार्य प्रावधानले महिलाहरूलाई गम्भीर बाधा पुऱ्यायो ।[४४] यस्तो परिपाटीले महिलाविरुद्ध घुमाउरो विभेद निर्माण गर्छ र यस्ता परिपाटीलाई निर्मूल पारिनु पर्छ ।

निर्वाचन आयोगहरूमा महिला प्रतिनिधित्व र समावेशिताले महिलाको राजनैतिक अग्रगमनमा प्रभावकारी प्रभाव पर्ने अपेक्षा गरिन्छ । यमनमा सन् १९९३ को निर्वाचन आयो गमा एक जनामात्र महिला थिइन् र त्यसपछि भने एकजना पनि महिला भएनन् । सन् २००३ मा जोर्डनमा महिला कोटा उपआयोग (जुन मतगणना र कोटाको सिटको विजेता घोषणा गर्नका लागि उत्तरदायी छ) मा एक जनामात्र महिला थिइन् । सुझाव दिइएको कोटाको संयन्त्रको मस्यौदा तयार पार्ने समितिमा महिला र पुरूषको समान प्रतिनिधित्व थियो, तैपनि निर्वाचन आयोगमै महिलाको सेवाको उपयोग गरिएको छैन । निर्वाचन आयोगहरूमा महिलाको समान प्रतिनिधित्व सुनिश्चित गर्नाले त्यो प्रक्रिया सहज हुन सक्नेछ ।

अन्त्यमा, यो मनन गर्नुपर्छ कि कैयन् अरब राष्ट्रमा निर्वाचन प्रक्रियाका सम्बन्धमा बेग्लै लैङ्गिक तथ्याङ्क सहज रूपमा प्राप्त छैन । यदि ती तथ्याङ्कहरू उपलब्ध गराइएको भए त्यसले निर्वाचन व्यवस्थाका कमजोरी र सबल पक्षलाई त्यसमाथि लैङ्गिक परिप्रेक्ष्यबाट ध्यानाकर्षण गर्नका लागि महत्त्व दिएर महिला सहभागितामा सुधार ल्याउन सहज बनाउन सक्ने थियो ।

## घ. निष्कर्ष

'महिला आन्दोलन...एउटा त्यो बिस्फोटक पदार्थ (detonator) हो, जसले नवपितृसत्तात्मक समाजलाई त्यसभित्रैबाट विस्फोट गराइदिन्छ । यदि विस्तार हुन दिइएमा र यसलाई आफैँ आउन दिइएमा यो पितृसत्तात्मक प्रतिगमन विरुद्ध स्थायी ढाल तथा भविष्यको आधुनिकताका निमित्त कोशे ढुङ्गा सावित हुनेछ ।'[४५]

प्रायजसो यस्तो मामिला हुन्छ कि अरब महिलाको राजनैतिक अवस्था र प्रतिनिधित्वबारे छलफल बढी सकारात्मक पक्ष प्रस्तुत गर्दै वा पछिल्लो १० वा १५ वर्षमा आएका समाधान प्रस्तुत गर्ने खर्चमा कठिनाइ र चुनौतीलाई उछाल्नतर्फ प्रवृत्त हुन्छ । सकारात्मक क्षण बलियो हुँदै गइरहेको छ, यो नमुना अध्ययन लेख्दाको छोटो अवधिमा नै पनि अरब महिलाका निमित्त बढी प्रत्यक्ष भूमिका र उपस्थितिका लागि प्रतिबद्ध हुने परिवर्तन भइरहेका थिए । हाल यस क्षेत्रमाथि चलिरहेको राजनैतिक सुधारको लहरबाट अरब समाजले पूर्ण लाभ लिने हो भने एउटा असल भविष्यको अग्रदूतको रूपमा आफ्नो पूर्ण सम्भाव्यतालाई दृढतापूर्वक निश्चय गर्दै महिलाहरूले ती प्रक्रियाको एउटा सक्रिय भाग हुनुपर्छ ।

### *पादटिप्पणी*

१ United Nations Development Programme (UNDP), 2002. *Arab Human Development Report 2002: Creating Opportunities for Future Generations*. New York: UNDP, p. 2.

२ According to Freedom House ratings, the 'partly free' countries are Bahrain, the Comoros, Djibouti, Kuwait, Jordan, Morocco and Yemen. The category of 'not free' includes Algeria, Egypt, Iraq, Lebanon, Libya, Mauritania, Oman, the Occupied Palestinian Territories (both Israeli- and Palestinian Authority-administered), Qatar, Saudi Arabia, Somalia, Sudan, Syria, Tunisia and the United Arab Emirates. Freedom House, 2004. *Freedom in the World 2004: Freedom in the World Country Ratings*, available at <http://www.freedomhouse.org/research/freeworld/2004/countryratings/>; and *Freedom in the World 2004: The Annual Survey of Political Rights and Civil Liberties*, <http://www.freedomhouse.org/research/survey2004.htm> (accessed 27 October 2004).

३ Khouri, Rami, 2004. 'Politics and Perceptions in the Middle East after September 11'. Social Science Research Council/Contemporary Conflicts (accessed 27 October 2004) available at <http://conconflicts.ssrc.org/mideast/khouri/pf> (accessed 26 October 2004).

४ Gambill, Gary C., 2003a. 'Explaining the Arab Democracy Deficit: Part I'. *Middle East Intelligence Bulletin.* Vol. 5, no. 2, February/March, available at <http://www.meib.org/articles/0302 me.htm>; and Gambill, Gary C., 2003b. 'Explaining the Arab Democracy Deficit: Part II'. *Middle East Intelligence Bulletin.* Vol. 5, no. 2, February/March, available at <http://www.meib.org/articles/0303 me1.htm> (both accessed 26 October 2004).

५ Karam, Azza, 1999. 'Strengthening the Role of Women Parliamentarians in the Arab Region: Challenges and Options', available at <http://www.pogar.org/publications/gender/karam1/karama.pdf>.

६ Ibid.

७ Sharabi, Hisham, 1988. *Neopatriarchy: A Theory of Distorted Change in Arab Society.* New York: Oxford University Press.

८ Karam 1999, op. cit.

९ World Bank, 2003. *Gender and Development in the Middle East and North Africa*: *Women in the Public Sphere*. Washington, DC: World Bank, pp. 8–9.

१० United Nations Development Fund for Women (UNIFEM), 2004. *Progress of Arab Women 2004*. Amman: UNIFEM Arab States Regional Office, p. 126.

११ Ibid., pp. 271, 287.

१२ Hamzeh, Alia, 2004. 'Leaders Adopt Reform Plan'. *Jordan Times,* available at <http://www.jordanembassyus.org/05242004001.htm> (accessed 24 October 2004).

१३ Joseph, Suad, 1997. 'The Reproduction of Political Process Among Women Activists in Lebanon: "Shopkeepers" and Feminists', in Dawn Chatty and Annika Rabo (eds). *Organizing Women.* Oxford: Berg, pp. 51–81.

१४ Brand, Laurie A., 1998. *Women, the State, and Political Liberalization: Middle Eastern and North African Experiences.* New York: Columbia University Press, p. 10.

१५ Inter-Parliamentary Union (IPU), 2005. 'Women in National Parliaments: Situation as of 31 January 2005', available at <http://www.ipu.org>.

१६ Linkages between legislation (covering such areas as family laws, social security, etc.) and labour force participation are discussed in World Bank 2003, op. cit. One can draw comparisons between constraints on labour force participation and political participation.

१७ A more detailed review of women and the electoral processes in these countries can be found in Sabbagh, Amal, 2004a. 'Electoral Processes in Selected Countries of the Middle East. A Case Study'. Presented at UN Expert Meeting: Enhancing Women's Participation in Electoral Processes in Post-conflict Countries, Office of the Special Adviser on Gender Issues and Advancement of Women (OSAGI) and Department of Political Affairs Expert Group Meeting, New York, January, available at <http://www.un.org/womenwatch/osagi/meetings/2004/EGMelectoral/epl-sabbagh.pdf>.

१८ Mashhur, Huriya, 2005. 'Political Participation by Yemeni Women', in International IDEA and the Arab NGO Network for Development (ANND), *Building Democracy in Yemen: Women's Political Participation, Political Party Life and Democratic Elections*. Stockholm: International IDEA and ANND.

१९ UNDP 2002, op. cit., p. 151.

२० Mashhur, Huriya, 2003. [Political participation of Yemeni women]. San'a: National Women's Committee (unpublished report, in Arabic), p. 7.

२१ Ibid., p. 15.

२२ Ibid., p. 14.

२३ Centre for Research and Training in Development (CRTD), 2003. 'Gender Profile of Lebanon 2003', available at <http://www.crtd.org> (accessed 12 January 2004).

२४ Ibid.

२५ Bizri, Dalal, 2000. [Democracy and women's political participation], in Hussein Abu Rumman (ed.), [Arab women and political participation]. Amman: al-Urdon al-Jadid Research Centre, p. 342 (in Arabic).

२६ CRTD 2003, op. cit.

२७ International Union of Local Authorities (IULA), 2003. 'Focus: Women in Local Government in the Middle East', available at <http://www.iula-int.org/iula/web/news.asp?L=ENJD=168> (accessed 16 December 2003).

२८ Sabbagh, Amal, 2004b. [Women in the discourse of Jordanian political parties]. Amman: Jordanian National Commission for Women (unpublished paper, in Arabic).

२९ *al-Ghad*, 2004. [Women parliamentarians an obstacle in achieving women's interests in society]. No. 69, October, pp. 3, 8.

३० Sabbagh, Amal, 2004c. [Cooperation between elected women and women leaderships in Jordan]. Paper submitted to the Noor Al-Hussein Foundation Fourth National Forum for Rural Women, 7 October (unpublished paper, in Arabic).

३१ *al-Arab al-Yawm*, 2003. [Women's victory in the governorates embarrasses women of Amman]. No. 2227, 7 July, p. 2; *ad-Dustour*, 2003a. [Al-Khoulu' battle resumes in Parliament]. No. 12966, 31 August, p. 16; *ad-Dustour*, 2003b. [Immediately required: A women's party]. No. 12904, 30 June, p. 21; *ad-Dustour*, 1999. [Parliament likely to reject amendment to article 340 of Penal Code]. no. 11589, 15 November, p. 17; *al-Ghad*, 2004; and *Jordan Times*, 2000. 'Press Stays Away from House Debate on Elections Law: Deputy Says Women's "Honour" Could Be "Jeopardized" If They Are Elected to Parliament'. No. 7607, 15 November, p. 3.

३२ See *al-Bilad*, 2003. [Adab Saud opens files and reveals all]. No. 524, 10 September, p. 5; *al-Arab Al-Yaum*, 2003; and *ad-Dustour*, 2003.

३३ Focus group discussion attended by the author on 4 August 2004. The discussion was held at the Jordanian National Commission for Women to discuss means of implementing the National Plan of Action which was adopted at the National Conference on Political Development and Jordanian Women.

३४ Brand 1998, op. cit., pp. 256–8.

३५ Sixteen of the 22 Arab countries have so far acceded to or ratified CEDAW. These are: Algeria, Bahrain, Comoros, Djibouti, Egypt, Iraq, Jordan, Kuwait, Lebanon, Libya, Mauritania, Morocco, Saudi Arabia, Syria, Tunisia and Yemen. All of these countries have made reservations on certain articles of the Convention. (UNIFEM 2004, op. cit.)

३६ See Karam 1999, op. cit., and Sabbagh 2004b, op. cit.

३७ Sabbagh 2004b, op. cit.

[३८] *al-Arab al-Yawm,* 2004. [Daoudieh: Parties are national institutions that will be supported]. No. 2596, 14 July, p. 23.

[३९] United Nations, Office of the Special Adviser on Gender Issues and Advancement of Women (OSAGI), 2004. UN Expert Meeting: Enhancing Women's Participation in Electoral Processes in Post-conflict Countries. OSAGI and Department of Political Affairs Expert Group Meeting, New York, January, available at <http://www.un.org/womenwatch/osagi/meetings/2004/EGMelectoral/finalreport.pdf>.

[४०] Sabbagh 2004a, op. cit.

[४१] The 2004 National Conference on Jordanian Women and Political Development developed the National Plan of Action focusing on the importance of designing such curricula with the participation of major stakeholders such as women's NGOs and political parties. The Jordanian Prime Minister, Faisal al-Fayez, endorsed this Plan of Action at the close of the conference on 1 August 2004 and preparations are under way to start with the design of each measure outlined in the Plan of Action. The role of women's NGOs will not be limited to the design of these programmes but will also include their delivery. Jordanian National Commission for Women (JNCW), 2004. National Plan of Action. 'Political Development and Jordanian Women: Discourse and Mechanisms'. JNCW: Amman. 3 July–1 August.

[४२] Sabbagh 2004a, op. cit.

[४३] Mashhur, 2005, op. cit.; and Colburn, Martha, 2002. *Gender and Development in Yemen.* Bonn: Friedrich-Ebert Stiftung.

[४४] Mashhur, 2005, op. cit.

[४५] Sharabi 1988, op. cit., p. 154.

## थप अध्ययन सामग्री


Arab Inter-Parliamentary Union (AIPU). 'State of Qatar', available at <http://www.arab-ipu.org/members/majles.asp?Maj=12>; and 'Sultanate of Oman', available at <http://www.arab-ipu.org/members/majles.asp?Maj=29> (accessed 24 October 2004)

*ad-Dustour*, 2004. [Daoudieh: Criteria for party support and funding based on objective standards]. No. 13280, 14 July, p. 2

Inter-Parliamentary Union (IPU), 2004. 'General Information about Parliamentary Chambers', available at <http://www.ipu.org/parline-e/reports/> and <http://www.ipu.org/wmn-e/classif.htm> (accessed 24 October 2004)

Palestinian Legislative Council (PLC). 'The Elections', available at <http://www.pal-plc.org/english/about/elections.html> (accessed 24 October 2004)

## नमुना अध्ययन : इक्वेडोर

# इक्वेडोरः
# पूरा नभएको कार्य ।
# आदिवासी जनजाति महिलाको राजनैतिक सहभागिता

निना पकारी

ल्याटिन अमेरिकाको करिव पचास करोड जनसंख्यामध्ये करिव ४ करोड आदिवासी जनजाति छन् । आदिवासी जनजातिका मानिसको प्रभुत्व रहेका राष्ट्रमा ग्वाटेमाला, बोलिभिया र इक्वेडोर हुन् । ग्वाटेमालामा जनजातिको जनसंख्या ४३ देखि ७० प्रतिशतसम्म रहेको अनुमान गरिएको छ, बोलिभियामा कुल जनसंख्याको ८० प्रतिशत आदिवासी जनजाति रहेका छन्, जसमध्ये धेरैजसोले गरिबीमा जीवन बिताइरहेका छन् । इक्वेडोरमा करिव ४५ प्रतिशत जनसंख्या आदिवासी जनजातिको रहेको छ र उनीहरू गम्भीर असमताबाट पिल्सिएका छन् । ग्रामीण जनसंख्याको ९० प्रतिशत आदिवासी जनजातिको छ र प्राय सबैजसोले चरम गरिबीमा जीवन व्यतित गरिरहेका छन् ।[1]

ल्याटिन अमेरिकामा आदिवासी जनजाति महिलाको राजनीतिक सहभागिता हालसालकै मात्र घटना हो । गुणात्मक र संख्यात्मक दुवै दृष्टिले सामान्यतया महिलाहरूले अग्रगमनको गति लिएको देखाउन सकिने घटनाहरु भए पनि आदिवासी जनजातिका महिलाका सम्बन्धमा त्यस्तो अग्रगमन ज्यादै अस्थायी प्रकृतिको रहेको छ । सामान्यतया ल्याटिन अमेरिकामा र विशेषतः इक्वेडोरमा आदिवासी जनजातिका मानिसले राजनैतिक प्रणालीसँग गरेको संघर्ष र युद्ध इतिहासले आदिवासी जनजातिका महिलाविरुद्ध चरम विभेदलाई उक्सायो र यसले नै उनीहरूलाई असमावेशी प्रवृत्तितर्फ डोऱ्यायो ।

सन् १९८० को दशकको सुरुमा इक्वेडोरमा महिला आन्दोलन जातीय वा सांस्कृतिक वास्तविकता वा लिङ्ग संवेदनशील पद्धतिहरूको बढ्दो आवश्यकतालाई मनन नगरीकन महिलाका लागि अनुकूल ऐन प्रस्ताव गर्नमा केन्द्रित थियो । त्यस समयमा ऐनमा ल्याइएको एउटा परिवर्तन नै महिलाको वास्तविक अवस्थामा ठोस र तत्काल परिणाममा अनुवाद हुनेछ भन्ने सोचिएको थियो । यद्यपि, अनुभवले अर्कै कुरा देखाएको छ । नागरिक, श्रम,

आपराधिक, निर्वाचन र संवैधानिक कानुनमा समेत परिवर्तन भएको भए तापनि इक्वेडोर जस्तो बहुसांस्कृतिक परिस्थितिमा राष्ट्रिय नागरिकता संरचना प्रक्रियामा विशेष गरेर प्रतिघातहरूका साथ मुख्य लोकतान्त्रिक कमी रहेको छ ।

आदिवासी जनजातिको राजनैतिक सहभागिताबारे सामान्य सिंहावलोकनबाट सुरु भएर यस घटना अध्ययनले इक्वेडोरियन कंग्रेसमा आदिवासी जनजाति महिलाको सहभागिताको विश्लेषण गर्छ । यसबाट सिकिएका सबैभन्दा महत्त्वपूर्ण पाठहरूमध्येका केही मुख्य चुनौती र समावेशिता सम्बन्धी रणनीतिहरू र सार्वजनिक कार्यमा आदिवासी जनजाति महिलाको पूर्णराजनैतिक सहभागिताको यसले पहिचान गर्दछ ।

## *पृष्ठभूमि*

पुरूषप्रधान पितृसत्तात्मक राजनैतिक प्रणाली खेपेका महिलाको तुलनामा आदिवासी जनजातिका मानिसहरूले आफूलाई पहिचानको विविधतालाई बहिष्करण गर्ने *एकल जातीय राजनैतिक प्रणाली* [२] सँग आमनेसामने भएको पाउँछन् ।

सामान्यतया, ल्याटिन अमेरिकामा एक हजार वर्ष पुरानो समृद्ध संस्कृतिका संवाहक आदिवासी जनजातिका मानिसले आफ्नो सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक र सांस्कृतिक सङ्गठनलाई कायम राखेका छन् । सन् १९९० को दशकताका आदिवासी जनजातिका मानिसका अधिकारहरू समावेश र स्थापना गर्ने विश्वव्यापी आन्दोलनको प्रतिक्रियाको एउटा भागको रूपमा राजनैतिक मञ्चमा आउँदै तिनीहरूले आफ्नै अधिकारमा सामाजिक पात्रहरूको रूपमा मान्यता पाउन थाले ।

हाल आदिवासी जनजातिका मानिसले राजनैतिक पात्रहरूको रूपमा त्यस क्षेत्रभरि नै मान्यता पाएका छन्, जसले भूमि दाबी र भूमिमाथि जनजातिको अधिकारको प्रभावकारी पुनर्प्राप्तिसँग सम्बन्धित मात्र नभई राज्यको ढाँचा र प्रतिनिधिमूलक राजनैतिक प्रणालीमा संरचनागत परिवर्तनबारे पनि प्रस्ताव ल्याउँछन् । यसका अतिरिक्त, आदिवासी जनजातिका मानिसले उनीहरूलाई राजनैतिक सहभागितामा मात्र नभई समान आर्थिक विकासमा समेत समावेश नगर्ने औपचारिक लोकतन्त्रलाई चुनौती दिएका छन् । राजनैतिक रूपले सहभागी भएर परिवर्तनका संवाहक हुन आदिवासी जनजातिका मानिसले प्रत्येक राष्ट्रमा ऐनले प्रदान गरेका कानुनी र शासकीय आवरणको मातहतमा त्यस क्षेत्रका राष्ट्रहरूको राजनैतिक जीवनमा सहभागी हुनुपरेको थियो । इक्वेडोरमा जस्तो केही मामिलामा तिनीहरूले सुधारको विजय प्राप्त गरेका छन्, जसले तिनीहरूको सहभागिता प्रवर्द्धन गरेको छ ।

आदिवासी जनजातिको सहभागितासम्बन्धी संवैधानिक प्रावधानका क्षेत्रमा ल्याटिन अमेरिकामा दुईवटा महत्त्वपूर्ण अनुभव रहेका छन् । त्यस क्षेत्रका अन्य संविधानहरूको तुलनात्मक विश्लेषणले देखाए अनुसार 'जातीय कोटा' भनेर जेलाई भन्न सकिन्छ, त्यसलाई कोलम्बियाले मात्र मान्यता दिएको छ । कोलम्बियाको संविधानअन्तर्गत सिनेटमा विशेष राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट आदिवासी जनजातिका समुदायद्वारा निर्वाचित आदिवासी जनजातिका दुईजना प्रतिनिधि हुनसक्छन् ।[३] यो महत्त्वपूर्ण अग्रगमन भए तापनि

सिनेटरको रुपमा आदिवासी जनजातिबाट कुनै पनि महिला विजयी भएका छैनन् । निकारागुवामा स्वशासित क्षेत्रहरूको मान्यता र सृजनाले व्यवस्थापिकामा महिला पहुँच सहज हुनतर्फ डोऱ्याएको छ । आदिवासी जनजातिहरूको सङ्गठनको राजनैतिक विकास र केही क्षेत्रका लागि हालको स्वशासित शासन व्यवस्था सृजना गर्ने कानुनी खाकाद्वारा राजनैतिक पार्टीहरूले आफ्नो सूचीमा आदिवासी जनजातिका मानिस विशेष गरेर आदिवासी जनजाति महिलाहरूलाई समावेश गर्नु आवश्यक भएको छ ।[४]

इक्वेडोरको मामिलामा सन् १९९४ मा त्यहाँको आदिवासी जनजाति संगठन (CONAIE) को आन्दोलनले संविधानमा संशोधनको प्रस्ताव ल्यायो, जसअनुसार प्रत्येक प्रान्तमा जनजातिका मतदाताद्वारा निर्वाचित हुने एकजना अतिरिक्त विधायक हुन सक्ने प्रावधान थियो । कंग्रेसले त्यो प्रस्ताव स्वीकार गरेन । पछि सन् १९९६ मा निर्वाचनमा राजनैतिक पार्टीका अतिरिक्त स्वतन्त्र आन्दोलनहरूको सहभागितालाई अनुमति दिने एउटा प्रस्ताव स्वीकृत भयो । त्यस बेलादेखि हालसम्म आदिवासी जनजाति आन्दोलन बहुजाति एकताका लागि पाचाकुटिक आन्दोलन-नयाँ राष्ट्र (Pachakutik Movement for Multinational Unity-New Country) को स्थापनालाई प्रवर्द्धन गर्दै निर्वाचनमा सहभागिता तर्फ लाग्यो । सन् १९९६ को निर्वाचनमा निर्वाचित ८२ जना सदस्यहरुमध्ये विधानसभामा यसका ८ जना सदस्य (जसमध्ये ४ जना आदिवासी जनजातिका र तीमध्ये कोही पनि महिला थिएनन्) निर्वाचित भएपछि यो राजनैतिक दृश्यमा आयो । यसका अतिरिक्त यसले आफ्ना १३ जना उम्मेदवारहरू नगरप्रमुखको पदमा निर्वाचित भएको पायो जसमध्ये ७ जना आदिवासी जनजातिका थिए ।

बोलिभिया, पेरु र ग्वाटेमालाजस्ता अन्य राष्ट्रमा आदिवासी जनजातिका मानिस राजनैतिक पार्टीहरूसँग गठबन्धन गरेर निर्वाचनमा सहभागी भएका छन् । आदिवासी जनजातिका मानिसको सरोकारका समर्थनकहरु राजनैतिक दलहरूको कार्यसूचीको विपरीत लागे । यी कठिनाइलाई परास्त गर्ने प्रयास स्वरुप सन् १९९० को दशकमा आदिवासी जनजाति समूहहरूले राजनैतिक पार्टीहरूसँग अल्पकालीन र खास विषयमा आधारित गठबन्धन गरे । उदाहरणका लागि बोलिभियामा आदिवासी जनजातिको राजनैतिक पार्टी टुपाक कातारीले नवउदार राजनैतिक पार्टीहरूसँग कार्यक्रमप्रधान गठबन्धन स्थापना गऱ्यो र त्यहाँको व्यवस्थापिकामा एकजना जनजातिको उपाध्यक्ष अनि एकजना आइमारा महिलासहित करिव तीनजना सदस्य निर्वाचित गराउन सफल भयो ।

सामान्यतया, राजनीतिमा आदिवासी जनजातिका मानिसको सहभागिताको अनुभव तात्कालिक घटना हो । सबै अनुभव सकारात्मक छैनन्, तर आदिवासी जनजाति महिलाका निमित्त बढ्दो प्रतिष्ठित भूमिका दिन सक्ने क्षेत्रीय र सामाजिक परिवर्तनलाई बढावा दिन र नयाँ परिप्रेक्ष्य तयार गर्न तिनीहरूले यसलाई बढी सम्भव बनाएका छन् ।

## *महिलाको राजनैतिक सहभागिता*

साक्षर महिलालाई मतदानको अधिकार दिने सन् १९२९ को इक्वेडोरको संविधान ल्याटिन अमेरिकाकै पहिलो संविधान थियो । इक्वेडोरमा एक सदनात्मक व्यस्थापिका रहेको छ र सन् १९७८ मा लोकतन्त्रमा फर्किएपछि पहिलो चरणमा यसले गोप्य बन्दसूची, सार्वजनिक र प्रत्यक्ष मतपत्र प्रयोग गरेर 'राष्ट्रिय' र 'प्रान्तीय' प्रतिनिधिहरू निर्वाचित गरेको छ । सन् १९९८ मा राष्ट्रिय व्यवस्थापिका सभा (सन् १९९७ मा त्यसबेलाका राष्ट्रप्रमुख *अब्दाला बुकाराम*लाई अपदस्थ गरेको परिणामस्वरूप स्थापना भएको) का सदस्यहरूले खुला सूची सहितको समानुपातिक प्रतिनिधित्व समावेश गर्न संविधान (निर्वाचन प्रणालीबारेको धारा ९९) संशोधन गरियो ।

गत दशकले इक्वेडोरको राजनैतिक जीवनका सबै क्षेत्रमा महिला सहभागितामा उल्लेख्य वृद्धि देखेको छ । सन् १९९८ मा ५.३ प्रतिशतदेखि सन् २००० मा विभिन्न स्तरमा महिलाको समग्र प्रतिनिधित्व २४.८ प्रतिशतको उच्च स्थानमा पुगेको छ।[५] सन् १९९८ को निर्वाचनमा निर्वाचित सदस्यमध्ये १३.२ प्रतिशत (१२१ जना विधायक मध्ये १६ जना) महिला थिए अनि अरू बैकल्पिक महिलाले मुख्य व्यवस्थापिका सदस्यहरूलाई स्थायीरूपमा वा आंशिक रूपमा प्रतिस्थापन गरेपछि यो संख्या सन् २००० मा वृद्धिभई २० प्रतिशत पुग्यो । उल्लेख्य कुरा के छ भने सन् १९९८ देखि २००० सम्मको पदावधिका लागि एकजना आदिवासी जनजाति महिला सो सभामा उपाध्यक्ष निर्वाचित भएकी थिइन् र सन् २००० को अगस्टमा छोटो अवधिका लागि एक जना आदिवासी जनजाति महिला राष्ट्रिय कांग्रेसको सभाध्यक्ष बनिन् । सन् २००२ को निर्वाचनमा कांग्रेसका १०० सिट (अहिलेको) मध्ये १९ जना वैकल्पिक महिलासहित १७ वटा सिट (१७ प्रतिशत) महिलाले जितेका थिए ।

महिला आन्दोलनले वकालत गरेका तीन वटा संशोधनले कांग्रेसमा महिला सहभागिताको स्तरमा परिवर्तन ल्यायो वा परिवर्तन प्रतिविम्बित भयो । आन्दोलनले वकालत गरेका तीन वटा कानुनी रूपहरू निम्नानुसार छन्:

- सन् १९९७ को लेइ डी आम्पारो लाबोराल वा कोटा कानुन (Quota Law), जसले एक जनाभन्दा बढी सिट भएका निर्वाचन क्षेत्रहरूमा पार्टी सूचीमा न्यूनतम २० प्रतिशत महिला कोटा स्थापना गऱ्यो (सन् १९९८ को निर्वाचनमा लागू गरिएको),
- सन् १९९८ को संवैधानिक सुधार जसले निर्वाचनमा महिला र पुरूषको समान सहभागिता प्रदान गर्छ (धारा १०२), र
- निर्वाचन कानुनको सुधार वा सन् २००० को राजनैतिक सहभागिता कानुन, जसले राजनैतिक दलको सूचीमा महिलाहरूका निमित्त कोटा (Quota) निर्धारण गर्छ। त्यो कोटा (Quota) न्यूनतम ३० प्रतिशत र समान प्रतिनिधित्व अर्थात् ५० प्रतिशत नपुगेसम्मको बिन्दुसम्म प्रत्येक निर्वाचनमा ५ प्रतिशतले बढाउनु पर्छ। संविधानको धारा १०२ ले निम्न लिखित सर्तहरूमा महिलाको राजनैतिक सहभागिताको प्रत्याभूति दिन्छ: 'राज्यले निर्वाचनमा, सार्वजनिक क्षेत्रमा, न्याय प्रशासनमा, निगरानी गर्ने निकायहरूमा र राजनैतिक दलहरूमा

> निर्देशन दिने, निर्णय लिने निकायहरूमा उम्मेदवारको रूपमा पुरुष र महिलाको समान सहभागितालाई प्रवर्द्धन र सुनिश्चितता गर्नेछ ।' यस संवैधानिक सुनिश्चितताअन्तर्गतको निर्वाचन ऐनमा सन् २००० फेब्रुअरीमा धेरै संशोधनहरू गरिएका थिए । अहिलेको राजनैतिक सहभागिता ऐनको धारा ५८ ले भन्छ : 'एक जनाभन्दा बढी व्यक्ति निर्वाचित हुनुपर्ने निर्वाचनहरूमा उम्मेदवारको सूची वैकल्पिक र क्रमागत आधारमा कार्यालयका लागि उम्मेदवार न्यूनतम ३० प्रतिशत र विकल्पका लागि ३ प्रतिशत महिलाका साथ पेस गर्नुपर्छ, यो प्रतिशत प्रतिनिधित्वमा समानता प्राप्त नभएसम्म प्रत्येक आमनिर्वाचनमा अतिरिक्त ५ प्रतिशतले वृद्धि गरिनुपर्छ । जातिगत सांस्कृतिक सहभागितालाई ध्यान दिइनुपर्छ ।' त्यही ऐनका अन्य प्रावधानले त्यस प्रावधानको भावनालाई सम्मान गरिएको निश्चित गर्दै उम्मेदवार दर्ता गर्ने प्रक्रिया विस्तृत रूपमा निर्धारण गरेको छ ।[६]

सम्पूर्ण पार्टी र राजनैतिक आन्दोलनका लागि वैकल्पिक र क्रमागत आधारमा सूचीमा महिलाको निश्चित प्रतिशत समावेश गर्नुपर्ने आवश्यकता रहेको हुँदा निर्वाचन ऐन एउटा वास्तविक कानुनी उपलब्धि भएकाले त्यसले महिलाको समान सहभागिताका सम्बन्धमा चुनौतीहरूलाई व्यवहारमा प्रतिनिधित्व गरेकाले सन् २००० मेको निर्वाचनमा सूचीमा महिला उम्मेदवार राख्ने सम्बन्धमा स्थानीय र प्रान्तीय निर्वाचनमा एउटा निर्देशन जारी गरेर सर्वोच्च निर्वाचन न्यायाधीकरणले यसको सही प्रयोगमा बाधा पुऱ्यायो । त्यसको परिणामस्वरूप त्यसप्रकारले 'वैकल्पिक र क्रमागत' सम्बन्धी कानुनको कार्यादेशको खण्डन गर्दै महिलाहरूलाई अन्तिम पदहरूमा तह वा दर्जा घटाइयो ।[७] सन् २००४ को प्रान्तीय निर्वाचनअगावै सर्वोच्च निर्वाचन न्यायाधीकरणले राजनैतिक पार्टीका नेताहरू र उम्मेदवारसम्मका लागि निर्वाचनसूची कसरी तयार गर्ने भन्नेबारे एउटा निर्णय जारी गऱ्यो । यद्यपि, त्यस ऐनको सोझो प्रतिरोधमा पार्टीहरूले सूचीमा महिला उम्मेदवार नामहरूको विकल्प क्रमका सम्बन्धमा कानुनी आवश्यकता पूरा गरेनन् । यसप्रकारले सूचीमा राखिनुपर्ने क्रम सूचीको कार्यादेशमा अवरोध खडा गरियो अनि महिलाहरूलाई पार्टीसूचीमा तल्लो पदमा तह वा दर्जामा झारियो । राष्ट्रलाई दिइने आफ्नो प्रतिवेदनमा सर्वोच्च निर्वाचन न्यायाधीकरणले यसबारे विवरण दिएन, तर विभिन्न महिला सङ्गठनको मागका प्रतिक्रियामा आफूलाई त्यस निर्देशनलाई पुनवरालोकन गर्नतर्फ प्रतिवद्ध बनायो । विशेष अदालतले सन् २००४ सम्ममा यो वचनबद्धता पूरा गरेको थिएन, त्यस विपरीत यसले उल्लिखित निर्देशनलाई निर्वाचन ऐनमा समावेश गर्ने एउटा सुधारको प्रस्ताव गरेको छ ।

## प्रान्तीय निर्वाचनहरू

निर्वाचनमा महिला सहभागिताका सम्बन्धमा भएका कानुनी उपलब्धिहरूका बाबजुद आदिवासी जनजाति महिलाका निमित्त लाभहरू अझै पनि अगम्य छन् । राजनीतिक दल र राजनैतिक आन्दोलनहरूले जातीयता र संस्कृतिलाई मनन गर्नुपर्छ भनेर ऐनले औंल्याए तापनि सन् २००० र २००४ का प्रान्तीय निर्वाचनमा राजनैतिक दलहरूले कुनै पनि आदिवासी जनजाति वा काला महिलालाई आफ्नो सूचीमा समावेश गरेनन् । सन् २००० को निर्वाचनमा प्रमुख पदको निर्वाचन सूचीमा ९५२ पुरुष (९२ प्रतिशत) र ८० जना महिला

(८ प्रतिशत) समावेश गरिएका थिए। उम्मेदवारहरूको कुल संख्यामध्ये १०६ जना पाचाकुटिक आन्दोलनद्वारा प्रस्तुत गरिएका थिए, जसमध्ये ७ जना मात्र महिला थिए। उनीहरूमध्ये कोही पनि आदिवासी जनजाति थिएनन्। सन् २००४ मा सम्पन्न प्रान्तीय सभा निर्वाचनमा १२९ जना महिला उम्मेदवारले भाग लिए। महिला सहभागितालाई एउटा सानो तर सकारात्मक बल दिँदै तीमध्ये ९ जना पाचाकुटिक आन्दोलनद्वारा प्रस्तावित थिए। हुन त यो निर्वाचनमा १३ जना महिला मात्र विजयी भए, जसमध्ये ३ जना पाचाकुटिक आन्दोलनबाट प्रस्तावित थिए। अहिले प्रमुखको रूपमा उनीहरूले सेवारत छन्।

संक्षेपमा भन्नु पर्दा, इक्वेडोरका राजनैतिक दलहरू आदिवासी जनजाति महिलाको सहभागिताका सम्बन्धमा एउटा स्पष्टरूपमा केन्द्रित भएका छैनन् वा त्यसप्रति रुचि प्रदर्शन गर्दैनन्। त्यसै बखत परम्परागत राजनैतिक पार्टीहरूको असमावेशी र आधिपत्यको प्रकृतिका कारण आदिवासी जनजातिका मानिसहरू र विशेषतः आदिवासी जनजाति महिलाले तिनीहरूमा सहभागी हुनमा उत्कट अभिलाष देखाउँदैनन्, र आफ्नो प्रारम्भिक सहभागिता त्यही अनुसारले प्रायः पाचाकुटिक आन्दोलनद्वारा मात्र प्रदर्शन गरेका छन्।

## *आदिवासी जनजाति महिलाहरूको सहभागिता*

राजनीतिमा महिलाविरुद्धको विभेदले अन्य महिलालाई भन्दा आदिवासी जनजाति महिलालाई बढी कडा प्रहार गर्छ। महिलाहरूको समग्र राजनैतिक उपलब्धिसँग तुलना गर्दा लोकप्रिय निर्वाचनको परिणामस्वरूप सार्वजनिक कार्यालयमा आदिवासी जनजाति महिलाको उपस्थिति निराशाजनक रुपमा न्यून रहेको छ। सन् १९९८ देखि २००२ सम्मको अवधिका निमित्त कंग्रेसको मुख्य विधायक निर्वाचनको सूचीमा पाचाकुटिक आन्दोलनबाट एक जना मात्र क्विचुआ महिला थिइन् भने वैकल्पिकहरूको सूचीमा इज्क्विर्दा डेमोक्रारिया पार्टीका लागि बाह्रौं स्थानमा एक जना मात्र आदिवासी जनजातिकी महिलालाई समावेश गरिएको थियो। यथार्थमा कुनै पनि आदिवासी जनजाति महिला मुख्य विधायक वा वैकल्पिकसमेत रहेका छैनन्।

पाचाकुटिक आन्दोलनमा समेत सामान्यतया महिला र खास गरेर आदिवासी जनजाति महिला कसरी बढी सहभागी भएका छैनन् वा उनीहरूले कसरी बढी अहम् भूमिका खेलेनन् भनेर बुझ्न कठिन छ। यसका लागि महिला शिक्षा र तालिमको कमी एउटा सम्भाव्य स्पष्टीकरण हुनसक्छ। अर्को महत्त्वपूर्ण कारक तत्त्व आदिवासी जनजाति महिलाहरूले राजनीतिमा संलग्न हुने अवस्था - सामान्यतया गहन सामाजिक, राजनैतिक अनि आर्थिक कठिनाइहरू र बेफाइदाको प्रतिस्पर्धा हो, जसले तिनीहरूलाई राजनीतिबाट जबरजस्त ढङ्गले निरुत्साहित गर्छ।

## *सिकिएका पाठहरू*

राजनैतिक र सामाजिक दृष्टिकोणबाट आदिवासी जनजाति महिलाहरूले प्रक्रियात्मक र खास परिवर्तनलाई सम्वर्द्धन गरिरहेका छन् अनि नागरिक सहभागिता र पारदर्शी तथा सामूहिक

प्रशासनको अग्रणी विकास गरिरहेका छन् । यसका अतिरिक्त लिङ्ग र पिँढीसँग सम्बन्धित मामला, जातिगत र सांस्कृतिक विषय, पर्यावरणीय पहिचान र स्थानीय सरकारहरूले प्रवर्द्धन गरेका एकीकृत विकासको अवधारणामाथि बढी ध्यान दिइएको छ ।

आदिवासी जनजाति महिलाहरूले उम्मेदवार भएको समयदेखिका साथै निर्वाचित भइसकेपछि पनि आफू त्यसभित्र रहँदाको वास्तविकताले महिलाको राजनैतिक कार्यको गति वृद्धि गर्न, राजनैतिक नेतृत्व नवीकरण गर्न र राजनीतिमा महिला समावेशीकरणलाई प्रवर्द्धन गर्ने सन्दर्भमा ठूला चुनौतीहरू व्यहोरेका हुन्छन् । तथापि अनुभवले केही महत्त्वपूर्ण पाठहरुतर्फ इङ्गित गर्छ ।

१. *एउटै राजनैतिक योजनामा आकार लिएको महिलाको साझा कार्यसूचीको अभाव* । कांग्रेसको अनुभवले देखाउँछ कि आर्थिक नीतिसँग सम्बन्धित कुरामा छलफल गर्दा राजनैतिक पार्टीका विचारधाराले कार्यसूची तथा मतदानको प्रक्रिया निर्धारण गर्ने भएकाले लैङ्गिक प्रभावका सम्बन्धमा मतैक्य हुँदैन । उदाहरणका लागि महिला अधिकार वा परिवारको अधिकारसँग सम्बन्धित मुद्दाहरूमा विभिन्न दृष्टिकोणमा सहमति गराउन सकिन्छ, तर अन्य क्षेत्रका विशेष गरी आर्थिक क्षेत्रका प्रस्तावहरूका सम्बन्धमा त्यस्तो भएको छैन ।[८]

२. *उम्मेदवारका रूपमा आदिवासी जनजातिका केही महिलाले मात्र मनोनयन गर्छन्* । सामान्यतया राजनैतिक दलहरूले आफ्ना उम्मेदवारको सूचीमा आदिवासी जनजाति वा कालाजातिका कुनै पनि महिलालाई समावेश गरेनन् ।

३. *निरक्षरताको संरचनागत समस्या रहेको छ* । सन् १९९६ मा पहिलो पटक आदिवासी जनजाति आन्दोलनले चुनावमा भाग लियो । यस सहभागिताका अपेक्षाहरूको आकलन गर्न आदिवासी जनजाति मतको विशेषता र प्रभावकारिता हेर्नका लागि एउटा मत सर्भेक्षण गरिएको थियो । पहिलो परिणामले के सङ्केत गऱ्यो कि निरक्षर भएकाले आदिवासी जनजातिका ४५ देखि ५५ वर्षसम्मका मतदातामध्ये ८० प्रतिशतले कसरी मतदान गर्ने भन्नेबारे जानेका थिएनन् । त्यसमध्ये ठूलो संख्या महिलाको थियो ।

४. *सरकारमा महिलाको कार्य सम्पादनको गुणस्तरमा सुधार ल्याउन तालिमको कमी* । आदिवासी जनजातिको, खास गरेर आदिवासी जनजाति महिलाहरूको नेतृत्वले सरकारमा सहभागितामा हाल रहेको स्तरमा सुधारबिना टिकिरहन कठिन भएको पाउनेछन् । प्रशासनिक, कानुनी र प्राविधिक कुरामा कमजोरीहरू स्पष्ट देखिएका छन् ।

५. *आदिवासी जनजाति आन्दोलनमा ठोस राजनैतिक अनुभवको कमी रहेको छ* । राजनीतिमा आदिवासी जनजातिको सहभागिता एकीकृत छैन त्यसैले यस सन्दर्भमा लैङ्गिक कार्यसूची र महिला समावेशिताले प्राथमिकता पाएको देखिँदैन ।

६. *निर्वाचन परिणामहरूमा आदिवासी जनजाति आन्दोलनको सम्भाव्य शक्ति प्रतिबिम्बित भएको छैन* । आदिवासी जनजाति आन्दोलनले एउटा बलियो साङ्गठनिक आधार रहेको र

हालैका वर्षहरूमा धान्न सकिने र विचारणीय सामाजिक दबाब दिन सक्ने क्षमता प्राप्त गरेको भए तापनि त्यो कुरा पाचाकुटिक आन्दोलनका निर्वाचन परिणाहरूमा प्रतिबिम्बित भएको छैन । एउटा सामाजिक आन्दोलनको रूपमा यसको भार चुनावी राजनीतिमा उपलब्धिमा स्वतः अनुदित भएको छैन, जसले त्यस बाटोबाट सहभागी हुने आदिवासी जनजाति महिलाको क्षमतामाथि असर पार्छ ।

७. *सहमतिको राजनैतिक संस्कारको कमी* । यसले समयमा निर्णय लिने कार्यमा सुस्ती ल्याउँछ साथै सरकारमा कार्यसम्पादनको प्रभावकारितामाथि असर पार्छ ।

## *मुख्य चुनौतीहरू*

राजनीतिमा महिला सहभागिता र विशेषगरी आदिवासी जनजाति महिलाहरूको सहभागिता प्राप्तिका लागि कैयन् चुनौतीलाई सम्बोधन गरिनैपर्छ ।

१. पहिलो आधारभूत चुनौती सूची निर्धारण गर्नुमा मात्र नभई गुणस्तर प्राप्तिको र वास्तवमै चुनावमा जित्नमा छ, साथै लैङ्गिक समता एवम् सामाजिक समानतामा आधारित एउटा लोकतान्त्रिक दृष्टिकोणका बीच सन्तुलन जमाउनु हो । सजावटका लागि मात्र होइन, वास्तवमै निर्वाचित हुनसक्ने पदहरूको सूचीमा महिला हुनुपर्छ ।

२. दोस्रो चुनौती राजनीतिमा महिलाको प्रवेशलाई लोकतन्त्रको संस्थापन र विकासका लागि नयाँ सम्भावना दिने खालको एउटा अर्थ व्यवस्थाको प्रवर्द्धनसँग जोड्नु हो । असमावेशी र एकल सांस्कृतिक पितृसत्तात्मक शक्तिको संरचनामा गहन परिवर्तन ल्याउने खालको एउटा राजनैतिक योजना तर्जुमा गर्नका निमित्त महिलाको सहभागिता नभई हुँदैन ।

३. तेस्रो चुनौती हाल सञ्चालनमा रहेका शैक्षिक प्रयत्नको माध्यमद्वारा सहभागिताका लागि महिलालाई तालिम दिनु हो, जसद्वारा महिलाले आफ्नो ज्ञानलाई फराकिलो बनाउन सक्छन् र आत्मसम्मान वृद्धि गर्न सक्छन् ।

४. चौथो चुनौती लैङ्गिक परिप्रेक्ष्यलाई पार्टी विधान र कार्यक्रमहरूमा समावेश गर्नु हो । ल्याटिन अमेरिकी संसदहरूमा एउटा आमरूपमा चलनमा रहेको 'दलको सचेतकले अधिकार नदिइकन कसैले संसदमा सदस्यहरू बस्ने र बोल्ने स्थान लिन सक्दैन' भन्ने पार्टी निर्देशनलाई पराजित गर्नैपर्छ ।

५. आदिवासी जनजाति महिलाको राजनैतिक सहभागितालाई प्रवर्द्धन गर्नु अति आवश्यक छ । तिनीहरूले प्रायजसो जातिवादविरुद्ध लड्नु पर्छ र ती मुद्दाहरूबारे जानकारी र द्वन्द्वलाई सामना गर्ने धारण क्षमता र चलनलाई तोड्नका लागि आफ्नो क्षमता प्रदर्शन गर्नुपर्छ । यो काम समाजमा आमूल परिवर्तन ल्याउनमा मद्दत गर्ने र बहुसंस्कृति र बहुलतालाई मान्यता दिने खालको सरकारी नीति तयार पारेर तिनीहरूलाई पारित गरेर गरिनुपर्छ ।

६. अन्त्यमा, सरकारी कार्यक्रम र निर्वाचन मञ्चहरूमा लैङ्गिक मुद्दाहरूलाई समावेश गर्नुको महत्त्वबारे पुरूष उम्मेदवारहरू र आमरूपमा समाजलाई निरन्तररूपले संवेदनशील बनाउनु हो ।

## रणनीतिहरू

गरिबी र भ्रष्टाचार विरुद्ध लड्नका लागि, समतामूलक र बहुजातीय विकासका लागि, र राजनैतिक तथा सामाजिक समानताको सुनिश्चितताका लागि सहभागिताद्वारा नागरिकता अधिकारको प्राप्ति आधारभूत रणनीतिहरूमध्येको एक हो । राजनीतिमा आदिवासी जनजातिका महिलाविरुद्धको भेदभावका सम्बन्धमा इक्वेडोरमा प्रभुत्व जमाएको त्यस भेदभाव, बहिष्करण र एकल संस्कृतिवादलाई पराजित गर्नका लागि साझेदारीले मद्दत गर्न सक्छ ।

एउटा रणनीतिमा महिला विधायकहरूलाई सहयोग गर्नका लागि सशक्त समूहहरूको विकास गर्नुपर्ने आवश्यकता समावेश रहेको हुन्छ । सुरुआतमा महिला सांसदहरूद्वारा महिला, युवा, बालबालिका र परिवारको समितिमा यसको गठन गर्न सकिन्छ, जसले विभिन्न राजनैतिक पार्टीहरूबाट महिलालाई एकैथलोमा ल्याउँछ । राजनैतिक दलहरु, आदिवासी जनजाति आन्दोलन र सङ्गठित सामाजिक क्षेत्रमा महिला सहभागितालाई वृद्धि गर्न र तिनका विधान/नियमहरुमा महिलाका हक हितका कुराहरु समावेश गर्न गर्न समूहको विकास गर्नु महत्वपूर्ण कुरा हो । महिलाहरू, आदिवासी जनजातिलगायतका, राजनीतिमा विभिन्न परिप्रेक्ष्यका संवाहक हुन् । लिङ्ग र बहुसंस्कृतिवादको सम्मानजस्ता मुद्दालाई समावेश गरेर त्यसको प्रभावस्वरूप परम्परागत मूल्य-मान्यताहरू र राजनीति स्वयम्मा आमूल परिवर्तन ल्याउनका लागि महिलाहरूले योगदान पुऱ्याइरहेका हुन्छन् ।

त्यसमा पनि महिला सांसदहरूले आफू आएको सामाजिक सङ्गठन र निर्वाचन क्षेत्रहरूमा नजिकको सम्बन्ध कायम राख्नुपर्छ, ती निर्वाचन क्षेत्रबाट आफूलाई टाढा राख्नाले महिलाको मध्यस्थता र अवश्य नै समग्रमा पार्टीको मध्यस्थतालाई कमजोर बनाउँछ । ती सम्पर्कलाई लोकप्रिय मागहरूप्रति पक्का तवरले पारदर्शितासाथ प्रतिक्रिया जनाउनका लागि र मतदाताको समूहले सन्तुलन र नियन्त्रण प्रणालीमा सही भूमिका खेल्छ भन्ने निश्चित गर्नका लागि कायम राखिनुपर्छ ।

## निष्कर्ष

व्यवस्थापिकामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्नका निमित्त ल्याटिन अमेरिकामा ठूला संवैधानिक सुधार आवश्यक छन् । विशेष निर्वाचन क्षेत्रहरूमा राष्ट्रिय स्तरमा आदिवासी जनजातिका प्रतिनिधिहरू निर्वाचित गर्न सकिन्छ । यसलाई विशेष गरेर हाल व्यवस्था भएअनुसार इक्वेडोरको कांग्रेसको पाचाकुटिक आन्दोलनबाट निर्वाचित भएकाबाहेक आदिवासी जनजातिका कुनै पनि सांसद नभएकाले प्रत्येक राष्ट्रमा हुने आमनिर्वाचनहरूसँग इक्वेडोरमा जस्तै कि त राजनैतिक पार्टीहरूसँग वा राजनैतिक आन्दोलनहरूसँग जोडेर लान सकिन्छ । त्यसकारण प्रत्येक प्रान्तमा जनजातिद्वारा निर्वाचित एकजना अतिरिक्त विधायकका लागि आदिवासी जनजातिहरूले अगाडि सारेको माग न्यायोचित छ, राजनैतिक प्रणालीलाई र कांग्रेसको हालको रचनालाई लोकतन्त्रकिकरण गर्नका लागि उचित, आवश्यक र अत्यन्त जरुरी छ । अर्को शब्दमा हामीले समावेशी र बहुजातीय लोकतन्त्रहरू बनाउनका लागि कार्य गर्नैपर्छ ।

पुनः वितरणकारी अर्थ व्यवस्थासँग संयोजनका साथ प्रतिनिधित्व प्रणालीहरूमा ल्याइएको परिवर्तनको परिणामस्वरूप हाम्रो समाजलाई आमूल परिवर्तनले महिलाजस्ता नाजुक सामाजिक मतदाता समूहको सहभागितामा सुधार ल्याउँदै लोकतन्त्रको गुणमा ठूलो परिवर्तन ल्याउन सक्छ । आदिवासी जनजाति महिलाका मामिलामा वास्तविकतासँग मेल खाने सार्वजनिक नीतिहरू ल्याउन र परिवर्तनलाई प्रवर्द्धन गर्ने एउटा सामाजिक यो जनाको ढाँचा तयार गर्न र शक्तिको अभ्यासलाई लोकतन्त्रीकरण गर्ने उद्देश्य लिएको राजनैतिक योजनाको ढाँचा तयार गर्न तिनीहरूको प्रभाव विस्तारका लागि तिनीहरूको पहिचानको बल आधारभूत स्तम्भहरूमध्येको एक हुनेछ। कांग्रेस वा स्थानीय तहमा आदिवासी जनजातिका मानिसहरू र विशेष गरेर महिलाहरू सार्वजनिक प्रशासनमा भूमिका प्रभावकारी ढङ्गले वहन गर्न, काँधमा काँध मिलाएर संसदमा सेवा गर्न, नैतिकरूपले प्रस्तावहरू ल्याएर अनि हामी छलफल गर्न र राष्ट्रिय समस्याका समाधानहरू प्रस्ताव गर्न पूर्णरूपले तयार रहेका छौँ भनेर देखाउने अवसर हामीसँग रहेको छ ।

## पादटिप्पणी

१ United Nations Development Programme (UNDP), 2001. 'Informe sobre Desarrollo Humano' [Report on human rights]. Quito: UNDP (see in particular the chapter on Ecuador, pp. xxiv and xxv); and Ordóñez, Aylin, 2000. 'Acceso a la Justicia y Equidad' [Access to justice and equity]. San José: Inter-American Institute of Human Rights, with support from the Inter-American Development Bank (IDB).

२ The political system does not cease to be mono-ethnic simply by allowing the participation of an indigenous person. More critical than the number of indigenous candidates is the integration of indigenous democratic forms into national legislation. As an example, rather than secret, universal and direct suffrage, indigenous elections are public and collective.

३ Constitution of Colombia, article 171: 'The Senate of the Republic shall be made up of 100 members elected in a nationwide electoral district. There will be two additional senators elected in a special national electoral district by indigenous communities . . .'.

4 Mirna Cunninhan is one of the most outstanding Miskitu parliamentarians. As of 2002, she was also president of the University of the Northern Atlantic Autonomous Region, known as the Indigenous University, in Nicaragua.

५ In 1998, elections were held for the posts of president, vice-president, 20 national deputies and 101 provincial deputies to Congress. In the 2000 elections, local and provincial authorities were elected, that is, mayors, prefects, and members of the local councils and provincial assemblies.

६ Article 59 of the electoral law provides: 'In elections in which three representatives are to be elected, at least one woman candidate shall be registered as principal and one as alternate; in those in which four to six representatives are to be elected, at least two women as principals and two as alternatives; in those in which seven to nine representatives are to

be elected, at least three women as principals and three as alternates; in elections of 10 to 12 representatives, at least four women as principals and four as alternates; and so on. In elections in which two representatives are to be elected, one of the principal candidates preferably shall be a woman, and likewise for the alternates. This proportion shall increase by the percentage indicated in the previous article, until egalitarian representation is achieved.'

७ The Coordinadora Política de Mujeres (Political Coordinating Body of Women) challenged the constitutionality of the instruction in the courts, as a result of which the Supreme Electoral Tribunal recognized that it was arbitrary and undertook to work together with the women's organizations to draw up the instructions for the 2002 elections.

८ In some proceedings in Congress, such as the passing of the law establishing the Deposit Guarantee Agency, the women who belong to right-wing political groupings ended up voting for a law that has been notorious in Ecuador.

**नमुना अध्ययन : इन्डोनेसिया**

# इन्डोनेसियामा महिलाको राजनैतिक सहभागितालाई उच्च पार्दै

**खोफिफा इन्दर पारावान्सा**

इन्डोनेसियाको संसदमा प्रतिनिधित्वको इतिहास सार्वजनिक क्षेत्रमा महिला संघर्षका लामा प्रक्रियाहरूमध्येको एक हो । महिलाको बृहत् राष्ट्रिय क्रियाशीलताको प्रादुर्भावका लागि तत्परता देखाउने सन् १९२८ को पहिलो इन्डोनेसियाली महिला सम्मेलन त्यहाँका महिलाका निमित्त विकासका सबै पक्षमा सहभागी हुने अवसरलाई सुधार गर्नमा खेलेको भूमिकाका कारण इतिहासमा एउटा मोड हो । सन् १९४५ सम्म र त्यसपछिको पनि स्वतन्त्रता संग्रामताका सशस्त्र सेवामा र सामान्यतया सार्वजनिक क्षेत्रमा समेत महिलाहरूले महत्वपूर्ण भूमिका निर्बाह गरे ।

तर स्वतन्त्रतापछि युद्धरत पुरूषहरूको घर फिर्तीसँगै पितृसत्तात्मक मूल्य-मान्यताहरू यथावत् कायम भएपछि महिलाको भूमिका घरगृहस्थीको व्यवस्थापन गर्नु हो भन्नेमा नै पुनः देखा पर्‍यो । सन् १९५५ को पहिलो आमनिर्वाचनमा संसदमा विजयी भएका सांसदमध्ये महिलाको संख्या ६.५ प्रतिशत रहेकोथियो । यस निर्वाचनपछि महिलाको प्रतिनिधित्व घटेको अनि सन् १९८७ मा सबैभन्दा उच्च १३ प्रतिशतमा उक्लिएको थियो । सुधारकालको पहिलो आमनिर्वाचनपछि सन् १९९९ मा निर्वाचित प्रतिनिधिमध्ये ८.८ प्रतिशत महिला रहेकोमा सन् २००४ मा बढेर ११.३ प्रतिशत पुग्यो ।

इन्डोनेसियाली संसदमा महिलाहरूको न्यून प्रतिनिधित्व विभिन्न अवरोधहरूका कारणले हुन गएको हो । यस घटना अध्ययनले महिला प्रतिनिधित्वको इतिहास, राजनैतिक निकायहरूमा महिला पहुँच प्राप्त गर्नमा इन्डोनेसियाली महिलाले सामना गर्नुपरेका विभिन्न अवरोध र राजनीतिमा तिनीहरूको प्रतिनिधित्व बढाउन अख्तियार गरिनुपर्ने रणनीतिहरू प्रस्तुत गर्छ ।

## राष्ट्रिय परिप्रेक्ष्य

सामान्य राजनैतिक परिस्थितिमा इन्डोनेसियामा आमचुनाव प्रत्येक ५ वर्षमा गरिन्छ। पहिलो आमचुनाव इन्डोनेसियाले उपनिवेशवादबाट स्वतन्त्रता प्राप्त गरेको दस वर्षपछि सन् १९५५ मा सुकार्नोको राष्ट्रप्रमुखत्वमा गरिएको थियो । सन् १९५५ देखि आमचुनाव सञ्चालन विधिमा भएका परिवर्तनहरूले निर्वाचनमा भाग लिने राजनैतिक पार्टीको संख्या पनि परिवर्तन गऱ्यो र राजनैतिक पार्टीभित्र महिला प्रतिनिधित्वको एउटा फरक ढाँचा ल्यायो । सन् १९५५ को चुनावले लोकतान्त्रिक तवरको चुनाव भएको मान्यता प्राप्त गऱ्योः चुनावमा भाग लिएका विभिन्न राजनैतिक पार्टीसँग सम्बद्ध महिला सङ्गठनहरूबाट कैयन् उम्मेदवार आए अनि व्यवस्थापिकामा १७ जना महिला विजयी भए ।

दोस्रो आमनिर्वाचन भएन किनभने सन् १९४५ को संविधान संशोधन गर्ने जिम्मेवारी पाएको संविधान सभा आफ्नो कार्य पूरा गर्नमा असमर्थ भएकोले राष्ट्रप्रमुख सुकार्नोले सन् १९५९ जुलाईमा एउटा अध्यादेश जारी गरे, जसले इन्डोनेसियालाई सन् १९४५ को संविधानको सीमामा ल्यायो । त्यस मोडमा इन्डोनेसिया एउटा 'निर्देशित लोकतन्त्र' बन्न पुग्यो। निर्वाचनबिना नै राष्ट्रप्रमुख सुहार्तोको आदेशमा नयाँ व्यवस्थामा सङ्क्रमण भयो। नयाँ आदेशको युगमा सन् १९७१, १९७७, १९८२ र १९८७ , १९९२ र १९९७ मा आमचुनावहरू भए। नयाँ व्यवस्थाको चुनावमा, जहाँ एक दलीय प्रभुत्व रहेको थियो, महिलाको प्रतिनिधित्व त्यस पार्टीका राष्ट्रिय स्तरका सम्भ्रान्तहरुद्वारा निश्चय गरिन्थ्यो । सबै उम्मेदवार राष्ट्रिय स्तरका सम्भ्रान्तहरूबाट छानिएका र उनीहरूप्रति कृतज्ञ हुन्थे, तिनीहरूमध्ये केहीको पार्टीका सम्भ्रान्तहरूसँग नजिकको सम्बन्ध रहेको थियो । बन्दसूचीयुक्त समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारहरूले चुनावी अभियानमा सक्रियतापूर्वक संलग्न हुनैपर्छ भन्ने थिएन, अनि चुनाव जितेकाहरू र तिनीहरूको मतदाताहरूका बीच प्रायजसो कम सम्बन्ध रहेको थियो ।

अधिनायकत्वकको अन्त्य र सुहार्तो सरकारबाट १९९८ मा बी.जे. हबिबीको सरकारमा सङ्क्रमण भयो र सन् १९९९ मा अग्रिम निर्वाचन (Early Election) भएको थियो । त्यस निर्वाचनका लागि चुनाव प्रणालीमा ठूलो परिवर्तन ल्याइयो र व्यवस्थापिकाका लागि महिलालगायत पार्टी उम्मेदवारहरूको छनौटका निमित्त त्यस क्षेत्रको विशेष गरेर क्षेत्रीय पार्टी अधिकारीहरूको सहमति आवश्यक हुने भयो । (यद्यपि, यो सशस्त्र बल र प्रहरीका प्रतिनिधिहरूका निमित्त लागू भएन, जसले सन् २००४ को सेप्टेम्बरसम्म विधानसभा सदस्यको रूपमा सेवा गरे)। सन् १९९९ मा विजयी भएकामध्ये धेरैजसो महिलाले सामुदायिक वकालत, छलफल, भाषण र चुनावी अभियानसँग सम्बन्धित पार्टीका अन्य क्रियाकलापहरूद्वारा चुनाव प्रक्रियामा सक्रियताका साथ भाग लिए।

सन् १९९९ को चुनावपछि मजेलिस परम्स्यावारातन (एमपीआर, जनपरामर्श सभा) द्वारा अब्दुररहमान वाहिद नयाँ राष्ट्रप्रमुखको रूपमा चुनिए तर तत्पश्चात् सन् २००१ मा उनी आफ्नै सहायक मेगावती सुकार्नो पुत्रीद्वारा विस्थापित भए । यी दुईवटा राष्ट्रप्रमुखको कार्यकालमा संविधान संशोधनको एउटा मुख्य प्रक्रियाको थालनी भयो, जसअन्तर्गत

इन्डोनेसिया एमपीआर नै राष्ट्रको सर्वोच्च व्यवस्था भएको एउटा अनुकलनवादी (Integrationist) राष्ट्रबाट शक्तिको बाँडफाँड भएको परम्परागत राष्ट्रपतीय प्रणालीमा परिवर्तित भयो । त्यसको परिणामस्वरूप व्यवस्थापिकाको माथिल्लो सदन, प्रान्तीय तथा जिल्ला स्तरीय सदनका निमित्त सन् २००४ मा निर्वाचन गरियो । त्यसको लगत्तै नयाँ स्थापना भएको व्यवस्थापिकाको दोस्रो सदन-क्षेत्रीय जनप्रतिनिधि सभा (Representative's Council–DPD) को पहिलो निर्वाचन पनि गरियो । यी निर्वाचनपछि दुई चरण प्रणाली प्रयोग गरेर सन् २००४ मा इन्डोनेसियामा पहिलो पटक राष्ट्रप्रमुख पदका लागि प्रत्यक्ष निर्वाचन सम्पन्न भएको थियो ।

सीमित शक्ति भएको माथिल्लो सदन डीपीडी एकल असङ्क्रमणीय मत (Single Non Transferable Vote, SNTV) प्रयोग गरेर  निर्वाचित भएको थियो । अचम्मका साथ पहिलो झलकमा महिलाको अनुपात व्यवस्थापिका प्रतिनिधिसभा, इन्डोनेसिया (DPR) मा भन्दा डीपीडीमा उच्च रहेको छः डीपीआरमा ११.५ प्रतिशतको तुलनामा डीपीडीका १२८ मध्ये २७ जना (२१ प्रतिशत) महिला छन् । यद्यपि, डीपीडी निर्वाचनमा राजनैतिक पार्टीहरू होइन व्यक्तिगत वा स्वतन्त्र उम्मेदवारहरू सहभागी हुन्छन्, डीपीडी राष्ट्रिय र स्थानीय व्यवस्थापिका निकायहरू जस्तो होइन । केही क्षेत्रमा महिला उम्मेदवारले स्पष्टताका साथ महिला मतदाताको समर्थनलाई आकर्षित गरे ।

सन् २००४ को आमनिर्वाचनका लागि नयाँ निर्वाचन ऐनले राष्ट्रिय वा प्रान्तीय/जिल्ला विधायिकाहरूमा महिला प्रतिनिधित्वलाई असर पार्न सक्ने दुईवटा मुख्य परिवर्तन गऱ्यो । त्यसमध्येको पहिलो सीमित खुल्लासूची प्रणालीको प्रवेश थियो जसअनुसार मतदाताले पार्टी र त्यस पार्टीको एकजना उम्मेदवारलाई पनि मत दिन पाउँथ्यो । यसबाट दलको सूचीमा उच्च स्थानमा नराखिएको भए पनि पूर्वनिर्धारित संख्यामा व्यक्तिगत मत प्राप्त गर्ने एकजना उम्मेदवार निर्वाचित हुन सक्ने प्रावधान थियो । यद्यपि, व्यवहारमा यसले उल्लेख्य भिन्नता ल्याउने गरी केही उम्मेदवार मात्र यथेष्ट व्यक्तिगत मत प्राप्त गर्न सफल भएका थिए ।

पार्टीहरूले मनोनयन गरेका उम्मेदवारमध्ये ३० प्रतिशत महिला हुनुपर्ने आवश्यकतालाई ‘हृदयङ्गम गर्न’ जरुरी पर्ने नयाँ प्रावधान ज्यादै महत्त्वपूर्ण थियो जसलाई ‘हुनसक्ने कोटा (Quota)’ भनी वर्णन गर्न सकिन्छ । यो अनिवार्य नभए तापनि र त्यसका अतिरिक्त दलको सूचीमा महिलाको स्थानबारे यसमा कुनै प्रावधान नभएकाले धेरै दलहरुले निर्वाचित निकायहरूका लागि सबै तहका आफ्ना सूचीमा ३० प्रतिशत महिला उम्मेदवार प्रस्ताव गर्ने आवश्यकता पूरा गर्ने प्रयास गरे । यो एउटा महत्त्वपूर्ण प्रथम पाइला हो, तर यसलाई सुदृढ पार्नु र अनिवार्य लागू गर्नु आवश्यक छ ।

३० प्रतिशत प्रतिनिधित्व हुनुपर्ने आवश्यकता राजनीतिमा महिला प्रतिनिधित्वमा सुधार ल्याउन र व्यवस्थापिकाको महत्त्वबारे महिला कार्यकर्ताहरूको चेतनाबाट मात्र आएको थिएन । यसको उद्‌गम पहिला विधायिकामा रहेका केही दलको संविधानमा संशोधन गर्ने विचार (संविधानको मौलिक रूपमा वा संशोधित रूपमा पनि यस विषयमा कुनै सम्बोधन नगरिएको भए तापनि) र सन् २००२ को नयाँ राजनैतिक दल ऐनबारेको छलफलमा

निहित छ । ती प्रयासहरू सफल नभए तापनि तिनीहरूले नयाँ निर्वाचन ऐनका लागि विधेयक निर्माणमा संलग्न सांसदहरूलाई एकै थलोमा ल्याएर महिला प्रतिनिधित्व विस्तार गर्ने पक्षमा प्रस्ताव राख्न र दबाब दिन विभिन्न गैरसरकारी संघ-संस्थालाई उत्प्रेरित भने अवश्य गरेका थिए । निर्वाचनमा भाग लिएका राजनैतिक दलको निर्वाचनका लागि उम्मेदवारको सूचीमा राष्ट्रिय, प्रान्तीय र जिल्ला स्तरका प्रत्येक क्षेत्रका विधायकहरुमध्ये न्यूनतम ३० प्रतिशत महिला हुनुपर्ने आवश्यकताबारे हृदयङ्गम गर्नुपर्ने सम्झौता (निर्वाचन ऐनबारेको धारा ६५ (१) (UU12/2003) तर्फ डोऱ्याउने ती आन्दोलनहरू नै हुन् ।

## *विधायिका (डीपीआर, एमपीआर, डीपीडी) मा महिला प्रतिनिधित्व*

सन् १९४५ को संविधान र यसको संशोधन (सन् २००२ मा पूरा गरिएको) का अतिरिक्त सरकारले गर्ने कार्य नीतिको आधार राज्य नीतिका लागि वृहत निर्देशिका (GBHN, Broad Guidelines of State Policy) मा एमपीआरले विकास गरेको सन् १९४५ को संविधानलाई विस्तार गरेर निर्धारण गरिएको थियो । सन् १९८८ देखि यी निर्देशिकाहरूमा महिला भूमिकाका प्रावधानहरू राखिए । यसका अतिरिक्त त्यहाँ महिला मामिलाका लागि (अचेल महिला सशक्तीकरणका लागि) एउटा नायब (Junior) मन्त्रालय रहेको छ । सन् १९९९ का बोर्ड निर्देशिकाहरूमा महिला सशक्तीकरण कार्यक्रम अभियानलाई दोहोरो प्रक्रियाद्वारा सञ्चालन गरिनेछ भनेर निश्चित गरियो । पहिलो लैङ्गिक समानता र न्यायसँग सम्बन्धित निकायहरूद्वारा तर्जुमा तथा लागू गरिएका राष्ट्रिय नीतिहरूद्वारा राष्ट्र र राज्यमा महिलाको अवस्था र भूमिका सशक्तीकरण गरिनेछ भन्ने थियो । दोस्रोमा, महिला सशक्तीकरण र परिवार तथा समाजको भलाइ र उन्नति सुरक्षित गर्न गरिएको प्रयासलाई निरन्तरता दिन महिला सङ्गठनहरूको गुणस्तर, भूमिका र स्वतन्त्रतामा सुधार ल्याइने छ भन्ने थियो । कार्यपालिका (राष्ट्रप्रमुख) न्यायपालिका (सर्वोच्च अदालत) व्यवस्थापिका (डीपीआर र एमपीआर) र राज्य लेखापरीक्षण निकाय (बादान पेमेरिक्सा काउवाङगान, बीपीके) लगायत राज्यका सम्पूर्ण निकायमा यी निर्देशिकाहरू लागू गरिएका छन् । संशोधित संविधानअन्तर्गत बोर्डका निर्देशिकाहरू अस्तित्वमा छैनन् : तिनीहरू राष्ट्रप्रमुखको दृष्टिकोण र लक्ष्यद्वारा प्रतिस्थापित भएका छन् ।

यद्यपि, व्यवस्थापिकामा महिलाको पहुँचमा बाधा पुऱ्याउने ऐनका प्रावधानहरू होइनन् । वास्तविकतामा राष्ट्रिय र प्रान्तीय तथा जिल्ला दुवै तहमा प्रान्तीय तथा जिल्ला जनप्रतिनिधि सभा (District People's Representative Assemblies – DPRDs) हरूमा महिलाको प्रतिनिधित्व अझ पनि सापेक्षरूपले न्यून रहेको छ । सन् १९९९ मा प्रान्तीय डीपीआरडीहरूका करिब ६ प्रतिशत सदस्य महिला थिए अनि जिल्ला डीपीआरडीका सदस्यहरू महिला ५ प्रतिशतभन्दा कम थिए । डीपीआरडीमा महिला सदस्यहरूको सही संख्या सन् २००४ को निर्वाचनपछि हालसम्म पनि प्राप्त भएको छैन जुन आफैँले बोल्छ ।

**तालिका ५ : इन्डोनेसियाका औपचारिक राजनैतिक निकायहरुमा महिला, २००५**

| संस्था | महिला | | पुरूष | |
|---|---|---|---|---|
| | जम्मा | % | जम्मा | % |
| डीपीडी (माथिल्लो सदन) | ७६ | २१.० | १०१ | ७९ |
| डीपीआर (संसद) | ६३ | ११.५ | ४८७ | ८८.५ |
| सर्वोच्च अदालत | ८ | १४.८ | ४० | ८५.२ |
| राज्य लेखापरीक्षण ब्युरो | ० | ० | ७ | १०० |
| राष्ट्रिय निर्वाचन आयोग | २ | १८.१ | ९ | ८१.९ |
| राज्यपाल (प्रान्त स्तरीय) | ० | ० | ३० | १०० |
| प्रमुख र रिजेन्ट (महानगरपालिका जिल्ला रिजेन्सी तह) | ५ | १.५ | ३३१ | ९८.५ |
| जनसेवा एक्लोन (Echelon) चौथा र तेस्रो* | १,८८३ | ७ | २५,११० | ९३.० |
| न्यायाधीश* | ५३६ | १६.२ | २,७७५ | ८३.८ |
| राज्य जन अदालत* | ३५ | २३.४ | १५० | ७६.६ |

* महिला सशक्तीकरणका लागि राज्यमन्त्री खोफिफाह इन्दर पारावान्साद्वारा २१ जुन २००१ मा दिइएको भाषणमा आधारित । यो अनुमानमा सन् २००१ देखि ठूलो परिवर्तन भएको विश्वास गरिँदैन ।

**स्रोतः** महिला तथा निर्वाचन विभागद्वारा सन् २००१ मा तर्जुमा गरिएको तथ्याङ्क, Profile of DPD Members 2004 – 2009 and the Secretariat of the Indonesian legislature (DPR-RI)

तालिका ६ ले देखाएअनुसार सन् १९९९ को निर्वाचनको तुलनामा सन् २००४ को निर्वाचनमा व्यवस्थापिकामा महिलाको संख्यामा २.५ प्रतिशतले वृद्धि भयो ।

**तालिका ६: इन्डोनेसियामा महिला प्रतिनिधित्व : प्रतिनिधि सभा (डीपीआर)**

| | महिला | | पुरूष | |
|---|---|---|---|---|
| | जम्मा | % | जम्मा | % |
| सन् १९५० - १९५५ (प्रान्तीय डीपीआर) | ९ | ३.८ | २३६ | ९६.२ |
| सन् १९५५ - १९६० | १७ | ६.३ | २७२ | ९३.७ |
| संविधान सभा : १९५६ - १९५९ | २५ | ५.१ | ४८८ | ९४.९ |
| सन् १९७१ - १९७७ | ३६ | ७.८ | ४६० | ९२.२ |
| सन् १९७७ - १९८२ | २९ | ६.३ | ४६० | ९३.७ |
| सन् १९८२ - १९८७ | ३९ | ८.५ | ४६० | ९१.५ |
| सन् १९८७ - १९९२ | ६५ | १३.० | ५०० | ८७.० |
| सन् १९९२ - १९९७ | ६५ | १२.५ | ५०० | ८७.५ |
| सन् १९९७ - १९९९ | ५४ | १०.८ | .५०० | ८९.२ |
| सन् १९९९ - २००४ | ४५ | ९.० | ५०० | ९१.० |
| सन् २००४ - २००९ | ६२ | ११.३ | ४८८ | ८८.७ |

**टिप्पणी**: सन् १९५५ को निर्वाचनमा आधारित, २७२ जना डीपीआर प्रतिनिधि, तर राष्ट्रप्रमुख सुकार्नोले संविधान संशोधन गर्नका लागि संविधान सभा गठन गरे । सुकार्नोद्वारा सन् १९५९ जुलाईमा प्रतिनिधि सभा भङ्ग भयो किनभने त्यो अवरुद्ध थियो ।

**स्रोत**: डीपीआर सचिवालय, २००१ । महिला तथा निर्वाचन विभागद्वारा तथ्याङ्क तर्जुमा गरिएको CETRO २००२. प्रतिनिधित्वको यो स्तरका साथ अन्तर व्यवस्थापिका संघ (IPU) ले व्यवस्थापिका-संसदमा महिला प्रतिनिधित्वका सम्बन्धमा १८० राष्ट्रमा इन्डोनेसियालाई ७५ औं स्थानमा राखेको छ । (सन् २००५ जनवरी)

महिला प्रतिनिधि संख्यामा वृद्धि भए तापनि अझै पनि महिलाले परम्परागत रूपले 'नरम' (अर्थात् महिला मुद्दासँग सम्बन्धित) भनेर हेरिने गरिएका पदहरू ओगटेका छन्, ताकि राष्ट्रिय व्यवस्थापिकाको आयोगमा महिला सदस्यहरूको विभाजनले महिला र पुरुषबीच उत्तरदायित्व बाँडफाँड गर्नमा रहेको परम्परागत ढाँचालाई प्रतिबिम्बित गरोस् । महिला सदस्यहरूको उच्चतम प्रतिशत आठौं आयोग VIII (धार्मिक तथा सामाजिक महिला सशक्तीकरण) मा भएको पाइन्छ । त्यसपछि तालिका ७ मा देखाइएअनुसार दशौं आयोग X (शिक्षा, युवा, खेलकुद, पर्यटन, कला र संस्कृति) मा महिला सदस्यको प्रतिशत उच्च देखिन्छ । योजना र बजेट तर्जुमा गर्नमा अहम् रहेको अर्थव्यवस्था, गरिबी र राजनीतिक मामिला हेर्ने 'प्रतिष्ठित' आयोगहरूमा महिलाको प्रतिनिधित्व सापेक्षरूपमा न्यून रहेको पाइन्छ ।

सन् १९४५ को संविधान संशोधनमा 'कानुनको अगाडि सम्पूर्ण नागरिकहरू समान छन्'

र 'सरकारले संघ र सङ्गठनको स्वतन्त्रताको र लिखित-मौखिक दुवैरूपमा विचार व्यक्त गर्ने स्वतन्त्रताको ग्यारेन्टी दिन्छ' भन्ने उल्लेख गरिएको छ । तैपनि राजनीतिमा महिलाको न्यून प्रतिनिधित्व कायम रहेको छ । यसको जरा पितृसत्तात्मक संस्कृतिमा गाडिएको छ । महिला प्रतिनिधिहरूका निमित्त कोटा (Quota) जस्ता सकारात्मक कार्यको उपाय अपनाइएको हुँदाहुँदै पनि महिलाले जीवनका हरेक पक्षमा पुरूषसँग समानता प्राप्त गर्न अझै पनि विभिन्न अवरोधको सामना गर्नु परिरहेको छ ।

**तालिका ७ : लैङ्गिक आधारमा इन्डोनेसियाली व्यवस्थापिकाका आयोगका सदस्यहरू**

| आयोगहरू | महिला | | पुरूष | |
|---|---|---|---|---|
| | जम्मा | % | जम्मा | % |
| रक्षा, अन्तरराष्ट्रिय मामिला र सूचना | १ | २.१ | ४५ | ९७.९ |
| गृह, क्षेत्रीय स्वायत्तता, कर्मचारीतन्त्र, भूमि मामिला | ५ | १०.२ | ४४ | ८९.८ |
| संविधान तथा कानुन, मानव अधिकार तथा सुरक्षा | ६ | १३.३ | ३९ | ८६.७ |
| कृषि, जमिन्दारी, वन, सामुद्रिक स्रोत, मत्स्यपालन र खाद्य | २ | ४.० | ४८ | ९६.० |
| परिवहन, दूरसञ्चार, सार्वजनिक कार्य, आवास, गाउँ विकास तथा कम विकसित क्षेत्र | २ | ३.८ | ५० | ९६.२ |
| वाणिज्य, उद्योग, लगानी, सहकारी, साना तथा मझौला उद्योग र सार्वजनिक संस्थान | ५ | ९.४ | ४८ | ९०.६ |
| ऊर्जा, खनिज स्रोत, अनुसन्धान तथा प्रविधि र वातावरण | २ | ३.९ | ४९ | ९६.१ |
| धर्म, सामाजिक र महिला सशक्तीकरण | १४ | ३१.१ | ३१ | ६८.९ |
| जनसंख्या, स्वास्थ्य, जनशक्ति र बसाइ सराइ | ९ | २० | ३६ | ८०.० |
| शिक्षा, युवा, खेलकुद, पर्यटन, कला र संस्कृति | १० | २०.८ | ३८ | ७९.२ |
| वित्त र राष्ट्रिय विकास योजना, बैंकिङ तथा गैर बैकिङ संस्थाहरू | ६ | १०.७ | ५० | ८९.३ |
| जम्मा (१०० प्रतिशत) | ६२ | | ४७८ | |

**स्रोत**: डीपीआर सचिवालय, २००२, महिला तथा निर्वाचन विभागद्वारा तथ्याङ्क तर्जुमा गरिएको, CETRO, २००२.

## सांसद बन्नबाट महिलालाई वञ्चित गर्ने अवरोधहरू

संसद सदस्यको रूपमा महिला र पुरूषलाई पदपूर्ति गर्ने ढाँचालाई प्रभावित पार्ने कैयन् कारक तत्त्व रहेका छन् ।[1] तिनीहरू यस प्रकार छन् :

- इन्डोनेसियाको सांस्कृतिक ढाँचा अझै पनि सशक्त रुपमा पितृसत्तात्मक रहेको छ । त्यहाँ राजनैतिक क्षेत्र पुरूषका लागि हो भन्ने सामान्य भावना रहेको छ र संसदको सदस्यमा महिलालाई कम प्राथमिकता दिइन्छ ।
- राजनैतिक पार्टीहरूद्वारा उम्मेदवार छनौट कार्य सामान्यतया पदाधिकारीहरूको सानो समूह वा पार्टी नेताहरूद्वारा गरिन्छ, जहाँ प्रायः सधैँजसो पुरूषहरू हुने गर्छन् । इन्डोनेसियामा लैङ्गिक समानता र न्याय सरोकारबारेको चेतना अझै पनि न्यून रहेको छ । पार्टी राजनीतिमाथि पार्टीका पुरूष नेताहरूको असमानुपातिक प्रभाव रहेको छ अनि महिलाले उति समर्थन पाउँदैनन् ।
- संसदमा महिला प्रतिनिधत्वको महत्त्वको सम्बन्धमा सञ्चारमाध्यमहरूले जनतालाई प्रभावकारी ढङ्गले गतिशील गराउन बाँकी नै रहेको छ ।
- महिलाको वृहत्तर प्रतिनिधित्वको लक्ष्यबारे संघर्ष गरिरहेका (सन् १९९९ देखि) महिला सङ्गठनहरूको अस्तित्व रहे तापनि यस्ता साझा लक्ष्यतर्फ यी सङ्गठन, गैरसरकारी संस्था र राजनैतिक पार्टीहरूका बीच सञ्जाल व्यवस्था कम प्रभावकारी रहेको छ ।
- महिलाहरूको गरिबी र न्यून स्तरको शिक्षाले समान आधारमा पुरूषहरूसँग प्रतिस्पर्धा गर्न अनुमति दिने राजनैतिक क्षमता भएका महिलाहरूलाई पदपूर्ति गर्न कठिन बनाउँछ । योग्यताबारे सन् २००३ को निर्वाचन ऐनले तोकेको मापदण्डले कम्तीमा उच्च माध्यमिक विद्यालयको योग्यता भएका उम्मेदवारहरूलाई चुनावमा प्रतिस्पर्धा गर्ने अनुमति दिन्छ । आवश्यक राजनैतिक क्षमता भएका महिलाहरू बहस गर्नतर्फ वा कुनै पनि पार्टीमा नलाग्ने भूमिकातर्फ उन्मुख हुन्छन् ।
- परिवार भएका महिलाहरूले प्रायजसो अवरोधहरूको सामना गर्छन्, खास गरेर तिनका श्रीमान्हरूबाट विरोधको अनुभव गर्छन् ।
- राजनैतिक क्रियाकलापहरूमा सामान्यतया ठूलो रकम र समय खर्च गर्नुपर्ने हुन्छ, अनि धेरै महिलाहरु आर्थिक फाइदा नहुने पदमा रहेका हुन्छन् ।
- चुनाव लडिरहेका र संसदमा सिट जितिरहेका ठूलो संख्याका राजनैतिक दलहरूले महिला प्रतिनिधित्वको स्तरलाई प्रभाव पार्न सक्छन् । राजनैतिक दलहरूले संसदमा सीमित संख्यामा सिट पाउने भएकाले तिनीहरु त्यसलाई पार्टीको चुनावसूचीको माथिल्लो स्थानमा रहेका पुरूष उम्मेदवारहरूबीच बाँडफाँड गर्न उन्मुख हुन्छन् ।

## *महिला प्रतिनिधित्व वृद्धिका रणनीतिहरू*

पहिलो र सर्वप्रथम महिला सञ्जाल र सङ्गठनहरूबीचको सम्पर्कलाई सहयोग गरिनुपर्छ र त्यसलाई बलियो बनाउनुपर्छ ।

हाल महिला सङ्गठनहरूका धेरै मुख्य संघहरू रहेका छन् । उदाहरणका लागि इन्डोनेसियाका महिला सङ्गठनहरूको राष्ट्रिय सभा (National Coulcil of Women's Organizations of Indonesia-KOWANI) ७८ वटा महिला सङ्गठनको महासंघ हो, जसमा महिलाहरूका विभिन्न धार्मिक, जातीय र पेसागत सङ्गठनहरू रहेका छन् । इन्डोनेसियाली मुस्लिम महिला महासंघ (Federation of Indonesian Muslim Women Organizations-BMOIWI) जसमा करिव २८ वटा मुस्लिम महिला सङ्गठन आवद्ध छन् । महिला राजनैतिक सशक्तीकरण केन्द्र पार्टी, धर्म र पेसागत पंक्ति सम्बद्ध सङ्गठनहरूको सञ्जाल हो । यसमा करिव २६ वटा सङ्गठन समावेश छन् । आफ्ना प्रयासलाई समन्वय गर्नका लागि तिनीहरू र तिनका सदस्य सङ्गठनहरूले एकसाथ काम गरेमा यी सबै सञ्जालहरूमा संसदमा महिलाको बृहत् प्रतिनिधित्वलाई गुणात्मक र संख्यात्मक दुवै तवरले सहयोग गर्ने उल्लेख्य सम्भावना रहेको छ ।

अन्य रणनीतिहरू निम्न छन्:

- राजनैतिक दलहरूभित्र कोटा (Quota) प्रणाली लागू गरेर तिनमा महिला प्रतिनिधित्व वृद्धि गर्ने र रणनीतिक निर्णयात्मक पदहरूमा महिला पहुँचलाई निश्चित गर्ने,
- उल्लेख्य मात्रामा मतदाता समूहको आवश्यकताबारे चेतना अभिवृद्धिका लागि राजनैतिक दलका नेताहरूसँग अधिवाचन कार्यक्रम सञ्चालन गर्ने,
- जनमत तयार गर्ने औजारको रूपमा आमसञ्चारमाथि महिलाको पहुँचमा वृद्धि,
- शिक्षा, तालिम र सूचनामा वृहत्तर पहुँचद्वारा महिला सशक्तीकरण, र
- संसदमा महिलाको संख्या बढाउनका लागि पुनः सुदृढ पार्ने संयन्त्र संरचनासहितको एउटा औपचारिक कोटा लागू गर्ने ।

## अगाडिको बाटो

हबिबी प्रशासन (सन् १९९८ देखि ९९ सम्म) देखि राजनैतिक प्रणालीमा खुल्लापनले बढोत्तरी पाएको छ । गैरसरकारी संस्थाहरूको संख्यामा वृद्धि भएको छ । राजनैतिक दलहरूको क्रियाकलापहरूमाथि लगाइएको प्रतिबन्ध पनि फुकुवा गरिएको छ । यस नयाँ वातावरणले महिलाहरूलाई लाभ पुगेको छ । महिला अधिकारको क्षेत्रका कार्यरत गैरसरकारी संस्थाहरूले आफ्ना क्रियाकलापहरू सुदृढ बनाएका छन् । पहिलो वाहलिद प्रशासनताका त्यो अवस्थामा अझ सुधार आयो । महिलाका दुईवटा राजनैतिक समूहहरु (Caucus) व्यवस्थापिकाको महिला समूह (Women's Legislative Caucus) र दोस्रो इन्डोनेसियाई राजनैतिक महिलाको

समूह (Indonesian Political Women's Caucus) को उदय यसका उदाहरण हुन् ।

यी संघहरूले विधायिका संसदमा रहेका महिला प्रतिनिधिहरू, राजनैतिक दलका नेताहरू, जनसङ्गठनका नेताहरू र अन्य सम्बद्ध पक्षहरूका लागि तिनीहरूको प्रयासमा वृद्धि गर्न र सुदृढ बनाउन सञ्जालको विकास गर्न सुरु गरे । सामान्यतया यी संघहरूले महिलाका लागि ऐनमा व्यवस्था गरिएको कम्तीमा २० देखि ३० प्रतिशत कोटा (Quota)का लागि 'लबी' गरे । त्यसको परिणामस्वरूप सन् २००३ को फेब्रुअरीमा पारित गरिएको नयाँ निर्वाचन ऐनमा सम्पूर्ण चुनावी उम्मेदवारको ३० प्रतिशत महिला समावेश गर्नुपर्ने कुरालाई राजनैतिक दलहरूले हृदयङ्गम गर्नुपर्ने प्रावधान समावेश गरियो । कोटा (Quota) का लागि कडा 'लबी' गरेका समूहहरूका लागि यो एक प्रकारको विजय थियो, यद्यपि यसको कार्यान्वयन पक्ष कमजोर रहेको छ । त्यसबखत यसलाई सर्वसम्मतिसाथ स्वागत गरिएको थिएनः त्यसपछि राष्ट्रप्रमुख सुकार्नोपुत्रीले कोटा (Quota) ले वास्तवमा महिला उम्मेदवारीलाई घटाउनेछ अनि महिला र तिनीहरूले ओगट्ने संघ-संस्थाहरूमाथि बढ्दो बोझ थोपर्छ भनेर सन् २००१ को डिसेम्बर २७ को आफ्नो आमा दिवसको सम्बोधनमा सन्देह व्यक्त गरिन् ।

अन्त्यमा कोटा (Quota) सम्बन्धी विषयका अतिरिक्त एउटा दबाब दिने पक्ष यो हो कि संसदमा महिला प्रतिनिधित्वको स्तर वृद्धि गर्न सकिन्छ र त्यस समुदायका आकांक्षाहरू निर्वाचन ऐनमा अझ संशोधनद्वारा बढी असल तवरले प्रवाह गर्न सकिन्छ । हालसम्म इन्डोनेसियामा लागू भएको प्रणाली समानुपातिक प्रतिनिधित्व प्रणाली हो । उम्मेदवारको सूची प्रयोगद्वारा महिलालाई निर्वाचनको लागि अगाडि सार्न सकिने भएकाले समानुपातिक प्रतिनिधित्वले महिला प्रतिनिधित्व वृद्धि गर्न सबैभन्दा असल (यस निर्देशिकाको अध्याय ३ हेर्नुहोस्) अवसर दिन्छ भनेर धेरै मानिसहरू तर्क गर्छन् । यदि ती सूचीहरूमा लाभदायी पदमा महिलाको राम्ररी प्रतिनिधित्व भएको छ भने तिनीहरू निर्वाचित हुने राम्रो सम्भावनामा रहेको हुन्छ । यसलाई सुनिश्चित गर्ने निर्वाचन ऐन संशोधन गर्नाले भविष्यमा इन्डोनेसियाली संसदमा महिला उम्मेदवार निर्वाचित हुनमा सकारात्मक असर पर्छ ।

## पादटिप्पणी

१ For further detail of some of the obstacles, see Matland, Richard E., 2001. 'Sistem Perwakilan dan Pemilihan Kaum Perempuan: Pelajaran Untuk Indonesia' [Representation and election system for women: Lessons learned for Indonesia], in *Keterwakilan Perempuan dan Sistem Pemilihan Umum* [Women's representation and the electoral system]. Jakarta: National Democratic Institute and State Ministry for Women Empowerment, p. 22.

## थप अध्ययन सामग्री

CETRO (Centre For Electoral Reform), 2002. 'Executive Summary Data dan Fakta Keterwakilan Perempuan Indonesia' [Executive summary of data and facts of women representatives in Indonesia], in *Partai Politik dan Lembaga Legislatif* [Political parties and legislative bodies]. Jakarta

Crouch, Harold, 1982. *Perkembangan Politik dan Modernisasi* [Political development and modernization]. Jakarta: Yayasan Perkhidmatan

Karam, Azza, 1999. 'Kesimpulan Bukan Sekedar Tanda Bukti Representasi' [Conclusion: not only representation—approval'], in International IDEA. *Perempuan di Parlemen, Bukan Sekedar Jumlah, Bukan Sekedar Hiasan* [Women in Parliament: Not just numbers, not just decoration]. Jakarta: International IDEA

Robinson, Kathryn and Sharon Baseel, 2002. 'Women in Indonesia, Gender Equity and Development'. Singapore: Institute of Southeast Asian Studies

Sanit, Arbi, 1985. 'Perwakilan Politik di Indonesia' [Political representation in Indonesia]. Jakarta: CV Rajawali

— 1995a. 'Ormas dan Politik' [Mass organizations and politics]. Jakarta: Lembaga Studi Informasi Pembangunan

— 1995b. 'Sistem Politik Indonesia: Kestabilan Peta Kekuatan Politik dan Pembangunan' [The Indonesian political system: Stability of the political power map and development]. Jakarta: PT Raja Grafindo Persada

'Zaman telah Berubah Sesudah Kartini' [The era has changed since Kartini], 1978. *Tempo* magazine (Jakarta), 29 April

# अध्याय ३

## अध्याय ३

रिचार्ड ई. म्याटल्यान्ड

# महिलाको राजनैतिक सहभागिता अभिवृद्धि: संसदमा नयाँ पदपूर्ति तथा निर्वाचन प्रणालीहरू

अब आउने दुईवटा अध्यायहरुले पहिले उल्लेख गरिएका राजनैतिक सहभागिताका अवरोधहरुको सामना गर्ने रणनीतिहरूको जाँच गर्छन् । यो अध्याय दुईवटा विषयमा केन्द्रित छ । पहिलोमा, राष्ट्रको व्यवस्थापिकाका सभाहरूमा पदपूर्ति हुने प्रक्रियामा संलग्न चरणहरूलाई हामी जाँच गर्छौं । दोस्रोमा, हामी राष्ट्रको निर्वाचन प्रणालीको असर हेर्छौं । महिला निर्वाचित हुनका लागि कुन-कुन निर्वाचन प्रणाली सबैभन्दा सुहाउँदा छन् र किन ? निर्वाचन प्रणालीको ढाँचामा के खास कारक तत्त्वहरूसँग महिला चिन्तित हुनुपर्छ ? यी प्रश्नलाई सम्बोधन गर्दै संसदमा महिला प्रतिनिधित्व वृद्धि गर्नका निम्ति प्रयोग गर्न सकिने प्रभावकारी र व्यावहारिक रणनीतिहरूबारे केही अन्तर्दृष्टि प्रदान गर्ने आशा गरिन्छ ।

## १. संसदीय पदपूर्ति प्रक्रिया र महिलामा त्यसको प्रभाव


संसदको पदपूर्ति प्रक्रिया भन्नाले त्यस प्रक्रियालाई बुझिन्छ, जसबाट सेवा गर्ने वैधानिक आधार पूरा गरिसकेपछि व्यक्तिहरू संसदमा वास्तवमा नै सेवा गर्न अगाडि बढ्छन् । अधिकांश मुलुकका राजनीतिक दलहरुले आफ्नो दलका तर्फबाट योग्य व्यक्तिलाई आधिकारिक उम्मेदवारको रुपमा छनौट गरी जनतासमक्ष निर्वाचनका लागि प्रस्तुत गर्ने गर्दछन् ।

संसदमा निर्वाचित हुनका लागि महिलाहरूले तीनवटा कठिन अवरोधमा सफल हुनुपर्छ । पहिलो, तिनीहरूले आफू स्वयम्लाई छनौट गर्नुपर्छ । दोस्रो, तिनीहरू दलहरूद्वारा उम्मेदवारको रूपमा छानिनुपर्छ । तेस्रो, तिनीहरू मतदाताद्वारा निर्वाचित हुनुपर्छ । यस प्रक्रियालाई चित्र १ मा विस्तृत रूपले वर्णन गरिएको छ । सम्भाव्य, प्रत्याशीदेखि

उम्मेदवारसम्म भएर अगि बढ्न संलग्न चरण प्रायजसो राजनैतिक प्रणालीमा रहेको हुन्छ भने वास्तविक प्रक्रियामा एउटा राष्ट्रदेखि अर्को राष्ट्रमा नाटकीय ढङ्गले फरक रहेको हुन्छ । खास गरेर राष्ट्रको सामाजिक संस्कृति र निर्वाचन प्रणालीका साथै दलको नियम र स्तरीय पदपूर्ति प्रक्रियाले विभिन्न चरणमा असर पार्छ र महिला उम्मेदवारको खुलापनको हदलाई प्रभावित पार्छ ।

पार्टीका द्वारपाल झैं जिम्मेवार व्यक्तिहरूले वास्तवमा नै उम्मेदवार छनौट गर्ने चरण महिलालाई कार्यालयमा ल्याउने निर्णायक चरण हो ।

**चित्र १ : संसदको पदपूर्ति प्रणाली**




***स्रोतः*** Matland R. and K. Montgomery, 2003. 'Recruiting Women to National Legislatures: A General Framework with Application to Post-Communist Democracies', in R. Matland and K. Montgomery (eds.) *Women's Access to Political Power in Post- Communist Europe*. Oxford: Oxford University Press, p.21.

## *१.१ आफू स्वयम्लाई छान्नु*

पहिलो चरणमा व्यक्तिले सम्भावित पदका लागि उम्मेदवारको रुपमा उठ्ने निर्णय गरेको हुनुपर्छ । यो निर्णय व्यक्तिगत महत्त्वाकांक्षा, स्रोतहरू र उठ्ने अवसरहरूद्वारा प्रभावित हुन्छ । उम्मेदवार हुने निर्णयलाई सामान्यतया एकजना विवेकी नेताको निर्णयको रूपमा चित्रण गरिन्छ तर परिणाम र सम्भाव्य लाभहरू र सम्पादन गरिएको खास कार्यको लागतबारे भविष्यवाणी गर्न यसको सीमित क्षमता रहेको हुन्छ । दलको औपचारिक वा कार्यालयीय उम्मेदवार भई उठ्ने अवसरका पछाडि एकातिर जिम्मेवार र नेताको व्यक्तिगत र विवेकपूर्ण

निर्णय, उम्मेदवारले जुटाउन सक्ने स्रोतसाधनको लेखाजोखा र सम्बद्ध व्यक्तिको सामाजिक तथा राजनीतिक वातावरण कत्तिको सहयोगी हुन्छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । यो पहिलो चरणमा महिलाभन्दा पुरूषको संख्या अधिक भइसकेको हुन्छ । प्रायजसो सबै परम्परागत राजनीतिक संस्कृति पुरूषहरुका लागि सामाजिक वा अनुकूल हुनेगर्छ । यसले पुरूषहरुलाई राजनीतिमा बढी ज्ञान, रुचि र राजनैतिक महत्त्वाकांक्षातर्फ उत्प्रेरित गर्छ र स्रोतमा तिनीहरूको बढी पहुँच पनि हुन्छ । लगभग सबै मुलुकमा ५० प्रतिशतभन्दा बढी महिलाहरु राजनीतिक कार्यमा लाग्न सक्षम हुन्छन् र कामको सुरुआत गर्छन्, तर आफू स्वयम्लाई छान्ने फगत पहिलो चरणपछि नै त्यो प्रणाली पुरूषहरूतर्फ कोल्टिन्छ वा मोडिन्छ ।

महिलाको राजनैतिक सशक्तीकरणमा केन्द्रित महिला आन्दोलन वा सङ्गठनले औपचारिक उम्मेदवारको अभिलाषा राख्ने सम्भाव्य महिला उम्मेदवारको सङ्ख्या वृद्धिमा उल्लेख्य योगदान दिन सक्छन् । महिला सदस्यहरूको बाहुल्य रहेका गैरराजनैतिक सङ्गठनहरूले समेत महत्वपूर्ण भूमिका खेल्न सक्छन् । एउटी महिलाले चुनाव लड्ने निर्णय गरेमा सहायताको आधार दिन सक्छन् । ती सङ्गठनहरूले महिलालाई सार्वजनिक व्यवस्थापनको ज्ञान दिई तिनीहरूको आत्मविश्वास जगाउन मद्दत गर्न सक्छन्, अनि यदि महिला सङ्गठनहरूले पार्टीहरूलाई महिला समस्यालाई सम्बोधन गर्न र महिलाको बृहत् राजनैतिक प्रतिनिधित्व जस्ता दुवै प्रश्नलाई सम्बोधन गर्न दबाब पनि दिन सक्छन् । महिलाले प्राप्त गर्नसक्ने यी महत्त्वपूर्ण स्रोतहरू हुन् अनि तिनीहरूले आफू उठ्ने र पार्टी संयन्त्रले उनलाई एकजना भरपर्दो उम्मेदवारको रूपमा हेर्नसक्ने कुरालाई बढी सम्भाव्य बनाउँछन् ।

## १.२ पार्टीद्वारा छानिनु

दोस्रो चरण पार्टीबाट छनौट हुनु हो । पार्टीहरूले खेल्ने महत्त्वपूर्ण भूमिकामध्ये उम्मेदवारहरुको छनौट पनि एक हो । हरेक राज्य र दलहरूबीच मनोनयन प्रक्रिया फरक-फरक हुन्छन् । मनोनयन प्रक्रिया सहभागिताको स्तर तथा त्यस प्रक्रियाको केन्द्रीकरण वा विकेन्द्रीकरणको हदलगायत कैयन् विशेषताहरुद्वारा छुट्याउन सकिन्छ ।[१] वर्णपटको एउटा कुनामा यस्ता प्रक्रियाहरु रहेका हुन्छन्, जसले जनतालाई विकेन्द्रीकृत सन्दर्भमा विस्तृत अवसर प्रदान गर्दछन् जस्तो कि अमेरिकाको प्राथमिक निर्वाचन र क्यानाडाका प्रमुख पार्टीहरूद्वारा सञ्चालित सम्पूर्ण पार्टी सदस्यहरुको बैठक । अनि त्यस वर्णपटको अर्को कुनामा त्यस्ता प्रणाली पनि छन्, जसले पार्टी नेतृत्व, राष्ट्रिय दलका नेतृत्वहरू वा राष्ट्रिय कार्यकारिणीले उम्मेदवारहरू छनौट गर्छन् । उदाहरणका लागि जापानमा लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) का उम्मेदवार छनौट कार्य धेरै हदसम्म नेताहरूको नियन्त्रणमा रहेको छ । यीमध्ये कुन प्रक्रिया प्रयोग गरिएको छ भन्ने कुरामा भर पर्दै पार्टी नेताहरू, पार्टी पदाधिकारीहरूको वृहत् समूह वा पार्टी दर्जा र पङ्क्तिको उल्लेख्य समूहले भित्र छिराउने द्वारपालको भैं भूमिका खेल्छ ।

**उम्मेदवार छनौट गर्नको लागि स्पष्ट नियम भएको कर्मचारीतन्त्र प्रक्रियाले महिलाको लागि स्पष्ट लाभ पुऱ्याउन सक्छ ।**

हामी आश्रयमुखी र कर्मचारीतन्त्र छनौट

प्रणालीबीचको भेद छुट्याउन पनि सक्छौं ।[२] उम्मेदवार छनौटको एउटा कर्मचारीतन्त्र प्रणाली शक्तिको केन्द्रमा को रहेको छ भन्ने कुरालाई बेवास्ता गर्दै नियमहरू विस्तृत, सुस्पष्ट, स्तरीय र पालन गरिएका हुन्छन् । अधिकारहरू ऐन कानुनमा आधारित हुन्छन् । आश्रयमुखी प्रणालीमा स्पष्ट नियमहरू हुने सम्भावना ज्यादै कम हुन्छ, भए पनि सावधानीपूर्वक पालन नगरिने टड्कारो सम्भावना हुन्छ । अधिकार कानुनी-विवेकपूर्ण हुनुको साटो कि त परम्परागत कि त चुम्बकीय प्रभाव पार्ने गुणद्वारा आफूसँग मिलाउने र चाकरी प्रवृत्ति जगाउने नेतृत्वमा आधारित हुन्छ । बफादारी दलका हालीमुहाली भएकाहरूप्रति सर्वोपरि हुन्छ ।

महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने नियमहरू (जुन कोटा हो) समावेश भएको कर्मचारीतन्त्र प्रकृतिको प्रणाली महिलाका निम्ति उल्लेख्य लाभकारी हुन्छन । कैयन् नर्डिक देशहरु (उत्तरी युरोपका) मा दलहरुले तिनीहरुको सूचीमा कि त ४० प्रतिशत कि त ५० प्रतिशत महिला हुनेछन् भनेर कोटा तर्जुमा गरेका छन् । उत्तरी युरोपका राष्ट्रहरूमा महिला प्रतिनिधित्वमाथि यसको सकारात्मक असर परेको छ (स्विडेनको नमुना अध्ययन हेर्नुहोस्) ।[३] प्रतिनिधित्व सुनिश्चित गर्ने कुनै सुस्पष्ट ऐनहरू नभएको अवस्थामा समेत उम्मेदवार छनौट गरिने स्पष्ट कर्मचारीतन्त्र प्रक्रियाहरूबाट महिलाका निमित्त उल्लेख्य लाभ प्राप्त हुन्छ । सुस्पष्ट र खुला नियमहरूले महिलालाई फाइदा पुऱ्याउनका लागि रणनीति विकास गर्ने अवसर प्रदान गर्छन् । लिखित नियम नभएको अवस्थामा शक्तिको भित्री वृत्तमा पुग्ने रणनीतिको तर्जुमा निकै कठिन हुन्छ ।

### बक्स २. नर्वेमा उम्मेदवार चयन

स्पष्ट र व्यापक प्रक्रियाहरूबाट कसरी लाभ उठाउने भन्नेबारे नर्वेको नमुनाले एउटा उदाहरण प्रस्तुत गर्छ । नर्वेमा बन्दसूची समानुपातिक प्रतिनिधित्व प्रणालीको रहेको छ ।

प्रत्येक काउन्टी पार्टी समितिहरूले पार्टी सूचीका लागि उम्मेदवारहरूको सूची सिफारिस गरेपछि मनोनयन सुरु हुन्छ ।* समितिको सिफारिसलाई सम्पूर्ण काउन्टीव्यापी मनोनयन सभामा पठाइन्छ, जहाँ त्यो स्वीकृत हुनैपर्छ । स्थानीय बैठकहरूमा स्थानीय पार्टी सदस्यहरूले मनोनयन सभाका लागि उम्मेदवारहरू छनौट गर्छन् । कोटाको थालनी हुनुभन्दा पहिलासमेत यी स्पष्ट नियमहरूका साथ महिलाका लागि महत्त्वपूर्ण निर्णयका बुँदाहरू पहिचान गर्न सम्भव थियो । जसको सेरोफेरोमा रहेर महिलाहरु आफ्ना मागका निम्ति दबाब दिन एकताबद्ध हुन सक्थे ।

परिचालन समितिको प्रथम चरणको सिफारिस र दोस्रो चरणको मनोनयन सभाप्रति लक्षित रहेको थियो । मनोनयन समितिबाट महिलाहरूले न्यायोचित प्रतिनिधित्वको माग राखेर थालनी गर्न सक्छन् । पार्टी मनोनयन समितिले तिनका मागलाई सन्तोषजनक ढङ्गले सम्बोधन नगरेमा प्रतिनिधिहरू छानिने स्थानीय पार्टी सङ्गठनका बैठकमा अधिकतम उपस्थितिका लागि तिनीहरूले स्थानीय महिला पार्टी सदस्यहरूलाई सङ्गठित गर्न

सक्छन् । त्यसो गर्नाले महिला प्रतिनिधित्व सुनिश्चित गर्न मतदान गर्ने प्रतिनिधि राष्ट्रिय सभामा निर्वाचित हुनेछन् भनेर निश्चितता दिन सक्छन् । यस्तो प्रक्रिया निकै प्रतिस्पर्धात्मक हुन्छ । मनोनयन समितिलाई मनोनयनका निम्ति सभामा दवाव दिन प्राय एकतावद्ध हुने अभियानले प्रस्ताव विरुद्ध मत खसाउने कार्यभन्दा प्रभावकारी भूमिका खेल्न सक्छ ।

* Valen Henry, 1966 'The Recruitment of Parliamentary Nominees in Norway'. Scandinavian Political Studies.Vol. 1, no. 1, pp. 121-66; and Valen, Henry, 1988. 'Norway Decentralization and Group Representation', in Michael Gallagher and Michael Marsh (eds.) Candidate Selection in Comparative Perspective: The Secret Garden of Politics. London: Sage.

पार्टीले उम्मेदवार मनोनयन गर्दा विचार पुऱ्याउनु पर्ने महत्त्वपूर्ण कुरा भन्नु नै आफ्नो पार्टीले अधितकम मत प्राप्त गर्न सक्ने विश्वस्त उम्मेदवारहरू प्रस्तुत गर्नु हो ।[४] खास किसिमका उम्मेदवारहरू दायित्वको रुपमा ठानिएमा दलका जिम्मेवार व्यक्तिहरुले तिनीहरूलाई नामाङ्कन गर्नबाट नै रोक्छन् । कैयन् राष्ट्रका अध्ययन, अवलोकन तथा अनुसन्धानले देखाएअनुसार सबै देशहरुमा पार्टीले उम्मेदवार छनोटको क्रममा सम्भाव्य उम्मेदवारमा खोज्ने खास विशेषता हुन्छ । एउटा प्रत्याशीका निम्ति सबैभन्दा बढी मान्यता दिइने कुरा पार्टी सङ्गठन र निर्वाचन क्षेत्रमा प्रत्याशीको विगतको अभिलेख हो ।[५] सायद यसको सबैभन्दा सशक्त स्थिति पदाधिकारीहरू पुनः मनोनीत हुने उच्च दर हो । नयाँ उम्मेदवारहरूका लागि समेत पार्टी सहभागिता र सक्रियताको विगतको इतिहास आवश्यकै नभए तापनि वाञ्छनीय छ । आफ्नो व्यवसाय, सरकारी कार्यालय वा नागरिक समाज सङ्गठनहरूमा नेतृत्व गरेको समाजमा देखिनु पनि उत्तिकै वाञ्छनीय मानिन्छ । पदाधिकारी र समुदायका नेताहरू प्रायजसो असमानुपातिकरूपले पुरूष रहेकाले उम्मेदवारीमा हुनुपर्ने यी योग्यताहरूले महिलाका अवसरहरूमाथि हानी पुऱ्याउन सक्छ ।

दलका जिम्मेवार नेताहरुले उम्मेदवार चयन गर्ने चरण नै महिलालाई औपचारिक रुपमा प्रवेश गराउने सबैभन्दा महत्त्वपूर्ण चरण हो । सामान्य योग्यता पुगेकादेखि निर्वाचित भएर काम गर्ने चाहना भएका जनताको अनुपातबारे अनुमान गर्नु निकै कठिन कुरा हो । औद्योगिक लोकतन्त्रहरूमा मतदानको तथ्याङ्कले देखाएअनुसार राजनैतिक पदमा उम्मेदवार बन्ने चाहना राख्ने विचार गरेको भन्ने व्यक्तिहरूको प्रतिशत कूल जनसङ्ख्याको केही प्रतिशतदेखि २० प्रतिशतको नजिकसम्म रहेको छ । अभिलाषीहरूको यो समूह पुरूषतर्फ झुकेको छ । मेरो अनुमानअनुसार औद्योगीकरण भएका लोकतन्त्रहरूमा कार्यालयका लागि अभिलाषा राख्नेमा महिलाको स्थान २५ प्रतिशतदेखि ४० प्रतिशतका बीचमा कतै छ । यद्यपि, महत्त्वपूर्ण कुरा के रहेको छ भने *दलहरूले चाहेमा* कैयन् पटकसम्म एकजना मात्र महिलालाई निर्वाचित गर्नका लागि यो समूह यथेष्टरूपले ठूलो रहेको छ । उदाहरणका लागि सन् २००२ को जर्मनीको संघीय निर्वाचनमा सोसल डेमोक्रेटिक पार्टी-एसडीपी (Social Democratic Party-SDP) ले करिब २ करोड मत प्राप्त गऱ्यो, जसले यसलाई २५१ वटा सिटमा विजयी बनायो । एसपीडीका मतदाताहरूमध्ये ५ प्रतिशतमात्र राजनैतिक पदका लागि इच्छुक भएको भए पनि इच्छुकहरुको यो समूहको २० प्रतिशतमात्र महिला भएको भए

यसको अर्थ अझै पनि इच्छुकहरुको समूहमा दुई लाख महिला हुने थिए । महिलामात्र रहेका उम्मेदवारहरूको सूची तयार गर्न पार्टीलाई ६०२ जना मात्र महिला आवश्यक पर्ने थियो, जुन यसको कुल महिला प्रत्याशी सङ्ख्याको १ प्रतिशतभन्दा निकै कम हो ।

लैङ्गिक समानतातर्फ उन्मुख गराउने कोटा वा अन्य दलीय नियमहरुमार्फत् दलहरुले इच्छुकहरुको समूहमा पक्षीय बन्ने प्रवृत्तिको क्षतिपूर्ति गर्न सक्ने कुरा महत्त्वपूर्ण रहेको छ । योग्यता समूह एक पक्षप्रति झुकावपूर्ण भएकोमा पार्टीहरूले लैङ्गिक तटस्थ नियम लागू गरे भने त्यसको परिणाम पुरूषतर्फ पेचिलो रहेको उम्मेदवारहरूको समूह हुनेछ । पार्टीहरूले महिलालाई हानी पुऱ्याउने खालको छनौट प्रक्रिया प्रयोग गरे भने उम्मेदवारहरूको समूह हुनुपर्ने योग्यता समूहसँग भन्दा पुरूषहरूप्रति झन् बढी पूर्वाग्रही हुनेछ । दलका जिम्मेवार नेताहरुले महिलाहरूलाई पार्टीलाई भोट जित्न लायक बनाउने उम्मेदवारको रूपमा हेर्छन् कि हेर्दैनन् भन्ने कुरा राष्ट्रको संस्कृतिका साथै तल छलफल गरिएअनुसार यसको निर्वाचन प्रणालीलगायतका केही कारक तत्वहरूबाट प्रभावित हुन्छ ।

## *१.३. निर्वाचित हुनु*

संसद सदस्य हुनका लागि अन्तिम अवरोध मतदाताहरूद्वारा छानिनु हो । यस चरणमा महिलाविरुद्ध व्यवस्थित पूर्वाग्रह छ कि छैन भन्ने कुरा केही विवादको विषय रहेको छ । स्थापित लोकतन्त्रहरूमा गरिएको धेरैजसो अध्ययन अनुसार प्रायजसो मतदाताले प्राथमिकरूपमा व्यक्तिविशेष उम्मेदवारहरूलाई होइन, पार्टीलाई मतदान गर्छन् ।[६] यो बन्दसूची समानुपातिक प्रतिनिधित्व प्रयोग गर्ने निर्वाचन प्रणालीको हकमा निश्चित रूपमा सत्य हो । त्यस्तो अवस्थामा मतदाताहरूलाई महिला प्रतिनिधित्वका लागि गम्भीर वाधकको रूपमा हेर्नु पर्ने कम कारण छ । यी अवस्थामा त्यस प्रक्रियाको महत्त्वपूर्ण चरण पार्टीद्वारा वास्तवमा नै मनोनयनमा पर्नु हो ।

> **धेरैजसो मतदाताहरूले प्राथमिकरूपमा व्यक्तिविशेष उम्मेदवारहरूलाई होइन पार्टीलाई मतदान गर्छन्**

यो सबैभन्दा विशेष प्रकारको भएकाले उम्मेदवारका लागि व्यक्तिगत मत महत्त्वपूर्ण हुने राष्ट्रहरू रहेका छन् । (कति महत्त्वपूर्ण रहेको छ भन्ने कुरा राजनीति शास्त्रमा महत्त्वपूर्ण छलफलको एक विषय हो) पार्टीप्रतिको वफादारी, शक्तिमा भएको शासकले गरेका कामको पश्चदर्शी मूल्याङ्कनहरू, त्यस दिनको अहम् राजनैतिक मुद्दाहरूबारे दृष्टिकोण उम्मेदवारको लैङ्गिक अवस्था दबाउनतर्फ प्रवृत्त हुन्छ भनेर राजनीति शास्त्रीहरूले निरन्तररूपमा तर्क गरेका छन् । यद्यपि, अनुसन्धानकर्ताहरूले औंल्याएअनुसार उम्मेदवारका व्यक्तिगत गुणहरूले मतदाता समूहको निमित्त वस्तुगतरूपमा कुनै फरक नपारे पनि तिनीहरू महत्त्वपूर्ण छन् भन्नेबारेमा पार्टीका अधिकारीहरू सहमत छन् । त्यस कारण भोट जित्ने पार्टीको अवसरलाई बलियो पार्छ भनेर उनीहरूले विश्वास गरेकाहरूमाथि आँखा गाडेर सावधानीपूर्वक उम्मेदवारहरू छान्ने कार्यलाई तिनीहरूले निरन्तरता दिन्छन् ।[८] बहुलता/बहुमत, एकल सदस्य जिल्ला (सिङ्गल मेम्बर डिस्ट्रिक्ट, एसएमडी) निर्वाचन प्रणाली भएका राष्ट्रहरूमा कुल

मतमा व्यक्तिगत उम्मेदवारको केही असर हुने सम्भावना प्रबल रहेको हुन्छ । यद्यपि, ती राष्ट्रमा समेत मतदानमा प्रत्यक्ष रुपमा सामना गर्न महिला उम्मेदवारहरूले पुरूष उम्मेदवारको हाराहारीमा राम्रो गरेका छन् भन्नेबारे दरिला प्रमाणहरू छन् ।[९]

केही समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीले खुल्लासूची मतपत्र वा प्राथमिकतापूर्ण मतदान पद्धतिको प्रयोग गर्छन् । जसमा पार्टीले रुचाएको रोजाइ क्रमअनुसारले उम्मेदवार मनोनयन गर्छन्, तर पार्टीको सूचीमा रहेका कुन उम्मेदवार निर्वाचित हुनुपर्छ भनेर मतदातालाई प्रभावित पार्न चाहेमा त्यो क्षमता उनीहरुसँग हुन्छ । मतदान गर्दा मतदाताले पहिला कुनै खास पार्टी टिकट चयन गर्छ, तर त्यसपछि कुनै खास उम्मेदवारलाई व्यक्तिगत मत दिएर समर्थन गर्न विकल्प पनि हुन्छ । उम्मेदवारहरू निर्वाचित हुनका लागि प्रभावित पार्न कति व्यक्तिगत मत चाहिन्छ भन्ने कुरा निर्वाचन ऐनले निर्क्योल गर्छ र त्यो ज्यादै नै फरक हुन सक्छ ।[१०]

एकल सङ्क्रमणीय मत वा खुल्लासूची समानुपातिक प्रतिनिधित्व मतदान प्रणाली जस्ता प्राथमिकतामूलक निर्वाचन प्रणालीमा एकजना महिला हुनु लाभदायी वा हानिकारक हुनसक्छ। पुरूषको नाम हटाउन र महिलाको नाममा मतदान गर्न महिलाहरू सक्रियरूपले सङ्गठित हुन र त्यसका लागि प्रोत्साहित गर्नेतर्फ लाग्ने पहलले यस प्रक्रियामा महिलालाई सशक्तरूपमा देखाउने नतिजा दिनसक्छ । यसको सशक्त उदाहरण नर्वेमा देखियो । नर्वेमा महानगरपालिकास्तरको स्थानीय निर्वाचनमा खुल्लासूची समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइएको छ । सन् १९७० को दशकको सुरुआतमा महिलालाई प्रवर्द्धन गर्नका लागि मननयोग्य प्रभावकारी अभियान परिचालन गर्न महिलाहरु सक्षम थिए । सन् १९७१ को स्थानीय निर्वाचनमा कैयन् ठूला नर्वेली नगरमा सहर परिषद् मा महिला प्रतिनिधित्व करिब १५ देखि २० प्रतिशतबाट बहुमतमा वृद्धि भयो । यो 'महिला कु' (Women's Coup) निर्वाचन संरचनाबाट लाभ उठाउने महिलाको क्षमतामा एउटा ठूलो आश्चर्य र गर्वको स्रोत बन्यो । यद्यपि, यो मनन गर्नुपर्छ कि त्यसपछिका निर्वाचनमा प्रत्युत्पादक नतिजा आएको थियो, जतिबेला पुरूष भएका कारणले पुरूषलाई प्रहार गर्नु सरलरूपले अन्यायपूर्ण भएको अनुभव गर्ने कैयन पुरूष महिला उम्मेदवारलाई प्रहार गर्न उद्यत भए । नर्वेमा त्यसपछिको स्थानीय निर्वाचनमा र त्यसपछिको प्रत्येक निर्वाचनमा व्यक्तिगत मत नहुँदा निर्वाचित महिलाको सङ्ख्याभन्दा कम रहेको छ ।[११]

**व्यक्तिको गणना हुन्छ भन्नेबारे पार्टी अधिकारीहरूलाई पत्यार हुन्छ त्यस कारणले तिनीहरूले भोट जित्ने पार्टीको अवसरलाई बलियो पार्छ भनेर उनीहरूले विश्वास गरेका उम्मेदवारहरू सावधानीपूर्वक छान्ने कामलाई निरन्तरता दिन्छन् ।**

उम्मेदवार हुनका लागि योग्य समूहमा हुनुबाट व्यवस्थापिका ससद्को सदस्य हुनसम्म अगाडि बढ्ने प्रयास गर्दा वास्तवमा महिलाले सामना गर्नुपर्ने अवरोधहरूलाई सरसर्ती हेर्दा यो स्पष्ट हुनुपर्छ कि स्थापित लोकतन्त्रहरूमा महत्त्वपूर्ण कुरा महिलालाई उम्मेदवार बन्न पत्यारिला बनाउनु र पार्टीहरूलाई आफ्नो उम्मेदवारको रूपमा महिलालाई छनौट गर्न आश्वस्त पार्नु हो ।

## २. महिला प्रतिनिधित्वमा निर्वाचन प्रणालीको असर

**नाटकीय ढंगले महिलाप्रति हेरिने दृष्टिकोणको परिवर्तनले भन्दा अल्पकालिन रुपले भए पनि कुनै देशको निर्वाचन प्रणाली बदलिंदा त्यसले वास्तविक लक्ष्यको प्रतिनिधित्व हुन्छ ।**

महिला प्रतिनिधित्वका बारेमा विचार गर्दाको एउटा महत्त्वपूर्ण कारक तत्त्व त्यो प्रणालीमा जिल्लामा एक जनामात्र व्यवस्थापिका सदस्य निर्वाचित हुने प्रणाली रहेको छ कि प्रत्येक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी व्यवस्थापिका सदस्यहरु निर्वाचित हुने बहुसदस्यीय जिल्ला प्रणाली रहेको छ भन्ने हो । यस भेदले संस्कृतिको महिलाप्रतिको दृष्टिकोणलाई नाटकीय ढङ्गले परिवर्तन गर्नुभन्दा राष्ट्रको निर्वाचन प्रणाली परिवर्तन गर्नुले त्यसतर्फ कार्य गर्न निकै बढी वास्तविक लक्ष्यको प्रतिनिधित्व गर्छ । यसले बहुमत र समानुपातिक प्रतिनिधित्व प्रणालीबीचको भेदलाई त्रुटिविहीन ढङ्गले नभए पनि राम्ररी खुट्याउँछ ।

- बहुमत प्रणालीमा बढी मतले विजयी उम्मेदवार वा पार्टी हुन्छ । उदाहरणको रुपमा भन्ने हो भने प्रत्येक जिल्लामा एकजना मात्र विजयी हुन्छ ।
- समानुपातिक निर्वाचन प्रणालीमा एउटा पार्टी वा गठबन्धनको निमित्त समग्र मत संसदमा सिटको सुहाउँदो अनुपातमा रुपान्तरित हुने कुरा निश्चित गर्ने पद्धतिको ढाँचा तयार गरिएको हुन्छ । यदि एउटा पार्टीले २० प्रतिशत मत ल्याएमा त्यसले संसदको करिब २० प्रतिशत सिट पाउनु पर्छ । सबै समानुपातिक प्रतिनिधित्व प्रणालीमा बहुसदस्यीय जिल्लाहरू प्रयोग गरिन्छ ।[१२]

राजनीतिका विद्वान् र महिला कार्यकर्ताहरूले निर्वाचन प्रणालीले महिला प्रतिनिधित्वमाथि पार्ने प्रभावबारे जोड दिनुका अनेक कारण छन् । पहिलो, निर्वाचन प्रणालीको असर नाटकीय ढङ्गको छ । तालिका ८ र चित्र २ मा देखाएअनुसार निर्वाचन प्रणालीहरूबीच महिला प्रतिनिधित्वमा रहेका भिन्नता विचारणीय छन् । दोस्रो, निर्वाचन प्रणाली महत्त्वपूर्ण हुन सक्ने भई निरन्तर परिवर्तन हुँदै आएका छन् ।

समाजमा महिलाको सांस्कृतिक अवस्था वा राष्ट्रिय विकासको स्थितिको तुलनामा (महिला प्रतिनिधित्वलाई असर पार्ने भनी स्वीकारिएका दुईवटा अन्य कारक तत्त्व) निर्वाचन ऐनहरू कत्तिको उदार छन् । महिलाप्रतिको सांस्कृतिक दृष्टिकोणलाई नाटकीय ढङ्गले परिवर्तन गर्नुभन्दा राष्ट्रको निर्वाचन प्रणाली परिवर्तन गर्दा वास्तविक लक्ष्य प्राप्तिमा सहयोग पुग्छ ।

**तालिकाः ८. २४ वटा राष्ट्रिय संसदमा महिला सांसदको प्रतिशत, सन् १९४५ देखि २००४ सम्म, बढीमतीय/बहुमतीय एकल सदस्यीय जिल्ला (Single Member District-SMD) प्रणाली विरुद्ध समानुपातिक प्रतिनिधित्व/मिश्रित, बहुसदस्यीय जिल्ला (Multi Member District-MMD) प्रणाली**

| प्रणाली/वर्ष | १९४५ | १९५० | १९६० | १९७० | १९८० | १९९० | १९९७ | २००४ |
|---|---|---|---|---|---|---|---|---|
| एसएमडी | ३.०५ | २.१३ | २.५१ | २.२३ | ३.३७ | ८.१६ | १५.४२ | १८.२४ |
| एमएमडी | २.९३ | ४.७३ | ५.४७ | ५.८६ | ११.८९ | १८.१३ | २१.९३ | २७.४९ |

| | |
|---|---|
| बढीमतीय/बहुमतीय प्रणाली : अस्ट्रेलिया, क्यानाडा, फ्रान्स (सन् १९६० देखि), जापान (सन् १९९० सम्म), न्युजिल्यान्ड (सन् १९९० सम्म), संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका | समानुपातिक प्रतिनिधित्व र मिश्रत, एकल सदस्यीय जिल्ला प्रणाली : अस्ट्रिया, बेल्जियम, डेनमार्क, फिनल्यान्ड, फ्रान्स (सन् १९४५ र १९५०), ग्रीस**, आइसल्यान्ड, आयरल्यान्ड, इजराइल*, इटली, जापान, लग्जेम्बर्ग, निदरल्यान्डस्, न्युजिल्यान्ड, नर्वे, पोर्चुगल**, स्पेन**, स्विडेन, स्विटजरल्यान्ड र जर्मनी** (सन् १९९० भन्दा पहिलाको संघीय गणतन्त्र जर्मनी) |

* सन् १९४५ मा इजरायल अस्तित्वमा थिएन र संघीय गणतन्त्र जर्मनीमा चुनाव भएन । त्यस कारण तिनीहरूलाई सन् १९४५ को सङ्ख्यामा समावेश गरिएको छैन । सन् १९४५ पछि तिनीहरूलाई सबै वर्षमा समावेश गरिएको छ ।

** सन् १९७० को दशकमा ग्रीस, पोर्चुगल र स्पेन लोकतान्त्रिक भए त्यस कारणले तिनीहरूलाई १९८० देखि मात्र समावेश गरिएको छ ।

**एकल सदस्यीय जिल्ला प्रणाली** : प्रत्येक निर्वाचन क्षेत्रमा एकजना सदस्य मात्र निर्वाचित हुन्छन् ।

**बहुसदस्यीय जिल्ला प्रणाली** : प्रत्येक निर्वाचन क्षेत्रमा एकजनाभन्दा बढी सदस्य निर्वाचित हुन्छन् ।

© **इन्टरनेसनल आइडिया**

तालिका ८ र चित्र २ ले २४ वटा स्थापित लोकतन्त्र स्थापित भइसकेका मुलुकहरूको दोस्रो विश्वयुद्धपछिको अवधिको तथ्याङ्क प्रस्तुत गरेको छ । तिनीहरूले बढीमतीय/बहुमतीय प्रणालीको तुलनामा समानुपातिक प्रतिनिधित्व प्रणाली सधैं महिलाहरूका निमित्त केही लाभदायी भएको देखाउँछन् । यद्यपि, सन् १९७० सम्ममा यो लाभको परिमाण न्यून रहेको थियो । विभिन्न प्रणालीमा महिला प्रतिनिधित्वको भिन्नता ३ प्रतिशत वा त्यसभन्दा कम रहेको छ । यद्यपि, सन् १९७० पछि निर्वाचन प्रणालीहरूमा ठूलो परिवर्तन भएको छ र महिला प्रतिनिधित्वमा एकरुपता र विचारणीय भिन्नता आएको छ ।[१३]

सन् १९६० र ७० को दशकमा सम्पूर्ण विकसित मुलुकले 'नारीवादको दोस्रो तरङ्ग' विस्तार

देखे । मतदानबाट जनाइने मञ्जुरी वा स्वीकृतिका आन्दोलनहरू नारीवादी आन्दोलनका पहिला लहरहरू थिए : महिला सम्बन्धी सम्पूर्ण विषयमा रचनात्मक समान अधिकारको माग गरिरहेका थिए । तिनीहरुमध्ये राजनीतिमा व्यापक प्रतिनिधित्व पनि थियो । समानुपातिक प्रतिनिधित्व प्रणाली भएका राष्ट्रहरूमा महिला ती मागहरूलाई व्यापक प्रतिनिधित्वमा रुपान्तरण गर्न सक्षम थिए । अर्कोतर्फ बढीमतीय/बहुमतीय प्रणालीमा तिनै मागहरू प्रस्तुत गरिएका थिए तर तिनीहरू अधिक मात्रामा असफल थिए वा धेरै कम मात्र सफल भएका थिए ।

## २.१. समानुपातिक प्रतिनिधित्व प्रणालीका फाइदाहरू

समानुपातिक प्रतिनिधित्व प्रणाली भएका राष्ट्रमा प्रतिनिधित्वमा किन यस्तो ठूलो वृद्धि र बढीमतीय/बहुमतीय प्रणालीमा किन त्यस्तो कम प्रभाव देखिन्छ भन्ने प्रश्न स्वाभाविक हो । यसका अनेक व्याख्या छन् । पहिलो, समानुपातिक प्रणालीको जिल्लागत नतिजा बढी हुन्छ, जसले दलहरुलाई उच्च परिणामतर्फ डोऱ्याउँछ । (जिल्लागत नतिजा प्रति जिल्लाको सिट सङ्ख्या हो, पार्टीगत परिमाण एउटा जिल्लामा एउटा पार्टीले जित्ने सिटको सङ्ख्या हो ।) उम्मेदवारहरू छनौट गर्दा अपनाइने पार्टी रणनीतिलाई प्रभावित पार्ने भएकाले पार्टीगत र जिल्लागत परिमाणहरु महत्त्वपूर्ण हुन्छन् । निर्वाचन प्रणालीका आधारमा उम्मेदवार छनौट गर्ने पार्टीका प्रमुख व्यक्तिहरुका विभिन्न सरोकारका समूहहरू र प्रोत्साहनहरु रहेका हुन्छन् ।

प्रायः बहुममत/बहुमतीय प्रणालीमा जस्तै गरेर जिल्लागत परिमाण एकै भएमा पार्टीले जिल्लामा एकजना व्यक्तिलाई मनोनयन गर्न सक्छ । पार्टीका निमित्त टिकट सन्तुलनको कुनै आधार र अवसर हुँदैन । एकल सदस्यीय जिल्लामा मनोनयनको निर्णयमा महिला उम्मेदवारहरूले सबै पुरूषविरुद्ध सोझै प्रतिस्पर्धा गर्नुपर्छ, अनि महिलालाई मनोनयन गर्दा अधिकांश पार्टीले त्यस जिल्लाका सबैभन्दा प्रभावशाली पुरूष नेताका आकाङ्क्षालाई स्पष्टसँग अस्वीकार गर्नैपर्छ । जिल्लागत नतिजा वृद्धि हुँदा एउटा जिल्लामा पार्टीले एकभन्दा बढी सिट जित्ने अवसरमा वृद्धि हुन्छ । एउटा पार्टीले एकभन्दा बढी सिट जित्ने अपेक्षा राख्दा आफ्नो टिकटमा सन्तुलन ल्याउन सचेत प्रयास हुन्छ । प्रमुख व्यक्तिहरूले जित्ने क्षेत्रहरूलाई पार्टी सूचीमा सम्भवतः महिला सरोकारलगायत विभिन्न आन्तरिक पार्टी सरोकारबीच विभाजन गर्छन् ।


यी सन्तुलन प्रक्रियाहरूका पछाडि अनेकौं कारण छन् ।[१४] पहिलो, पार्टीका प्रमुख व्यक्तिहरुले मतदातालाई आकर्षित गर्ने उपायको रूपमा सन्तुलनलाई हेर्छन् । मतदाताको व्यापक तहलाई अपिल गर्नसक्ने एक्लो उम्मेदवार खोज्नुभन्दा पार्टी मतदाताको खास उपसमूहलाई अपिल गर्दै विभिन्न उम्मेदवारद्वारा मत आकर्षण गर्ने उपायबारे दलका प्रमुख व्यक्तिहरुले सोच्छन् । विभिन्न समूह र समाजका विभिन्न क्षेत्रसँग अनुबन्धित उम्मेदवारहरूले मतदातालाई आफ्नो पार्टीप्रति आकर्षित गर्न मद्दत पुऱ्याउँछन् । बढीमतीय/बहुमतीय प्रणालीमा पुरूषले प्रतिनिधित्व गरेको अन्तरदलीय स्वार्थलाई कम गर्दै मतदातालाई आकर्षित गर्न महिलाको उम्मेदवारीलाई लाभको रूपमा हेर्न सकिन्छ । त्यस विपरीत पुरूषहरूलाई

मात्र मनोनयन गरेर सन्तुलन कार्य असफल भएमा त्यसबाट मतदातालाई टाढ पार्ने अनपेक्षित असर हुन सक्छ ।

दोस्रो कारण यो रहेको छ कि पार्टीभित्र टिकट सन्तुलन गर्ने कार्यलाई प्रायः समताको विषयको रूपमा हेर्ने गरिन्छ । पार्टीभित्रका विभिन्न समूहहरुले जित्ने साँच्चिकै संभावना भएका उम्मेदवारहरूमध्ये उनीहरूका प्रतिनिधिबाट भएमा मात्र न्यायसङ्गत हुनेछ भनेर तर्क गर्न सक्छन् । खास गरेर पार्टीको महिला शाखा स्थापित भई उल्लेख्य मात्रामा पार्टीको काममा सक्रिय रहेको अवस्थामा मात्र जित्ने संभावना भएका केही स्थान उनीहरूले पाउनु पर्छ भनेर महिलाहरुले तर्क गर्न सक्छन् । सूचीमा सन्तुलन गर्नुको तेस्रो कारण यो हो कि सुरक्षित सिटहरूलाई पार्टीभित्र रहेका विभिन्न समूहहरुबीच विभाजन गर्नु । पार्टीभित्र शान्ति कायम गर्ने र विभिन्न समूहको समर्थन निरन्तर पाइरहने एउटा उपाय यो पनि हो ।

बढीमतीय/बहुमतीय प्रणालीमा भन्दा समानुपातिक प्रतिनिधित्व प्रणालीमा 'सङ्क्रमण' को एउटा प्रक्रिया हुने सम्भावना बढी भएकोले यसले महिलालाई मद्दत पनि गर्छ ।

**चित्र २ : संसदमा महिलाको प्रतिशतः बहुसंख्यक प्रणाली विरुद्ध समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली**




संसर्गजन्य देखासिकी त्यस्तो प्रक्रिया हो, जसबाट कुनै एक पार्टीले अन्य राजनैतिक पार्टीहरूले अँगालेका नीतिहरूलाई अवलम्बन गर्छन् । यस अवस्थामा, एउटा पार्टीले महिलाहरूलाई महत्त्वपूर्ण पदमा मनोनयन गर्न सुरु गरेपछि समानुपातिक प्रतिनिधित्व प्रणालीमा रहेका अन्य पार्टीहरू चाँडै त्यस नीतिलाई अवलम्बन गर्न तत्पर हुन्छन् । अर्को पार्टी वा आफूसँग प्रतिस्पर्धामा रहेका अन्य पार्टीले गरेको यस्तो नीति अवलम्बनप्रति प्रतिक्रिया जनाउन पार्टीलाई लाग्ने लागत बहुसंख्यक प्रणालीको तुलनामा समानुपातिक प्रतिनिधित्व प्रणालीमा

निकै न्यून हुन्छ र त्यसको लाभ त्यो भन्दा अझ बढी हुन्छ । महिला मनोनयन गर्ने स्थानका लागि पार्टीका अनेक सम्भावनाहरु हुने भएकाले समानुपातिक प्रतिनिधित्व प्रणालीमा लागत कम हुन्छ । पार्टीको एक मात्र उम्मेदवार भएको अवस्थामा बहुसंख्यक प्रणालीमा एकजना महिलाको निमित्त एउटा स्थान खोल्न यस प्रणालीले एकजना बहालवालाको पुनः मनोनयनलाई अस्वीकार गर्नु पर्ने वा परम्परागत रूपले मनोनीत आन्तरिक समूहको पुरूष उम्मेदवारको एउटा स्थान अस्वीकार गर्नुपर्ने हुनसक्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीमा महिलालाई पार्टी टिकटमा थप गरेबापतको मतमा सानो वृद्धिको परिणामले समेत पार्टीले बढी सिट जित्न सक्ने भएकाले समानुपातिक प्रतिनिधित्व प्रणालीमा नै बढी लाभ हुनसक्छ ।

यस प्रश्नबारे अध्ययन गर्न हामीले नर्वे र क्यानाडामा भएको संसर्गजन्य प्रभाव हेर्‍यौं । प्रभुत्वशाली लेबर पार्टीले कोटा (Quota) लागू गर्नुभन्दा पहिले नर्वेमा निर्वाचनमा संसर्गजन्य प्रभाव खोज्दा हामीले स्थानीय जिल्लाहरूमा यसको प्रभाव भएको पायौं । नर्वेमा कोटा प्रणाली लागू गर्ने पहिलो पार्टी सोसलिस्ट लेफ्टबाट गम्भीर चुनौती सामना गर्नुपरेका जिल्लाहरूमा नै जित्न सकिने पदहरूमा नर्वेजियन लेबर पार्टीले महिलाको सङ्ख्यामा वृद्धि गर्‍यो । क्यानाडामा न्यु डेमोक्रेटिक पार्टीले महिलाहरूलाई मनोनयन गरेका जिल्लाहरूमा लिबरल पार्टीले महिलालाई मनोनयन गर्ने सम्भावना बढी छ कि छैन भनेर त्यस्तै असरबारे परीक्षण गर्दा त्यस्तो असरको कुनै प्रमाण पाइएन । अर्को शब्दमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली रहेका राष्ट्रहरूमा संसर्गजन्य प्रभाव देखियो भने बहुमतीय निर्वाचन प्रणाली भएका मुलुकमा त्यस्तो भएन ।[१५]

सामान्यतया के कुरा मननीय छ भने नर्वेमा नीतिगत रूपमा लैङ्गिक कोटा स्पष्टतः संसर्गजन्य वैशिष्ट्य भएको छ । सन् १९७७ मा त्यहाँको संसदमा ४ प्रतिशतभन्दा कम सदस्य भएका दुईवटा पार्टीले मात्र कोटाको व्यवस्था गरेका थिए । सन् १९९७ सम्ममा सिट मिलान गरी करिब ६५ प्रतिशत सदस्यहरु हुने सातमध्ये पाँचवटा पार्टीले औपचारिक तवरले लैङ्गिक कोटा लागू गरेका थिए ।[१६]

## २.२. केही समानुपातिक प्रतिनिधित्व प्रणाली अरूभन्दा किन असल छन् ?

समानुपातिक प्रतिनिधित्व प्रणाली महिलाहरूका निमित्त बढी लाभदायी भएकाले सबै समानुपातिक प्रतिनिधित्व प्रणालीलाई उत्तिकै ठानिँदैन र रुचाइँदैन पनि । समानुपातिक प्रतिनिधित्वको व्यापक परिधिभित्र महिला प्रतिनिधित्वलाई मद्दत गर्ने र बाधा पुर्‍याउन पनि सक्ने दुईवटा पक्ष छन् ।

**जिल्लागत उच्च परिमाण (Higher District Magnitude)** : प्रायजसो महिलाहरूको नाम सूचीकृत गरिने पार्टीको सूचीको अझ तलतिर पार्दै पार्टीहरूको निमित्त धेरै सिटका लागि प्रतिस्पर्धा गर्न र जित्न अवसर प्राप्त हुन्छ ।

**निर्वाचनको उच्चसीमा (High Electrol Thresholds)** : यसले प्रायजसो एक वा दुई मात्र प्रतिनिधि जिताउने मझौला पार्टी निर्माणलाई निरुत्साहित पार्छ ।

### *२.२.१ जिल्लागत परिमाण*

पहिले उल्लेख भए अनुसार समानुपातिक प्रतिनिधित्व प्रणालीमा महिलाका निम्ति अझ राम्रो गर्ने अवसर प्राप्तिको सञ्चालक शक्ति भनेको नै पार्टीले प्रत्येक निर्वाचन क्षेत्रमा आफ्नो निर्वाचन सूची तयार गर्दा अपनाउने टिकट सन्तुलन प्रक्रिया हो । संसदमा यदि महिलाहरूले धेरै स्थान जित्ने नै हो भने पार्टीहरूले नै धेरै स्थान जित्नु पर्छ ताकि आफ्ना संसद सदस्यहरू छनौट गर्दा तिनीहरू पार्टी सूचीको भित्र तहसम्म पुगून् ।

एउटा निर्वाचन क्षेत्रमा पार्टीले जित्ने सिटको सङ्ख्या दलगत प्राप्ति वा परिमाण हो भनेर माथि उल्लेख गरिएको थियो । पार्टीको औसत परिणाममा महिलाको योगदानका कारण जिल्लागत उच्च परिमाण र निर्वाचन दुवैबाट महिलालाई सहायता हुनेगरी निर्वाचन ऐन तर्जुमा गरिन्छ । जिल्लागत औसत परिणाम पार्टीगत परिमाणबीच सामान्यतया सशक्त सकारात्मक समन्वय रहेमा आश्चर्य मान्नु पर्दैन । हरेक जिल्लामा सिट सङ्ख्यामा वृद्धि भएपछि पार्टीहरू आफ्नो सूचीको तलसम्म पुग्छन् (अर्थात् बढी सिट जित्छन्) अनि पार्टीहरूको बहुसदस्यीय प्रतिनिधिमण्डल हुन्छ । दुवैले महिला प्रतिनिधित्व बढाउनु पर्छ । महिला समूहहरूले संसदमा सांसदहरूको कुल सङ्ख्या वृद्धि गर्ने आन्दोलन र निर्वाचन क्षेत्र घटाउने आन्दोलनलाई समर्थन गर्नुपर्छ भन्ने सल्लाह यसले दिन्छ । सीमित बनाउने र महिलाका निमित्त सबैभन्दा फाइदाजनक हुनसक्ने एउटा मुद्दा समग्र देश सरल रूपले एउटा मात्र निर्वाचन क्षेत्र हुने मुद्दा हो । महिला प्रतिनिधित्वबाहेक निर्वाचन प्रणालीलाई मूल्याङ्कन गर्ने अन्य विचारहरू भने अवश्य नै रहेका छन् र जसले समग्र राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र बनाउने प्रस्तावलाई अनाकर्षक तुल्याउन सक्छ । उदाहरणका लागि धेरै राष्ट्रमा क्षेत्रीय प्रतिनिधित्व सुनिश्चित गर्ने कुरालाई महत्त्वपूर्ण रूपमा हेरिन्छ, जतिबेला निर्वाचन क्षेत्र तोक्न केही भौगोलिक रूप अपनाइनु आवश्यक हुन सक्छ ।

तुलनात्मक रूपमा समग्र मुलुकलाई एउटै निर्वाचन क्षेत्र बनाएका देशहरु निदरल्यान्डस् (३७ प्रतिशत) र महिलाको औसत स्तर (१५ प्रतिशत) रहेको इजरायल हुन् । इजरायलबाट सिकिएको एउटा पाठअनुसार निर्वाचन प्रणालीले उच्च स्तरको प्रतिनिधित्वलाई *सुनिश्चित* गर्न सक्दैन । दोस्रो पाठ के हो भने महिलाको अवसर वृद्धिका लागि उच्च निर्वाचन द्वार हुनु महत्त्वपूर्ण छ किनकि एक पार्टीले संसदमा एउटा सिट जित्नका लागि हुनै पर्ने मतको न्यूनतम प्रतिशत चाहिन्छ, महिलाका अवसरहरू वृद्धि गर्नका लागि महत्त्वपूर्ण छ । इजरायलमा एउटा सिट जित्नका लागि आवश्यक समर्थनको स्तर ज्यादै न्यून रहेको छ । १.५ प्रतिशतको न्यून द्वारले कैयन् मझौला पार्टी गठनलाई प्रोत्साहन दिएको छ, जसले प्रायजसो एक वा दुईमात्र प्रतिनिधिहरू निर्वाचित गर्छ । पार्टीहरू हरतरहले पुरूष नेता बनाउन प्रवृत्त हुन्छन् । अनि अपरिहार्य रूपले पार्टी नेताहरूले त्यस सूचीमा पहिला केही स्थानहरु लिन्छन् । पार्टी सरोकार टिकट सन्तुलन निश्चित गर्नेतर्फ मोडिएपछि महिलाहरू प्रथमतः त्यस सूचीको केही तल देखिन प्रवृत्त हुन्छन् । यदि एक वा दुईजना पार्टी प्रतिनिधिले मात्र चुनाव जितेमा यसको सूचीको मध्यभागमा रहेका धेरै उम्मेदवार महिला भएको भए तापनि उनीहरुले कुनै पनि स्थान नजित्ने सम्भावना बढी रहन्छ ।

### २.२.२. निर्वाचनका सीमाहरू

निर्वाचन प्रणालीको ढाँचा तयार गर्दा साना पार्टीहरू छान्ने मतदाताको प्रतिनिधित्व र ठूला पार्टीहरूबाट अझ बढी महिला प्रतिनिधि बढाएर व्यवस्थापिकाको 'व्यापक प्रतिनिधित्व' वृद्धिका निम्ति सम्झौता हुन्छ । यस परिकल्पनाको जाँच गर्न प्रयोग गरिएका कोस्टारिका र स्विडेनका तथ्याङ्कले त्यस्तो सम्झौतालाई पुष्टि गर्छ। यी दुवै राष्ट्रले निर्वाचनका सीमाहरुको प्रयोग गर्छन् । नमुना अनुसार निर्वाचन सीमा नहुँदा धेरै साना पार्टीले जित्ने थिए, तर सीमाका कारण साना पार्टीहरू नामेट भएका छन्, राष्ट्रका ठूला पार्टीहरूबाट बढी महिला निर्वाचित भएका छन् । समग्र राष्ट्रलाई एउटा मात्र निर्वाचन क्षेत्रको रूपमा स्थापना गर्ने प्रस्तावहरूलाई महिला समूहहरूले समर्थन गर्न पनि सक्छन्, तर यो त्यस प्रस्तावमा निर्वाचन सीमाहरू समावेश भएका छन् भनेर सुनिश्चित गर्ने एउटा महत्त्वपूर्ण रणनैतिक उपक्रम हुनेछ ।

## २.३ निर्वाचन सूचीका प्रकार

विभिन्न समानुपातिक प्रतिनिधित्व प्रणालीहरुबीचको अर्को भेद के हो भने तीमध्ये केहीमा दलगत बन्दसूची हुन्छ, जहाँ उम्मेदवारहरूको क्रमानुगत दर्जा पार्टीले निश्चित गर्छ । केही प्रणालीमा चाहिँ खुल्ला पार्टी सूची हुन्छ, जहाँ मतदाताले पार्टीका कुन कुन उम्मेदवारहरू व्यक्तिगत मतदानद्वारा निर्वाचित हुन्छन् भन्ने कुरालाई प्रभावित पार्न सक्षम हुन्छन् । मतदातालाई महिला उम्मेदवारहरूलाई जिताउन सक्रियतापूर्वक मतदान गर्न विश्वस्त तुल्याउन सहज हुन्छ कि हुँदैन, अथवा पार्टी सूचीको महत्त्वपूर्ण पदमा बढी महिलालाई समावेश गर्नु न्यायसङ्गत र बढी महत्त्वको कुरा, रणनैतिकरूपले बुद्धिमानी दुवै हुन्छ भन्नेबारे दलका जिम्मेवार व्यक्तिहरुलाई विश्वस्त तुल्याउन सकिन्छ कि सकिँदैन भन्ने कुरा महत्त्वपूर्ण प्रश्न हो । यसको उत्तर राष्ट्रैपिच्छे फरक हुन्छ भन्नेबारे मलाई शङ्का लाग्छ । यदि प्रभावकारी संसदद्वारा कोटाहरू पारित गरियो भने बन्द सूचीले महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्न अवश्य मद्दत गर्छ ।

**चित्र ३ : समानुपातिक प्रतिनिधित्व प्रणाली महिलाको निमित्त किन उपयुक्त छ ?**

| **जिल्लागत उच्च परिमाणहरु (Higher District Magnitudes)** | **संसर्ग (Contagion)** |
|---|---|
| प्रति निर्वाचन क्षेत्र सिट सङ्ख्या बढी हुन्छ *(जिल्लागत उच्च परिमाण)* | महिलालाई नामाङ्कन गर्नका लागि पार्टी सूचीले बढी अवसर दिन्छ । |
| प्रत्येक जिल्लामा पार्टीले धेरैभन्दा धेरै सिट जित्ने अपेक्षा गर्न सक्छ । *(उच्च पार्टी परमाण)* | अर्को पार्टीले चुनौती दिँदा महिला संख्या प्रवर्द्धन गर्ने बढी क्षमता *(संसर्ग)* । |
| महिलालाई समावेश गरेर पार्टीले टिकट सन्तुलन गर्ने सम्भावना बढी *(सन्तुलन)* | एउटी महिलाको मनोनयनका लागि पार्टीले एउटा पदग्राही वा पुरूष उम्मेदवारलाई स्थान दिन अस्वीकार गर्नुको मूल्य चुकाउनु नपर्ने । |

© **इन्टरनेसनल आइडिया**

आठ वर्ष पहिले प्रकाशित यस हातेपुस्तकको प्रारम्भिक संस्करणका लागि त्यस बिन्दुसम्म गरिएको सीमित प्रयोगवादी कार्यका आधारमा बन्दसूची श्रेयस्कर छ भनेर मैले सावधानीपूर्वक सल्लाह दिएँ । तत्पश्चात् पछिल्ला अनुसन्धानहरूमा धेरैजसो राष्ट्रमा खुल्लासूची प्रणालीका असरहरूलाई विश्लेषण गरिएको छ । सबभन्दा पछिल्लो अनुसन्धानले सङ्केत गरेअनुसार साझा सिफारिस सम्भव छैन : महिला प्रतिनिधित्वमा खुल्लासूची प्रणालीको असर महिला उम्मेदवारीप्रतिको पार्टीको समर्थनमा भर परेर वास्तवमा नाटकीय ढङ्गले फरक हुन्छ ।

नर्वेमा स्थानीय निर्वाचनका लागि खुल्लासूची प्रणाली प्रयोग गरिन्छ । आफ्नो पार्टी सूची तयार गर्नका लागि धेरैजसो नर्वेली पार्टीले प्रत्येक उम्मेदवार महिला बनाउने सिद्धान्तलाई कठोरताका साथ पालना गर्छन् । मतदाताको पुरूष उम्मेदवारप्रति केही बढी अभिरुचि देखिएको जानकारी अनुसन्धानहरूद्वारा प्राप्त भएको छ ।[१७] अर्को शब्दमा, महिला उम्मेदवारप्रति पार्टीहरूको उच्च समर्थन भएको नर्वेमा अग्राधिकार मतले महिलालाई चोट पुऱ्याउँछ । अर्कोतर्फ पोल्यान्डमा संसदमा मनोनयनको दलगत सूचीहरूबारे र निर्वाचन परिणामहरूबारे मेरो विश्लेषणले के देखायो भने महिलाहरूले पार्टी सूची एकै ठाउँमा राख्ने पार्टी कमिटीहरूसँग भन्दा मतदातासँग राम्रो सम्बन्ध गरेका छन् अर्थात् अग्राधिकार मतले बृहत्तर महिला प्रतिनिधित्वतर्फ डोऱ्याउँछ । छनौट समितिका सदस्यहरूबीचको लिङ्गवादका कारण वा सम्भवतः छनौट समितिका सदस्यहरूले लिङ्गवादको त्रासलाई भुलबश मतदाताको क्षेत्रमा राखेकाले पार्टी नेताहरूले महिला उम्मेदवारहरूलाई कम आँक्छन् ।

पेरूमा खुल्लासूची मतदानले महिलालाई बेफाइदा नगरेको अनुभव ग्रेगोरी स्चिमथको छ । पेरूमा महिला कार्यकर्ताहरूले मतदातालाई आफ्नो अग्राधिकार मत 'प्रत्येकमध्ये एक' दिन (अर्थात् एक पुरूष र एक महिलालाई छनोट गर्न) आग्रह गर्दै एउटा अभियान सञ्चालन गरे । यसले खुल्लासूची मतदानमा पनि महिला उम्मेदवारहरूलाई पुरूषहरूले जत्तिकै प्रगतितर्फ उन्मुख गरायो ।[१८] यस अनुसन्धानको समीक्षामा आधारित भएर (सीमित भनेर स्वीकार गर्दै) अग्राधिकार मतदानले महिलालाई मद्दत गर्छ कि हानि पुऱ्याउँछ भन्ने सम्बन्धमा अन्य तरिकाले कुनै सशक्त र निःसन्देह सिफारिस गर्न सकिँदैन भन्ने देखिन्छ ।[१९]

यो सत्य हो कि खुल्ला सूचीले पार्टीहरूलाई 'नियन्त्रण बाहिर' जान दिन्छ, र अन्तिम परिणामको निमित्त अनुत्तरदायी बनाउँछ । व्यक्तिगत निर्णय गर्ने हजारौं मतदातामा अन्तिम परिणाम निहित रहेको हुन्छ । सम्पूर्ण व्यक्तिगत निर्णयको योगफल यो हो कि महिलाहरूका लागि कम मत खसेर संसदबाट बाहिरिए भने त्यसका लागि मतदाताले कसरी मत खसाल्छन् भन्नेबारे पार्टीले नियन्त्रण गर्न नसक्ने भएकोले पार्टीलाई उत्तरदायी बनाउन सकिँदैन । यद्यपि, पार्टीको बन्द सूचीका साथ यो स्पष्ट छ कि पार्टी प्रतिनिधिमण्डलमा सन्तुलन कायम राख्नु पार्टीको उत्तरदायित्व हो । यी अवस्थाअन्तर्गत महिला प्रतिनिधित्वका लागि पार्टीलाई उत्तरदायी ठहराउन सकिन्छ । यदि प्रतिनिधित्वको वृद्धिमा कमी आएमा महिलाहरूले आफ्नो प्रतिनिधित्वको मागबारे सोच्न बढी तत्पर रहेको पार्टीहरूको खोजी गर्न सक्छन् ।

## ३. महिला प्रतिनिधित्वलाई विस्तार गर्नका लागि पाठहरू

उपर्युक्त छलफलबाट महिला सहभागिता बढाउने सन्दर्भमा धेरै शिक्षा लिन सकिन्छ ।

१. **राजनैतिक पार्टीहरूभित्र र बाहिर दुवै स्थानमा महिलाहरू स□ठित हुनुपर्छ ।** राजनैतिक पार्टीहरूभन्दा बाहिरका सरोकार समूहहरूमा वा त्यसभित्र महिला समूहहरु (Caucuses) मा सङ्गठित हुँदा महिलाहरुले महत्त्वपूर्ण अनुभव प्राप्त गर्दछन् । साथै, कार्यालयको अभिलाषा राखेमा उनीहरूका निम्ति शक्तिको आधार तयार गर्न मद्दत पुग्छ । राजनैतिकका साथै महिला डाक्टर वा महिलाहरूको संघ जस्ता पेसागत समूहहरूले महिला उम्मेदवारहरूका निमित्त पदपूर्ति गर्ने स्थलको रूपमा एउटा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । सङ्गठित हुनाले दृष्टिकोण र वैधतामा वृद्धि गर्छ । यसका अतिरिक्त सामान्यतया अत्यावश्यक पार्टी कार्यको मननयोग्य हिस्सा महिलाहरूले सम्पन्न गर्ने राजनैतिक पार्टीहरूमा सुधारिएको प्रतिनिधित्वको लागि लबी गर्ने महिला समूहमा सङ्गठित हुनु महत्त्वपूर्ण हुन्छ ।

२. **महिलाले उम्मेदवार छनौट गर्न स्पष्ट नियम तर्जुमाका लागि पार्टीहरूमाथि दबाब दिनुपर्छ ।** सामान्यतया, उम्मेदवार छनौटका लागि पार्टीभित्र शक्तिमा भएकाहरूप्रति बफादारीमा आधारित प्रणाली हुनुभन्दा स्पष्ट प्रशासनिक प्रक्रिया भयो भने महिलालाई फाइदा पुग्छ । खेलका नियमहरू स्पष्ट भइसकेपछि महिला प्रतिनिधित्वमा सुधारका लागि रणनीतिको विकास सम्भव हुन्छ । प्रक्रिया पुरातनवादीहरुद्वारा दबाइएको अवस्थामा नियमहरू अस्पष्ट हुन सक्छन् । निर्णयहरू प्रायजसो सीमित सङ्ख्याका व्यक्तिहरूद्वारा गरिन्छ, जहाँ प्राय निश्चित नै गरेर पुरूषहरू मुख्य हुन सक्छन् ।

३. **महिला प्रतिनिधित्वमा वृद्धि गर्न समानुपातिक प्रतिनिधित्व प्रणाली बहुमतीय वा बहुल प्रणालीभन्दा असल छ ।** फ्रिडम हाउसद्वारा स्वतन्त्र वा आंशिकरूपमा स्वतन्त्र भनेर परिभाषित गरिएका राष्ट्रहरूलाई हेर्दा महिला प्रतिनिधित्वका सम्बन्धमा सबैभन्दा माथिल्लो दर्जामा राखिएका सबै दसवटा राष्ट्रले समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्छन् । एकल सदस्यीय निर्वाचन बहुमतीय प्रणाली महिलाका निमित्त सम्भाव्य सबैभन्दा खराब प्रणाली प्रमाणित भएका छन् ।

४. **केही समानुपातिक प्रतिनिधित्व प्रणाली अरूका निमित्त श्रेयस्कर छन् ।** निर्वाचन क्षेत्रको उच्च परिमाण र निर्वाचन सीमाहरूको संयोजनद्वारा दलगत उच्च परिमाणको सुनिश्चितता गर्ने प्रणालीहरू महिलाका निमित्त बढी असल हुने अपेक्षा गरिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली हुनुमात्र यथेष्ट हुँदैन । उदाहरणका लागि समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत एकल सङ्क्रमणीय मत प्रयोग गर्ने आयरल्यान्डको ज्यादै सानो निर्वाचन क्षेत्रको परिमाण रहेको छ (तीनदेखि पाँचजनाबीचका सदस्यहरू) र क्यानाडा, अस्ट्रेलिया र संयुक्त अधिराज्य जस्ता बहुमतीय प्रणालीमा भन्दा महिला प्रतिनिधित्वका न्यून स्तरहरू रहेको छ । समग्र राष्ट्र एउटा मतदान क्षेत्र भएको समानुपातिक प्रतिनिधित्व प्रणाली महिलाका निमित्त सबैभन्दा उपयुक्त प्रणाली हुनसक्ने सम्भावना रहेको छ । यद्यपि, पहिला मनन गरिएअनुसार, यो सधैँ चल्न सक्ने विकल्प भने हुन सक्दैन अनि

राष्ट्रलाई भूगोलमा आधारित धेरै निर्वाचन क्षेत्रमा विभाजन गर्नु प्राय: सधैँ एउटा असल कारण हुनसक्छ ।

५. **महिलाहरूका लागि सम्भावित लाभ वा हानिका निमित्त महिलाले कुनै पनि प्रस्तावित निर्वाचन प्रणालीको सम्पूर्ण अंशलाई सावधानीपूर्वक मूल्यांकन गर्नुपर्छ ।** भौगोलिक आधारमा विभाजित क्षेत्रहुने निर्वाचन प्रणालीमा व्यापक सहमति भए तापनि प्रायजसो त्यस्तो प्रणाली लागू गर्ने विभिन्न तरिका हुन सक्छन् । महिला प्रतिनिधित्वलाई अभिवृद्धिको चाहना भएकाहरूले यी विकल्पलाई बेवास्ता गर्नुहुँदैन । अनुसन्धानहरुले राष्ट्रिय संसदमा जति बढी सिटहरू हुन्छन्, महिलाहरूका निमित्त त्यति नै राम्रो हुने कुरा देखाएका छन्, किनभने यसले पार्टीको प्रतिनिधित्वको परिमाण बढाउँछ । कतिवटा भौगोलिक निर्वाचन क्षेत्रहरू बनाउने भन्नेबारे निर्णय गर्दा जति कम सङ्ख्यामा निर्वाचन क्षेत्रहरू बनाइन्छ महिलाका निमित्त त्यति नै असल हुन्छ, किनभने यसले पार्टी परिमाणमा वृद्धि ल्याउँछ । उदाहरणका लागि मायरले विश्वास र निश्चयसाथ भनेका छन् बेल्जियममा महिला प्रतिनिधित्वमा भएको उल्लेख्य वृद्धिको मुख्य कारण निर्वाचन क्षेत्रको सङ्ख्या कम हुनु हो, जसले औसत पार्टी परिमाणमा उल्लेख्य बढोत्तरीतर्फ डोऱ्याएको छ ।[२०] यसका अतिरिक्त, प्रत्येक निर्वाचन क्षेत्रमा सिट सङ्ख्या निर्धारण गर्दा महिलाले सावधानीपूर्वक हेर्नुपर्छ । प्राय यस प्रक्रियाले ग्रामीण निर्वाचन क्षेत्रबाट बढी प्रतिनिधित्व हुने र सहरी निर्वाचन क्षेत्रबाट कम प्रतिनिधित्व हुने परिणाम दिनसक्छ । यो सहरी क्षेत्रमा हुन्छ जहाँ महिलाका निमित्त गैरपरम्परागत भूमिका धेरै नै साझा छ र जो राजनीतिमा भाग लिने रुचि भएका महिलाहरूका लागि धेरै स्रोत भएका राम्ररी काम गर्न सक्ने र विशेष गरेर तिनीहरूले उल्लेख्य लाभ उठाउन भरखरै सुरुआत गरेका क्षेत्र हुन् । प्रति निर्वाचन क्षेत्र सिट सङ्ख्या तोकिँदा सिट वितरण सम्भव भएसम्म 'एक व्यक्ति एक मत' को नजिक भएको छ कि छैन भनेर महिला समूहरूले सावधानीपूर्वक हेर्नुपर्छ ।

६. **समानुपातिक प्रतिनिधित्व भविष्यका लागि राम्रो हुने भएकोले तुरुन्त देखिने परिणामहरू बारे निश्चितता गर्न सकिँदैन ।** निर्वाचन प्रणालीमा ल्याइएको परिवर्तनले महिलाको वृहत्तर प्रतिनिधित्वलाई बढी सम्भावित बनाउँछ । साथै, निर्वाचन प्रणाली परिवर्तनले दीर्घकालमा आफ्नो प्रतिनिधित्वको स्तरमा सुधार ल्याउन महिलाहरूलाई मद्दत गर्छ भन्नेबारे कुनै प्रश्न नै छैन र तुरुन्तै देखापर्ने असर पनि निश्चित छैन । समानुपातिक प्रतिनिधित्व प्रणालीमा, औसतमा बढीमतीय/बहुमतीय निर्वाचन प्रणालीमा भन्दा महिलाको उच्च अनुपात हुन्छ, तर यो कुरा सबै मामिलाका लागि सत्य होइन । समानुपातिक प्रतिनिधित्व भएका विकासशील राष्ट्रमा महिलाहरूले उल्लेख्य प्रतिनिधित्व प्राप्त गरेका प्रशस्त घतलाग्दा उदाहरण रहेका छन्, तर उपयोगी निर्वाचन प्रणाली हुँदाहुँदै पनि कुनै लाभ प्राप्त नभएका कतिपय अवस्था पनि रहेका छन् । ती राष्ट्रमा निर्वाचन प्रणालीमा हुने परिवर्तनशील तत्त्वहरूका निमित्त कुनै असर नहुनु बढी सामान्य बुँदाको एउटा महत्त्वपूर्ण उदाहरण हो : निश्चित निकाय वा नियमहरूले एउटा समूह वा अर्कोका निमित्त लाभ पुऱ्याउन र प्रभाव पार्न त्यतिबेला सक्छन्, जतिखेर त्यो समूह त्यस अवस्थाबाट फाइदा उठाउन यथेष्टरूपले सङ्गठित भएको छ हुन्छ । अन्यथा  परिणामहरूमाथि संस्थागत सहमतिको कुनै अर्थ

हुँदैन । सन् १९४५ देखि ७० सम्मको अविधमा समानुपातिक प्रतिनिधित्व प्रणालीहरू र बढीमतीय/बहुमतीय निर्वाचन प्रणालीबीच महिला प्रतिनिधित्वमा सापेक्षरूपमा रहेको सानो भिन्नताले यस बुँदालाई राम्ररी चित्रण गर्छ । महिला प्रतिनिधित्वमा चाख राख्ने शक्तिहरू प्रभावकारी ढङ्गले सङ्गठित नभएमा निर्वाचन प्रणालीको सीमित असर मात्र पर्ने अपेक्षा गरिएको छ ।

७. **निर्वाचन प्रणाली परिवर्तन गर्नु महिला प्रतिनिधित्व सुधारका लागि अझ व्यापक रणनीतिको एउटा भाग मात्र हो ।** पार्टीभित्र महिलाहरूको व्यक्तिगत रुपमा सक्रिय तथा प्रभावशाली आवाज हुन आवश्यक छ, साथै समग्रमा समाजभित्र निश्चित निर्वाचन संरचनाले प्रदान गर्ने संस्थागत फाइदाहरूबाट लाभ उठाउन सक्षम पनि हुनुपर्छ ।

संसदका सन्दर्भमा विश्वभरका तल्ला सदनहरूमा हाल करिब १६ प्रतिशत सिट ओगट्दै महिलाले दृढ तर केही सुस्त प्रगति गरेका छन् । भएको प्रगति र राष्ट्रिय विकासमा भएको अभिवृद्धि तथा शिक्षा र समाजमा महिलाको स्थानमा थप परिवर्तनहरूसँग सम्बन्धित सुधारहरूलाई धन्यवाद दिनैपर्छ। यद्यपि, ती परिवर्तनमध्येका धेरैजसो कार्यकर्ताहरूको प्रयास निर्वाचन प्रणालीको ढाँचा र व्यवस्थापिका पदपूर्तिको गूढताप्रति बढी दक्ष भएको र महिला प्रतिनिधित्वका अवसर बढाउने संस्थाहरूले उत्प्रेरित गर्नाको परिणाम हो । यी प्रक्रिया जटिल छन् र प्रायजसो पालन गर्न कठिन छन्, तर ती क्रमशः बुझिने भएकाले, लैङ्गिक समानताका सन्दर्भमा कार्यकर्ताहरूले अझ बढी असरदार ढङ्गले र बढी सफलताकासाथ समान प्रतिनिधित्वका लागि आफ्ना मागहरूको निमित्त अगि बढेर दबाब दिन सक्छन् ।

## *पादटिप्पणी*

१ Gallagher, Michael, 1988. 'Conclusions', in Michael Gallagher and Michael Marsh (eds). *Candidate Selection in Comparative Perspective: The Secret Garden of Politics.* London: Sage.

२ Norris, Pippa, 1996. 'Legislative Recruitment', in Lawrence LeDuc, Richard Niemi and Pippa Norris (eds). *Comparing Democracies: Elections and Voting in Global Perspective*. London: Sage.

३ While quotas are often credited with being responsible for the lead that Nordic countries have in terms of women's representation, it should be noted that Nordic countries were generally world leaders in this area even before such rules were adopted. Causality may run from being a world leader to adopting rules, rather than the rules causing one to become a world leader. See Dahlerup, Drude and Lenita Freidenvall, 2005. 'Quotas as a "Fast Track" to Equal Representation for Women'. *International Feminist Journal of Politics.* Vol. 7, no. 1, March, pp. 26–48.

४ Clearly, this is not the only concern and sometimes not even the primary concern. Concern for party unity or intra-party factional fights may from time to time trump the desire to maximize votes, but in the long run parties in democracies are forced to be concerned about winning votes. If they are not they run the risk of disappearing from the political stage.

[५] Gallagher 1988, op. cit., p. 248.

[६] LeDuc, Niemi and Norris 1996, op. cit.

[७] On the different electoral systems referred to in this Handbook, see 'Glossary of Terms', in Reynolds, Andrew, Ben Reilly and Andrew Ellis, 2005. *The New International IDEA Handbook of Electoral System Design.* Stockholm: International IDEA, annex B.

[८] Bochel, John and David Denver, 1983. 'Candidate Selection in the Labour Party: What the Selectors Seek'. *British Journal of Political Science.* Vol. 13, no. 1, pp. 45–69.

[९] Darcy, R. and Sarah Slavin Schramm, 1977. 'When Women Run Against Men'. *Public Opinion Quarterly.* Vol. 41, pp. 1–12; and Welch, Susan and Donley T. Studlar, 1986. 'British Public Opinion Toward Women in Politics: A Comparative Perspective'. *Western Political Quarterly.* Vol. 39, pp. 138–52.

[१०] For an extended discussion on the various thresholds found for preferential voting systems see Katz, Richard S., 1997. *Democracy and Elections.* Oxford: Oxford University Press.

[११] Hellevik, Ottar and Tor Bjørklund, 1995. 'Velgerne og Kvinnerepresentasjon' [Voters and women's representation], in Nina Raaum (ed.). *Kjønn og Politikk* [Gender and politics]. Oslo: Tano Press.

[१२] For an extensive review of electoral systems see Reynolds, Reilly and Ellis 2005, op. cit.

[१३] There is a considerable accumulation of comparative evidence that underlines the structural advantages of PR with respect to women's representation. Among countries that have Mixed Member Proportional (MMP) systems, where some portion of the electoral system is based on single-member districts while another portion is based on proportional lists either at the regional or at the national level, women's representation is consistently higher on the proportional part of the electoral systems. Furthermore, several countries have changed their electoral systems, and there is a consistent finding that when changes are made from plurality/majority to PR systems there is an increase in women's representation. Most recently these results were confirmed in a study of the changes in electoral systems in post-communist states in Central and Eastern Europe: see Matland, Richard E., 2003. 'Women's Representation in Post-Communist Europe', in Richard E. Matland and Kathleen A. Montgomery (eds). *Women's Access to Political Power in Post-Communist Europe.* Oxford: Oxford University Press.

[१४] Valen, Henry, 1988. 'Norway: Decentralization and Group Representation', in Gallagher and Marsh (eds), op. cit.

[१५] Matland, Richard E. and Donley T. Studlar, 1996. 'The Contagion of Women Candidates in Single-Member and Multi-Member Districts'. *Journal of Politics.* Vol. 58, no. 3, pp. 707–33.

[१६] Quotas are elaborated upon in chapter 4 in this Handbook.

[१७] I am fairly confident this is caused by a limited number of males who are 'local notables'

and are initially placed quite low on the party list being raised above women who are initially higher than them on the party list but are relatively unknown to voters in the municipality.

१८ Schmidt, Gregory D., 2003. 'Unanticipated Successes: Lessons from Peru's Experiences with Gender Quotas in Majoritarian Closed List and Open List PR Systems', in International IDEA. *The Implementation of Quotas: Latin American Experiences.* Stockholm: International IDEA.

१९ There are, however, strong arguments both for and against open-list voting that are not tied to gender effects. Proponents emphasize that open-list voting provides the citizenry with greater input into choosing their representatives and as such it is seen as 'more democratic'. Opponents of open-list voting argue that it reduces a party's control over its representatives and therefore threatens the 'responsible party' model of democracy many political scientists prefer.

२० Meier, Petra, 2004. 'Gender Quotas or Electoral Reform: Why More Women Got Elected during the 2003 Belgian Elections'. Paper presented at International IDEA conference on The Implementation of Quotas: Experiences from Europe, Budapest, 22–23 October.

## सन्दर्भ सामग्री र थप अध्ययन सामग्री

Bochel, John and David Denver, 1983. 'Candidate Selection in the Labour Party: What the Selectors Seek'. *British Journal of Political Science.* Vol. 13, no. 1, pp. 45–69

Dahlerup, Drude and Lenita Freidenvall, 2005. 'Quotas as a "Fast Track" to Equal Representation for Women'. *International Feminist Journal of Politics.* Vol. 7, no. 1, March, pp. 26–48

Darcy, R. and Sarah Slavin Schramm, 1977. 'When Women Run Against Men'. *Public Opinion Quarterly.* Vol. 41, pp. 1–12

Darcy, R., Susan Welch and Janet Clark, 1994. *Women, Elections, and Representation.* 2nd edn, Lincoln, Nebr.: Nebraska University Press

Fowler, Linda and Robert D. McClure, 1989. *Political Ambition: Who Decides to Run For Congress.* New Haven, Ct.: Yale University Press

Gallagher, Michael, 1988. 'Conclusions', in Michael Gallagher and Michael Marsh (eds). *Candidate Selection in Comparative Perspective: The Secret Garden of Politics.* London: Sage

Hellevik, Ottar and Tor Bjørklund, 1995. 'Velgerne og Kvinnerepresentasjon' [Voters and women's representation], in Nina Raaum (ed.). *Kjønn og Politikk* [Gender and politics]. Oslo: Tano Press

Inter-Parliamentary Union (IPU), 1995. *Women in Parliaments 1945–1995: A World Statistical Survey.* Geneva: IPU

Katz, Richard S., 1997. *Democracy and Elections.* Oxford: Oxford University Press

LeDuc, Lawrence, Richard Niemi and Pippa Norris, 1996. *Comparing Democracies: Elections and Voting in Global Perspective.* London: Sage

Matland, Richard E., 1995. 'How The Electoral System has Helped Women Close the Representation Gap in Norway', in Lauri Karvonen and Per Selle (eds). *Closing the Gap: Women in Nordic Politics.* London: Dartmouth Press

— 1998a. 'Women's Representation in National Legislatures: Developed and Developing Countries'. *Legislative Studies Quarterly.* Vol. 23, no. 1, pp. 109–25

— 2003. 'Women's Representation in Post-Communist Europe', in Richard E. Matland and Kathleen A. Montgomery (eds). *Women's Access to Political Power in Post-Communist Europe.* Oxford: Oxford University Press

— and Donley T. Studlar, 1996. 'The Contagion of Women Candidates in Single Member and Multi-Member Districts'. *Journal of Politics.* Vol. 58, no. 3, pp. 707–33

— and Michelle A. Taylor, 1997. 'Electoral System Effect on Women's Representation: Theoretical Arguments and Evidence from Costa Rica'. *Comparative Political Studies.* Vol. 30, no. 2. pp. 186–210

Meier, Petra, 2004. 'Gender Quotas or Electoral Reform: Why More Women Got Elected during the 2003 Belgian Elections'. Paper presented at the International IDEA conference on The Implementation of Quotas: Experiences from Europe. Budapest, 22–23 October

Norris, Pippa, 1996. 'Legislative Recruitment', in Lawrence LeDuc, Richard Niemi and Pippa Norris (eds). *Comparing Democracies: Elections and Voting in Global Perspective.* London: Sage

Reynolds, Andrew, Ben Reilly and Andrew Ellis, 2005. *The New International IDEA Handbook of Electoral System Design.* Stockholm: International IDEA

Schmidt, Gregory D., 2003. 'Unanticipated Successes: Lessons from Peru's Experiences with Gender Quotas in Majoritarian Closed List and Open List PR Systems', in International IDEA. *The Implementation of Quotas: Latin American Experiences.* Stockholm: International IDEA

— and Kyle L. Saunders, 2004. 'Effective Quotas, Relative Party Magnitude, and the Success of Female Candidates'. *Comparative Political Studies.* Vol. 37, no. 6, pp. 704–34

Valen, Henry, 1966. 'The Recruitment of Parliamentary Nominees in Norway'. *Scandinavian Political Studies.* Vol. 1, no. 1, pp. 121–66

— 1988. 'Norway: Decentralization and Group Representation', in Michael Gallagher and Michael Marsh (eds). *Candidate Selection in Comparative Perspective: The Secret Garden of Politics.* London: Sage

Welch, Susan and Donley T. Studlar, 1986. 'British Public Opinion Toward Women in Politics: A Comparative Perspective'. *Western Political Quarterly.* Vol. 39, pp. 138–52

## नमुना अध्ययन : ल्याटिन अमेरिका

# ल्याटिन अमेरिकामा महिला, राजनैतिक पार्टी र राजनैतिक प्रणालीहरू

माला एन. ह्तुन

यस घटना अध्ययनले ल्याटिन अमेरिकामा महिलाको शक्तिमा पहुँच पाउने अवसरहरूलाई राजनैतिक पार्टी र निर्वाचन प्रणालीहरूले कसरी आकार दिन्छन् भन्नेबारे विश्लेषण गर्छ । गत १५ वर्षमा यस क्षेत्रका धेरैजसो पार्टीले महिला प्रवर्द्धनका सार्थक काम गरेका छन् । त्यस क्षेत्रका ११ राष्ट्रले महिला उम्मेदवारीका निमित्त कोटा ऐनहरू पारित गरे अनि १२ औँ कोलम्बियाले कार्यकारी शाखामा उच्च पदहरूका लागि तिनीहरूलाई प्रवेश गराएको छ । कोटा (Quota) हरूको प्रभाव निर्वाचन ऐनमाथि निर्भर रहेको हुन्छ : बन्दसूची समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीले ठूला निर्वाचन क्षेत्रहरू भएका राष्ट्रमा सबैभन्दा राम्ररी काम गर्छ । तैपनि कैयन् राष्ट्रहरू खास गरेर एन्डिक क्षेत्रमा राजनैतिक पार्टी र तिनको प्रणालीहरूमा रहेका कमजोरीले कारण लोकतान्त्रिक सुदृढीकरण कार्य तथा महिला र अन्य नागरिकको जीवनयापनको निमित्त चुनौतीयुक्त बनाएका छन् ।

बाँकी विश्व जस्तो कि ल्याटिन अमेरिकाका निर्वाचित कार्यालयमा इतिहासदेखि नै महिलाहरूको ज्यादै नै न्यून प्रतिनिधित्व गराइएका थिए । राजनैतिक निर्णय प्रक्रियामा तिनीहरूको उपस्थिति कहिले पनि पुरूषसमान हुन सकेको छैन । यही कारणबाट लोकतन्त्र, राजनैतिक गुणस्तर र न्यायलाई हानि पुग्दै आएकाले पुरूष राजनीतिज्ञहरू र राम्रो सोचाइ राख्ने नेताहरूलगायत बढीभन्दा बढी मानिसले शक्तिमा महिलाको उपस्थिति बढाउने उपायहरू अनुमोदन गरेका छन् । सन् १९९१ देखि ११ वटा ल्याटिन अमेरिकी देशहरूले राष्ट्रिय निर्वाचनमा उम्मेदवारको रूपमा महिला सहभागिताको न्यूनतम स्तर स्थापना गर्दै कोटा ऐन पारित गरेका छन् । यद्यपि, निर्वाचन ऐन र त्यो ऐन लागू भएको हदमा भर पर्दा त्यसको परिणाममा भिन्नता हुन्छ, कोटातर्फको प्रवृत्तिले शक्तिमा रहेका महिलाका निमित्त जनताको भाव र लैङ्गिक समानताका लागि औपचारिक वचनबद्धता कोसे ढुङ्गा साबित भयो ।

कोटा प्रणालीको परिणामस्वरूप ल्याटिन अमेरिकामा सामाजिक, आर्थिक विकास, लोकतन्त्रीकरण र सांस्कृतिक परिवर्तन र शक्तिमा महिलाको उपस्थितिमा वृद्धि भएको छ । सन् १९९० मा ९ प्रतिशतको एउटा औसतबाट सन् २००५ मा त्यस क्षेत्रको राष्ट्रिय संसदको तल्लो सदनमा महिलाको उपस्थिति १७ प्रतिशत वृद्धि भएको थियो । सिनेटको सिटमा

महिला साझेदारी सन् १९९० मा औसत ५ प्रतिशतबाट सन् २००५ मा बढेर १३ प्रतिशत पुग्यो । अनि, सन् १९९० मा महिलाले ९ प्रतिशत मन्त्री पद ओगटेकोमा सन् २००५ सम्ममा वृद्धि भई औसतमा १४ प्रतिशत भएको थियो । केही राष्ट्रमा नाटकीय वृद्धि भएको छ, कोटा ऐनहरू लागू गरिएकोमा धन्यबाद ! यद्यपि, महिलाले पुरूष उपस्थितिको दाँजोमा कहीँ पनि समानता हासिल गरेका छैनन् ।

तालिका ९ ले के देखाउँछ भने शक्तिमा महिला साझेदारी केही ल्याटिन अमेरिकी देशमा निकै उच्च रहेको (अर्जेन्टिना र कोस्टारिकाको कंग्रेसमा र कोलम्बियाको मन्त्रिपरिषद्मा भएजस्तो) भए पनि अरू (अर्थात् ग्वाटेमाला र होन्डुरसको कंग्रेसमा र मेक्सिकोको मन्त्रिपरिषद्मा) मा कम रहेको छ । औसतमा महिलाहरूका निमित्त संसदमा सहभागी हुने अवसरमा सुधार आएको छ, तर उपलब्धिहरू एकनासले वितरित छैनन् ।

**तालिका ९: सन् २००५ मा ल्याटिन अमेरिकामा शक्तिमा रहेका महिला : एक झलक**


| राष्ट्र | तल्लो सदनमा महिलाको % | सिनेटमा महिलाको % | महिला मन्त्रीको संख्या | महिला मन्त्रीको % |
|---|---|---|---|---|
| अर्जेन्टिना | ३४ | ३३ | ११ मा १ | ९ |
| बोलिभिया | १९ | १५ | १५ मा १ | ७ |
| ब्राजिल | ९ | १२ | २३ मा २ | ९ |
| चिली | १३ | ४ | १७ मा ३ | १८ |
| कोलम्बिया | १२ | ९ | १३ मा ५ | ३८ |
| कोस्टारिका | ३५ | - | १६ मा ३ | १९ |
| क्युबा | ३६ | - | ३८ मा ६ | १६ |
| डोमिनिकन गणतन्त्र | १७ | ६ | २० मा ३ | १५ |
| इक्वेडोर | १६ | - | १५ मा २ | १३ |
| एल साल्भाडोर | ११ | - | १२ मा २ | १७ |
| ग्वाटेमाला | ८ | - | १३ मा २ | १५ |
| होन्डुरस | ६ | - | २३ मा ३ | १३ |
| मेक्सिको | २३ | १६ | १९ मा ० | ० |
| निकारागुवा | २१ | - | १३ मा १ | ८ |
| पनामा | १७ | - | १२ मा २ | १७ |
| पाराग्वे | १० | ९ | १० मा २ | २० |
| पेरू | १८ | - | १५ मा २ | १३ |
| उरुग्वे | १२ | १० | १४ मा ० | ० |
| भेनेजुएला | १० | - | १६ मा ३ | १९ |
| औसत | १७ | १३ | | १४ |

**स्रोत**: Data on ministerial positions are from national government web sites except for Costa Rica, the Dominican Republic, Uruguay and VBenezuela, where the information was found at Georgetown University's Political Database of the Americas, available at http://www.georgetown.edu/pdba/. Date on national legislatures are from the Inter-Parliamentary Union, 'Women in National Parliaments: Situation as of 31 January 2005', http://www ipu.org/wmn-e/classif.htm.

## महिला नेतृत्वप्रति जनताको दृष्टिकोण

सन् २००४ देखि गरिएको एउटा सर्वेक्षण अनुसार शक्तिमा रहेका पुरूष र महिलाप्रतिको दृष्टिकोणमा राष्ट्रहरूबीच उल्लेख्य भिन्नता रहेको छ । चित्र ४ ले 'महिलाभन्दा पुरूष नेता असल हुन्छन्' भन्ने भनाइप्रति सहमति जनाउने उत्तरदाताको प्रतिशत देखाउँछ ।

**चित्र ४ : ल्याटिन अमेरिकामा महिला नेताबारे जनताको भाव, सन्  २००४**




**स्रोतः** Latinobarometro, 2004. 'Una decada de mediciones' [A decade of measuremtnts]. Informe Resumen. Santiago de Chile, 13 August 2004, <http://www.latinobarometro.org>

धेरैजसो राष्ट्रमा विशेषतः मेक्सिको, उरुग्वे र कोस्टारिकामा मतदाता समूहबीच रहेको लिङ्गवादी दृष्टिकोणले महिलाहरूलाई रोकेको छैन भन्नेबारे यी तथ्यले सुझाव दिन्छन् । यद्यपि, डोमिनिकन गणतन्त्रमा उत्तरदाताहरूमध्येका आधा पूरै महिला नेतृत्वका विरुद्ध रहेका छन् । तैपनि सर्वेक्षणका परिणामहरू र शक्तिमा रहेका महिलाहरूको वास्तविक सङ्ख्याबीच स्पष्ट पारस्परिक सम्बन्ध रहेको छैन । यसले सुझाव दिएअनुसार महिलाहरूका अवसरबारे व्याख्या गर्ने केही सुराकहरू अन्यत्र कतै रहेका छन् । हामीले त्यसकारणले राजनैतिक संघ-संस्थाहरू, पार्टी र निर्वाचन प्रणालीहरूको महिला उम्मेदवारीमाथि पर्ने असरबारे छानबिन गर्नुपर्छ ।

## राजनैतिक पार्टीहरू

महिलालाई शक्तिमा पुऱ्याउने अग्रगमनका आधार पार्टीहरू नै हुन् । नेतृत्वका पदहरु प्राप्त गर्नका लागि महिलाहरूले राजनैतिक कार्यालयका लागि उम्मेदवार प्रस्तुत गर्ने अनुपम क्षमता भएका पार्टीहरूमार्फत् काम गर्नैपर्छ । यद्यपि, ऐतिहासिक रूपले नै पार्टीहरुमा लैङ्गिक संघ-संस्थाहरू रहँदै आएका छन्, जसले पार्टीहरूमा पुरूषलाई भन्दा महिलालाई भिन्न आधारमा हेर्छन् र नेतृत्वदायी दर्जामा पुऱ्याउने प्रवृत्तिलाई रोक्छन् । धेरैजसो ल्याटिन अमेरिकी राष्ट्रमा महिलाहरू अझै पनि कुल सदस्य सङ्ख्याको आधा रहेका छन्, तर पार्टीका कार्यकारी बोर्डहरूमा वा आम निर्वाचनका उम्मेदवारहरूबीच पुरूषसँग समान सहभागिताको उपभोग गर्न महिलाहरुले बिरलै पाउँछन् । मतदाता परिचालन गर्ने पार्टीहरूका 'महिलाको विभाग' मा महिलाहरु संलग्न भएका छन् र बैठक र अर्थ सङ्कलनकर्तालाई सहयोग गरेर पुरूष उम्मेदवारहरूलाई सहायता गरेका छन् । किसान, मजदुर, विद्यार्थी इत्यादि जस्ता पुरूष प्रभुत्व भएका ब्युरोहरूजस्तो यी महिलाका ब्युरोहरू वर्गीय दर्जाहरूबाट वा पेसाबाट उत्पन्न भएका होइनन् ता कि महिलाहरू आफ्नो सामूहिक माग पूरा गर्नका लागि दबाब दिन सङ्गठित होऊन् । बरु महिला 'महिलाको रूपमा जसको एउटा समूहको रूपमा प्राथमिक संलग्नता निजी जिन्दगीसँग थियो'[१] सामेल गरिएका थिए । राजनैतिक पार्टीहरूमा महिलाको समग्र सहभागिताको तुलनामा राजनैतिक नेतृत्वका दर्जाहरूमा महिलाको प्रतिनिधित्व न्यून हुनु आश्चर्यजनक छ ।

सन् १९९० को दशकको सुरुआतदेखि कतिपय महिला विभाग सहयोगी कर्मचारीको रूपमा नभई महिला नेताहरूको अभियानकर्ता झैं भएर सेवा गर्नतर्फ लागेका छन् । उदाहरणका लागि मेक्सिकोको नेसनल एक्सन पार्टी-पीएएन (National Action Party-PAN) को महिला विभाग एउटा गृहिणी सङ्गठनबाट मूल प्रवाहको नेतृत्वको दर्जामा महिलाको प्रवेशलाई प्रवर्द्धन गर्न प्रभावकारी आधारको रूपमा परिवर्तित भएको छ । सन् १९९७ देखि २००३ बीचको निर्वाचनमा महिलाको राजनैतिक प्रवर्द्धनको निमित्त यसको राष्ट्रिय सचिवालयले स्थानीय र राष्ट्रिय पार्टी नेताहरूलाई उम्मेदवारको रूपमा महिलाहरूलाई समावेश गर्नको लागि लबी गऱ्यो । आफ्नो प्रयासको परिणामस्वरूप दक्षिणपन्थी विचार हुँदा हुँदै पनि सन् २००३ देखि राष्ट्रका दुईवटा अन्य ठूला पार्टीहरू : इन्स्टिच्युसनल रिभोल्युसनरी पार्टी, मेक्सिको-पीआरआई (Institutional Revolutionary Party-PRI) र पार्टी अफ डेमोक्रेटिक रिभोल्युसन, मेक्सिको-पीआरडी (Party of the Democratic Revolution-PRD) को भन्दा नेसनल एक्सन पार्टीका महिला उम्मेदवारहरू बढी थिए ।[२]

महिलाको सफलता पार्टी सङ्गठन र विचारमाथि निर्भर हुन्छ भनेर विद्वानहरू (यस पुस्तकको अध्याय ३ मा, रिचार्ड म्याटल्यान्डलगायत) ले फरक परिकल्पना गरेका छन् । संरचनाविहीन वा अनुयायीमा भन्दा नियमानुसार चल्ने पार्टीहरुमा महिलाहरूले ठूला अवसर उपभोग गर्छन् भनेर तर्क गरिन्छ ।[३] उम्मेदवारहरूको मनोनयनबारे एउटा पार्टीको स्पष्ट नियम छ र त्यसलाई गरिन्छ भने सम्भाव्य उम्मेदवारले मनोनयन प्रक्रियालाई राम्ररी बुझ्छ र पार्टी नेताहरूले ती नियमहरू पालना गरेको विश्वास गर्छ । सीमान्तकृत सामाजिक समूहरूको

प्रतिनिधित्वको पक्षपाती विचार भएका र नारीवादी आन्दोलनसँग नजिकको सम्बन्ध रहेका बाम पार्टीहरूमा महिलाहरूलाई बढी फाइदा हुने गरेको पनि अध्ययनहरूबाट निष्कर्ष निक्लेको छ ।[४] एउटा बहुराष्ट्रिय अध्ययनबाट प्राप्त तथ्यअनुसार बाम पार्टीहरूको निर्वाचन तागत भन्नु नै सत्तामा महिलालाई पुऱ्याउने सोच भनी पूर्वानुमान गर्न सकिन्छ ।[५]

तैपनि ल्याटिन अमेरिकाका कतिपय प्रमाणहरुले महिलाको उपस्थिति र पार्टीका प्रकारबीच कुनै पारस्परिक सम्बन्ध नरहेको कुरा बताउँछन् । संस्थागत पार्टी राजनीति र नियमानुसार चल्ने पार्टीहरू भएका राष्ट्रमा संसदमा तिनीहरूको प्रतिनिधित्व उरुग्वे र चिलीमा १२ र १३ प्रतिशत न्यूनदेखि कोस्टारिकामा ३५ प्रतिशतसम्म उच्चभई नाटकीय ढङ्गको भिन्नता रहेको छ । त्यसबीच, पार्टीहरू बढी व्यक्तिगत र अनौपचारिक रहेको र बोलिभिया र पेरू (क्रमशः १९ र १८ प्रतिशत) जस्ता कमजोर अवस्था साथ पार्टी संस्थागत भएका राष्ट्रमा महिला प्रतिनिधित्वको क्षेत्रीय औसत १७ प्रतिशतभन्दा माथि रहेको छ ।

विसङ्गतिपूर्ण रुपमा आन्तरिक पार्टी लोकतन्त्र प्रवर्द्धन गर्ने प्रयासले लैङ्गिक समानताका लागि अधिक गरिने प्रयासलाई अवरोध गर्न सक्छ । ल्याटिन अमेरिकामा केही पार्टीले आम निर्वाचनमा उम्मेदवार छनौट गर्न आन्तरिक प्राथमिकता लागू गर्दै छन् । मनोनयनलाई पार्टी नेतृत्वको हातबाट छुटाएर नियन्त्रण गर्ने शक्ति विकेन्द्रीकरणको यो उपायले कोटा ऐनहरू लागू गराउने प्रयासलाई जटिल बनाउँछ । प्राथमिकताले स्रोतहरू भएका स्थापित उम्मेदवारहरूलाई रुचाउँछ पनि, जो प्रायजसो पुरूषहरू नै हुने गरेका छन् ।[६]

दलगत विचारको प्रभाव के हुन्छ ? सन् १९९० को दशकमा ल्याटिन अमेरिकाले विश्वका प्रचलनहरू अनुसरण गरे झैं लाग्छः राज्यको हस्तक्षेप, सामाजिक नीति र सहभागितामूलक लोकतन्त्रको वकालत गर्ने बाम पार्टीहरू दक्षिणपन्थी पार्टीहरूभन्दा बढी महिला निर्वाचित गर्नतर्फ उन्मुख भए ।[७] यद्यपि, सन् २००५ सम्ममा यो प्रवृत्ति परिवर्तित भएको छ । प्रत्येक राष्ट्रमा संसदका महिला सदस्यको कुल सङ्ख्याको सम्बन्धमा महिलाहरूले दक्षिणपन्थी पार्टीहरूमा अपेक्षा गरिने गरिएझैं गरेर नराम्रो स्थानमा छैनन् । त्यस क्षेत्रका ३ वटा मुख्य दक्षिणपन्थी पार्टीमा महिला सिटको साझेदारीले सम्बन्धित कंग्रेसमा तिनीहरूको कुल उपस्थितिलाई पछि पारेको छ । उदाहरणका लागि मेक्सिकोको दक्षिणपन्थी पीएएन पार्टीबाट महिला प्रतिनिधिहरू २९ प्रतिशत छन् (१५१ जनामध्ये ४४) । चिलीको दक्षिणपन्थी नेसनल रिनिवल पार्टी-आरएनपी (National Reniaval Party-RNP) बाट निर्वाचितमध्ये १६ प्रतिशत (१९ मध्येका ३) र ब्राजिलको दक्षिणपन्थी लिबरल फ्रन्ट पार्टी-पिएफएल (Liberal Front Party, PFL) बाट निर्वाचित प्रतिनिधिहरूमध्ये १० प्रतिशत (६२ मा ६) रहेका छन् ।

पार्टीहरूको कमजोरी एउटा महत्त्वपूर्ण सरोकारको विषय हो भने पार्टीहरूसँग जनताको पहिचानमा कमी अर्को कमजोरी हो । सान्टियागो डि चिलेमा रहेको लाटिनोबारोमेत्रो सङ्गठनद्वारा सञ्चालन गरिएको क्षेत्रीय मत सर्वेक्षणले देखाएअनुसार करिब १८ प्रतिशत ल्याटिन अमेरिकीहरूको मात्र राजनैतिक पार्टीहरूमाथि विश्वास छ । (जुन संसद, न्यायालय, प्रहरी, टेलिभिजन, बैकहरू र चर्च तथा अन्य संस्थाहरूमाथिको विश्वासभन्दा खराब हो) ।[८] पार्टी प्रणालीमा सङ्कट बोलिभिया, इक्वेडोर र भेनेजुएलाको अस्थिरता, कोलम्बियाको नागरिक

हिंसा र पेरुमा लोकतन्त्रप्रति असन्तोषबारे व्याख्या गर्नतर्फ लाग्दा लामो समय लाग्छ । नागरिक प्राथमिकताहरूलाई सम्पूर्ण योगको मुख्य वाहनको रूपमा र त्यसलाई नीतिमा अनुवाद गर्नको साथै शक्तिको एकमात्र संस्थागत बाटोका रुपमा पार्टीहरू लोकतान्त्रिक शासन व्यवस्थाको एउटा अपरिहार्य भाग भएकाले महिला प्रतिनिधित्वको वकालत गर्नेहरूले राजनैतिक पार्टीहरूलाई सुदृढ पार्न सङ्घर्ष गर्नै पर्छ ।

## *महिला र निर्वाचन प्रणाली*

विभिन्न अध्ययनहरूले देखाएअनुसार महिलाले निर्वाचित हुने अवसरका लागि निर्वाचन ऐनहरू महत्त्वपूर्ण छन् ।

बढीमतीय/बहुमतीय निर्वाचन प्रणाली भएका राष्ट्रहरूभन्दा समानुपातिक प्रतिनिधित्व भएका राष्ट्रहरू बढी महिला निर्वाचित गर्नतर्फ प्रवृत्त हुन्छन् । किन ? तेस्रो अध्यायमा रिचार्ड म्याटल्यान्डले तर्क गरेअनुसार समानुपातिक प्रतिनिधित्व प्रणाली (जहाँ पार्टीहरूले प्राप्त गरेको कुल मतको प्रतिशतको आधारमा सिटहरू पार्टीहरूलाई बाँडिन्छ) मा (महिला जस्ता) विभिन्न सामाजिक समूहहरूसँग अनुबन्धित रहेका उम्मेदवारहरू र विभिन्न पार्टी समूह र निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने उम्मेदवारहरूलाई समावेश गरेर टिकट 'सन्तुलन' गर्न पार्टीहरूमा एउटा प्रोत्साहन हुन्छ। त्यसविपरीत बहुमतीय प्रणालीमा प्रोत्साहनहरू फरक छन्, जसमा पार्टीहरू अन्य कुनै उम्मेदवारले भन्दा बढी मत ल्याउने वास्तविक अवसर भएका उम्मेदवारहरूलाई प्रस्तुत गर्नतर्फ प्रवृत्त हुन्छन्। धेरैजसो मामिलामा पार्टी नेताहरूले आफ्ना श्रेष्ठ उम्मेदवारहरू पुरूषहरू हुन् भन्ने सोचाइ राख्छन् ।

यथार्थमा सन् २००२ मा १८२ वटा राष्ट्रको तथ्याङ्कले देखाएअनुसार समानुपातिक प्रतिनिधित्व प्रणालीमा कंग्रेसका सदस्यहरूमध्ये महिलाले औसत १५ प्रतिशत, मिश्रित प्रणालीहरूमा ११ प्रतिशत (जसमा संसदको केही भाग समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गरेर र केही भाग एकल सदस्यीय निर्वाचन क्षेत्र प्रणाली प्रयोग गरेर निर्वाचित हुन्छन्) र बहुमतीय प्रणालीमा ९ प्रतिशत सिट ओगटेका छन् ।[९]

सबै ल्याटिन अमेरिकी राष्ट्रहरुले (प्रतिस्पर्धात्मक निर्वाचन नभएको क्युबाबाहेक) समानुपातिक प्रणालीको कुनै न कुनै संस्करण प्रयोग गर्छन्, यद्यपि, ४ वटा राष्ट्रमा बन्दसूचीको समानुपातिक प्रतिनिधित्व र एकल सदस्यीय निर्वाचन क्षेत्रको संयोजित रूप मिश्रित प्रणाली रहेको छ (तालिका १० हेर्नुहोस्) । सूचीगत समानुपातिक प्रतिनिधित्व भएका राष्ट्रहरूमध्ये ७ वटाले बन्दसूची प्रयोग गर्छन् भने ५ वटाले खुलासूची प्रयोग गर्छन् । उरुग्वेको एउटा विभाजित प्रणाली छ, जसमा मतहरूलाई पार्टी स्तरमा जम्मा गरिन्छ र समूहहरूबीच समानुपातिक वितरण गरिन्छ। त्यसपछि प्रत्येक समूहका उम्मेदवारहरूको सूचीमा वितरण गरिन्छ। कोलम्बियाको व्यक्तिगत सूची प्रणालीमा ठूलो सङ्ख्यामा एकजना उम्मेदवार मात्र रहेको हुन्छ । मत पार्टीस्तरमा होइन यी उपपार्टी सूची (Sub-Party List) हरूमा विभाजन गरिन्छ ।[१०]

**तालिका १० : ल्याटिन अमेरिकामा निर्वाचन प्रणाली (व्यवस्थापिकाको तल्लो सदन वा एक सदनात्मक व्यवस्थापिकाका लागि)**

| निर्वाचन प्रणाली | राष्ट्र |
|---|---|
| सूचीगत समानुपातिक प्रतिनिधित्व : बन्दसूची | अर्जेन्टिना, कोस्टारिका, एल साल्भाडोर, ग्वाटेमाला, होन्डुरस, निकारागुवा, पाराग्वे |
| सूचीगत समानुपातिक प्रतिनिधित्व : विभाजित बन्दसूची | उरुग्वे |
| सूचीगत समानुपातिक प्रतिनिधित्व : व्यक्तिगत सूची | कोलम्बिया |
| सूचीगत समानुपातिक प्रतिनिधित्व : खुलासूची | ब्राजिल, चिली, डोमिनिकन गणतन्त्र, इक्वेडोर*, पेरू |
| मिश्रित (सूचीगत समानुपातिक प्रतिनिधित्व र एकल सदस्यीय निर्वाचन क्षेत्र) | बोलिभिया, मेक्सिको, पानामा, भेनेजुएला, |

* यसका अतिरिक्त, इक्वेडोरको १५ प्रतिशत कंग्रेस सदस्य एकल, राष्ट्रिय बन्दसूची प्रणालीबाट निर्वाचित हुन्छन् ।

अलि भिन्न स्तरको महिला प्रतिनिधित्वसँग समानुपातिक प्रतिनिधित्वको नियमका विभिन्न समूह संलग्न रहेका छन् । तल्लो सदनका लागि महिला प्रतिनिधित्वको मध्येमा बन्दसूची प्रणालीमा १८ प्रतिशत, मिश्रित प्रणालीमा १७ प्रतिशत र खुल्लासूची प्रणालीमा १५ प्रतिशत थियो । यसले के सुझाव दिन्छ भने महिलाहरूले खुल्लासूची प्रणालीमा भन्दा बन्दसूची प्रणाली र मिश्रित प्रणालीमा स्पष्ट रूपमा बढी राम्रो गर्छन् । यस्तो किन भनेर बुझ्नका लागि हामीले निर्वाचन ऐन र कोटा ऐनबीचको अन्तरक्रियालाई छानविन गर्नु आवश्यक छ ।

## *महिलाहरूका निमित्त कोटा*

सन् १९९१ देखि २००० का बीचमा ११ वटा ल्याटिन अमेरिकी राष्ट्रले संसदको निर्वाचनमा उम्मेदवारको रूपमा महिला सहभागिताका लागि २० देखि ४० प्रतिशतसम्मको न्यूनतम स्तर स्थापना गर्दै कोटा ऐन तर्जुमा गरे । यद्यपि, भेनेजुएलाले त्यसबेलादेखि आफ्नो कोटा ऐनलाई खारेज गरेको छ । बाह्रौं राष्ट्र कोलम्बियाले सरकारको कार्यकारिणी शाखाका नीति निर्माण र निर्णय लिने पदहरुमा ३० प्रतिशत हुनै पर्ने एउटा नयाँ ऐन तर्जुमा गर्‍यो ।

कोटाले बढी महिलालाई निर्वाचित हुन वास्तवमै मद्दत पुर्‍याएको छ ? औसतमा कोटाले महिला प्रतिनिधित्वमा दस प्रतिशत अङ्कले वृद्धि ल्यायो, तर राष्ट्रहरूका बीच रहेको कोटाको असरमा ठूलो अन्तर रहेको छ । (तालिका ११ हेर्नुहोस्)

**तालिका ११ : ल्याटिन अमेरिकामा कोटाका परिणामहरू**

| राष्ट्र | व्यवस्थापिका निकाय | % महिला (ऐन पहिले) | % महिला (ऐन पछि) | परिवर्तन % |
|---|---|---|---|---|
| अर्जेन्टिना | च्याम्बर<br>सिनेट | ६<br>३ | ३४<br>३३ | +२८<br>+३० |
| बोलिभिया | च्याम्बर<br>सिनेट | ११<br>४ | १९<br>१५ | +८<br>+९ |
| ब्राजिल | च्याम्बर | ७ | ९ | +२ |
| कोस्टारिका | एक सदनात्मक | १४ | ३५ | +२१ |
| डोमिनिकन गणतन्त्र | च्याम्बर | १२ | १७ | +५ |
| इक्वेडोर | एक सदनात्मक | ४ | १६ | +१२ |
| मेक्सिको | च्याम्बर<br>सिनेट | १७<br>१५ | २३<br>१६ | +६<br>+१ |
| पनामा | एक सदनात्मक | ८ | १७ | +९ |
| पाराग्वे | च्याम्बर<br>सिनेट | ३<br>११ | १०<br>९ | ७<br>-२ |
| पेरू | एक सदनात्मक | ११ | १८ | +७ |
| औसत | | ९ | १९ | +१० |

कोटाको प्रभावकारिता व्यापक मात्रामा राष्ट्रको निर्वाचन प्रणालीको प्रकृतिमाथि भर पर्छ । महिला उम्मेदवारहरूका निमित्त पदस्थापन जनादेशबारे ऐनमा व्यवस्था गरिएको बन्दसूची समानुपातिक प्रतिनिधित्व प्रणालीमा कोटाले सबैभन्दा राम्ररी काम गर्छ । यी जनादेशअनुसार पार्टीहरूले आफ्नो सूचीमा निर्वाचित हुने कुनै अवसर नरहेको स्थानमा उठ्ने गरी महिलाहरूलाई आलङ्कारिक रुपमा मात्र होइन उच्च स्थानमा पदस्थापन गर्नु आवश्यक हुन्छ । ठूला बहुसदस्यीय निर्वाचन क्षेत्रहरूमा पनि कोटा राम्रो कार्य गर्नेतर्फ उन्मुख हुन्छन् । कम सदस्य भएका निर्वाचन क्षेत्रमा पार्टीको उच्च स्तरका उम्मेदवारहरूमात्र (सामान्यतया पुरूषहरू निर्वाचित हुन उन्मुख हुन्छन्) निर्वाचन क्षेत्रको परिमाण वृहत् हुँदा पार्टीको सूचीमा तल्लो तहका लगायत एउटा पार्टीको बढी उम्मेदवारले सिट जित्नेछन् ।[११]

यी कारक तत्त्वहरूले अर्जेन्टाइनी च्याम्बर र सिनेटमा तथा कोस्टारिकाको कंग्रेसमा कोटाको सफलताबारे व्याख्या गर्छन् । कंग्रेसको ४० प्रतिशत निर्वाचित हुने गरी ठूलो बन्दसूचीगत निर्वाचन क्षेत्र अनुरुप मेक्सिकोमा भएको वृद्धिमा पनि तिनकै भूमिका छ । सूचीमा महिला उम्मेदवार राख्न मान्ने नियमका साथ यी तीन वटै राष्ट्रमा कोटा ऐन लागू भएका छन् ।

यद्यपि, कतिपय पार्टीले कोटालाई वास्तवमै कानुनको अवज्ञा नगरीकन सम्भव भएसम्म सबैभन्दा न्यूनतम ढङ्गले काम तामेल गरेका छन् । अर्जेन्टिनामा पार्टी सूचीमा

प्रत्येक तीनवटा पदमध्ये एउटामा महिलालाई राख्नै पर्छ । महिलाहरूलाई पहिलो वा दोस्रो होइन तेस्रो स्थानमा समावेश गरेर पार्टीहरू त्यसलाई निश्चित गर्न लागेका छन् । कोस्टारिकामा सन् १९९९ भन्दा पहिले पदस्थापन जनादेश रहेको थिएन र पार्टीहरू महिलाहरूलाई आफ्नो सूचीको पुछारतिर राख्न उन्मुख थिए । यद्यपि त्यस वर्ष राष्ट्रिय महिला एजेन्सीका समावेदनहरूको प्रतिक्रियामा त्यहाँको सर्वोच्च अदालतले पार्टीहरूले महिलाहरूलाई निर्वाचित हुने वास्तविक अवसर भएको पदमा राख्नै पर्छ भन्ने घोषणा सहितको एउटा फैसला जारी गऱ्यो । त्यसले पार्टीहरूलाई त्यस्तो सूची पद प्रत्येक प्रान्तमा एउटा पार्टीले विगतमा जितेको औसत सिट सङ्ख्यामा लेखाजोखा गर्न सजिलो भएको हुनुपर्ने सम्झना दिलायो ।[१२] त्यस आदेशले हेर्न लायकका परिणाम देखायो : सन् २००२ को निर्वाचनपछि कंग्रेसमा महिलाको उपस्थिति १४ प्रतिशतबाट ३५ प्रतिशत पुग्यो ।[१३]

कोटा ऐनका विस्तृत विवरणहरू ज्यादै महत्त्वपूर्ण छन् । उदाहरणका लागि मेक्सिकोको कोटा ऐन प्राथमिक निर्वाचनहरूद्वारा उम्मेदवारहरूको छनौट हुने जिल्लाहरूमा प्राविधिकरूपले लागू हुँदैन तर संघीय निर्वाचन आयोगले वैध प्राथमिकको रूपमा के प्रक्रियाहरू मान्य हुन्छन् भन्नेबारे कुनै सूक्ष्म निर्देशन दिएको छैन । यस्ता सम्भाव्य छिद्र हुँदाहुँदै पनि सन् २००३ को संसद निर्वाचनमा ३० प्रतिशतभन्दा बढी उम्मेदवारहरू महिला थिए ।[१४] ब्राजिलको अनुभव कोटा ऐनको मस्यौदा सावधानीपूर्वक बनाउनु पर्ने कुराको साक्षी छ । पार्टीहरूले ३० प्रतिशत उम्मेदवारको हिस्सा महिलाका निमित्त सुरक्षित राखिनु पर्छ भनेर ऐनले भन्छ, तर पार्टीहरूले ती आवश्यकता वा प्रावधानलाई वास्तवमा नै पूरा गरेका छैनन् । पार्टीहरूले एउटा जिल्लामा लडेको सिटहरूभन्दा ५० प्रतिशत बढी उम्मेदवार तय गर्नु पर्ने भएकाले एउटा पार्टीले व्यवहारमा कुनै पनि महिलालाई समावेश नगरीकन पूरै सूची भर्न सक्छ । उदाहरणका लागि एउटा निर्वाचन क्षेत्रले कंग्रेसमा १० जना सदस्य निर्वाचित गर्छ भने प्रत्येक पार्टीलाई १५ जना उम्मेदवारहरू उठाउने अनुमति हुन्छ । कोटा ऐनमा पार्टीले त्यसमध्येका ४ वटा स्थान महिलाका लागि सुरक्षित राख्नु आवश्यक छ । यदि एउटा पार्टी महिलाहरूलाई पदपूर्ति गर्न अनिच्छुक छ भने त्यसले ११ जना उम्मेदवार प्रस्तुत गर्न सक्छ, तैपनि ऐन उल्लङ्घन भएको हुँदैन ।[१५]

यी उदाहरणहरूले सुझाव दिन्छन् कि कोटाले कार्य गर्नका लागि पार्टीका निमित्त महिलालाई मनोनयन गर्नबाट टाढै राख्ने अनुमति दिने वा महिलालाई मतपत्रमा पूरक वा 'सजावट' को रूपमा राखेर मात्र कोटालाई तामेल गर्न अनुमति दिने खालका छिद्रहरूलाई टाढै राख्ने तवरले ऐन लेखिनु पर्छ । यसका अतिरिक्त कार्यकर्ताहरू कोटा प्रणाली लागू गरिएकोबारे सुपरिवेक्षण गर्न गतिशील हुन तत्पर र सक्षम रहनु आवश्यक हुन्छ। अर्जेन्टिनामा कार्यकर्ताहरूले अदालतमा अमान्य सूचीहरूलाई निरन्तर रूपमा चुनौती दिएपछिमात्र पार्टीहरूले कोटा तामेल गर्न सुरु गरे ।

## निष्कर्ष

केही राष्ट्रमा संसदमा महिलाका निमित्त उपलब्धि भए तापनि उल्लेख्य चुनौतीहरू पनि रहेका छन् । ल्याटिनोबारोमेत्रो निर्वाचनले देखाएअनुसार लैङ्गिक प्रवृत्तिहरू अस्तित्वमा रहेका छन् । कैयन् राष्ट्रमा महिलाले औपचारिक रुपमा शक्ति र सबलता प्राप्त गरेका छन् र सबै तिर होइन केही राष्ट्रमा अत्यन्त नाजुक अवस्थामा पनि पुगेका छन् ।

कैयन् स्थानमा तिनीहरू कम्तीमा एउटा राजनैतिक पार्टी सदस्यहरूको आधा जति छन्, तर पार्टी नेतृत्वमा पुरूषसँग बराबरीको हक पाएका छैनन् । धेरैजसो राष्ट्रमा सबैभन्दा महत्वपूर्ण राजनैतिक संगठनका समितिहरू र शक्तिका अनौपचारिक सञ्जालहरूलाई पुरूषहरूले नियन्त्रण गर्छन् ।

उल्लेख्य कुरा के छ भने, महिलाहरूको उपस्थिति भए तापनि उनीहरू लैङ्गिक समानताको एजेन्डालाई प्रवर्द्धन गर्न सधैं काम गर्दैनन् । महिलाको वृहत् प्रतिनिधित्व (तिनीहरूको संख्याद्वारा प्रमाण) र विधेयक र संशोधनको प्रस्तावना, लबी, चेतना वृद्धि, भाषण आदिद्वारा गरिने लैङ्गिक सरोकार प्रवर्द्धनबीच कमजोर सम्बन्ध रहेको छ । निर्वाचित कार्यालयका महिलाले लैङ्गिक समानताका मुद्दा जित्न अरू बढी प्रयास नगरेकोमा कतिपय पर्यवेक्षक असन्तुष्ट भएका छन् । राज्यको शताब्दीयौंको लिङ्गवादपछि यस्तो असन्तुष्टि बुझ्न सकिने खालको भएको छ । अर्कोतर्फ, नव आगन्तुकहरूको एउटा समूहले राजनैतिक बजारको तर्कलाई त्यति चाँडै रूपान्तरण गर्लान् भनेर अपेक्षा गर्न सायद मनासिब हुँदैन । महिलालाई शक्तिमा राख्नु एउटा कुरा हो र राजनीतिज्ञहरूको व्यवहारमा आमूल परिवर्तन गर्नु नितान्त अर्को कुरा हो ।

शक्तिमा भाग लिने महिलाको अधिकारमा उन्नति गर्नु, तिनीहरूका नागरिक अधिकार र समान अवसर तथा लोकतन्त्रको सुदृढीकरण, सामाजिक विकास र समान आर्थिक उन्नतिसँग गाँसिएको छ । त्यस क्षेत्रको आयका खाडलहरूमा वृद्धि भइरहेसम्म कैयन् महिलामा आधार भूत क्षमताको कमी रहिरहनेछ र नेतृत्वका लागि योग्य समूहबाट अलग रहिरहनेछ । दसौं लाख जनताले आफ्ना आधारभूत आवश्यकता पूर्ति गर्न सङ्घर्ष गरिरहेसम्म महिला अधिकार को एउटा एजेन्डाको वरिपरि मिलनविन्दु खोज्ने सीमित राजनैतिक स्थान रहेको हुन्छ । अनि राज्यका निकायहरू भ्रष्टाचार, कार्य अकुशलता र गलत व्यवस्थापनका समस्याद्वारा ग्रसित भएसम्म कोटा ऐनहरू जस्ता नयाँ नीतिहरू लागू गर्न कठिन हुन्छ । महिलाका निमित्त समान अवसरको सिद्धान्तका त्यतिका धेरै नेताहरूको अलिङ्गन, हर्ष तथा उल्लासको उत्सव मनाउने एउटा कारण हो, तर ल्याटिन अमेरिकामा यस सिद्धान्तलाई अभ्यासमा रूपान्तरण गर्न अरू बढी आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रमा आमूल परिवर्तन आवश्यक रहेको छ ।

## पादटिप्पणी

१ Friedman, Elisabeth, 2000. *Unfinished Transitions: Women and the Gendered Development of Democracy in Venezuela, 1936–1996*. University Park, Pa.: Pennsylvania State University Press, p. 96.

२ Baldez, Lisa, 2004a. 'Obedecieron y cumplieron? The Impact of the Gender Quota Law in Mexico'. Paper presented at the meeting of the Latin American Studies Association, Las Vegas, 7–9 October 2004. Women made up 52 percent of the PAN's PR candidates, compared to 47 percent for the PRI and 42 percent for the PRD.

३ See also Caul, Miki, 1999. 'Women's Representation in Parliament: The Role of Political Parties'. *Party Politics.* Vol. 5, no. 1; and Norris, Pippa, 'Breaking the Barriers: Positive Discrimination Policies for Women', in Jyette Klausen and Charles S. Maier (eds). *Has Liberalism Failed Women?* (forthcoming).

४ Caul 1999, op. cit., p. 81.

५ Reynolds, Andrew, 1999. 'Women in the Legislatures and Executives of the World: Knocking at the Highest Glass Ceiling'. *World Politics.* Vol. 51, no. 4 (July), p. 569.

६ Baldez, Lisa, 2004b. 'Elected Bodies: The Gender Quota Law for Legislative Candidates in Mexico'. *Legislative Studies Quarterly.* Vol. XXIX, no. 2 (May), pp. 231–58.

७ Htun, Mala, 2001. 'Electoral Rules, Parties, and the Election of Women in Latin America'. Paper prepared for the 97th annual meeting of the American Political Science Association, San Francisco, 30 August–2 September.

८ Latinobarómetro, 2004. 'Una década de mediciones' [A decade of measurements]. Informe Resumen. Santiago de Chile, 13 August 2004, <http://www.latinobarometro.org> (accessed 25 October 2004).

९ Norris, Pippa, 2004. *Electoral Engineering: Voting Rules and Political Behavior.* New York: Cambridge University Press.

१० Archer, Ronald P. and Matthew Shugart, 1997. 'The Unrealized Potential of Presidential Dominance in Colombia', in Scott Mainwaring and Matthew Shugart (eds). *Presidentialism and Democracy in Latin America.* New York: Cambridge University Press, pp. 133–4.

११ Htun, Mala and Mark Jones, 2002. 'Engendering the Right to Participate in Decisionmaking: Electoral Quotas and Women's Leadership in Latin America', in Nikki Craske and Maxine Molyneux (eds). *Gender and the Politics of Rights and Democracy in Latin America.* London: Palgrave, pp. 39–40.

१२ García, Ana Isabel, 2003. 'Putting the Mandate into Practice: Legal Reform in Costa Rica'. Paper presented at the International IDEA Workshop, Lima, Peru, 23–24 February.

१३ Jones, Mark, 1998. 'Gender Quotas, Electoral Laws, and the Election of Women: Lessons from the Argentine Provinces', *Comparative Political Studies.* Vol. 31, no. 1 (February), pp.

3–21; and Jones, Mark, 2004. 'Quota Legislation and the Election of Women: Learning from the Costa Rican Experience'. *Journal of Politics.* Vol. 66, no. 4 (November), pp. 1203–23.

१४ Baldez 2004b, op. cit.

१५ Htun, Mala, 2001. 'Women's Leadership in Latin America: Trends and Challenges', in *Politics Matters: A Dialogue of Women Political Leaders.* Washington, DC: Inter-American Dialogue, p. 16.

**नमुना अध्ययन : फ्रान्स**

# फ्रान्सेली अनुभव: पार्टी संस्थागत गर्दै

मारिएत सिनउ

फ्रान्सेली महिलाहरू युरोपमा मतदान र निर्वाचनमा उठ्ने अधिकार पाउनेहरूमध्येका अन्तिममा थिए ।[1] सन् २००४ को सुरुतिर पनि महिला प्रतिनिधित्व अझ पछि परेको थियो । संसदमा महिला सदस्य प्रतिशतमा युरोपेली संघका २५ सदस्य राष्ट्रहरूमध्ये १९ औं र विश्वमा ६६ औं स्थानमा रहेको मुलुक बनाउँदै सन् २००२ को जुनमा निर्वाचित फ्रान्सको राष्ट्रिय सभामा तिनीहरूले १२.३ प्रतिशत मात्र सिट ओगटेका थिए। फ्रान्समा परम्परागत रुपमा रहेको[2] माथिको प्रभावले महिलालाई संसदको सदस्य हुनभन्दा बढी सजिलो गरी मन्त्री हुन अनुमति दिएको छ (तिनीहरू मन्त्रिपरिषद् सदस्यको प्रायः एक चौथाइ रहेका छन्) । फ्रान्समा महिलाले ओगटेको उच्च स्तरको आर्थिक उत्तरदायित्व र संसदमा तिनीहरूको अनुपस्थितिका बीच ठूलो असंगति रहेको छ ।

महिलाको जीवनमा व्यापक परिवर्तन ल्याउने (ठूलो मात्रामा आर्थिक क्षेत्रमा प्रवेश, विशेष गरेर सेवाहरूको क्षेत्रमा बढ्दो ज्याला श्रमिक रोजगारी, उच्च शिक्षामा जाने महिलाहरूको अनुपात, कानुनी मुक्ति इत्यादि) सन् १९४५ देखि १९७५ सम्मका ३० 'गौरवशाली' वर्षहरूले निर्वाचनमा महिलाको वैधतामा रहेको कमीको अन्त्य गरेनन् । सभाहरूमा महिलाको ठूलो निर्वाचित उपस्थिति गराउनमा रहेको कठिनाइले *समता*को उग्र विचार उत्पन्न गऱ्यो, जसले अन्ततोगत्वा निर्वाचित कार्यालयमा महिला र पुरूषबीच समान पहुँचको उद्देश्य लिइएको एउटा ठूलो संस्थागत सुधारतर्फ डोऱ्यायो ।

यस घटना अध्ययनले पहिला फ्रान्सको खास ऐतिहासिक र संस्थागत सन्दर्भहरूलाई प्रस्तुत गर्छ। त्यसपछि समानता सम्बन्धी विचारको उपादेयता र यसले उत्पन्न गरेका विवादहरूबारे विस्तारपूर्वक व्याख्या गर्छ । यसले लागू गरिएका ती सुधारहरूको सिंहावलोकन र सन् २००१ को महानगरपालिका र सिनेट निर्वाचनहरू र पछि सन् २००२ को संसद निर्वाचनमा तिनीहरूलाई व्यवहारमा लागू गर्न सकिने सम्भावनाबारे पनि परीक्षण प्रस्तुत गर्छ ।

## ऐतिहासिक सन्दर्भ

आ-आफ्नो राष्ट्रका राष्ट्रिय सभाहरूमा महिलाहरूले किन र कहिले पनि न्यूनतमभन्दा बढी स्थान ओगट्न सकेका छैनन् भन्नेबारे केही ऐतिहासिक कारक तत्त्वहरूले व्याख्या गर्छन् । पहिला फ्रान्समा सन् १७८९ को फ्रान्सेली क्रान्तिका कारण महिलाहरू लामो समयसम्म राजनैतिक बहिष्कारमा परे । महिलाको राजनैतिक अक्षमतालाई एउटा परमसिद्धान्तको रूपमा १५० भन्दा बढी वर्षसम्म मानेर त्यस क्रान्तिले सार्वजनिक मामिलाहरू सञ्चालनको उत्तरदायित्व लिन महिलाहरू योग्य थिएनन् भन्ने सिद्धान्तलाई न्यायसंगत ठहऱ्यायो । हालसालै पनि संस्थागत अन्य अवरोधले व्यवस्थापिकामा महिलाको पहुँचलाई रोकेको छ । पाँचौ गणतन्त्र (सन् १९५८) मा सुरुआत भएका नियम र प्रचलनहरूले नाम तोकेर भन्नु पर्दा संसदीय निर्वाचनहरूमा प्रयुक्त एकल सदस्यीय प्रणाली र यस प्रणालीले रुचाउने बहुव्यवहारको बहुप्रचलित प्रचलनहरूले महिलालाई किनारा लगाएको छ । निर्वाचनलाई 'व्यक्तिकरण' गरेर यसले ठूलाबडा (प्रायजसो पुरूष) लाई आफ्नो उम्मेदवार छान्न राजनैतिक लाभ दिने भएकोले यस प्रणालीले परोक्ष रूपमा महिलाविरुद्ध विभेद गर्छ । पार्टीहरू सबैभन्दा बढी परिचित व्यक्तित्वलाई छनौट गर्नतर्फ उन्मुख हुन्छन्, जो त्यस्तो मानिस होस् जोसँग त्यस जिल्लामा स्थानीय जनादेश (उदाहरणका लागि मेयरको वा काउन्सिलरको) छ ।

मन्त्री र व्यवस्थापिकासम्बन्धी कार्यहरूबीच असमानताको नियम पनि महिलाका निमित्त अप्रत्यक्ष रुपमा बेफाइदाजनक रहेको छ किनकि यसले शासन व्यवस्थालाई उच्चस्तरका कर्मचारीहरूलाई कार्यपालिका तथा व्यवस्थापिकाका पदहरूमा समेत नियुक्तिका निम्ति प्रवृत्त हुन बाध्य पारेको छ । उच्च स्तरका कर्मचारीहरूमध्ये धेरैजसो इकोले नेसनले डि एडमिनिस्ट्रेसन जस्ता विशिष्ट शैक्षिक संस्थाहरूमा तालिम प्राप्त हुन्छन्, जहाँ सबैजसो पुरूष उत्कृष्ट रहेका छन् ।

पाँचौ गणतन्त्रका संस्थाहरू र तिनीहरूलाई स्थायित्व दिने राजनैतिक पार्टी दुवैद्वारा महिलाहरूप्रति दुर्व्यवहार गरिएको छ । तालिम र छनौट गर्ने खुला मञ्च हुनबाट धेरै टाढा रहेको आफ्नो सङ्कुचित विचार र बुढ्यौलीमा ढल्दै गएको नेतृत्वका साथ फ्रान्सेली राजनैतिक पार्टीहरूले नाम चलेका पुरूषहरु स्वयम्लाई अगि बढाउन रुचाउने समूहको रूपमा मात्रै कार्य गरेका छन् । सन् १९७० को दशकको नारीवादी आन्दोलनले पनि यी प्रचलनहरूको उत्तरदायित्वको हिस्सा लिनैपर्छ, किनभने राजनैतिक प्रतिनिधित्वको प्रणालीमा राख्न यसले महिलाहरूलाई उत्प्रेरित गरेन र नारीवादीहरूले पनि परिवर्तन राजनैतिक पार्टीबाट होइन सामाजिक आन्दोलनबाट आउने अपेक्षा गरे । त्यसको परिणामस्वरूप लामो समयसम्म पार्टी नेतृत्वका साथै निर्वाचित प्रतिनिधिहरूको समूहमा महिलाहरूको प्रतिनिधित्व कम रह्यो, तिनीहरूका आवाज सुनिन कठिन भएको पाइयो ।

धेरै वर्षसम्म निर्वाचित कार्यालयमा महिलाहरूलाई नामाङ्कन गर्ने एक मात्र दल कम्युनिस्ट पार्टी रह्यो ।[३] यसरी उनीहरूले यसलाई कोटा प्रणाली नभनीकन यो प्रणाली लागू गरे । सन् १९७४ मा महिला नेतृत्वका लागि कोटा समावेश गर्न सोसलिस्ट पार्टीले आफ्नो नियमावलीलाई संशोधन गऱ्यो । (सुरुमा १० प्रतिशत रहेको यस नियमलाई सन् १९९० मा

३० प्रतिशत कोटा सिट बढाइयो) । सोसलिस्ट पार्टीले पनि युरोपेली संसदका लागि निर्वाचनमा कोटा प्रणाली (एउटा समानुपातिक सूची प्रणालीअन्तर्गत) लागू गऱ्यो, अनि त्यसको निकै पछि सन् १९९६ मा यसले संसदीय संसदीय निर्वाचनमा महिला उम्मेदवारहरूका निमित्त ३० प्रतिशत कोटाका लागि मतदान गऱ्यो (जुन सन् १९९७ मा लागू भयो) । नारीवादी प्रेरणा लेस भेर्तेस (ग्रीन पार्टी) बाट आयो, जसको नियमावलीमा महिला पुरूष समानताबारे लेखिएको छ । कुनै पनि दक्षिणपन्थी पार्टीहरूले कोटा प्रणाली लागू गरेका छैनन् ।

फ्रान्समा राजनीतिमा महिला उपस्थितिको एउटा अन्तिम अवरोध न्यायसम्बन्धी थियो । सन् १९८२ नोभेम्बरमा राष्ट्रको सर्वोच्च न्यायिक निकाय संवैधानिक परिषद्ले महानगरपालिका निर्वाचनमा लड्ने उम्मेदवारको सूचीमा कुनै पनि लिङ्गको अधिकतम ७५ प्रतिशत प्रतिनिधित्वलाई संस्थागत बनाउने ऐनको प्रावधानमाथि प्रहार गऱ्यो (३,५०० भन्दा बढी जनसङ्ख्या भएका सहरहरूमा) । नजिरको रुपमा स्थापित यस निर्णयद्वारा सुधारको दृष्टिकोणमाथि कालो बादल मडारियो ।

यी सम्पूर्ण अवरोधलाई परास्त गर्न त्यस प्रणालीलाई माथिबाट सुधार गर्नु आवश्यक ठानियो । निर्वाचनमा उठ्ने उम्मेदवारहरूलाई केही हदसम्म मिश्रण गर्नुपर्ने आवश्यक रहेको ऐन पारित गर्ने युरोपेली राष्ट्रहरूमा फ्रान्स र बेल्जियम मात्र हुन् । यद्यपि, महिलाको राजनैतिक प्रतिनिधित्व सुनिश्चित गर्न यसका धेरैजसो छिमेकीहरू राजनैतिक पार्टीहरूको 'विवेक' माथि भर पर्छ, समानतासम्बन्धी ऐनद्वारा व्यवस्थापिकाको निर्देशतर्फ मुख फर्काएर फ्रान्स एउटा अपवादको रूपमा खडा भएको छ ।

## समताको अवधारणा

समतालाई निश्चित निर्वाचित पदहरूमा सङ्ख्यात्मक रूपले सुनिश्चित समान पहुँच भनेर परिभाषित गर्न सकिन्छ । 'समानताको लागि माग' र 'सामाजिकरूपले संरचित विभेदपन'[४] को रूपमा देखा पर्ने यस धारणाले लोकतन्त्रमा महिलाको नागरिकता, अर्थात्, समानता र लिङ्गहरूबीचको भिन्नताको शास्त्रीय द्विविधालाई दरकिनार गर्न मद्दत गर्छ । यसले अमूर्त सार्वलौकिकवाद विषयसूची र महिलाका राजनैतिक प्रतिनिधित्वको मुद्दाबारे एउटा वैकल्पिक विश्लेषणमाथिको पुनर्विचारलाई बाध्य बनाएको छ ।

के समता र कोटा समान हो ? समानतामा निहित दर्शन (त्रुटिविहीन समानता) कोटामा निहित दर्शन (जसले एउटा द्वार निर्माण गर्छ, अनि विभेदपूर्ण भएको रूपमा सोचिन्छ) भन्दा भिन्न छ भन्ने विचार राख्नेहरूको उत्तर 'होइन' भन्ने हुन्छ । एलियाने भोगेल पोल्स्की भन्नुहुन्छ- 'समताको अर्थ ५०-५० होइन', 'एउटा अल्पसङ्ख्यकको प्रतिनिधित्वको नाममा होइन समान दर्जाका नाममा समताको माग गरिन्छ ।'[५] समानतालाई स्थायी रूपले ऐन बनाउनका लागि मतदान पनि गरिएको छ भने सिद्धान्ततः कोटा एउटा अस्थायी उपाय हो । तैपनि, समता सम्बन्धी फ्रान्सेली ऐन कोटालाई निर्वाचित महिलाको सङ्ख्या तुरुन्तै बढाउन एउटा नमूनाको रूपमा रक्षा गर्ने वादविवादहरूको रूपमा उल्लेख गरिएको थियो ।

सर्वप्रथम काउन्सिल अफ युरोपद्वारा यो प्रस्ताव प्रस्तुत गरिएपछि सन् १८८० को दशकको अन्त्यतिर समताको अवधारणा प्रादुर्भाव भयो ।[६] फ्रान्समा सन् १९९० को दशकको प्रारम्भमा यो प्रस्ताव अधिकारीहरूमाथि दबाब दिने विद्वान् र नारीवादी आन्दोलनहरूद्वारा भित्र्याइएको थियो । खास विद्वान्हरूको विचारद्वारा नारीवादी ऐन सुधार र संशोधन कार्यले द्रुत गति लियो । सन् १९९२ मा *अउ पाउभोयर सिटोयेन्निस, लिबरेट, इगालिटेट, प्यारिटे (Au pouvoir Citoy Ennes ! Liberte, Egalite, Parite)*[७] शीर्षकको पुस्तकले त्यस अवधारणालाई लोकप्रिय बनाउन मद्दत पुऱ्यायो । अनि सन् १९९६ मा रेकुइल डाल्लोज मा फ्रान्सिनी दामिचेलले महिलाहरू कानुनीरूपले 'विचार नगरिएका र अदृश्य' भएकाले तिनीहरू कानुनी सिद्धान्तको सहायक लिङ्ग भएको देखाउनुभयो । प्रतिनिधित्वको सिद्धान्तमा यथार्थरूपमा समताको उपायद्वारा लिङ्गलाई एकीकृत गर्नै पर्छ भनेर उहाँले अन्त्य गर्नुभएको छ ।[८]

समताका लागि आह्वान विद्वान्हरूका साथै राजनैतिक रूपले सक्रिय महिलाहरूद्वारा गरिएको थियो । सन् १९९६ जुन महिनामा सबै  महिला र राजनैतिक परिधिबाट आएका दस जना भूतपूर्व मन्त्रीले *एल एक्सप्रेस (L'Express)* पत्रिकामा समानताको पक्षमा एउटा घोषणापत्र प्रकाशित गरे । पछि त्यस वादविवादको परिणाममाथि यस प्रकाशनको ठूलो असर पऱ्यो ।

बाम र दक्षिणपन्थी दुवै राजनैतिक नेताहरुद्वारा यसलाई विस्तारै लिइएपछि सन् १९९१ को राष्ट्रप्रमुख निर्वाचन र सन् १९९७ को संसदको निर्वाचनताका समानता एउटा मुख्य मुद्दा बन्यो । प्रतिनिधित्वको सङ्कटको सन्दर्भमा महिलाबिनाको लोकतन्त्रलाई कुरूप लोकतन्त्रको रूपमा लिइने गरिएको थियो । मत सर्वेक्षणले पनि के देखायो भने मानिसहरूले सम्भ्रान्तहरूको नवीकरण र नारीकरण हेर्न चाहेका थिए ।[९] बाम पार्टीलाई शक्तिमा ल्याउने सन् १९९७ को राजनैतिक परिवर्तनले समाजवादी नेता लायनेल जोस्पिनले ढोल पिटाएका केन्द्रीय मुद्दाहरूमध्येको एक राजनैतिक संस्थाहरूको नवीकरण (समानता र निर्वाचन जनादेशको बहुलता सीमित गर्नेलगायत) रहेकोले सुधारहरूलाई सुदृढ तुल्यायो ।

समानता सम्बन्धी वादविवादले गणतन्त्रको स्थापना विषयक सिद्धान्तहरूबारे हिंसात्मक बखेडा उत्पन्न गऱ्यो, जसले बामपन्थी र दक्षिणपन्थीबीच विभाजन ल्यायो र नारीवादीहरूलाई पनि छुट्यायो । त्यसको विरोध गर्दै परम्परागत गणतन्त्रवादीहरूले नागरिकहरूलाई वर्गमा विभाजन गर्ने भएकाले समानताले सार्वलौकिकवादको विरुद्ध प्रहार गर्नेछ भन्ने सोचे । समानताको समर्थन गर्नेहरू तिनीहरू थिए जसले औपचारिक समानतावादको कमजोरीमाथि जोड दिए अनि महिलालाई समावेश नगर्ने कुनै पनि लोकतन्त्र वास्तविक लोकतन्त्र होइन भन्ने कुरा कायम राखे । सुधारका लागि मतदानले त्यस वादविवादमा अन्त्य ल्यायो र समानता अहिले नागरिक विचार र राजनैतिक खेलाडीहरूको बीच एकमत बनेको छ ।

## *सुधारहरू*

महिला र पुरूषबीच समानतासम्बन्धी सन् १९९९ जुलाइको संवैधानिक ऐनले विधायिका संसद सदस्यहरूलाई संवैधानिक परिधिमा रही सकारात्मक कार्यवाही गर्ने अधिकार दिन्छ ।

निम्नलिखित दफाका साथ त्यस संविधानको धारा ३ (सार्वभौमसत्ताको अविभाज्यता) को यो पूरक भएको छ, 'निर्वाचनको जनादेश र निर्वाचित पदहरूमाथि महिला र पुरूषको समान पहुँचको पक्षमा कानुन रहेको छ ।' त्यसपछि राजनैतिक पार्टीहरूले 'कानुनद्वारा निर्धारण गरेको अवस्थामा (सिद्धान्त) लागू गर्न यसले सहयोग दिनेछ' भनेर खुट्याउँछ (धारा ४) । 'Parity' भन्ने पदावली को सट्टा 'Equality' भन्ने शब्द रुचाइएको थियो, त्यसैले अघिल्लो पदावली त्यस मूल पाठमा देखा पर्दैन । औपचारिक समानता व्यवहारमा लागू गरिनुपर्छ भन्ने कुरालाई एक छिनका लागि अल्पमत स्वीकार गर्न तयार रहेको सुधारले किटान मात्र गर्छ, तर सार्वभौम जनतालाई पुनर्व्याख्या गरेर यसले यो उत्पन्न भएको लाक्षणिक व्यवस्थालाई तोड्ने भएकाले यो आधारभूत हो । 'तटस्थ नागरिकता' र व्यक्तिहरूबाट बनेको 'समाजको एकात्मकता' माथि आधारित पुरानो व्यवस्थाको स्थानमा समताले द्विलिङ्गी, द्वैध व्यवस्थालाई भित्राउँछ ।

सन् २००२ जुन ६ मा 'निर्वाचन जनादेश र निर्वाचित हुने पदहरूमा महिला र पुरूषको समान पहुँच' सम्बन्धी ऐन पारित गर्दा यो नयाँ अवस्थाको परिणाम देखा पर्‍यो । यस ऐनलाई समतासम्बन्धी ऐनको रूपमा पनि बुझ्ने गरिन्छ । यसमा सूची प्रणालीका आधारमा सञ्चालित पार्टीहरूका निमित्त सम्पूर्ण निर्वाचनमा तिनीहरूका उम्मेदवारहरूको सूचीमा प्रत्येक लिङ्गको ५० प्रतिशत हुनु आवश्यक छ (एक एकाइको अन्तरका साथ), यदि त्यस्तो नभए त्यो सूची अस्वीकार गरिनेछ । यस ऐनले समेटेका निर्वाचनहरूमा युरोपेली संसद, क्षेत्रीय र सिनेटका (चार वा त्यसभन्दा बढी सिट भएका विभागहरूमा, सिनेटको ५० प्रतिशतका लागि), र महानगरपालिका निर्वाचनमा (कम्तीमा ३,५०० जनसङ्ख्या भएका महानगरपालिकाहरूमा) निर्वाचनका हुन् ।[10] एक चरण मात्र भएको सूची प्रणाली निर्वाचन (युरोपेली संसद, सिनेट र क्षेत्रीय निर्वाचन) का लागि सूचीका नामहरू शिरदेखि पुछारसम्म पुरूष र महिला (वा महिला र पुरूष) हरूका बीच एकान्तर क्रमले हुनुपर्ने आवश्यकता ऐनमा छ । दुई चरण भएका सूची प्रणाली निर्वाचनहरूका निमित्त (क्षेत्रीय निर्वाचन र कोर्सिकान सभालगायत कम्तीमा ३,५०० जनसङ्ख्या भएका सहर र नगरहरूमा हुने महानगरपालिका निर्वाचनमा) ६ जना उम्मेदवार भएको प्रति समूहमा (महिला र पुरूष कुनै पनि क्रममा सूचीकृत गर्न सकिन्छ) समानता प्राप्त गर्नैपर्छ । यद्यपि, समानुपातिक प्रणाली लोप हुने अवस्थालाई सीमित पार्न सन् २००३ मा क्षेत्रीय निर्वाचनका निमित्त निर्वाचन प्रणालीको ढाँचा परिवर्तन गर्ने सन् २००४ को क्षेत्रीय निर्वाचनमा ती निर्वाचनमा दुईवटा चरण भएको भए तापनि सूचीमा कठोर रूपमा एकान्तर क्रम लागू गर्न सरकार सहमत भयो ।

एकल सदस्यीय बहुमतीय प्रणाली प्रयोग गर्ने संसदीय निर्वाचनका निमित्त, २ प्रतिशत अन्तरका साथ प्रत्येक लिङ्गका उम्मेदवार ५० प्रतिशत उठाउन नसक्ने असफल पार्टीहरूका निमित्त ऐनले आर्थिक जरिवाना तोकेको छ । पहिलो चरणमा प्राप्त मत सङ्ख्याका आधारमा तिनीहरूलाई दिन राज्यद्वारा छुट्याइएको आर्थिक सहायता 'उम्मेदवारको कुल सङ्ख्याबाट प्रत्येक लिङ्गको उम्मेदवारको कुल सङ्ख्याबीच रहेको भिन्नताका आधा बराबरको प्रतिशतले' घटाइन्छ, उदाहरणका लागि यदि एउटा पार्टीले ३५ प्रतिशत महिला र ६५

प्रतिशत पुरूष प्रस्तुत गरेमा भिन्नता ३० विन्दु रहेको छ, यसप्रकारले यसको आर्थिक सहायता १५ प्रतिशतले कटौती गरिने छ ।

एकात्मक मनोनयन प्रणालीबाट निर्वाचित हुने विभागीय सभाहरू भने यस ऐनद्वारा प्रभावित छैनन् ।

## *कार्यान्वयनः सन् २००१ को नगरपालिका र सिनेटको निर्वाचन र सन् २००२ को संसदीय निर्वाचन*

नयाँ ऐनको पहिलो परीक्षण सन् २००१ को मार्च ११ देखि १८ सम्ममा सम्पन्न नगरपालिका निर्वाचनले सो ऐन समानतालाई व्यवहारमा उतार्न सक्षम रहेको कुरा देखायो । यसमा परिषद्का कुल सदस्यहरूको प्रतिशत ४७.५ पारेर ३,५०० भन्दा बढी जनसङ्ख्या भएका सहर र नगरहरूमा ३८,००० जति महिलाहरू स्थानीय परिषद्हरूमा निर्वाचित भए । निर्वाचित परिषद् सदस्यहरूमध्ये २५.७ प्रतिशत महिला रहेको सन् १९९५ को तुलनामा एउटा उल्लेख्य उपलब्धि (८४.८ प्रतिशत) भएको थियो । प्रत्येक लिङ्गका ५० प्रतिशत उम्मेदवार उठाउनै पर्ने बाध्यता खास कठिनाइबिना पूरा गरिए झैं लाग्न सक्छ : पार्टी सूचीमा रहेका ६०० जति उम्मेदवारले प्राप्त गरेको मतअनुसार अन्तरवार्ता लिइएकाहरूमध्ये ७८ प्रतिशतले आफ्नो सूची बनाउँदा समानता सम्बन्धी ऐन कार्यान्वयन गर्न 'सजिलो' भएको ठाने ।[११] पार्टीहरूले 'न्यूनतम सेवा' गरेननः गृह मन्त्रालयले सञ्चालन गरेको एउटा नमुना संकलनअनुसार यदि ६ जना उम्मेदवारको कोष्ठमा सबै पार्टीले सबै भन्दा माथि तीनजना पुरूष र त्यसपछि तीन जना महिला खडा गरेका भए अन्तिम परिणाम ४३ प्रतिशत महिला हुने थियो ।

निर्वाचित महिलाको अनुपात सबैभन्दा कम (३,५०० देखि ९,००० जनसङ्ख्याः अहिलेसम्म यी नगरपालिकाहरूमा महिलाको सङ्ख्या सबैभन्दा कम रहेको थियो) ४७.४ प्रतिशतदेखि (३०,००० भन्दा बढी जनसङ्ख्या भएकाहरूमा) ४८ प्रतिशतसम्म समुदायको आकार अनुसारले भिन्न हुन्छ ।

यद्यपि, ३,५०० भन्दा कम जनसङ्ख्या भएका नगरपालिकाहरूमा (जहाँ पहिला कुनै अवरोध रहेको थिएन) ४५ प्रतिशतभन्दा बढीको उपलब्धिको प्रतिनिधित्व गर्दै सन् १९९५ को २१ प्रतिशतको तुलनामा ३०.१ प्रतिशत महिला निर्वाचित भएकाले यस ऐनको असर विपरीत सन्दर्भमा पनि निर्धारण गर्न सकिन्छ । नगरप्रमुखहरू अप्रत्यक्ष निर्वाचनद्वारा चुनिने भएकाले तिनीहरूको नियुक्ति प्रक्रियामा कम असर परेको थियो जसबारे यस ऐनले केही पनि बोलेको छैन । निर्वाचित मेयरहरूमध्ये १०.९ प्रतिशत मात्र महिला थिए । यो एक औसत प्रतिशत हो, जसले ३,५०० भन्दा बढी जनसङ्ख्या भएका (यीमध्ये ६.९ प्रतिशतमात्र महिलाद्वारा शासित थिए) र ३,५०० भन्दा कम जनसङ्ख्या भएका (जसमध्ये ११.२ प्रतिशत महिलाद्वारा नेतृत्व गरिएको थियो) सहर र नगरबीच रहेको उल्लेख्य रिक्ततालाई उजागर गर्दैन । राजनीतिमा लैङ्गिक असमानताले शक्तिको मुहारमा रहेको असमानतालाई प्रतिबिम्बित गर्छ ।

**तालिका १२ : फ्रान्समा महिला र राजनैतिक शक्ति**

| | मिति (सन्) | सदस्य संख्या | महिला संख्या | % महिला | निर्वाचनको प्रकार |
|---|---|---|---|---|---|
| सरकार | २००४ (अप्रिल) | ४२ | १० | २३.८ | |
| युरोपेली संसद | २००४ | ७८ | ३४ | ४३.५ | समानुपातिक प्रतिनिधित्व सूची |
| राष्ट्रिय सभा | २००२ | ५७७ | ७१ | १२.३ | एकल सदस्यीय बहुमतीय, दुई चरणमा |
| सिनेट | २००४ | ३३१ | ५६ | १६.९ | समानान्तर प्रणाली: ठूला क्षेत्रहरू, समानुपातिक सूची, साना क्षेत्रहरू दुई चरण प्रणाली |
| क्षेत्रीय परिषद् | २००४ | १,८८० | ८९५ | ४७.६ | समानुपातिक प्रतिनिधित्व सूची |
| साधारण परिषद् (विभागहरू) | २००४ | ३,९६६ | ४११ | १०.४ | एकल सदस्यीय बहुमतीय, दुई चरणमा |
| स्थानीय परिषद् ३,५०० भन्दा माथि जनसङ्ख्या भएका सहर र नगरहरू | २००१ | ८,००४ | ३८,१०६ | ४७.५ | समानुपातिक सूची, दुई चरणमा |
| स्थानीय परिषद् ३,५०० भन्दा तल जनसङ्ख्या भएका सहर र नगरहरू | २००१ | ३९३,७९६ | ११८,३२१ | ३०.१ | समानुपातिक सूची, दुई चरणमा |
| मेयर | २००१ | ३६,५५८ | ३,९८७ | १०.९ | एकल सदस्यीय बहुमतीय, दुई चरणमा |

फ्रान्समा संसदीय शाखा (राष्ट्रिय सभा र सिनेट) माभन्दा कार्यकारी शाखामा महिलाहरू निकै बढी सङ्ख्यामा रहेको विडम्बना छ ।

महिलाको सबैभन्दा बढी प्रतिशत भएका सभाहरू समानुपातिक सूची मतदानद्वारा निर्वाचित भएकाहरू हुन् । सूची प्रणालीको निर्वाचनमा समानरूपको महिला-पुरूष उम्मेदवारहरू हुनु आवश्यक हुने सन् २००० को ६ जुनको ऐन कार्यान्वयनले त्यस प्रवृत्तिलाई जोड दिएको छ: सन् २००१ को निर्वाचनपछि ३२,५०० भन्दा बढी जनसङ्ख्या भएका सहर र नगरहरूका स्थानीय परिषद्हरूमा महिलाहरूको सङ्ख्या करिब दोब्बर भएको छ जहाँ उनीहरूले परिषद् सदस्यहरूमध्ये ४७.५ प्रतिशत ओगटेका छन् ।

**स्रोत** : फ्रान्सेली गृह मन्त्रालय, सन् २००४

दोस्रो पटक ऐन कार्यान्वयन भएको सन् २००१ सेप्टेम्बर २३ को सिनेट निर्वाचनपछि माथिल्लो सदनमा १०.९ प्रतिशत सिट महिलामा गयो (पहिलाको ५.९ प्रतिशतको तुलनामा, ८४.७ प्रतिशत उपलब्धिका साथ) । ७४ सूची प्रणालीद्वारा (समानताको शर्तमा) र २८ वटा एकल सदस्यीय प्रणालीमा (समानता आवश्यक नभएको) गरी निर्वाचनका लागि एक तिहाइ सिटहरू (३२१ मध्ये १०२) खुला थिए । निर्वाचनका लागि धेरै महिला खडा भए (उम्मेदवारहरूमध्ये ४२ प्रतिशत) । त्यसदिनको अन्त्यमा १०२ मध्ये २२ जना (२१.५ प्रतिशत) महिला थिए । समानता अवरोध लागू रहेको समानुपातिक सूचीमा निर्वाचित प्रायजसो सबै महिला (२२ जनामा २०जना) निर्वाचनमा विजयी भए ।

खास गरेर दक्षिणपन्थी बाहुल्यका कैयन् प्रतिष्ठित व्यक्तिले (पदग्राही सिनेटरहरू) बहुभागीय 'भिन्नमत' सूची बनाउने रणनीतिक उपाय लिएकाले सिनेटमा महिलाहरूको सङ्ख्या अनपेक्षित थियो । सूचीमा तेस्रो स्थानमा राखिएमा हार्ने जोखिम उठाउनुभन्दा तिनीहरूले अन्य सूचीहरूमा पहिलो स्थानमा देखा पर्न रुचाए । अनि यी 'वाइल्ड कार्ड' विचारहरूलाई अस्वीकार नगर्दै पार्टीले सदस्यहरूलाई चाहे अनुसार गर्न दिए । यद्यपि, कैयन् बामपन्थी महिलाले उदाहरणका लागि सोसलिस्ट उम्मेदवारपछि दोस्रो स्थानमा रहेका चार जना बामपन्थी महिला उम्मेदवार प्रत्येक महिलाहरूले निर्वाचित भएर दक्षिणपन्थी उम्मेदवारहरूलाई सफलतापूर्वक चुनौती दिएकाले, महिलाको सरोकारलाई हानी पुऱ्याउन त परै जाओस् दक्षिणपन्थी उम्मेदवारहरूको निमित्त यो व्यस्तता घातक सिद्ध भयो ।

२२ जना निर्वाचित महिलामध्ये १३ जना (५९ प्रतिशत) बामपन्थी पार्टीका थिए (सात जना सोसलिस्ट, पाँच जना कम्युनिस्ट र एकजना ग्रिन पार्टीकी) । सिनेटमा महिलाहरूमध्ये कम्युनिस्ट समूहको सर्वोच्च अनुपात रहेको छ (४३.५ प्रतिशत) । त्यसपछि सोसलिस्टको (१४.४ प्रतिशत) दक्षिणपन्थी समूहहरू सेन्टरिस्ट युनियन (१३.२ प्रतिशत), गणतन्त्रको लागि नारा (Rally for the Republic-RPR) (४.२ प्रतिशत) र स्वतन्त्र गणतान्त्रिकहरू (Independent Republicans) (२.४ प्रतिशत) रहेको छ ।

प्रभावकारी भए तापनि रिक्तताहरू भएकोले यस नयाँ ऐनमा सुधार गरिनुपर्छ । यथार्थमा यसले नगरपालिकाका कार्यकारीहरू, अन्तरनगरपालिका संरचनाहरू र सबैभन्दा माथि विभागीय सभाहरूलाई बेवास्ता गरेको छ । यिनीहरू पुरूषतर्फ लचिलो रहेसम्म (तिनीहरूमा १०.४ प्रतिशतमात्र महिला सदस्य छन्) व्यवस्थापिका निर्वाचनका लागि मनोनयनको बाँडफाँडमाथि तिनीहरूको नकारात्मक असर पर्छ : पार्टीहरूले 'असल' जिल्लाहरू, प्रमुख पार्टी व्यक्तित्वहरू (ती मतदाताहरूले चिनेका) विभाग स्तरीय निर्वाचित अधिकृतहरूबीच बाँडफाँड गर्न रुचाउँछन् ।

अन्त्यमा, सबैभन्दा महत्त्वपूर्ण, संसदीय निर्वाचनसँग सम्बन्धित ऐनका प्रावधानहरू प्रत्येक लिङ्गबाट वर्तमानको ५० प्रतिशत उम्मेदवारी दिने वा आर्थिक जरिवाना भोग्ने भन्ने छ । तर राजनैतिक पार्टीको जिम्मा लगाउने भएकोले यथेष्ट मात्रामा कठोर छैन । यदि सन् २००२ जुन ९ देखि १६ को संसदीय निर्वाचनहरूबाट कुनै पाठ सिक्ने हो भने ठूला पार्टीहरूले बढी महिला उम्मेदवार उठाउन पछाडि हट्नुपर्ने हुनसक्ने पदग्राहीहरूको 'बलिदान' दिन आवश्यक हुने भएकोले आर्थिक जरिवाना तिर्न रुचाएका छन् ।

दक्षिणपन्थीतर्फ दुईवटा मुख्य पार्टी युनियन फर अ प्रेजिडेन्सियल मेजोरिटि-यूएमपी (Union for a Presidential Majority-UMP) र युनियन फर फ्रेन्च डेमोक्रेसी-यूडीएफ (Union for French Democracy-UFD) हरूले आफ्नो लिस्टमा २० प्रतिशतभन्दा कम महिलालाई प्रस्तुत गरेका छन् । बामपन्थीतर्फ ३६ प्रतिशत महिला उम्मेदवारका साथ त्यस ऐनप्रति सोसलिस्ट पार्टी बढी सम्मानपूर्ण रहेको छ । व्यवहार गर्नको लागि कुनै पदग्राहीहरू नभएको र व्यवस्थापिकामा अल्पमतमा रहेको कम्युनिस्ट पार्टी अनि ग्रिन्स जस्ता साना पार्टीले मात्र मनोनयनमा समताको सम्मान गरेका छन् । दक्षिणपन्थीहरूले बढारेको सन् १९९७ को ६२ सिटको तुलनामा सन् २००२ को संसदीय निर्वाचनको पछाडि राष्ट्रिय सभाका ५७७ मध्ये ७१ सिट मात्र महिलाले ओगटेका छन् । यसको अर्थ यो हुन्छ कि पहिलो पटक दक्षिणपन्थी पार्टीका संसद सदस्य रहेका महिलाहरू बामपन्थी पार्टीका महिलाहरूभन्दा निरपेक्ष तथ्याङ्कमा बढी रहेका थिए : बहुमतका साथ युएमपीको कुल ३६५ सदस्यहरूमध्ये ३८ जना अर्थात् १०.४ प्रतिशत महिला रहेका छन् । (युडीएफका २९ मध्ये २ जनामात्र वा ६.८ प्रतिशत महिला छन्) । सोसलिस्ट पार्टीको १४१ डिप्युटीहरूमध्ये २३ जनाभन्दा बढी महिला रहेका छन् (१६.३ प्रतिशत) । अनि कम्प्युनिस्ट पार्टीको २१ मध्ये ४ जना (१९ प्रतिशत) महिला रहेका छन् र अन्त्यमा ग्रिन्सहरूका ३ जना मध्ये १ जना (३३.३ प्रतिशत) रहेका छन् ।[१२]

समग्रमा राष्ट्रिय सभामा महिलाको साझेदारी सन् १९९७ मा ११.९ प्रतिशतबाट सन् २००३ मा १२.३ प्रतिशतमा वृद्धि भएको छ । यी प्रतिशतहरूले समानतासम्बन्धी ऐनको असफलतालाई संक्षेपीकरण गर्छ । यो बाध्यात्मक नभएकाले वास्तविक सरोकार यो हो कि पार्टीहरूले आफ्ना मनोनीत उम्मेदवारहरूमध्ये राजनैतिक स्रोतहरूद्वारा बढी राम्रो गरेर सजिएका पुरूषहरूलाई छान्न रुचाउने कार्यलाई निरन्तरता दिनेछन् ।

सन् २००४ का तीनवटा निर्वाचनबाट निकाल्न सकिने निष्कर्ष विरोधाभासपूर्ण रहेको छ : क्षेत्रीय परिषद्हरूमा ४७.६ प्रतिशत (सन् १९९८ को २७.५ प्रतिशतको तुलनामा) महिला निर्वाचित भएका थिए र युरोपेली संसदमा ४३.५ प्रतिशत महिला निर्वाचित भएका थिए तर विभागीय सभाहरूमा १०.९ प्रतिशत मात्र (सन् १९९८ को ८.६ प्रतिशतको तुलनामा) महिला डेप्युटीहरू निर्वाचित भएका थिए । यो ऐन विरोधाभासपूर्ण छ : यसले एकल सदस्यीय प्रणालीद्वारा निर्वाचित भएकाहरूलाई केही नगरीकन महिला प्रतिनिधित्व पहिलेदेखि नै उच्च रहेको समानुपातिक प्रतिनिधित्व सूची प्रणालीद्वारा निर्वाचित सभाहरूको नारीकरणलाई बढाएको छ । यसले 'पुरूष' किल्लाहरू रहेका पहिलेका र पछिकाहरूबीच रहेको रिक्ततालाई अझ फराकिलो पारेको छ । यो महिलाहरू सबैभन्दा बढी भेदभावमा पर्ने स्थानमा अझ बढी 'सच्याउने' भूमिकाको अपेक्षा गरिने एउटा सकारात्मक ऐनको नकारात्मक परिणामहरूमध्ये को एउटा हो ।

## *निष्कर्ष*

केही कमी-कमजोरीहरू हुँदाहुँदै पनि यस ऐनले विशेष गरेर समानुपातिक प्रतिनिधित्व निर्वाचनमा निर्वाचित प्रतिनिधिको उच्च प्रतिफल दिएको छ । अहिले फ्रान्समा सुरु भएको समता लोकतन्त्रको इतिहासमा एउटा नयाँ चरणमा प्रवेश गरेको छ ।

राज्य विधान सभाका सदस्यहरू स्वयम् महिलाहरूले महान् परिवर्तनहरू ल्याउने छन् भन्ने विश्वासमा परेका छन् । सन् १९९९ मा सम्पन्न सर्वेक्षणका सहभागीहरूमध्ये यदि राष्ट्रिय सभाका एक तिहाई सदस्यहरू महिला भएको भए राजनीतिको परिवर्तन यसको रूपमा हुने थियो भन्ने करिब ७० प्रतिशतले सोचेका थिए र ४९ प्रतिशतले यो यसको सारमा परिवर्तन हुने थियो भन्ने सोचेका थिए ।[१३] अपितु समताको अवधारणा लैङ्गिक समतासम्बन्धी वादविवादलाई नयाँ वैधता दिन मद्दत पुऱ्याएर समाजको अन्य क्षेत्रमा फैलिएको छ । निर्वाचित सभाहरूमा समतादेखि, हामी हाल नागरिक सेवामा, अर्थ व्यवस्थामा र परिवारमा समेत समतामा सरेका छौँ ।

के समतासम्बन्धी फ्रान्सेली ऐन अन्यत्र पनि निर्यात गर्न सकिन्छ ? के हामीले यसलाई शुद्ध रूपमा फ्रान्सेली उत्पादन सोच्नु ठीक हुन्छ ? गणतन्त्रवादको गतिरोधबाट प्रादुर्भाव भएको सुधारले कोटालाई होइन बरु गणतान्त्रिक रचनाका तीनवटा पदावली (स्वतन्त्रता, समानता र भ्रातृत्व) मध्येको एक पाठशाला र गणतन्त्र भवनहरूको गृहाग्रभागमा कुँदिएको समानतालाई सिद्ध गर्छ । यो केन्द्रीय राज्यको हस्तक्षेपहरू प्रायजसो ऐनहरूमा पद्धतिबद्ध हुने ज्याकोबियन परम्परा भएको एउटा राष्ट्रबाट पनि प्रादुर्भाव हुन्छ ।

प्राविधिक रूपमा बोल्नु पर्दा फ्रान्सेली व्यवस्थापिकालाई सूची प्रणाली प्रयोग गर्ने राष्ट्रहरूमा सजिलो गरेर निर्यात गर्न सकिन्छ, यसले समानताको सिद्धान्तलाई (जस्तो कि महिला र पुरूषलाई प्रत्यावर्तक क्रममा राख्ने) कार्यान्वयन गर्न सजिलो बनाउँछ । यद्यपि, राजनैतिक रूपले कमजोर रहेको राज्य वा बढी विकेन्द्रीकरण भएका विशेष गरेर यदि त्यो राजनैतिक पार्टी विशेषको मामिलाहरूमा गरिने हस्तक्षेपप्रति अभ्यस्त भएको छैन भने त्यस्ता राष्ट्रहरूमा यस्तो ऐन पारित हुनु निकै कठिन छ । फ्रेन्च कानुनको परिप्रेक्ष्यबाट जनता र जनताका प्रतिनिधिहरू अब अमूर्त र अविभाज्य अस्तित्व रहेनन् । राष्ट्रिय सभामा बोल्दै न्याय मन्त्री एलिजाबेथ गुइगोयुको अभिव्यक्तिमा 'जो यो देशमा बसिरहेका छन्' अब तिनीहरूको लिङ्ग छ, तिनीहरू महिला र पुरूष हुन् ।[१४]

## पादटिप्पणी

१ They gained these rights under an ordinance of 21 April 1944.

२ In 1936 French women did not have any political rights, yet three women became ministers.

३ In the post-war period, the Popular Republic Movement (Catholic) also elected women, but this movement soon disappeared from the political scene.

४ Gaspard, Françoise, 1994. 'De la parité: genèse d'un concept, naissance d'un mouvement' [On parity: the genesis of a concept, the birth of a movement]. *Nouvelles Questions Féministes*. Vol. 15, no. 4, p. 31.

५ Vogel-Polsky, Eliane, 1994. 'Les impasses de l'égalité ou pourquoi les outils juridiques visant à l'égalité des femmes et des hommes doivent être repensés en terme de parité' [The

impasse of equality, or why judicial measures for the equality of women and men have to be rethought in terms of parity]. *Parité-Infos*, special issue. No. 1, p. 9.

६ In 1989, it organized a seminar on parity democracy.

७ Gaspard, Françoise, Claude Servan-Schreiber and Anne Le Gall, 1992. *Au pouvoir citoyennes! Liberté, Egalité, Parité* [To power, women citizens! Liberty, equality, parity]. Paris: Seuil.

८ Demichel, Francine, 1996. 'A parts égales: contribution au débat sur la parité' [Equal shares: Contribution to the debate on parity]. Paris: Recueil Dalloz Sirey, 21 March.

९ According to an IPSOS poll (*Journal du Dimanche,* 22 June 1997), 80 percent of those interviewed said they approved of the idea of putting the objective of male–female parity into the constitution. See Sineau, Mariette, 1998. 'La féminisation du pouvoir vue par les Français-es et par les hommes politiques: images et représentations' [The feminization of power seen by the French and by political man: images and representations], in Jacqueline Martin (ed.). *La Parité: Enjeux et mise en oeuvre* [Parity: the stakes and the implementation]. Toulouse: Presses Universitaires du Mirail, pp. 61–81.

१० Towns and cities with more than 3,500 inhabitants are a minority of the 36,000 municipalities, but account for two-thirds of the total number of council members elected.

११ A CSA poll conducted from 15 to 18 February 2001.

१२ The three other women elected, who belong to small political groupings, sit (like the Green woman deputy) in the group of individuals not registered with any parliamentary group, as a minimum of 20 members of the Assembly are required to constitute such a group.

१३ Sineau, Mariette, 2001. *Profession: femme politique. Sexe et pouvoir sous la Cinquième République* [Profession: political woman. Gender and power under the Fifth Republic]. Paris: Presses de Sciences Po., p. 248.

१४ National Assembly, [official analytical report of the 3rd session], 15 December 1998.

## थप अध्ययन सामग्री

Agacinski, Sylviane, 1998. *Politique des sexes* [The politics of the sexes]. Paris: Seuil

'Femmes en politique', 1997. *Pouvoirs,* No. 82

Génisson, Catherine, 2002. *La parité entre les femmes et les hommes: une avancée décisive pour la démocratie* [Parity between women and men: a decisive step forward for democracy]. Report to the Prime Minister. Observatory on parity between women and men. Paris: Documentation Française

'La Parité "pour"', 1995. *Nouvelles Questions Féministes*. Vol. 15, no. 4

'La Parité "contre"', 1995. *Nouvelles Questions Féministes*. Vol. 16, no. 2

*Le piège de la parité: Arguments pour un débat* [The parity trap: arguments towards a debate], 1999. Paris: Hachette-Littératures

Mossuz-Lavau, Janine, 1998. *Femmes/hommes: Pour la parité* [Women/men: for parity]. Paris: Presses de Sciences Po.

Sineau, Mariette, 2002. '*Parité* in Politics: From a Radical Idea to Consensual Reform', in Isabelle de Courtivron et al. *Beyond French Feminisms. Debates on Women, Politics and Culture in France, 1981–2001*. New York and London: Palgrave/St Martin's Press, pp. 11–126

— 2003. *Genderware: The Council of Europe and the Participation of Women in Political Life*. Strasbourg: Council of Europe Publishing

नमुना अध्ययन : बुर्किना फासो

# बुर्किना फासो : संसदीय निर्वाचनका लागि महिला पदपूर्ति

नेस्तोरिन कोम्पोरे

फ्रान्कोफोन अफ्रिकाका अन्य राष्ट्रहरूमा जस्तै बुर्किना फासोको शक्ति संरचनामा महिला प्रतिनिधित्व न्यून रहेको छ । यस घटना अध्ययनले बुर्किना फासोमा महिलाको राजनैतिक सहभागितासम्बन्धी मुद्दाहरू र विशेष गरी राष्ट्रिय व्यवस्थापिकामा तिनीहरूको पहुँच तथा संसदीय निर्वाचनहरू हुँदा राजनैतिक पार्टीद्वारा महिला उम्मेदवारहरूको पदपूर्तिलाई सम्बोधन गर्छ । यसले महिला प्रतिनिधित्वमा निर्वाचन प्रणाली र कोटाहरूको असर, पदपूर्ति प्रक्रियाका चरणहरू र व्यवस्थापिकामा निर्वाचित हुन महिलाले झेल्नु पर्ने अवरोधहरूमाथि जोड दिन्छ ।

## *महिलाको राजनैतिक अवस्था*

उपलब्ध सूचनाले के देखाउँछन् भने संसदमा पुरूषको तुलनामा महिला प्रतिनिधित्वको पहुँच असमान रहेको छ । सन् १९४६ देखि २००२ सम्मको बढ्दै जाने तथ्याङ्कअनुसार पछिल्लो राजनैतिक प्रणालीसँग फरक हुँदै जम्मा ७५० पुरूष र २३ महिलाले (३ प्रतिशत) संसद सदस्यको रूपमा सेवा गरे । सन् २००२ को मे महिनामा सम्पन्न निर्वाचनमा संसदमा महिला सदस्य सङ्ख्या १० बाट १३ पुगेकोले ठिकैको परिमाणको वृद्धि देखा पर्‍यो । तथ्याङ्कहरूले बुर्किना फासोमा महिला निःशब्द बहुसङ्ख्यकको रूपमा रहेको तथ्यलाई महत्त्वका साथ देखाउँछ । कुल जनसङ्ख्याको आधाभन्दा बढी (५२ प्रतिशत) भाग ओगट्ने महिला निरन्तररूपमा किनारा लगाइएका छन् र निर्णायक भूमिका रहेका पदहरूबाट अलग राखिएका छन् । शक्तिमा एकाधिकार कायम राख्नेहरूमा पुरूषहरू रहेका छन् जसले समाजका मुख्य योजनाहरूबारे निर्णय तथा राष्ट्रको हालको गतिलाई निर्क्योल गर्छन् । यस मामिलालाई कैयन् कारक पक्षले व्याख्या गर्छन् ।

## महिलामा निर्वाचन प्रणालीको प्रभाव

सन् १९९२ को संसदीय निर्वाचनताका बुर्किना फासोले सबैभन्दा उच्च औसतमा आधारित बन्दसूची भएको (क्लोज्ड लिस्ट) समानुपातिक प्रणाली प्रयोग गऱ्यो । ती निर्वाचनहरू पछि भड्किएका असङ्ख्य राजनैतिक हिंसाद्वारा चिनिएको सङ्कटकालअन्तर्गत लामो अवधिको शासन व्यवस्था कायम रह्यो ।

त्यस परिस्थितिमा महिला र पुरूष भयभीत थिए र राष्ट्रको राजनैतिक जीवनमा एउटा सक्रिय भूमिका खेल्नमा अनिच्छुक थिए । राजनीतिमा संलग्न हुन हिच्किचाइरहेका जनताका निमित्त यी निर्वाचनहरूले लोकतन्त्रमा एक प्रकारको शिष्यत्व प्रदान गऱ्यो । ती निर्वाचनहरूमा केही महिलाहरू मात्र उम्मेदवारको रूपमा खडा थिए । परिणामतः केही महिलामात्र निर्वाचित भए ।

सन् १९९७ को संसदीय निर्वाचनताका त्यही निर्वाचन संरचनालाई प्रयोग गर्दै महिला सङ्गठनहरूले कार्य गरे अनि राजनैतिक निर्णयकर्ताहरू र पार्टी नेतृत्वका आमनेसामने आफ्ना अरू बढी उम्मेदवार र कोटाको प्रयोगको आह्वान गर्दै महिला सरोकारका विषयहरूबारे पैरवी गरे । प्रायः सबै जसो ठूला पार्टीले आफ्नो सूचीमा महिलाहरूका निमित्त विभिन्न कोटा दिने वचनबद्धता जाहेर गरे । यो बहुमत प्राप्त पार्टी कंग्रेस फर डेमोक्रेसी एण्ड प्रोग्रेस-सिपिडी (Congress for Democracy and Progress-CPD) को मामिला थियो, जसले महिलाहरूका निमित्त ३० प्रतिशत कोटाको वचन दिएको थियो। यो वचन लिखितरूपमा सम्पन्न नगरिएको वा अनौपचारिक भए पनि महिलाहरूले निर्वाचनमा राम्रो गरे र परिवर्तन आएको थियो ।

सन् २००२ को संसदीय निर्वाचनका सन्दर्भमा, तर यो समय सबैभन्दा ठूलो बक्यौताका साथ समानुपातिक प्रणाली यथास्थानमा नै रह्यो । प्रति पार्टी एउटा क्षेत्रीय र एउटा राष्ट्रिय दुईवटा भिन्न सूची भएको प्रणाली बन्द सूचीलाई प्राथमिकता दिने प्रणालीसँग मिल्छ । यद्यपि, गलत ढङ्गले परिभाषित रणनीतिका कारण महिला सङ्गठनहरूद्वारा लबी गर्ने प्रयासको अपेक्षित असर परेन । सबै पार्टी सूचीमा कम्तीमा २५ प्रतिशत महिला उम्मेदवार हुनुपर्छ भनेर तिनीहरूले माग गरे । यद्यपि, सूची प्रकाशित हुँदा राष्ट्रिय सूचीमा महिलाहरूको नाम १६ प्रतिशत र राष्ट्रिय र क्षेत्रीय सूचीमा समग्रमा १० प्रतिशतभन्दा कम मात्र थियो भने विभिन्न पार्टीका बीच ठूलो असमानता थियो । याकोवा ओएडरावोगोले टिप्पणी गरेअनुसार '१३ वटा निर्वाचन क्षेत्रमा जम्मा २२२ प्रत्याशीमध्ये ३९ जना (अर्थात् १७.५ प्रतिशत) उम्मेदवारका साथ अलाइन्स फर डेमोक्रेसी एण्ड फेडेरेशन-एडीएफ ( Alliance for Democracy and Federation-ADF)/ अफ्रिकन डेमोक्राट्स् कोअलिस-आरडीए (African Democrats Coalition-RDA) जन लैङ्गिक समानता जमाउन अरू अगाडि गयो ।'[१] फ्रन्ट अफ सोसल फोर्सेस -एफएफएस (Front of Social Forces-FFS) र कोअलिसन अफ डेमोक्रेटिक फोर्सेस-सीएफडी (Coalition of Democratic Forces-CFD) को अनुपात १३ पुरूषका लागि १ महिला थियो अर्थात् महिलाहरू उम्मेदवारहरूको ७ प्रतिशत मात्र पुगे ।

समानुपातिक सूची प्रणालीले महिलाको प्रवर्द्धनलाई सहज बनाए तापनि राजनैतिक पार्टीहरूले महिलालाई प्रवर्द्धन गर्ने निर्णय नलिईकन र निर्वाचित हुने सम्भावना भएका पदहरूको

सूचीमा तिनीहरूलाई नराखीकन यसका असरहरू वास्तवमा अनुभव गर्न सकिँदैन । केही पार्टीले मात्र महिलालाई नामाङ्कन गर्छन् र तिनीहरूलाई सामान्यतया सूचीहरूको फेदमा राखिन्छ । सन् २००२ को निर्वाचनमा पाँचवटा मुख्य पार्टीको मनोनयनसम्बन्धी विश्लेषणले निकै ठूलो लैङ्गिक असन्तुलन देखाउँछ। महिलाहरूलाई ठूलो मात्रामा वैकल्पिक उम्मेदवारको सूचीमा झारिएको थियो, सूचीमा न त तिनीहरूको सङ्ख्या न त तिनीहरूका पदले असल परिणाम ल्यायो ।

यो अवस्थालाई भाग भागमा गरेर पार्टी सूची बनाउन उम्मेदवारहरू मनोनयन गरिएको विधिबारे व्याख्या गरिएको छ ।

## राजनैतिक पार्टीको सूचीका लागि महिलाहरूको पदपूर्ति

यस नमुना अध्ययनका लागि सन् २००२ को संसदीय निर्वाचनताका करिब २० जना जति मानिस (दुवै लिङ्गका राजनैतिक नेताहरू र उम्मेदवारहरू) सँग अन्तर्वार्ता लिइएको थियो । महिलाको चयन निर्वाचन धरौटी रकम भुक्तानी, राजनैतिक नेतासँग व्यक्तिगत सम्बन्ध, महिला मतदाताहरूलाई आकर्षित पार्ने आवश्यकता, उम्मेदवारहरूको उद्गम स्थल र अन्त्यमा तिनीहरूका क्षमता, पाँचवटा मुख्य योग्यताको कार्य थियो भन्ने कुरा अन्तर्वार्ताले उजागर गरेको छ ।

*धरौटी रकम भुक्तानी :* निर्वाचन लड्दै गरेका केही पार्टीमा उम्मेदवारहरूको सूचीमा दर्ता हुन मनोनीतहरूले ३,५००,००० भन्दा बढी सिएफए फ्राङ्क धरौटी भुक्तानी गर्नुपर्ने आवश्यकता थियो । निर्वाचन लड्न चाहने बहुसङ्ख्यक महिलाका निमित्त यति ठूलो रकम धरौटी बुझाउन असम्भव छ । प्रायजसो, अनुभव र सीपले चुनाव लड्नयोग्य महिलाहरूलाई यो आवश्यकता पूरा गर्ने आर्थिक स्रोतको कमी रहेकाले हटाइएको थियो । यसरी आर्थिक समस्या महिला उम्मेदवारहरूले सामना गर्नुपर्ने पहिलो अवरोध थियो, किनकि धेरै राजनैतिक पार्टीले उम्मेदवारहरूले भुक्तान गर्नुपर्ने धरौटी भुक्तान गर्दैनन् ।

*राजनैतिक नेतासँग व्यक्तिगत सम्बन्ध :* प्रायः कुनै निश्चित पार्टी नेतासँग पारिवारिक वा मित्रताको व्यक्तिगत सम्बन्ध रहेका महिलाहरूका निमित्त त्यो राजनैतिक समूहमा पदपूर्ति गर्ने उत्प्रेरक कारण सिद्ध हुन्छ । पदपूर्ति जाति वा क्षेत्रमा आधारित निश्चित पार्टीहरू वा सीमित आर्थिक आधार भएकाहरू, आफ्नो उम्मेदवार सूची बनाउन आफ्ना महिला मित्र वा नातागोताहरूकहाँ जान्छन् । त्यस्तो अवस्थामा, राम्रो पूर्वतयारी र अनुभवबिना महिलाहरू राजनैतिक पार्टीमा संलग्न हुन्छन् ।

प्राय राजनैतिक परिधिका पुरूष समर्थकहरूबाट स्वतन्त्र र स्वावलम्बी हुन सुरु गरेका निर्वाचित महिलालाई प्रतिस्थापन गर्न तिनीहरूलाई प्रयोग गरिएको हुन्छ । यसरी बढी निर्वाचित पदमा रहेका अनुभवी महिलाहरूभन्दा सार्वजनिक रुपमा पूर्णतया अपरिचित र अनुभवविहीन केही महिला निर्वाचनमा लड्ने सिटमा छानिएका हुन्छन् । विगतमा निर्वाचित केही महिलाले आफू सन् २००२ को संसदीय निर्वाचनमा मनोनित नहुनुको कारण यही हो भनेर भनेका छन् । महिलाहरुलाई छनौट हुनका लागि यसप्रकारको आवश्यकता अस्पष्ट, परिवर्तनशील र पार्टी मनोनयन अवरोधपूर्ण रहेको छ ।

तैपनि, यसप्रकारको पदपूर्तिले राजनैतिक रूपले अनुभवी महिलाहरूलाई एउटा अवसर दिनसक्ने भएकाले यसले तिनै महिलाहरू सिकार पनि हुन सक्छन् अर्थात् तिनीहरू आफ्नो समर्थकको परिवर्तनशील कारणको अधीनमा हुन्छन् । आफ्ना समर्थकसँगको सम्पर्कमा परिवर्तन आएपछि वा पार्टीका पुरूष नेताहरूबीच शक्ति वा नेतृत्वका लागि सङ्घर्षका कारण तिनीहरूलाई हटाइएको छ भनेर विगतमा निर्वाचित धेरै महिलाले भनेका छन् । यस्तो पदपूर्ति, पार्टीहरूमा महिलाहरूको पदस्थापन र तिनीहरूको हक सबै कुरा कुनै निश्चित राजनैतिक नेताहरूसँगको व्यक्तिगत सम्बन्ध र रुचिको अधीनमा रहेको हुन्छ जसका व्यक्तिगत रुचिले विषयगत योग्यतालाई प्रतिस्थापन गर्छ ।

राजनैतिक नेताहरूका पक्षबाट यस चलनले राष्ट्रमा महिलाहरूको नागरिकता सम्बन्धी तिनीहरूको बोध र लोकतन्त्रको अर्थबारे केही प्रश्नहरू खडा गर्छ । नैला कबिरका अनुसार बुर्किना फासोलाई उपनिवेश बनाइएको थियो र नागरिकताको विचार, जसको अर्थ व्यक्तिहरू अधिकारहरूको संवाहक हुन् भन्ने हुन्छ, ले समाजमा अझसम्म जरा गाडे को छैन ।[२] नागरिकता र लोकतन्त्रसँग सम्बन्धित चिन्तनको केन्द्रबिन्दु रहेको समानतासम्बन्धी सिद्धान्त अझैसम्म एउटा अस्पष्ट शब्द नै रहेको छ किनभने निर्वाचित कार्यालयको कुरा आउँदा महिला र पुरूषलाई अधिकारमा समान सोचिएको छैन ।

*महिला मतदाताहरूलाई आकर्षित गर्नु पर्ने आवश्यकता :* बुर्किना फासोको जनसङ्ख्यामा महिलाको प्रतिशत (५२ प्रतिशत) पार्टीहरूका निमित्त महिलाको मतलाई आकर्षित गर्ने प्रयास गर्न यथेष्ट कारण हुन सक्छ । महिला सङ्गठनहरूको सञ्जाललाई धन्यबाद, महिलाहरूलाई चुनावी ऱ्याली अभियानका लागि गतिशील बनाउन, मतदान गराउन र मतदान केन्द्रमा ठूलो सङ्ख्यामा उपस्थित गराउन सजिलो छ । महिलामाथि 'चौपाया मतदाता' को छाप लाग्ने गरेको छ । निर्वाचन परिणाममा महिला मतको वजनबारे सावधान रहेका राजनैतिक पार्टीहरूले महिला मतदाताको त्यस समूहलाई लोभ्याउन केही महिला उम्मेदवारलाई समावेश गरेका छन् । दुर्भाग्यवश, ठूलो सङ्ख्यामा महिला आफ्नो निर्वाचन क्षमताबारे अझसम्म चेतनशील भइसकेका छैनन् ।

*उम्मेदवारहरूको उद्गम स्थल :* सन् २००२ को निर्वाचनका लागि राष्ट्रिय भूभागलाई १३ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएकोले राजनैतिक पार्टीहरूलाई स्थानीय मतदातालाई आकर्षित गर्न ती विभिन्न क्षेत्रबाट उम्मेदवारहरू पदपूर्ति गर्न बाध्य तुल्यायो । यसको अर्थ यो भयो कि सामाजिक-आर्थिक शक्तिको निश्चित स्तर उपभोग गर्ने केही महिला उम्मेदवार पुरूष कम भएका निर्वाचन क्षेत्रहरूमा दर्ता भए । त्यस्ता मामिलामा पार्टीले क्षमता भएको कारणले उम्मेदवारहरूलाई खोजी गरेनन्, तर त्यसको बदला क्षेत्रीय वा राष्ट्रिय रूपमा शक्ति भएका महिलाहरूलाई मनोनयन गरे ।

*उम्मेदवारहरूको क्षमता :* बुर्किना फासोमा विभिन्न बौद्धिक महिलाहरू एउटा समूहको रूपमा देखा परेका छन्, तिनीहरू राजनैतिक सन्दर्भद्वारा राजनीतिमा सहभागी हुने कलामा पारङ्गत हुन प्रेरित भएका छन् । केही मामिलामा आफ्नो व्यक्तिगत राजनैतिक दृढ निश्चयमा भर पर्दै तिनीहरू विभिन्न राजनैतिक पार्टीहरूसँग आबद्ध भएका छन् वा अन्य मामिलामा तिनीहरूको योग्यताका कारण मुख्य पार्टीका नेतृत्वद्वारा खोजिएका थिए । महिला मतदाता

समूहलाई सक्रिय बनाउन सक्ने क्षमताका कारण राष्ट्रिय महिला सङ्गठनहरूलाई नेतृत्व दिने महिलाहरूलाई सहभागी हुन हौसला दिइएको थियो । यस्तो प्रवृत्ति अपरिपक्व छ र यसले अल्पमतमा रहेका धनीमानी बौद्धिक महिलाहरूलाई मात्र संलग्न गराएको छ । आफ्नो सूचीमा महिला उम्मेदवार छनौट गर्दा गुणहरूलाई वास्तवमा योग्यता मान्ने पार्टी नेताहरू अझै पनि कम मात्र अनियमित छन् । त्यस्तै गरेर, सुरुआत भएको परिवर्तनको भविष्यमा महिला प्रतिनिधित्वको गुणस्तरमा असर पर्ने भए तापनि अझै पनि यसलाई सुदृढ बनाउनु पर्ने आवश्यकता रहेको छ ।

अन्य सूचनाहरूले के सुझाव दिन्छन् भने राजनैतिक पार्टीको निर्वाचन सूचीमा महिलालाई पदपूर्ति गर्ने कुरा आउँदा विषयगत योग्यता प्रायजसो देखापर्छ । याकौवा ओइडरावगोले आफ्नो लेखमा टिप्पणी गरेका छन् कि एकजना महिला उम्मेदवारले 'सार्वजनिक कार्यालयमा महिलाहरूलाई वञ्चित गर्न दिनु लाई निराधार हो' । एउटा सूचीमा एउटी महिलालाई स्थान नदिइनुमा भन्ने गरिएको एकमात्र कारण उनी एकजना पुरूष नभएकाले हो भन्ने तथ्य ती उम्मेदवारले थप गरिन् ।

सामान्यतया पार्टी सूचीका निमित्त उम्मेदवारहरूको छनौट प्रक्रियाबारे यस प्रक्रियाले उत्पन्न गरेको उच्चरूपले प्रचार गरिएका द्वन्द्वहरूद्वारा प्रमाणित निर्वाचन लडिरहेका अनेकौं उम्मेदवारहरू (पुरूष तथा महिला) ले वादविवाद गरेका छन् । पार्टीभित्र उम्मेदवारहरूको राजनैतिक तौल पार्टी सूचीमा तिनीहरूको स्थानले निर्धारण गर्छ । यस सन्दर्भमा महिला उम्मेदवार प्रवर्द्धकहरूले आफ्नै 'प्रोटिगिज' अर्थात् आफ्नो असन्तुष्ट पुरूष मित्रहरूको अवस्थालाई रक्षा गर्न चतुऱ्याइँ देखाउन सीमित मात्र स्थान रहेको हुन्छ। उम्मेदवार छनौटसँग सम्बन्धित समस्याहरू पार्टी सूचीमा महिलाको कमजोर प्रतिनिधित्वका कारणहरूमध्येका हुन् ।

## *सिकिएका पाठहरू*

बुर्किना फासोको सन्दर्भमा महिला पदपूर्तिबारे निर्वाचन प्रणालीको प्रभावलाई तैपनि खुट्याउन सकिँदैन । उम्मेदवारहरूको छनौट र निर्वाचन सूचीहरूमा स्थान निर्धारण जस्ता अन्य धेरै कारक तत्त्वहरू महत्त्वपूर्ण देखिन्छन् । यो पिछलग्गु प्रवृत्ति पार्टीप्रतिको वफादारी र अस्थिर गूटबन्दीहरू सृजना गर्दै राजनैतिक नेताहरूबीचको शक्ति द्वन्द्वबाट प्रभावित रहेको छ ।

महिला समूहहरूको एउटा ठोस सञ्जालबिना उम्मेदवार मनोनयन र छनौट गर्ने आधारहरू र अझ बढी महिला प्रतिनिधित्व र सहभागिताका लागि दबाब दिने राजनैतिक पार्टीहरूको प्रक्रियामाथि प्रभाव न्यून हुन्छ । वकालत र लबी गर्ने अपर्याप्त रणनीतिका कारण पार्टी सूचीमा जित्न सकिने स्थानमा महिलाको उच्च अनुपात प्रवर्द्धन गर्न सञ्चालन गरिएका वकालत र लबी गर्ने क्रियाकलापहरूको सीमितमात्र असर परेको छ ।

लोकतान्त्रिक ढङ्गले उम्मेदवार छनौट गर्न बुर्किना फासोको राजनैतिक संस्कारले अझै अनुमति दिएको छैन । निर्वाचित कार्यालयका निमित्त उम्मेदवार छनौटमा रहेका

स्पष्ट आधारहरूको कमीमा राजनैतिक अपरिपक्वता व्यक्त भएको छ । आचार संहिताहरू यथेष्टरूपमा स्पष्ट गरिएका वा राजनैतिक नेतृत्वद्वारा सम्मान गरिएका छैनन् ।

महिला सहभागिताका लागि कोटा लागू गर्ने आफ्नो वचनवद्धतालाई राजनैतिक पार्टीहरूले सम्मान गर्दैनन् । अभियानमुखी क्रियाकलापहरूमा महिला समूहहरू सङ्गठित नभएकाले त्यसो गर्न तिनीहरूमाथि कुनै दबाब छैन ।

सामान्यतया, युवा महिलाहरू (पाठशाला गएका वा नगएका) राजनीतिमा समानरूपले सहभागी हुन सामाजिकीकृत भएका छैनन् । धेरै अवस्थामा नेतृत्व दाबी गर्नको लागि सक्षम हुन तिनीहरुमा आवश्यक अनुभव छैन । राजनैतिक रंगमञ्चमा पहुँच प्राप्त गर्न र त्यहाँ प्रभाव पार्न तिनीहरूलाई अझै पनि पुरूष राजनैतिक नेताहरूबाट प्रशस्त सहायताको खाँचो छ ।

राजनैतिक पार्टीहरूमा महिलाहरूको स्थान र भूमिकाले सरकारी जागिरमा तिनीहरूको पहुँचलाई असर पार्छ । ४८ वटा आधिकारिक रूपमा मान्यता प्राप्त राजनैतिक पार्टीमध्ये एउटा मात्र महिलाद्वारा नेतृत्व गरिएको छ र मुख्य राजनैतिक पार्टीहरूको नेतृत्व हाल पनि पुरूषहरूको लागि मात्र पेवा रहेको छ । महिलाहरूका लागि पार्टीको सक्रिय सदस्यता दुर्लभ रहेको छ, जसले तिनीहरूको निमित्त नेतृत्वका पदहरुमा पुग्न कठिन बनाउँछ । सामान्यतया, तिनीहरूको सदस्यता पुरूष (आफन्त वा मित्र) द्वारा नियन्त्रण गरिएको छ, जसले तिनीहरूलाई आफ्नो रुचि अनुसारले छनौट र समर्थन गर्छन् । यी अवस्थामा राजनैतिक रूपले सक्रिय केही महिलाको वचनबद्धता तिनीहरूको आफ्नै व्यक्तिगत निर्णय र उत्प्रेरणाको परिणाम नहुन पनि सक्ने जोखिम रहेको छ ।

कैयन् दृष्टान्तमा महिलाहरू पदपूर्ति हुने विधिले तिनीहरूलाई स्वायत्तताबाट वञ्चित बनाउँछ । तिनीहरूको समर्थकहरूसँगको सम्बन्ध र वफादारीको परिणाम क्रियाशीलता होइन साङ्केतिक मात्र हुन्छ ।

### ***चुनौतीहरू***

राष्ट्रिय सभामा आफ्नो प्रतिनिधित्व वृद्धि गर्नमा महिलाहरूले वर्तमानमा सामना गरेका चुनौतीहरू निम्न लिखित छन् :

- राजनैतिक ज्ञान र अनुभव प्राप्त गर्नु,
- महिला सामाजिक समूहको एउटा ठोस सञ्जाल बनाउनु र रणनैतिक गठबन्धन तयार गर्नु,
- सबै उमेर समूहका ठूलो सङ्ख्याका योग्य महिलालाई गतिशील बनाएर सक्रिय राजनीतिमा संलग्न गराउनु,
- महिलाहरूलाई पुरूषसरह पूर्ण नागरिकताको अभ्यास गर्न सक्षम बनाउनु,
- भूमिका परिवर्तन गर्नु र राजनैतिक पार्टीका नेतृत्व निकायभित्रका महिलाको अवस्थालाई सबल बनाउनु,

- निर्वाचन सूचीहरूमा उम्मेदवारहरू(महिला र पुरूष) को मनोनयन र चयनलाई प्रभावित पार्नु र
- आफ्नो निर्वाचन अभियानलाई आर्थिक सहयोग पुऱ्याउन आर्थिक स्रोतहरूमाथि पहुँच प्राप्त गर्नु वा गतिशील बनाउनु (विशेष गरेर पार्टीहरूका निमित्त राज्यको आर्थिक बाँडफाँडमा) ।

## *रणनीतिहरू*

उपर्युक्त आधारमा महिला प्रतिनिधित्वमा वृद्धि गर्न धेरै रणनीतिहरु सिफारिस गर्न सकिन्छ ।

**महिलाको राजनैतिक सहभागिता बढाउन ठोस र समावेशी सञ्जालको निर्माण** : सक्रिय दबाब समूहको दीर्घकालीन दबाबविना महिलाको राजनैतिक सहभागितामा चाहेअनुसार द्रुतरूपले वृद्धि हुने छैन भन्ने कुरामा कुनै शङ्का छैन । यद्यपि, महिला समूहहरूबीच विभाजन र द्वन्द्वको परिणामस्वरूप यस लक्ष्यको सम्बन्धमा ऐक्यवद्धतामा कमी आउँछ । महिलाहरूको उम्मेदवारीलाई टेवा दिन खास सरोकार र राजनैतिक एजेन्डाका साथ साझा आवाजको विकास गर्न महिलाहरूले एउटा ठोस र समावेशी सञ्जाल बनाउने उपाय पत्ता लगाउनुपर्छ। तल्लो तहका संघ र समूहहरूद्वारा समर्थन प्राप्त गर्न महिला उम्मेदवारहरूलाई आफू असुरक्षित भएको महसुस गर्नुलाई पराजित गर्ने र राजनैतिकरूपले सशक्त भएको अनुभव गर्न मद्दत गर्ने एउटा उपाय हो ।

**औपचारिक कोटाहरू र नियन्त्रणको लागि लबी गर्नु** : कैयौं वर्षसम्म राजनैतिक पार्टीहरूले महिलाहरूलाई अनौपचारिक कोटा कार्यान्वयनका सम्बन्धमा वचनहरूद्वारा प्रलोभन दिएका छन् । यद्यपि, व्यवहारमा तिनीहरू लागू भएनन् र जित्न सकिने स्थानहरूमा महिलालाई पदस्थापन गर्ने जनादेशका साथ औपचारिक कानुनी कोटाहरूको प्रस्तावनाबारे विचार गरिनुपर्छ ।

**नीतिहरूका बारे जानकारी बढाउने** : बढी प्रभावकारी राजनैतिक सहभागिताका निमित्त महिलाहरूको आफ्नै राजनैतिक विचार हुनुपर्छ, उनीहरू त्यसलाई प्रासङ्गिक तवरले स्पष्टताका साथ अभिव्यक्त गर्न सक्षम हुनु आवश्यक छ र तिनीहरू राजनैतिक पार्टीहरूका अभिमुखीकरण र कार्यक्रमहरूबीचको भिन्नतालाई बुझ्न सक्ने हुनुपर्छ । तिनीहरू राजनैतिक खेलका दाउपेच र नियमहरूलाई बुझ्न र राजनैतिक वादविवादमा प्रयोग हुने अमूर्त र विशेषज्ञतायुक्त भाषाको ज्ञाता हुनमा सक्षम हुनुपर्छ । यी भिन्न स्तरहरूमा महिलाहरूको अथाह आवश्यकता पूरा गर्न यस्ता तालिम आवश्यक छन् ।

प्राथमिक र माध्यमिक विद्यालयहरूमा महिला विद्यार्थीहरूको नागरिक शिक्षा पनि राजनैतिक मुद्दाहरूबारे अभ्यस्त महिलाहरूको टुकडी बनाउनका लागि उपयोगी छ । सानै उमेरदेखि राजनैतिक कार्यद्वारा शिक्षा र सिकाइले बालिकाहरूको नागरिक चेतनालाई अभिवृद्धि गर्न मद्दत गर्छ साथै तिनीहरूलाई राजनैतिक पार्टीहरूमा तल्लो स्तरमा सहभागी हुन हौसला

दिन्छ जसबाट पछि गएर नेतृत्वको संरचनामा अधिकार भएका पदहरुमा तिनीहरूको पहुँच पुगोस् ।

**सक्रिय राजनीतिमा ठूलो सङ्ख्यामा महिलालाई गोलबन्द गरेर सहभागी बनाउनु** : अहिलेसम्म समाजको अबोला आधा भागको बीचमा रहेको दृष्टिकोणका विचारहरूलाई व्यक्त गर्न क्षमतावान् महिला नेताहरू देखा पर्ने अनुमति दिनका लागि आफ्नो खास आवश्यकता, अन्तर्दृष्टि र उत्प्रेरणामुखरित गर्न महिलाहरू गोलबन्द हुनु आवश्यक छ । ग्रामीण तहका संघ र समूहहरूद्वारा समर्थन प्राप्त गर्नु महिला उम्मेदवारहरूलाई आफू असुरक्षित भएको महसुसलाई हटाउनु र राजनैतिक रूपले सशक्त भएको अनुभव गर्न सहयोगी उपाय हो ।

**महिलाको राजनैतिक सहभागितालाई सहायता गर्ने कोषको स्थापना** : सबैभन्दा योग्य महिलाहरूलाई गरिबीका कारण उम्मेदवार हुनबाट अलग पारिएको अवस्था र सबैभन्दा योग्य महिलाहरू राष्ट्रिय राजनीतिमा देखा पर्ने हो भने महिलाको राजनैतिक सहभागितालाई सहायता गर्न कोष स्थापना आवश्यक रणनीतिहरूमध्येको एक हो ।

यस घटना अध्ययनले देखाएअनुसार निर्वाचनमा उम्मेदवारको रूपमा महिला पदपूर्तिलाई विभिन्न कारक तत्त्वले असर पार्छन् । समानुपातिक प्रतिनिधित्व प्रयोग गर्ने अन्य स्थापित लोकतन्त्रहरूमा भन्दा त्यसकारणले निर्वाचन प्रणालीको कम प्रभाव छ । व्यवस्थापिकामा राम्ररी प्रतिनिधित्व हुन महिलाहरू गोलबन्द हुनैपर्छ, आवश्यक सीपहरू सिक्नुपर्छ अनि आर्थिक सहयोग प्राप्त गर्नुपर्छ, सम्भव भए एउटा विशेष सहायता कोष । अन्त्यमा, राजनैतिक पार्टीहरूको उम्मेदवार छनौटका चुनौतीहरूलाई पराजित गर्न महिला उम्मेदवारहरूका निमित्त एउटा न्यूनतम कोटा निश्चित गर्ने एउटा प्रभावशाली ऐन पनि प्रस्ताव गरिएको छ ।

## पादटिप्पणी

१ Ouedraogo, Yacouba, 2002, 'La palme de la misogynie au FFS et a la CFD' [The prize for misogyny goes to the FFSA And the CFD]. *Journal Le Pays.* No. 2604, p. 3

२ Kaber Naila, 2002. 'Citizenship, Affiliationa d Exclusion: Perspective from the South' *IDS Bulletin.* Vol. 33, no. 2.

# अध्याय ४

## अध्याय ४

द्रुदे दालेरूप

# महिलाको राजनैतिक प्रतिनिधित्व वृद्धिः लैङ्गिक कोटामा नयाँ प्रवृत्तिहरू

सुस्त गतिमा निर्धारित हुँदै गरेको राजनीतिमा महिलाको सङ्ख्या वृद्धि, राजनैतिक निकायहरूमा लैङ्गिक समानतामा पुग्नका लागि विभिन्न नीतिगत उपायहरू लागू भइरहेका छन् । संसदमा महिलाको उपस्थितिको वृद्धि र सुरक्षाका निम्ति कोटा प्रणालीले त्यस्तो संयन्त्र प्रस्तुत गर्ने भएकाले अहिले यसलाई विश्वभरि अपनाइँदै छ । कोटा प्रणाली उपयोगको पक्ष र विपक्षमा दिइएका तर्कहरू के के हुन् ? कस्तो प्रकारको कोटा प्रणालीले व्यवहारमा महिलाको राजनैतिक प्रतिनिधित्वलाई गहकिलो वृद्धितर्फ उन्मुख गराएको छ ? विभिन्न निर्वाचन पद्धतिमा कुन कोटा प्रणालीले सबैभन्दा राम्रो काम गर्छ र तिनीहरूलाई प्रभावकारी ढङ्गले कसरी लागू गर्न सकिन्छ ? यस अध्यायले निर्वाचन कोटा सहितको विश्वलाई र कुन कोटाले महिलाको राजनैतिक प्रतिनिधित्वलाई ऐतिहासिक छलाङ्तर्फ डोऱ्याउँछ वा डोऱ्याएको छ भनेर जाँचबुझ गर्छ ।

### १. कोटा वा कोटा प्रणाली भनेको के हो ?

महिलाहरूका निमित्त कोटाले उम्मेदवारको सूची, संसद, कुनै समिति वा सरकारको कुनै निकायमा महिला सदस्यको निश्चित सङ्ख्या वा प्रतिशतको व्यवस्था गर्छ । कोटाले सरकार, संसद र स्थानीय परिषद्हरू जस्ता आमनिर्वाचन वा नियुक्तिद्वारा गठन हुने संस्थाहरूमा महिलाको प्रतिनिधित्वलाई वृद्धि गर्ने उद्देश्य राख्छ । लैङ्गिक कोटाले समावेशिताका आधारमा वैधता प्राप्त गर्छ, जसअनुसार महिलाको न्यून प्रतिनिधित्वका मुख्य कारणहरू राजनैतिक दलहरू र समग्रमा राजनैतिक संस्थाहरूको असमावेशी प्रचलनहरू हट्छन् । कोटा प्रणालीले उम्मेदवारहरूको पदपूर्तिको बोझ एकजना महिलामा नभई पदपूर्ति प्रक्रियामाथि नियन्त्रण कायम गर्ने राजनैतिक दलहरूमाथि थोपरिदिन्छ ।[1] कोटाले मनोनयन र छनोट

गर्नेहरुलाई महिलाको छनोट र पदपूर्ति गर्न बाध्य पार्दछ र विश्वका धेरैजसो भूभागमा महिलाहरुलाई आज उनीहरूसँग नभएको अवसर प्रदान गर्दछ ।

निर्वाचनमा लैङ्गिक कोटाका बहुप्रचलित दुई पद्धतिहरु छन् : आरक्षित सिट र उम्मेदवारको कोटा ।

**उम्मेदवारको कोटा** : यसले निर्वाचनका लागि उम्मेदवारहरुमा महिला उम्मेदवारको न्यूनतम प्रतिशत निर्धारण गर्दछ, अनि निर्वाचनका लागि राजनैतिक दलहरूको उम्मेदवारहरूको सूचीमा यो लागू हुन्छ । *कानुनी उम्मेदवार कोटा*बारे संविधान, निर्वाचन सम्बन्धी ऐनहरू वा राजनैतिक दलसम्बन्धी ऐनहरूमा उल्लेख गरिएको हुन्छ । ऐनद्वारा स्थापित त्यस्तो कोटाले सम्पूर्ण राजनैतिक दललाई आवश्यक प्रतिशतमा महिलाहरूलाई पदपूर्ति गर्न बाध्य गराउँछ । राजनैतिक दलहरूद्वारा यी बाहेकका *स्वैच्छिक पार्टी कोटाहरु* स्वेच्छाले लागू गरिन्छन् र मध्यपन्थी-बामपन्थी झुकाव भएका दलहरूमा यस्तो प्रवृत्ति बढी प्रचलनमा रहेको छ भने उदार र परम्परागत दलहरू सामान्यतया कोटा प्रणाली प्रति अनिच्छुक वा दृढतापूर्वक विरोध गर्नतर्फ उन्मुख हुन्छन् ।

**आरक्षित सिट** : यसले संविधानमा वा ऐनद्वारा तोकिएअनुसार संसदमा रहेका प्रतिनिधिहरूमध्ये महिलाहरूका निमित्त निश्चित सिट संख्या निर्धारण गर्दछ । आरक्षित सिटहरूलाई निर्वाचित कोटा मध्येका भनेर गन्नुहुँदैन भनेर कसैले तर्क गर्नसक्छ । यद्यपि, ती सिटहरू परिपूर्ति गर्नका लागि नियुक्ति गर्नुभन्दा महिलाको निर्वाचनलाई केहीले समावेश गर्दै अन्यले असमावेश गर्दै आजभोलि आरक्षित सिटहरू विभिन्न प्रकारमा आउँछन् । युगान्डामा महिलाहरूका निमित्त प्रत्येक निर्वाचन क्षेत्रमा एउटा विशेष मतदाताको समूहद्वारा महिला एकजना निर्वाचित हुने गरी ५० वटा सिट आरक्षित छन् । रुवान्डामा त्यहाँको संविधानअनुसार एउटा विशेष कार्यविधिद्वारा निर्वाचित ३० प्रतिशत सिट महिलाका निमित्त आरक्षित छन् । तान्जानियामा २० प्रतिशत सिट महिलाका निमित्त आरक्षित छन् र त्यहाँ संसदमा निर्वाचित सदस्य सङ्ख्याको अनुपातमा राजनैतिक दलहरूबीच आरक्षित सिट विभाजन गरिन्छ । केन्या र केही अरब राज्यमा जस्तै आरक्षित ती सिटहरू नियुक्ति प्रक्रियाद्वारा पूर्ति गरिन्छ ।

अस्पष्ट अनि सबैलाई अँगाल्ने वर्गको 'महिला' प्रतिनिधित्व गर्ने एकजना मात्र वा निकै कम महिलाहरूका निमित्त आरक्षित सिटहरू हुने पहिलेका सिद्धान्तलाई अब पर्याप्त भएको मानिँदैन । आजभोलि कोटा प्रणालीले महिलाले कम्तीमा ३० वा ४० प्रतिशतको 'चरम अल्पसङ्ख्या' निर्माण गरुन् वा विभिन्न अन्तरराष्ट्रिय सन्धि र अभिसन्धिमा माग गरिएअनुसार 'लैङ्गिक सन्तुलन' गर्ने उद्देश्य राखून् भनेर निश्चित गर्ने उद्देश्य राख्छ । राजनीतिमा महिलाको प्रवेशमा रहेको अवरोध नहटेसम्मका लागि एउटा अस्थायी उपायको रुपमा कोटा प्रणालीलाई हेर्न सकिन्छ सकिन्छ ।

कोटा प्रणालीले खास गरेर महिला सहभागितामा अभिवृद्धि गर्ने उद्देश्य राखेको हुन्छ, किनभने सम्बोधन गरिनुपर्ने समस्या सामान्यतया महिलाको न्यून प्रतिनिधित्व हो । अधिकांश राष्ट्रमा महिलाहरू जनसङ्ख्याको ५० प्रतिशतभन्दा बढी भएको तर विश्वभरिमा तिनीहरूले १६

प्रतिशतभन्दा कम मात्र संसदको सिट ओगट्ने भएकाले कोटा प्रणाली खास गरेर आवश्यक र सान्दर्भिक पनि छ ।

**लिङ्ग तटस्थ कोटा** : यद्यपि, कोटा प्रणालीलाई लिङ्ग तटस्थका रूपमा पनि संरचना गर्न सकिन्छ । यस मामिलामा, उदाहरणका लागि पदहरूका निमित्त दलको सूचीमा वा निर्णय लिने निकायमा कुनै पनि लिङ्गले ६० प्रतिशतभन्दा बढी वा ४० प्रतिशतभन्दा कम स्थान ओगट्न नहुने आवश्यक योग्यता हुनसक्छ । महिलाहरूका निमित्त कोटा पुरूष प्रतिनिधित्वका लागि अधिकतम देखिने भएकाले लिङ्ग तटस्थ कोटा ले दुवै लिङ्गका निमित्त अधिकतम सीमा निश्चित गर्नसक्छ । कहिलेकाहीँ लिङ्ग तटस्थ कोटा प्रणालीका नियमहरू पुरूषविरुद्ध विभेदपूर्ण रहेको भन्ने कोटा प्रणालीका विरोधीहरूको तर्कलाई खण्डन गर्न रणनैतिक छनौटको रूपमा पनि प्रयोग गरिन्छ ।

**द्रुत मार्ग (Fast Track) को रूपमा कोटा प्रणाली** : आजभोलि हामी जोर्डन र अफगानिस्तान जस्ता ऐतिहासिक रूपमा महिलाहरूलाई राजनीतिबाट प्रायः पूर्णरूपले अलग राखिएका स्थानहरूमा कोटा कार्यक्रमहरु प्रवेश गराइएको देख्छौँ । त्यस्तो अवस्थामा लैङ्गिक कोटाहरूले राजनीतिमा महिलाको प्रवेश र प्रतिनिधित्वको जोडदार प्रारम्भ (Kick-Start) को कार्य गर्छ । अन्य अवस्थामा, निर्णय लिनसक्ने ओहदामा पहुँच प्राप्त गर्नमा महिलाहरूले प्राप्त गरेका उपलब्धिलाई ठोस बनाउन र अरू बढी सुदृढ पार्न वा पछौटेपनलाई रोक्न कोटालाई प्रवेश गराइन्छ । स्क्यान्डेनेभियाली राष्ट्रहरूले महिलाको प्रतिनिधित्वमा क्रमिक वृद्धिको ढाँचा (तलको उद्धरण हेर्नुहोस्) प्रस्तुत गर्छन् भने अर्जेन्टिना, कोस्टारिका, दक्षिण अफ्रिका र रुवान्डा जस्ता राष्ट्रले नयाँ 'द्रुत मार्ग' ढाँचाको प्रतिनिधित्व गर्छन् ।[२]

> 'महिला प्रतिनिधित्वको समस्यालाई कोटा प्रणालीले मात्र सम्बोधन गर्न सकिँदैन । राजनैतिक दलहरू, शिक्षा प्रणाली, गैरसरकारी संस्थाहरू, ट्रेड युनियनहरू, चर्च जस्ता धार्मिक संस्थाहरू सबैले आ-आफ्ना सङ्गठनहरूभित्र महिला सहभागितालाई जगदेखि नै व्यवस्थित ढङ्गले प्रवर्द्धन गर्ने उत्तरदायित्व लिनैपर्छ । यसले समय लिनेछ । यो रातारात वा एक वर्ष वा पाँच वर्षमा हुँदैन । सार्थक परिवर्तन महसुस गर्नका लागि यसले एक वा दुई पुस्ता लिनेछ । स्विडेनमा हामीले गरिरहेको काम यही हो । हामीले कोटा प्रणालीबाट सुरु गरेनौं । राजनीतिमा महिलाको प्रवेशलाई सहज बनाउन हामीले पहिला आधार तयार गर्‍यौँ । हामीले महिलाहरूलाई त्यस क्षेत्रमा प्रवेश गर्नका लागि दक्ष रहेको निश्चित हुने गरी तयार पार्‍यौँ, अनि हामीले प्रणाली तयार पार्‍यौँ जसले, पुरूषहरूका लागि अलग हुन केही कम लज्जास्पद बनायो । त्यसपछि ठूलो उपलब्धि आवश्यक रहेको स्थान र संस्थाका निकायहरूमा हामीले एउटा औजारको रूपमा कोटा प्रणालीलाई प्रयोग गर्‍यौँ ।'

*बिर्गिटा दहल, निवर्तमान सभामुख, स्विडेन*

## २. कोटा : पक्ष तथा विपक्ष

महिलाको राजनैतिक उपस्थिति वृद्धि गर्ने एउटा उपायको रूपमा कोटा प्रणालीको प्रवेशबारे पक्ष र विपक्षमा विभिन्न तर्क प्रस्तुत गरिएका छन् । पक्ष र विपक्षहरू तल सूचीकृत गरिएका छन् ।

### *२.१. विपक्ष*

- महिलाहरूलाई प्राथमिकता दिइने भएकाले कोटा सबैका निमित्त समान अवसरको सिद्धान्त विपरीत छ ।
- राजनैतिक प्रतिनिधित्व सामाजिक वर्गहरूबीचको रोजाइ होइन, विचार र दलबीचको रोजाइ हुनुपर्छ ।
- को निर्वाचित हुने भन्नेबारे मतदाताले निर्णय गर्ने भएकाले कोटा प्रणाली अलोकतान्त्रिक छ ।
- कोटा प्रणालीले राजनीतिज्ञहरू आफ्नो योग्यताका आधारमा नभई लैङ्गिक आधारमा निर्वाचित भएका हुन् भन्ने सूचित गर्छ र यसबाट योग्य उम्मेदवारहरूलाई पाखा लगाइन्छ ।
- कैयन् महिला उम्मेदवारहरू महिला भएकै कारणले मात्र निर्वाचित हुन चाहँदैनन् ।
- कोटा प्रणाली प्रवेश गराइँदा दल सङ्गठनमा ठूलो मात्रामा द्वन्द्व उत्पन्न हुन्छ ।
- महिलाका निम्ति कोटा प्रणालीको व्यवस्थापछि अरू समूहका निमित्त पनि सोही माग हुन्छ, जसको परिणाम केवल समूहगत रुचिअनुसार प्रतिनिधित्वका लागि राजनीति हुन्छ ।

### *२.२ पक्ष*

- महिलाहरूका निम्ति कोटा प्रणालीले विभेद गर्दैन, बरु उनीहरुलाई न्यायपूर्ण ढङ्गले राजनैतिक सिटहरूको साझेदारी गर्नका लागि रहेको वास्तविक अवरोधहरूका निमित्त क्षतिपूर्ति दिन्छ ।
- कोटा प्रणालीले एउटा समिति वा सभामा धेरै महिलाहरु एकसाथ भएको सूचित गर्छ, यस रितले साङ्केतिक प्रतिनिधित्वमा रहेका महिलाले प्रायजसो अनुभव गर्ने दवाव न्यूनीकरण गर्छ ।
- नागरिकको रूपमा महिलालाई समान प्रतिनिधित्वको अधिकार छ ।
- राजनैतिक जीवनमा महिलाको अनुभव आवश्यक छ ।
- पुरूषहरूले महिलाहरूका सरोकारको प्रतिनिधित्व गर्न सक्दैनन् । धेरै महिलाले मात्र महिलाहरूको विविधतालाई प्रतिनिधित्व गर्न सक्छन् ।

- निर्वाचन शैक्षिक योग्यतासँग सम्बद्ध विषय नभई प्रतिनिधित्वसँग सम्बद्ध विषय हो ।
- महिला पुरूष जत्तिकै योग्य छन्, तर पुरूषहरूको प्रभुत्व रहेको राजनैतिक प्रणालीमा महिलाको योग्यतालाई न्यून दर्जाको बनाइएको छ र कम आकलन गरिएको छ ।
- कोटा प्रणालीले व्यक्तिगत रूपमा मानिसका विरुद्ध विभेद गर्दैन, बरू कोटा प्रणालीले ऐनहरूले राजनैतिक दलहरूको पुरूषलाई मात्र मनोनयन गर्ने प्रवृत्तिलाई सीमित बनाउँछ। महिला उम्मेदवारहरूका निमित्त पनि मतदान गर्न सम्भव भएकाले मतदाताको अवसरलाई  फराकिलो पारिएको छ ।
- कोटा प्रणाली लागू गराउनाले द्वन्द्व हुन सक्छ, तर ती द्वन्द्वहरु अस्थायी हुन्छन् ।
- हाल १७९ वटा राष्ट्र पक्षधर रहेको महिलाविरुद्धका सबै खाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDWA) का साथै १९९५ कार्यका लागि बेइजिङ मञ्चलगायत लैङ्गिक समानता विषयक धेरै अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त सम्मेलनले महिलाहरूको राजनैतिक प्रतिनिधित्वका निमित्त लक्ष्यहरू निर्धारण गरेका छन् ।
- विश्वमा पुरूषहरूले ८० प्रतिशतभन्दा बढी संसदका सिट ओगट्नुलाई कसरी मनासिव ठहराउन सकिन्छ ?

महिलाको न्यून प्रतिनिधित्वका समस्याहरूबारे रूपरेखा तयार गर्न प्रयोग गरिएका विधिहरूका कुन कुन रणनीतिहरु सान्दर्भिक छन् भन्नेबारे सोचविचारको महत्त्वपूर्ण परिणाम हुन्छ। त्यो समस्या महिलाको सीमित अनुभव वा ज्ञानको रूपमा असंगतिपूर्ण तवरले सिर्जित छ भने महिलालाई शिक्षित गराउनु सही उपाय हो भनेर हेरिन्छ। अर्कातर्फ, बहिष्करणका संस्थागत संयन्त्र संरचनाहरूलाई मुख्य समस्या मान्ने हो भन्ने त्यसपछि परिवर्तनको बोझ संस्थाहरू र राजनैतिक दलहरूमाथि राखिन्छ, जसलाई विभेदपूर्ण अभ्यासहरूका निमित्त उत्तरदायीको रूपमा हेरिन्छ ।

### २.३. समानताका दुई अवधारणाहरू

सामान्यतया, महिलाका निमित्त कोटा प्रणालीले समानताको एउटा अवधारणाबाट अर्को अवधारणातर्फको स्थानान्तरणको प्रतिनिधित्व गर्छ । समानतासम्बन्धी शास्त्रीय उदारवादी सिद्धान्त 'समान अवसर' वा 'प्रतिस्पर्धात्मक समानता' को सिद्धान्त थियो । उदाहरणका लागि औपचारिक अवरोधहरू हटाएर महिलाहरूलाई मतदानको अधिकार दिनुलाई नै पर्याप्त हो भन्ने सोचिन्थ्यो। बाँकी कुरा महिलाको व्यक्तिगत क्षमतामाथि निर्भर थियो ।

पछिल्ला केही दशकहरूमा महिलावादीहरूको दबाबपछि समानतासम्बन्धी अर्को अवधारणा- 'परिणामको समानता' को सिद्धान्तले बढ्दो रूपमा सान्दर्भिकता र समर्थन प्राप्त गरिरहेको छ । यसको तर्क केवल औपचारिक अवरोधहरू हटाउनाले मात्र वास्तविक समान अवसर उत्पन्न हुँदैन भन्ने छ । प्रत्यक्ष भेदभावका साथै लुप्त रहेका अवरोधहरूको एउटा जटिल ढाँचाले राजनैतिक प्रभावको आफ्नो भाग प्राप्त गर्नमा महिलाहरूका लागि अवरोध

पुऱ्याउँछ । कोटा र अरु खालका सक्रिय समानताका साधनहरू यसप्रकारले परिणामको समानतातर्फ बढ्ने उपाय हुन् । साधनको रूपमा औपचारिक रूपमा समान व्यवहारद्वारा समानतालाई एउटा लक्ष्यको रूपमा हासिल गर्न सकिँदैन भन्ने अनुभवमा यो तर्क आधारित छ। अवरोधहरू भए भने यो तर्क गरिन्छ कि परिणामको समानता प्राप्त गर्ने एउटा साधनको रूपमा क्षतिपूर्ति दिने उपायहरूलाई प्रवेश गराउनुपर्छ ।

## ३. कोटा वा कोटा प्रणालीको संसार

सन् २००५ मा ४० भन्दा बढी राष्ट्रले संविधान संशोधन गर्दै वा विभिन्न प्रकारका ऐन पारित गर्दै निर्वाचनमा कोटा प्रणाली लागू गरेका छन् । अन्य ५० भन्दा बढी राष्ट्रमा त्यहाँका मुख्य राजनैतिक दलहरूले स्वेच्छिक रूपले निर्वाचनका लागि मनोनयन गर्ने उम्मेदवारहरूको निश्चित प्रतिशत महिला हुनुपर्ने आवश्यकताका साथ कोटा प्रणाली लागू गरेका छन्। कोटा प्रणालीकै कारण अर्जेन्टिना, कोस्टारिका, मोजाम्बिक, रुवान्डा र दक्षिण अफ्रिका जस्ता राष्ट्रहरू संसदमा महिला प्रतिनिधित्वमा माथिल्लो स्थानमा रहेका नर्डिक राष्ट्रहरूसँग प्रतिस्पर्धा गरिरहेका छन् ।

कानुनी निर्वाचन कोटा प्रयोगबारेको सिंहावलोकन तालिका १३ मा दिइएको छ । त्यस तालिकाले देखाएअनुसार राजनीतिमा धेरैजसो कानुनी लैङ्गिक कोटा प्रणाली पछिल्ला दशकहरूताका मात्र प्रवेश गराइएका थिए ।

विश्वका विभिन्न क्षेत्रहरूमा विभिन्न प्रकारका कोटा प्रसिद्ध रहेका छन् ।[३] यसका सम्बन्धमा अग्रणी क्षेत्र ल्याटिन अमेरिकामा संवैधानिक वा कानुनी परिवर्तनले राजनीतिमा लैङ्गिक कोटाका लागि मार्गप्रशस्त गरेको छ । अफ्रिका, बाल्कन र दक्षिण एसियाली क्षेत्रमा विभिन्न प्रकारका कोटा व्यवस्था हालसालै लागू गरिएका छन् । पश्चिमी युरोपमा कोटा मुख्यतः दलका स्वेच्छिक कोटा को रूपमा आएको छ, तर अपवादको रूपमा फ्रान्स र बेल्जियम रहेका छन्। पूर्व र मध्य युरोपमा ज्यादै थोरै दलले मात्र कोटासम्बन्धी ऐनहरू पारित गरेका छन् र संसदका लागि कुनै पनि कानुनी लैङ्गिक कोटासम्बन्धी नियमहरु रहेका छैनन्। यस्तो विरासत आंशिक रूपले एउटा मिथकको रूपमा रहेको भए तापनि कम्युनिस्ट शासन व्यवस्थामा 'बलपूर्वकको मुक्ति' को रूपमा कोटा व्यवस्थाले यस क्षेत्रका कोटा प्रणालीका विरोधीहरूलाई नै बल पुऱ्याएको छ । अरब विश्वमा विभिन्न समूह (धार्मिक, जातिगत वा वंशगत) को निमित्त छुट्याइएका सिटहरूको रूपमा कोटा प्रणाली प्रसिद्ध छ र हालसालै मात्र कैयन् राष्ट्रले निश्चित सिटहरू छुट्याइनु पर्ने एउटा समूहको रूपमा 'महिला'हरूलाई समावेश गरेका छन् ।

लैङ्गिक कोटा प्रणालीकै परिणामस्वरूप महिला राजनैतिक प्रतिनिधित्वमा आधारित राष्ट्रहरूको विश्व वर्गीकरणमा हालसालै एउटा नाटकीय परिवर्तन आएको छ । कोटाका प्रावधानहरूको परिणामस्वरूप रुवान्डा, कोस्टारिका, अर्जेन्टिना, मोजाम्बिक र दक्षिण अफ्रिका हाल अन्तर व्यवस्थापिका संघको विश्वमा निकै उच्च स्थानमा रहेका छन्। लामो समयसम्म वर्गीकरणको सर्वोच्च स्थानमा एक किसिमले एक्लै रहेका पाँचवटा नर्डिक राष्ट्र डेनमार्क, फिनल्यान्ड, आइसल्यान्ड, नर्वे र स्विडेन जस्ता राष्ट्रले हाल चुनौतीको सामना गर्नु परिरहेको छ ।

## तालिका १३ः राष्ट्रिय संसदमा संवैधानिक कोटा तथा निर्वाचन ऐनमा कोटा प्रणाली भएका राष्ट्रहरू*

| | कोटाको प्रकार (संविधान र/वा ऐनमा)** | प्रवेश गराइएको वर्ष | हालको कोटा प्रणाली (%) | संसदमा महिलाको प्रतिशत (हालसालको निर्वाचन) | |
|---|---|---|---|---|---|
| **अमेरिका** | | | | | |
| अर्जेन्टिना | C,L | १९९१, १९९१ | ३० | ३४.१ | (२००३) |
| बोलिभिया | L | १९९७ | ३० | १८.५ | (२००२) |
| ब्राजिल | L | १९९७ | ३० | ८.२ | (२००२) |
| कोस्टारिका | L | १९९६ | ४० | ३५.१ | (२००२) |
| डोमिनिकन रिपब्लिक | L | १९९७ | २५ | १७.३ | (२००२) |
| इक्वेडोर | L | १९९७ | २० | १६.० | (२००२) |
| गुएना | C,L | उपलब्ध छैन | ३३ | २०.० | (२००१) |
| होन्डुरस | L | २००० | ३० | ०५.५ | (२००१) |
| मेक्सिको | L | २००२ | ३० | २२.६ | (२००३) |
| पानामा | L | १९९७ | ३० | ९.९ | (१९९९) |
| पाराग्वे | L | १९९६ | २० | १०.० | (२००३) |
| पेरु | L | १९९७ | ३०१ | ७.५ | (२००१) |
| **युरोप** | | | | | |
| बेल्जियम | L | १९९४ | ३३ | ३५.३ | (२००३) |
| बोस्निया हर्जगोभिना | L | २००१ | ३३ | १६.७ | (२००२) |
| फ्रान्स | C,L | १९९९, २००० | ५० | १२.१ | (२००२) |
| मेसेडोनिया | L | २००२ | ३० | १७.५ | (२००२) |
| सर्विया एन्ड मोन्टेनेग्रो | L | २००२ | ३० | ७.९ | (२००३) |
| **अफ्रिका र खाडी मुलुक** | | | | | |
| जिबुटी | L | २००२ | १० | १०.८ | (२००३) |
| इरिट्रिया | C | उपलब्ध छैन | ३० | उपलब्ध छैन | |
| जोर्डन | L | २००३ | ६ सिट | ५.५ | (२००३) |
| केन्या | C | १९९७ | ६ सिट | ६.७ | (२००२) |
| मोरोक्को | L | ३० सिट | १०.८ | (२००२) | |
| रुवान्डा | CL | २००३ | ३० | ४८.८ | (२००३) |
| सुडान | L | उपलब्ध छैन | १० | ९.७ | (२०००) |
| तान्जानिया | C | २००० | २०-३० | २२.३ | (२०००) |
| उगान्डा | C | १९९५, ९८९ | ५६ सिट | २४.७ | (२००१) |
| **एसिया** | | | | | |
| अफगानिस्तान | C | २००४ | २५ | २५. | (२००४) |
| आर्मेनिया | L | १९९९ | ५ | ४.६ | (२००३) |
| बाङ्लादेश | C | २००४ | ४५ सिट | २.० | (२००१) |
| इन्डोनेसिया | L | २००३ | ३० | ११.० | (२००४) |
| कोरिया डेमोक्रेटिक रि. | L | उपलब्ध छैन | २० | उपलब्ध छैन | |
| नेपाल | C | १९९०,१९९० | ५ | ५.९ | (१९९९) |
| पाकिस्तान | L | २००२ | ६० सिट | २१.६ | (२००२) |
| फिलिपिन्स | C | १९९५, १९९५ | २० | १७.८ | (२००१) |
| ताइवान | C | १९९७ | १०-२५ | २२.२ | (२००१) |

* एक सदनात्मक व्यवस्थापिकामा तल्लो सदन वा एकल सदन । बोलिभिया, ब्राजिल, पेरु, ग्रिस, सर्बिया र मोन्टेनेग्रो, नामिबिया, दक्षिण अफ्रिका, तान्जानिया, बाङ्लादेश, चीन, भारत, नेपाल, पाकिस्तान, फिलिपिन्स र ताइवानमा पनि स्थानीय र क्षेत्रीय व्यवस्थापिकाहरूमा संवैधानिक कोटा प्रणालीहरू छन् । हेर्नुहोस् < http://www.quotaproject.org>

** C को अर्थ संविधानहरूमा खुट्याइएका कोटाहरूका प्रवाधानहरू हो र L को अर्थ ऐनमा व्यवस्था गरिएको कोटाहरूको प्रावधान हो ।

**स्रोतः** Dahlerup, Drude and Lenita Freidenvall, 2005, 'Quotas as a "Fast Track" to Equal representation for women. *'International Feminist Journal of Politics.* Vol. 7, no.1, March; and <http://www.quaotaproject.org.>

## ३.१. नर्डिक राष्ट्रहरू

दशकौंसम्म नर्डिक राष्ट्रहरूमा विश्वमा महिलाको सबैभन्दा उच्च राजनैतिक प्रतिनिधित्व रहेको थियो । यो वृद्धि धेरैजसो विगत ३० वर्षमा भयो । सन् २००१ र २००५ को अवधिमा सम्पन्न निर्वाचनहरूपछि सन् २००५ मा संसदमा रहेका सदस्यहरूको कुल सङ्ख्यामध्ये स्विडेनमा ४५ प्रतिशत, डेनमार्कमा ३७ प्रतिशत, नर्वेमा ३६ प्रतिशत र आइसल्यान्डमा ३० प्रतिशत महिला प्रतिनिधित्व थियो ।

सामान्य बुझाइको विपरीत स्क्यान्डेनेभियामा कुनै पनि संवैधानिक धारा वा ऐनले महिलाको उच्च प्रतिनिधित्वको माग गर्दैन । यो वृद्धिका लागि दलभित्रका महिला समूहका साथै सामान्यतया महिला आन्दोलनहरूले दिएको लामो समयसम्मको दबाबलाई नै प्रायजसो यसको श्रेय दिन सकिन्छ । राजनैतिक दलहरूले आफ्ना महिला उम्मेदवार अर्थात् जित्ने प्रचुर सम्भावना भएका महिला उम्मेदवारहरूको सङ्ख्या वृद्धि गरुन् भन्ने निश्चित गर्नका लागि महिलाहरू गोलबन्द र सङ्गठित भए । नर्डिक राष्ट्रहरूमा महिला प्रतिनिधित्वमा भएको वृद्धिको वास्तविक प्रारम्भ कुनै पनि दलहरूले उम्मेदवार कोटाको व्यवस्था गर्नुभन्दा पहिले अथवा सन् १९७० को दशकमा भयो ।

स्क्यान्डेनेभियामा महिला प्रतिनिधित्वमा वृद्धि गर्ने दबाब सम्पूर्ण राजनैतिक दलमाथि दिइएको थियो । केही दल विशेष गरेर मध्यपन्थी-वामपन्थी दलहरूले दलगत रुपमा नै स्वेच्छिक कोटा नीति लागू गरेर प्रतिक्रिया जनाए । सन् १९७०, ८० र ९० को दशकमा तीनवटा स्क्यान्डेनेभियाली राष्ट्रमा पहिले वामपन्थी दलहरूले अनि सोसल डेमोक्रेटिक पार्टीहरू जस्ता राजनैतिक दलहरू आफैंले गरेका निर्णयहरूका आधारमा कोटासम्बन्धी नीति लागू भएको थियो । यद्यपि, धेरैजसो मध्यपन्थी र वामपन्थी दलले कोटाप्रणालीलाई 'अनुदार' मानेका छन् । सन् १९९३ मा स्विडिस सोसल डेमोक्रेटिक पार्टीले 'सूचीको प्रत्येक दोस्रो स्थानमा महिला' को सिद्धान्त प्रवेश नगराउँदासम्म त्यस्तो थियो । ५०:५० भएपछि महिलाहरू अब 'कोटा महिला' रहेनन् बरु 'पुरूषहरु कोटाका' जस्तो देखिए ।

### ३.२. राजनैतिक दल र कोटा

निर्वाचनमा कोटा प्रणालीले लोकतान्त्रिक प्रक्रियाको जगलाई नै स्पर्श गर्छ र विरोधीहरूका अनुसार यसले आफूले चाहेका प्रतिनिधिहरू छान्न पाउने मतदाताको अधिकारसँग द्वन्द्व हुनसक्छ । यद्यपि, अध्याय ३ ले सङ्केत गरेअनुसार मनोनयनहरू चरम अवस्थाहरू हुन् र मनोनयन गर्ने अधिकार मतदातामा नभई राजनैतिक दलहरूमा निहित हुन्छ । प्रायजसो राष्ट्रमा राजनैतिक दलहरू राजनैतिक कार्यालयको वास्तविक प्रवेशद्वार भएकाले कोटा प्रणालीले राजनैतिक दलको केन्द्रीय, क्षेत्रीय र स्थानीय कार्यालयहरूबीच विवाद हुनेतर्फ उन्मुख गराउन सक्छ। स्थानीय कार्यालयहरू केन्द्रीय दल सङ्गठनको हस्तक्षेपबिना आफ्नै उम्मेदवार उठाउन पाउने आफ्नो अधिकारका लागि बढी संघर्ष गर्दछन् ।

उदाहरणका लागि पेसागत वा जातीय आवश्यक योग्यताहरूमा आधारित अन्य किसिमका कोटाहरूलाई पनि औपचारिक रूपले समावेश गराइँदा महिलाहरूका निमित्त कोटा नीति लागू गराउन निश्चिय नै सजिलो हुन्छ । कुल जनसङ्ख्याको अनुपातमा नभई सिटहरूको असमानुपातिक साझेदारी गर्दै एउटा क्षेत्रको सट्टा अर्को खास क्षेत्रलाई दिने गरी संसदका सिटहरूलाई राष्ट्रका विभिन्न भूभागमा वितरण गर्ने क्षेत्रीय 'कोटा' वास्तवमा धेरैजसो राष्ट्रमा प्रयोग गरिएको छ । यद्यपि, त्यस्तो व्यवस्थालाई विरलै कोटा भनिन्छ ।

### ३.३. सङ्क्रमणकालीन राज्य व्यवस्था र संसदीय बनोट

इतिहासले साबित गरे झैँ लाग्छ कि कोटा प्रणालीको कार्यान्वयन प्रायजसो सिटहरू 'ओगटिने' पुरानो राजनैतिक प्रणालीमा भन्दा नयाँ प्रणालीमा सरल हुन्छ अनि त्यसको परिणामस्वरूप नयाँ समूहहरू र हाल भइरहेकाबीच द्वन्द्व उत्पन्न हुनसक्छ। सामान्यतया, निर्वाचितभन्दा मनोनयनबाट पूर्ति हुने पदका लागि कोटा लागू गर्न कम जटिल हुन्छ । प्रत्येक निर्वाचन क्षेत्रमा हरेक दलले एकजना मात्र उम्मेदवार प्रस्तुत गर्ने बहुसङ्ख्यक प्रणालीमा भन्दा समानुपातिक सूची प्रणालीमा लैङ्गिक कोटा  नीति लागू गर्न सजिलो हुन्छ । द्वन्द्वपछिको समाजमा आजभोलि अन्तरराष्ट्रिय समुदायले महिलालाई समावेश गर्न प्रभावशाली उपाय अपनाउनका लागि पुनर्संरचनाका नायकहरूमाथि ठूलो दबाब दिइरहेको छ। यसप्रकार द्वन्द्वपछि इराक र अफगानिस्तान जस्ता पहिले ज्यादै न्यून महिला प्रतिनिधित्व रहेका समाजका बलियो पितृसत्तात्मक संस्कृतिहरूमा हामीले २५ देखि ३५ प्रतिशतसम्मको लैङ्गिक कोटा प्रवेश गराइँदै गरिएको देख्छौँ । अन्तरराष्ट्रिय समुदायको समर्थनमा स्थानीय महिलाहरूको आन्दोलनको ठूलो दबाबपछि कोटासम्बन्धी प्रावधानहरू बाल्कन राष्ट्रहरूमा पनि प्रवेश गराइएको छ ।

**कोटा प्रणालीको कार्यान्वयन प्रायजसो सिटहरू 'ओगटिने' पुरानो राजनैतिक प्रणालीमा भन्दा नयाँमा सजिलो हुन्छ ।**

## ३.४. साङ्केतिक महिला ?

भारतमा संविधानमा गरिएको ७४ औं संशोधनले नगर र गाउँ (पञ्चायत) हरूका स्थानीय निर्वाचित निकायहरूमा ३३ प्रतिशत सिट महिलाका निमित्त आरक्षित गरेको छ । कोटाका साथै कोटाको नीति भारतीय राजनीतिमा सुपरिचित र निकै विवादास्पद रहेको छ । यसप्रकारले आलोपालो व्यवस्था प्रणालीको एउटा भागको रूपमा लैङ्गिक कोटालाई अनुसूचित जातिका निमित्त कोटाका सिटहरूका साथ संयोजन गरिएको छ, जसअनुसार प्रत्येक वडाको सिटका निमित्त कुन वर्गलाई चुनाव लड्न दिइने छ भन्नेबारे पहिला नै निर्णय गरिन्छ । यस प्रणालीको परिणामस्वरूप स्थानीय परिषद्हरूमा दसौं लाख भारतीय महिला निर्वाचित भएका छन् । भारतीय महिला आन्दोलनले महिला उम्मेदवारहरूलाई परिचालित र प्रशिक्षित गरेको छ। लोकसभा (राष्ट्रिय संसदको तल्लो सदन) मा महिलाहरूका निमित्त सिट सङ्ख्या निर्धारण गर्न (कोटा) को प्रस्ताव गरिएको भए पनि संसदद्वारा पटक पटक अस्वीकृत भएको छ । नामिबिया, इरिट्रिया, तान्जानिया र उगान्डाले जस्तै बाङ्लादेश र पाकिस्तानले पनि स्थानीय परिषद्हरूको निमित्त लैङ्गिक कोटा लागू गरेका छन् ।

> 'हामीले गाउँ पञ्चायतहरूका लागि सुरक्षित संसदीय सिटहरूका निमित्त प्रयास गरेका छौं, यो निकै प्रभावकारी उपाय हो । हामीले पञ्चायतहरूमा महिलाका निम्ति ३३ प्रतिशत सिट आरक्षित गरेका छौं । यस नीतिभन्दा पहिला, हामीसँग पदीय नेतृत्वका लागि महिलाहरु तयार थिएनन्, तर यस नीतिको परिणामस्वरूप राजनैतिक दलहरूले महिलाहरूको खोजी गर्नुपर्छ । हामीले मिश्रित प्रतिक्रिया पाएका छौं । केही पुरूषले महिलाहरू अगाडि बढेको हेर्न चाहेनन्, त्यसैले तिनीहरूले आफ्ना श्रीमती, बुहारी र आमाहरुलाई मात्र अगाडि ल्याए । तर केही योग्य, शिक्षित महिलाहरू पनि अगाडि आए । लोक सभाका लागि उम्मेदवार हुन कुनै पनि सक्षम महिला छैनन् भन्ने पुरानो तर्क थान्को लागिसकेको छ । किनभने अहिले मेयर र नगरपालिका समितिको सभाध्यक्षको रूपमा कार्यरत महिलालाई संसदको सम्भावित उम्मेदवारको रूपमा तयार गरिँदै छ । पञ्चायतहरूमा बढीभन्दा बढी महिला निर्वाचित हुँदैछन् र विधायिकी सभाका निमित्त उम्मेदवारहरूको यो मूल्यवान समूह हो । यसप्रकार विशेष गरेर संसदमा महिलाको यस्तो पातलो प्रतिनिधित्व रहेको भारत जस्तो राष्ट्रमा सिटहरूको कोटा निकै प्रभावशाली उपाय हो । भारतमा ५४३ सदस्यीय सदनमा ६.५ प्रतिशत मात्र, ३९ जना महिला सदस्य छन् । संसदमा महिलाहरूको निमित्त सिट आरक्षणका लागि प्रस्तुत एउटा विधेयक पनि अनिर्णित रहेको छ, छलफल भइराखेका छन् । त्यो अहिलेसम्म पारित भएको छैन, तर मलाई लाग्छ त्यसले दिनको प्रकाश देख्नेछ ।'
>
> *सुषमा स्वराज, लोकसभा सदस्य, भारत*

भारतमा कोटाका आधारमा निर्वाचित महिलाहरूलाई 'वारिस महिला' नामकरण गरिएको छ किनभने तिनीहरूलाई आफ्ना श्रीमान्हरूका निमित्त पठाइएको रूपमा स्थानीय परिषद्मा

राख्न सकिन्छ जसले बैठकहरूमा श्रीमान्हरूको स्थानमा भागसमेत लिन सक्छन् । विश्वका अन्य भूभागमा पनि राजनीतिमा संलग्न महिलाहरू विशेष गरेर कोटा प्रणालीद्वारा निर्वाचित भएकाहरूलाई 'साङ्केतिक महिला' हरूको रूपमा हेरिन सक्छ। 'कोटा प्रणाली' लाई महिलाहरूबारे भएका अनुसन्धानहरूले धेरै अवस्थामा महिलाहरूको विशुद्ध साङ्केतिक प्रतिनिधित्वमा रहेको, विशेष गरेर निर्वाचित महिलाहरूको आफ्नै निर्वाचन क्षेत्र वा दलहरूमा वा राजनैतिक निकायहरूबाहिरका सशक्त आन्दोलनहरूमा शक्तिको आधार नभएको खण्डमा देखाएको छ । यद्यपि, प्रारम्भमा पूर्णतया अलग पारिएको र शक्तिविहीन अनुभव गरेका तर क्रमशः आत्मविश्वास जगाएर प्रभाव जमाएका महिलाहरूका सफल कथाहरू पनि रहेका छन् । महिला राजनीतिज्ञहरूको प्रभावकारिताका निमित्त महिला आन्दोलन वा अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूले क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गर्नु महत्त्वपूर्ण रहेको देखिन्छ ।[४]

> 'कोटा दुवैतर्फ धार भएको तरबार जस्तै हो । कोटा प्रणालीले एकातर्फ, महिलाहरूका निमित्त पुरूषहरूले स्थान बनाउनै पर्ने भएकाले महिलाहरूलाई निर्णय प्रक्रियामा समावेश गर्न पुरूषलाई सोच्न बाध्य बनाउँछ भने अर्कोतर्फ, ती स्थानहरू खोल्ने पुरूषहरू नै भएकाले तिनीहरूले आफूले व्यवस्थापन गर्नसक्ने, पुरूषहरूको हैकम बढी सजिलो गरी स्वीकार गर्ने महिलाहरूको खोजी गर्छन् ।'

*अन्ना बालेट्बो, पूर्व सांसद, स्पेन*

यद्यपि, आफूले विजय प्राप्त गरेको सिटका लागि महिला सदस्यहरु आफू विजयी भएको दलप्रति आभारी रहेको र बढी भर परेको आरोप लाग्ने गरेको छ, (पुरूषहरुले त्यसो गर्दैनन् भन्ने जस्तो गरी) । यसबाट द्वैध मापदण्डको अनुभव हुन्छ । महिला राजनीतिज्ञहरूमाथि पुरूष राजनीतिज्ञहरुले गर्ने नगरेको जस्तो गरी तिनीहरूको पारिवारिक सम्पर्कका कारण मात्र राजनीति सुरु गरेको आरोप पनि लाग्दै आएको छ, विशेष गरेर अनुयायी प्रणालीहरूमा । केही कोटा प्रणालीको पछाडिको आशय निःशङ्कोच रुपमा वफादार महिला राजनीतिज्ञहरू उत्पन्न गर्नु रहेको छ उदाहरणका लागि पाकिस्तान र पेरुको जस्तो । साङ्केतिक महिलाहरूका निमित्त निर्वाचित हुनका लागि परिणाममुखी क्षमता अभिवृद्धि र महिला सङ्गठनहरूबाट महत्त्वपूर्ण सहयोगहरू प्राप्त हुन्छ नै भन्ने छैन ।

## ४. कोटा प्रणालीको कार्यान्वयन

कोटा प्रणालीका नियमहरु पर्याप्त छैनन् । यस प्रणालीले आफ्नो उद्देश्य प्राप्त गर्छ कि गर्दैन भन्ने कुरा व्यापक मात्रामा कार्यान्वयन वा लागू गर्ने प्रक्रिया र विधिमाथि निर्भर रहन्छ । आरक्षित सिटहरू तिनीहरूको स्वभाव अनुरुप नै लागू गर्न सकिने खालका हुने भएकाले प्रायः उम्मेदवार कोटा नीति लागू गरिँदैन । कार्यान्वयनको विधि स्पष्ट रुपमा परिभाषित गरिएको र लागू गर्न सकिने खालको छैन भने ३०, ४० वा ५० प्रतिशत उम्मेदवार कोटाको आवश्यकतालाई पूरा गरिने सम्भावना कम रहन्छ वा रहने गरेको

छ । कोटा प्रणाली सुरुदेखि नै राजनैतिक दलहरूको छनौट र मनोनयन प्रक्रियामा निहित रहेको हुनुपर्छ ।

उदाहरणका लागि विभिन्न राष्ट्रमा गरिएका भिन्नाभिन्नै अध्ययनहरूबाट प्राप्त तथ्य अनुसार एउटा निर्वाचन सूचीमा प्रत्येक लिङ्गबाट कम्तीमा ३० प्रतिशत आवश्यक हुने कोटा प्रणाली प्रवेशको परिणामस्वरूप महिलाले स्वतः ३० प्रतिशत सिट जित्ने संभावना हुँदैन । राजनैतिक दलहरूले ३० प्रतिशत उम्मेदवार महिला हुनैपर्ने आवश्यकता पूरा गर्न पनि सक्छन् तर तिनीहरूले प्रायशः जित्न नसकिने पदहरूमा सूचीको पुछारमा महिलालाई राख्छन् । यसका अतिरिक्त, एउटा निर्वाचन क्षेत्रमा पदपूर्ति गरिनु पर्ने सिट सङ्ख्या थोरै रहेको छ र निवार्चनका लागि धेरै दलहरु उठेका छन् भने दलको सूचीमा माथिल्लो स्थानमा हुने भएकाले सामान्यतया पुरूषहरू नै निर्वाचित हुन्छन् । खुल्लासूची भएको समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्ने केही राष्ट्रमा मतदाताले महिला उम्मेदवारहरूलाई घटुवा गर्न सक्छन् (वा पुरूष उम्मेदवारहरूलाई बढुवा गर्न सक्छन्) । त्यसबाट महिलाको निर्वाचित हुने अवसरमा नकारात्मक प्रभाव पर्दछ । यद्यपि, हालसालैका अन्य घटनाहरूमा मतदाताले विशेष गरेर बाम झुकाव भएका उम्मेदवारहरूको सूचीमा महिला उम्मेदवारलाई रुचाएको देखिएको छ जसमा प्राथमिकतायुक्त मतदानको सम्भावनाका साथ खुलासूचीले महिला उम्मेदवारलाई लाभ पुऱ्याउँछ ।

**कोटा प्रणालीको उद्देश्य प्राप्तिका लागि नियम आफैमा सबैथोक होइन । यसको सही कार्यान्वयनको पनि उत्तिकै महत्त्व हुन्छ ।**

यिनै कारणले गर्दा निर्वाचन प्रणालीमा मेल खाने र काम गर्ने खालको कोटा प्रणाली र तिनलाई लागू गर्ने नियमहरू लागू गर्नु महत्त्वपूर्ण छ । धेरै कोटा प्रणालीसम्बन्धी ऐनहरू संशोधन गरिएका छन् वा निर्वाचन सूचीहरूमा महिलाले कुन कुन स्तर/पदहरु लिने भन्नेबारेको **पदस्थापन जनादेश (म्यान्डेट)** का साथ आज तत्सम्बन्धी मस्यौदाहरू तयार गरिदै छन् । व्यवहारमा लागू गर्न सकिने कोटाहरूका उदाहरणहरू निम्न बमोजिम छन् :

**इराक** : सन् २००४ को निर्वाचन ऐनको धारा ४(३) अनुसार राजनैतिक दलहरूले महिलाहरूलाई राजनैतिक दलका सूचीहरूमा प्रत्येक तेस्रो स्थानमा राख्नैपर्छ- 'सूचीमा पहिलो ३ जना उम्मेदवारहरूमध्ये अनिवार्य रूपमा महिला १ जनाभन्दा कम हुनु हुँदैन, सूचीको अन्त्यसम्ममा पहिलो ६ जना उम्मेदवारमध्ये महिला २ जनाभन्दा कम उम्मदेवार हुनुहुँदैन ।' त्यस प्रावधानको परिणामस्वरूप सन् २००५ मा निर्वाचित प्रतिनिधिहरूमध्ये ३१ प्रतिशत महिला थिए ।

**अर्जेन्टिना** : सन् १९९१ को कोटा ऐनअनुसार दलका सूचीहरूमा आफ्ना उम्मेदवारमध्ये कम्तीमा ३० प्रतिशत महिला हुनु आवश्यक हुन्छ । सो ऐनमा पछि भएका संशोधनहरूले महिलाहरूका निमित्त छुट्याइनुपर्ने स्थानहरूको न्यूनतम सङ्ख्या तोकेको छ : दुईदेखि ४ वटा स्थानहरू उपलब्ध भए एकजना महिला, ५ देखि ८ वटा स्थानहरूमा कम्तीमा पनि दुई जना महिला, ९ देखि ११ वटा स्थानमा कम्तीमा पनि तीन जना महिला र १२ देखि १४ स्थानमा कम्तीमा पनि चार जना महिला । त्यसको परिणामस्वरूप सन् २००३ मा निर्वाचित प्रतिनिधिहरूमध्ये ३४ प्रतिशत महिला हुन पुगे ।

**स्विडेन** : सोसल डेमोक्राट्स, वाम दल र ग्रिन दललगायत धेरै राजनैतिक दलले 'बन्दसूची' लागू गरेका छन्, जहाँ पुरूष उम्मेदवारहरूको एउटा सूचीलाई 'बन्द' गरिएको हुन्छ वा महिला उम्मेदवारहरूको सूचीसँग पालैपालो राखिएको हुन्छ, जसको परिणामस्वरूप दल सूचीमा महिलाहरू प्रत्येक अर्को स्थानमा रहेका हुन्छन् ।

यद्यपि, प्रायजसोः कोटा प्रणाली लागू गर्ने कार्यमा आवश्यकता भन्दा कमै ध्यान दिइन्छ। कोटा प्रणालीलाई शुद्धरूपले प्रतीकात्मक रहेको मानिने निहित बोधका कारण वा एउटा नीतिको लक्ष्य र त्यसलाई कार्यान्वयन गर्नका लागि आवश्यक हुने उपायहरूबीचको सम्बन्धका कारणले यसलाई बेवास्ता गरिएकोले यस्तो भएको हुनसक्छ । केही सामान्य नियमहरूबारे सोच्न सकिन्छ ।

१. कोटा प्रणालीको प्रकार प्रचलित निर्वाचन प्रणालीसँग मेल खाने हुनु आवश्यक छ ।

२. उम्मेदवारको कोटा कार्यान्वयन गर्नका निमित्त उम्मेदवारहरूको मर्यादाक्रमबारे नियम वा स्थानको कार्यादेश अति आवश्यक छ ।

३. असम्मतिको लागि दण्ड ज्यादै महत्त्वपर्ण छ । निर्वाचन व्यवस्थापन निकाय जस्ता कार्यान्वयन गर्ने निकायलाई आवश्यक न्यूनतम योग्यता नपुगेका उम्मेदवार सूचीहरूलाई अस्वीकार गर्नका लागि उपयुक्त अधिकार दिनैपर्छ। स्वेच्छिक दलगत कोटाका सम्बन्धमा राजनैतिक दलहरूभित्र एउटा उच्च स्तरीय निकायलाई सहमति रहेको निश्चित गर्ने कार्य दिइनुपर्छ ।

दलको सूचीमा उम्मेदवारहरूको क्रमका सम्बन्धमा किटानीका साथै असहमतिका लागि दण्डहरूबिना कोटाप्रणाली प्रावधानहरू साङ्केतिक मात्र हुन्छन् । अर्कोतर्फ, निर्वाचन लैङ्गिक कोटा यी योग्यता पूरा गरेको ठाउँमा महिलाको राजनैतिक प्रतिनिधित्व वृद्धि गर्न विश्वभरि नै अति प्रभावशाली सिद्ध भएको छ ।

## ५. निष्कर्ष

१. कोटा प्रणालीको उद्देश्य महिलाहरूको राजनैतिक प्रतिनिधित्वमा व्यापक वृद्धि ल्याउनु हो ।

२. सफल कोटा प्रणालीले निम्नलिखित अवस्थाहरूतर्फ उन्मुख गराउँछ :

- कोटा पूर्ति गर्नका लागि यथेष्ट सङ्ख्यामा योग्य उम्मेदवारहरू आफूसँग हुनका लागि राजनैतिक दलहरूद्वारा सक्रियरूपले महिला पदपूर्ति,
- केही साङ्केतिकको बदला ठूलो सङ्ख्याका अल्पसङ्ख्यक महिलाहरु जो राजनैतिक आदर्शहरू र संस्कृतिमाथि प्रभाव पार्न सक्षम हुनेछन् र
- व्यक्तिको रूपमा निर्णय लिने प्रक्रियामाथि प्रभाव पार्ने सम्भावना भएका वा खास दृष्टिकोण र सरोकार भएका महिलाहरू ।

३. महिलाहरूका लागि ३० प्रतिशत सिट निश्चित गर्ने नियमहरू पारित गर्नुमात्र पर्याप्त हुँदैन । कोटा प्रणाली कार्यान्वशयन गर्ने अर्को चरण महत्त्वपूर्ण छ । कार्यान्वयनका सम्बन्धमा निम्नलिखित कुराहरू मनन गर्नुपर्छ :

- कोटा प्रणालीका नियमहरू जति अस्पष्ट हुन्छन् त्यत्ति नै बढी तिनीहरूको कार्यान्वयन नहुने जोखिम हुन्छ । उम्मेदवारहरूका निमित्त कोटा प्रणालीले बढी महिला निर्वाचित हुने अवस्थातर्फ स्वतः अगाडि बढाउँदैन ।
- कोटा प्रणालीलाई सफलतापूर्वक कार्यान्वयन गर्न महिला सङ्गठनहरू र अन्य समूहको दबाब आवश्यक छ ।
- कोटा प्रणालीका निमित्त आवश्यक योग्यतामा असम्मतिका लागि दण्ड व्यवस्था हुनै पर्छ ।

४. कोटा प्रणालीका समर्थकहरूको विश्वास वा त्यसबाट आशा गरेका कुराहरूका विपरीत धेरै राष्ट्रमा महिलाहरूका निमित्त कोटाबारे प्रत्येक निर्वाचन प्रक्रियाका साथ पटक पटक द्वन्द्वहरु दोहोरिएर आएका देखिन्छन् । कोटा प्रणाली लागू गराइएका सम्बन्धमा उद्दण्डता चर्काचर्कीहरू भएका अन्य राष्ट्रमा कोटा प्रणाली यथास्थानमा भएपछि द्वन्द्वहरू समाप्त भए । तर, विश्वका अन्य भूभागहरूमा बिना कुनै विवाद लैङ्गिक कोटा लागू गरिएका पनि छन् ।

५. महिलाका निमित्त समावेश गरिएको कोटाले महिलाका निमित्त राजनीतिमा रहेका सबै अवरोधलाई निर्मूल पार्दैन भन्ने कुराको हेक्का राख्नु महत्त्वपूर्ण छ । कोटाको वृद्धिसँगै महिला राजनीतिज्ञहरूको अपकीर्तिकरणको वृद्धि हुन पनि सक्छ । पारिवारिक जीवन, घर व्यवहार र राजनीतिबीच संयोजनमा रहेको कठिनाइ अझ पनि महिलाको पूर्ण नागरिक अधिकारमा एउटा गम्भीर अवरोध रहेको छ । अरू, राजनैतिक प्रतिनिधित्व एक्लै हुन सक्दैन तर त्यो समग्र समाजमा आवश्यक आर्थिक-सामाजिक परिवर्तनहरूका साथ समपूरक भएको हुनुपर्छ ।

संसदमा महिला प्रतिनिधित्वमा वृद्धि गर्न कुनै एउटा मात्र उपाय नभए तापनि कोटा र निर्वाचन प्रणालीसम्बन्धी छलफलले केही महत्त्वपूर्ण विकल्पहरूतर्फ इङ्गित गर्छ । गल्तीबाट सिक्दै र धेरै वर्ष पुराना प्रयोगहरूको परिणामस्वरूप केही राष्ट्रले निश्चित प्रावधानहरूलाई परिष्कृत गरेका छन् । यस क्षेत्रमा भविष्यमा गरिने प्रयोगका निमित्त ती अनुभवहरूलाई विश्वभरिका महिलाहरूको निमित्त उपलब्ध गराएर हामीले केही मार्गदर्शन र निर्देशनहरू उपलब्ध गराउने आशा राखेका छौँ । अर्को अध्यायमा, संसदमा बहाल रहेका महिलाहरूतर्फ हेर्नेछौँ र आफ्नो प्रभावकारितालाई वृद्धि गर्नका निमित्त तिनीहरूले के गर्न सक्छन् भन्नेबारे छलफल गर्नेछौँ ।

## पादटिप्पणी

१ Dahlerup, Drude and Lenita Freidenvall, 2005. 'Quotas as a "Fast Track" to Equal Representation for Women'. *International Feminist Journal of Politics.* Vol. 7, no. 1, pp. 26–48.

२ Dahlerup and Freidenwall 2005, op. cit.

३ Electoral gender quotas in all major regions of the world are compared in Dahlerup, Drude (ed.), forthcoming 2006. *Women, Quotas and Politics.* London: Routledge.

४ The 'effectiveness' of women politicians is discussed further in Dahlerup, forthcoming 2006 (op. cit.), and in Hassim, Shireen, 2003. 'Representation, Participation and Democratic Effectiveness: Feminist Challenges to Representative Democracy in South Africa', in A. M. Goetz and S. Hassim (eds). *No Shortcuts to Power: African Women in Politics and Policy Making.* London: Zed Books, pp. 81–109.

## सन्दर्भ सामग्रीहरू र थप अध्ययन सामग्री


Ballington, Julie (ed.), 2004. *The Implementation of Quotas: African Experiences.* Stockholm: International IDEA

Dahlerup, Drude, 1988. 'From a Small to a Large Minority: Women in Scandinavian Politics'. *Scandinavian Political Studies.* Vol. 11, no. 4, pp. 275–98

— (ed.), forthcoming 2006. *Women, Quotas and Politics.* London: Routledge

— and Lenita Freidenvall, 2005. 'Quotas as a "Fast Track" to Equal Representation for Women'. *International Feminist Journal of Politics.* Vol. 7, no. 1, March, pp. 26–48

Hassim, Shireen, 2003. 'Representation, Participation and Democratic

Effectiveness: Feminist Challenges to Representative Democracy in South Africa', in A. M. Goetz and S. Hassim (eds). *No Shortcuts to Power: African Women in Politics and Policy Making.* London: Zed Books, pp. 81–109

International IDEA, 2003. *The Implementation of Quotas: Asian Experiences.* Stockholm: International IDEA

— 2003. *The Implementation of Quotas: Latin American Experiences.* Stockholm: International IDEA

— and Stockholm University, Global Database of Electoral Quotas for Women, available at <http://www.quotaproject.org>

Inter-Parliamentary Union (IPU), 'Women in National Parliaments', available at <http://www.ipu.org>

A series of country case studies on electoral quotas collected by International IDEA is available at International IDEA and Stockholm University, Global Database of Electoral Quotas for Women, available at <http://www.quotaproject.org/case_studies.cfm>

A series of working papers on quotas produced by Stockholm University is available at <http://www.statsvet.su.se/quotas>

**नमुना अध्ययन : रुवान्डा**

# रुवान्डाः जहाँका महिलाहरूले आधा संसद थामेका छन्

एलिजावेथ पाउले[1]

सन् २००३ अक्टोबरमा रुवान्डाको संसदको तल्लो सदनमा महिलाहरूले ४८.८ प्रतिशत सिट जिते ।[2] संसदमा पुरूष र महिला प्रतिनिधित्वमा करिब समानता प्राप्त गरेर यो सानो राष्ट्रका संसदमा निर्वाचित महिलाहरूको सङ्ख्याका दृष्टिले अहिले विश्वका सबै राष्ट्रमध्ये पहिलो दर्जामा पुगेको छ ।

रुवान्डाको भरखरैको इतिहासका सम्बन्धमा महिला सहभागिताको प्रतिशत सबैभन्दा स्मरणीय रहेको छ । सन् १९६१ मा बेल्जियमबाट स्वतन्त्रता प्राप्तिका साथ रुवान्डाली महिलाहरूलाई मताधिकारका साथै निर्वाचनमा उठ्ने अधिकार समेत दिइयो । सन् १९६५ मा गठित पहिलो संसदमा महिला सदस्यले पनि सेवा दिन सुरु गरे ।[3] यद्यपि, सन् १९९० को दशकको प्रारम्भमा भएको गृहयुद्ध र सन् १९९४ को नरसंहार हुनुभन्दा पहिले राष्ट्रको संसदमा रुवान्डाली महिलाहरूले १८ प्रतिशतभन्दा बढी सिट कहिले पनि ओगटेनन् ।[4]

रुवान्डामा हुतु अतिवादीहरूले तुत्सी अल्पसङ्ख्यक र हुतु मध्यमार्गीहरूविरुद्ध गरेको सन् १९९४ को नरसंहारबाट करिब ८,००,००० मानिसको हत्या भयो (त्यहाँको जनसङ्ख्याको दस भागको एक भाग), बाँचेकाहरूलाई स्तब्ध बनायो र संसद भवनलगायत राष्ट्रको पूर्वाधार ध्वस्त पारियो । १०० दिनसम्म कायम रहेको त्यो कत्लेआम हुतुको प्रभुत्वको राष्ट्रप्रमुख जुभिनाल हाव्यारिमानाको शासन व्यवस्थामाथि चारवर्षे गृहयुद्धमा संलग्न रहेको तुत्सी आधिपत्य रहेको रुवान्डान पेट्रोयोटिक फ्रन्ट (आरपीएफ) ले सन् १९९४ जुलाईमा सेनाद्वारा विजय प्राप्त गरेपछि समाप्त भयो । एकताका एउटा विरोधी आन्दोलन र गुरिल्ला सेना रहेको आरपीएफ अहिले प्रभुत्व जमाएको (तर एक मात्र होइन) तुत्सी राजनैतिक दल भएको छ । रुवान्डामा आज यो सत्तामा रहेको छ ।

आमनरसंहार पछि सन् १९९४ देखि २००३ सम्मको सङ्क्रमणकालीन सरकारको नौ वर्षे शासनकालमा संसदमा महिला प्रतिनिधित्व (नियुक्तिद्वारा) २५.७ प्रतिशतमा पुग्यो र लैङ्गिक आधारमा संवेदनशील नयाँ संविधान लागू गरियो । तर आमनरसंहार पछि सन् २००३

को पहिलो संसदीय निर्वाचनमा महिलाले करिब ५० प्रतिशत प्रतिनिधित्व हासिल गरेको देख्न पाइयो ।

महिलाहरूका निमित्त नाटकीय उपलब्धिहरू हुनु महिलाको राजनैतिक सहभागिता वृद्धि गर्न प्रयोग गरिएका खास संयन्त्रहरू, त्यसमध्ये संवैधानिक सुनिश्चितता, कोटा प्रणाली र नवीन निर्वाचन सरंचनाको एउटा परिणाम हो । यस घटना अध्ययनले ती संयन्त्रहरूबारे, खास गरेर महिलाको राजनैतिक प्रतिनिधित्व र महिलाको सङ्गठित आन्दोलनबीचको सम्बन्ध, नरसंहारपछिको रुवान्डामा लैङ्गिक भूमिकाहरूमा भएका अर्थपूर्ण परिवर्तनहरू र लैङ्गिक मुद्दाहरूप्रतिको रुवान्डाको सत्तासीन दल (आरपिएफ) को वचनबद्धतामाथि केन्द्रित भएर तिनीहरूको उद्‌गमलाई व्याख्या गर्ने प्रयास गर्नेछ । यसले रुवान्डाका महिला सांसदहरूले गरेका केही उपलब्धि तथा भविष्यमा तिनीहरूका निमित्त रहेका चुनौतीहरूलाई पनि संक्षिप्त रुपमा प्रस्तुत गर्नेछ ।

## ***संवैधानिक खाका***

आमनरसंहारपछिको सङ्क्रमणकालको अन्त्यको नजिकमा सन् २००० मा रुवान्डाले नयाँ संविधानको मस्यौदा तयार पार्ने कार्य गऱ्यो र १२ सदस्यीय नयाँ संविधान आयोग गठन गऱ्यो । आयोगमा नागरिक समाजको एक मात्र प्रतिनिधिसमेत रहेकी एकजना जुडिथ कानाकुजेलगायत त्यस तीनजना महिला सदस्य थिए । तिनले आयोगमा रहँदा 'लैङ्गिक विज्ञ' को रूपमा र आफ्नो प्राथमिक निर्वाचन क्षेत्र (रुवान्डामा महिलाहरूको आन्दोलन) को सम्पर्क सूत्रको रूपमा समेत महत्त्वपूर्ण भूमिका खेलिन् ।[५]

त्यस आयोगलाई संविधानको मस्यौदा तयार गर्ने, त्यस मस्यौदालाई विचार माग्न र त्यस दस्तावेजको महत्त्व तथा मुख्य विचारहरूबारे जनतालाई संवेदनशील बनाउने गरी तर्जुमा गरिएको परामर्श शृङ्खलामा जनताका माझ लैजाने जिम्मेवारी दिइएको थियो ।[६] रुवान्डाका धेरैजसो निरक्षर जनसङ्ख्यासँग गरिएको विचारविमर्शको विषय र प्रक्रिया दुवैमाथि राजनैतिक सम्भ्रान्तहरूको नियन्त्रण रहेको भए तापनि कम्तीमा देखावटी रुपमा नै भए पनि त्यो एउटा सहभागिताको प्रक्रिया थियो र यस सहभागिताको प्रकृतिले महिलाहरू र महिला सङ्गठनहरूद्वारा महत्त्वपूर्ण सल्लाह-सुझावका लागि अनुमति दिएको थियो ।[७]

समानता त्यस नयाँ दस्तावेजको जगको रूपमा रहेको होस् भन्ने निश्चित गर्न महिला आन्दोलनहरू संविधानको मस्यौदा तयार गर्ने कार्यको वरिपरि परिचालित भए । छाता सङ्गठन, कलेक्टिफ्स प्रो फेमिस/ट्वेसे हाम्वे (प्रो फेमिस) र यसका सदस्य गैरसरकारी संस्थाहरूले त्यस प्रक्रियालाई सहयोग पुऱ्याउन दबाब सृजना गरे र महिला सांसदहरू तथा लैङ्गिक एवं विकासमा महिला मन्त्रालयसँगका प्रयत्नहरूलाई सावधानीपूर्वक समन्वय गरे ।

सन् २००३ मेमा रुवान्डाको नयाँ संविधान औपचारिकरूपमा लागू भयो ।[८] यसले लैङ्गिक समानताप्रतिको वचनबद्धतालाई पवित्र मानेर राखेको छ । उदाहरणका लागि यसको प्रस्तावनामा खास सन्दर्भका साथ सन् १९७९ को महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्नेबारेको महासन्धि (CEDAW) लगायत रुवान्डाले हस्ताक्षर गरेका विभिन्न अन्तरराष्ट्रिय

मानवअधिकारका संयन्त्रहरू र सन्धिहरूबारे उल्लेख रिएको छ । यसले 'राष्ट्रको विकासमा रुवान्डालीहरूबीच र लैङ्गिक समानताबारे कुनै पूर्वाग्रहबिना महिला तथा पुरूषहरूबीच समान अधिकारको सुनिश्चितता'प्रति वचनबद्धता पनि जाहेर गरेको छ । संविधानको भाग एकले पनि रुवान्डालीहरूबीचको समानतालाई आफ्ना 'आधारभूत सिद्धान्त'हरूमध्ये एकको रूपमा स्थापना गर्छ । समानताप्रतिको यो सम्मानलाई महिलालाई 'निर्णय लिइने सम्पूर्ण अङ्ग' मा कम्तीमा ३० प्रतिशत स्थान दिएर चरणबद्ध रूपमा निश्चित गरिनुपर्छ ।

यद्यपि, यो मनन गर्नु महत्त्वपूर्ण छ कि समान अधिकार, लैङ्गिक समानता र महिलाको प्रतिनिधित्वका सम्बन्धमा रुवान्डाको संविधान अग्रगामी भए तापनि अन्य महत्त्वपूर्ण विधिहरूमा यो सीमित पार्ने खालको छ, जातीयतासम्बन्धी मुद्दा वरिपरि रहेको वाक्स्वतन्त्रतामाथिको प्रतिबन्धबारे खास सरोकारहरू उठाइँदै छन् ।

## कोटा प्रणाली र नयाँ निर्वाचन सम्बन्धी संरचना

आमनरसंहारपछि निर्वाचित कार्यालयमा महिलाहरूको सङ्ख्यामा वृद्धि गर्न नयाँ निर्वाचन सम्बन्धी धेरै संरचना लागू गराइएका छन् ।[९] सङ्क्रमणकालको अन्त्यतर्फ रुवान्डाले संसदमा महिला प्रतिनिधित्वबारे प्रयोगहरू गऱ्यो । महिला सरोकारका विषयहरूमा कार्य गर्ने जनादेशका साथ व्यापक प्रतिनिधित्वका आधारमा त्यसबेलाको एकसदनात्मक व्यवस्थापिकामा दुईजना महिला निर्वाचित भएका थिए । ती दुईजना महिला राजनैतिक दलहरूबाट नभई मुलुकभरका ग्रामीण भेगमा स्थापित महिलाहरूको परिषद्हरूको समानान्तर प्रणालीबाट आएका थिए (त्यसबारे तल विस्तृत रूपमा वर्णन गरिएको छ) ।

सन् २००३ को संविधानले सरकारका सबै संरचनामा महिलाले ओगट्ने सिट सङ्ख्यामा उल्लेख्य मात्रामा वृद्धि गऱ्यो ।

### सिनेट

रुवान्डाको (हालको) द्विसदनात्मक व्यवस्थापिकाको माथिल्लो सदन सिनेटमा आठ वर्षको कार्यअवधिका निमित्त २६ जना सदस्य निर्वाचित वा नियुक्त हुन्छन् । सिनेटका केही सदस्य प्रान्तीय र क्षेत्रीय परिषद्हरूद्वारा निर्वाचित हुन्छन् भने अरुहरू राष्ट्रप्रमुख र अन्य निकाय (उदाहरणका लागि राष्ट्रिय विश्वविद्यालय) बाट नियुक्त हुन्छन् । संविधानमा व्यवस्था भएअनुसार महिलाहरूले सिनेटमा ३० प्रतिशत सिट ओगट्छन् ।

### प्रतिनिधिहरूको सदन *(The Chamber of Deputies)*

रुवान्डाली व्यवस्थापिकाको तल्लो सदन च्याम्बर अफ डिप्युटिज हो । त्यहाँ पाचँ वर्षे कार्यकालसहितका ८० जना सदस्य हुन्छन् । तीमध्ये ५३ जना समानुपातिक प्रतिनिधित्व प्रणाली (पीआर) द्वारा प्रत्यक्ष निर्वाचित हुन्छन् । बाँकी रहेका सिटहरूका निम्ति निम्नानुसार निर्वाचन हुन्छ : प्रत्येक प्रान्त र राजधानी सहर किगालीबाट महिलाद्वारा २४ जना (३० प्रतिशत) डिप्युटीहरू निर्वाचित हुन्छन्, दुईजना राष्ट्रिय युवा परिषद्द्वारा निर्वाचित हुन्छन् र एकजना अपाङ्ग संघहरूको महासंघद्वारा निर्वाचित हुन्छन् ।

महिलाहरूका निमित्त आरक्षित २४ वटा सिटमा महिलाहरू मात्र निर्वाचन लड्छन् अर्थात् निर्वाचनमा महिलाहरू मात्र उठ्न सक्छन् र महिलाहरूले मात्र मतदान गर्न पाउँछन् । महिलाहरूको सिटका निमित्त हुने निर्वाचनको समन्वय महिलाहरूको परिषद्को राष्ट्रिय प्रणालीद्वारा गरिएको थियो र त्यो सन् २००३ को आमचुनाव सम्पन्न भएको हप्तामा नै भएको थियो । उल्लेख्य कुरा यो छ कि च्याम्बर अफ डिप्युटिजले २४ वटा आरक्षित सिटका अतिरिक्त खुला प्रतिष्पर्धाका सिटहरूमा भएको निर्वाचनमा थप १५ जना महिलाहरू पायो ।

यसप्रकारले ८० वटा सिटमध्ये महिलाहरूको जम्मा ३९ वटा (४८.८ प्रतिशत) सिट थिए ।

***महिला परिषदहरू***

आमनरसंहारको लगत्तै लैङ्गिक तथा विकासमा महिला मन्त्रालयले सर्वप्रथम महिला परिषद्को एउटा राष्ट्रिय प्रणाली स्थापना गरेपछि तिनीहरूको भूमिका विस्तार गरिएको छ । महिला परिषद्हरू सेल तह (सबैभन्दा सानो प्रशासनिक एकाइ) मा महिलाहरूद्वारा मात्र निर्वाचित सबैभन्दा तल्लो तहका एकाइहरु हुन् । त्यसपछि प्रत्येक अगिल्ला प्रशासनिक स्तर (क्षेत्र, जिल्ला र प्रान्त) हरूमा अप्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित संरचनाहरू हुन्छन् । तिनीहरू सामान्य स्थानीय परिषद्हरुको समानान्तर रूपले सञ्चालित हुन्छन् र महिला सरोकारका विषयहरूको प्रतिनिधित्व गर्छन् । दस सदस्यीय परिषद्हरू स्थानीय स्तरमा सीप विकास तालिम दिन र महिला अधिकारबारे चेतना वृद्धि गर्न संलग्न रहेका छन् । महिला सरोकारका विषयहरूको औपचारिक प्रतिनिधित्वको र दुई प्रणालीबीचको सम्पर्क कायम गराउन महिला परिषद्का प्रमुखले सामान्य स्थानीय परिषद्मा आरक्षित सिट पाउँछन् ।

महिला परिषद्बाट निर्वाचित संसद सदस्य वेर्थ मुकामुसोनी यस प्रणालीको महत्त्वलाई यसरी व्याख्या गर्नुहुन्छ :

> हाम्रो राष्ट्र र समाजको इतिहासमा महिलाहरू पुरूषसँग सार्वजनिक स्थानमा जान सक्दैनथे । पुरूषहरू भएको स्थानमा आफ्ना आवश्यकताबारे महिलाहरूले बोल्नु हुँदैन भन्ने सोचिन्थ्यो । उनीहरूका लागि पुरूषहरूले सोच्थे र बोल्थे । यसप्रकार (महिला परिषद्हरूका साथ) यो एउटा परिचालन गर्ने संयन्त्र भएको छ । यसले (महिलाहरूलाई) प्रशिक्षित गराएको छ ...यसले तिनीहरूमा केही आत्मविश्वास (को स्तर) बढाएको छ, जस्तो कि आमनिर्वाचन नजिक आउँदा महिला (परिषद्) मा एउटा विषयसूची बन्छ । 'नागरिकको रूपमा महिला भएर तपाईंले उठ्नका लागि, अभियान सञ्चालन गर्नका लागि, उम्मेदवारी दिनका लागि, अन्य महिलालाई सहयोग गर्नका लागि लाग्नुपर्छ ।' तिनीहरूले नेतृत्वसम्बन्धी आत्मविश्वास प्राप्त गरेका छन् ।[१०]

लोकतन्त्रीकरण र तल्लो तहमा संलग्नताका सम्बन्धमा महिला परिषद्हरू महत्त्वपूर्ण भए पनि स्रोतको कमीले तिनीहरूको प्रभावलाई अधिकतम पार्नमा अवरोध पुऱ्याउँछ र तिनीहरू राष्ट्रभरि एकनासले सक्रिय भएका छैनन् । स्थानीय महिला परिषद्का सदस्यहरू वैतनिक होइनन् अनि आफ्नो वैतनिक कार्य र पारिवारिक उत्तरदायित्वहरू सम्पादन गर्नुका अतिरिक्त तिनीहरूले स्वेच्छिक सेवा गर्नु पर्ने भएकाले परिषद्हरू हुनसक्ने भन्दा कम प्रभावकारी

रहेका छन् । तैपनि, यी तल्लो तहका परिषद्हरूमा महिलाहरू नयाँ राजनैतिक स्थान बनाउन सफल भएका छन् । अनि सन् २००३ को संविधानले प्रतिनिधिहरूको सदनमा महिलाका निमित्त आरक्षित सिट पूर्ति गर्न यी संरचनाहरू तय गरेर तिनीहरूको महत्त्वलाई वृद्धि गरेको छ ।

## ससंदमा महिलाहरूको बढ्दो उपस्थिति अभिवृद्धि गर्ने कारक तत्वहरू

### महिला आन्दोलन र नागरिक समाजको परिचालन

आमनरसंहारपश्चात्, समाज र सरकार छिन्नभिन्न भएको बखत भावनात्मक रूपले नराम्रो धक्का लागेको जनसङ्ख्याको बीचमा कतिपय अत्यावश्यक सेवाहरू प्रदान गर्दै महिला गैरसरकारी संस्थाहरूका खाली स्थान पूर्ति गर्न तुरुन्तै प्रवेश गरे । सन् १९९२ मा स्थापित छाता सङ्गठन प्रो फेमिसलाई पुनःसंस्थागत गर्न बहुजातीय आधारमा महिलाहरू एकै स्थानमा आए । सन् १९९२ मा १३ वटा महिला गैरसरकारी संस्थाका क्रियाकलापलाई समन्वय गर्ने प्रो फेमिसले अहिले त्यस्ता ४० भन्दा बढी संस्थालाई समन्वय गर्छ ।[११] यो विशेष गरेर महिलाका क्रियाकलापहरूलाई सङ्गठित बनाउन, महिलाका राजनैतिक सहभागितासम्बन्धी मुद्दाहरूबारे सरकारलाई सल्लाह दिन र मेलमिलाप प्रवर्द्धन गर्नमा प्रभावकारी रहेको छ ।

रुवान्डाको नागरिक समाजका महिलाहरूले नागरिक समाज (प्रो फेमिसद्वारा प्रतिनिधित्व गरिएको), कार्यकारिणी शाखा (लैङ्गिक र विकासमा महिला मन्त्रालय) र संसदीय शाखा (महिला सांसदहरूको मञ्च) का बीच वकालतलाई समन्वय गर्न तीन आयामको संयन्त्रको विकास गरेका छन् ।

यस संयन्त्रको प्रभावकारिताको एउटा उदाहरण लगभग नयाँ संविधानको प्रमाणीकरणताका सुरुआत गरिएको रुवान्डाली महिला आन्दोलनको प्रक्रिया हो । त्यसबेला प्रो फेमिसले आफ्ना सदस्य गैरसरकारी संस्थाहरू र ग्रामीण महिलाहरूसँग नयाँ संविधानका सम्बन्धमा सरोकार, रुचि र सुझावहरूका सम्बन्धमा परामर्शहरू गरे । त्यसपछि सदस्यका सरोकारहरूको विवरण प्रस्तुत गर्न तिनीहरूले लैङ्गिक र विकासमा महिला मन्त्रालयका प्रतिनिधिहरू र महिला सांसदहरूको मञ्चसँग भेट गरे । ती तीनवटा क्षेत्रले संविधानलाई लैङ्गिक संवेदनशील बनाउन र सरकारमा महिला प्रतिनिधित्व वृद्धिका निम्ति गर्नुपर्ने खास कारबाहीहरू सिफारिस गर्न एउटा नीतिपत्रमा संयुक्त रुपमा योगदान गरे जसलाई संविधान आयोगमा पेस गरियो । मस्यौदा संविधानले तिनीहरूको सरोकारलाई यथेष्टरूपले प्रतिबिम्बित गरिसकेपछि प्रो फेमिस राष्ट्रव्यापी जनमत सङ्ग्रहमा त्यस दस्तावेजलाई पारित गर्नको लागि समर्थन गर्न महिलाहरूलाई प्रोत्साहन गर्दै तिनलाई परिचालन गर्ने एउटा अभियानमा संलग्न भयो ।

प्रो फेमिस सरकारको कार्यकारी र संसदीय शाखाहरूमा रहेका महिलासँग समन्वय गर्ने संयन्त्रमार्फत् महिला आन्दोलनसँग शक्तिशाली आवाज बनेको छ । अन्तरराष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) ले सन् २००२ मा तयार पारेको एउटा प्रतिवेदनले सीमित क्षमता, समन्वयका समस्याहरू र सरकारद्वारा अत्यधिक नियन्त्रणलगायत रुवान्डाली

नागरिक समाजले सामना गर्नुपरेका चुनौतीलाई पहिचान गऱ्यो[१२] तर जननीतिलाई आकार दिनमा प्रो फेमिसले खेल्ने गरेको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गऱ्यो । त्यस अध्ययनले रुवान्डामा महिलाका गैरसरकारी संस्थाहरू नागरिक समाजका 'सबैभन्दा सशक्त क्षेत्र' रहेको र प्रो फेमिस प्रभावकारी जन वकालतको भूमिका भएको रुवान्डाली नागरिक समाजमा रहेका थोरै सङ्गठनहरूमध्येको एक हो भन्ने टुङ्गो लगायो ।[१३] यसको प्रभावकारिता सरकारमा संलग्न महिला पदाधिकारीहरूसँग निर्माण गरिएको उच्चतहको समन्वयात्मक र सहयोगात्मक सम्बन्धको एउटा परिणाम हो । दुर्भाग्यवश, त्यस निकट सम्बन्धले प्रो फेमिसको स्वतन्त्रता र सरकारलाई आलोचना गर्न सक्ने त्यसको क्षमतासँग सम्झौता गरेको छ ।

### *परिवर्तनशील लैङ्गिक भूमिका*

प्रभावकारी महिला आन्दोलनका अतिरिक्त संसदमा पुगेका महिलाका निमित्त नाटकीय उपलब्धिहरूलाई आमनरसंहारपछिको रूवान्डामा आएको लैङ्गिक भूमिकामा महत्त्वपूर्ण परिवर्तनद्वारा पनि खुट्याउन सकिन्छ । आमनरसंहारका जातीयताका आधारमा मात्र होइन महिलाहरूलाई लैङ्गिक कारणले पनि सिकार बनाइएको थियोः तिनीहरू बलात्कार, बलजफ्ती हाडनाता करणी र स्तनबली जस्ता यौनजन्य आक्रमण र यातनाको निमित्त विवश गराइएका थिए । आमहत्याबाट बाँचेका महिलाहरू भन्नै नसकिने क्रूरताको साक्षी बने अनि तिनीहरुले आफ्ना श्रीमान्, बालबच्चा, आफन्तहरूका साथै समुदाय समेत गुमाए । यस हिंसाका अतिरिक्त, महिलाहरूले आफ्नो जीविकाको साधन र धनसम्पत्ति गुमाए, तिनीहरू घरबाट विस्थापित भए अनि आफ्नो परिवार बिछोडिएको देखे । वितण्डाको लगत्तै जनसङ्ख्याको ७० प्रतिशत महिला (महिला र बालिकाहरू) को थियो ।[१४] जनसङ्ख्याको यस असन्तुलनमा ध्वस्त भएका परिवार र समुदायहरूको आवश्यकता पूरा गर्दै महिलाले तुरुन्तै घरमूलीहरू, समुदायका नेतृहरू र आर्थिक सहयोगीको भूमिका निर्वाह गरे । आमनरसंहारले महिलाहरूलाई आफूबारे फरक ढङ्गले सोच्न बाध्य तुल्यायो र धेरै घटनामा तिनीहरूले यस्ता सीप प्राप्त गरे जो अन्य अवस्थामा प्राप्त गर्ने थिएनन् । अहिले रुवान्डामा महिला जनसंख्या त्यहाँको जनसङ्ख्याको ५४ प्रतिशत भाग ओगट्दै बहुमतमा छ र राष्ट्रको उत्पादक क्षमतामा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका मतमा छन् ।

महिलामाथिका अत्यधिक बोझहरू र तिनीहरूका असाधारण योगदान रूवान्डाका सार्वजनकि बहसहरुका ठूला हिस्सा रहेका छन् । सन् २००३ अप्रिलमा प्रारम्भिक निर्वाचनहरूबारे बोल्दै त्यहाँका राष्ट्रप्रमुख पाउल कागामेले भन्नुभयो- 'हामीले महिलाहरूलाई आफूलाई उम्मेदवारको रूपमा प्रस्तुत गर्न र तिनीहरूको सरोकारलाई रक्षा गर्ने लैङ्गिक संवेदनशील पुरूषलाई महिलाहरुलाई मतदान गर्नका निमित्त अपिल गर्ने कार्यलाई निरन्तरता दिनुपर्छ ।' उहाँले भन्नुभएको थियो - 'महिलाको न्यून प्रतिनिधित्वले निर्वाचित प्रतिनिधिहरूलाई तिनीहरूको मतदान क्षेत्रको एउटा हिस्सबाट टाढै राख्छ र राजनैतिक निर्णयहरूको वैधतामाथि असर पार्छ ...त्यस कारण राजनीतिमा महिलाहरूको बढ्दो सहभागिता तिनीहरूको परिवारको र समग्र राष्ट्रको सुधारिएको सामाजिक, आर्थिक र राजनैतिक अवस्थाहरूका निमित्त आवश्यक छ ।'[१५]

### रुवान्डन पाट्रियोटिक फ्रन्ट (आरपीएफ) को वचनबद्धता

आमनरसंहारपछिको पुनर्प्राप्ति र पुनर्संरचनाका लागि रुवान्डाली सरकारले र विशेष गरेर सत्तामा रहेको आरपिएफले महिला समावेशितासम्बन्धी कार्यक्रमको एउटा उत्तम लक्ष्य बनाएको छ।[१६] अभिप्राय र कार्यक्षेत्र दुवैमा यो पद्धति विलक्षणको छ। अध्याय अध्याय गरेर यसको अझ बढी अध्ययन गर्नु आवश्यक छ किनभने महिला समावेशी विकासशील राष्ट्रमा थोपरिएको नितान्त 'पश्चिमी' मान्यता हो भन्ने मान्यतासँग यसले विमति राख्दछ।

राष्ट्रको शासन व्यवस्थामा महिलालाई समावेश गर्ने सरकारको निर्णय धेरै कारक तथ्यहरुमा आधारित छ। आरपीएफका उगान्डाका लैङ्गिक समानतासम्बन्धी मुद्दाहरूबारेको समावेशी नीतिप्रति धेरै ऋणी छ, जहाँ यसका धेरै सदस्यहरुले निर्वासनमा वर्षौं बिताएका थिए। संसदमा महिलालाई २० प्रतिशत सिट सुनिश्चित गर्नका लागि उगान्डाले आरक्षित सिट प्रणाली प्रयोग गर्छ। ५६ निर्वाचन क्षेत्र र प्रत्येक निर्वाचन क्षेत्रबाट एउटा सिट महिलाका निमित्त आरक्षित गरिएको छ। दक्षिण अफ्रिकाको अफ्रिकन नेसनल कंग्रेस (एएनसी) का महिलाहरूको योगदान र सफलतासँग आरपीएफका महिला र पुरूष यस प्रणालीसँग सुपरिचित रहेका थिए। आन्दोलनको सफलताका लागि महिलाहरूले यसका आफ्नै तहहरूभित्र पनि महत्त्वपूर्ण भूमिका खेले। निर्वासित आन्दोलनको रूपमा वर्षौंदेखिको सशस्त्र द्वन्द्वहरूद्वारा आरपीएफका सुरुआतका दिनहरूदेखि नै तिनीहरूले महत्त्वपूर्ण भूमिका खेले। यस्तो संलग्नताले तिनीहरूलाई सङ्क्रमणकालमा महिला समावेशिताको पक्षमा समर्थन गर्न र नयाँ संविधानमा तिनीहरूका उपलब्धिहरूलाई सुदृढ बनाउनका निमित्त एउटा मञ्च उपलब्ध गरायो।

आरपीएफको मुक्ति अलङ्कार यसका आफ्नै सदस्यहरूद्वारा अँगालिएको थिए र महिलाको ऐतिहासिक बहिष्करणका साथै तुत्सी अल्पसङ्ख्यकमा लागू गरिरको थियो, यो लैङ्गिक संवेदनशीलता अहिले सरकारी नीति बनेको छ। लैङ्गिक र विकासमा महिला मन्त्रालयका अधिकारी जोहन मुतुम्बाले व्याख्या गरेअनुसार 'निर्वासनमा हुर्केमा पुरूषहरुले विभेदको अनुभव जानेका छन्। लैङ्गिक विषय अहिले हाम्रो राजनैतिक सोचाइको एक भाग भएको छ। सामाजिक भिन्नता भएका हाम्रो जनसङ्ख्याका सम्पूर्ण अवयवलाई हामी प्रशंसा गर्छौं किनभने हाम्रो राष्ट्रले एउटा समूहलाई बहिष्करण गर्नुको अर्थ के हो भन्नेबारे देखेको छ।'[१७] लैङ्गिक समानताको सिद्धान्त अँगालेको आरपीएफका सदस्यहरूले आमनरसंहार पछिको रुवान्डामा लैङ्गिक संवेदनशील शासन व्यवस्थाका संरचनाहरूको विकासबारे सूचित गरेका छन्।

सङ्क्रमणकालीन अवधिमा रुवान्डामा कोटाको व्यवस्था हुनुभन्दा पहिला आरपीएफले महिलाहरूलाई व्यवस्थित रूपले संसदमा नियन्त्रण गरेका सिटहरूमध्ये करिब ५० प्रतिशतसम्ममा नियुक्त गर्‍यो। महिला नियुक्तिहरूमा अन्य राजनैतिक दलहरू पछि नै परे त्यसैकारणले सङ्क्रमणकालीन अवधिमा महिलाहरूले संसदको २५.७ प्रतिशतभन्दा बढी स्थान कहिल्यै पनि बनाउन सकेनन्।

सङ्क्रमणकालीन सरकारमा आरपीएफको प्रभुत्व रहेको थियो र सन् २००३ अगस्टको

सङ्क्रमणकालपछिका राष्ट्रप्रमुख पउल कागामेको निर्वाचन र सन् २००३ अक्टोबरमा नयाँ संसदको स्थापनापछि मात्र यसले शक्तिमाथिको आफ्नो पकडलाई सुदृढ बनायो । यसका गठबन्धनका दलहरूकासाथ आरपीएफले च्याम्बर अफ डिप्युटिजमा खुलारूपमा प्रतिस्पर्धाका ७३.८ प्रतिशत सिटमा नियन्त्रण गर्छ । महिला सिटहरूमा राजनैतिक दलहरूद्वारा प्रतिस्पर्धा गरिएको थिएन तर पर्यवेक्षकहरूले आरोप लगाएअनुसार आरक्षित सिटहरूका बहुसङ्ख्यक महिलाहरू पनि आरपीएफप्रति सहानुभूति राख्थे । फ्रिडम हाउसले गरेको राष्ट्रहरूसम्बन्धी हालैको सर्वेक्षणमा राजनैतिक अधिकार र नागरिक स्वतन्त्रताका सम्बन्धमा रुवान्डालाई 'स्वतन्त्र नरहेको' श्रेणीमा छ ।[१९] आफ्ना लोकतान्त्रिक संघसंस्थाहरूमा सहभागी हुने क्षमताका लागि तिनीहरू पूर्ण लोकतान्त्रिक नरहेको राजनैतिक दलप्रति आभारी हुने भएकाले र त्यो राज्यबाट साँचो अर्थमा स्वतन्त्र हुन नसक्ने भएकोले यसले रुवान्डाली महिला र महिला आन्दोलनलाई अनिश्चित दर्जामा राख्छ ।

## *उपलब्धि र भविष्यका चुनौतीहरू*

पुरूष समकक्षीले गर्ने सम्पूर्ण कार्य गर्नुका अतिरिक्त रुवान्डाको संसदका महिला सदस्यहरुले अन्तरराष्ट्रिय आर्थिक सहयोग र समर्थनमा महिला सांसदहरूको मोर्चा वा समूह बनाएका छन् । रूवान्डामा यो त्यसप्रकारको पहिलो समूह हो, जहाँ दलगत भिन्नताका सदस्यहरू मुद्दाहरूको समूहमा एकसाथ कार्य गर्छन् । संसद सदस्य कोनी ब्यिजा सिकामाना व्याख्या गर्नुहुन्छ - 'जब समूहको कुरा आउँछ, कुनै राजनैतिक दलहरूसँग सरोकार नराखी हामी महिलाको रूपमा एक हुन्छौं । यसप्रकार हामी हाम्रो दलबारे सोच्दैनौ । महिलाका रूपमा हामी माथि आइपर्ने चुनौतीहरुका बारेमा सोच्छौ ।'[२०] समूहका धेरै भूमिका छन् : यसले प्रचलित कानुनहरुको समीक्षा गर्छ अनि विभेदपूर्ण विधेयकहरूमा संशोधनहरू प्रस्तुत गराउँछ, प्रस्तावित कानुनहरूलाई लैङ्गिक संवेदनशीलताको आँखाद्वारा परीक्षण गर्छ, महिला आन्दोलनसँग सम्पर्क गर्छ र कानुनी मुद्दाहरूबारे जनतालाई संवेदनशील बनाउन र त्यसबारे सल्लाह दिनका लागि महिला सङ्गठनहरूसँग बैठक र तालिम सञ्चालन गर्छ ।

एउटा महत्त्वपूर्ण विधायिकी उपलब्धि सन् १९९९ मा महिलालाई जग्गाको स्वामित्व प्राप्त गर्नमा अवरोध पुऱ्याउने कानुनलाई खारेज गर्नु हो । रुवान्डाली महिला सांसदहरु, जसले खास गरेर महिला आन्दोलनलाई प्रतिनिधित्व गर्ने र खुला सिटहरूमा प्रतिस्पर्धा गरेर आएका र राजनैतिक दलहरूलाई प्रतिनिधित्व गर्ने २४ जना, कानुन तर्जुमा गर्दा त्यसलाई लैङ्गिक संवेदनशील बनाउने आफ्नो उत्तरदायित्व भएको अनुभव गर्छन् ।

विश्वका अन्य भूभागमा जस्तै वृहत् प्रतिनिधित्वसँग सम्बन्धित चुनौतीहरू पनि रहेका छन् । नयाँ संसदका कतिपय सदस्यहरू अनुभवविहीन छन् । नेताहरूको रूपमा तिनीहरूले आफ्नो प्रतिस्पर्धात्मक क्षमता (को कमी) र अनुमानित सरलताको पुरातन धारणाका साथै आफ्नो पदका निमित्त नयाँ कोटाप्रति अनुग्रहित हुनुपर्छ भन्ने धारणा त्याग्नु पर्छ । स्थानीय र राष्ट्रिय दुवै तहमा महिलाका निमित्त आरक्षित सिटहरू र पुरूषहरूसँग खुल्ला प्रतिस्पर्धाद्वारा प्राप्त सिटहरूबीच स्पष्ट भिन्नता रहेको छ ।

सम्पूर्ण रुवान्डाली महिलालाई एउटा एकल निर्वाचन क्षेत्र सोच्नु भविष्यका लागि समस्यापूर्ण हुन्छ । वर्तमानमा, महिलाहरूको आन्दोलनलाई एउटा सङ्गठन प्रो फेमिसद्वारा सबैभन्दा प्रभावकारी ढङ्गले प्रतिनिधित्व गरिएको छ र महिलाहरूको आवश्यकता र प्राथमिकताहरूबारे महिला सांसदबीच ठूलो मतैक्य रहेको छ । यद्यपि, एउटा परिपक्व लोकतन्त्रमा राजनीति र अपेक्षित राजनैतिक परिणामहरूप्रति शक्तिमाथि महिलाहरूको पहुँचलाई सोझै असर पार्ने कोटा जस्तोमा समेत महिलाहरू असहमत हुन्छन् । सायद कोटा नयाँ भएकाले यसो भएको हुनसक्छ र महिला आन्दोलनमा प्रभावशाली आवाजले तिनीहरूको प्रवेशलाई त्यस्तो जोडतोडका साथ समर्थन गरेकाले तिनीहरूको उपयोगिताबारे त्यस आन्दोलनभित्र सार्वजनिक विमति नभएको हुनसक्छ ।

यद्यपि, विश्वका धेरै अन्य भूभागमा जस्तै कोटा, सुरक्षित सिट र वृहत् प्रतिनिधित्वहरू प्रथम पाइला मात्र हुन् भन्ने एउटा सोच छ । भूतपूर्व महिला मन्त्री नएलोइसी इन्युम्बा भन्नुहुन्छ : रुवान्डाको विकासको यस मोडमा रुवान्डामा महिलाहरूको ऐतिहासिक बहिष्करणका लागि क्षतिपूर्ति दिन नयाँ निर्वाचन संयन्त्र आवश्यक छ 'यदि तपाईंसँग राम्ररी पालन पोषण नगरिएकी बच्ची छिन् भने तपाईंले तिनलाई आफ्ना अन्य बालबच्चाहरूसँग तुलना गर्न सक्नुहुन्न । तसर्थ तिनलाई विशेष खाना दिनुपर्छ ।'[२१]

विशेष गरेर परम्परागत रूपमा 'महिला मुद्दा' नरहेका विषयमा महिलाहरूमाथि के प्रभाव पर्छ भनेर हेर्न बाँकी पनि रहन्छ । यी महिलाहरूले दोहोरो बोझ उठाउँछन् । तिनीहरूले मुद्दाहरूको नयाँ पंक्ति, उदाहरणका लागि परराष्ट्र मामिलाभित्र, लैङ्गिक दृष्टिकोण घुसाउने विधिहरू पत्ता लगाउनै पर्ने भएको र जहाँ आधारभूत विकासको व्यापक आवश्यकता छ, अनि अधिकार, पद र स्रोतहरू तथा शिक्षामाथिको पहुँचका सम्बन्धमा महिला अझै पनि पुरूषभन्दा पिछडिएका छन् । तिनीहरूले महिलाको निर्वाचन क्षेत्रप्रति बफादार रहनुपर्छ ।

## *निष्कर्ष*

रुवान्डाको संसदमा महिलाहरूको प्रतिनिधित्वलाई अफ्रिकामा कोटाहरूको प्रयोग अनि द्वन्द्वपछिको अवस्था गरी दुईवटा प्रवृत्तिको विशाल परिप्रेक्ष्यमा हेर्न सकिन्छ । प्राथमिक रूपले कोटाको प्रयोगद्वारा पछिल्लो ४० वर्षमा विश्वका अन्य कुनै पनि भूभागमा भन्दा सब सहारन अफ्रिकामा संसदमा महिलाहरूको सङ्ख्याको वृद्धि दर तीब्र रहेको छ ।[२२] अनि, अन्तर्व्यवस्थापिका संघ (IPU) का अनुसार पछिल्ला पाँच वर्षमा द्वन्द्वपछिका राष्ट्रहरू 'राष्ट्रिय संसदमा महिलाहरूको आइपीयु स्तर निर्धारणका माथिल्ला ३० वटा राष्ट्रमा स्पष्ट भएर सफलतापूर्वक खडा भएका छन् ।' अनि यी राष्ट्रहरू कोटा तथा सुरक्षित सिटहरूलाई 'नयाँ सृजना गरिएका (तिनीहरूका) निर्वाचन क्षेत्रमा महिला उपस्थिति र सहभागिता सुनिश्चित गर्नका निमित्त प्रयोग गर्नमा प्रभावशाली भएका छन् ।'[२३]

रुवान्डाली आमनरसंहारपछिको दस वर्षमा सबै रुवान्डालीहरूका निमित्त विशाल परिवर्तनहरू भएका छन्, तर सबैभन्दा नाटकीय परिवर्तन महिलाहरूमा आएको छ । रुवान्डा अझै पनि ज्यादै अविकसित छ र शिक्षा, कानुनी अधिकार, स्वास्थ्य र स्रोतहरूमाथिको

पहुँचका सम्बन्धमा व्यापक सङ्ख्याका रुवान्डाली महिला पुरूषभन्दा बढी मर्कामा परेका छन् । झन् सारो, रूवान्डाली संसदमा महिला र पुरूषको करिब समान प्रतिनिधित्व रहेको तर एकमात्र राजनैतिक दलले राजनैतिक दृश्यमाथि प्रभुत्व जमाएको एउटा राष्ट्रमा परिणत भएको छ ।

यी चुनौतीहरू हुँदाहुँदै पनि महिलाहरूले आफ्ना नाटकीय उपलब्धिहरूलाई सन् २००३ को लैङ्गिक संवेदनशील नयाँ संविधान र च्याम्बर अफ डिप्युटिज्मा तिनीहरूलाई ४८.८ प्रतिशत सिट दिलाएको संसदको निर्वाचनलाई लोकतान्त्रिक लाभका साथ सुदृढ बनाउँदै छन् । यी सफलताहरू रूवान्डाको आमहत्या, कोटा प्रणाली र सरकारमा रहेका महिलाहरूसँगको सहकार्य र रूवान्डान पेट्रोइटिक फ्रन्टको स्पष्ट समर्थनसँगै रुवान्डामा महिलाहरूको आन्दोलनको एउटा संवर्द्धित अभियानका खास अवस्थाहरूको परिणाम थियो । रुवान्डाली घटनाले हामीलाई लैङ्गिक संवेदनशील नीति निर्माण र विश्वका अन्य भूभागका निमित्त नमुना हुनसक्ने नयाँ निर्वाचित संयन्त्रहरूको उदाहरण उपलब्ध गराउँछ ।

## *पादटिप्पणी*

१ This case study draws on and excerpts previously published material by the same author. Powley, Elizabeth, 2003. *Strengthening Governance: The Role of Women in Rwanda's Transition.* Washington, DC: Women Waging Peace; and Powley, Elizabeth, 2005. 'Rwanda: La moitié des sièges pour les femmes au Parlement' [Rwanda: half the seats for women in Parliament], in Manon Tremblay (ed.). *Femmes et parlements: un regard international* [Women and parliaments: an international view]. Montreal: Remue-ménage.

२ Inter-Parliamentary Union (IPU), 2003. 'Rwanda Leads World Ranking of Women in Parliament', 23 October. See <http://www.ipu.org/press-e/gen176.htm>.

३ 'Africa: Rwanda: Government'. Nationmaster, <http://www.nationmaster.com/country/rw/Government>.

४ Inter-Parliamentary Union (IPU), 1995. *Women in Parliaments 1945–1995: A World Statistical Survey*. Geneva: IPU.

५ Judith Kanakuze, personal interview, July 2003.

६ 'Legal and Constitutional Commission', <http://www.cjcr.gov.rw/eng/index.htm>.

७ Hart, Vivien, 2003. 'Democratic Constitution Making'. United States Institute of Peace, Special Report 107, <http://www.usip.org/pubs/specialreports/sr107.html>.

८ Constitution of the Republic of Rwanda, <http://www.cjcr.gov.rw/eng/constitution_eng.doc>.

९ For a more complete description of electoral mechanisms designed to increase women's participation, including triple balloting in the 2001 district-level elections, see Powley 2003, op. cit.

१० Berte Mukamusoni, personal interview, translated in part by Connie Bwiza Sekamana, July 2002.

११ For more information on women's NGOs in Rwanda, see Newbury, Catharine, and Hannah Baldwin, 2001. 'Confronting the Aftermath of Conflict: Women's Organizations in Postgenocide Rwanda', in Krishna Kumar (ed.). *Women and Civil War: Impact, Organizations, and Action.* Boulder, Colo.: Lynne Rienner Publishers, pp. 97–128.

१२ 'Rwanda Democracy and Governance Assessment', produced for USAID by Management Systems International, November 2002, p. 35.

१३ 'Rwanda Democracy and Governance Assessment', op. cit., p. 37.

१४ Women's Commission for Refugee Women and Children, 1997. *Rwanda's Women and Children: The Long Road to Reconciliation.* New York: Women's Commission, p. 6.

१५ 'Rwandan President Urges Women to Stand for Public Office'. Xinhua News Agency, 23 April 2003, <http://www.xinhua.org/english/>.

१६ Rwandan Government, 'Good Governance Strategy Paper (2001)', <http://www.rwanda1.com/government/president/speeches/2001/strategygov.htm>.

१७ John Mutamba, personal interview, July 2003.

१८ Powley 2003, op. cit.

१९ Freedom House, *Freedom in the World 2004*, <http://www.freedomhouse.org/research/freeworld/2004/table2004.pdf>.

२० Connie Bwiza Sekamana, personal interview, July 2002.

२१ Aloisea Inyumba, personal interview, July 2002.

२२ Tripp, Aili Mari, 2004. 'Quotas in Africa', in Julia Ballington (ed.). *The Implementation of Quotas: Africa Experiences,* Stockholm: International IDEA.

२३ Inter-Parliamentary Union (IPU), 2004. 'Women in Parliaments 2003: Nordic and Post-Conflict Countries in the Lead', <http://www.ipu.org/press-e/gen183.htm> (accessed 8 September 2004).

**नमुना अध्ययन : अर्जेन्टिना**

# अर्जेन्टिनाः संसदमा महिला सहभागितामा रहेका चुनौतीमाथि नयाँ दृष्टिकोण

एलिसा मारिया केरियो

अर्जेन्टिनामा जनसमुदायमा आधारित राजनैतिक दलहरूमा १९ औँ शताब्दीको पछिल्लो चरणदेखि २० औँ शताब्दीको मध्यसम्मका प्रारम्भिक दिनहरूदेखि नै महिला सहभागिता केही हदसम्म थियो, तर सन् १९८० को दशकताका मात्र महिलाहरू दलीय राजनीतिमा बढ्दो रूपमा देखा परे । यसले सहमतिका बुँदाहरू र साझा उद्देश्यहरूको खोजीमा आचरणगत परिवर्तनतर्फ उन्मुख गरायो । वास्तवमा नै त्यो तिनीहरूसगँ मिल्दोजुल्दो भएकोले महिलाहरूमाथि हुने थिचोमिचोविरुद्धको सङ्घर्षलाई अरू सङ्घर्षभन्दा गौण ठान्नु हुँदैन र एकजुट भएर लड्नु पर्छ भन्ने कुरालाई धेरै महिलाले बुझेका थिए । अर्जेन्टिना लामो समयपछि अधिनायकवादबाट बाहिर निस्किरहेको थियो, प्लाजा डे मेयोका हजुर आमा र आमाहरू सेतो मजेत्रो लगाएर परिचालित भएर नजीरको रुपमा रहेको कुरा एउटा ऐतिहासिक अवसर थियो ।

अर्जेन्टिनामा सन् १९४७ देखि नै महिलाहरूलाई मतदान र निर्वाचनमा उठ्ने अधिकार रहे तापनि सार्वजनिक शक्तिको वास्तविक परिधिबाट महिलाहरूलाई व्यवस्थित रुपमा गरिएको बहिष्करण अर्जेन्टिनाको लोकतन्त्रका निमित्त महत्त्वपूर्ण चुनौतीहरूमध्येको एक र आलोचनाको विषयको रूपमा रहेको थियो । राजनैतिक प्रणाली र कानुनी व्यवस्थाले महिलाहरूको विविधतायुक्त अवस्था वा तिनीहरूका मागलाई वास्ता गरेको थिएन । ती दुवैले औपचारिक र तटस्थ दृष्टिकोण समावेश गरेका छन्, जसले पद्धतिलाई महिलाहरूका सरोकार र आवश्यकता पहिचान तथा सम्बोधन गर्न सक्षम हुन असम्भव बनाएको छ ।

सन् १९८० को दशकको लोकतान्त्रिक सङ्क्रमण कालताका अभियानकर्ताहरूका सङ्गठित समूहहरूले लोकतन्त्रलाई पुनर्निर्माण गर्ने सन्दर्भमा लैङ्गिक विभेदका विरुद्ध सङ्घर्ष गर्नुको महत्त्व बुझे । यसरी महिलाहरूले नारीवादी माग र शक्तिको नयाँ विश्लेषणका साथ समग्र महिलाका बीचमा पुग्न सक्ने र ठूलो मात्रामा लैङ्गिक सचेतना अभिवृद्धि गर्ने चलाखी र रणनीतिहरूको विकास गर्दै 'समतामूलक (Parity) लोकतन्त्र' का लागि आफ्नो प्रयास सुरु गरे ।

कंग्रेसमा महिला सहभागिताका निमित्त कोटा लागू गर्ने अर्जेन्टिना पहिलो ल्याटिन अमेरिकाको राष्ट्र थियो । सन् २००५ मा राष्ट्रिय व्यवस्थापिकामा महिला प्रतिनिधित्वका सम्बन्धमा विश्वमा माथिल्लो तहमा पुगेको भनेर निर्धारण गरिएका १५ वटा राष्ट्रमध्ये रुवान्डा, स्विडेन, नर्वे, डेनमार्क, फिनल्यान्ड, नेदरल्यान्ड, क्युबा, स्पेन, कोस्टारिका, मोजाम्बिक, बेल्जियम र अस्ट्रियापछिको एउटा राष्ट्र अर्जेन्टिना पनि थियो ।

स्पष्ट दक्षता रहँदा रहँदै पनि राजनीतिक क्षेत्र ऐतिहासिक रूपले पुरूषप्रधान ढाँचामा विकसित तथा निर्धारित भएको हुँदा आज राजनैतिक संस्कार गम्भीर रूपमा लैङ्गिक पूर्वाग्रही रहेको छ । सरकारी क्षेत्रका मूल्य-मान्यता र चलनहरू पुरूषप्रति खास किसिमको रहेको छन् । राजनैतिक गतिविधिको नैतिक शक्ति, दलहरुको क्रियाकलाप र कार्य सञ्चालन तथा राजनीतिको तरिकासमेत, यसको भाषा र यसका मान्यताप्राप्त मूल्य तथा मान्यताहरू पुरूषप्रधान ढाँचामा ढालिएका छन् । यस सन्दर्भमा तिनीहरूको सङ्ख्या र राजनीतिमा सक्रिय सहभागिता फराकिलो भए तापनि अर्जेन्टिनी महिलाहरूले सामना गर्ने चुनौतीहरू अझै पनि व्यापक छन् ।

यस घटना अध्ययनले संसदमा महिला सदस्यहरूको सङ्ख्या वृद्धि गर्न प्रयोग गरिएका विभिन्न कानुनी र सामाजिक संयन्त्रहरूको चित्रण गर्दै अधिकार प्राप्तितर्फको महिलाको पथलाई विश्लेषण गर्छ र महिला सहभागिताको कार्यक्रम बनाउने दिशामा अर्जेन्टिनाका राजनैतिक दलहरुको भूमिकालाई परीक्षण गर्छ ।

## *अर्जेन्टिनामा 'समतामुलक लोकतन्त्र'का निमित्त सङ्घर्ष*

सन् १९८० को दशकको अन्त्यतिर सरकारमा महिलाहरूले अधिकाकि पदहरू ओगट्न थाले । यस्तो उद्देश्य प्राप्तिका निमित्त प्रयोग गरिएका संयन्त्रहरूमध्ये कोटा प्रणाली एक थियो ।[1] महिलाको राजनीतिमा अनि विशेष गरेर संसदमा आवश्यक सहभागिता सुनिश्चित गर्नका लागि अर्जेन्टिनामा हाल धेरै नै संवैधानिक तथा कानुनी प्रावधान रहेका छन् ।

राष्ट्रिय संविधानको धारा ३७ मा दलहरूका निर्वाचित र राजनैतिक पदहरूमा पहुँच प्राप्त गर्नका लागि महिला र पुरूषबीच वास्तविक समान अवसरलाई राजनैतिक दलहरूमाथि अनि निर्वाचन शासन व्यवस्थामा सकारात्मक कार्यहरूद्वारा सुनिश्चित गरिनुपर्छ भनेर उल्लेख गरिएको छ ।

'महिलाको भाग' वा कोटा प्रणाली ऐन सङ्ख्या २४,०१२ द्वारा अर्जेन्टिनी कानुनमा समावेश गरिएको थियो । यस ऐनको इतिहास पछाडि फर्केर सन् १९८९ को नोभेम्बरमा पुग्छ जब मार्गरिटा मालहारो डि टोरिस, मेन्डोजाकी र्‍याडिकल सिभिक युनियन-यूसीआर (Radica Civic Union-UCR) की राष्ट्रिय विधायिकाले कंग्रेसको महिला सदस्य हुनुपर्ने प्रावधानसहितको राष्ट्रिय निर्वाचन ऐन संशोधन गर्नका निमित्त विधेयक प्रस्तुत गर्नुभयो । त्यसको धेरैपछि, विभिन्न दलहरु (युसीआर, पार्टीडो जस्टिसियालिस्टा, डेमोक्राटिका पपुलर र पार्टीडो फेडरल) का महिला विधायकहरूको एउटा समूहले च्याम्बर अफ डिप्युटिज (प्रतिनिधि सभा) मा त्यस्तै भाषा प्रयोग गरेर एउटा विधेयक प्रवेश

गराए । त्यस विधेयकबारे सन् १९९० सेप्टेम्बरमा छलफल भयो अनि दुईवटा दलहरू: युनियन अफ द डेमोक्रेटिक सेन्टर (Union of the Democratic Centre) र मुभमेन्ट फर सोसजिल्म् (Movemet for Socialism) बाहेक सम्पूर्ण राजनैतिक समूहको सहमतिमा सन् १९९१ नोभेम्बर ६ मा ठूलो बहुमतद्वारा च्याम्बरमा च्याम्बरमा पारित भयो र ऐन बन्यो । (त्यसबेला यसलाई मालहारो ऐन भनेर बुझिन्थ्यो ।) यसले राजनैतिक दलहरूले प्रस्ताव गरेको सूचीमा कम्तीमा ३० प्रतिशत उम्मेदवारहरू महिला हुनैपर्ने र त्यस्ता महिला उम्मेदवारलाई निर्वाचनमा जित्न सकिने सिटहरूमा उठाउनुपर्ने व्यवस्था गरेर राष्ट्रिय निर्वाचन ऐनको धारा ६० लाई संशोधन गऱ्यो । यसका अतिरिक्त, यसले ती आवश्यकताहरू पूरा नगर्ने कुनै पनि दलको सूची दर्ता नगरिने व्यवस्थासमेत गऱ्यो ।

कोटा ऐन पारित गर्नेतर्फ डोऱ्याउने ऐतिहासिक कारणहरूबारेको विश्लेषण एउटा वृहत् अनुसन्धान आयोजनाको विषयवस्तु नै हुनसक्छ । केही निर्णायक कारक तत्त्वहरूबारे यहाँ चर्चा गर्नु पर्याप्त हुन्छ । त्यसमा महिला राजनैतिक व्यक्तित्वको विकास र महिला आन्दोलनसँग तिनीहरूको सम्बन्ध, विभिन्न राजनैतिक दलबाट महिलाहरू एकै स्थानमा जुट्नु, तिनीहरूको ज्ञान, तुलनात्मक अनुभवहरू र विधेयकहरूको विश्लेषण, समस्याबारे तिनीहरूको ज्ञान र भविष्यका परिकल्पनाहरू तथा विशेष गरेर नारीवादी जमघट (Feminist Gatherings) र राष्ट्रिय महिला भेलाद्वारा महिलाहरूको वृहत् परिचालन समावेश छन् ।

सन् १९९४ को संविधान संशोधनले (संवैधानिक सभाद्वारा पारित, जसका सदस्यहरु कोटा कानुनअन्तर्गत निर्वाचित थिए) त्यस ऐनको संवैधानिकताबारे त्यस्ता उपायहरूमा निहित सिद्धान्तलाई समावेश गरेकोले बचेखुचेका शङ्काहरूलाई स्पष्ट पाऱ्यो ।

राष्ट्रिय संविधानको धारा ३७ ले महिला र पुरूषबीच वास्तविक समान अवसर प्रदान गर्दछ । जसअनुसार निर्वाचित र राजनैतिक दलका पदहरुमा पहुँच राजनैतिक दलहरुलाई नियमन गरेर र निर्वाचन शासन व्यवस्थामा सकारात्मक कार्यद्वारा सुनिश्चित हुनुपर्छ । यसका अतिरिक्त धारा ७५ ले वास्तविक समान अवसर र समान व्यवहार सुनिश्चित गर्न कंग्रेसलाई सकारात्मक कार्यका उपायहरू पारित र प्रवर्द्धन गर्ने अधिकार प्रदान गर्छ । सो धाराले खास गरेर महिलाका (दफा २३) सम्बन्धमा लागू रहेको अन्तरराष्ट्रिय मानव अधिकार सन्धिले पहिचान गरेका अधिकारहरू, सन् १९७९ को महिलाविरुद्धका सबै प्रकारका भेदभाव निर्मूल पार्ने महासन्धि (दफा २२) प्रति संवैधानिक व्यवस्था अनुसार पूर्ण उपयोग र अभ्यासको पनि सुनिश्चित गर्छ ।

अन्त्यमा, धारा २ ले धारा ३७ मा लक्षित सकारात्मक कार्य संविधान पारित गरिएको समयमा लागू भएका प्रावधानहरुभन्दा कम हुनु नहुने, ऐनले व्यवस्था गरेसम्म कायम रहनु पर्ने र त्यसबाट ऐन सङ्ख्या २४,०१२ ले पहिचान गरेका अधिकारहरूलाई उल्टाउने कुनै पनि प्रयासलाई विफल पार्नेछ भन्ने व्यवस्था गरेको छ । संविधानले सुनिश्चित गरेका राजनीतिमा न्यूनतम महिला सहभागिताको परिणामस्वरूप लोकतन्त्रको गुणस्तरमा सार्थक अभिवृद्धि गर्दै अर्जेन्टिनाको कंग्रेसमा एउटा मननयोग्य वृद्धि भयो ।

यो लेख्दासम्म ३० प्रतिशत महिला सदस्य रहेको च्याम्बर अफ डिप्युटिजमा महिलाहरू समावेश गर्ने कार्यको सुरुआत सन् १९८३ मा भयो । सिनेटमा पहिलो महिला सन् १९८३

मा निर्वाचित भए तापनि सन् २००१ मा ३५ प्रतिशत नकाटेसम्म महिलाहरूको प्रतिनिधित्व वास्तवमा प्रभावशाली थिएन । त्यस समयदेखि सिनेटरहरू प्रत्यक्ष निर्वाचित हुन थाले अनि सन् १९९४ को संवैधानिक संशोधन लागू भएपछि पूर्ण सिनेट निर्वाचनका लागि तयार थियो ।

एक पटकमा आधा सदस्यहरू निर्वाचित हुने च्याम्बर अफ डिप्युटिजका लागि कोटा प्रणालीको सुस्त कार्यान्वयन सिनेटको अवस्थासँग तुलना गर्दा त्यसमा अन्तर छ । त्यहाँ सन् १९९४ को संविधान संशोधनले, पहिला टिप्पणी गरिएअनुसार, महिला सहभागितामा एक वर्षभित्र नै ३० प्रतिशतभन्दा बढी वृद्धिलाई तुरुन्त प्रभाव पार्न पुनः निर्वाचनको लागि सम्पूर्ण सिट तयार हुनुपर्छ भन्ने कार्यादेश दियो ।

**तालिका ५: अर्जेन्टिनी कंग्रेस, च्याम्बर अफ डिप्युटिज, १९८३- २००१: महिला सङ्ख्या र सबै सदस्यको अनुपातमा महिला प्रतिशत**

| वर्ष (इ.सं.) | जम्मा सदस्यहरू | महिला उम्मेदवाहरूको सङ्ख्या | कुलको प्रतिशत |
|---|---|---|---|
| १९८३ | २५४ | ११ | ४.३ |
| १९८४ | २५४ | १३ | ५.१ |
| १९८५ | २५४ | ११ | ४.३ |
| १९८६ | २५४ | १२ | ४.७ |
| १९८७ | २५४ | १२ | ४.७ |
| १९८८ | २५४ | १२ | ४.७ |
| १९८९ | २५४ | १४ | ५.५ |
| १९९० | २५४ | १६ | ६.३ |
| १९९१ | २५७* | १५ | ५.९ |
| १९९२ | २५७ | १५ | ५.९ |
| १९९३** | २५७ | ३६ | १४.० |
| १९९४ | २५७ | ३८ | १४.८ |
| १९९५ | २५७ | ६२ | २४.५ |
| १९९७ | २५७ | ७१ | २७.६ |
| १९९९ | २५७ | ७२ | २८.० |
| २००१ | २५७ | ७७ | ३०.० |
| २००५ | २५५ | ८६ | ३३.७ |

**स्रोत** : Botte, Susana and Evangelina Borola, 1996. 'La representacion femenia en el Congrteso de la Nacion [Women's representation in the Argentine Congress]. HCND, Sec. Parlamentaria, DIP. Estudios e investigaciones 9, Mujer; Consejo Nacional de la Mujer, October 2001; Argentine Chamber of Deputies, February 2002; and Inter-Parliamentary Union (IPU), January 2005.

* टियारा डेल फिगो, अन्टारटिडा र आइलास डेल एटलान्टिको सर प्रान्तहरूका प्रतिनिधिहरू समावेश भएका थिए ।

** राष्ट्रिय कोटा ऐन लागू भएको ।

सन् २००० को डिसेम्बरमा हस्ताक्षरित आज्ञप्ति नम्बर १,२४६ ले यसको निमित्त मार्गप्रशस्त गऱ्यो । यसले गैरसरकारी संस्थाहरूद्वारा व्यक्त गरिएको राजनीति र नागरिक समाजमा लामो समयदेखि विद्यमान महिलाहरूका कैयन् पिरमर्कालाई सिनेटको निर्वाचनका लागि दलका सूचीहरूमा महिला उम्मेदवारहरूको प्रभावकारी पदस्थापनलाई संस्थापन गरेर कोटा ऐनलाई फराकिलो बनाउँदै सम्बोधन गऱ्यो । त्यस आज्ञप्तिले तोकेको प्रतिशतमा अनिवार्यरूपले प्रत्येक राजनैतिक दल, गठबन्धन वा अस्थायी गठबन्धनको सम्बन्धित सूचीको सम्पूर्ण उम्मेदवारमा लागू गरिनुपर्छ भन्ने व्यवस्था गरेर आवश्यक ३० प्रतिशत न्यूनतम सीमा हो भनेर निर्धारण पनि गऱ्यो । यो ऐन कार्यान्वयन हुन पुनर्निर्वाचनका लागि खुल्ला रहे का पदहरूमा अनि त्यस सूचीको पहिलो स्थानबाट अनिवार्यरूपले लागू गरिनुपर्छ ।

**तालिका ६ : अर्जेन्टाइन कंग्रेस, सिनेट १९८३ - २००१ : महिला सदस्य सङ्ख्या र कुल सिनेटहरूको अनुपातमा महिला प्रतिशत**

| वर्ष (इ.सं.) | जम्मा सदस्यहरू | महिला उम्मेदवाहरूको सङ्ख्या | कुलको प्रतिशत |
|---|---|---|---|
| १९८३ | ४६ | ३ | ६.५ |
| १९८४ | ४६ | ३ | ६.५ |
| १९८५ | ४६ | ३ | ६.५ |
| १९८६ | ४६ | ३ | ६.५ |
| १९८७ | ४६ | ३ | ६.५ |
| १९८८ | ४६ | ४ | ८.७ |
| १९८९ | ४६ | ४ | ८.७ |
| १९९० | ४६ | ४ | ८.७ |
| १९९१ | ४६ | ४ | ८.७ |
| १९९२ | ४८* | ४ | ८.७ |
| १९९३ | ४८ | २ | ४.२ |
| १९९४ | ४८ | २ | ४.२ |
| १९९५ | ६५** | ४ | ६.१ |
| १९९६ | ६५ | ४ | ६.१ |
| १९९७ | ६५ | ४ | ६.१ |
| १९९९ | ६६ | २ | ३.० |
| २००१*** | ७१ | २५ | ३५.२ |
| २००५ | ७२ | २४ | ३३.३ |

**स्रोत** : Botte, Susana and Evangelina Borola, 1996. 'La representacion femenia en el Congrteso de la Nacion [Women's representation in the Argentine Congress]. HCND, Sec. Parlamentaria, DIP. Estudios e investigaciones 9, Mujer; Consejo Nacional de la Mujer, October 2001; Argentine Chamber of Deputies, February 2002; and Inter-Parliamentary Union (IPU), January 2005.

* टियारा डेल फिगो, अन्टारटिडा र आइलास डेल एटलान्टिको सर प्रान्तहरूका प्रतिनिधिहरू समावेश भएका थिए ।

* च्याम्बरको संरचनालाई प्रति निर्वाचन क्षेत्र तेस्रो सिनेटर संयोजनले ढाँचा परिवर्तन गरेको थियो । पहिलो पटक कोटा ऐन लागू भएको ।

* प्रान्तहरूबाट प्रतिनिधिहरू प्रत्यक्ष निर्वाचित ।

अझ ३० प्रतिशतसम्बन्धी व्यवस्था लागू गरिँदा एकै प्रकारको न्यूनतम योग्यता प्रयोग गरिएको थियो : यदि ३० प्रतिशतको परिणाम एउटा भिन्न सङ्ख्यामा देखियो भने लागू हुने सङ्ख्या प्राप्त गर्नका लागि त्यो सङ्ख्यालाई समायोजन गरिनुपर्थ्यो र यो आवश्यकतालाई स्पष्ट बनाउनका लागि त्यस आज्ञप्तिसँग एउटा तालिका पनि समावेश गरिएको थियो । सन् १९९० को दशकमा रहेको यस्तो न्यूनतम योग्यताको कमीले राष्ट्रभरि नै कैयन् महिला उम्मेदवारलाई अन्यायपूर्ण बहिष्करणतर्फ डोऱ्याएको थियो ।

अन्त्यमा, के कुरा मनन गर्न योग्य छ भने खास गरेर अर्जेन्टिनाका सम्पूर्ण प्रान्तहरुमा सम्बन्धित व्यवस्थापिकाको निर्वाचन नियमित गर्नका लागि हाल कोटा ऐन रहेको छ र ती ऐनहरू स्थानीय परिषद्हरूमा समेत लागू हुन्छन् ।

## राजनैतिक दलहरू र महिलाको राजनैतिक सहभागिता प्रवर्द्धनमा तिनीहरूको भूमिका

महिलाको राजनैतिक सहभागिता सुनिश्चित गर्न राजनैतिक दलहरूले मुख्य भूमिका खेल्छन् । यद्यपि, कोटाहरूबारे हालसम्म धेरै राजनैतिक दलका आफ्नै नियम छैनन् । राजनैतिक दलहरूभित्र अनिवार्य नियमहरूको अभाव एउटा चुनौती हो र त्यो कुनै शङ्काबिना महिला राजनैतिक कार्यकर्ताहरूका निमित्त समान अवसरका लागि सङ्घर्षका अनिर्णित मुद्दाहरूमध्येको एक हो । तैपनि, प्रायजसो दलले क्रमिक रूपले आफ्ना विधान/बडापत्र वा उपनियमहरू संशोधन गर्दै छन् । समानहरूको गणतन्त्रको विकल्प (Alternative for a Republic of Equals) जस्ता नयाँ प्रगतिवादी आन्दोलनहरू बिना कुनै पूर्वाग्रह '(ग्लास सिलिङ)'[२] गठन भएका छन् ।

## राजनैतिक दलहरुद्वारा महिलाको सहभागितामा असर पार्ने कारक तत्वहरू

**पक्षमा:**

*बन्द र रोकिएका सूची (Closed and Blocked) युक्त समानुपातिक प्रतिनिधित्व प्रणाली* । अर्जेन्टिनाको मामिलामा त्यसलाई भनिएअनुसार लिस्टा सवाना अर्थात् बन्द र रोकिएको

सूचीमा समावेश हुने महिलाको अनुपात निर्धारण गर्न सकारात्मक कारक तत्त्व रहेको छ । यसको प्रभावकारितालाई अन्य निर्वाचन प्रणाली रहेका केही प्रान्तमा निर्वाचित सानो सङ्ख्याका महिलाहरूलाई पर्यवेक्षण गरेर टुङ्गो लगाउन सकिन्छ ।

*महिला सक्रियता :* हाल भएका अवरोधहरूलाई परास्त गर्नसक्ने र सूचीहरूमा समावेश हुनसक्ने क्षमता भएका महिलाहरू सामान्यतया शिक्षिका, पेसागत महिला, पाज्ञ, कलाकार, सामाजिक कार्यकर्ता र मानव अधिकारकर्मीहरू जस्ता विभिन्न पृष्ठभूमि भएका व्यक्तिहरू हुन् । यी तिनीहरु नै हुन् जो नयाँ आन्दोलन र प्रगतिशील क्षेत्रका गठबन्धनको सूचीमा रहेका छन् र जसले आफ्नो पदीय हैसियत कायम राख्न सक्छन् अनि जसमा आफ्नो र कंग्रेसका लागि प्रतिकूलता र सफलता दुवैको अनुभवका लक्षण रहेको छ । तिनीहरू मुख्य विधायक र संविधानका उत्साही रक्षक र यसका सीमाहरूको कठोर आज्ञापालकहरू हुन्, तिनीहरू महिलाहरूका सरोकारप्रति लक्षित अधिकांश विधेयकका लेखक हुन् र महिलाहरूको मानव अधिकारमा महत्त्वपूर्ण उपलब्धिका लागि उत्तरदायी पनि तिनीहरु नै मानिन्छन् ।

*दलहरूले ऐनलाई पालन गर्नु आवश्यक छ :* राजनैतिक सङ्कल्प र राजनैतिक दल संरचनामा सक्रियताका साथ सहभागी भएर पनि निर्णय लिनसक्ने हैसियतमा पुग्न सक्षम नभएका बहुसङ्ख्यक महिला अधिकारकर्मीहरूको सङ्गठनको परिणामस्वरूप प्राप्त भएको कोटासम्मत हुनुपर्छ । महिलाहरू कानुन र कानुनद्वारा प्रदत्त विधिसम्मत हुनका ईर्ष्यालु रक्षकहरू रहेका छन् ।

*अनुज्ञा :* राष्ट्रिय निर्वाचन संहितामा ऐन सङ्ख्या २४,०१२ ले व्यवस्था गरेअनुसार जित्न सक्ने अवस्था रहेको कम्तीमा ३० प्रतिशत महिला नभएको कुनै पनि राजनैतिक दलको सूची दर्ता गरिने छैन ।

***विपक्षमा:***

*उम्मेदवार छनौट गर्ने संयन्त्र :* कोटा ऐन लागू भइसकेपछि परम्परागत राजनैतिक दलहरू उम्मेदवारहरू छनौट गर्न विभिन्न गैरपरम्परागत संयन्त्र निर्माणतर्फ मोडिएका छन्, यो नजिकबाट हेर्न लायकको छ । कंग्रेसमा पहुँच प्राप्त गर्न रहेका सर्तहरू निकै असमान छन् । पुरूषहरूका निमित्त राजनैतिक दलहरूको परम्परागत 'पुराना ठिटाहरू' को सञ्जालले गर्ने कार्यलाई नै निरन्तरता दिइएको छ, यो महिलाहरूका निमित्त अर्को कुरा हो भनेर नेतृत्वले निर्णय गरेको जस्तो देखिन्छ । महिलाको भूमिका एउटा त्यस्तो पुँजी हो जुन सामुदायिक सम्पदाको भाग हो (विवाहको सदाचारद्वारा) भन्ने धारणामा आधारित भएर श्रीमतीहरूलाई त्यस्तो दर्जामा राखिएको छ जुन तिनीहरूका श्रीमान्हरूले कानुनसम्मत ढंगले प्राप्त गर्न सक्दैनन् । यथार्थमा, कोटा प्रणाली अन्तर्गत महिलाहरूले ओगट्न सक्ने सम्भावना रहेका व्यवस्थापिकाका सिटहरूलाई पारिवारिक सम्पत्तिसमेत ठानिन्छ अनि छोरी, दिदी-बहिनी, मित्रहरू आदिलाई पुरूष राजनीतिज्ञहरूले आफू हकदार भएको सोच्ने सिटका निमित्त मनोनयन गरिन्छ । आजसमेत, असंयमित वा परम्परागत नेतृत्वले 'कोटाको भुक्तानी गर्ने' र सकेमा ती स्थानहरूमा विनयी र आज्ञाकारी महिलाहरूलाई निर्वाचित गराउने प्रयास गर्नेबारे आबाज उठाइ रहन्छ ।

## सिकिएका पाठहरू

अजेन्टिनाको अनुभवले केही उल्लेखनीय शृङ्खला उत्पन्न गर्छन्, जसको चर्चा गर्नुले महत्त्व राख्छ । यसका अतिरिक्त, समानता प्राप्त गर्न कैयन् चुनौतीलाई सम्बोधन गरिनु आवश्यक रहेको छ ।

सिकिएका सबैभन्दा केही महत्त्वपूर्ण पाठहरू यस प्रकार छन् :

- कोटा ऐन अभीष्ट प्राप्त गर्ने एउटा उपाय हो । यसका प्रस्तावकहरूले यसलाई जहिले पनि लैङ्गिक समानता प्राप्तिका निम्ति सम्भव बनाउन यो एउटा उपाय हो भन्ने सोचे अनि यो आँफैमा एउटा अभीष्ट हो भन्ने कहिले पनि सोचेनन् ।
- कोटा ऐनले अधिकतम सीमा (सिलिङ) होइन एउटा न्यूनतम सङ्ख्या तोक्छ । यसका अतिरिक्त, ३० प्रतिशत महिला प्रतिनिधित्व केवल आधारमात्र सोचिएको थियो, राजनैतिक दलहरूमा उत्पन्न मुद्दा र प्रश्नहरूबारेको एउटा लामो सूचीबारे छलफल गर्नु आवश्यक थियो किनकि कैयन् मामिलाहरु आजसम्म पनि पूर्णरूपले सम्बोधित भएका छैनन् ।
- केही महिला अधिकारकर्मीका निमित्त अहिलेसम्म निषेध गरिएको उम्मेदवारीमा पहुँच प्राप्त गर्न त्यस्ता स्थान खोल्नु सित्तैंमा पाएको छुट होइन ।
- टीका टिप्पणी हुँदाहुँदै पनि नयाँ प्रणालीको कार्यान्वयनले कंग्रेसमा महिलाको उपस्थितिलाई प्रभावकारी वृद्धितर्फ उन्मुख गराएको छ, अन्यथा त्यो प्राप्त गर्न नसकिने थियो । त्यसकारण, त्यस उपायले उछालेको वादविवादभन्दा टाढा प्रस्तावित उद्देश्य प्राप्त गर्न प्रभावकारी भएको छ ।
- विभिन्न राजनैतिक शक्तिहरुबीच विशेष गरेर न्यूनतम ३० प्रतिशत हुनुपर्ने कानुनी व्यवस्थाको अवज्ञा गर्ने उद्देश्यले ऐक्यबद्धता रहेकाले परिस्थिति विचारणयि रहेको थियो । महिलाहरूबीच ऐक्यबद्धता दलप्रतिको वफादारीभन्दा बढी महत्त्वपूर्ण रहेको थियो ।
- केवल स्त्रीलिङ्गी हुनुको तथ्यले आफैंमा लैङ्गिक वचनबद्धता वा यस प्रयासमा ऐक्यबद्धतालाई सुनिश्चित गर्दैन । केही महिला जति चाँडो शक्तिको जति नजिक पुग्छन्, तिनीहरूले आफ्नै लिङ्गका पिरमर्कालाई त्यति नै बिर्सिएको देखिन्छ ।
- कोटालाई व्यक्तरूपमा विरोध गरेर ऐक्यबद्धताको कमी स्पष्ट देखाएका तर कोटाको परिपूर्तिका लागि उम्मेदवारको रूपमा खडा हुन नहिच्किचाएर तिनीहरूले जसको विरोध गरे त्यसैबाट फाइदा उठाउने महिलाको प्रवृत्तिका सम्बन्धमा चेतावनी व्यवस्थित पनि राखिएको छ । यो प्रवृत्ति एउटा दोष हो, जसलाई कम्तीमा एउटा 'नैतिक आत्मसमर्पण' को रूपमा चित्रण गर्नुपर्छ ।

## चुनौतीहरू

- अहिले कंग्रेसमा महिला संख्या ठूलो रहेकाले तिनीहरुको ऐक्यबद्धता, समानता र न्यायपूर्ण समाज निर्माणका लागि र समग्रमा महिलाहरूलाई बाधा पुऱ्याउने सामाजिक, सांस्कृतिक

र आर्थिक असमानताहरूलाई सच्याउन प्रचलित ऐन-कानुनहरूलाई प्रभावकारी ढङ्गले प्रवर्द्धन गर्न अनिवार्यरूपले गर्नुपर्ने कार्यहरूमाथि एजेन्डा केन्द्रित रहेको छ ।

- व्यवस्थापिकाका क्षेत्रमा हालैका वर्षहरूमा केही उपलब्धि र केही असफलता देखिएका छन् । धेरैजसो प्रान्तमा घरेलु हिंसाबारे  कानुनहरू पारित गरिएका छन् । तैपनि, यी अधिकारहरूको अभ्यास र उपभोग सुनिश्चित गर्न सक्षम, प्रभावकारी र यथेष्ट कार्यविधिहरू अझै अवलम्बन गरिएको छैन । संसदीय परिधिमा यस्तो अग्रसरताले राष्ट्रका सामान्य अवस्थाहरुलाई प्रतिबिम्बित गर्दैन न त तिनीहरू त्यस्ता ऐनहरूको कार्यान्वयन र सम्मानलाई सुनिश्चित गर्न तयार रहेको बलियो न्यायपालिकाको समर्थनसाथ आएको छ । त्यसविपरीत अर्जेन्टिनाको न्यायप्रणाली धराशायी हुने अवस्थामा रहेकोले ती ऐनहरू लागू गर्न त्यो सक्षम रहेको छैन ।

- प्रजनन स्वास्थ्य ऐन र निजी व्यवसायमा उत्पन्न हुने मामिलाहरूलाई समेट्न कार्यक्षेत्रमा यौन दुर्व्यवहार सम्बन्धी राष्ट्रिय ऐनहरू पारित हुनको लागि समय पर्खेर बसेका छन् : पहिलेदेखि अस्तित्वमा रहेका त्यस्ता ऐनहरूले संघीय प्रशासन, ब्युनस आयर्स सहरको सरकार र ब्युनस आयर्स प्रान्तलाई मात्र समेटेको छ ।

- निष्कपट समान अवसर, न्यायिक अङ्गहरूको प्रभावकारितालाई सहारा दिन र प्रताडित महिलाहरूका निमित्त आवश्यक सङ्ख्यामा आश्रय स्थलहरू निर्माणलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई सहायता गर्न पर्याप्त बजेट छुट्याउने आवश्यकतालाई प्राथमिकता दिन आवश्यक छ । महिलाविरुद्ध हुने हिंसालाई रोकथाम गर्न दण्डित गर्न र निर्मूल पार्नका निमित्त प्रभावकारी विधेयकको विकास गर्न आवश्यक रहेको छ जसले महिलाविरुद्धको हिंसालाई रोकथाम, दण्ड र निर्मूल पार्नेसम्बन्धी अन्तरअमेरिकी सन्धि (Inter American Convention on the Prevention, Punishment and Eradication of Violence Against Women-Convention of Belem do para) प्रति अर्जेन्टिनी राज्यले कबुल गरेको वचनबद्धतालाई कायम राखेर सम्पन्न गरे-नगरेको निश्चित गर्नको लागि आवश्यक सार्वजनिक नीतिहरू उपलब्ध गराउँछ ।

### *निष्कर्ष*

मर्सेला रोड्रिगुएजका अनुसार[३] महिलाको मानव अधिकारको प्रभावकारी पर्यवेक्षणका निमित्त महिलाहरूको आवाज, सरोकार, परिप्रेक्ष्यहरु र निर्णय गर्नमा रहेका मूल्य-मान्यताको प्रतिनिधित्व एउटा आवश्यक सर्त हो । अर्जेन्टिनी घटनाले यसलाई सुनिश्चित गर्छ । वास्तवमा, लोकतन्त्र र मानव अधिकारको इतिहास त्यस प्रणालीले सीमान्तकृत पारेकाहरूलगायतको नागरिकताको श्रेणीबद्ध विस्तार, सार्वजनिक वादविवादमा सहभागी हुनेहरूको आवाज र सरोकारहरूलाई बढाउनुको इतिहास हो । सार्वजनिक वादविवाद, राजनैतिक प्रक्रिया र चलनका सबै स्वरको उपस्थितिलाई सुनिश्चितताले अरू सही प्रतिनिधित्वलाई मात्र होइन तर एउटा अरू बढी सही लोकतन्त्रको सङ्केत गर्छ ।

समानता प्रस्ताव लोकतन्त्रका लागि राजनैतिक निकायहरूमा महिला र पुरूषको सन्तुलित सहभागिता निश्चित गर्नतर्फ लक्षित रहेको छ । अपितु, यसको अर्थ महिलाले अरू बढी

सक्रिय भूमिका खेल्नुपर्छ भन्नेमात्र होइन तर यसले प्रभावशाली सामाजिक रूपान्तरणका निमित्त व्यवस्था गर्दै व्यापक र बढी महत्त्वाकाङ्क्षी प्रस्ताव गठन गर्छ । यसमा अरू बढी समानतावादी समाज अनि अर्थ व्यवस्था र सांस्कृतिक जीवनका सबै परिधिमा निर्णय लिने कार्यमा बढी सन्तुलित सहभागितालाई सम्भव बनाउनसक्ने एउटा पूर्ण परिवर्तन समावेश रहेको छ । यसको अभिप्राय एउटा नयाँ सामाजिक करारको जग बसाल्न मद्दत गर्नु हो ।

समानताले  लोकतन्त्रमा एउटा नयाँ सुरुआतको प्रतिनिधित्व गर्छ, जसले समाजलाई असर पार्ने अधीनता र विभेदका अवस्थाहरूलाई निर्मूल पार्न सम्भव बनाउँछ । यद्यपि, त्यसलाई प्राप्त गर्नका लागि केवल सार्वजनिक सरोकारमा महिलाको परिप्रेक्ष्यलाई समावेश गर्नु आवश्यक तर यथेष्ट अवस्था भने होइन ।

सार्वजनिक क्षेत्रमा महिलाहरूको प्रबन्ध प्रस्फुरण सायद नयाँ शताब्दीको सबैभन्दा महत्त्वपूर्ण विशिष्ट गुणहरूमध्येको एक हो । अर्थयुक्त, अव्यक्त रहेका सबै कुराको एउटा परिणाम, शताब्दीयौँसम्म बन्द गरिएका र अदृश्य छाडिएका महिलाहरूको प्रबन्धले अर्थ नभएका शब्दहरूको एउटा समाज र छुट्टिएर अलगिदै गएको एउटा सामाजिक आवरणभित्रका आवाजहरूलाई नवीकरण गर्छ । विषयलाई मात्र स्वीकार गर्ने दार्शनिक मतका, वैज्ञानिक र आफूखुसी सोचका पुरूषहरूद्वारा अभिव्यक्त तर्कबुद्धिवादको आवाजको प्रतिक्रियामा महिलाहरूले सञ्चारमूलक कार्यको परिधिलाई प्राथमिकता दिन्छन्, जसमा तिनीहरूले विवेक नगुमाईकन मूल्य-मान्यता र भावना ल्याउँछन् । अब अरू बढी समयसम्म सन्तुष्ट नरहने महिलाहरूको प्रबन्धले राजनीति गर्ने एउटा नयाँ विधिमात्र ल्याउँदैन यसले एक प्रकारको सञ्चार निर्माण गर्छ, जसले सामाजिक बन्धनहरूलाई पुनःस्थापना गर्न सम्भव बनाउँछ ।

## पादटिप्पणी

१ As Marcela V. Rodríguez indicates, affirmative action recognizes that at times it is necessary to provide certain groups with unequal instruments in order to guarantee real equality of opportunity and treatment. In effect, when social inequality is the prevailing norm in the initial context prior to the distribution of goods, resources or tools, we cannot expect mere formal equality to be capable of ensuring real equality. This is especially relevant for the purposes of evaluating the legitimacy of the system of quotas for women, in a context in which gender discrimination and social hierarchy are the norm. See Rodríguez, Marcela V., 2000. 'Igualdad, democracia y acciones colectivas' [Equality, democracy and collection action], in Alda Facio and Lorena Fries (eds). *Género y Derecho* [Gender and rights]. Chile: Lom Ediciones, pp. 249ff.

२ The expression 'glass ceiling', created in the 1970s, symbolizes the invisible barriers that keep women from reaching the highest decision-making positions in both public and private organizations. Both at work and in politics, this artificial barrier, considered by the International Labour Organization (ILO) as 'a transparent yet solid wall, made from organizational attitudes and prejudices', remains in place despite decades of social development and the strides made towards gender equality.

३ See note 1.

## नमुना अध्ययन : दक्षिण एसिया

# दक्षिण एसियामा आरक्षित सिटहरू: एउटा क्षेत्रीय परिप्रेक्ष्य

सिरिन एम. राय

दक्षिण एसियामा न्यून प्रतिनिधित्व भएका निश्चित समूहका निमित्त व्यवस्थापिका संसदमा कोटा वा आरक्षित सिटहरूको कार्यान्वयनको सापेक्षरूपमा लामो इतिहास रहेको छ। सन् १९४० को दशकको प्रारम्भदेखि नै संसदमा भारतले जातिमा आधारित आरक्षण लागू गर्न सुरु गऱ्यो । यस घटना अध्ययनले[1] मुख्यतः बङ्गलादेश, भारत र पाकिस्तानका स्थानीय सरकारहरूमा महिलाका निमित्त आरक्षित सिटको विकास र वर्तमानको कार्यान्वयनको अवस्थालाई दर्शाउँछ । राष्ट्रिय स्तरका छलफलहरूले निरन्तरता पाएका छन्, अनि केही राष्ट्रले कोटा प्रणालीलाई संसदीय तहमा ग्रहण गरेका छन् । यद्यपि, तीनवटै राष्ट्रमा तिनीहरूका कार्यबारे प्रयोगवादी तथ्याङ्कहरू उत्पन्न गर्दै महिलाहरूका निमित्त स्थानीय सरकारी निकायहरूमा आरक्षणलाई प्रवेश गराउने कानुन केही समयदेखि लागू भएका छन्।[२] यस अध्ययनले राजनैतिक निकायहरूमा महिला प्रतिनिधित्वको अभिवृद्धि गर्न आरक्षणको महत्त्वबारे पनि निर्क्योल गर्नेछ,[३] तर तिनीहरूलाई गरिबी र बहुसङ्ख्यक महिलाहरूमाथि त्यसको परिणामलाई सम्बोधन गर्ने अन्य नेतृत्वको समर्थनको आवश्यकता छ ।

### *महिलाहरूका निमित्त आरक्षणको विकास*

त्यस क्षेत्रमा आरक्षणका विभिन्न प्रावधानतर्फ अगाडि बढाएका छलफलहरूका तीनवटा महत्वपूर्ण चरणहरू छन् ।[४]

#### *आरक्षणको उद्गम*

सन् १९४७ मा स्वतन्त्रता प्राप्तिपछि संविधान निर्माण पहिलो चरण थियो । भारतमा पचास वर्षको पहिलो दृष्टान्तका निमित्त पछाडि परेका समूहहरुका लागि आरक्षित सिट भारतीय संविधानको नवौं अनुसूची (धारा ३३० र ३३१)[५] द्वारा प्रवेश गराइएको थियो, तर एक पटक स्थापित भइसकेपछि त्यस्ता आरक्षित सिट फेरि हटाइनुको राजनैतिक संवेदनशीलतालाई

दृष्टिगत गर्दै सन् १९८९ को ६२ औं संशोधनअन्तर्गत पछाडि परेका जातिहरूका लागि अर्को ४० वर्षका लागि आरक्षित सिटको म्याद थप गरिएको थियो । यद्यपि, सरकारी स्तरमा महिलाका निमित्त कुनै कोटा रहेका थिएन ।

पाकिस्तानमा राष्ट्रिय र प्रान्तीय सभाहरू, सिनेट र स्थानीय सरकारमा महिलाका निमित्त सबै तहमा न्यूनतम ३ प्रतिशत आरक्षित सिटबारे सन् १९५६ मा पहिलो संविधानमा सहमति भएको थियो । महिलाका निमित्त जहिले पनि अप्रत्यक्ष निर्वाचनद्वारा आरक्षित सिटहरूको व्यवस्था गरिन्थ्यो । सन् १९६२ र १९७३ को संशोधित संविधानले पनि महिलाका निमित्त राष्ट्रिय र प्रान्तीय सभामा क्रमशः २.७५ प्रतिशत र ५ प्रतिशतको त्यस्तै न्यून स्तरमा सुरक्षित सिट उपलब्ध गरायो ।

बाङ्लादेशमा सन् १९७२ मा लागू गरिएको पहिलो संविधानले राष्ट्रिय संसदमा १० वर्षका लागि महिलाहरूका निमित्त १५ वटा अप्रत्यक्ष रूपमा निर्वाचित आरक्षित सिट उपलब्ध गरायो । यसले महिलाहरूलाई ४.७ प्रतिशतको न्यून प्रतिनिधित्व दियो । सामान्य सिटमा निर्वाचित सदस्यहरूले सुरक्षित सिटमा उम्मेदवार निर्वाचित गर्नका लागि निर्वाचक मण्डल गठन गरे ।[६]

## दोस्रो चरण

महिलाका निमित्त कोटा राजनीतिको दोस्रो चरणको प्रारम्भ संयुक्त राष्ट्रसंघजस्ता अन्तरराष्ट्रिय सङ्गठनहरुद्वारा सन् १९७५ मा मेक्सिकोमा आयोजित महिलाका सम्बन्धमा पहिलो राष्ट्रसङ्घीय सम्मेलन र त्यस पछिको संयुक्त राष्ट्रसंघ महिला दशकजस्ता उच्चस्तरीय प्रयासहरुद्वारा सार्वजनिक जीवनमा महिलाहरूको महत्वलाई उच्च स्थान दिएपछि सन् १९७० र १९८० को दशकमा भयो । यी विकासहरूद्वारा महिला समूहका साथै दक्षिण एसियाका राष्ट्रहरू प्रभावित भएका थिए ।

भारतमा, सन् १९७२ मा स्थापना भएको भारतमा महिलाको अवस्थाबारेको पहिलो आयोगले गाउँस्तरमा महिला कल्याण प्रवर्द्धन गर्न कानुनी रुपमा अखिल महिला पञ्चायतहरू (गाउँ परिषद्हरू) गठन गर्न सिफारिस गऱ्यो । यद्यपि, यो सिफारिसलाई धेरैजसो प्रान्तीय सरकारले लागू गरेनन् । महिलाहरूका निमित्त राष्ट्रिय परिप्रेक्ष्य योजना (सन् १९८८ देखि २०००) ले स्थानीय सरकारी निकायहरूमा महिलाका निमित्त कुल सिट सङ्ख्यामध्ये कम्तीमा ३० प्रतिशत सिट आरक्षित गर्न सिफारिस गऱ्यो । भारतीय संविधानको ७३ औं र ७४ औं संशोधनअन्तर्गत महिलाका निमित्त स्थानीय सरकारमा आरक्षित सिटको प्रावधान त्यस चरणताका एउटा मुख्य प्राथमिक पाइला थियो । महिला राष्ट्रिय आयोग सन् १९९५ मा स्थापना भएको थियो र यसले भारतमा कोटा प्रणालीको विस्तारलाई सुपरिवेक्षण गरेको छ ।

सन् १९८५ मा पाकिस्तानको राष्ट्रिय सभामा महिलाका निमित्त आरक्षित सिटको सङ्ख्या २.७५ प्रतिशतबाट १० वर्ष वा तीनवटा आमचुनाव जुन पहिले आउँछ त्यस अवधिका लागि १० प्रतिशतमा वृद्धि गरिएको थियो । महिलाका निमित्त जाँचबुझ आयोगको

प्रतिवेदन (सन् १९९७, अगस्ट), कार्यका लागि राष्ट्रिय योजना (National Plan for Action) (सन् १९९८, सेप्टेम्बर) र महिला विकास तथा सशक्तीकरणको निमित्त राष्ट्रिय नीति (सन् २००२, मार्च) ले महिलाको स्वतन्त्र, समान र पूर्ण राजनैतिक सहभागितालाई प्रवर्द्धन गर्ने सन्धिप्रति पाकिस्तानको प्रतिबद्धतालाई सम्बोधन गर्ने प्रयास गऱ्यो ।[७]

बङ्गलादेशमा, विकासमा महिला (Women in Deelopment) बारे संयुक्त राष्ट्रसङ्घीय निकायको ढाँचासँग वा त्यसभित्र कार्य गरिरहेका अन्तरराष्ट्रिय दातृ निकायहरू लैङ्गिक समानता, स्थानीय स्तरमा महिलाहरूलाई परिचालन गर्न र तिनीहरूका निमित्त सहयोग र तालिमका निम्ति आर्थिक सहायतासम्बन्धी प्रवन्ध विकास गर्न सहयोगी रहेका थिए ।[८] सन् १९८६ को संविधानले कोटा मात्र उपलब्ध गराएन बरु स्थानीय सरकारी निकायहरूका सम्बन्धमा यसको दफा ९ ले 'राज्यले स्थानीय सरकारी निकायहरूलाई किसान, मजदुर र महिलाको विशेष प्रतिनिधित्वमा (दिनका लागि)....सम्भव भएसम्म प्रोत्साहन दिनुपर्दछ' उल्लेख गऱ्यो । सन् १९९० मा संविधानमा १० वर्षका निमित्त वैध रहेका आरक्षित सिटको प्रतिनिधित्व पुनः समावेश गरियो जुन सन् २००० मा समाप्त भयो । सन् २००४, मे महिनामा महिलाका निमित्त कोटा पुनः लागू गराउन राष्ट्रिय संसदले संविधानको १४ औँ संशोधन पारित गऱ्यो, जसअनुसार संसदको सिट सङ्ख्या वृद्धि गरेर ३४५ पुऱ्याइनेछ जसमध्ये ४५ सिट (१३ प्रतिशत) महिलाका निमित्त सुरक्षित राखिनेछ ।

## वर्तमानका प्रवृत्तिहरू

हाल चलिरहेको तेस्रो चरणको प्रवृत्तिको विवेचना केही प्रमुख विशेषताका आधारमा गर्न सकिन्छ । भारत र पाकिस्तानमा आर्थिक उदारताले लोक कल्याणकारी राज्यलाई अझ बढी खस्कँदो स्थितितर्फ उन्मुख गराएको छ ।[९] विशेष गरेर सन् १९९५ मा महिलाबारे बेइजिङमा भएको चौथो विश्व सम्मेलनपछि राज्य नारीवादको प्रासङ्गिकताबारे विश्वव्यापी मतैक्य देखापरिरहेको छ । यस चरणले भारतको राष्ट्रिय संसदमा महिलाका निमित्त आरक्षित सिट संख्या बढाउने र पाकिस्तान र बङ्गलादेशमा  पनि कोटा प्रावधानहरूलाई लम्ब्याउने सम्बन्धी वादविवाद देखेको छ ।

ती तीन राष्ट्रका प्रणालीहरूमा भिन्नता छ । पाकिस्तान र बङ्गलादेश दुवैमा राष्ट्रिय र स्थानीय दुवै स्तरमा आरक्षित सिटको व्यवस्था छ भने ती भारतमा स्थानीय स्तरमा मात्र प्रवेश गराइएका थिए र राष्ट्रिय स्तरमा कोटा प्रवेश गराइनेबारेको विधेयक संसदीय पक्रियामा अझै पनि अल्झिइरहेको छ ।[१०] भारतमा आरक्षित सिट (महिलाका निमित्त सुरक्षित राखिएका निर्वाचन क्षेत्रहरू सुरक्षित सिटहरूको लाभलाई विभिन्न भूभागमा पुऱ्याउनका लागि प्रत्ये क निर्वाचनमा परिवर्तन गरिन्छ, यद्यपि तर्कसङ्गत रूपले यसले महिला प्रतिनिधिहरूको निरन्तरताको समस्यातर्फ उन्मुख गराउँछ) का लागि वडाहरूमा आलोपालो प्रणाली रहेको छ, जुन पाकिस्तान र बङ्गलादेशमा छैन । बङ्गलादेशमा महिलाका निमित्त सुरक्षित सिटका लागि वडा (जिल्ला) हरू 'सामान्य सिटहरू' भन्दा तीन गुणा ठूला रहेका छन् । यो अन्य दुई राष्ट्रमा त्यस्तो छैन । भारत र बङ्गलादेशमा जस्तो पाकिस्तानमा युनियन विभिन्न वडाहरूमा विभाजित छैन, तर सम्पूर्ण उम्मेदवारका निमित्त एकल निर्वाचन क्षेत्रको रूपमा रहेको छ ।[११]

यद्यपि, यी विभिन्न कोटा प्रणालीमा केही समानताहरू रहेका छन् । तीनैवटा राष्ट्रका अङ्ग्रेज औपनिवेशिक विगतसँग बाँधिएका संवैधानिक इतिहास छन्, तिनीहरूमा बहुमतीय निर्वाचन प्रणालीहरू रहेका छन् र तिनीहरू दलमा आधारित राजनैतिक प्रणाली (पाकिस्तानमा निर्देशित लोकतान्त्रिक अभ्यासमा अवरोधहरू हुँदाहुँदै पनि) हुन् ।

**तालिका १४ : बङ्गलादेश, भारत र पाकिस्तानमा कोटाका प्रकार**

| राष्ट्र | तल्लो सदनमा महिलाको प्रतिशत | कोटाको प्रावधान | | निर्वाचन प्रणाली राष्ट्रिय स्तर |
|---|---|---|---|---|
| | | **राष्ट्रिय** | **स्थानीय** | |
| बङ्गलादेश | २.० | २४५ सिटमध्येबाट ४५ वटा सिट (१३ प्रतिशत) महिलाका निमित्त सुरक्षित छन् । *(सन् २००४ को संविधान संशोधन)* | युनियन परिषद्हरूमा कम्तीमा २५ सिट महिलाका निमित्त सुरक्षित *(सन् १९९६ को विधेयक)* | पहिलो हुने निर्वाचित हुने (बढीमतीय प्रणाली) |
| भारत (सन् २००४ को निर्वाचन) | ८.३ (सन् २००१ को निर्वाचन) | उपलब्ध छैन | सम्पूर्ण निकायमा कम्तीमा ३३ महिला तथा समाजका अन्य सीमान्तकृत समूहहरू *(सन् १९९२ को संविधान संशोधन)* | पहिलो हुने निर्वाचित हुने (बढीमतीय प्रणाली) |
| पाकिस्तान (सन् २००४ को निर्वाचन) | २१.१ | ३४२ सिटमध्येबाट ६० वटा सिट (१७ प्रतिशत) राष्ट्रिय सभामा महिलाका निमित्त सुरक्षित छन् । *(सन् २००२ को विधेयक)* | युनियनमा तहसिल (नगरपालिका) र जिल्ला स्तरमा विधायिका परिषद्मा ३३ प्रतिशत सिट महिलाका निमित्त सुरक्षित *(सन् २००० को शक्ति निक्षेपण योजना)* | समानान्तर मिश्रित प्रणाली (सूचीहरूसँग संयोजन गरिएको पहिलो हुने निर्वाचित हुने) |

## *स्थानीय सरकारमा आरक्षित सिटहरू : तिनीहरूले कसरी काम गर्छन्*

### *बङ्गलादेश*

बङ्गलादेशमा सहरी स्थानीय सरकार दुईवटा तहमा निर्मित हुन्छ: (क) *पौरसभा* (९० वटा नगरपालिका निकाय) जहाँ *पौरसभा*का आयुक्तहरूद्वारा निर्वाचित कम्तीमा तीनजना

महिला सदस्यका निमित्त कोटाको प्रावधान रहेको छ र (ख) नगर निगम (जम्मा ६ वटा छन्) । ग्रामीण स्थानीय सरकार, जिल्ला, उपजिल्ला, युनियन र गाउँ गरी चार प्रकारका परिषद्द्वारा निर्मित हुन्छन् । यी स्थानीय निकायमा महिलाका निमित्त मतदान गर्न साथै निर्वाचनमा उम्मेदवारको रूपमा खडा हुने अधिकार भए तापनि पछिल्ला दशकहरूमा केही मात्र महिला सिट जित्न सफल भएका छन् । सन् १९९३ मा युनियन परिषद्मा महिलाका निमित्त आरक्षित सिटहरूमा संसदद्वारा कानुनमार्फत् प्रत्यक्ष निर्वाचनको व्यवस्था गरिएको थियो । 'राज्य नीतिको आधारभूत सिद्धान्त' अन्तर्गत संविधानको धारा ९ ले स्थानीय सरकारी निकायहरूमा महिला प्रतिनिधित्वको व्यवस्था गरेको छ । सन् १९९७ मा नयाँ प्रावधानअन्तर्गत युनियन परिषद्को प्रथम निर्वाचन सम्पन्न गरिएको थियो ।

### *भारत*

भारतमा, पञ्चायती राज संस्थाहरू (पीआरआई) ले तीनवटा तहमा कार्य गर्छन् : गाउँ पञ्चायत, इलाका (ब्लक) पञ्चायत र जिल्ला पञ्चायत । पञ्चायतको आकार क्षेत्रको जनसङ्ख्यामाथि निर्भर हुन्छ र विभिन्न क्षेत्रमा १८-२० हजार देखि ५००-१,००० सम्मको भिन्नता रहेको हुन्छ । ७३ औँ र ७४ औँ संवैधानिक संशोधन ऐनहरूले सन् १९९२ देखि पीआरआईहरूको भूमिका सुदृढ बनाउनुका साथै सहरी र ग्रामीण स्थानीय सरकारमा महिलाका निमित्त आरक्षित सिटहरू प्रवेश गरायो ।[१२] पञ्चायतको कार्यकाल पाँच वर्षे हुन्छ, प्रत्यक्ष निर्वाचन हुन्छ र महिला तथा समाजका अन्य सीमान्तकृत समूहका निमित्त ३३ प्रतिशतभन्दा बढी सिट अनिवार्य रूपमा समावेश गर्नुपर्छ । गाउँ पञ्चायतस्तरमा निर्वाचनको ढाँचाबारे निर्णय गर्न राज्यहरूका निमित्त छोडिएको इलाका (ब्लक) र जिल्ला पञ्चायतका सभाध्यक्षहरूको निर्वाचन अप्रत्यक्ष हुन्छ । महिलाका निमित्त सिटको आरक्षण पालैपालो आधारमा गरियो, जसको अर्थ पहिलो चरणका आरक्षित सिटहरू दोस्रो चरणमा 'आरक्षित गरिएको थिएन' । यसप्रकारले महिला प्रतिनिधिहरूका निमित्त निरन्तरता, तिनीहरूको अनुभवको विकास र तिनीहरूको शक्तिको आधारशिला निर्माणमा अवरोध उत्पन्न भएको थियो ।

### *पाकिस्तान*

पाकिस्तानमा परवेज मुसर्रफको सैनिक शासनले त्यहाँका सबै चारवटै प्रान्तमा स्थानीय सरकारी निकाय जस्तै निकाय स्थापना गर्न सन् २००० को शक्ति निक्षेपण योजना लागू गर्‍यो । यसले स्थानीय सरकारका तीनैवटा तह जिल्ला परिषद्, तहसिल परिषद् (उपजिल्लास्तर) र युनियन परिषद् (गाउँस्तर) हरूमा महिलाका निमित्त ३३ प्रतिशत कोटाको सुनिश्चितता गर्‍यो । युनियन परिषद्का सदस्यहरू प्रत्यक्ष रूपमा निर्वाचित तर तहसिल र जिल्ला परिषद् सदस्यहरू युनियन परिषद्मा निर्वाचित परिषद् सदस्यहरूद्वारा गठित एउटा निर्वाचक मण्डलद्वारा अप्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । युनियन परिषद्हरूले ८ देखि १० वटा गाउँ ओगट्छन् । त्यसका २१ जना सदस्यमा एकजना नाजिम (सभाध्यक्ष) एकजना नायव नाजिम (उपसभाध्यक्ष) आठवटा आम मुसलमान सिट, चारवटा महिला मुसलमान सिट, चारवटा मुसलमान किसान र मजदुर सिट, दुईवटा महिला किसान र मजदुर सिट तथा

एउटा धार्मिक अल्पसङ्ख्यक हुने गरी सिटहरू रहेका हुन्छन् । यसको अर्थ २१ वटामध्ये ६ वटा सिट महिलाका निमित्त सुरक्षित राखिएका छन् । यसप्रकारले वास्तविक कोटा प्रतिशत ३३ प्रतिशत होइन २९ प्रतिशत हुन्छ, जुन प्रायजसो उल्लेख गरिने तथ्याङ्क हो । नाजिमहरू वा अल्पसङ्ख्यक सिटका निमित्त कुनै कोटा नछुट्याइएको तथ्यका कारण त्यस्तो भएको हो ।[१३]

## अभ्यासमा कोटा प्रणालीः के त्यसले फरक पार्छ ?

ऐनको आवश्यकता, प्रक्रिया र परिणाम तथा कार्यान्वयनका व्यक्तिगत अनुभवहरूद्वारा प्रभावित भएर आरक्षित सिटहरूको असर तीनवटा राष्ट्रमा भिन्नाभिन्नै रहेको छ । आरक्षित सिटले स्थानीय सरकारमा सापेक्षरूपले केही कम सङ्ख्यामा महिलाको पहुँचलाई सुनिश्चितता दिएकाले कोटाले सम्बन्धित राष्ट्रहरूमा महिला सशक्तीकरणको मुद्दालाई सम्बोधन गरेको छ कि छैन भन्ने कुरा विवाद गर्न लायकको रहेको छ ।

### स्थानीय सरकारमा कोटा प्रणालीको असर

तर्कयोग्य कुरा के छ भने सुरक्षित सिटहरूको सफलताको सूचकहरूमध्येको एक स्थानीय सरकारमा महिलाको उपस्थिति वृद्धि भएको छ र स्थानीय निकायहरूको कार्यमा तिनीहरूको अझ बढी सहभागिताले परिणाम देखाइरहेको छ । आरक्षणको परिणामस्वरूप स्थानीय सरकारमा महिलाको प्रतिनिधित्व तीनवटै राष्ट्रमा वृद्धि भएको छ ।

बङ्गलादेशमा सन् १९९७ को युनियन परिषद् निर्वाचनमा महिलाका निमित आरक्षित सिटमा जम्मा १३ हजार महिला उम्मेदवारहरू निर्वाचित भएका थिए । राष्ट्रका चारवटा सहरी निगममा जम्मा ६३ जना महिला आयुक्त निर्वाचित भएका थिए ।

आरक्षित सिटले भारतमा समाजका सबै तहका १० लाखभन्दा बढी महिलालाई ग्रामीण तहमा निर्णय लिनमा सहभागी बनाएको छ ।

सन् १९७९ पछि पाकिस्तानमा सन् १९८३, १९८७, १९९२ र २००१ मा स्थानीय सरकारको निर्वाचन सम्पन्न भएको थियो । सन् २००० - २००१ को स्थानीय सरकारको निर्वाचनले ४२ हजार ४९ जना महिलालाई स्थानीय सरकारमा सहभागी गरायो ।

महिला प्रतिनिधिहरूले स्थानीय तहमा ल्याएको गुणात्मक असरका केही प्रमाणहरू छन् । भारतमा लघु कर्जा कार्यक्रमहरू, साक्षरता अभियान वा अन्य सामाजिक आन्दोलनमा महिला प्रतिनिधिहरुले राम्रो काम गरिरहेका छन् र सफल देखिएका छन् ।[१४] बङ्गलादेशमा स्थानीय निकायहरूमा महिलाको प्रत्यक्ष निर्वाचनले काम-कर्तव्य (ToR) र यी निकायहरूको क्रियाकलापका परिधिहरूका साथै तालिम कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकताबारे प्रश्नहरू उठाएको छ ।[१५] पाकिस्तानमा समाजका विपन्न वर्गका महिला मतदाताले पहुँचयोग्य भएकाले महिला परिषद् सदस्यहरूसगँ सम्पर्क गरिरहेका छन् र आफ्नो समस्याहरू समाधान गर्ने आशा महिला परिषद् सदस्यहरूसमक्ष राखिरहेका छन् ।

### *स्थानीय सरकारमा महिलाको अनुभव*

दक्षिण एसियामा स्थानीय सरकारमा महिलाको अनुभव लिङ्ग र वर्ग, शासन व्यवस्था, स्थानीय संघ-संस्थाहरूको प्रकार, औपचारिक तथा अनौपचारिक सञ्जालहरू र स्थानीय सरकारमा महिलाको पूर्ण सहभागितालाई असर पार्ने प्रथाजन्य कानुनहरूद्वारा मध्यस्थ गरिएको छ । तिनीहरूको सहभागितामा शिक्षा, तालिम र स्रोतहरुको कमीले पनि असर पारेको हुन्छ । यसका अतिरिक्त, घर गृहस्थीका पुरूष सदस्यहरूमाथि महिला प्रतिनिधिहरू भरपर्नु र आर्थिक स्रोतहरूमा (उदाहरणका लागि स्थानीय सरकारका प्रतिनिधिहरूका निमित्त तलबको व्यवस्था छैन) पहुँच माथि तिनीहरूको असामर्थ्यले पनि तिनीहरूको कार्य सम्पादनमा असर पार्छ । निम्नलिखित उदाहरणले स्थानीय स्तरमा महिलाको खास अनुभवलाई चित्रण गर्छ ।

बङ्गलादेशमा महिला आयुक्तहरूलाई चारवटा मुख्य कर्तव्य पालन गर्नबाट निषेध गरिएको छ : जन्म तथा मृत्यु दर्ता र नागरिकता र चारित्रिकलगायत विभिन्न प्रमाणपत्र जारी गर्न, भवनहरूको ढाँचा जाँचबुझ गर्न, जनगणना र अन्य सबै जनसङ्ख्यासम्बन्धी सर्वेक्षणमा सहायता पुऱ्याउन र शान्ति सुरक्षाको अनुगमन गर्न ।[१६] महानगरपालिका र नगरपालिकाका महिला कमिसनरहरूमाथि महिला र बालबालिकामाथिको शोषण रोकथाम गर्नसँग सम्बन्धित उत्तरदायित्व मात्र सुम्पिएको छ भने पुरूष आयुक्तहरूले अन्य सबै कर्तव्यपालन गर्नमा नेतृत्वदायी भूमिका खेल्छन् । यसका अतिरिक्त, सरकारले महिला आयुक्तहरूका निमित्त वेतनलाई अन्तिम रूप दिन बाँकी नै रहेको छ अनि सबैभन्दा माथि खास कार्यालय कोठा, यातायात र अन्य सुविधा जस्ता सुविधाहरूमाथि तिनीहरूको पहुँच छैन ।

पाकिस्तानमा परिषद्को बैठकमा आफूहरूले निमन्त्रणा नपाउने गरेको गुनासो धेरै महिला परिषद् सदस्यहरूको रहेको छ र ५० प्रतिशतभन्दा कम महिला परिषद् सदस्यले सभाध्यक्षको निर्वाचन भएको एउटा मात्र बैठकमा सहभागी भएका थिए । जिल्ला र युनियन परिषद् स्तरमा विकास योजनाहरूबारे महिलाहरूसँग परामर्श नै नगरीकन तिनीहरूको घरमै प्रायजसो हस्ताक्षर गर्नका लागि वा ल्याप्चे लगाउनका लागि कागजातहरू पठाइन्छन् । महिलाहरूलाई प्रायजसो प्रस्तुत गर्नका लागि कुनै प्रत्यक्ष निर्वाचन क्षेत्र भएको नठानिने भएकोले न त तिनीहरूलाई विकास कोषको समान हिस्सा नै दिइन्छ । सन् २००० मा कोटा लागू भएपछि निर्वाचनमा उठेका प्रायः सबैजसो उम्मेदवारले त्यस्तो गरे किनभने तिनीहरूको पुरूष आफन्तहरू वा समुदायका सदस्यहरूले त्यस पदका लागि तिनीहरूको नाम प्रस्तुत गरे । स्पष्टतः यसले स्थानीय सरकारमा स्वतन्त्र पात्रको रूपमा तिनीहरूको दर्जालाई खोइरो खन्छ ।

### *प्रभावकारी सहभागिताका लागि चुनौतीहरू*

यस भागले दक्षिण एसियामा स्थानीय सरकारहरूमा महिलाहरूले सामना गर्नुपर्ने केही मुख्य चुनौतीको सिंहावलोकन गर्छ ।

*१. निर्वाचन क्षेत्र प्रतिनिधित्व :* बङ्गलादेशमा 'स्थानीय निकायहरूमा परिषद्का सदस्यको रूपमा महिला सदस्यहरू आफ्नो भूमिका र कार्यबारे सचेत छैनन् । प्रायजसो

महिला मतदाता नगरपालिकाहरूमा आफ्नो प्रतिनिधि को हो र तिनीहरूको कार्य के हो भन्नेबारे समेत जान्दैनन् ।' पछिल्लो पटक सन् २००३ मा सम्पन्न युनियन परिषद् मतदानबारे गरिएको एउटा अध्ययनअनुसार कैयन् महिला सुरक्षित सिटहरूमा नभई सामान्य सिटहरूका लागि प्रतिस्पर्धा गर्न इच्छुक रहेका थिए ।[१८] यसले तिनीहरूले आफूलाई कोटा प्रणालीद्वारा सामान्य सिटका निमित्त इच्छुक हुनका लागि सशक्तीकरण गरिएको रूपमा हेर्छन् भन्ने कुरालाई चित्रण गर्न सक्छ वा यसले कोटाद्वारा निर्वाचित महिलाका निमित्त निर्वाचन क्षेत्र प्रतिनिधित्वको कमीको समस्यालाई महत्त्वपूर्ण रहेको देखाउन सक्छ । महिला र पुरूष दुवैले सामना गर्नुपर्ने महत्त्वपूर्ण मुद्दाहरूमध्ये एक स्रोतहरूमाथि केन्द्र सरकारको नियन्त्रणले तिनीहरूको स्वशासन अधिकारको खिल्ली उडाउने कुरा हो । महिला उम्मेदवारहरूले धनमा आधारित राजनीति, विशाल निर्वाचन क्षेत्रभर यात्रा गर्नुपर्ने भएकोले तिनीहरूको सुरक्षाबारेका मुद्दा र स्थानीय समुदायको राजनैतिक जीवनमा पूर्णरूपले सहभागी हुनमा महिलाको क्षमतालाई सीमित पार्ने र अलग्याउने पर्दाप्रथालाई समर्थन गर्ने पितृसत्तात्मक सामाजिक सम्बन्धहरूका अटुट प्रभावका अवरोधहरूको पनि सामना गर्नुपर्छ ।

*२. स्थानीय स्तरमा सापेक्ष प्रभाव :* भारतमा महिलाहरूले आफ्नो राजनैतिक संरक्षणका लागि दलका विभिन्न निकायका जिम्मेवार व्यक्तिहरुसँग मिलेमतो गर्ने अपेक्षा गरिन्छ । संरचनात्मक चुनौतीहरूमध्येको एक राज्य सरकारका सामुन्ने पञ्चायतको कमजोर अवस्था हो, जसले पञ्चायतको स्वशासन र त्यसमा निर्वाचित भएकाहरूलाई क्षयीकरणतर्फ लैजान्छ । कैयन् महिलाले समुचित पारिश्रमिक नहुँदा पञ्चायतहरु भ्रष्टाचार र पारिश्रमिक नपाए पनि काम चलाउन सक्ने उच्च वर्गका व्यक्तिहरूको प्रभुत्वलाई स्वीकार गर्न बढी खुला रहेका हुन्छन् भनेर औंल्याएका छन् । यसप्रकार प्रक्रियाका सम्बन्धमा राजनीतिमा महिलाको प्रवेशका लागि सदस्यहरूका अपेक्षा, तालिम र पारिश्रमिक जस्ता मुद्दाहरूमाथि ध्यान केन्द्रित गर्नु आवश्यक रहेको हुन्छ ।

*३. महिलाले कसको प्रतिनिधित्व गर्छन् ?* पाकिस्तानमा महिला प्रतिनिधिहरू त्यस प्रणालीभित्र आफ्नै लागि स्थान बनाउनमा सङ्घर्षरत रहेका छन् । पञ्जाबका छ वटा जिल्लाको एउटा अध्ययनले देखाएअनुसार स्थानीय सरकारका शक्ति र कार्यहरूबारे महिला परिषद् सदस्यहरूको ज्ञान र सूचना निकै न्यून रहेको थियो ।[२०] तिनीहरू आफ्ना पुरूष समकक्षीहरूद्वारा राजनीतिक साझेदारको रूपमा अस्वीकार गर्ने परम्परागत सोचाइविरुद्ध द्वन्द्व गरिरहेका छन् । तिनीहरूलाई महिलाको मात्र प्रतिनिधित्व गरिरहेका भनेर हेरिन्छ र लिङ्ग विशेषका निमित्त रहेका आयोजना र कार्यक्रमहरूको मात्र उत्तरदायित्व दिइन्छ । परिषद्का महिला सदस्यका निमित्त आफ्नै खल्तीबाट यातायात खर्च धान्न कठिन हुने भएकोले, तिनीहरूमध्ये धेरैजसो आफ्नो परिवारका पुरूष सदस्यहरूमाथि आर्थिक रूपले भर परेको हुँदा सुरक्षित सिटमा विजय प्राप्त गरेका परिषद् सदस्यहरूलाई कैयन शुल्क दिइएको थिएन ।

ती तीनवटा राष्ट्रको प्रतिनिधिमूलक र दलीय राजनीतिमा वर्ग, जाति, धर्म र वंशगत आधारमा महिलाहरूबीचका (पुरूषहरूबीच जस्तै) भिन्नताहरूलाई विभिन्न विधिले समाप्त

पारिसकिएको छ। बङ्गलादेशमा धेरैजसो निर्वाचित महिलाहरुको स्तर र शिक्षा दुवैका दृष्टिले सम्भ्रान्त महिला हुन् ।[२१] भारतमा पञ्चायतको सदस्यतामा गरिब किसान र कृषि मजदुर हरूको मननयोग्य उपस्थिति भएकाले पञ्चायतका सरपञ्चहरू (सभाध्यक्ष) उच्च वर्गका छन् भनेर बचले उल्लेख गरेका छन् ।[२२] पाकिस्तानमा परिषद्का महिला सदस्यहरूमध्ये करिब एक तिहाइ सदस्य निरक्षर थिए र बहुसङ्ख्यक ग्रामीण पृष्ठभूमिबाट आएका थिए ।[२३] यहाँ रहेको चुनौती महिला र पुरूष दुवैको छनौट प्रक्रियालाई यस्तो तवरले लोकतन्त्रीकरण गर्नु हो, जसअनुसार उम्मेदवार छनौटमा वर्ग र जातले त्यति महत्त्वपूर्ण भूमिका खेल्न नपाउन्, यद्यपि त्यस क्षेत्रलाई असर पार्ने गहिरा असमानताहरूले यसमा प्रभाव पार्ने छन् ।

## *निष्कर्ष*

बङ्गलादेश, भारत र पाकिस्तानमा केन्द्रित यी घटना अध्ययनले बढ्दो सङ्ख्याले स्थानीय सरकारी निकायमा संलग्न भइरहेकोले आरक्षित सिटहरूले महिलाको न्यून प्रतिनिधित्वको मुद्दालाई वास्तवमा सम्बोधन गरेको सुझाव दिन्छ । तिनीहरूको संलग्नताले प्रान्तीय र राष्ट्रियस्तरको राजनीतिमा महिलाहरूलाई वृहत्तर सहभागितातर्फ डोऱ्याउन सक्ने केही प्रमाण रहेका छन् । महिला प्रतिनिधिहरूले महिलाका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने प्रयास अवश्य गर्छन् र आफ्ना समस्या सम्बोधन गर्न तिनीहरुलाई महिला समूहहरूले सम्पर्क गरेका छन् भन्ने पनि हामीले देखेका छौं । समग्रमा महिला प्रतिनिधिहरू कम भ्रष्ट छन्, त्यसैले जनताका आँखामा तिनीहरूले स्थानीय सरकारमा केही हदसम्म विश्वसनीयता दिलाएका छन् भन्ने केही प्रमाणसमेत रहेका छन् ।

यद्यपि, महिला प्रतिनिधित्वले संरचनात्मक, व्यक्तिगत र दलीय राजनीति जस्ता कैयन् चुनौतीहरुको सामना गर्नुपर्छ। तिनीहरूलाई तिनका पुरूष सहकर्मीहरूले गम्भीरतापूर्वक लिँदैनन्, तालिम र सूचनाको स्तर नाजुक रहेको छ, दलका नेताहरुले स्थानीय सरकारमाथि प्रभुत्व जमाउन छाड्दैनन् । यसप्रकार कठिन अवस्थामा परेका महिला प्रतिनिधिहरूले परिवर्तन ल्याउने प्रयास गर्छन्, तर परिवारभित्र रहेको असन्तुलित लैङ्गिक असमानताले महिलाका मुद्दाहरूमा स्वतन्त्र अडान लिन निरुत्साहित पार्न छाड्दैनन् । हामीले यो पनि देख्छौं कि केही परिवर्तन हुँदाहुँदै पनि स्थानीय राजनीतिमा मध्यम र उच्च वर्गको निरन्तर प्रभुत्वको अर्थ यो हुन्छ कि महिलाहरूबीचको भिन्नताले खास विधिहरूलाई  समाप्त पारिएको छ । यसको अर्थ यो हुन्छ कि तल्लो जातकी महिलाले तिनीहरूको आफ्नै समुदायको सन्तोषजनक ढङ्गले प्रतिनिधित्व गर्न कठिन भएको पाउँछिन् । त्यसैबखत तिनीहरू कुनै पनि सामान्यीकरण गरिएका महिला सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम हुदैनन् । दोस्रो, दर्जाको भिन्नताले गर्दा गरिब, तल्लो जातको अल्पसङ्ख्यक महिलाले प्रभुत्वशाली, विशेषाधिकार सरोकारहरूसम्म उठेर लिने जोखिम ज्यादै उच्च हुन्छ । अन्त्यमा, भारतमा प्रयोग गरिएका जस्तै सिटहरूको कमागत आरक्षणको अर्थ राजनीतिमा सहभागी हुने महिला प्रतिनिधिहरूले आफ्नो निर्वाचन क्षेत्रलाई लामो समयसम्म सेवा प्रदान गर्न सक्दैनन् अनि त्यसकारणले आफ्नै लागि आधार बनाउनका निमित्त तिनीहरूले सङ्घर्ष गर्छन् ।

## पादटिप्पणी

१ This chapter is based on a longer paper prepared for Dahlerup, Drude (ed.). *Quotas for Women Worldwide.* London: Routledge.

२ While there has been some empirical work done on the process by which reservations for women were introduced and implemented and on the outcome for both women representatives and local government institutions in each of the three countries (Buch 2000, Mahtab 2003, Bari 1997: see below), this is the first comparative study on the issue.

३ Women in South Asia (including Nepal and Sri Lanka) occupy only 7 percent of the parliamentary seats, 9 percent of the cabinet seats, 6 percent of the positions in the judiciary and 9 percent in the civil service. United Nations Development Programme (UNDP), 2000. *Human Development Report 2000.* Oxford: Oxford University Press.

४ The first quotas were part of the British administrative regime in South Asia under the Government of India Act of 1935, which established quotas for women and minority groups.

५ Article 331 stipulated a reservation of seats for the Anglo-Indian community for two years if the president thought it to be under-represented in Parliament.

६ Chowdhury, Najma, 2003. 'Bangladesh's Experience: Dependence and Marginality in Politics', in International IDEA. *The Implementation of Quotas: Asian Experiences.* Quota Workshops Report Series. Stockholm: International IDEA, pp. 50–8.

७ Ali, Shaheen, 2000. 'Law, Islam and the Women's Movement in Pakistan', in Shirin M. Rai (ed.). *International Perspectives on Gender and Democratisation.* Basingstoke: Macmillan.

८ See Goetz, Anne-Marie, 1996. 'Dis/organizing Gender: Women Development Agents in the State and NGO Poverty-reduction Programmes in Bangladesh', in Shirin M. Rai (ed.). *Women and the State: International Perspectives.* London: Taylor & Francis; Goetz, Anne-Marie (ed.), 1997. *Getting Institutions Right for Women in Development.* London: Zed Books; Kabeer, N., 1994. *Reversed Realities: Gender Hierarchies in Development Thought.* London: Verso; and Kabeer, N., 1995. 'Targeting Women or Transforming Institutions? Policy Lessons from NGO Anti-poverty Efforts'. *Development and Practice*. Vol. 5, no. 2, pp. 108–16.

९ The Human Development Index rankings for the three countries in 2003 are 139 for Bangladesh, 127 for India and 144 for Pakistan. United Nations Development Programme (UNDP), 2003. *Human Development Report 2003.* Oxford: Oxford University Press.

१० Rai, S. M. and Sharma, K., 2000. 'Democratising the Indian Parliament: the "Reservation for Women" Debate', in S. M. Rai (ed.). *International Perspectives on Gender and Democratisation.* Basingstoke: Macmillan.

११ Frankl, Emma, 2003. 'Quota as Empowerment: The Use of Reserved Seats in Union

Parishad as an Instrument of Women's Political Empowerment in Bangladesh', unpublished paper, Stockholm University.

[१२] In 2000 there were 532 district *panchayats*, 5,912 block or *tauluk panchayats* and 231,630 village or gram *panchayats*, and there are more than 3 million elected *panchayati raj* representatives, of whom women constitute one-third. See Ford Foundation, 2002. 'From Public Administration to Governance'. New Delhi.

[१३] Graff, I., 2003. 'Women's Representation in Pakistani Politics: The Quota Systems under the Musharraf Regime'. Paper presented at the International Conference on Women and Politics in Asia, Halmstad, Sweden, 6–7 June.

[१४] Buch, Nirmala, 2000. 'Women's Experience in New Panchayats: The Emerging Leadership of Rural Women'. Occasional Paper 35, Centre for Women's Development Studies (CWDS), Delhi.

[१५] Reyes, Socorro L., 2002. 'Quotas in Pakistan: A Case Study'. Paper prepared for a workshop hosted by International IDEA.

[१६] Mahtab, N., 2003. 'Women in Urban Local Governance: A Bangladesh Case Study'. Paper presented at the International Conference on Women's Quotas in Urban Local Governance: A Cross-national Comparison. New Delhi, February.

[१७] Mohanty, Bidyut, 2003. 'Women's Presence in Panchayats (Village Councils) in India: A New Challenge to Patriarchy'. Paper presented at the International Conference on Women and Politics in Asia, Halmstad, Sweden, 6–7 June.

[१८] Mahtab 2003, op. cit.

[१९] The remuneration varies from 10 rupees (INR) per sitting to 50 INR. The *sarpanch* can get up to 100 INR.

[२०] Bari, Farzana, 1997. 'Discovering Female Representatives in Local Government', unpublished report.

[२१] Frankl 2003, op. cit., p. 42.

[२२] Buch 2000, op. cit.

[२३] Bari 1997, op. cit.

# अध्याय ५

अध्याय ५

अस्सा कराम तथा जोनी लोभेन्दुस्की

# संसदमा महिलाः प्रभाव पार्दै

अहिलेका संसदहरूमा महिलाहरूको प्रतिनिधित्व उल्लेख्य रूपले न्यून रहेको भए तापनि अहिले महिलाहरुले संसदमा रहँदा आफ्नो संख्या जतिसुकै भए पनि कसरी प्रभाव पार्न सकिन्छ र वास्तवमा के गर्न सकिन्छ भनेर संख्याभन्दा पर हेरिरहेका छन् । तिनीहरूले खेलका नियमहरू र विश्वका संसदभित्रबाट प्राप्त ज्ञान र बुझाइलाई महिलाहरूका मुद्दा र सरोकारहरू प्रवर्द्धन गर्नका लागि प्रयोग गर्न सिकिरहेका छन् । त्यसो गरेर तिनीहरूले आफ्नै सफलताको सम्भाव्यता मात्र वृद्धि गरिरहेका छैनन् बरु तिनीहरूले नयाँ पुस्ताका महिलाहरूका निमित्त संसदीय प्रक्रियामा प्रवेश गर्नका लागि मार्ग प्रशस्त गरिरहेका छन् । संसदमार्फत् महिलाहरूले राजनैतिक प्रक्रियामा आफ्नो प्रभावलाई कसरी अधिकतम बनाउन सक्छन् ? तिनीहरूको प्रभावकारिता वृद्धि गर्नका लागि कुन-कुन रणनीति सबैभन्दा उपयोगी छन् ? त्यस क्षेत्रमा प्रवेश गर्न आकाङ्क्षा राख्नेहरूसँग संसदका महिला सांसदहरूले कुन पाठ साझेदारी गर्न सक्छन् ? राजनैतिक प्रक्रियामा महिलाहरूले कसरी प्रभाव पारेका छन् ? हामी सडकबाट संसदतर्फ अगाडि बढ्दादेखि संसदमा दखल गर्दासम्मका यिनै विषयहरूमाथि यस अध्यायमा केन्द्रित रहेका छौं ।

## १. ससंद्मा दखल गर्नु

कार्यका लागि बेइजिङ मञ्च (सन् १९९५) मा १८० भन्दा बढी सरकारहरू 'निर्णय गर्दा महिला र पुरूषको समान सहभागिताको लक्ष्य प्राप्त गर्नाले लोकतन्त्रलाई सुदृढ पार्न र यसको सही कार्यलाई प्रवर्द्धन गर्नका लागि...आवश्यक...सन्तुलन...उपलब्ध गराउँछ'[१] भन्ने कुरामा सहमत भए । जतिखेर विश्वका विभिन्न भूभागका महिलाहरूले मतदानको अधिकार प्राप्तिका लागि सङ्घर्ष गरे त्यसबेला तिनीहरुले अपरिहार्यरूपमा त्यसले महिलाको

**महिला सांसदहरुले पार्न सक्ने वास्तविक असर त्यस सभाले कार्य गर्ने आर्थिक र राजनैतिक सन्दर्भ, पृष्ठभूमि, अनुभवी अनि संसदमा भएका महिलाहरुको सङ्ख्या र संसदीय खेलका नियमहरु लगायत विभिन्न कुराहरुमाथि भर पर्छ ।**

अझ बढी प्रतिनिधित्वतर्फ डोऱ्याउनेछ भन्ने अपेक्षा गरेका थिए । यस पुस्तकका अध्यायहरूले चित्रण गरेअनुसार तिनीहरूका अपेक्षा कहिल्यै पूरा भएनन् । त्यस विपरीत, महिलाहरूलाई संसदमा वास्तवमा नै निर्वाचित गराउनका लागि महिलाहरूले अर्को लामो र कठिन सङ्घर्षको बाटो लिनु पऱ्यो । त्यस प्रयासको केही भागमा महिला मतदातालाई आफ्नो प्रतिनिधिको रूपमा महिलाहरूलाई नै समर्थन गर्नका लागि राजी गराउन गर्नुपरेको पहल समावेश छ । धेरैजसो राष्ट्रमा राष्ट्रिय संसद प्रवेशका खास माध्यमहरूका रुपमा ज्यादातर काम राजनैतिक पार्टीहरूमा केन्द्रित हुन्छ । लामो समयदेखि स्थापित राजनैतिक पदपूर्तिका लागि पार्टीको पद्धति परिवर्तन गर्न राजनैतिक पार्टीभित्र र बाहिरका महिलाहरू आफै सङ्गठित र गोलबन्द हुन्छन् ।

महिलाहरू संसदमा प्रवेश गरेपछि तिनीहरूको सङ्घर्ष समाप्तिबाट निकै टाढा हुन्छ । संसदमा महिलाहरू पुरूषको क्षेत्रमा प्रवेश गर्छन् । संसदहरू आफ्नै सरोकारमा कार्य गर्दै र आफ्नै सुविधाका लागि कार्यविधिहरू स्थापना गर्दै पुरूषबाट स्थापना भएका, संगठन गरिएका र प्रभुत्व कायम गरिएका थिए । महिलालाई वञ्चित गर्न जानाजान कुनै षड्यन्त्र भएको थिएन । यो कुनै एउटा मुद्दामा मात्र नभई अधिकांश घटनामा थियो । लामो समयदेखि स्थापित धेरै जसो संसदहरू पुरूषको प्रभुत्व रहेको वा पुरूषहरूका लागि मात्र रहेको राजनैतिक प्रक्रियाका उत्पादन थिए । त्यसउप्रान्तका संसदीय सभाहरूले धेरैजसो भागका लागि यी स्थापित सभाहरू अनुरुप ढाँचा लिएका थिए । पुरूष प्रभुत्व रहेका यी सङ्गठनहरूले अवश्यंभावी रुपमा राष्ट्र र संस्कृतिअनुसार भिन्न प्रकारका खास पुरूष पूर्वाग्रहहरूलाई प्रतिबिम्बित गर्छन् ।

हालसालैसम्म पनि यो 'संस्थागत पुरूषत्व' विधायिकाको एउटा अदृश्य गुण भएको छ, यो निहित, अकाट्य र अधिकारको रुपमा पाएको जस्तो छ । भर्खरै मात्र व्यवस्थापिकाको पुरूषत्व आधार सूक्ष्म परीक्षणअन्तर्गत आएको छ । यथार्थमा अधिकांश राष्ट्रहरुमा २० औं शताब्दीको मध्यतिर मात्र व्यवस्थापिकामा महिलाहरूको राजनैतिक भूमिका एउटा सार्वजनिक मुद्दा बन्यो ।

सन् २००५ मा विश्वभरिका संसदका सदस्यहरूमा १६.० प्रतिशत महिला रहेका छन् । नर्डिक राष्ट्रहरूमा तिनीहरूको सङ्ख्या सबैभन्दा उच्च ४०.० प्रतिशत रहेको छ भने अरब राष्ट्रहरूमा तिनीहरूको प्रतिनिधित्व (सन् २००५ जनवरी) मा ६.५ प्रतिशतमात्र रहेको थियो ।[२]

महिलाहरूलाई संसदमा निर्वाचित गराउनका लागि पहिला भएका प्रयासका जस्तै गरी अहिले संसदभित्र रहेका महिलाहरू विश्वको व्यवस्थापिकाभित्रबाट महिलालाई सङ्गठित, गोलबन्द, उत्प्रेरित र उन्नतिशील बनाउँदैछन् । तिनीहरू रणनीति परिकल्पना गर्दैछन् र महिलाहरूसँग प्रासङ्गिक मुद्दाहरूलाई प्रवर्द्धन गर्न र ऐनमा परिवर्तनलाई सहज बनाउनका लागि कार्य गर्दैछन् ।

महिला सांसद्हरूले पार्न सक्ने वास्तविक प्रभाव राष्ट्र राष्ट्र अनुसार फरक हुने कैयन् अस्थिर तत्त्व (Variables) हरूमाथि भर पर्छ । ती अस्थिर तत्त्वहरूमा त्यस सभाले कार्य गर्ने आर्थिक र राजनैतिक सन्दर्भहरू, पृष्ठभूमि, संसदमा रहेका महिलाहरूको अनुभव र सङ्ख्या तथा संसदीय प्रक्रियाका नियमहरू पर्दछन् । महिला सांसदहरूले निर्वाचित भइसकेपछि यी प्रत्येक तत्त्वहरूमा पार्ने फरकको उल्लेख्य रुपमा सामना गर्नु परेको हुन्छ । यी तत्त्वहरूमा राष्ट्र राष्ट्रका बीचमा ठूलो भिन्नता हुने भएकाले महिला सांसदहरूले आफ्नो प्रभावलाई कसरी अधिकतम पार्ने भन्नेबारे सर्वमान्य रूपमा प्रासङ्गिक हुने गरी सामान्यीकरण गर्न कठिन छ ।

यसका अतिरिक्त, महिलाहरूले कस्तो प्रकारको प्रभाव पारेका छन् भन्नेबारे सापेक्षरूपमा कम अनुसन्धान र सूचना उपलब्ध छ । महिला र उनीहरूको निर्णायक भूमिकाको यस खास क्षेत्रमा अरू बढी ज्ञान र बुझाइको आवश्यकतालाई रेखाङ्कित गर्दा संयुक्त राष्ट्रसंघको कार्यका लागि बेइजिङ मञ्चले महिलाको अवस्थासम्बन्धी आयोग (Comission on the Status of Women, CSW) सँग संयुक्तरूपमा राजनीतिमा 'फरक पार्दै महिला' विषयमा अरू बढी 'अभिलेख'का लागि आह्वान गरेको छ ।[३] कार्यक्षेत्रमा जे उपलब्ध छ त्यसबाट अनुमान गर्दा र विश्वभरिका महिला सांसदहरूसँगको अन्तर्वार्ता र छलफलहरूका आधारमा हामीले त्यस प्रक्रियामा असर पार्नका लागि महिलाहरूले प्रयोग गरिरहेका र प्रयोग गर्न सक्ने केही रणनीति तथा यन्त्र संरचनाहरू पहिचान गरेका छौँ । यी विचारहरूलाई सङ्गठित पार्न र प्रस्तुत गर्नका लागि हामीले एउटा रणनीति निर्माण गरेका छौं, जसलाई हामीले 'नियमहरूको रणनीति' भन्ने गरेका छौं । त्यसपछि आउने घटना अध्ययनहरूले ती रणनीतिहरूमध्येको केहीको कार्यान्वयनलाई चित्रण गर्छन् ।

## *१.१ उपस्थिति*

महिलाहरूको प्रभावको हद संसदमा रहेका महिलाका मुद्दा र सरोकारहरूलाई प्रतिनिधित्व गर्नका निमित्त उत्प्रेरित रहेका महिलाको संख्यामाथि नै बढी भर पर्छ ।

नारीवादीहरूले प्रायजसो तर्क गर्ने गर्दछन् कि अगुवा महिला संसद सदस्यहरू वारिस पुरूष बनेका छन् किनकि तिनीहरू व्यवस्थापिकामा सामाजिकीकरण भए अनि तिनीहरूले प्रतिस्थापन गरेका पुरूषहरूबाट अलग गराउन नसिकने भए । हामीलाई यसमाथि शङ्का छ । महिलाहरू अनुपस्थित रहेका बेला फरक किसिमले व्यवहार गर्ने रुपमा पुरूषहरू चिनिएका छन् । यसले लैङ्गिक सीमालाई बिथोल्ने भएकाले एकजना मात्र महिलाको उपस्थितिले भए पनि पुरूषको व्यवहारलाई परिवर्तन गर्छ, धेरै महिलाको उपस्थितिले त्यसलाई अझ बढी परि वर्तन गर्छ । पश्चिम युरोपेली अनुभवले देखाएअनुसार महिला सांसदको परिवर्तनको असर ल्याउने चेष्टा हुँदा केही संख्याले समेत महत्त्वपूर्ण परिणाम ल्याएको छ ।

एकजना मात्र महिलाको उपस्थितिले समेत फरक पार्न सक्छ भने संसदमा महिलाका सरोकारहरूलाई प्रतिनिधित्व गर्न उत्प्रेरित महिलाहरू घनीभूत संख्यामा भएमा मात्र दीर्घकालीन सार्थक परिवर्तन ल्याउन सकिने सम्भावना बढी हुन्छ । आफ्ना पुरूष सहकर्मीहरूसँग मिलेर महिला सांसदहरूले आफ्ना पुरूष सहकर्मीसँगको सक्रिय साझेदारीलाई ठम्याउन सक्छन् ।

यद्यपि, संख्याद्वारा सरलरूपमा परिवर्तन आउँदैन, बरु यो महिलाहरूको अवरोधलाई पराजित गर्ने एउटा जटिल प्रक्रिया हो, जसमा उपस्थिति आवश्यक संयोगको एउटा भागमात्र हो । द्रुदे दालेरुपका अनुसार महिलाको ठूलो समूह उपस्थित छ भन्ने जाँच तिनीहरूकै र सामान्य महिलाहरूका निमित्त रहेका अवस्थाहरूमा सुधार ल्याउने ऐनद्वारा महिलाको प्रतिनिधित्व विकासको गति तीब्र रूपले वृद्धि हुनु हो । यी सशक्तीकरणका महत्वपूर्ण कार्यहरू हुन् ।

ठूलो संख्यामा उपस्थित भइसकेपछि महिलाहरूका निमित्त एकसाथ काम गर्न तत्पर रहेर महिला सांसदहरूले 'सङ्केतिकता' को अवस्थालाई पराजित गर्न सक्छन् अर्थात् तिनीहरू अधीनस्थ भएको बोधभन्दा अग्रतर्फ गतिशील हुनुका साथै व्यवस्थापिकाभित्र र बाहिर दुवैमा पारस्परिक क्रियात्मक तथा रणनैतिक साझेदारी निर्माण गर्न सक्षम हुन्छन् । व्यवस्थापिकाहरूभित्र एउटा महत्वपूर्ण समूहले पार्टी लाइनहरूलाई पार गर्न सहज बनाउँछ र विशेष गरेर सामाजिक आमूल परिवर्तनका निमित्त एउटा समीकरणको महत्त्वपूर्ण अर्को आधा हिस्सा तिनीहरूको पुरूष सहकर्मीहरूसम्म पुग्न सहज बनाउँछ । महत्वपूर्ण समूहको रूपमा तिनीहरूको उपस्थितिले नागरिक समाज सङ्गठनहरूमा तिनीहरूको पहुँचको सम्भावना र हदलाई कैयन् गुणाले वृद्धि गर्छ, त्यसको बदला यसले विधेयक र यसको नीतिहरूमाथि प्रभाव पार्नका लागि आवश्यक रहेको गतिलाई बढाउँछ । स्क्यान्डेनेभिया र अन्यत्रका महिला सांसदहरूसम्बन्धी अध्ययनमा दालेरुपले पाएअनुसार महिला राजनीतिज्ञहरूले अरूलाई पदपूर्ति गर्नका लागि कार्य गरे अनि महिलाहरूलाई लाभ पुऱ्याउन नयाँ विधेयक र संघ-संस्थाहरूको विकास गरे । तिनीहरूको संख्यामा वृद्धि भएपछि एकजना महिला राजनीतिज्ञ हुन सहज भयो र महिला राजनीतिज्ञहरूबारेको सार्वजनिक सोचाइमा परिवर्तन आयो ।[४] सन् २००५ मा मर्सिडिज माटियो डियाजले बेल्जियन र स्विडिस सांसदहरूबारेको आफ्नो अध्ययनमा महिला सांसदहरूको उपस्थिति वृद्धि भएजस्तै गरेर तिनीहरूको सामाजिक प्रतिनिधित्वमा पनि वृद्धि हुने कुरा पत्ता लगाए ।[५] महिलाहरूको संख्या करिब १५ देखि २० प्रतिशत न्यून हुँदा पुरूष सांसदहरू पुरूष मतदाताजस्ता भएको भन्दा महिला सांसदहरू महिला मतदाताजस्ता कम रहेका थिए । यी भिन्नताहरू सुहाउँदो पुरूषलाई छनौट गर्नका लागि ढाँचा तयार पारिएको पदपूर्ति प्रक्रियाद्वारा उत्पन्न भएको बंग्याइका कारणले हो । त्यस्तो प्रक्रियामा सफल हुनका लागि महिलाहरूले 'पुरूषका योग्यताहरू' प्रदर्शन गर्नुपर्छ, तसर्थ तिनीहरूमा पुरूष सांसदसँग मिल्ने गुणहरू हुने बढी सम्भावना हुन्छ । उदाहरणका लागि व्यापार-व्यवसाय वा कानुनजस्ता पुरूषहरूको प्रभुत्व रहेका पेसामा तिनीहरूको जीवनचर्या हुनसक्छ । त्यस्ता गुणहरू प्रदर्शन गर्नका लागि तिनीहरूले घरेलु जीवनलाई बलिदान दिएको हुनसक्छ अनि तिनीहरूले सामान्य पुरूष वा महिलाभन्दा बालबच्चा पाउने सम्भावना कम हुन्छ । यद्यपि, संसदमा महिलाको अनुपात बराबरको नजिक पुगेपछि तिनीहरूले मतदाता महिलाहरूको सामाजिक गुणलाई प्रतिविम्बित गर्ने बढी सम्भावना हुन्छ ।

## १.२. नियमहरूको रणनीति

यस अध्यायमा संसदीय प्रक्रियामा महिलाको असरमा वृद्धि ल्याउन सहयोग गर्नका लागि हामीले एउटा रणनीति निर्माण गरेका छौं । यो नियमहरूको रणनीतिमा पूर्ण विकासमा

महिलाका सरोकारहरूबारे कार्य गरिरहेको र त्यसलाई प्रवर्द्धन गरिरहेको महिलाहरूको विशिष्ट समूहको आवश्यकता हुन्छ ।

सरलरूपमा प्रस्तुत गर्दा यस रणनीतिका तीनवटा भाग रहेका छन् : **नियम सिक्ने, नियमको प्रयोग गर्ने र नियमहरू परिवर्तन गर्ने** । नियमहरू भन्नाले हाम्रा रीतिरिवाज, परम्परा, लोकमत, अनौपचारिक चलन एउटा व्यवस्थापिकाले कार्य गर्ने विधिहरूलाई नियमित गर्ने खास नियमहरू हुन् । यसमा ऐन तर्जुमा गर्ने प्रक्रिया, सभामा कार्य विभाजन, पद सोपान संरचना, आचार, अनुशासन, परम्परा, बानीव्यहोरा, यसको आन्तरिक कार्य र सरकारका अन्य अंग तथा सेवा गर्न यो निर्वाचित भएको नागरिकसँग यसको सम्बन्धलगायतका कुराहरु सभाका आदर्श पर्छन् ।

नियमहरू सिक्ने, प्रयोग गर्ने र परिवर्तन गर्ने रणनीतिमा परिवर्तनको आवश्यकता छ र यो महिला सांसद निर्वाचित गर्नमा रहेको उद्देश्य परिवर्तन प्राप्त गर्नु हो भन्ने विश्वासमा आधारित छ । महिलाहरूका निमित्त फरक पार्ने सारभूत परिवर्तनहरू चार प्रकारका छन् । तिनीहरूलाई संस्थागत र कार्यविधि परिवर्तन, प्रतिनिधित्व परिवर्तन, परिणाममा प्रभाव र संवाद भनी वर्गीकरण गर्न सकिन्छ ।

१. **संस्थागत र कार्यविधि परिवर्तन**ले संस्थाको प्रकृतिलाई बदलेर बढी ‘महिला मैत्री’ बनाउनका लागि अपनाइएका उपायहरूलाई औंल्याउँछ । वृहत्तर लैङ्गिक सचेतना महिला सदस्यहरू अटाउनका लागि ढाँचा तयार पारिएको कार्यविधि परिवर्तनसँग आएको हुनुपर्छ । यो वर्ग, उमेर, जात, वंश, शारीरिक क्षमता, लैङ्गिकता, अभिभावकत्व वृद्धि भएको संवेदनशीलताको उत्पादन हो अनि जीवनको चरणको पुरूषहरूको जीवनमा जस्तै गरेर महिलाका जीवनमा यसको निर्णायक असर हुन्छ ।

२. **प्रतिनिधित्व परिवर्तन**मा व्यवस्थापिकामा महिलाहरूको निरन्तर र उच्च पहुँचलाई सुरक्षित गर्नका लागि गरिएका खास कार्यहरू संलग्न हुन्छन् । यसमा महिला उम्मेदवार हरूलाई प्रोत्साहन, आवश्यक परेको बेला ‘रोलमोडल’ क्षमताको विवेकपूर्ण प्रयोग, लैङ्गिक समानता कानुन वा समता वा समानता ऐनहरूको प्रवर्द्धन र निर्वाचन तथा निर्वाचन अभियान ऐनहरूमा उचित परिवर्तन समावेश भएको हुन्छ । प्रतिनिधित्व परिवर्तनमा महिलाहरूलाई व्यवस्थापिकाका महत्त्वपूर्ण पदहरूमा पदस्थापन गर्नका लागि र सरकारमा तिनीहरूको उपस्थिति सुरक्षित पार्नका लागि ढाँचा तयार पारिएका संसदभित्रका कार्यहरू पनि समावेश हुन्छन् । यसमा राजनैतिक पार्टीहरूमा बढी महिलालाई संसदमा ल्याउनका निमित्त गरिएको परिवर्तन पनि समावेश भएको हुनुपर्छ । पार्टीमा महिलाहरूका निमित्त राजनैतिक अवसरहरूलाई सुधार गर्नका साथै उच्च दर्जामा पुग्नमा महिलाहरूलाई सङ्गठितरूपले समर्थन गर्नका लागि प्रतिनिधिको हैसियतले दिने शक्तिलाई महिला सांसदहरूले प्रायजसो प्रयोग गर्छन् । उच्च पद पूर्ति गर्नका लागि संसद सदस्यहरूले महत्त्वपूर्ण समूह बनाउँछन् ।

३. **परिणामलाई असर/प्रभावित पार्नु**ले खास गरेर कानुनी र नीतिगत अन्य उपजहरूलाई ‘ नारीवादीकरण’ वा पुनः लैङ्गिककरणलाई औंल्याउँछ, महिलाहरूको पक्षमा ऐन र नीतिलाई फेरिएको वा प्रभावित पारिएको हद त्यही हो । यसमा एजेन्डामा महिलाका मुद्दालाई राख्नु र

सबै विधेयकहरू महिलाहरूका निमित्त मैत्रीपूर्ण र लैङ्गिकरूपमा संवेदनशील रहेको निश्चित गर्नु दुवै कुरा समावेश रहेको हुन्छ ।

४. **संवाद परिवर्तन**मा संसदभित्र र बाहिर दुवै स्थानका परिवर्तनहरू समावेश भएको हुन्छ । महिलाको परिप्रेक्ष्यलाई सक्रियतापूर्वक खोजी गरेर नियममा बाँधियोस् भन्नका लागि व्यवस्थापिकाको भाषालाई बदल्ने प्रयास गरिनु मात्र होइन व्यवस्थापिका मञ्चलाई जनताको भाव बदल्न र राजनैतिक पुरूषहरूले जति नै महिलाहरूले पनि राजनैतिक स्थानको निमित्त एकै पदमा बराबर ढंगमा स्थायीरूपले रहन सकून् भन्नका लागि राजनीतिको संवाद परिवर्तन गर्न प्रयोग पनि आवश्यक छ । यसप्रकारको निर्धक्क भएर बोल्नाले आमसञ्चार र सामान्य जनतामा बढी पहुँचको व्यवस्थापिकाको अवसरलाई सावर्जनिक वादविवादमा महिलाहरूका मुद्दा र उनीहरूका राजनैतिक क्षमताबारे सचेतना उत्पन्न गर्नमा प्रयोग गर्छ ।

**तालिका १५ः महिला सहभागितामा पभाव पार्ने परिवर्तनका चारवटा क्षेत्र**

| | |
|---|---|
| संस्थागत/प्रक्रियागत<br>प्रतिनिधित्व | बढी लैङ्गिक सचेतना अभिवृद्धि गर्ने उपायहरूद्वारा व्यवस्थापिका ससंदलाई अझ बढी 'महिलाहरूका निमित्त मैत्रीपूर्ण' बनाउनु,<br>महिला उम्मेदवारहरूलाई प्रोत्साहन दिएर, निर्वाचन र प्रचार प्रसार ऐनहरूलाई परिवर्तन गर्नु र लैङ्गिक समानता ऐनलाई प्रवर्द्धन गरी ससंदमा महिलाहरुको अनवरत र उच्च पहुँच प्राप्त गर्नु, |
| प्रतिफलमाथि प्रभाव/असर | महिला सरोकारहरुलाई ध्यानमा राख्दै ऐनलाई 'नारीवादीकरण' गर्नु, |
| संवाद | महिलाको परिप्रेक्ष्यलाई सक्रियतापूर्वक खोजी गरेर नियममा बाँधियोस् भन्नका लागि व्यवस्थापिकाको भाषालाई बदल्ने प्रयास गर्नु र<br>महिलाहरूप्रतिको जनताको भावमा परिवर्तन ल्याउन प्रोत्साहन दिनु । |

**तालिका १६: महिलाहरू : संसदमार्फत् प्रभाव पार्दै**

| | संस्थागत/प्रक्रियागत र प्रतिनिधित्व | प्रतिफल र सवांदमाथि प्रभाव |
|---|---|---|
| नियमहरू सिक्नु | आन्तरिक संसदीय आचार संहिता (अर्थात् बस्ने वा बोल्ने स्थान कसरी माग्ने) तालिम र अभिमुखीकरण अभ्यासहरूमा सहभागी हुनु, भाषण गर्ने कला र प्रभावकारी सञ्चार विकास गर्ने, अनि पुरूष सहकर्मीहरूसँग सम्पर्क स्थापना गर्नु र विधायिकाका सदस्यहरुमाथि प्रभाव पार्न खोज्नु (लबी गर्नु)<br>महिला सङ्गठनहरूसँग सञ्जाल गर्नु ।<br>बढी वरिष्ठ सांसदहरूसँग सङ्गत र अटुट मित्रता वा अनुचर गर्नु ।<br>सञ्चार माध्यमहरूलाई बुझ्नु र सञ्चालन गर्नु । | महिला दृष्टिकोण, महिला विशिष्ट आवश्यकताहरू र लैङ्गिक मुद्दाहरूबीच रहेको भिन्नतालाई छुट्याउने ।<br>सञ्चार माध्यम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्गठनहरूसँग गोलबन्द हुने ।<br>लैङ्गिक संवादमाथि ध्यान दिनु ।<br>विभिन्न समितिहरू (अर्थात् बजेट, रक्षा, वैदेशिक मामिला) मा उपस्थिति जनाउनु ।<br>'नरम' समितिहरूको मूल्य र महत्वलाई स्पष्ट पार्नु । |
| नियमहरूलाई प्रयोग गर्नु | आन्तरिक निर्वाचनहरू तथा पार्टीभित्र पनि महिलाका निमित्त नामाङ्कन र मतदानको अवसर बनाउनु ।<br>मुख्य पदहरूमा महिलाहरूको अनुपस्थितिप्रति ध्यान आकृष्ट गर्नु ।<br>समितिको कार्यमा लगानी गर्नु ।<br>सरकारी समान अवसरका पदहरू र महिला मन्त्रालयको निमित्त जोड गर्नु र स्थापना गर्नु ।<br>महिला सरोकारहरूलाई समावेश गर्नका लागि हाल रहेको संरचनालाई विस्तार गर्न अभियान चलाउनु ।<br>बढी पत्यार पार्ने खालको र कम वैर भावयुक्त प्रकारका वादविवादहरूको निमित्त | संसदीय कार्यसूचीहरुलाई प्रभावित पर्नु : महिला<br>संवेदनशील उपायहरु प्रवेश गराउनु (अर्थात् काम गर्ने आमाहरूका निमित्त सुहाउने गरी संसदीय कार्यतालिका परिवर्तन गर्नु) ।<br>महिलाका मुद्दाबारे सार्वजनिक सोधपुछ गर्नु र त्यसबाट प्राप्त ठहरहरूलाई सरकारी एजेन्डा र संसदीय कार्यक्रमहरूमा मुद्दा राख्नका लागि प्रयोग गर्ने ।<br>विधेयकहरूको पक्षमा बोल्नु र तिनीहरूलाई सह प्रायोजन तथा प्रायोजन गर्नु ।<br>पुरूष सहकर्मीहरूसँग साझेदारी प्राप्त गर्नु ।<br>सञ्चार माध्यमहरूसँग सहयोग लिएर निश्चित सरोकारबाट सार्वजनिक मुद्दा बनाउनु । अर्थात् व्यवस्थापिकामा महिलाहरूलाई निर्दिष्ट गर्ने तरिका, यौन दुर्व्यवहारका मुद्दाहरू, लैङ्गिक असमानताहरूलाई अन्य असमानताहरूसँग जोड्नु ।<br>प्रतिनिधित्व प्राप्त गर्नका लागि अन्य असमावेश समूहहरूसँग गठबन्धन गर्नु ।<br>सञ्चार माध्यमलाई महिला सांसदहरूको निर्वाचन क्षेत्रलाई र जनसमर्थनको आधारलाई फराकिलो पार्नका लागि बाहिर पुग्ने प्रभावकारी रणनीतिको एउटा भागको रूपमा प्रयोग गर्नु । |

| | | |
|---|---|---|
| नियमहरूलाई परिवतर्न गर्नु | समुच्चा पार्टीको लागि उम्मेदवार, विशेष गरेर नेतृत्वको पद छनौट सम्बन्धी नियमहरू परिवतर्न गर्नु, निश्चित समिति वा महिला/पुरुष प्रतिनिधित्वका लागि समानुपातिक मुद्दाहरूमा कोटा प्रणाली प्रवेश गराउनु ।<br>महिलाहरूको हिव्प स्थापना गर्नु ।<br>लैङ्गिक समानता समितिहरू स्थापना गर्नु ।<br>कार्यान्वयन र रेखदेख गर्न तथा विश्वसनीयतालाई निश्चित गर्नको लागि राष्ट्रिय संयन्त्र स्थापना गर्नु । व्यवस्थापिकाको समय तालिकामा प्रगतिबारेको नियमित वादविवादलाई संस्थागत पार्नु ।<br>महिला वक्ताहरूलाई प्रोत्साहन गर्नका लागि संयन्त्र स्थापना गर्नु (अर्थात् पुरूष सहकर्मीलाई भन्दा तिनीहरूलाई प्राथमिकता दिनु ।)<br>परिवर्तनस्वरूप आएका परिणामहरू महिलाका निमित्त मैत्रीपूर्ण रहून् भन्ने निश्चित गर्नका लागि संस्थागत र कार्यविधिगत सुधार र आधुनिकीकरण प्रक्रियाहरूमा सहभागी हुनु । | महिलाको निर्णय लिने प्रयासलाई सहज बनाउने ढङ्गले तर्जुमा गरिएका कार्यक्रम र आयोजनाहरूका निमित्त आर्थिक प्रोत्साहन उपलब्ध गराउनलाई हौसला दिनु । (उदाहरणका लागि नेतृत्व तालिम विद्यालयहरू, नेतृत्व पंक्तिमा वा उम्मेदवारीमा बढी महिलाहरू भएका राजनैतिक पार्टीहरुका सरकारी अनुदान वृद्धि महिलाको निर्णय अधिकारको निमित्त छुट्याइएका विशिष्ट प्रकारका महिला बजेट प्रवेश गराउनु ।)<br>गृहिणीको रूपमा 'मात्र' रहेको महिलाको छविलाई परिवर्तन गर्न, तिनीहरूलाई प्रभावकारी र कार्यदक्ष राजनीतिज्ञहरूको रूपमा चित्रण गर्न र महिला राजनीतिज्ञहरूको छविलाई सामान्यीकरण गर्नका लागि महिला आन्दोलन र सञ्चार माध्यमसँग सहकार्य गर्नु ।<br>पुरूषको नक्कल गर्ने प्रयास गर्नु र नारीत्वलाई लुकाउनु वा अस्वीकार गर्नुको बदला महिलाको रुपमा आफ्नो पहिचानप्रति गर्व गर्नु,<br>महिलाका निमित्त महत्त्वपूर्ण रहेको स्फुरण भइरहेका मुद्दाहरू (अर्थात् द्वन्द्व समाधान, शान्ति स्थापना, मानवअधिकार, विशेष महिलाहरूको बजेट) लाई समावेश गर्नका लागि ऐनलाई फराकिलो बनाउनु । |

## २. नियमहरू सिक्नु

**महिला विधायिकाहरुको पहिलो खुट्किलो भनेको संसदले कसरी काम गर्छ भन्ने बुझ्नु हो जसले उनीहरुलाई प्रभावशाली बनउँछ ।**

संसदीय सभाले नीतिहरूबारे बहस गर्छ, कानुनहरू तर्जुमा गर्छ, तिनीहरूको कार्यान्वयन र प्रभावहरूलाई जाँच्छ, सरकारका निमित्त पदपूर्ति गर्ने समूह उपलब्ध गराउँछ र सरकारका क्रियाकलापहरूको ध्यानपूर्वक निगरानी गर्छ । प्रायजसो व्यवस्थापिकाहरूको बजेटसँग सम्बन्धित कार्य हुन्छ, तिनीहरू बजेटको औपचारिक बाँडफाँड र सरकारी खर्चको लेखा परीक्षण दुवैका लागि उत्तरदायी हुन्छन् । तिनीहरू अघिल्ला र पछिल्ला बेन्चहरूमा, सरकार र विरोधी दल तथा कार्य र कार्यविधि समितिहरूमा सङ्गठित रहेका हुन्छन् । त्यस्ता संरचनाहरूद्वारा छलफल, पर्यवेक्षण, सोधपुछ र प्रक्षेपण आदि हुन्छन् । सांसदहरू विशेष मुद्दाका क्षेत्रहरूमा विशेषज्ञता हासिल गर्न उन्मुख हुन्छन् र संसदीय सभाहरूका विभिन्न

संरचना र प्रक्रियाहरूमा पूरा गरेको कार्यका आधारमा आफ्नो संसदीय मानमर्यादा बनाउँछन् ।

महिलाहरू प्रभावशाली संसद हुनका लागि तिनीहरूले संसदीय सभाका कार्यहरू स्पष्टसँग बुझेको हुनु पर्छ अनि तिनीहरूले खेलका नियमहरू लिखित तथा अलिखत दुवै संहिता र संसदमा कामकुरा गराउनका लागि रहेका कार्यविधि र संयन्त्रहरू सिक्नै पर्छ । यी नियमहरूलाई अझ राम्ररी उपयोग गर्न, आफूलाई सज्जित गर्न र महिलाहरूका सरोकार र लक्ष्यमा उन्नति गर्नका लागि नियमहरू परिवर्तन गर्न प्रभावकारी रणनीति निर्माणका निमित्त तिनीहरूले पहिला संसदका आन्तरिक अभ्यासहरू सिक्नुपर्छ । परिवर्तनका प्रत्येक चारवटा मुख्य क्षेत्र, नाम तोकेर भन्नुपर्दा संस्थागत र कार्यविधिगत, प्रतिनिधित्व, उपज र संवादमाथि प्रभाव, समूहअन्तर्गत रहेका यी विचारलाई तल विस्तारपर्वूक व्याख्या गरिएको छ । यसको पुष्टिमा सरल पहुँच र पठनयोग्यतालाई सहज बनाउनका निमित्त प्रत्येक क्षेत्रभित्र हामीले सुझाव दिएका केही विशिष्ट रणनीतिहरूलाई महत्त्वपूर्ण मानेर प्रस्तुत गरेका छौँ ।

### २.१. संस्थागत/प्रकृयागत

**व्यवस्थापिकाबारे अभिमुखीकरण कार्यक्रमहरू र राजनैतिक पार्टीहरूको तालिमद्वारा सिक्नुहोस् ।**

संसदीय सभाभित्र अझ बढी प्रभावकारी ढङ्गले कार्य गर्न र त्यस ज्ञानलाई प्रयोग गर्न सक्षम हुनका लागि महिला सांसदहरूका निमित्त पहिलो कदम व्यवस्थापिका सभाले कसरी कार्य गर्छ भनेर बुझ्नु हो । सांसदहरूले यो ज्ञान विशिष्ट तालिम र अभिमुखीकरण कार्यक्रमहरूका साथै बढी सामान्य सामाजिकीकरण प्रक्रियाहरूलगायत विभिन्न तरिकाले प्राप्त गर्न सक्छन् । उदाहरणका लागि सभाले कसरी कार्य गर्छ भन्नेबारे संसदका नेता र अन्य अधिकृतहरूका निमित्त नयाँ सदस्यहरूका लागि अभिमुखीकरण प्रदान गर्नु सामान्य हो । प्रायजसो राजनैतिक पार्टीहरूले पनि त्यस्ता तालिम दिन्छन् ।

सांसदको पार्टीले कार्यविधिहरुलाई कसरी बुझ्छ र पार्टी आफैं त्यस कार्यविधिमा कसरी संलग्न भएको हुन्छ भन्नेबारे अन्तर्दृष्टि  प्रदान गर्ने भएकाले राजनैतिक पार्टीहरूद्वारा दिइने तालिम विशेष गरेर उपयोगी हुन्छ । संसदीय कार्य निर्धारण प्रायजसो पार्टीको संर चनामा भर पर्ने भएकाले कार्यविधिहरूमाथि पार्टीहरुको महत्त्वपूर्ण प्रभाव रहेको हुन्छ । विश्वका केही भूभागमा राजनैतिक पार्टीहरूले संसदीय कार्यविधिमा पुरूषहरूभन्दा कम अनुभवी हुनसक्ने भएकाले विशेष गरेर महिलाहरूका निमित्त विशेष सीप-तालिमहरू दिन्छन् । यद्यपि, विकासशील विश्वका कैयन भूभागमा त्यस्तो तालिम दिनका लागि प्रायजसो पार्टीहरूसँग स्रोत वा तत्परता हुँदैन । वास्तवमा, धेरै घटना अध्ययनले औँल्याएअनुसार प्रायः पार्टीप्रतिको बफादारीले सामान्यतया राजनैतिक संवादको विकासलाई अनि विशेष गरेर महिला सांसदहरूका निमित्त कुनै सहायतालाई अपाङ्ग बनाउन सक्छ । उदाहरणका लागि केही अरबी र ल्याटिन अमेरिकी राष्ट्रका राजनैतिक पार्टीहरूले अझै कुनै पनि संरचनात्मक सुधारका निमित्त अनुमति दिँदैनन् र महिलाका दृष्टिकोण र उनीहरूका मुद्दा कुनै पनि विशिष्ट प्रकारको प्राथमिकता पाउन योग्य हुँदैनन् भन्ने अनुमानमा गर्छन् संसदभित्र र

**सांसदहरूसँग सञ्जाल गर्ने र बढी अनुभवी महिला सांसदहरूद्वारा सदुपदेश (छायाँ) दिनुहोस् ।**

बाहिरका दुवै ठाउँका पार्टीभित्र यो प्रतिध्वनित हुन्छ ।

सञ्जाल व्यवस्थापन महिला सांसदहरूका निमित्त एउटा निर्णायक तालिम र सामाजिकीकरणको संयन्त्र हो । अन्यथा त्यसलाई प्राप्त गर्न र वर्षौंको अनुभव आवश्यक हुने स्थानमा सञ्जाल व्यवस्थापनले ज्ञानमा द्रुत पहुँच प्रदान गर्छ, महिला सांसदहरूलाई आफ्ना सरोकारका विषयहरूबारे छलफल गर्न र आफ्नो ज्ञान साझेदारी गर्नका लागि एक ठाउँमा भेला हुनमा सक्षम बनाउँछ, यस प्रकारले यसले तिनीहरूको प्रभावकारिताको सम्भाव्यतालाई ठूलो मात्रामा बल पुऱ्याउँछ । त्यस्तो सञ्जाल पार्टीभित्र (कम लगातार) र अन्तर पार्टी दुवैमा हुन्छ । महिला सांसदहरूको अन्तर पार्टी गठबन्धन स्विडेन, फ्रान्स, निदरल्यान्डस्, दक्षिण अफ्रिका, क्रोएसिया र इजिप्टलगायतका धेरै राष्ट्रमा सफल भएको छ । ती मुद्दाहरू बलात्कार ऐन, निर्वाचन सुधार, संस्थागत सुधार, व्यक्तिगत हैसियत र अन्य राष्ट्रका विशिष्ट मुद्दाहरू (जस्तो कि इजिप्टमा श्रीमान्को अनुमतिविना नै राहदानीको लागि निवेदन दिन पाउने महिलाको अधिकार र भारतमा दलित वा पहिले अछुत भनिने गरिएको अनुसूचीत जातको सामाजिक, राजनैतिक र आर्थिक अधिकार) जति नै विविध छन् । विशेष गरेर युरोपेली राष्ट्रहरूमा देखापरेको एउटा घटना महिला व्यवसायीहरू र सांसदहरू रहेका समर्थन समूहहरु गठन पनि मननयोग्य छ । फिनल्यान्डकी सांसद एक रिट्टा ओसुकाइनेनको भनाइमा 'यी महिलाहरू पार्टी लाइनभन्दा बाहिर, व्यावसायिक क्षेत्र बाहिर एक स्थानमा भेला भएर एकअर्कालाई व्यक्तिगतरूपमा मात्र होइन व्यावसायिकरूपले सहयोग गर्नमा सक्षम भएको तथ्य अमूल्य छ' । बढी अनुभवी  सांसददहरूद्वारा सदुपदेश दिनु (अर्थात् सुपरीवेक्षण गर्दै मद्दत गर्दै र सुझाव तथा निर्देशन दिँदै) महिला सांसदहरूलाई विशेष तालिम दिने कार्य अर्को महत्त्वपूर्ण विधि हो । उदाहरणका लागि नेदरल्यान्डस्मा 'छाया दिने' एउटा प्रणालीको विकास गरिएको थियो, जसमा निर्वाचित कार्यालयमा नामाङ्कित हुन हिच्किचाउने महिलालाई निर्वाचित सदस्यद्वारा आत्मविश्वास प्राप्त गर्नमा सहायता पुऱ्याइएको थियो ।

**महिला र पुरुषका निमित्त सहतालिम सत्रमा सहभागी हुनुहोस् ।**

राष्ट्रहरूबीच महिलाका विचार र रणनीतिहरू आदानप्रदान गर्नका निमित्त स्थान दिन खोज्ने एउटा विश्वव्यापी संरचना अन्तर व्यवस्थापिका संघ हो । (यस अध्यायपछिको नमुना अध्ययन हेर्नुहोस् ।) यस निकायले महिलाहरूको दृश्यता र प्रभावावकारितालाई स्थानीय, क्षेत्रीय, अर्न्तराष्ट्रिय रूपमा उत्थान गर्ने कार्य गर्नुका साथै महिलाहरूका निमित्त नेतृत्व, क्षमता निर्माण सहायता र सूचना उपलब्ध गराउँछ ।

विशेष गरी महिलाका निमित्त तर्जुमा गरिएका कार्यक्रमहरूका अतिरिक्त महिला तथा पुरूषहरू दुवै समावेश अभिमुखीकरण अभ्यासहरू महत्त्वपूर्ण छन् । सहतालिम सत्रहरूमा महिलाहरूलाई आफ्नो रुचिको विषयबारे सम्बोधन गर्न र पुरूष सहकर्मीहरूसँग सञ्जाल विकास गर्नका साथै स्थापित 'आचार संहिता'हरूलाई कसरी छिचोल्ने भन्नेबारे सिक्न प्रोत्साहन दिइन्छ । त्यसै बखत पुरुष सांसदहरूलाई महिलाका मुद्दाहरूबारे र महिला सांसदहरूलाई व्यवस्थापिकामा

प्रभावकारी ढङ्गले कार्य गर्नमा सक्षम बनाउनुको महत्वबारे सचेत गराइन्छ । यसले लैङ्गिक मुद्दाहरूबारे सचेतना वृद्धि गर्ने एउटा अवसर दिने मात्र नभई तिनीहरूका धेरैजसो सामाजिक, आर्थिक र राजनैतिक सरोकारहरूसँगको अन्तरसम्बन्धको हदलाई दर्शाउने भएकाले विशेष गरेर महिला सांसदहरूलाई व्यवस्थापिकामा प्रभावकारी ढङ्गले कार्य गर्न सक्षम बनाउन महिला सहकर्मीहरू सामुन्ने कैयन् पुरूष प्रतिनिधिले अनुभव गर्ने त्रासको भावनालाई पराजित गर्नका लागि एउटा महत्त्वपूर्ण पाइला हो । यस प्रकारले पुरूष सांसदहरूको तालिम र अभिमुखीकरणले महिलाका मुद्दाहरू र दृष्टिकोणलाई मूलप्रवाहमा ल्याउनका लागि एउटा महत्त्वपूर्ण भूमिका खेल्छ ।

संसदको लिखित र अलिखित दुवै नियम र कार्यविधिबारेको सूचनाका अतिरिक्त महिलाहरूले आवाज र छवि प्रक्षेपण अनि भाषणकलाबारेको तालिम विशेष रूपले सहायतापूर्ण भएको पाउन सक्छन् । आत्मविश्वासपूर्ण रुपमा बोल्न र पत्यार पार्ने ढङ्गले तर्क गर्नमा कैयन् महिलामा कठिनाइ रहेको हुन्छ र केहीले विशाल व्यवस्थापिका सदनमा आफूलाई सुनिने बनाउन कठिनाइ भएको अनुभव गर्छन् । विकासशील लोकतन्त्रहरूमा विशेष गरेर नवप्रवेशीहरूले बोल्ने अवसरको लागि अनुमति पाउन र व्यवस्थापिकामा बोल्ने कार्यविधिका नालीबेलीबारे जान्न कठिनाइ रहेको स्वीकार गर्छन् । उदाहरणका लागि ब्रिटिस हाउस अफ कमन्समा भूतपूर्व नायिका ग्लिन्डा ज्याक्सनको प्रभावकारिताले तालिम प्राप्त महिलाको आवाजको पुरूषसरहको असर हुन्छ भन्ने कुरालाई प्रमाणित गर्छ ।

**सञ्चारजगत्लाई कसरी सञ्चालन गर्ने भन्नेबारे सिक्नुहोस् ।**

स्थापित लोकतन्त्रहरूमा केही महिला सांसदले सञ्चार तालिम सत्रहरू चलाएका छन् । अरू कुराहरूका साथ यसमा सभासम्मेलन र कार्यशालाहरू समावेश हुन्छन्, जहाँ सांसदहरूलाई ‘मिडिया स्पिक’ (अर्थात् सञ्चारजगत्ले कस्तो प्रकारको सूचनामा रुचि राख्छन् र त्यसलाई कसरी सबैभन्दा राम्ररी प्रदान गर्ने) बारे सूचित गरिन्छ र सञ्चारमाध्यमका व्यक्तित्वहरूसँग सञ्जाल कसरी गर्ने र महिला मुद्दाहरूबारे कुन बढी संवेदनशील रहेको छ भन्नेबारे सुझाव दिन्छ ।

## २.२ प्रतिनिधित्व

**संसदमा मुख्य पदहरू पहिचान गरेर त्यसमा महिलालाई प्रवेश गराउनका लागि च्यानलहरूको विकास गर्नुहोस् ।**

संस्थागत नियम, चलन र कार्यविधिहरू (पार्टी राजनीतिका अतिरिक्त) व्यवस्थापिकाका पदाधिकारी र कमिटी कार्यहरू र सांसदहरू बोल्ने स्थानमा छलफलमा सहभागी हुनुजस्ता कार्य निर्क्योल गर्नमा महत्त्वपूर्ण रहेका हुन्छन् । ती महत्त्वपूर्ण पदमा पदपूर्ति, पार्टीको अवस्था, वरिष्ठता क्रम, गुट, क्षमता, सरकारका लागि समर्थन, राष्ट्रिय वा स्थानीय विवरण र सरोकारबारे विशेष ज्ञान कुनै एउटा कारक तत्त्व वा कारक तत्त्वहरूको मिश्रणमाथि भर परेको हनु सक्छ । सही रणनीति केही हदसम्म व्यवस्थापिकामा महिलाहरूको संख्यामाथि भर पर्ने भएकाले कम्तीमा पनि महिलाहरूले मुख्य सरोकारहरू, अवस्था र कार्यहरूलाई पहिचान गर्नुपर्छ र महिलालाई मिल्ने मोर्चामा पुऱ्याउने विधिहरूलाई रणनैतिक

बनाउनुपर्छ । हाल रहेका बाटाहरू महिलाहरूलाई मुख्य दर्जाहरूमा प्रवर्द्धन गर्नका लागि खुल्ला रहेको छैन भने नयाँ मार्गहरूको विकास गर्नुपर्छ ।

### २.२.१ लैङ्गिक समानता समितिहरू

केही राष्ट्रमा त्यस्ता मार्गहरू व्यवस्थापिका वा सरकारी महिला समितिहरू वा महिला अधिकारलाई आफ्नो एजेन्डामा समावेश गरेका अझ व्यापक समिति हुन सक्छन् । सब सहारा अफ्रिका र नेदरल्यान्ड्समा औपचारिक वा अनौपचारिक लैङ्गिक समानता समितिहरू सफलताका साथ स्थापित भएका थिए भने स्कटल्यान्ड र वेल्सका सभाहरूमा व्यापक आधार भएका समानता समितिहरु रहेका छन् जुन महिला प्रतिनिधिहरूको दबाबमा महिला प्रतिनिधिहरुको दबाबमा गठन भएका थिए र तिनीहरुले समानताका सम्बन्धमा निकटको चासो राख्छन् । न्युजिल्यान्ड, अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकामा गठन भएका जस्ता महिला विधायकहरूका समिति पनि प्रभावशाली रहेका छन् । अन्य अवस्थामा राष्ट्रव्यापी छाता सङ्गठनहरू (गैर सरकारी) वा सशक्त ग्रामीण तहका सङ्गठनहरूले महिलाहरूलाई मुख्य क्षेत्रमा ल्याउनका लागि उत्प्रेरकको रूपमा कार्य गर्न सक्छन् । तालिम र शैक्षिक कार्यक्रमहरूद्वारा वा सञ्चारद्वारा प्रतिनिधित्वका लागि दबाबद्वारा अरू मार्गहरू पनि खोल्न सकिन्छ । सरकारहरूलाई शक्ति र निर्णायक भूमिकाका सम्पूर्ण स्तरमा महिलाहरूलाई समावेश गर्न प्रोत्साहन गर्नका लागि अन्तरराष्ट्रिय दबाबलाई पनि उपयोग गर्न सकिन्छ ।[६] ती पदबारे र त्यसमा महिलाहरूलाई प्रवेश गराउने विधिहरूबारेको ज्ञानलाई महिला र पुरूष सहकर्मीहरू दुवैबीच र राम्रा सुझाव, गठबन्धन र सञ्चालनद्वारा साझेदारी गर्न सकिन्छ ।

मुख्य पदमा रहेका महिलाहरूले पार्ने प्रभाव आफ्नो क्षमता वृद्धि गर्नु मात्र होइन, अन्य महिलाका निमित्त तिनीहरूले बोल्ने अवसरलाई सहज पनि बनाउँछन् । उदाहरणका लागि कोलोराडो राज्यको विधानसभाले विधानसभा समितिका सदस्यहरूको बोल्ने आचार-व्यवहारमा रहेको भिन्नतालाई लिङ्ग, वरिष्ठता, रुचि र पार्टीको आधारमा लेखाजोखा गऱ्यो । यो पाइयो कि वार्तालाई नियन्त्रण गर्नमा र अन्य महिला उपस्थित, देखिने (तिनीहरूलाई देखिने स्थानमा बसेर) र अधिकारयुक्त पदमा हुँदा आफूलाई बढी सुनिने बनाउनमा महिलाहरूले बढी असल काम गरे ।[७] यस अनुसन्धानले यो पनि देखायो कि केही वार्ता, छलफल र बैठकहरूमा पुरूषहरूको प्रभुत्वले पुरूषको शक्ति वृद्धि गऱ्यो र महिला र पुरुष सांसद औपचारिक पद समान हुँदाहुँदै पनि केही वार्ता, छलफल र बैठकहरुमा महिलाहरूको शक्तिलाई बेवास्ता गरियो ।

> **महिलाहरू दृश्यमा आउने कुरा वृद्धि गर्नका लागि सञ्चारमाध्यमको प्रयोग गर्नुहोस् ।**

महिलाहरूको दोब्बर वृत्ति विकास गर्ने र त्यस प्रकारले मुख्य पदहरूमा तिनीहरूको बढोत्तरी पाउने एउटा विधि महिला सांसदहरू दृश्यमा आउनु र आत्मविश्वासमा वृद्धि ल्याउनका निमित्त सञ्चारमाध्यमलाई कसरी उपयोग गर्ने भन्नेबारे सिकेर हो । सञ्चार क्षेत्रमा रोजगार पाएका महिलाहरूको आत्मस्थापना र उन्नतिका आफ्नै समस्याहरू हुने भएकोले तिनीहरू सांसदहरूको महिलाका सरोकारबारेको रुचिप्रति संवेदनशील हुन पनि सक्छन् । वास्तवमा, प्रायजसो सञ्चार क्षेत्रमा रहेका मुख्य समस्यामध्येको एक निर्णायक

भूमिकामा महिलाहरूको कमी हो, जसको प्रभावकारी रूपको अर्थ सम्पादकीयको विषयवस्तुका सम्बन्धमा निर्णयहरू र उत्पादनका विषयहरु ठूलो रूपमा पुरूषहरूद्वारा नियन्त्रण गरिएको छ । सञ्चारजगत्मा महिलाहरूको उपस्थिति वृद्धि भएपछि महिला सांसदहरू, राजनीतिज्ञ, पत्रकार र अन्य प्रसारक र लेखकको साझा रुचि र सरोकारको आधारमा सञ्जालको विकास गर्ने सम्भाव्यता पनि वृद्धि हुन्छ ।

**सबै समितिहरुमा महिला उपस्थिति स्थापना गर्ने कार्य गर्दाखेरि 'नरम' समितिहरुको प्रभावलाई महत्त्व दिनुहोस् ।**

नमुना झैँ गरेर महिलाहरूको रुचिले तिनीहरूलाई अझसम्म विशेषज्ञताको सामाजिक नीतिका क्षेत्रहरूमा कम इज्जतदार (अनि सम्भवतः कम शक्तिशाली) भन्ने ठानिएका शिक्षा, स्वास्थ्य र पारिवारिक मामिलाजस्ता समितिका कार्यहरूतर्फ डोऱ्याएको छ । वित्त, रक्षा र वैदेशिक मामिलाजस्ता परम्परागतरूपले संसदभित्रका प्रभावशाली क्षेत्रमा महिलाको उपस्थिति स्थापना गर्न आवश्यक छ भनेर धेरै महिला सांसदहरु विश्वास गर्छन् । विभेदलाई आफैँमा न्यायसंगत बनाउन सकिँदैन भनेर अन्यले तर्क गर्छन् । युरोपेली राजनीति शास्त्रीहरूले सामाजिक मुद्दाहरूलाई 'नरम' भनेर वर्णन गर्नाले तिनीहरूलाई महत्त्वपूर्ण नरहेको रूपमा व्यंग्य गरिन्छ र युरोपेली महिलाहरू सबैभन्दा सक्रिय रहेका ती क्षेत्र सार्वजनिक व्यंग्यको सबैभन्दा ठूलो भाग (स्थानीय र राष्ट्रिय स्तरमा शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरू) को रूपमा गणना हुन्छ भन्ने तथ्यलाई बेवास्ता गर्छ भनेर महत्त्वपूर्ण बुँदा बनाएका छन् । ती क्षेत्रलाई छान्न रुचाउने भएकाले महिलाहरू त्यसलाई छनौट गर्छन् र बूढापाकाहरूको स्याहारसुसार अथवा 'डे केयर'लाई प्राथमिकता दिने भन्नेजस्ता ज्यादै कठिन निर्णय गर्दै स्वीकार गर्छन् ।[८] 'कडा' र 'नरम' मुद्दाहरूबारे पुरानो ढाँचाको परम्परागत भेद बेठीक हो र त्यसबारे महिला प्रतिनिधिद्वारा विरोध हुनुपर्छ । आदर्श रूपमा एउटा दोहोरो रणनीतिको विकास गरिनु नै पर्छः एकातर्फ, त्यस्ता क्षेत्रको महत्वलाई निरन्तररूपले जोड दिनुपर्छ भने अर्कोतर्फ सम्पूर्ण नीति क्षेत्रहरूमा महिलाको सक्रिय सहभागितालाई निश्चित गर्नका लागि एकसाथ प्रयास गरिनुपर्छ ।

### *२.३ प्रतिफलमाथि असर र प्रभाव*

महिला प्रतिनिधिहरूको असरबारे छलफल गर्दा महिलाहरूका मुद्दा र महिलाका परिप्रेक्ष्यबीच एउटा भेद बनाउनु उपयोगी हुन्छ । महिलाका मुद्दाहरू ती हुन्, जसले मुख्यतया कि त ठूलो भौतिक सरोकारका कारणले (अर्थात् वक्ष स्थलको क्यान्सर स्क्रिनिङ, प्रजनन अधिकारहरू) कि त सामाजिक कारणले (अर्थात् लैङ्गिक समानता, वालबच्चा स्याहार नीति) महिलालाई असर पार्छ ।

**महिलाहरूको परिप्रेक्ष्य र महिला मुद्दाबारे भेद गर्नुहोस् अनि दुवैका बारे सांसदहरूलाई शिक्षित बनाउनुहोस् ।**

महिलाका परिप्रेक्ष्यहरू राजनैतिक सरोकारहरूबारे महिलाका दृष्टिकोणहरु हुन् । केही अनुसन्धानले औंल्याएअनुसार फराकिलो अर्थमा दुवै लिङ्गका निमित्त एकैखाले मुद्दाहरु महत्त्वपूर्ण भए पनि मुद्दाहरूबारे महिलाका परिप्रेक्ष्य पुरूषहरूको भन्दा भिन्न हुन्छ । उदाहरणका लागि, सन् १९९६ मा बे

लायतमा गरिएको अनुसन्धानले देखाएअनुसार महिला र पुरूष दुवैले आर्थिक मुद्दाहरूलाई प्राथमिकता दिए तापनि आँशिक काम, न्यून वेतन, निवृत्तिभरणसम्बन्धी अधिकारहरूसँग महिला बढी सरोकार राख्थे भने पुरूषहरू बेरोजगारीबारे सरोकार राख्थे ।

**सबै समितिहरुमा महिला उपस्थिति स्थापना सम्बन्धी कार्य गर्दा 'नरम' समितिहरुको असरलाई महत्त्व दिनुहोस् ।**

महिलाहरूमाथि अनुकूल असर हुने उपज उत्पन्न गर्नका लागि महिलाका मुद्दा र महिलाका परिप्रेक्ष्यहरू दुवैबारे महिला सांसदहरूमा जानकारी र बुझाइ हुनु आवश्यक छ, जसलाई वास्तविकताको अर्को आधा भागलाई हेरे मात्र पनि पुग्छ भनेर यस पुस्तकका प्रायः सबैजसो योगदानकर्ताहरूले व्यक्त गरेका छन् । सांसदहरूले पार्न खोज्ने प्रभावको प्रकार पनि अपरिहार्य रूपले पार्टी अनुसारले भिन्न हुन्छ ।

उदाहरणका लागि स्विडेनमा आफ्नो अनुसन्धानमा (यस ग्रन्थमा) लेना वाग्नेरुदले उल्लेख गरेअनुसार विभिन्न राजनैतिक पार्टीका महिला प्रतिनिधिहरू, महिलाका मुद्दाहरू तथा सरोकारहरूमाथि जोड दिनतर्फ अभिमुख हुन्छन् ।

तर ज्ञान र सूचनाको आवश्यकता दलगत परिप्रेक्ष्यलाई बेवास्ता गर्दै अस्तित्वमा रहेको हुन्छ । महिला सांसदहरुले महिलाका मुद्दा र परिप्रेक्ष्यहरूबारे सुसूचित हुने विभिन्न उपायलाई सफलताका साथ प्रयोग गरेका छन् । यस पुस्तकका योगदानदाताहरूले केमाथि निरन्तररूपले जोड दिएका छन् भने तिनीहरूको निपुणता र स्रोतहरूका सम्बन्धमा सबै प्रकारका महिला सङ्गठनसँग नजिकको सम्बन्ध कायम राख्नु यस सम्बन्धमा सबै भन्दा महत्त्वपूर्ण कुरा हो । महिलाहरूको आन्दोलनसँग यस्तो प्रकारको सम्पर्कले पनि सांसदहरूको वैधतालाई वृद्धि गर्छ र तिनीहरूलाई परिवतर्नशील, सधैं भिन्न महिलाहरूका सरोकार र नीतिगत आवश्यकताहरूसँग सम्पर्कमा राख्छ । युरोपेली सांसदहरूले घरेलु हिंसा, महिला बन्धन, महिला बेचबिखन, बाल तथा वृद्धहरूको हेरचाह, निवृत्तीभरण र स्वास्थ्यका मुद्दाहरूजस्ता प्रकरणबारे नीतिहरूको मस्यौदा तयार गर्नका लागि शास्त्रीय विशेषज्ञहरूको सद्भाव र ज्ञान प्रयोग गरेका छन् । नीतिगत मुद्दाहरूबारेका अनुसन्धानहरू एउटा मुख्य राजनैतिक औजार हो र महिला सङ्गठनहरू, विशेषज्ञहरू तथा राजनीतिज्ञहरूले आयोजना गरेका सम्मेलनहरूमा सहभागी भएर अनि उस्तै रुचि भएका अन्य सांसदहरूसँग समूह (Caucus) बनाएर त्यस्ता अनुसन्धानहरूलाई सांसदहरूले जम्मा पारेर प्रयोग गर्न सक्छन् । सिक्नु र नियमहरूलाई प्रयोग गर्नुको दुवैको भाग समूह बनाउनु हो । उदाहरणका लागि रोजगार वा महिला स्वास्थ्यजस्ता खास मुद्दाहरुमा रुचि राख्ने सांसदहरू आउँदो महत्त्वपूर्ण भोट र समिति छलफललाई पहिचान गर्नका लागि बैठक बस्न सक्छन् र प्रतिफललाई प्रभावित पार्नका लागि दाउपचे र रणनीतिहरूबारे निणर्य गर्न सक्छन् । अर्को रणनीति तिनीहरूको संसदप्रति महिला मतदाताको पहुँचलाई सहज बनाउनु हो । स्कटल्यान्डमा बालबच्चाको हेरचाह गर्नुपर्ने उत्तरदायित्व भएकाहरू (विशेष गरेर महिलाहरू) ले आफ्ना प्रतिनिधिहरूलाई भेट्न सकून् भन्ने कुरालाई निश्चित गर्नका लागि सभामा आगन्तुकहरूका निमित्त एउटा बाल गृह स्थापना गरिएको थियो ।

### २.४ संवाद

संसदका सदस्यहरूको विशिष्ट कार्य र अधिकार तथा परम्परागत पुरूष सदस्यता दुवैको एउटा उत्पादनको रुपमा आफ्नै खास प्रकारको भाषा हुन्छ । उदाहरणका लागि संयुक्त अधिराज्यमा हाउस अफ कमन्सको औपचारिक पदहरू, सम्बोधन गरिने विधिहरू र छलफलका नियमहरूका साथै कैयन् वर्षसम्मको पुरूष प्रभुत्वबाट ब्यारेक, लिङ्गबादी र भद्दा 'ठट्टा' को गुण भएको एउटा संवाद थियो, जसलाई विशेष गरेर आफूमाथि प्रयोग हुँदा महिला सांसदहरूले त्यो अचाक्ली भएको पाए । बोल्ने र छलफल गर्ने प्रविधिहरूबारे जानकार हुनाले त्यस्तो 'याहु' (असहमतीमा हल्ला गरी चिच्याउने) छोट्याउनमा मद्दत पुग्छ । ती चलनबारे, खराब आचरण भएका सांसदबारे आलोचना गर्न उत्सुक रहेका सञ्चार क्षेत्रका महिलाहरू र अन्य पत्रकारमाझ भन्डाफोर गरेर बेलायती महिलाहरूले हाउस अफ कमन्समा रहेको लिङ्गवादप्रति ध्यानाकर्षण गर्नमा सञ्चारलाई सफलतापूर्वक प्रयोग गरेका छन् । त्यसको परिणामस्वरूप पुरूष सांसदहरूको बालकपन र लिङ्गवादी व्यवहारबारे प्रेस र टेलिभिजनका लागि विषयको एउटा शृंखला नै बन्न पुग्यो । पहिले त्यसबारे थाहा नपाएका जनताले आफ्नो सांसदको व्यवहारलाई स्वीकार गरेनन् ।

**लिङ्गवादी संवादलाई भन्डाफोर गर्नुहोस्, अनि त्यसलाई दबाउनका लागि भाषण र छलफलका प्रविधिहरू सिक्नुहोस् ।**

## ३. नियमहरूलाई प्रयोगमा ल्याउनु

नियमहरूलाई कसरी प्रयोग गर्ने भन्नेबारे सिकेर महिलाहरूले मुख्य समिति र पदहरूमा सहभागी हुने, छलफल र वादविवादमा आफ्नो कुरा सुनिने अवसरलाई धुत्न सक्छन् र आफ्नो सीप र क्षमतालाई पूर्णरूपले उपयोग गर्न सक्छन् । नियमहरूबारे जानकार हुनु महिलाका पदलाई उच्च बनाउने र महिलाहरूका मुद्दा र परिप्रेक्ष्यको महत्वलाई दर्साउने दीर्घकालीन प्रक्रियाको पहिलो भाग हो । अर्को पाइला अधिकतम प्रभावका लागि ती नियमलाई कसरी प्रयोग गर्ने भन्नेबारे सिक्ने हो । कैयन् महिला सांसदले सामना गर्ने समस्याहरूमध्येको एक छलफल र वादविवादहरूमा तिनीहरूका निमित्त समय नछुट्याइनु हो अनि तिनीहरूले मुख्य समितिहरू र मुख्य पदहरूमा सहभागी हुनका लागि छनौट हुन कठिन भएको पाउँछन् । यस प्रकारले तिनीहरू आफ्नो सीप तथा ज्ञानलाई पूर्णरूपले उपयोग गर्न सक्षम हुँदैनन् र तिनीहरूका योगदानलाई सही ढंगले सही ढङ्गले निक्यौल गर्न सकिँदैन । नियमहरूलाई कसरी प्रयोग गर्ने भन्नेबारे सिकेर अन्य महिला प्रतिनिधि र सञ्चारसँग मिलेर महिलाहरूले यस दोषपूर्ण घेरालाई छोड्न सक्छन् । तल छलफल गरिएका ती नियमहरूलाई प्रयोग गर्ने कैयन् दाउपेचलाई राष्ट्रिय घेराबाहिर समेत साझेदारी गर्न सकिन्छ ।

युरोपेली परिषद्, कमनवेल्थ सचिवालय, युरोपेली संघ र संयुक्त राष्ट्रसंघ तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूजस्ता अन्तरराष्ट्रिय सङ्गठनले सूचना साझेदारीलाई सहज बनाएर नियमहरूलाई कसरी प्रयोग गर्ने भन्नेबारे सिक्न मद्दत गर्न सक्छन् र मद्दत गर्छन् । तिनका बैठकहरूले छलफललाई महिलाका आवश्यकता, रणनीति र उपलब्धिहरू व्यापक समाजका

निमित्त उपलब्ध गराउनका लागि तिनका विचार र तिनका प्रकाशनहरू आदान-प्रदान गर्न र सञ्जाल विकास गर्नका लागि विशेषज्ञ र राजनीतिज्ञहरूलाई एकै थलोमा ल्याउँछन् ।

### ३.१ संस्थागत/प्रक्रियात्मक

व्यवस्थापिकाका औपचारिक तथा अनौपचारिक भूमिकाहरू प्रायः स्थापित नियम र कार्यविधिहरूद्वारा छुट्याइन्छन् । तथापि, प्रभाव र हस्तक्षेपका निमित्त केही स्थान रहेको हुन्छ, जसलाई महिलाहरूले सकेसम्म वृद्धि गर्नुपर्छ । उदाहरणका लागि महिला सांसदहरूले आन्तरिक निर्वाचनहरूमा महिलाहरूलाई नामाङ्कन र मतदान गर्न, अनौपचारिक पदहरूमा महिलाका नामहरू प्रस्ताव गर्न र मुख्य पदहरूमा महिलाको अनुपस्थिति वा सापेक्ष अनुपस्थितितर्फ ध्यानाकृष्ट गर्नेतर्फ ध्यान दिनुपर्छ । लामो समयदेखि स्थापित लोकतन्त्रहरूमा सभाहरूमा वादविवाद गर्नमा भन्दा समितिको कार्यमा महिलाहरूले राम्रो गर्ने मननयोग्य प्रमाणहरू भएकाले समितिको कार्यमा उपलब्ध अवसरहरूमाथि खास ध्यान दिनुपर्छ । यसो भनेर, प्रायजसो संसदमा प्रतिष्ठाको विषय बनाइने र सञ्चार माध्यमहरूले आफ्नो लामो ध्यान केन्द्रित गर्ने स्थान त्यहीँ भएकाले महिलाहरूले सभामा वादविवाद गर्न छाड्नु हुँदैन । सामान्यतया वादविवाद गर्ने कला खास गरेर महत्त्वपूर्ण हो र त्यसलाई संसदीय पाठ्यक्रमद्वारा विद्यालयहरूसँग जोडिएका सञ्जालहरूका साथै नेतृत्वमा रहेका संघ-संस्थाहरूद्वारा प्रोत्साहन र प्रायोजन गर्न सकिन्छ । महिलाहरूको संसदीय सञ्जालहरूले महिला वक्ताहरूलाई सहयोग गर्नमा र वादविवादको कम प्रतिद्वन्द्वात्मक शैलीमा परिवर्तन गर्नमा एउटा महत्त्वपूर्ण भूमिका पनि खेल्न सक्छ ।

**आन्तरिक निर्वाचनहरूमा महिलाहरूलाई नामाङ्कन र मतदान गर्नतर्फ ध्यान दिनुहोस्**

व्यवस्थापिकाको भूमिकाले पछि सरकारमा हैसियत बनाउने भएकाले समितिहरूको शृंखला र व्यवस्थापिका पदद्वारा महिलाको अग्रगमन उच्च कार्यालयका लागि तिनीहरूको योग्यता एउटा महत्त्वपूर्ण अवयव हो । सरकारी पदहरुमा समान अवसर र महिला मन्त्री र त्यसको विपक्षी दलको छाया समकक्षी पद महिला राजनीतिज्ञहरूद्वारा आफ्नो रुचि र वृत्ति विकासलाई अग्रगमनतर्फ अगाडि बढाउनका लागि राम्ररी प्रयोग गरिएका अन्य पद हुन् ।

उदाहरणका लागि सन् १९९२ देखि १९९७ सम्म संयुक्त अधिराज्यमा चार जना लेबर महिला सांसद छाया महिला मन्त्रीहरू (Shadow Woman Ministers) रहेका थिए । लेबर सन् १९९७ को निर्वाचनमा विजयी भएपछि ती चारै जनालाई महत्त्वपूर्ण सरकारी ओहदाहरूमा (दुईजनालाई क्याबिनेट स्तरमा) नियुक्त गर्‍यो । तिनीहरूले लैङ्गिक समानताको भरपर्दो वकिल भएको प्रमाणित गरेर तिनीहरू आफ्नो विभागमा महिला सरोकारहरूका समर्थक थिए । सन् २००१ मा तिनीहरूको संख्यामा वृद्धि भयो । यसले (क) यी पद महिलाहरूका निमित्त प्रतिबन्धात्मक हुनु आवश्यक छैन, बरु त्यसको बदला अग्रगमनको माध्यम हुनुपर्छ, र (ख) तिनीहरूले लैङ्गिक संवेदनशीलतालाई सरकारहरूका बीच मूल आधार बनाउन सहज बनाउँछ भन्ने कुरालाई सूचित गर्छ ।

## ३.२ प्रतिनिधित्व

विभिन्न विधिले महिला प्रतिनिधित्वमा वृद्धि ल्याउनका लागि नियमहरू प्रयोग गरिएका छन् । यस क्षेत्रमा तीन चम्के रणनीति प्रभावकारी प्रमाणित भएको छ :

- संसदमा विजयी हुन सक्ने सिटहरूमा महिलालाई नामाङ्कन गर्ने निश्चित गर्नका लागि राजनैतिक पार्टीहरुमाथि दबाब सृजना गर्ने,
- संसदीय पदहरूको सम्पूर्ण शृंखलामा महिला उपस्थिति सुनिश्चित गर्नका लागि कार्यविधि संयन्त्रको ढाँचा तयार गर्ने, अनि
- महिलाहरूको रुचिको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नयाँ संरचनाहरू उत्पन्न गर्ने खालको विधानको ढाँचा तयार गर्ने ।

उदाहरणका लागि नयाँ मन्त्रालयहरू सृजना गरेर होस् वा मन्त्रिमण्डलको आकार विस्तार गरेर होस्, राजनैतिक संरचनाहरूको विस्तार महिलाको प्रतिनिधित्वलाई सुरक्षित पार्नमा उपयोगी उपाय भएको प्रमाणित भएको छ । विद्यमान विधायिकाको आधुनिकीकरण र सुधार वा नयाँ संसदको सृजनाले महिला प्रतिनिधित्वलाई सुरक्षित गर्ने वा प्रवर्द्धन गर्ने अवसर प्रदान गर्छ । एउटा असल उदाहरण स्कटल्यान्ड हो, जहाँ नारीवादीहरूले महिलाहरूको न्यायोचित ढङ्गले प्रतिनिधित्व हुने स्कटिस विधानसभा प्राप्त गर्नका लागि संवैधानिक परिवर्तनको प्रक्रियामा हस्तक्षेप गरे । स्कटिस महिला कोअर्डिनेसन समूहको छाताअन्तर्गत तिनीहरूले संवैधानिक सम्मेलन र राजनैतिक पार्टीहरूलाई हस्तान्तरणबारेको वादविवाद सिर्जना गर्नका निमित्त लबी गरे । संस्थागत ढाँचा र संसद सदस्यको पदपूर्तिबारेका वादविवादमा तिनीहरू संलग्न भए । सन् १९९९ मा स्कटल्यान्डको पहिलो संसद निर्वाचित हुँदा यसका सदस्यमध्येका ३७ प्रतिशत महिला थिए भने ३० प्रतिशत मन्त्री, समितिका सभाध्यक्ष्यका १७ वटा सिटमध्ये छ वटालगायत ४१ प्रतिशत समितिका सदस्य महिला थिए । त्यसउप्रान्त सन् २००३ को निर्वाचनमा सम्पूर्ण संख्या वृद्धि भए । यद्यपि, पूर्वीय र मध्ययुरोपका र युरोपेली परम्पराका अनुभवले दर्शाएअनुसार संवैधानिक परिवर्तन एउटा अवसर हो ग्यारेन्टी होइन ।[९]

**वर्तमान संरचनामा महिलालाई समावेश गर्नका लागि अभियान चलाउनुहोस् ।**

कोस्टारिकामा उपराष्ट्रप्रमुख महिला हुनुपर्ने एउटा चलन स्थापित गरिएको छ । महिलाहरूका मुद्दाबारे संसदीय समितिहरूको निर्माण महिलाहरूका निमित्त पद सृजना गर्ने एउटा विधि भएको कुरा नेदरल्यान्ड्सको अनुभवले देखाएको छ । त्यस्ता समितिले सम्पूर्ण विधेयकहरूका लैङ्गिक समानताबारेका विषयवस्तुलाई छानबिन गर्छ र त्यसबाट महिलाहरूका कार्यसूचीको विस्तारलाई सहयोग पु्याउँछ । तिनीहरूले कैयन् राजनैतिक मुद्दाको लैङ्गिक समानताको प्रकृतिबारेको चेतनालाई पनि अभिवृद्धि गर्छ । ती समितिहरूले संसदीय प्रक्रियामा सघाउ पु्याउँछन् र त्यस्ता मुद्दाहरूबारे सार्वजनिक छलफल बढाउन एउटा भूमिका पनि खेल्छन् ।

त्यस्ता साधनहरूले महिला मुद्दाहरू र तिनीहरूलाई समर्थन गर्ने राजनीतिज्ञहरूलाई अलग

पार्ने र रोक्ने गर्ने काम मात्र गर्न सक्छ भनेर कैयन् राष्ट्रहरूका महिला प्रतिनिधिहरूले सरोकार व्यक्त गरेका छन्। रोक्ने कार्य छोटो अवधिका लागि जोखिम भए तापनि अनुभवहरूले सङ्केत गरेअनुसार पछि गएर त्यस्तो कार्य स्वीकृत हुन्छन् अनि वास्तवमा फराकिला लैङ्गिक मुद्दाहरूलाई निश्चित र वैध बनाउँछ । अझ महिलाका समितिहरू, सुरक्षित स्थानहरू र महिला मन्त्रालयहरूमा सेवा गरेर महिलाले मूल्यवान अनुभव प्राप्त गर्छन् । उदाहरणका लागि त्यसपछि तिनीहरूले कार्यका लागि बेइजिङ मञ्च वा अन्य अन्तरराष्ट्रिय सन्धिको कार्यान्वयनलाई सुपरिवेक्षण गरेर, अन्य समितिमा काम गरेर विभिन्न मुद्दाबारे आफ्नो प्रभाव विस्तार गर्न सक्छन्। महिला समितिहरूलाई स्थायी संरचनाको रूपमा हेरिनु आवश्यक छैन, तर अस्तित्वमा हुँदाखेरि तिनीहरूले महिलालाई आफ्नो सीप प्रदर्शन गर्नमा सक्षम बनाउँछन् अनि यस प्रकारले अन्य राजनैतिक क्षेत्रका निमित्त प्रक्षेपण गर्ने मञ्चको रूपमा काम गर्छन्। बरु लैङ्गिक समानताको विभागको अनुभव भएका महिलाहरूले यस बढोत्तरी भएको चेतना र महिलाका मुद्दाहरूबारेको ज्ञानलाई अन्य मन्त्रालयमा लैजान्छन्, यस प्रकारले महिला सरोकारलाई मूलधारमा लाने प्रक्रियालाई अग्रगमनतर्फ लैजान्छ ।[१०]

### ३.३ प्रतिफलमाथि असर र प्रभाव

प्रजनन अधिकारहरू, समान ज्याला, बालबच्चा स्याहार र बालबच्चा अधिकारबारे वादविवादका निमित्त करकाप गरेर महिला सरोकार प्रवेश गराउनका साथै लैङ्गिक समानता ऐन तथा संशोधनहरू प्रस्ताव गरेर कार्यविधि कानुनसम्बन्धी ज्ञानलाई संसदीय एजेन्डालाई प्रभावित पार्नका लागि लगातार प्रयोग गरिएको छ। अन्यथा, त्यस्ता छलफलहरु लैङ्गिक रुपमा अन्ध हुन्थे । सांसदहरूले महिलाहरूको स्थिति र अवस्थाबारे सार्वजनिक जाँचबुझहरू गरेका छन् र त्यसका परिणामलाई वैधानिक कार्यक्रमहरूलाई अगाडि बढाउनका लागि प्रयोग गरेका छन्। ती मुद्दाहरूलाई कार्यसूचीमा राखिसकेपछि अन्य राजनीतिज्ञहरूको व्यवहार परिवर्तन हुन्छ । जेहोस्, राजनैतिकरूपले समानताका मुद्दाहरूलाई पहिला कार्यसूची बन्न बन्देज लगाउनुभन्दा महिला समानताका विरुद्धमा जानु बढी कठिन हुन्छ। संयुक्त अधिराज्यको एउटा उदाहरणमा लिङ्गभेद उम्मेदवार ऐन, २००२ हो, जसले राजनैतिक पार्टीहरूलाई महिला सांसद र उम्मेदवारहरूको संख्यामा वृद्धि ल्याउनका लागि सकारात्मक कार्य गर्न अनुमति दिन्छ। यो विधेयक यसका विरोधीहरू चुपचाप बसेको, महिलाहरूको प्रतिनिधित्वको सार्वजनिक रूपमा विरोध गर्न तत्पर नरहेको बेला सबै पार्टीको सहमतिमा प्रायः कुनै विमतिबिना तर्जुमा गरिएको थियो। त्यस्तै कारणका लागि सन् २००२ मा राष्ट्रिय सभामा छलफलमा फ्रेन्च पार्टीका कैयन पुरूष विरोधीहरु अनुपस्थित रहे ।

**महिलाका मुद्दाहरूलाई छलफलमा ल्याएर संसदीय कार्यसूचीहरूलाई प्रभावित पार्नुहोस् ।**

केही घटनामा तिनीहरूका वास्तविक मतभन्दा महिलाहरूद्वारा सहप्रायोजन, भाषण र विधेयक प्रायोजनजस्ता क्रियाकलाप निकै बढी प्रभावकारी भएका छन्। फ्रान्सेली संसदीय संरचनाहरूमा महिलाका मुद्दाप्रतिको समर्थनलाई हेरिएको एउटा अध्ययनमा पाइएअनुसार नारीवादी विधेयकहरूलाई सहप्रायोजन गर्नमा, नारीवादी ऐनका लागि भाषण गर्नमा र

नारीवादी ऐनलाई समर्थन गर्नमा पुरूषभन्दा बढी महिलाहरू सम्भावित रहेका थिए । बेलायती हाउस अफ कमन्सका मुद्दामाथि ध्यान केन्द्रित गर्ने साधनहरू रहेको दिनको सबेरै का प्रस्तावहरूबारेको अध्ययनमा महिलाहरूको सरोकारका विषयहरूलाई समर्थन गर्नमा आफ्ना पुरूष सहकर्मीभन्दा महिला सांसदहरू निकै बढी सक्रिय रहेको पाइयो ।[११]

यद्यपि, विकासशील विश्वका कैयन् भूभागमा महिला सांसदहरू महिलाहरूबारेको विधेयकसँग कुनै प्रकारले संलग्न रहनमा बञ्चित रहने गरेका कैयौँ उदाहरण रहेका छन् । यस्तो हुनु धेरैजसो यस्ता तर्कमा तिनीहरूका सहकर्मीहरूको समर्थन र अनुमोदनको कमी रहेको हुन्छ र त्यसले तिनीहरूलाई पाखा लगाउनमा योगदान दिनसक्छ भन्ने तिनीहरूको चेतनाका साथै 'नारीवादी' हुनुसँग सम्बन्धित रहेका केही निश्चित लाञ्छनाका कारणले हो । यसले अरू अगाडि महिलाहरूका सरोकारलाई मूलधार बनाउने वा महिलाका मुद्दाहरू र व्यवस्थापिकाद्वारा सञ्चालन गरिएका अन्य प्रत्येक मुद्दाहरूबीचको अन्तरसम्बन्धबारे चेतना वृद्धि गर्ने आवश्यकतालाई जोड दिनका लागि रेखाङ्कित गर्छ । उदाहरणका लागि बजेट र आर्थिक सरोकारहरूले सबैलाई असर पार्ने भएकाले तिनीहरूलाई पुरूषको सरोकारको रूपमा मात्र हेरिनुहुँदैन र त्यो पुरूषको मात्र सरोकार होइन । त्यस्तै गरेर स्वास्थ्य, समाज कल्याण र शिक्षाले महिलाहरूलाई मात्र असर पार्दैन ।

**विधेयकहरूको पक्षमा बोल्नुहोस्, त्यसलाई प्रायोजन तथा सह प्रायोजन गर्नुहोस् ।**

## *३.८ संवाद*

केही निश्चित राष्ट्रमा महिला र पुरूषबीचको समानताबारेका सांस्कृतिक आदर्शहरू वा अधिकारबारेका संवाद, प्रतिनिधित्वसम्बन्धी योग्यता तथा लोकाचारहरू व्यवस्थापिकाको सन्तुलन बदल्नका लागि प्रयोग गर्न सकिने मार्गहरू हुन सक्छन् । उदाहरणका लागि डेनिस महिला सांसदहरू संसदीय संवाद बदल्नमा सफल भएका छन् । स्क्यान्डेनेभियाली संसदहरूमा ठूलो संख्यामा महिलाको प्रवेश हुनुभन्दा पहिला धेरैजसो राजनीतिज्ञहरूसँग विभेद, असमानता, लैङ्गिक झ्याउलो वा लैङ्गिक हिंसाजस्ता मुद्दाबारे बोल्नका लागि शब्दभण्डार रहेको थिएन भन्नेबारे द्रुदे दालेरुपले टिप्पणी गर्नुभएको छ । धेरैजनालाई महिला शब्द (Woman) प्रयोग गर्नमा समस्या रहेको थियो र महिलाका लागि अरु नै नरम खालक शब्दहरू प्रयोग गर्न रुचाउँथे । समय बित्दै जाँदा नर्डिक राष्ट्रहरूमा महिलाहरूको बढ्दो उपस्थितिले परिवारबारे जिकिर गर्नुका साथै न्यानोपन र करुणाका अभिव्यक्तिलाई प्रवेश गराउँदै अभियान सञ्चालन गर्ने शैलीमा परिवर्तन आएको छ ।[१२] यसले अभियान सञ्चालनलाई कम शत्रुतापूर्ण रूपमा प्रदर्शन गर्छ । नेदरल्यान्ड्समा संसदीय छलफलसम्बन्धी अध्ययनले गर्भपतनको नीतिबारे छलफल गर्ने विधिलाई परिवर्तन गर्नमा (स्मरणीयरूपले एउटा उपचारजन्य वा धार्मिक मुद्दाबाट छनौटको मुद्दामा परिवर्तन) महिलाका हस्तक्षेपहरू कसरी संलग्न रहे भन्ने कुरालाई प्रदर्शन गर्छ । संयुक्त अधिराज्यमा गरिएको एउटा अध्ययनले देखाएअनुसार पुरूष

**लैङ्गिक झ्याउलोजस्ता सरोकारका सार्वजनिक मुद्दाहरू बनाउनुहोस् ।**

सांसदहरूले अमूर्त अवधारणाहरू आव्हान गर्दा र महिला सांसदहरूको हस्तक्षेप नीति र निर्णयहरूले व्यक्ति र परिवारलाई कसरी असर पार्छ भन्नेबारेका उदाहरणलाई निर्दिष्ट गर्ने सम्भावना पुरूषहरूको भन्दा बढी रहेको हुन्छ ।[१४]

मुख्य अन्तर्राष्ट्रिय सम्मेलनहरूमा महिला राजनीतिज्ञहरूको सहभागिताले पनि महिलाले के गर्न सक्छन् भन्नेबारेको जनमतलाई चुनौती दिनमा महत्त्वपूर्ण प्रभाव पारेको थियो । यसको एउटा उदाहरण इजिप्ट र अन्य अरब राष्ट्रमा महिला आन्दोलनबारेका भावनाहरू सन् १९९४ मा कायरोमा सम्पन्न भएको जनसंख्या र विकासबारेको अन्तरराष्ट्रिय सम्मेलन (आईसीपीडी) (International Conference on Population and Development-ICPD) पछि परिवर्तन भए । यो सम्मेलन हुनुभन्दा पहिले कैयन् इजिप्सेली महिला सांसद र यथार्थमा साधारण जनता सबैभन्दा राम्रा यस अर्थमा थिए कि तिनीहरु महिलाका आन्दोलनहरूबारे अन्जान थिए अनि सबैभन्दा खराब यस अर्थमा कि यसका क्षमताका बारेमा एकदम हेलचेक्र्याइँपूर्ण रहेका थिए। महिला आन्दोलनमा संलग्न भएकाहरूको महिला सांसदहरूसम्बन्धी त्यस्तै विचार रहेको थियो । महिला सांसदहरूका निमित्त आईसीपीडी महिलाहरूको गैसरकारी संस्थाहरूले के उपलब्धि प्राप्त गर्न सफल भएका थिए भन्ने कुराको वास्तवमा साक्षी हुने र साझा सरोकारका मुद्दाहरूमा तिनीहरूसँग सञ्जाल विकास गर्ने एउटा अवसर थियो। यसले कैयन् सरोकार तथा लक्ष्यहरू साझेदारी गरेकाले महिला आन्दोलनका निमित्त महिला सांसदहरूसँग गठबन्धन गर्न सकिने सम्भाव्यतालाई महसुस गर्न पनि सक्षम बनायो । त्यसपछि वास्तवमा के भएको थियो भन्ने कुराबारे बेवास्ता गर्दै त्यहाँ सांसदहरू र महिला सङ्गठनकर्ता दुवैको पक्षमा चेतनामा मननयोग्य परिवर्तनहरू आएका थिए । कार्यकर्ता र एकजना राजनीतिज्ञको रूपमा महिलासम्बन्धी जनचेतना र सोचाइमा परिवर्तन आउनु उत्तिकै महत्त्वपूर्ण थियो । आईसीपीडी र त्यस उपरान्तको अन्तरराष्ट्रिय सञ्जालका अवसरहरू सर्वसाधारण जनताका लागि महिला मुद्दाहरू (पारिवारिक कानुनमा परिवर्तन होस् वा प्रजनन अधिकार वा महिलाको भगाङ्कुर छेदन (Circumcision) होस्) तिनीहरूको सामान्य सरोकारको एउटा भाग रहेका थिए र परिवर्तनका लागि खल्याङ्बल्याङ् गरिरहेका प्रभावहीन महिलाहरूको झुन्डभन्दा यी सरोकारलाई उच्चारण गर्नेहरू सक्षम र विद्वान् महिला थिए जसको कुरा सुन्नयोग्य र गम्भीरतापूर्वक लिनयोग्य रहेको थियो भन्ने प्रदर्शन गऱ्यो ।

**महिला सम्भाव्यताको महत्त्व दर्शाउनको लागि अन्तर्राष्टिय सम्मेलनहरुमा संलग्न हुनुहोस् ।**

## ४. नियमहरू परिवतर्न गर्नु

महिला उपस्थिति र महिला सरोकारहरूको प्रवेशले हाल भएका व्यवस्थापन र कार्यविधिलाई अवश्यम्भावी रुपमा चुनौती दिनेछ । महिलाका निमित्त बढी सुहाउँदो बनाउनका लागि न्यूनतममा पनि व्यवस्थापिकाको समयतालिका, बैठक स्थल, बालबच्चा स्याहारसुसार प्रावधान, काम गर्ने समय र यात्राका व्यवस्थापनहरु परिवर्तन हुन सक्छन् ।

हामीले मनन गरेको सबैभन्दा महत्त्वपूर्ण परिवर्तनमध्येको एक महिलाका पार्टी लाइनभन्दा

बाहिरको सञ्जालको विकास हो । यसले हालको युरोपेली संसद, दक्षिण अफ्रिका, अमेरिका, निदरल्यान्ड फ्रान्स, बेल्जियम र इटालीमा गठन भएका महिला सांसदहरूद्वारा महिला प्रतिनिधित्वको नीति, बलजफ्ती विवाह, घरेलु हिंसा, प्रजनन अधिकार, बलात्कार र समान रोजगारजस्ता मुद्दामा बढ्दोरूपले निरन्तर हुने अन्तरपार्टी सहयोगलाई महत्त्वपूर्ण रहेको भनेर रेखाङ्कित गर्छ ।

विभिन्न व्यवस्थापिकीय भूमिकामा महिलाका अनुभवहरूले राजनैतिक पुँजी निर्माण गर्छन्, जसलाई अझ बढी उन्नति, हालका नियम र संरचनाहरूलाई परिवर्तन गर्न र महिला राजनीतिज्ञको नयाँ पुस्तालाई मद्दत गर्नका लागि प्रयोग गर्न सकिन्छ ।

### ४.१ संस्थागत/प्रक्रियागत

व्यवस्थापिका संरचना र कार्यविधि परिवर्तन समितिहरूमा महिला र पुरूषको सदस्यताका लागि समानुपातिक आदर्श, महिलाका ह्विपहरू (कुनै खास पार्टीमा महिलाहरूको संसदीय मतलाई सङ्गठित पार्न जिम्मेवार) स्थापना तथा विभिन्न संसदीय पदमा महिलाका निमित्त औपचारिक र अनौपचारिक कोटाहरू संलग्न हुन सक्छन् । जर्मनीमा स्थानीय र राष्ट्रिय स्तरमा आन्तरिक स्वेच्छिक पार्टी कोटा प्रणालीहरू प्रभावकारी ढङ्गले प्रयोग गरिएका छन् र फ्रान्समा विधानको माध्यमद्वारा प्रवेश गराइएको छ । अनिवार्य कोटाहरू राजनैतिक रूपले कठिन भएका राष्ट्रहरूमा स्वेच्छिक लक्ष्यहरू निर्धारण गर्न सकिन्छ । तिनीहरूको सबैभन्दा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि त्यस्ता नीतिमा अन्तिम म्याद र वास्तविक समय तालिका समावेश रहेको हुन्छ ।

कोटा प्रणालीको कार्यान्वयनलाई सुपरीवेक्षण गर्ने सभाप्रति जबाफदेही संयन्त्रहरू स्थापना गरिनुपर्छ । प्रगतिबारे नियमित छलफललाई व्यवस्थापिका समयतालिकाको एउटा भागको रूपमा यसले निश्चित गर्छ । महिला मुद्दाहरूबारे समिति गठन गर्न व्यवस्थापिकाप्रति पनि जबाफदेही रहेको राष्ट्रिय महिला नीति निकायहरूको समेत उस्तै असरहरू हुन्छन् । व्यवस्थापिकाप्रतिको जबाफदेहिले महिला सरोकारबारे छलफल गर्ने असंख्य अतिरिक्त अवसर प्रदान गर्दै तिनीहरूका कार्यलाई ध्यानपूर्वक हेरिएको, वादविवाद गरिएको र प्रचार गरिएको भन्ने कुरालाई निश्चित गर्छ । उदाहरणका लागि दक्षिण अफ्रिकी सरकारले एउटा राष्ट्रिय लैङ्गिक संयन्त्र लागू गरेको छ, जसले ऐन परिवर्तनको प्रस्ताव गर्छ र त्यसको कार्यान्वयनलाई सुपरीवेक्षण र निश्चित गर्छ । दक्षिण अफ्रिकाको घटनाले संसदभित्र र बाहिर दुवैमा एकसाथको कारबाहीले कसरी कार्य गर्छ भनेर देखाउँछ । दक्षिण अफ्रिकामा एउटा नयाँ संविधानको मस्यौदा तयार गरिएको थियो, महिला सांसदहरूसँगको परामर्शमा एउटा महिला सशक्तीकरण कार्यक्रम लागू गरिएको थियो र महिला सरोकारलाई मूलप्रवाहमा ल्याउन र अनुगमनलाई निश्चित गर्नका लागि महिलाको अवस्थाबारेको कार्यालय सृजना गरिएको थियो । लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न र प्रस्तावित ऐनको लैङ्गिक समानता र महिलाहरूको अवस्थामाथि कस्तो असर पर्छ भन्नेबारे संसदलाई सुझाव दिन र सिफारिस

**महिला तथा पुरूषहरुको प्रतिनिधित्वका लागि समानुपातिक मुल्य तथा मान्यता वा कोटाहरुलाई प्रवेश गराउनुहोस् ।**

गर्नका लागि सन् १९९७ मा लैङ्गिक समानताबारे एउटा आयोग गठन गरिएको थियो (नमुना अध्ययन हेर्नुहोला) । यी संस्थागत संयन्त्रले ग्रामीण तहका कार्यकर्तासँगको सम्पर्क कायम राख्नेछन् भन्ने कुराबारे निश्चित हुनु महत्त्वपूर्ण छ ता कि संसदको चार पर्खालबाहिर के हुन्छ भन्नेबारे सांसद्हरू सावधान होऊन् । कार्यविधिमा ल्याइएका परिवर्तनहरूले प्रभाव ल्याउने छन्, आफैँमा प्रभावकारी हुन सक्छन् र समाजमा फराकिलो असर पार्न सक्छन् । त्यस्तो एउटा अभ्यास जर्मनीको बुन्देस्तागमा रहेको छः त्यहाँ छलफलका लागि बोल्न भनेर एकजना महिलाले आफ्नो हात उठाउँदा उनी स्वतः पुरुष वक्ताहरूको सूचीको शीर्षस्थ स्थानमा पुग्छिन् । यो चलनले पुरूषहरूले प्रभुत्व जमाएका समूहमा बोल्ने महिलाहरूको सङ्कोचलाई उनीहरू सहभागी हुने अवसरहरूलाई वृद्धि गरेर पराजित गर्न खोजेको छ । सांसदहरूमा यो यति गाढा भएको छ कि तिनीहरू संसदबाहिर हुँदा समेत त्यस चलनलाई दोहोऱ्याउँछन् ।

**'कडा' र 'नरम' मुद्दाबीचको भेदलाई भङ्ग गर्नुहोस् ।**

आधारभूत परिवर्तनहरूमा निश्चित मुद्दाहरू, नाम तोकेर भन्नुपर्दा महिला सरोकारहरूसँग नजिक रहेका मुद्दा र महिलाहरूमा विशेषज्ञता रहेका मुद्दा (अर्थात् शिक्षा, कल्याणकारी नीति, पारिवारिक नीति) लाई संसदीय पद सोपानमा हेरिने विधिलाई परिवर्तन गर्ने रुपमा हेरिएको छ । हामीले चर्चा गरेअनुसार, 'कडा' र 'नरम' मुद्दाबीचको भिन्नतालाई आड दिनु कठिन छ र त्यो ढल्न सम्भव छ । तिनीहरूलाई संसदीय एजेन्डामा माथि धकेल्न महिला प्रतिनिधिहरू बढी सफल हुने भएकाले 'नरम' मुद्दाहरूप्रति सबै राजनीतिज्ञको बढ्दो रुचिबाट यस प्रक्रियाको विकास हुनेछ । एजेन्डा परिवर्तनहरूसँग प्रतिफल परिवर्तनको नजिकको सम्बन्ध रहेको छ ।

### ४.२ प्रतिनिधित्व

राजनैतिक कार्यालयमा महिलाहरूको पहुँचलाई टेवा पुऱ्याउनका लागि उम्मेदवार छनौटका नियम परिवर्तन गर्न महिला सांसदहरूको सञ्जाल सफल रहेको छ । उम्मेदवारहरूको सूचीमा दुवै लिङ्गका निमित्त कोटाहरू वा न्यूनतम अनुपातका नियम, महिलाका निमित्त सुरक्षित स्थान र राजनैतिक पार्टीका निमित्त छुट्याइएका सार्वजनिक कोषजस्ता विशेष उपायलाई सञ्चालन गरिएका छन् । महिलाहरूको प्रतिनिधित्व क्षमतालाई वृद्धि गर्नका लागि अपनाइएका धेरैजसो प्रभावकारी रणनीतिको केन्द्रविन्दुमा राजनैतिक पार्टीहरू रहेका छन् । पार्टी सङ्गठनभित्र महिलाहरूलाई आन्तरिक रूपमा निर्णय लिनसक्ने क्षमता भएका पदमा र बाह्यरूपले निर्वाचित सभाहरूमा र सरकारी नियुक्तिमा प्रवर्द्धन गर्नका लागि राजनैतिक पार्टीहरूले रणनीतिहरूको विकास गरेका छन् । सामान्यतया महिलालाई निर्वाचित कार्यालयहरूको उम्मेदवारका निमित्त नामाङ्कन गर्नुभन्दा पार्टीका आन्तरिक पदमा ल्याउनका लागि नीतिहरू निर्माण गर्न तिनीहरू बढी प्राथमिक, वचनबद्ध र कल्पनाशील भएका छन् । विभिन्न प्रकारका कोटालाई प्रवेश गराउनु तिनीहरूको सबैभन्दा प्रभावकारी कार्य हो ।

प्रायः घटनाहरुमा कोटा प्रणाली महिला र पुरूषबीच कायम रहेको असन्तुलन समाधान गर्न अपनाइएका अस्थायी उपाय हुन् । तिनीहरू पुरूष र महिलाबीचको राजनैतिक समतुलन (Equilibrium) लाई परिवर्तन गर्नका लागि गरिएको एउटा प्रयास हुन् । यस हातेपुस्तकको

अध्याय ४ मा द्रुदे दालेरुपले विभिन्न प्रकारका कोटा प्रणाली र तिनीहरूका परिणामबारे विस्तृतरूपले वर्णन गर्नुभएको छ ।

**राजनैतिक कार्यालयमा महिलाको पहुँचलाई टेवा दिनका लागि उम्मेदवार छनौटका नियमहरूलाई बदल्नुहोस् ।**

अर्को महत्त्वपूर्ण प्रतिनिधित्व रणनीति सम्पूर्ण सार्वजनिक निर्णायक निकायलाई समावेश गर्नका लागि प्रतिनिधित्वको परिभाषालाई फराकिलो बनाउनु र उच्च निजामती सेवा र न्यायपालिकामा महिलालाई समावेश गर्नका निमित्त अभियान सञ्चालन गर्नु हो । त्यस्ता अभियानहरु अस्ट्रिया, फिनल्यान्ड, द नेदरल्यान्ड्स, संयुक्त अधिराज्य र अन्यत्र सञ्चालन गरिएका छन् । अर्को कठिन तर आवश्यक अघिल्लो पाइला फिनल्यान्डमा भएको जस्तै यस्ता मागलाई निजी क्षेत्रमा विस्तार गर्नु हो ।

### ४.३ प्रतिफलमाथि असर / प्रभाव

महिलाहरूले प्रतिफललाई प्रभावित पारेका छन् भन्ने एउटा स्पष्ट सूचक राजनैतिक पार्टीहरू र संसदमा महिलाका निमित्त कोटा प्रणालीको अस्तित्व रहेको छ भन्ने तथ्य हो । महिलाका मुद्दा र सरोकारहरूलाई प्रवर्द्धन गर्नका लागि महिला बढीभन्दा बढी प्रभावकारी भएपछि प्रतिफलमा परिवर्तन अपरिहार्य छ । एजेन्डामाथि महिलाका मुद्दाहरूलाई उठाइएर संवर्द्धन गरिएपछि तिनीहरूले द्रुत गतिमा सम्पूर्ण राजनीतिज्ञको रूचि प्राप्त गर्छन् । ती रुचि मुद्दाहरूको फराकिलो फाँट राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिकमा समेत लागू हुन्छन् ।

भर्खरैका अनुसन्धानहरूले देखाएअनुसार प्रतिफललाई प्रभावित पार्ने र महिलाहरूको समानता प्रवर्द्धन गर्ने सबैभन्दा प्रभावकारी विधि महिलातर्फ अगाडि बढ्नका लागि परिचालित कार्यक्रमका निमित्त आर्थिक प्रोत्साहन दिनु हो । उदाहरणका लागि बालिकाहरूको शिक्षालाई उच्च पार्नका लागि भारत सरकारले छात्राहरूकालागि विद्यालय निर्माण गर्नका दिइएका कुनै पनि योगदानलाई मिलाएर दोब्बर पार्ने वचनबद्धता जनायो । डच सरकारले विगतमा सबै पार्टीद्वारा महिला उम्मेदवारहरूको प्रवर्द्धनका निमित्त विशेष आर्थिक सहायता दिनका लागि भनेर राजनैतिक पार्टीलाई सार्वजनिक आर्थिक सहायता प्रणाली प्रयोग गऱ्यो । दक्षिण अफ्रिकाले महिलाहरूको खास आवश्यकता र रुचिका निमित्त प्रबन्ध गर्ने आयो जनाहरूलाई आर्थिक सहायता उपलब्ध गराउनका लागि एउटा महिला कोष स्थापना गऱ्यो । आर्थिक प्रोत्साहनलाई राजनैतिक पार्टीहरूलाई दिइने सरकारी आर्थिक सहायतामा तिनीहरूका निर्वाचित महिला सांसदहरूको संख्यासँग बाँधेर महिला प्रतिनिधित्वतर्फ सोझै परिलक्षित गर्न सकिन्छ । यो नीति युरोपेली संसदको निर्वाचनका लागि इटालीमा र राष्ट्रिय सभा निर्वाचनका लागि फ्रान्समा लागू गरिएको छ, ता कि महिला सांसदहरूको निश्चित संख्या नामाङ्कित वा बदला नगर्ने पार्टीहरुले तिनीहरूका केही सार्वजनिक आर्थिक सहायतालाई त्याग्नु पर्छ ।

**महिलाहरूका निमित्त परिचालित कार्यक्रमहरूलाई आर्थिक प्रोत्साहन दिनका लागि हौसला दिनुहोस् ।**

### ४.४ संवाद

संवादलाई प्रभाव पार्ने सबैभन्दा महत्वपूर्ण परिवर्तन 'सार्वजनिक' क्षेत्रमा छलफल सही विषयलाई सीमित पार्ने अस्पष्ट नियमहरूलाई पल्टाउने कुरा भएका छन् । महिला आन्दोलनहरूसँगको सहयोगमा केही राष्ट्रमा सांसदहरूले संसदीय कार्यसूचीलाई घरेलु हिंसा, लुट, बलात्कार, बलजफ्ती विवाह, महिला भगाङ्कुर छेदन, विवाह मञ्जुरी र समलिङ्गी आमाका अधिकारहरूमा विस्तार गरेका छन् ।

संवादका क्षेत्रमा अरू बढी परिवर्तन महिलाहरू महिलाको रूपमा आफ्नो पहिचानबारे बढ्दो रूपले गर्व गर्ने भएपछि आउने छ । युरोपेली संसदका पूर्व सदस्य हेडी डि'आनकोनाले सन् १९९० को दशकको युरोपेली संसदका सबैभन्दा प्रभावशाली महिला सांसदबारे सर्वेक्षण गर्नुभएको छ र आफ्नो 'नारीत्व' बारे सङ्कोची नभएर तर महिलाको रूपमा आफ्नो पहिचानबारे गर्व गरेर तिनीहरूले आफ्नो कार्य, प्रभाव र कार्य सम्पादनलाई उच्च बनाएका छन् भनेर तर्क गर्नुहुन्छ ।[१६] महिलाहरू महिलाका रूपमा आफ्नो पहिचानबारे गर्वशाली वा दाबीका साथ प्रस्तुत हुनुको बदला क्षमायाचक हुन्छन् । नादेज्दा स्वेदोभाले उल्लेख गर्ने गरेको एकजना महिला राजनीतिज्ञको आत्मबोधमा महिला र तिनीहरूको योगदानप्रतिको सार्वजनिक बोध तथा प्रतिक्रियालाई परिवर्तन गर्नमा महत्त्वपूर्ण रहन्छ ।

एकजना महिलाको लिङ्ग पहिचान र तिनको 'बाहिरी' प्रतिष्ठाले समेत खास गरेर संवैधानिक संकटका समयमा निर्वाचनप्रतिको आकर्षणलाई उच्च बनाउँछ । सापेक्षरूपमा नवराजनैतिक प्रवेशीका रूपमा महिलाहरू धराशयी हुँदै गएको शासनव्यवस्थाका भ्रष्ट तथा तानाशाही प्रचलनसँग प्रायजसो संलग्न रहेका छैनन् । बरु तिनीहरू नवीनता, इमानदारी, लोकतन्त्र तथा होसियारीको, सुधार आन्दोलनहरूका निमित्त अमूल्य रहेका सम्पूर्ण छवीको प्रतीक बन्न सक्छन् ।

संसदमा महिलाहरूको अनुपातलाई वृद्धि गर्ने प्रक्रिया राजनीतिलाई महिलाहरूको सामान्य क्रियाकलापको रूपमा लिइनका निमित्त राजनैतिक छवि परिवर्तन गर्ने एउटा विशाल घटनाको एउटा भाग हो । यस्तो प्रवृत्तिमा परिवर्तन आउनका लागि आमसञ्चारमा सार्थक थप बल र महिला आन्दोलनभित्रबाट समर्थनको आवश्यकता हुन्छ ।

## ५. सफलता नाप्ने मापदण्ड

> 'हामीले वास्तविक समानतामा आधारित एउटा प्रणालीलाई स्थापना गरेर र त्यससँग कार्य गर्दाखेरि महिला सहभागिताको गुणस्तरमा वृद्धि हुन्छ भन्नेबारे म विश्वस्त छु ।'
>
> *बिरगिटा डाहल, पूर्व सभामुख, स्विडेन*

राजनैतिक प्रक्रियामा महिलाहरूले फरक पार्छन् भनेर दाबी गर्नका लागि तिनीहरूको असरलाई मापन गर्न स्पष्ट मापदण्ड तय गर्नु आवश्यक छ । त्यस्तो मापदण्डको एउटा

आधारभूत अवयव महिला सांसदहरूले कम्तीमा केही समय महिला सरोकारका विषयमा गरेको कार्य हो । त्यस्तो मापदण्ड तर्जुमा गर्दाखेरी यस कुरालाई पनि मान्यता दिनुपर्छ कि (क) प्रतिनिधित्व गरिनका लागि कहिलेकाहीँ द्वन्द्वात्मक रहेका कैयन् महिला सरोकारका विषय रहेका छन्, अनि (ख) एउटा परम्परागत पुरूष वातावरणमा महिलाको उपस्थितिले नै लैङ्गिक चेतना उत्पन्न गर्छ र अपेक्षाहरूलाई परिवर्तन गर्छ ।

हामीले चर्चा गरेअनुसार महिलाहरूले वास्तवमा जे उपलब्धि गर्न सक्छन् त्यो संसदमा तिनीहरूको संख्याअनुसार फरक हुन्छ । दिगो प्रभावका निमित्त संख्याले एउटा महत्त्वपूर्ण, यदि यथेष्ट होइन भने आवश्यक अवस्था उत्पन्न गर्छ । प्रतिनिधित्व पूरा गर्ने नाजुक कार्यलाई निश्चित गर्नका लागि महिलाहरूको गहकिलो अल्पसंख्या चाहिन्छ । महिलाहरूको संख्या वृद्धि हुँदाखेरि छलफलमा हस्तक्षेप, विधेयक प्रस्ताव तथा प्रायोजन, संसदीय स्रोतहरूमाथि पहुँच र नेतृत्वदायी पदको ओगटाइ लगायत संसदीय जीवनका सबै पक्षमा वृद्धि भएको महिला सहभागिताको हामीले अपेक्षा गर्नुपर्छ ।

सफलता निश्चय गर्ने अर्को लक्षण व्यवस्थापिकामा महिलाहरूको मुद्दामा उनीहरूको प्रभाव पहिचानयोग्य हुनैपर्ने हो । महिलाहरूको बढ्दो प्रभावकारिता र उच्च प्रतिनिधित्वका साथ सबै विधेयकहरुले महिला परिप्रेक्ष्यलाई अपेक्षितरूपमा गणनामा लिन्छन् । महिलाको असरलाई खास गरेर भन्ने सूचक पुरूषले महिलाको मुद्दा उठाउनु र महिला परिप्रेक्ष्यहरूप्रति सरोकार प्रदर्शन गर्ने सम्पूर्ण संसदीय छलफलमा महिलाका आवाजमा पुरूषहरू लत्रनु दुवैमा आएको एउटा वृद्धि हो ।

सफलताको एउटा महत्त्वपूर्ण पक्ष परिवर्तनका विभिन्न कारक सरकार, महिला सांसद, महिला सङ्गठनहरू र नागरिक समाजका अन्य सदस्यबीचको स्थानीय, क्षेत्रीय र अन्तरराष्ट्रियस्तरको अन्तरक्रिया हो । यो कुराको जहिले पनि हेक्का राख्नु पर्छ कि परिवर्तन र प्रभावको प्रक्रियामा महिला र पुरूषबीचको साझेदारी एउटा मुख्य अवयव हो । पुरूषबिना एक्लै कार्य गर्ने प्रयास गर्नु सम्भव छैन भनेर कैयन् महिला सांसदले खुल्ला रूपमा सकार्छन् ।

## ६. असर वृद्धि गर्ने रणनीतिहरू

महिलाहरूलाई तिनको शक्ति र प्रतिनिधिहरूको रूपमा तिनीहरूको प्रभावकारितालाई अधिकतम गर्नका लागि केही मुख्य रणनीति निम्न बमोजिम छन् :

१. **चेतना वृद्धि गर्नुहोस्** : सञ्चारमाध्यमहरूसँग सञ्चालित अभियान महिला तथा पुरूषको सन्तुलित सहभागिता र प्रतिनिधित्वको महत्वमाथि जनताको ध्यान केन्द्रित गर्नतर्फ केन्द्रित भएको हुनुपर्छ । त्यस्ता अभियान र सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्नका लागि राजनैतिक पार्टीहरू वा महिला सङ्गठनहरूलाई आर्थिक सहायता दिन सकिन्छ । राजनैतिक जीवनमा महिला सहभागितालाई हौसला दिनमा रुचि राख्ने गैरसरकारी संस्थाहरू प्रायजसो चेतना अभिवृद्धि कार्यक्रमहरूमा सक्रिय भएका छन् । त्यस्ता अभियानलाई प्रोत्साहन दिनका लागि पहिचान गर्न र सम्बन्ध स्थापना गर्नमा र यी मुद्दालाई नागरिक समाजका मुख्य सदस्यका साथै सञ्चार उत्पादक र प्रस्तोताहरूबीच प्रवर्द्धन गर्न महिला तथा पुरूष

राजनीतिज्ञ सक्रिय हुनुपर्छ । यसको एउटा उदाहरण साइप्रसमा समान अधिकार, समान उत्तरदायित्वका लागि आन्दोलन हो, जुन महिलाहरू पनि राजनीतिज्ञ हुन सक्छन् भन्नेबारे जनचेतना प्रवर्द्धन गर्नतर्फ लक्षित रहेको छ ।

२. **पुरूषहरूसँग साझेदारीमा काम गर्नुहोस्** : खास राजनैतिक मोर्चाहरूभित्र होस् वा बाहिर महिला राजनीतिज्ञहरूसँगको ऐक्यवद्धताका साथ पुरूषका सरोकार र परिप्रेक्ष्यहरूको गणना हुने कार्यक्रमको ढाँचा तयार पार्दाखेरि यो अति आवश्यक छ । तिनीहरूको रणनीतिको प्रभावकारितामाथि बल पुऱ्याउन र तिनीहरूको सामाजिक तथा राजनैतिक सन्देशको महत्त्व वृद्धि गर्नका लागि महिलाहरूलाई आफ्ना पुरूष सहकर्मी, साझेदार र मतदाताको समर्थन आवश्यक हुन्छ भन्ने बढ्दो महसुसका साथ यस विचारले अहिले विश्वसनीयता प्राप्त गरिरहेको छ ।

३. **योग्य र इच्छुक महिलाहरूको समूहलाई विस्तृत बनाउनुहोस्** : यसको अर्थ राजनीतिज्ञ बन्ने महिलाहरूको रुचिलाई टेवा पुऱ्याउनुका साथै राजनीतिमा तिनीहरूको संलग्नता वृद्धि गर्नु हो । राजनीतिका लागि योग्यता र त्यसमा सहभागिता आंशिकरूपले शिक्षा, आय र समयजस्ता सामान्य स्रोतमाथिको पहुँचको मामिलाको कुरा हो र आंशिकरूपले राजनीति र राजनैतिक अनुभवहरूबारेको ज्ञान तथा सूचनाजस्ता खास स्रोतमाथिको पहुँचको मामिला हो । उच्चशिक्षा, भुक्तानी पाउने रोजगार र विभिन्न सामाजिक तथा आर्थिक सङ्गठनमाथिको महिलाको पहुँचलाई टेवा पुऱ्याउने नीतिहरूले महिलाका निमित्त बढ्दो रूपमा आतिथ्यपूर्ण रहेको राजनैतिक सहभागिताका निमित्त एउटा सन्दर्भ उपलब्ध गराउँछ । यद्यपि, राजनैतिक रूपले सहभागी हुनका लागि आफूमा उचित स्रोतको कमी हुँदासमेत आफ्नो पहुँचलाई सहज बनाउनसक्ने स्रोत परिचालन गर्नका लागि महिलाहरूले सृजनशील रणनीतिहरू योजना गरेका छन् । उदाहरणका लागि भारतमा केही महिलाले आफूलाई आवश्यक हुन सक्ने स्रोत जम्मा गर्नमा सक्षम बनाउनका लागि फैलिएको परिवार, छिमेकी सम्पर्क र अन्य 'महिला' केन्द्रित परिधिको अस्थायी सञ्जाल बनाउँछन् ।

४. **सकारात्मक कार्य गर्नुहोस्** : संसदमा महिलाहरूको उपस्थितिमा वृद्धि गर्नका लागि कोटाहरू खास गरेर प्रभावकारी रहेका छन् । वृद्धिकारक र 'द्रुत मार्ग' दुवै ढाँचा प्रभावकारी ढङ्गले प्रयोग गरिएका छन् । वृद्धिकारक ढाँचाको एउटा उदाहरण स्विडेन हो, जहाँ महिलाहरूले महिला उम्मेदवारलाई नामाङ्कन गर्न र तिनलाई पार्टी सूचीमा अनुकूल दर्जामा पदस्थापन गर्नका लागि आफ्नो पार्टीलाई दबाब दिन अनेकौं उपाय प्रयोग गरे । एउटा तरिका प्राथमिक चरणहरूमा ज्यादै महत्त्वपूर्ण रहेको एउटा चलन सरलरूपले महिलाका नाम प्रस्तुत गर्नु थियो । तिनीहरूले महिला उम्मेदवारलाई प्रवर्द्धन गर्नका लागि अभियानहरू अगाडि ल्याए अनि महिलालाई पार्टी सूचीहरूमा अझ बढी राम्रो अवस्थामा ल्याउन प्रस्तावहरू जारी गरे । अन्त्यमा तिनीहरूले चौकीदारी गरे अनि अनियमितता हुँदाखेरि प्रतिवाद गरे । महिलाहरूको निर्वाचन भाग्यमा मननयोग्य वृद्धिहरू प्राप्त गर्नका लागि यो प्रक्रिया औपचारिक अनिवार्य कोटाहरूको स्रोतबिना प्राप्त गरिएको थियो । कोटा प्रणालीका निमित्त दबाब सृजना गर्न प्रयोग गरिएका सिफारिसहरू, तर्कहरू र धम्कीहरू महिलाहरूले ४० प्रतिशत नामाङ्कन प्राप्त गर्न आवश्यक लक्ष्य निर्धारण गर्नमा त्यो सफल

भयो । ती लक्ष्य निर्धारित भइसकेपछि मननयोग्य प्रगति प्राप्त भयो ।१८ द्रुत मार्ग ढाँचाहरू संक्रमणकालीन वा लोकतन्त्रीकरण भइरहेका राष्ट्रमा सामान्यता बढी प्रयोग भइरहेका छन् ।

**५. सकारात्मक विभेदका लागि कानुनहरू संशोधन गर्नुहोस् :** एकताका राजनीतिमा यस्ता चलनहरू दुर्लभ थिए । त्यस्ता नीति कम्तीमा पनि प्रायजसो अन्य कानुनी सिद्धान्तविरुद्ध जाने भएकाले विगतमा सरकारहरूले पार्टीलाई महिलाहरूलाई प्रवर्द्धन गर्न बाध्य बनाउन कानुन प्रयोग गरेनन् । सरकारले बाध्य पार्न (बेल्जियम), प्रोत्साहन प्रदान गर्न (फ्रान्स, इटाली) वा महिला विधायिकाहरूको अझ बढी प्रतिनिधित्वलाई सुनिश्चित गर्ने उपायहरू स्वीकृत गर्न (संयुक्त अधिराज्य) ऐन तर्जुमा गरेका छन् । तर यो एउटा परिवर्तनहरूको क्षेत्र हो । अझै, केही राष्ट्रमा महिलाहरूले सरकारद्वारा नियुक्त गरिएका निकायमा सिटहरूको निश्चित अनुपात ओगटेको हुनुपर्ने आवश्यक भएका कानुनहरू प्रवेश गराएइका छन् । यस्ता कानुन डेनमार्कमा सन् १९८५ मा, फिनल्यान्डमा सन् १९८७ मा, स्विडेनमा सन् १९८७ मा, नर्वेमा सन् १९८० को दशकमा, नेदरल्यान्ड्समा सन् १९९२ मा र जर्मनीमा सन् १९९४ मा प्रवेश गराइएको थियो । यी मुलुकमा प्रकाशित तथ्याङ्कहरूले त्यस्ता निकायमा महिलाको सहभागिता त्यसपछि लगातारररूपले वृद्धि भएको सूचीत गर्छ । सरकारहरूले प्रोत्साहन पनि प्रयोग गर्न सक्छन् । राजनैतिक पार्टीहरूलाई राज्यले आर्थिक सहयोग गर्ने राष्ट्रहरूमा यो सहज हुन्छ । उदाहरणका लागि तिनीहरूको निर्वाचनसँग सम्बन्धित निकायहरूमा महिलाको अनुपात वृद्धि गर्नमा तिनीहरूले गरेको प्रयासमाथि भर परेर राजनैतिक पार्टीलाई आर्थिक सहयोग पुऱ्याउन डच सरकार सक्षम भएको थियो ।

**६. जीविकाको सामान्य स्तरलाई उठाउनुहोस् र सम्पूर्ण महिलाका स्रोतहरूमाथि पहुँच प्राप्त गर्नुहोस् :** स्क्यान्डेनेभियाली महिलाका उच्च उपलब्धिहरू सरकारी नीति, पार्टीहरूको आरम्भ र जनसंख्यामा भएका परिवर्तनको मिश्रणबाट उत्पन्न भएका हुन् । स्क्यान्डेनेभियाली राजनीतिमा महिलाहरूको मननयोग्य ओहदा महिलाहरूको पारिवारिक, आर्थिक र सामाजिक जीवनको संरचनामा भएका विचारणीय परिवर्तनहरू संलग्न रहेको सामाजिक र जनसांख्यिक जगमा अडिएको छ । यिनीहरू सम्भवतः उल्ट्याउन नसकिने खालका छन् । समान प्रतिनिधित्वको नीतिमा स्वाधीन भएर तथा राजनैतिक पार्टीहरुद्वारा दुवैमा कार्य गर्ने महिला आन्दोलनको प्रभावको सङ्गतिमा सञ्चालित सरकारी समानता सुधारहरूलाई समावेश गरिएको छ । नीतिहरूले जनसंख्या र परिवार तथा भुक्तानी दिइएको रोजगार दुवैमा श्रमको लैङ्गिक विभाजनलाई परिवर्तन गर्नका लागि गरिएको स्पष्ट प्रयत्नलाई समेटेकोले केही हदसम्म जनसांख्यिक र राजनैतिक परिवर्तनका बीच पृष्ठपोषण रहेको छ ।

**७. महिला स□ठन र समग्रमा नागरिक समाज संस्थाहरूसँग सम्पर्क निर्माण गरेर त्यसलाई कायम राख्नुहोस् :** महिला आन्दोलनहरूसँगको सम्पर्कलाई कायम गर्नु तिनीहरूप्रतिको समर्थन र मुद्दाहरूबारे सूचना दुवैका निमित्त निर्णायक रहेको छ । त्यस्तै गरेर महिला आन्दोलनलाई राजनैतिक पार्टीहरूमा र व्यवस्थापिकामा आधार आवश्यक हुन्छ ।

**८. समूह** (Causus) **तथा सञ्जाल :** यसले महिला सांसदहरूलाई सूचना, विचार, स्रोतहरू र सहयोग साझेदारी गर्नमा सक्षम बनाउँछ । सञ्जालहरू पार्टीभित्र, अन्तरपार्टी (ज्यादै दुर्लभ),

स्थानीय, क्षेत्रीय र अन्तरराष्ट्रिय स्तरमा आधारित हुन सक्छन् । बैठक, सम्मेलन, गोष्ठी, न्युजलेटर र विद्युतीय हुलाक (Email) सम्पर्कहरू उपयोगी सञ्जाल औजार हुन् । महिला सङ्गठनहरूसँग परामर्श र महिलाहरूको आवश्यकता (माग) र तिनीहरूको व्यावहारिक अवरोध (पूर्ति) हरूलाई नाप्ने अनुसन्धानले महिला सांसदहरूलाई बढी उपयोगी र प्रभावकारी हुने क्रियाकलापका निमित्त प्रयास गर्नतर्फ लक्षित हुनमा सक्षम बनाउँछ । यस सम्बन्धमा सूचनाको प्रयोग तथा सञ्चार प्रविधिबारेको तालिम र अन्त्यमा महिलाहरूलाई समग्रमा सरकार व्यवस्थाको संघारमा राख्नका लागि देखापरिरहेको इलेक्ट्रोनिक सरकार व्यवस्था (E-governance) का चलनहरूबारे एउटा परिचय र निपुणतासम्बन्धी तालिम पनि बढ्दो रूपले आवश्यक हुनेछ ।

९. **आमसञ्चार माध्यमलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नुहोस् ।** महिला सांसदहरूले आफ्ना सरोकारका विषयबारे सञ्चार गर्नका लागि र सान्दर्भिक मुद्दाहरूलाई महत्त्वपूर्ण हो भनेर व्यवहार गर्नका लागि आम सञ्चारमाध्यमलाई विशेष गरेर महिला प्रसारक, सम्पादक र पत्रकारहरूले उपलब्ध गराएका स्रोतलाई प्रयोग गर्नैपर्छ । महिला सांसदहरूको छविलाई उच्च बनाउनका साथै उनीहरूको राजनैतिक विचार प्रवर्द्धन गर्दै विशेष गरेर ग्रामीण क्षेत्रहरूमा, विशेष गरेर आफ्ना मतदातासम्म पुग्नका लागि महिलाका निमित्त सीमित स्रोत भएका विकासशील राष्ट्रहरूमा रहेको एउटा महत्त्वपूर्ण सरोकार मतदातालाई शिक्षित पार्न र परिचालन गर्नमा सञ्चारमाध्यमहरू कारक हुन् ।

१०. **महिला समितिहरू तथा व्यवस्थापिकाप्रति जबाफदेही अन्य संयन्त्र स्थापना गर्नुहोस् ।** यसले महिला प्रतिनिधिहरूका निमित्त अनुभव प्राप्त गर्ने र महिला मुद्दा र परिप्रेक्ष्यहरूद्वारा छलफल गरिने र प्रचारप्रसार हुने अवसर उपलब्ध गराउँछ ।

११. **महिलाहरूको राजनैतिक सहभागिता र प्रतिनिधित्वबारेका तथ्य र तथ्याङ्कहरू संकलन गर्नुहोस्, सुपरीवेक्षण गर्नुहोस् र फैलाउनुहोस् ।** यसले संसदमा महिलाहरूको पक्षमा वकालत गर्नेहरूका निमित्त निर्णायक भूमिकामा महिलाको अवस्था विश्लेषण गर्न र समस्यालाई परिभाषित गर्न, सही समाधान पत्ता लगाउन र तिनीहरूले रुचाएको समाधानका निमित्त राजनैतिक समर्थन प्राप्त गर्नमा सक्षम बनाउँछ । खास गरेर आफ्नो संसदद्वारा महिला सांसदहरूले फरक पार्नका लागि वास्तवमा कसरी सफलता प्राप्त गरेका छन् भन्नेबारेका तथ्यहरूको सङ्कलन वर्तमानको एउटा आवश्यकता हो ।

१२. **लैङ्गिक मुद्दाहरूलाई मूल प्रवाह गर्नुहोस् ।** अन्य मुद्दाका क्षेत्रहरूसँगको पारस्परिक भर र सम्पर्कलाई प्रस्ट पार्नका लागि फरक राजनैतिक, सामाजिक र आर्थिक सरोकारहरूभित्र लैङ्गिक मुद्दाहरू एकीकृत भएका छन् भन्नेबारे निश्चित गर्नुहोस् ।

महिलाको राजनैतिक सहभागिताको गुणस्तर उच्च पार्नुको अन्तिम उद्देश्य एउटा लक्ष्य हो, जसतर्फ निरन्तररूपले कार्य गरिनुपर्छ । पुरूषको राजनैतिक भरणमा निरन्तर सुधारको आवश्यकता भएजस्तै गरेर महिलाहरू राजनैतिक प्रक्रियाप्रति आफ्नो योगदानबारे मस्त हुनु हुँदैन, न त तिनीहरूले जे उपलब्धि प्राप्त हुन्छ त्यसलाई केही समयका निमित्त सत्यजस्तो मान्नु नै पर्छ । राजनैतिक सहभागिता एउटा प्रक्रिया हो जुन उन्नतिशील र विकासशील

हुन्छ। यस प्रक्रियामा संलग्न रहेका पात्रहरू परिवर्तनभन्दा अगाडि रहनका लागि प्रयत्नशील रहन सधैँ तयार रहनुपर्छ। यस प्रक्रियामा सलंग्न रहेको पुरूष तथा महिलाले परिवर्तनको संवाहक हुन अवरोधहरू छन्, तर तिनीहरू नयाँ र उन्नतिशील रणनीतिका माध्यमहरू हुन् भनेर लिनका लागि एकसाथ कार्य गर्नुपर्छ। महिला तथा पुरूष राजनीतिज्ञले महिला सहभागिताका क्षेत्रमा ठूलो उपलब्धि हासिल गरेका छन्। दुवै लिङ्गका राजनीतिज्ञले सामान्यतया महिला राजनैतिक सहभागितालाई अगाडि बढाउनमा विशेष गरेर संसदीय संरचनाभित्र योगदान दिएका छन्। अगाडिको बाटो लामो भए तापनि जम्मा गरिएका अनुभवहरूबाट सिकिएका पाठले अगाडिका कैयन् पथलाई सार्थकरूपमा उज्यालो र समतल बनाउन सक्नेछन् र बनाउने छन्।

## *पादटिप्पणी*

१ United Nations, 1995. 'The Beijing Platform for Action: Women in Decision Making', para. 181, available at <http://www.un.org/womenwatch/daw/beijing/platform/decision.htm>.

२ Inter-Parliamentary Union, 2005. 'Women in National Parliaments: Situation as of 31 July 2005', <http://www.ipu.org/wmn-e/world.htm>.

३ Excerpted from the moderator's summary published as UN document ECN.6/1997/lL.2/Add.2.

४ Dahlerup, Drude, 1988. 'From a Small to a Large Minority: Theory of Critical Mass'. *Scandinavian Political Studies*. Vol. 11, no. 4, pp. 275–98. See also Lovenduski, Joni, 2005. *Feminizing Politics*. Oxford: Polity Press.

५ *Mateo Diaz,* Mercedes, 2005. *Representing Women? Female Legislators in West European Parliaments.* Colchester: ECPR Press.

६ See also chapter 4 on how quotas can help this process.

७ Kathlene, L., 1995. 'Position Power versus Gender Power: Who Holds the Floor?', in G. L. Duerst-Lahti and R. M. Kelly (eds). *Gender Power, Leadership and Governance.* Ann Arbor, Mich.: University of Michigan Press, pp. 167–94.

८ Raaum, N. C., 1995. 'The Political Representation of Women: A Birds Eye View', in L. Karvonen and Per Selle (eds). *Women in Nordic Politics*. London: Dartmouth Press.

९ Lovenduski 2005, op. cit., pp. 85–8.

१० Skjeie, Hege, 1991. 'The Rhetoric of Difference: On Women's Inclusion in Political Elites'. *Politics and Society*. No. 2.

११ Childs, S. and J. Withey, 2005. 'Sex Equality and the Signing of Early Day Motions in the 1997 Parliament'. Political Studies. Vol. 52, issue 3.

१२ Karvonen, L., G. Djupsund and T. Carlson, 1995. 'Political Language', in Karvonen and Selle (eds), op. cit.

[१३] Outschoorn, J., 1986. 'Women in Nordic Politics. The Rules of the Game: Abortion Politics in the Netherlands', in J. Lovenduski and J. Outschoorn (eds). *The New Politics of Abortion*. London: Sage.

[१४] Lovenduski 2005, op. cit.

[१५] Lovenduski, Joni with Claudie Baaudino, Marila Guadagnini, Petra Meier and Diane Sainsbury (eds), 2005. *State Feminism and Political Representation.* Cambridge: Cambridge University Press.

[१६] D'Ancona, Hedy, 1997. 'Politieke diva's rekenen af met de haantjestcultuur in Brussel' [Political divas reckon with the working culture of Brussels]. Opzij. December.

[१७] See the Inter-Parliamentary Union's references to this in the case study that follows.

[१८] Sainsbury, Diane, 1993. 'The Politics of Increased Women's Representation: The Swedish Case', in Joni Lovenduski and Pippa Norris (eds). *Gender and Party Politics*. London: Sage.

## सन्दर्भ सामग्री र थप अध्ययन सामग्री

Childs, S. and J. Withey, 2005. 'Sex Equality and the Signing of Early Day Motions in the 1997 Parliament'. *Political Studies.* Vol. 52, issue 3

Dahlerup, Drude, 1988. 'From a Small to a Large Minority: Theory of Critical Mass.' *Scandinavian Political Studies.* Vol. 11, no. 4, pp. 275–98

— and Freidenvall, L., 2005. 'Quotas as a Fast Track to Equal Political Representation'. *International Feminist Journal of Politics.* Vol. 7, no. 1, March, pp. 26–48

Dodson, Debra L., 1991. *Gender and Policy Making: Studies of Women in Office.* New Jersey: Centre for the American Woman and Politics, Eagleton Institute, Rutgers University

Karvonen L. and Per Selle (eds), 1995. *Women in Nordic Politics: Closing the Gap.* London: Dartmouth Press

Krook, Mona Lena, 2003. 'Gender Quotas: A Framework for Analysis'. ECPR General Conference, Marburg

Lovenduski, Joni. 2005. *Feminizing Politics*. Oxford: Polity Press

—, with Claudie Baudino, Marila Guadagnini, Petra Meier and Diane Sainsbury (eds), 2005. *State Feminism and Political Representation.* Cambridge: Cambridge University Press

Matteo-Diaz, Mercedes. 2005. *Representing Women? Female Legislators in West European Parliaments.* Colchester: ECPR Press

## नमुना अध्ययन : अन्तर्व्यवस्थापिका संघ

# अन्तर्व्यवस्थापिका संघको अनुभव : महिला तथा पुरुषबीच संसदमा साझेदारी प्रवद्धर्न गर्दै

सोनिया पाल्मेरी तथा करिना जाब्रे

### *साझेदारी र लोकतन्त्र*

अन्तरव्यवस्थापिका संघ (आईपीयु) लोकतन्त्रलाई संसदीय निकायहरुद्वारा उच्च तथा सुदृढ पार्नका लागि कार्य गर्छ । राजनीतिमा लैङ्गिक समानता र लोकतन्त्रबीच आधारभूत सम्बन्ध रहेको छ र बढी यथार्थरूपमा राजनैतिक जीवनका सबै पक्षमा महिला सहभागिता बढी न्यायपूर्ण र समतामूलक समाजका साथै बलियो र अझ बढी प्रतिनिधिमूलक लोकतन्त्रका निमित्त महत्त्वपूर्ण छ भन्ने बुझाइमा आधारित भएर यसले त्यस्तो गर्छ । सन् १९९७ मा आईपीयुले यसको लोकतन्त्रको विश्वव्यापी घोषणा (Universal Declaration of Democracy) मा यस दृष्टिकोणलाई सुदृढ बनायो, जसको परिच्छेद ४ ले लोकतन्त्र र 'सार्वजनिक मामिलाहरूको व्यवस्थापनमा महिला र पुरूषबीच एउटा साँच्चिकै साझेदारी' लाई स्पष्टताका साथ तामेल गऱ्यो ।

राजनीतिमा महिला र पुरूषको समान सहभागिताबिना वास्तविक लोकतन्त्र हुन सक्दैन भन्ने कुरालाई स्वीकार गर्दै आईपीयु यस क्षेत्रमा महिलाहरूलाई सहायता गर्नका लागि प्रयास गर्दै अग्रभागमा रहेको छ। अझ बढी तोकेर भन्नुपर्दा संसदमा महिला सहभागितालाई प्रवर्द्धन गर्नतर्फ सकारात्मक ढङ्गले कार्य गर्दै, आईपीयुले काराम र लोभेन्दुस्कीले छलफल गर्नुभएका कैयन् मुख्य रणनीतिलाई अँगालेको छ (यसपछि आउने अध्याय हेर्नुहोस्) । यस घटना अध्ययनले प्रत्येक भागमा संसदमा महिला सहभागितालाई वृद्धि गर्नका लागि आईपीयुले गरेका कार्यलाई यस कार्यका भिन्न पक्षहरूलाई दर्साउँदै तीन भागमा विभाजन गरेर प्रस्तुत गर्छ । 'चेतना अभिवृद्धि' र 'तथ्याङ्क सङ्कलन' जस्ता आईपीयुको परम्परालाई निरन्तरता दिँदै भएका प्रगतिहरू र महिला सांसदहरूले विगत दस वर्षमा सामना गर्नुपरेका अवरोधहरूको संक्षिप्त प्रयोगवादी विश्लेषणबाट यो घटना अध्ययनको सुरुआत हुन्छ । त्यसपछि महिला

सहभागिता र महिलाहरूको खास योगदानलाई सहज बनाउनका लागि व्यवस्थापिकाहरूका निमित्त सबैभन्दा असल चलन स्थापना गर्न आईपीयुले प्रयोग गरेका यसका आफ्नै संरचनाका विधिहरूलाई परीक्षण गर्छ । अन्तिम भागले अन्तरराष्ट्रिय व्यवस्थापिकाहरूमा क्षमता अभिवृद्धिका कैयन प्रयासलाई प्रतिबिम्बित गर्छ र यी निकायहरूलाई लैङ्गिक समानताको प्रश्नलाई सम्बोधन गर्न प्रोत्साहन दिन आईपीयुले अख्तियार गरेका रणनीतिहरूको रूपरेखा तयार पार्छ ।

> 'हामी यस कुरामा विश्वास गर्छौं कि महिला र पुरूष दुवैले महिला र पुरूषको फरक भूमिका हुन्छ र त्यसकारणले समाजमा तिनीहरूबीच असमान स्थान रहेको छ भन्ने सदीयौँदेखिको विश्वासका अवरोधहरूलाई तोड्न एकसाथ शक्ति लगाएमा मात्र लिङ्गबीचको वास्तविक समानता प्राप्त गर्न सकिन्छ ...समानताको एकजना पुरूषले समानता खोज्ने महिलासँग डराउनु हुँदैन ।'

*मोजे ज्येतेन्दिरो, पूर्व सभामुख लैङ्गिक साझेदारी समूह*
*र सभामुख, नामिबियाको राष्ट्रियसभा*

## संसदमा महिला सन् १९९५ देखि २००४ : क्रमिक प्रगतिको एक इतिहास

### परिवर्तनको प्रेरक एउटा अन्तरराष्ट्रिय ढाँचा

विगत दस वर्षयता व्यवस्थापिकामा महिलाको इतिहास एउटा स्थिर तथा क्रमिक प्रगतिको इतिहास हो । कैयन ढाँचामा यस प्रगतिलाई अन्तरराष्ट्रिय एजेन्डामा लैङ्गिक समानताका मुद्दाहरूको एउटा वृहत् प्राधान्यताद्वारा टेवा पुऱ्याएको छ ।

महिलाहरूका निमित्त संयुक्त अन्तरराष्ट्रिय विश्व सम्मेलनमा सन् १९९५ मा उनीहरू मेक्सिको सिटीमा भेला हुँदाखेरि निर्णायक क्षमता भएका निकायमा महिलाका प्रश्नलाई कमै उठाइएको थियो । त्यसबखत विश्वका कुल सांसद संख्याको १०.९ प्रतिशतमात्र महिला थिए । दस वर्षपछि नैरोवीमा आयोजित महिलाहरूको तेस्रो विश्व सम्मेलनमा निर्णायक क्षमता भएका निकायहरूमा महिलाका प्रश्नले बढी सरोकार उत्पन्न गऱ्यो । सहभागीहरूले त्यहाँ यथेष्ट तथ्याङ्कको कमी तथा त्यस क्षेत्रमा तत्काल विद्यमान लैङ्गिक रिक्तताप्रति वृहत् चेतनशीलताको अभाव जस्ता समस्याहरुको सामना गर्नुपऱ्यो । पछिल्लो एक दशकमा संसदमा महिलाहरूको प्रतिनिधित्वमा १ प्रतिशतले मात्र वृद्धि भएको थियो । यस अवस्थासँग निराश हुँदै नैरोवीको सम्मेलन बढी दिगो कार्य र बढ्दो चेतनाको सुरुआतका लागि कोसे ढुङ्गा साबित भयो । सरकार तथा संसदले राजनैतिक जीवनका समग्र क्षेत्रमा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न वचनबद्धताका शृंखलाहरू बनाउन थाले ।

सन् १९९५ मा संसदमा महिलाहरूको अनुपात वास्तवमा नै घटेकाले (तालिका १७ हेर्नुहोस्) कार्यको लागि बेइजिङ मञ्चले सरकारका वचनबद्धतालाई सुदृढ बनायो, जसले निर्णायक भूमिकामा महिलाहरू कसरी संलग्न रहेका छन् भन्ने प्रश्नमा खास ध्यान

दियो । यस सम्बन्धमा, शक्ति संरचनाहरू र निर्णायक भूमिकामा महिलाहरूको समान पहुँच र पूर्ण सहभागितालाई निश्चित गर्न र निर्णायक भूमिका र नेतृत्वमा सहभागी हुनका लागि तिनीहरूको क्षमता अभिवृद्धि गर्ने उपायहरू अख्तियार गर्न राष्ट्रहरूलाई आह्वान गरिएको थियो ।


कार्यको सबैभन्दा सार्थक अभिव्यक्तिमध्येको एक सन् १९७९ को महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि (CEDAW) बारे करिब-करिब विश्वव्यापी अनुमोदन रहेको छ । हाल १ सय ७९ राष्ट्र त्यसको पक्ष बनेका छन् र यसका सर्त नतोड्ने बाचा गर्दै एउटा अर्को राष्ट्रले त्यस महासन्धिमा हस्ताक्षर गरेको छ ।

सन् २००२ मा संयुक्त राष्ट्रसंघले महिला सशक्तीकरणलाई आफ्नो सहस्राब्दी विकास लक्ष्यहरूमध्येको एकको रूपमा स्थापना गर्दाखेरि विकास प्रक्रियामा महिलाको आधारभूत भूमिकालाई मान्यता दिएको छ । अन्तरराष्ट्रिय व्यवस्थापिकाहरूमा महिलाले ओगटेका सिटको अनुपातलाई हाल यस लक्ष्यतर्फको प्रगतिलाई लेखाजोखा गर्नका निमित्त एउटा मुख्य सूचकको रूपमा लिइएको छ ।

***विश्वका प्रवृत्तिहरू***

अनुसन्धान र तथ्याङ्क सङ्कलनका सम्बन्धमा एउटा खाडल पुर्ने आवश्यकतालाई बोध गरेर आईपीयु विश्वभरिका संसदमा महिलाहरूको अवस्थाबारेको सूचनालाई सूक्ष्मसँग दाँज्न र विश्लेषण गर्नतर्फ लागेको छ। सन् १९७५ मा यसको सबैभन्दा पहिलेको अनुसन्धान प्रयासले ३२ वटा राष्ट्रका महिलाका अनुभवलाई संयोजन गऱ्यो । आज आईपीयु १८३ वटा अन्तरर ाष्ट्रिय व्यवस्थापिकामा महिलाहरूले ओगटेका सिटको अनुपातबारेको तथ्याङ्कका निमित्त विश्वको मुख्य स्रोत बनेको छ । ती तथ्याङ्कको प्रयोग गर्दै आईपीयु महिला सांसदहरूको सहभागिताको प्रवृत्तिहरू सुपरिवेक्षण गर्न र तिनीहरूको अवस्थाको यथार्थ चित्रण गर्नमा सक्षम रहेको छ ।

**रेखाचित्र ७ : संसदमा महिलाको विश्व औसत, सन् १९९५–२००४**



विगत दस वर्ष (सन् १९९५-२००४) मा संसदका दुवै सदनमा ११.३ बाट १५.२ प्रतिशतमा वृद्धि हुनु प्रगतिको एउटा सङ्केत हो, यो कम होइन किनभने आज संसदमा महिला सहभागिता सबै समयको सबैभन्दा उच्च स्थानमा रहेको छ ।


कैयन् वर्षसम्मका लागि विश्वभरि महिला प्रतिनिधित्वको विवरणको तथ्यांक सन् १९९८ को थियो । यद्यपि, सन् १९८९ मा साम्यवादको अन्त्यपछि सम्बन्धित राष्ट्रहरूका व्यवस्थापिकामा महिला प्रतिनिधित्वको अनुपात ठूलो मात्रामा घट्यो । आश्चर्यजनक नभएको रूपमा विश्वको औसतमा नालिस लाग्यो : तल्लो सदन वा एक सदनात्मक व्यवस्थापिकाहरूमा महिलाहरूको प्रतिशत सन् १९८८ को १४.८ बाट सन् १९९३ को १०.३ प्रतिशतमा झऱ्यो । जबकि कैयन् साम्यवादी सरकार र एकमात्र पार्टी भएका राष्ट्रहरूले ठूलो प्रतिशतमा निर्विरोध महिला (तथा पुरूष) उम्मेदवारको छनौटलाई प्रभावकारी ढङ्गले निश्चित गरेको थियो, सन् १९९० को दशकको बहुदलीय लोकतन्त्रतर्फको हलचलले महिलाहरूका निमित्त निर्वाचन प्रक्रियालाई बढी प्रतिस्पर्धात्मक बनायो ।

बितेका दुई वर्षमा मात्र विश्वको औसतले यसको सन् १९८८ को स्तरलाई पुनः प्राप्त गरेको छ। विश्वका प्रत्येक भूभागले अन्तरराष्ट्रिय व्यवस्थापिकाहरूमा निर्वाचित महिलाहरूको अनुपातमा केही सुधार देखेका छन् ।

### ***क्षेत्रीय सुधार तथा अन्तर***

यद्यपि, चाखलाग्दो क्षेत्रीय अन्तरहरूद्वारा प्रगति भएको छ । बितेका दस वर्षभरि नै नर्डिक राष्ट्रहरूले ३८ प्रतिशतभन्दा माथिका अनुकूल औसतहरूका साथ आफ्नो उदाहरणीय दर्जालाई कायम राखेका छन् । त्यस विपरीत, हालको ६ प्रतिशतको औसततर्फ प्रोत्साहन गर्ने अभिवृद्धिको प्रवृत्ति हुँदाहुँदै पनि महिलाहरूले अरब राष्ट्रका व्यवस्थापिकाहरूमा गरेको न्यून प्रतिनिधित्वलाई निरन्तरता दिए । यी दुईवटा क्षेत्रभन्दा बाहिर औसत १० देखि १५ प्रतिशतको बीचमा स्थिरतातर्फ उन्मुख छ । अमेरिकाभरि नै सबैभन्दा सार्थक प्रगति (+५.५ प्रतिशत) स्पष्ट रहेको छ, सब-सहारा अफ्रिकामा (+५.३ प्रतिशत) र पूर्वी युरोपमा (+४.९प्रतिशत) रहेको छ (चित्र ८ हेर्नुहोस्)

**चित्र ८ : व्यवस्थापिकामा महिलाको क्षेत्रीय औसत सन् १९९५, २००० र २००४**




### *एक झलकमा राष्ट्रिय संसदहरू*

त्यही अवधिमा महिलाहरूको सबैभन्दा उच्च अनुपात समावेश गर्ने राष्ट्रिय संसदहरुको स्तर निर्धारणमा सार्थक परिवर्तनहरू आएका छन् । सन् २००३ मा राष्ट्रिय सभाका सिटहरूमध्ये करिब आधाजसोमा महिला निर्वाचित भएपछि यस सम्बन्धमा विजेताको रूपमा रुवान्डाले स्विडेनलाई प्रतिस्थापन गऱ्यो । वास्तवमा यी दस वर्षमा रुवान्डाको संसदमा महिलाको प्रतिनिधित्व झन्डै ३२ प्रतिशत अङ्कले वृद्धि भएर ४८.८ प्रतिशतमा पुग्यो । अर्को चरममा सबै भन्दा ठूलो धक्काको सामना चाड र बङ्गलादेशमा गर्नुपऱ्यो, जहाँ महिलाहरूको प्रतिनिधित्व क्रमशः १०.६ र ८.६ प्रतिशत अङ्कले घट्यो ।

सकारात्मकरूपले विगत १० वर्षमा महिलाको गहकिलो अनुपात (३० प्रतिशत वा त्यो भन्दा बढी) भएका संसदीय प्रतिशतमा तीन गुणाले (सन् १९९५ मा २.४ प्रतिशतबाट सन् २००४ मा ६ प्रतिशतमा) वृद्धि भएको छ भने १० प्रतिशतभन्दा कम महिला प्रतिनिधित्व भएका संसदीय प्रतिशत करिब आधा (सन् १९९५ मा ६३.५ प्रतिशतबाट ३७ प्रतिशतमा) घटेको छ ।

विश्वभरि नै एकजना पनि महिला नभएका संसदको संख्यामा नाटकीय ढङ्गले परिवर्तन आएको छैन । दस वर्षपहिला संसदमा एकजना पनि महिला नभएका १२ वटा राष्ट्र थिए । आज, (सन् २००५ अगस्तसम्ममा) प्रशान्त क्षेत्र र अरब विश्व दुईवटा क्षेत्रमा मात्र नौ वटा छन् ।

यसको धेरैजसो यी दुईवटा क्षेत्रमा लोकतन्त्रको विकाससँग जोडिएको छ । कुवेतका महिलाहरूलाई मतदानको अधिकार सन् २००५ को मे महिनामा मात्र दिइएको थियो भने सउदी अरबियाका पुरूषहरूले स्थानीय प्रतिनिधि निर्वाचित गर्नका लागि सन् २००५ मा मात्र पहिलो पटक मतदान गर्न पाए, महिलाहरूलाई यस अभ्यासबाट अलग नै राखियो । सन् २००५ अगस्तसम्ममा सउदी अरबिया वा युनाइटेड अरब इमिरेट्समा परामर्श परिषद्का सदस्यहरूको निर्वाचन कहिल्यै पनि गरिएको छैन । त्यस्तै गरेर प्रशान्त द्वीपीय राष्ट्रहरू (त्यसमध्येका धेरैजसो सन् १९७७ देखि १९९३ बीच स्वतन्त्रता प्राप्तिपछि मात्र स्थापना भएका थिए) का सापेक्षरूपले नयाँ व्यवस्थापिकाहरूमा महिलालाई भरखरैमात्र मतदानको अधिकार दिइएको छ । प्रशान्त क्षेत्रमा सन् १९६० मा महिलालाई मतदान र चुनावमा उम्मेदवारको रूपमा उठ्न पाउने अधिकार दिने पहिलो राष्ट्र टोङ्गा थियो । यस क्षेत्रका सम्पूर्ण महिलाले त्यस्तै मताधिकार प्राप्त गर्न अर्को ३० वर्ष लाग्न सक्छ ।

### *कोटा प्रणालीको प्रवेशः राजनैतिक इच्छाको आवश्यकता*

'लिङ्ग संवेदनशील संस्कृति' को अनुपस्थितिलाई पराजित गर्दै केही राष्ट्रहरुले सकारात्मक पहलका उपायहरू प्रवेश गराएका छन् । ती उपायहरु व्यवस्थापिकामा महिलाको उपस्थिति सुनिश्चित गर्नका लागि मात्र नभई महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने महासन्धिलगायतका अन्तरराष्ट्रिय लिखतअन्तर्गत दिइएका वचन कार्यान्वयन गर्नसमेत प्रयोग भएका छन् ।

लोकतन्त्रीकरणको प्रक्रियामा आन्तरिक द्वन्द्व देखापरेका कैयन् राष्ट्रले आफ्ना नयाँ वा पुनर्स्थापित व्यवस्थापिकाहरूमा महिलाको प्रतिशतमा वृद्धि ल्याउन सफल भएका छन् । पुनर्स्थापना प्रक्रिया र नयाँ लोकतान्त्रिक निकायहरुमा महिलाको सहभागितालाई जमाउनमा महिलालाई समावेश गर्नुको महत्वलाई मान्यता दिँदै विभिन्न सकारात्मक पहलका उपाय प्रवेश गराइएका थिए । उदाहरणका लागि रूवान्डा र बुरुन्डीको सिंहावलोकन गरिएको राष्ट्रिय संविधानले अहिले महिलाका निमित्त सिटहरू सुरक्षित राख्न प्रावधानहरू समावेश गरेका छन् । दक्षिण अफ्रिका र मोजाम्बिकमा राजनैतिक पार्टीहरूद्वारा कोटा प्रणालीका संयन्त्रहरू लागू गराइएका छन् । क्षेत्रीयस्तरमा, दक्षिण अफ्रिकी विकास समुदाय (South African Development Community-SADC) का राष्ट्रहरूले हालै सन् २००५

सम्ममा महिला प्रतिनिधित्वका लागि कम्तीमा ३० प्रतिशतसम्मको लक्ष्य निर्धारण गरेका छन् । यी प्रयासले यो अर्थ्याउन खोजेको छ कि नर्डिक राष्ट्रहरूसँगै द्वन्द्वपछिका राष्ट्रहरू अहिले विश्वमा महिला प्रतिनिधित्वको उच्चतम दर्जामा रहेका राष्ट्र बराबरको दर्जामा पुगेका छन् । दक्षिण अफ्रिका, मोजाम्बिक, नामिबिया, उगान्डा र इरिट्रियाको संसदमा महिला प्रतिनिधित्व हाल २२ देखि ३३ प्रतिशतसम्म रहेको छ ।

अमेरिकी राष्ट्रहरू संसदमा विगत दस वर्षमा महिला प्रतिनिधित्वमा भएको ५.५ प्रतिशतको प्रभावशाली वृद्धि ठूलो मात्रामा त्यस क्षेत्रका धेरै राष्ट्रले उत्साहका साथ सकारात्मक पहलका उपायहरु लागू गरेका कारण भएको हो । अमेरिकाका ११ वटा राष्ट्रमा हाल विभिन्न कानुनी कोटा प्रणालीहरू अस्तित्वमा रहेका छन् । तीमध्ये (अर्जेन्टिना, कोस्टारिका र मेक्सिको) मा २० प्रतिशतभन्दा बढी महिला सांसद छन् । यसका अतिरिक्त, धेरै राजनैतिक पार्टीहरुले स्वेच्छिक पार्टी कोटा प्रणाली लागू गरेका छन् ।

प्रायजसो राजनैतिक सम्भ्रान्तहरूद्वारा हाँकिएको अरब विश्वका प्रयासहरूको थालनी पहिलो पटक मोरोक्कोमा भएको थियो, जब राजनैतिक पार्टीहरूबीच एउटा सम्झौता भएको थियो । जसअनुसार सन् २००२ को निर्वाचन अगावै संसदमा महिलाहरूका निमित्त ३० वटा सिट सुरक्षित राख्नका लागि निर्वाचन ऐनमा संशोधन गरिएको थियो । त्यसउप्रान्त मोरोक्कोको संसदमा ३० जना महिला निर्वाचित भएका थिए । त्यस समयदेखि जिबुटी र जोर्डनले त्यसको अनुशरण गरेका छन् । जिबुटीमा प्रत्येक पार्टीले प्रस्तुत गरेका उम्मेदवारमध्ये कम्तीमा १० प्रतिशत दुवै लिङ्गबाट हुनुपर्ने कुरालाई मान्दै सन् २००२ डिसेम्बरमा एउटा कोटा ऐन पारित गरिएको थियो । त्यहाँ सन् २००३ को निर्वाचनको परिणामले व्यवस्थापिकामा नयाँ निर्वाचित सांसदहरूको १० प्रतिशतभन्दा बढी गणना गर्दै ७ जना महिलाको अनौठो आगमनलाई देख्यो । जोर्डनमा मजलिसको तल्लो सदनमा महिलाका निमित्त ६ वटा सिट सुरक्षित गर्नका लागि सन् २००३ को निर्वाचनअगावै निर्वाचन ऐनमा संशोधन गरिएको थियो । बहराइनमा सन् २००१ मा गरिएको जनमत संग्रहको स्वीकृतिपछि त्यस राष्ट्रमा महिलाहरूले मतदान गर्न र उम्मेदवार हुन पाउँछन् ।

### *कोटा प्रणालीको अनुपस्थितिमा: राजनैतिक चेतनाको आवश्यकता*

त्यस विपरीत बङ्गलादेशको मामिलाले कोटा प्रणालीविना नै कोटाको अनुपस्थितिमा वैध राजनैतिक पात्रबाट स्वीकृति पाउन महिलाहरूले सामना गर्न सक्ने खास कठिनाइलाई चित्रण गर्छ । सन् २००१ मा महिलाका निमित्त मनोनयनका ३० वटा अतिरिक्त सिट सुरक्षित गर्ने कोटा ऐनको अवधि समाप्त भएपछि महिला प्रतिनिधित्व ९ प्रतिशतबाट २ प्रतिशतमा झ¥यो । यद्यपि, वास्तवमा त्यस परिणामको अल्पताले महिलाका निमित्त ४५ वटा अतिरिक्त संसदीय सिट सुरक्षित गर्ने हालसालकै अझ बलियो संवैधानिक प्रावधानको प्रवेश तर्फ डो¥यायो । यो उपाय दस वर्षका लागि वैध रहेको छ ।

यस मामिलाले विशेष 'अस्थायी' उपायहरू तर्जुमा गर्नमा रहेको कमजोरीतर्फ इङ्गित गर्छ । 'अस्थायी' उपायहरूमा महिलालाई व्यवस्थापिकामा 'द्रुत मार्ग' पार्टी र मतदाताबीच राजनैतिक जीवनमा महिलाको आवश्यकतातर्फ यथेष्ट मात्रामा संवेदनशीलताका साथ

आएको छ भन्ने जरुरी छैन। तिनीहरूको भूमिकाका लागि संसदीय राजनीतिको व्यवस्थापनमा राजनैतिक पार्टीहरूले बढ्दो भूमिकासमेत खेल्छन्। त्यसकारणले समानताको सिद्धान्तलाई पार्टीस्तरमा अभ्यासमा ल्याउनै पर्छ। परम्परागतरूपले पुरूषहरूको वर्चस्वमा रहेका राजनैतिक पार्टीहरूलाई आफ्नो संरचनामा पुनरवलोकन गर्नका लागि, आन्तरिक संरचनामा अझ बढी महिलालाई प्रवेश गर्न र तिनलाई निर्वाचनमा उम्मेदवारको रूपमा समावेश गर्न अझ बढी प्रोत्साहन दिइनुपर्छ (विशेष अध्याय ३ मा हेर्नुहोस्)।

फ्रान्स तथा बेल्जियमका उदाहरण चित्रण गर्न योग्य छन्। सन् १९९५ मा ५.६ प्रतिशतको सानो संख्याबाट महिलाहरूले हाल फ्रान्सेली सिनेटमा १७ प्रतिशत प्रतिनिधित्व गर्छन् (११.४ प्रतिशत विन्दुले वृद्धि)। त्यस अवधिमा बेल्जियको हाउस अफ रिप्रेजेन्टेटिभ्समा महिलाहरूको व्यवस्थापिका प्रतिनिधित्व १२.२ प्रतिशतदेखि ३५.३ प्रतिशतमा (२३.३ प्रतिशत अङ्क) वृद्धि भयो। राजनैतिक पार्टीहरूलाई आफ्नो निर्वाचन सूचीमा महिला र पुरूषको समान संख्या प्रस्तुत गर्न बाध्य पार्नका लागि दुवै राष्ट्रमा निर्वाचन ऐनहरू (फ्रान्सको सन् २००० मा र बेल्जियमको सन् २००२ मा) संशोधन गरिएका थिए।

त्यस ऐनको पूर्ण पालना गर्न फ्रान्समा केही राजनैतिक पार्टीहरूले घोर प्रतिरोध गरे। केही उदाहरणमा तिनीहरूले महिलालाई आफ्नो निर्वाचन सूचीमा समावेश गर्नुभन्दा जरिवाना तिर्न समेत श्रेयस्कर ठाने। परिवर्तन क्रमिक रूपले आएको हुनाले महिलाको प्रतिनिधित्व ११ प्रतिशत देखि १७ प्रतिशतमा सुधार भएको देखेको फ्रान्सेली सिनेटको भर्खरैको निर्वाचन परिणामले अरू बढी आशाको सञ्चार गरेको छ। फ्रान्सका राजनैतिक पार्टीहरूले निर्वाचन सूचीमा महिलाहरूलाई मुख्य ओहदामा समावेश गरिनुको आधारभूत महत्वलाई अझ पनि बुझ्नु पर्छ भन्नेबारे यी परिणामहरूले सुझाव दिएका छन्। (फ्रान्सको अवस्थालाई यस हातेपुस्तकको घटना अध्ययनमा अझ बढी विस्तारपूर्वक वर्णन गरिएको छ।)

संसदमा महिलाहरूको प्रवेश र यस संस्थामाथिको पहुँचलाई सहज बनाउनुको महत्वबारे मतदातालाई पनि संवेदनशील गरिनु पर्छ। यस पक्षमा लैङ्गिक मुद्दाहरूलाई उच्च बनाउन मतदाताका बीचमा र महिलाका बीचमा तिनीहरूको मताधिकारको अभ्यास गर्नका लागि प्रोत्साहन दिन चेतना अभिवृद्धि अभियानहरू सञ्चालन गरेर बितेका केही वर्षमा निर्वाचन सम्पन्न गरेका केही संख्याका राष्ट्रमा एउटा मननयोग्य प्रवृत्ति विकसित भएको छ। पाकिस्तानको सन् २००२ को निर्वाचनको तयारीमा खासगरेर महिलालाई उम्मेदवारको रूपमा उठ्नका लागि र राष्ट्रका बढी रूढीवादी क्षेत्रमा मतदान गर्न प्रोत्साहन दिने कार्य महत्त्वपूर्ण थियो, जहाँ महिला सहभागीहरूले आफूलाई मत खसाल्न निषेध गर्ने स्थानीय कानुनलाई अवज्ञा गर्नु परेको थियो। लेसोथोमा सन् २००२ को निर्वाचनमा महिला तथा पुरूषलाई अझ बढी लैङ्गिकरूपमा सन्तुलित राजनैतिक उपागम अपनाउनतर्फ संवेदनशील बनाउनका निमित्त विशेष अभियान र कार्यशाला गोष्ठीहरू आयोजना गरिएका थिए।

अन्त्यमा सकारात्मक पहलका उपायहरू तथा समावेशी, लिङ्ग संवेदनशील सामाजिक नमुनाहरू दुवैको राष्ट्रिय व्यवस्थापिकामा महिलाको अझ बढी समान प्रतिनिधित्वलाई प्रवर्द्धनका निमित्त भूमिका रहेको छ।

## *अन्तर्व्यवस्थापिका संघ (आईपीयु) मा महिलाहरूका निमित्त सम्मानसूचक पदवी बनाउनु*

'अन्तर्व्यवस्थापिका संघ (आईपीयु) ले अझ बढी लोकतान्त्रिक संस्थाहरूमा परिवर्तनको असल उदाहरण दिन्छ। ती परिवर्तनहरू विभिन्न मत, सम्प्रदाय र पृष्ठभूमिका महिलाहरूबीच आपसी सहयोग विश्व व्यवस्थापिकाको यस सङ्गठनको वास्तविक थपमध्येको एक हो।'

*श्रीमती रीता सुस्मुच, जर्मन बुन्डेस्टागकी पूर्व सभाध्यक्ष (सन् १९८८-९८)*

**तालिका १७: संसद र अन्तर्व्यवस्थापिका संघमा महिला**

**क. संसदमा महिला : सन् १९४५-२०००**

| सन् र विवरण | १९४५ | १९५५ | १९६५ | १९७५ | १९८५ | १९९५ | २००० |
|---|---|---|---|---|---|---|---|
| संसद संख्या | २६ | ६१ | ९४ | ११५ | १३६ | १७६ | १७७ |
| महिला प्रतिनिधिहरुको प्रतिशत (तल्लो सदन वा एक सदनात्मक) | ३.०% | ७.५% | ८.१% | १०.९% | १२.०% | ११.६ % | १३.४% |
| महिला प्रतिनिधिहरुको प्रतिशत (माथिल्लो सदन) | २.२% | ७.७% | ९.३% | १०.५% | १२.७% | ९.४% | १०.७% |

**स्रोत** : अन्तर्व्यवस्थापिका संघ (आईपीयु), १९९७। राजनीतिमा महिला र पुरूष : लोकतन्त्र अझै निर्माणको क्रममा, अध्ययन नम्बर २८, र (आईपीयु) 'राष्ट्रिय संसदहरुमा महिला' http:/www.ipu.org मा उपलब्ध छ।

(विश्वव्यापी संसदमा महिलाबारे क्षेत्र र देशका आधारमा नियमित रुपमा अद्यावधिक गरिएको तथ्यांक)

***ख. अन्तर्व्यवस्थापिका संघ सम्मेलनमा महिला : सन् १९४७–२०००***

| सम्मेलन र सांसद संख्या | सांसद संख्या | सांसद संख्या | प्रतिशत |
|---|---|---|---|
| १९४७ कायरो (३६ औँ सम्मेलन) | २४१ | ३ | १.२% |
| १९५० डब्लिन (३९ औँ सम्मेलन) | २०९ | १० | ४.८% |
| १९६१ ब्रसेल्स (५० औँ सम्मेलन) | ४१९ | २९ | ७% |
| १९६५ ओटावा (५४ औँ सम्मेलन) | ३९० | २५ | ६.४% |
| १९७० द हेग (५८ औँ सम्मेलन) | ४६९ | ३३ | ७% |
| १९७५ लन्डन (६२ औँ सम्मेलन) | ५०२ | ३९ | ७.८% |
| १९८० बर्लिन (६७ औँ सम्मेलन) | ५६० | ४० | ७.१% |
| १९८५ लोमे (७३ औँ सम्मेलन) | ३८६ | २८ | ७.३% |
| १९९० निकोसिया (८३ औँ सम्मेलन) | ४४४ | ५७ | १२.८% |
| १९९५ म्याडिड्र (९३ औँ सम्मेलन) | ६०० | ११५ | १९.२% |
| २००० अम्मान (१०३ औँ सम्मेलन) | ६४८ | १३९ | २१.५% |

स्रोत : आईपीयु, वेब साइट हेर्नुहोस् http://www.ipu.org/umn-e/dlgrns.htm

आज, आईपीयुको ऐनले तोकेका सभाहरूमा सहभागी महिला सांसद ३० प्रतिशत रहेका छन् । ५० वर्षअगाडि महिलाले फगत १.३ प्रतिशत प्रतिनिधित्व गर्थे । यस परिवर्तनलाई कसरी व्याख्या गर्न सकिन्छ ?

आईपीयुका सबैभन्दा ठूला सफलताहरूमध्येको एक राजनीतिमा र विशेषरूपमा बढी संसदमा लैङ्गिक समानता निश्चय गर्नु पर्ने आवश्यकताबारे यसले लिएको सक्रियतापूर्ण अडान हो । यो वचनबद्धता सर्वप्रथम आईपीयुमा नै लागू गरिएपछि उपाय र कार्यहरूको एउटा शृंखला नै आयो । आईपीयुले आफ्नो वचनबद्धतामा राजनीतिमा महिला र पुरूषबीचमा साझेदारी निश्चय गर्ने कुरा निकै चाँडो गरेर जाहेर गऱ्यो । आजको विधानले महिला वा पुरूषको सहभागिताका निमित्त लैङ्गिक समानता आईपीयुको अन्तिम लक्ष्य हो भनेर निश्चय गर्छ ।

आईपीयुभित्रको अनुकूल राजनैतिक इच्छाशक्तिको बलियो धार र यसका सदस्य संसदहरूमा लैङ्गिक समानताको आवश्यकताप्रतिको बढ्दो चेतना तथा त्यसका लाभबाट महिलाहरूले फाइदा उठाएका छन् । महिला सांसदहरूको बैठकको आयोजना गर्नुपछाडिको पृष्ठभूमि यो नै रहेको थियो (बक्स ३ हेर्नुहोला ।) आईपीयुको बैठकको व्यवस्थाले सकारात्मक परिवर्तन ल्याउनमा महिलाहरूको क्षमता र त्यस परिवर्तनलाई आत्मसात् गर्ने आईपीयुको वचनबद्धता दुवैका निमित्त साक्षी छ । यो त्यस सङ्गठनको समग्र कार्यमा ठूलो प्रभाव पार्नका लागि महिलाको एउटा आफ्नै स्थानका निमित्त तिनले सघनरूपले लबी गर्नुको परिणाम हो ।

महिला सहभागिताको भरपर्दो वृद्धि महिला सांसदहरूको बैठकलाई सुम्पिएको बढ्दो प्रधानताअनुरुप भएको छ । सन् १९८५ देखि १९९५ सम्मको आईपीयु सभामा महिलाहरूको उपस्थितिमा भएको वृद्धि विस्तारित थियो । यद्यपि, अहिले भएका संरचनाहरू र महिला सांसदहरूको वृहत्तर उपस्थिति देख्नका लागि सङ्गठनभित्र एउटा स्पष्ट राजनैतिक इच्छाशक्ति हुँदाहुँदै पनि महिला सहभागिता स्थिर जस्तै हुन थाल्यो । निर्धारित लक्ष्य प्राप्त गर्नका लागि स्पष्टरूपले अझ सबल कार्यको आवश्यकता पर्नेछ ।

आईपीयु महिलाहरूको बलियो सहभागिता निश्चय गर्नका लागि आफ्नै संरचनाभित्र सकारात्मक पहलका उपायहरू लागू गर्ने पहिलो अन्तरराष्ट्रिय सङ्गठनमध्येको एक हो । यी उपायहरूको कार्यान्वयन मुख्यतया आईपीयु कार्यकारी समितिबाट दुई जना पुरूष र दुईजना महिला रहेको लैङ्गिक साझेदारीयुक्त समूहद्वारा सुरुआत गरिएको तीन वर्षसम्मको परामर्श प्रक्रियाको परिणामस्वरूप आएको थियो । अन्त्यमा गएर कोटा तथा लक्ष्यहरू प्रभावकारी ढङ्गले निर्धारण गर्दै उपायहरूको एउटा शृंखला आईपीयु ऐन र नियमहरूमा समावेश भए । ती आईपीयुका तीनवटा मुख्य निकाय कार्यकारी समिति, सञ्चालक परिषद् र सभासँग सम्बन्धित रहेका थिए ।

- कार्यकारी समितिको निर्वाचनमा एउटा दरिलो कोटा प्रणाली प्रवेश गराइएको थियो: अहिले यसका निर्वाचित सदस्यहरूमध्ये २० प्रतिशत महिला हुनैपर्छ । (ऐनको परिच्छेद २३.२)
- सञ्चालक परिषद्का निमित्त एउटा लैङ्गिक तटस्थ लक्ष्य पारित गरिएको थियो, जसले कठोरतापूर्वक कार्यान्वयन गरिएको खण्डमा यसका सदस्यहरूमध्ये कम्तीमा ३० प्रतिशत दुवै लिङ्गका हुने कुरा सुनिश्चित गर्छ : तीन सदस्यीय प्रत्येक प्रतिनिधिमण्डललाई महिला तथा पुरूष दुवैलाई समावेश गर्न आह्वान गरिने छ । यो लक्ष्यलाई सम्मान नगरिएका खण्डमा सांसदको मतदान अधिकार तेस्रोमा घटाइने छ । (सञ्चालक परिषद्को नियम १.२)
- सभाका निमित्त अर्को लैङ्गिक तटस्थ लक्ष्य पारित गरिएको थियो, जहाँ एउटा लहरमा तीन पटकसम्म दुवै लिङ्गका प्रतिनिधिबिना प्रतिनिधि मण्डलहरू आईपीयु सभामा उपस्थित हुन्छन् भने तिनीहरूको मतदानको अधिकार र आधिकारिकरूपमा दर्ता भएको संख्या घटाइन्छ । (ऐनको परिच्छेद १०.३ र १५.२ (सी) )

बितेका वर्षहरूमा आईपीयुले यसको आफ्नै संरचनाहरूभित्र गुणात्मक तथा संख्यात्मक दुवै परिप्रेक्ष्यमा महिला सहभागिताको प्रश्नको समाधान गरेको छ ।

> 'यस सभाको एकमात्र सबैभन्दा ठूलो सफलतालाई निश्चित गर्न कठिन हुनेछ । तर म भन्न सक्छु ...कि कुनै शङ्काबिना यसको सबैभन्दा मुख्य उपलब्धि चाहे पूर्ण बैठकमा होस् चाहे स्थायी समिति वा अन्य विशेष बैठकहरूमा होस्, यहाँ सम्पन्न भएका प्राय: सबै छलफलले लैङ्गिक मुद्दाहरूप्रति पूर्ण रुचि देखाएको छ । महिला सांसदहरूको बैठकले लिएको २० वर्षको महिलाको पक्षबाट यसले समय र दिगो समर्पण लिएको

छ, तर आज महिला सांसदहरूको आईपीयु बैठक 'नियमहरू परिवर्तन गर्नमा' एउटा सफलताको कथा भएको छ । बैठकले आईपीयुको निर्णय लिने प्रक्रियामा महिला सहभागिता, दृश्यता र प्रभाव निश्चय गर्छ र महिलाहरूको अवस्थाबारे आईपीयुका कार्यक्रमहरू विकास गर्नमा महिलालाई निर्णायक भूमिका खेल्न अनुमति दिन्छ ।'

*फिलिपिन् सेनेटर पिया कायेतानो,*
*सभाध्यक्ष महिला सांसदहरूको बैठकको मनिला सत्र, ११२ औं सभा*

## बक्स ३. नियमहरू परिवर्तन गर्नका लागि महिला सांसदरूको बैठकका अनुभवहरू

महिलाको पक्षबाट यसले समय र दिगो समर्पण लिएको छ, तर आज महिला सांसदहरूको आईपीयुबैठक 'नियमहरू परिवर्तन गर्नमा' एउटा सफलताको कथा भएको छ । बैठकले आईपीयुको निर्णय लिने प्रक्रियामा महिला सहभागिता, दृश्यात्मकता र प्रभाव निश्चय गर्छ र महिलाहरूको अवस्थाबारे आईपीयुका कार्यक्रमहरू विकास गर्नमा महिलालाई निर्णायक भूमिका खेल्न अनुमति दिन्छ ।

### महत्वाकाङ्क्षी प्रारम्भ

महिला सांसदहरूको बैठकबारेको विचार एक अर्कासँग परिचित हुन र सांसदको रूपमा आफ्ना अनुभवहरूबारे छलफल गर्नका लागि मात्र नभई महिलालाई आईपीयुका कार्यबीच बढी सक्रियताका साथ सहभागी हुन प्रोत्साहन दिने निश्चय गरेका महिलाहरूको एउटा सानो तर सक्रिय समूहबाट आयो । ६५ औं अन्तर्व्यवस्थापिका सम्मेलनताका आईपीयुको कार्यसूचीमा लैङ्गिक समानता समावेश गर्ने संयन्त्रहरूबारे छलफल गर्न र महिलाले लैङ्गिक संख्यामा यसको सम्मेलनमा सहभागी हुनेबारे निश्चय गर्नका लागि इटाली र संघीय गणतन्त्र जर्मनीका महिला प्रतिनिधिहरूले सन् १९७८ मा बोनमा पहिलो बैठकको आयोजना गरे । त्यस समूहले अर्को आईपीयु सम्मेलनमा सहभागी हुने प्रतिनिधिमण्डलमा बोनमा उपस्थित भएका महिला सांसदहरूलाई सम्भव भएसम्मको संख्यामा समावेश गरिनुपर्ने सिफारिस गऱ्यो भने त्यस उप्रान्तका सम्मेलनमा महिला सहभागिताको स्तर ७.८ प्रतिशतबाट ५.९ प्रतिशतमा झरेको देखियो ।

### नियमहरू सिक्नु (१९७८–८२)

यस पहिलो सुरुआतले आईपीयुमा प्रभावकारी ढङ्गले 'महिला आन्दोलन' को आरम्भ गऱ्यो । आईपीयुको विधान अनुरुपका सत्रहरूको क्रममा महिलाले अनौपचारिक ढङ्गले बैठक बस्ने कार्यलाई निरन्तरता दिए । प्रायजसो खाना खाने मध्यान्तरहरूमा आयोजित ती घटनाहरू सम्मेलन आयोजक राष्ट्रका महिला सांसदहरू वा अन्तर्व्यवस्थापिका बैठकका

प्रतिनिधिहरूद्वारा संयोजित हुन्थे । बैठक महिला सांसदहरूलाई सरलरूपमा अनुभव आदान प्रदान गर्न र एक अर्काबारे जान्न दिनका लागि कुनै निश्चित कार्यसूचीबिना बस्थ्यो । अपरिहार्यरूपले यस अवधिले महिलाहरूलाई आईपीयुका नियमहरू बुझ्ने अवसर प्रदान गऱ्यो ।

### *नियमहरूलाई प्रयोग गर्नु (१९८३–९०)*

आईपीयुका संरचनाहरूबारे राम्ररी बुझेर सन् १९८३ मा महिला सांसदहरूले आईपीयुको तत्वावधानअन्तर्गत महिला सांसदहरूको एउटा संघ स्थापना गर्ने अभिलाषा व्यक्त गरे । एउटा नौ सदस्यीय तयारी समूहलाई त्यस प्रश्नबारे अध्ययन गरेर सिफारिस गर्ने काम दिइयो । सो समूह र आईपीयुका महासचिवबीच परामर्श भयो अनि प्रत्येक आईपीयु सम्मेलनको प्रारम्भमा बैठक बस्ने गरी एउटा समूहको स्थापना गरेर महिला सहभागिता प्रवर्द्धन गरिने छ भन्ने निर्णय गरियो । त्यसमा अन्तर्निहित विचार महिला सांसदहरूको बैठकले सङ्गठनको कार्य समूहहरू, पूर्ण छलफलहरू, नीति अनि निर्णयहरूलाई प्रभावित पार्नेछ भन्ने थियो ।

सन् १९८४ मा आईपीयु सञ्चालक निकायहरूले यस निर्णयलाई पारित गरे, त्यसबाट महिला सांसदहरूको बैठकलाई आईपीयु सचिवालयबाट यथेष्ट आर्थिक सहायता, प्राविधिक संयोजन र समर्थन प्राप्त हुने भयो ।

महिला सांसदहरूको पहिलो अनौपचारिक बैठको सात वर्षपछि आईपीयु सचिवालयद्वारा संयोजित महिला सांसदहरुको पहिलो बैठक लोमेमा सन् १९८५ मा भएको ७३ औँ अन्तर व्यवस्थापिका सम्मेलनताका बस्यो । त्यसपछि परम्परागतरूपले आयोजक व्यवस्थापिकाले महिलाहरूबीच वार्तालाई सहज बनाउन र व्यक्तिगत सम्पर्क विकास गर्नका लागि बैठकका सहभागीहरूका निमित्त भोजको आयोजना गर्न थाल्यो ।

### *नियमलाई परिवर्तन गर्दै (१९९१ देखि हालसम्म)*

महिला सांसदहरूको बैठकको सृजनाले महिलाका निमित्त एउटा मञ्च उपलब्ध गरायो, जसद्वारा तिनीहरूले आफ्ना विचार प्रस्तुत गर्न र आईपीयुभित्र आफ्ना कार्यसूचीहरु समावेश गर्नका लागि दबाब दिएर लागू गर्न सक्षम भए । तिनीहरूका उद्देश्यमध्ये को एक लैङ्गिक मुद्दालाई आईपीयुद्वारा समग्रमा सम्बोधन गरिनेबारे निश्चय गर्नु र त्यसलाई सङ्गठनका समग्र कार्यमा मूलरूपमा प्रवाहित गर्नु पहिले पनि थियो र हाल पनि रहेको छ । उदाहरणका लागि सन् २००५ अप्रिलमा ११२ औँ आईपीयु सम्मेलनताका एचआईभी/एड्सबारेको यसको आफ्नै सकारात्मक विवादपछि बैठकले सर्वसम्मत ढंगमा पारित भएको आईपीयु प्रस्तावमा लिङ्गसँग सम्बन्धित तत्वहरूमा योगदान दिन सक्षम भएको थियो । यस प्रक्रियाले महिलाहरूले विकासका लागि आर्थिक सहायता, बसाइ सराईदेखि लिएर द्वन्द्व समाधानसम्मका विवादको फराकिलो क्षेत्रमा योगदान दिएको देखेको छ । महिला सांसदहरूको पहलमा प्रत्येकको लक्ष्य आईपीयुभित्र महिलाहरूको ठूलो भूमिका निश्चय गर्दै निम्नलिखित संस्थागत परिवर्तनहरू भएका छन् :

- औपचारिक संयन्त्रको स्थापना, जसद्वारा महिला सांसदहरूको बैठकले यसका कार्यहरूबारेको विवरण दिन्छ र आईपीयुको सञ्चालक परिषद्‌लाई सिफारिस प्रस्तुत गर्छ ।
- एउटा लिङ्गद्वारा अर्को लिङ्गमाथि श्रेष्ठताको सन्देश दिनसक्ने सम्भावना भएको कुनै पनि शब्दलाई निर्मूल पार्नका लागि सन् १९९५ मा आईपीयु ऐन र नियमहरूको भाषा संशोधन,
- आईपीयुले सञ्चालन गर्ने आफ्ना सम्पूर्ण क्रियाकलापमा महिला र पुरूषबीच साझेदारीको भावनालाई मनन् गरेर कार्य गर्नुपर्ने निश्चय गर्नका लागि सन् १९९७ मा एउटा लैङ्गिक साझेदारी समूहको निर्माण,
- संयोजन समितिद्वारा सहयोग गरिएको महिला सांसदहरूको बैठकलाई आधिकारि करूपमा मान्यता दिनका लागि युनियनका ऐन तथा नियमहरूमा सन् १९९९ मा संशोधन र सन् २००२ मा बैठक र यसका संयोजन समितिका नियमहरू पारित, र
- आईपीयुको सम्मेलन हुँदा त्यस बैठकको कार्य तथा सामान्यतया लैङ्गिक मुद्दाहरु सङ्गठनको कार्यमा प्रतिबिम्बित भएको निश्चय गर्न महिला सांसदहरूको बैठकलाई मस्यौदा ऐनहरूमा संशोधन पेस गर्ने अनुमति दिँदै सन् २००४ मा सभाका नियमहरूमा संशोधन । त्यस संशोधनले यो अधिकार भएको एकमात्र निकायको रूपमा त्यस बैठकलाई स्थापित गर्छ ।

यस्ता विनम्र प्रारम्भबाट महिला सांसदहरूको बैठक आईपीयु सभाहरूमा सहभागी हुने महिलाको संख्यामा सार्थक वृद्धि गर्नमा यस प्रकारले सफल भएको छ । सन् १९४७ मा सम्मेलनमा महिलाहरू सम्पूर्ण प्रतिनिधिको १ प्रतिशतमात्र थिए भने ६२ औं सम्मेलनका सहभागीहरूमध्ये ८ प्रतिशत महिला हुँदा सन् १९७५ मा केही प्रगति भएको थियो, सन् २००४ मा १११ औं सम्मेलनसम्म पुग्दा प्रतिनिधि महिलाहरूको समग्र प्रतिशत २९ प्रतिशतले आकाशियो । आज महिला सांसदहरू विश्वका विभिन्न संसदमा भन्दा वास्तवमा आईपीयु बैठकहरूमा बढी असल प्रतिनिधित्व भएको छ ।

विश्वभरि महिला सांसदहरूको कस्तो प्रभाव परेको छ ?

ऐनहरू परिवर्तनका अतिरिक्त महिला सांसदहरूको बैठकले निम्नलिखित कुरा उपलब्ध गराएको छ :

- महिला सांसदहरूबीच अनुभव साटासाट गर्नका लागि एउटा मोर्चा,
- महिला सांसदहरूका निमित्त राष्ट्रिय स्तरमा आफूले गरेको प्रगति प्रदर्शन गर्नका लागि एउटा अवसर, र
- आईपीयु बैठकहरूमा र बढी सामान्यरूपमा संसदहरूमा महिला सांसदको उपस्थितिमा सुधार ल्याउन रणनीतिहरूका लागि एउटा ‘थिङ्क ट्याङ्क’ ।

## परिवर्तनहरू घरमा लागू गर्नु : महिला सांसदहरूलाई राष्ट्रिय स्तरमा सहायता गर्दै

यदि आईपीयुको आफ्नै संरचना स्तरमा गरिएका परिवर्तनहरू अन्तरराष्ट्रिय उदाहरण र क्षेत्रीय तथा राष्ट्रिय संयन्त्रहरू स्थापनाका सम्बन्धमा घटना अध्ययनको हुन्छ भने राष्ट्रियस्तर मा केन्द्रित कार्यको आवश्यकता हुन्छ भन्ने कुरा पनि सत्य हो । यसकारण आईपीयुले पनि यस क्षेत्रमा यसको कार्यलाई विस्तार गरेको छ ।

बितेका केही वर्षमा आईपीयुका रणनीतिमा महिलाका खास आवश्यकताहरूलाई राष्ट्रिय स्तरमा सम्बोधन गर्नु र लैङ्गिक मुद्दालाई सम्बोधन गर्ने संसदीय क्षमतालाई वृद्धि गर्नु समावेश रहेको छ । लैङ्गिक मुद्दाहरूलाई महिलालाई विशेष वा व्यक्तिगतरूपमा होइन, समाजलाई समग्रमा प्रभाव पार्ने र समाजसँग सरोकार राख्ने मुद्दाको रूपमा बुझिन्छ । उदाहरणका लागि यसलाई सम्बोधन गर्नु समाजमा महिला तथा पुरूषले खेल्नसक्ने भूमिकालाई सम्बोधन गर्नु आवश्यक पर्ने र महिला तथा पुरूष दुवैमाथि पर्ने असरलाई हेर्नुपर्ने भएकाले महिलाविरुद्धको हिंसालाई महिलाको मुद्दाभन्दा पनि लैङ्गिक मुद्दाको रूपमा हेरिन्छ । एउटा अर्थमा धेरैजसो मुद्दालाई लैङ्गिक परिप्रेक्ष्यबाट विश्लेषण गर्न सकिन्छ र तिनीहरूलाई महिला तथा पुरूषहरूका भिन्न समूहमा भिन्नभिन्न प्रभाव पर्ने रूपमा हेर्न सकिन्छ ।

यसका अतिरिक्त संसदमा महिलाको अवस्था, तिनीहरूका कठिनाइ र सफलताबारे आईपीयुले गरेको अनुसन्धानले राष्ट्रिय सहायता रणनीतिहरूको विकासमा उपयोगी अन्तर्दृष्टि उपलब्ध गराएको छ । यी लहरहरूका साथ केही मुख्य रणनीतिलाई मुख्य गरेर प्रस्तुत गर्न सकिन्छ ।

### संसदका महिला सदस्यहरूको क्षमता अभिवृद्धि गर्नु

राजनीतिमा महिलाको इतिहासमा एउटा सीमितता संसदीय क्षेत्रमा प्रवेश गर्दाखेरि तिनीहरूको आरम्भिक अनुभवको कमी हो । त्यसैले तिनीहरूको जनादेशलाई उपयुक्त ढङ्गले पूर्ति गर्नका लागि निर्वाचनअघि र पछिका दुवै चरणमा महिलामा आत्मविश्वास निर्माण गर्नु र तिनीहरूको क्षमता अभिवृद्धि गर्नु निर्णायक हुन्छ । भर्खरै आईपीयुको ध्यान द्वन्द्वबाट उत्पन्न राष्ट्रहरूमा केन्द्रित भएको छ । रुवान्डाली महिला उम्मेदवारहरूका निमित्त एउटा गोष्ठीले महिला सांसद तथा भविष्यका उम्मेदवारहरूलाई त्यस क्षेत्रका अन्य महिला सांसदहरूसँग सूचनाहरू आदानप्रदान गर्नुका साथै अभियानका संयन्त्रहरू तथा रणनीतिहरूबारे सञ्चार माध्यमका प्रतिनिधिहरू र राजनैतिक पार्टीका नेताहरूलाई सक्षम बनायो ।

बुरुन्डी र रुवान्डामा सञ्चालन गरिएका क्रियाकलापहरू मतदाता र अझ विशेष गरेर महिलाहरूसँगको सम्पर्कलाई बलियो बनाउनतर्फ लक्षित रहेको थियो । महिला सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रको भ्रमणमा जान र लोकप्रिय वादविवादहरूमा सहभागी हुनमा प्राप्त भएको दाताहरूको सहयोगबाट लाभ उठाए । कैयन् निर्वाचन क्षेत्रमा यसले तिनीहरूलाई आफ्नो निर्वाचन क्षेत्रका सरोकारहरूप्रति संवेदनशील बनायो र हुन लागेको राजनैतिक प्रक्रियाबारे व्याख्या गर्न मद्दत पुऱ्यायो । उदाहरणका लागि बुरुन्डीमा महिला सांसदहरू

महिलासँग अरुसा (Arusha) शान्ति-सम्झौताका गूढता तथा तात्पर्यहरूबारे व्याख्या गर्न सक्षम भएका थिए ।

बुरुन्डी, रुवान्डा र टिमोर–लेस्टेमा नवनिर्वाचित महिलाहरूले आफ्नो नेतृत्व र सञ्चार सीपहरू विकास गर्ने चाहना व्यक्त गरे । आईपीयुका तालिमका क्रियाकलापहरू सार्थकरूपले सार्वजनिक वक्तृत्व, अभियान भाषणको तयारी गर्ने तथा भाषण गर्ने र सञ्चार रणनीति र प्रविधि विकास गर्नेबारे केन्द्रित भएका थिए ।

संसदीय कार्यविधिसम्बन्धी तालिम पनि प्रदान गरिएको थियो । जिबुटीमा सांसदहरूको भूमिका र जनादेशबारे आईपीयु तालिम गोष्ठीहरू सञ्चालन गरिएका थिए । यी गोष्ठीमा महिला तथा पुरूष दुवै सांसद सहभागी भएका थिए । टिमोर–लेस्टेमा सांसदहरूलाई टिमोर–लेस्टेको इतिहासमा दोस्रो बजेट सिंहावलोकनको तयारी गर्नमा मद्दत पुऱ्याउनका लागि बजेट सत्र सुरु हुनुभन्दा पहिला लैङ्गिक परिप्रेक्ष्यलगायत बजेट प्रक्रियामा संसदको भूमिकाबारे एउटा गोष्ठीको आयोजना गरिएको थियो ।

### *महिला संगठन लगायतसँग ककस (Caucuses) हरू र सञ्जाल विकास*

खास लैङ्गिक मुद्दाहरू समाधान गर्नका निमित्त नवनिर्वाचित महिला सांसदहरूको शक्ति पार्टी संरचनाहरूभन्दा टाढा रहेर एक गठ हुनमा तिनीहरूको ऐक्यबद्धता र क्षमतामा निहित हुनसक्छ । यद्यपि, सबै पार्टीबाट महिलाका बीचमा त्यस्तो एकता उत्पन्न गर्नु सजिलो काम होइन । रुवान्डा र बुरुन्डीमा यी संरचनाहरू छँदै छन् : रूवान्डाली महिला सांसदहरूको मोर्चा (FFRP) र बुरुन्डीका महिला सांसदहरूको संघ (SOFEPA) हरूले ती संघका वैधता र परिवर्तन ल्याउनका लागि तिनीहरूको क्षमता सुदृढ पार्न काम गरे । आईपीयुको सहायताले यी संस्थाहरुको वैधतामा र परिवर्तनका लागि तिनीहरुको क्षमताको क्षेत्रमा सहयोग पुऱ्याएको छ ।

आईपीयु क्रियाकलापहरू लैङ्गिक मुद्दामा कार्यरत विभिन्न राष्ट्रिय साझेदारबीच सम्पर्क राखिएको निश्चय गर्नमा पनि केन्द्रित भएका छन् । रूवान्डाको मामिलामा संवैधानिक प्रक्रियाताका सञ्चालन गरिएको एउटा गोष्ठीले रुवान्डाली महिला सांसदहरूको मोर्चाका सदस्य, सङ्क्रमणकालीन राष्ट्रिय सभाका कानुनी एवम् संवैधानिक समितिका सदस्य, लैङ्गिक मुद्दा मन्त्रालयका सदस्य र नागरिक समाजका प्रतिनिधिहरूलाई एक ठाउँमा भेला पाऱ्यो । यस क्रियाकलापको सकारात्मक उपजहरूमध्येको एउटा यी विभिन्न राष्ट्रिय पात्रबीचको सहयोगलाई सुदृढ पार्नु रहेको छ ।

### *लैङ्गिक मुद्दाहरूलाई सम्बोधन गर्न संसदको क्षमता अभिवृद्धि गर्नु*

नवनिर्वाचित महिलाहरूबीच खास सरोकारका लैङ्गिक मुद्दाहरुबारे अनुभव साझेदार गर्नु महिला सांसदहरुलाई खास राष्ट्रिय लैङ्गिक प्राथमिकतालाई सम्बोधन गर्नमा सहयोग गर्नका लागि प्रायजसो आवश्यक हुन्छ । यस आवश्यकताप्रति प्रतिक्रिया गर्न, यी सरोकारलाई समाधान गर्न महिला सांसदहरूलाई सहायता गर्नका लागि विशेषज्ञहरू खटाइएका थिए । महिला तथा पुरुष सांसद र अन्य राष्ट्रबाट विशेषज्ञहरूलाई भेला गरेर खास लैङ्गिक मुद्दाहरूबारे

तालिम-गोष्ठीहरू पनि सञ्चालन गरिएका थिए । विभिन्न उद्‌गमहरूका सांसदहरूबीच अनुभव सङ्कलन गर्नु निकै सकारात्मक र उपयोगी साबित भएको छ ।

खास लैङ्गिक मुद्दाहरूसम्बन्धी पृष्ठभूमि, सूचनामाथि पहुँच र संसदीय निगरानी कार्यका निमित्त महत्त्वपूर्ण छ । आईपीयुको सहायताबाट लाभ उठाएका सबै संसदमा लैङ्गिक मुद्दाहरूबारे डकुमेन्टेसन सेन्टरहरू स्थापना गरिएका छन् । यस खास प्रकारको क्रियाकलापले पहिला र सबैभन्दा बढी महिला सांसदहरूलाई लाभ पुग्छ भने यसले समग्रमा संसदीय अनुसन्धान क्षमता अभिवृद्धिमा पनि योगदान पुऱ्याउँछ । संसदको पुस्तकालय जनसाधारणका निमित्त खुला रहेको स्थानमा डकुमेन्टेसन सेन्टरले लैङ्गिक मुद्दामा कार्यरत नागरिक समाजहरूलाई पनि सेवा पुऱ्याउँछ ।

लैङ्गिक मुद्दाहरूलाई सम्बोधन गर्नमा संस्थाको क्षमता अभिवृद्धि गर्ने दृष्टिकोणले आईपीयु तालिम क्रियाकलापहरूमा संसदीय कर्मचारीका निमित्त खण्डहरू प्रायजसो समावेश भएको छ ।

### *लिङ्गलाई मूलप्रवाह बनाउनु*

धेरै मुख्य अन्तरराष्ट्रिय लिखतहरूमा वकालत गरिएको लिङ्ग मूलप्रवाहीकरणको अवधारणा बढ्दो रूपमा महत्त्वपूर्ण भएको छ । आईपीयुले यस अवधारणालाई बजेट प्रक्रियाहरूमा निकै सफलतापूर्वक लागू गरेको छ । संसदमा महिलाहरूको भूमिका र असल शासनतर्फ डोऱ्याउने प्रक्रियालाई प्रवर्द्धन गर्ने आवश्यकतालाई सम्वर्द्धन गर्नका लागि आईपीयुले संसदीय बजेट र लिङ्गसम्बन्धी गोष्ठीहरूको एउटा शृंखला आयोजना गरेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, विश्व बैंक इन्स्टिच्युट र एउटा आयोजक संसदसँग पाँचवटा क्षेत्रीय गोष्ठी अहिले अफ्रिका, एसिया र अरब क्षेत्रमा आयोजना भइरहेका छन् ।

### *पुरूषहरूसँग साझेदारी कार्य गर्नु*

लैङ्गिक मुद्दाहरूमा महिला र पुरूषबीच साझेदारीको भावनालाई सुदृढ पार्नाले तिनीहरू महिलाका मात्र क्षेत्र होइन र हुनु पर्दैन भन्दै गुणग्राहिताप्रति योगदान पुऱ्याउँछ भन्ने दृष्टिकोण आईपीयुले लामो समयदेखि राखेको छ । यस कारणका लागि महिला सांसदहरूलाई सहायता गर्नतर्फ लक्षित क्रियाकलापहरूमा लैङ्गिक मुद्दाप्रति पुरूषलाई संवेदनशील बनाउने गरी र महिला र पुरूषबीच लैङ्गिक समानताका पक्षमा ऐक्यबद्धता स्थापना गर्ने गरी ढाँचा तयार पारिएको खण्ड प्रायजसो समावेश गरिएको हुन्छ, यस प्रकारले लैङ्गिक मुद्दाहरूलाई सीमान्तकृत गर्नबाट टाढा नै रहन सकिएको छ ।

ठूलो संख्यामा महिलाको प्रवेशले प्रारम्भिक वा परम्परागत लैङ्गिक सन्तुलनमा परिवर्तन भएका संसदहरूमा महिला तथा पुरूषका लागि सञ्चालित गोष्ठीहरूले सबै सांसदका निमित्त तिनीहरूको नयाँ वातावरणमा एकसाथ काम गर्ने एउटा अवसर उपलब्ध गराएका छन् । उदाहरणका लागि सन् २००२ मा पहिलो पटक जिबुटीमा महिलाहरू सार्थक संख्यामा संसदमा निर्वाचित भएका थिए । संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) सँग आईपीयुले नयाँ सांसदहरूलाई एकसाथ कार्य गर्ने विचारसँग परिचित गराउनका लागि महिला तथा पुरूष दुवैका निमित्त एउटा गोष्ठी आयोजना गऱ्यो ।

## निष्कर्ष

### *राजनीतिमा समानताः प्रश्न होइन, बरु आवश्यकता हो*

संसदमा महिलाहरूको बढ्दो प्रतिनिधित्वले उनीहरूका निमित्त मतदातामा र एउटा सकारात्मक परिवर्तनतर्फ आवश्य डोऱ्याउँछ र राजनीतिमा महिलाले एउटा भिन्न पद्धति अवश्य ल्याउँछन् भनेर अनुमान गर्न सकिँदैन । संसदहरू लिङ्ग तटस्थ संस्थाहरू होइनन्, तिनीहरूका आफ्नै सांस्कृतिक आदर्श र नियमहरू हुन्छन् । महिला सांसदहरुले त्यस आदर्श र नियमअन्तर्गत रहेर कार्य गर्ने अपेक्षा गरिन्छ र तिनीहरूले ल्याउने कुनै पनि परिवर्तनका लागि अपरिहार्यरूपमा ठूलो परिश्रम र समय लाग्छ ।

यद्यपि, राजनैतिक संघ-संस्थाहरूमा महिला संलग्नता निर्णायक रहन्छ । प्रायजसो राष्ट्रमा महिलाहरूले जनसंख्याको ५० प्रतिशतभन्दा बढी स्थान ओगट्छन् अनि त्यस आधारमा सबै व्यवस्थापिका र निर्णायक भूमिका रहेका निकायहरूमा तिनीहरूको प्रतिनिधित्व हुनुपर्छ । यो पनि स्पष्ट छ कि संसदमा महिलाको उपस्थितिले राजनैतिक एजेन्डामा पहिला नसोचिएका मुद्दाहरूको श्रेणीलाई समावेश गर्नका लागि प्राथमिकताहरूलाई फराकिलो बनाउँछ । यस पहलमा केही भन्नु पर्दा बालबच्चाको स्याहारसुसार, महिला स्वास्थ्य, महिलाविरुद्ध हिंसा र लिङ्गभेदजस्ता मुद्दालाई निकै बढी प्राधानता दिइन्छ । फरक-फरक हदहरूमा, संसदीय वातावरणमा लिङ्गवादी वा होच्याउने भाषाको अग्राहय्तालाई औंल्याउँनमा र संसदीय जीवनका सामाजिक समूहका लागि अनिवार्य ठहरिने रीति-रिवाजहरू परिवर्तन गर्नमा महिला निकै सफल पनि भएका छन् ।

अन्त्यमा, राजनीतिमा महिलाको आवश्यकता प्रश्नविहीन रहन्छ । केबारे प्रश्न उठाउन सकिन्छ भने एउटा महिलाविहीन संसदीय अस्तित्व र कार्यबारे प्रश्न उठाउन सकिन्छ, महिलाबिना राजनीतिलाई कसरी सम्भवतः परिभाषित गर्न सकिन्छ ? निर्णायक भूमिका रहेका निकायहरूले यसको आधा जनसंख्याको सहभागिता र संलग्नताबिनाको एउटा समाजको आवश्यकतालाई प्रभावकारी ढङ्गले कसरी सम्बोधन गर्छन् ? राजनीतिप्रति लैङ्गिक समानताको पद्धतिमा आईपीयुले विश्वास गर्छ र त्यसको रक्षा गर्छ । त्यसभन्दा कम कुनै पनि कुरा लोकतान्त्रिक कमी-कमजोरीमा थुप्रिएर जम्मा हुन जान्छ ।

## नमुना अध्ययन : दक्षिण अफ्रिका

# दक्षिण अफ्रिका : संख्याभन्दा पर

शेइला मेन्ट्जेस

सन् १९९४ देखि संख्यात्मकरूपले दक्षिण अफ्रिकी संसदमा महिला प्रतिनिधित्व करिब ३० प्रतिशतको 'सशक्त समूह' को संख्यामा रहेको छ । त्यसपछि प्रतिनिधित्वको यो स्तर सन् १९९९ र २००४ मा भएका दुईवटा चुनावमा स्थिर रह्यो । महिलाहरूको यो सार्थक अनुपात निकै हदसम्म सत्तारूढ पार्टी अफ्रिकन नेसनल कंग्रेस (एएनसी) को अनौपचारिक कोटा प्रणालीको कारणले भएको हो । यस घटना अध्ययनले महिलाको उपस्थितिको सार्थकता र लोकतन्त्रको पहिलो दशकताका संसदीय राजनैतिक प्रक्रिया र निर्णय लिन तथा नीति-निर्माणमा त्यसले पारेको असरबारे अन्वेषण गर्छ ।[1]

### *निर्वाचन राजनीतिको दशक*

४० वर्षभन्दा बढीको रङ्गभेदी शासनपछि सन् २००४ मा दक्षिण अफ्रिकाले लोकतन्त्रको दसवर्षको उत्सव मनायो ।[2] यो स्वेत आधिपत्यको विरुद्ध सन् १९६० का बीचका वर्षहरूमा सशस्त्र विद्रोह सुरु भएपछि ३० वर्षसम्म कठिनताका साथ लडिएको सशस्त्र विद्रोह र न्यूनस्तरको जनविद्रोह तथा सन् १९९० मा एएनसी र अन्य मुक्तिआन्दोलनहरूमाथिको प्रतिबन्ध हटाइएपछि आएको लोकतन्त्र थियो । लोकतन्त्रको लडाईंमा महिलाहरू लडाकु कार्यकर्तालगायत विभिन्नरूपले सहभागी भएका थिए । यस सहभागितालाई निर्वाचन राजनीति र प्रतिनिधिमूलक लोकतन्त्रमा कसरी रूपान्तरण गर्न सकिन्छ ? के महिलाहरूको उपस्थिति समाजका महिलाका निमित्त राजनैतिक तथा भौतिक लाभहरूमा प्रतिबिम्बित हुन्छ ?

राष्ट्रप्रमुखको रूपमा आफ्नो दोस्रो कार्यकाल सुरु गरेका थाबो म्बेकीद्वारा नेतृत्व गरिएको एएनसीलाई दिइएको अपार समर्थनका साथ सन् २००४ अप्रिलमा राष्ट्रले यसको तेस्रो लोकतान्त्रिक निर्वाचन गऱ्यो । राष्ट्रप्रमुख नेल्सन मन्डेलाद्वारा नेतृत्व गरिएको पहिलो लोकतान्त्रिक संसदले समाजका सबै क्षेत्रका, सबै जातिगत समूहका र पार्टी राजनैतिक

संलग्नतामा सांसदहरूको मननयोग्य सजधज देख्यो । एएनसीद्वारा नेतृत्व गरिएको तर दक्षिण अफ्रिकामाथि सन् १९४८ देखि अविच्छिन्नरूपले शासन गरेको नेसनल पार्टीलगायतको राष्ट्रिय एकताको एउटा सरकारले त्यस लोकतान्त्रिक चरणको उदघाटन गऱ्यो । नयाँ युगको प्रतीकको रूपमा एनपीले नयाँ परिचय चिह्नको विकास गऱ्यो, आफैँलाई न्यु नेसनल पार्टीको पुनः नामकरण गऱ्यो र काला सदस्यहरूका निमित्त यसको ढोका खुल्ला गऱ्यो । यद्यपि, यो आफ्नै लागि एउटा स्थान स्थापना गर्नमा कहिले पनि सक्षम भएन । व्यंग्यात्मक तवरले सन् २००४ मा यसले एएनसीसँग एउटा निर्वाचन गठबन्धन कायम गऱ्यो अनि यसका सदस्यहरू एएनसीमा प्रवेश गर्नका लागि ताँती लाग्दै वा विरोधी पार्टी डेमोक्रेटिक एलायन्समा संलग्न हुन गएकाले केही महिनापछि भङ्ग भयो ।

सन् २००४ को निर्वाचनपछि राष्ट्रिय सभाका ४०० सिटमध्ये १३१ वा ३३ प्रतिशत सिट महिलाद्वारा ओगटिएका थिए, यो दोस्रो लोकतान्त्रिक संसदको २८-२९ प्रतिशतको तुलनामा सीमान्त वृद्धि थियो । मन्त्रिमण्डलका २७ जना मन्त्रीमध्ये ८ जना (२९.६ प्रतिशत) महिला थिए र १३ जना नायब मन्त्रीमध्ये ८ जना (६१.५ प्रतिशत) महिला थिए । समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीअन्तर्गत बन्दसूचीहरूको प्रयोग संसदमा महिला उपस्थितिका निमित्त स्पष्टरूपले असल रहेको थियो । झन्सारो, निर्णय लिने उच्चतम ओहदाहरू (मन्त्रिमण्डल) मा तिनीहरूको उपस्थितिले ३ प्रतिशतभन्दा कम महिला प्रतिनिधि भएको रङ्गभेदी शासन व्यवस्थामा भन्दा लोकतन्त्रमा महिलाहरूको दर्जा सार्थकरूपले उच्च रहेको सुझाव दिएको थियो । समानुपातिक प्रतिनिधित्व प्रणाली, एएनसीको कोटा र लैङ्गिक समानताप्रतिको सत्तासीन पार्टीको वचनबद्धता यस सार्थक प्रदर्शनका निमित्त मुख्य कारणहरूमध्येका थिए ।

## *संसदमा महिला सहभागिताको पृष्ठभूमि*

रङ्गभेदी भनेर चिनिएको नस्लवादी प्रासादविरुद्ध दक्षिण अफ्रिकाको सन् १९४९ देखि १९९० सम्मको ४० वर्षको संघर्षमा नागरिक समाजको फराकिलो वर्णपट- ट्रेड युनियनहरू, नागरिक संघहरू, युवा आन्दोलनहरू संलग्न रहेको थियो जसमा दक्षिण अफ्रिकामा सन् १९५० जनसंख्या दर्ता ऐनअन्तर्गत वर्गीकरण गरिएका सेता, मिश्रित नस्ल, भारतीय र काला जाति सम्पूर्ण जातीय समूह त्यसमा संलग्न रहेका थिए । महिलाहरू अलगरूपमा सङ्गठित भएका थिए र सन् १९५० को दशकपछि रङ्गभेदी नीतिको विरोध गर्दै गैरजातिवादी आन्दोलनमा संलग्न भए । गएगुज्रेको र कम गुणस्तरको बान्तु शिक्षाको विरोध गर्दै सन् १९५६ अगस्ट ९ मा २०,००० महिलाको प्रिटोरियाको युनियन भवनतर्फको पद यात्रालाई रङ्गभेदविरुद्धको संघर्षमा महिलाहरूले पुऱ्याएको योगदानलाई मान्यता दिँदै दक्षिण अफ्रिकामा प्रत्येक वर्ष सम्झना गरिन्छ । महिलाहरूको एउटा छुट्टै र स्वतन्त्र सङ्गठनको परम्परा निर्माण थियो, जुन सन् १९७० र १९८० को दशकताका प्रख्यात विरोधहरुमा परिचालित भएर गुज्रेको छ ।

सन् १९९२ देखि १९९४ का बीच नयाँ संविधानका निमित्त भएका सम्झौतावार्ताहरूताका महिला सङ्गठनहरूले महिला आवश्यकता र सरोकारका विचार अधिकारहरूबारेको

वादविवादको एउटा हिस्सा हुनुपर्छ भन्ने कुरा निश्चय गर्नका लागि निर्णायक भूमिका खेले । महिलाहरूको राष्ट्रिय गठबन्धन-डब्ल्युएनसी (Women's National Coalition-WNC) गठन गरियो, जसले संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्नका लागि नस्लवादी र विचारवादी विभाजनलाई पार गऱ्यो । २० लाखभन्दा बढी महिला संलग्न रहेको दुई वर्षे राष्ट्रिय अभियानपछि डब्ल्युएनसीले महिलाहरूको प्रभावकारी समानताका निमित्त, दक्षिण अफ्रिकी महिलाका आशा तथा सपनालाई प्रतिनिधित्व गर्ने एउटा बडापत्र तयार गऱ्यो । डब्ल्युएनसीमा प्रत्येक राजनैतिक पार्टीका महिलाको संलग्नताले महिला राजनैतिक नेताहरूको टुकडी पनि उत्पन्न गऱ्यो, जसको साझा सरोकार लैङ्गिक समानता प्रवर्द्धन गर्नु थियो । बडापत्र अभियानमा तिनीहरूको सहभागिताले भिन्न राजनैतिक पार्टीहरूभित्र महिलाको आवश्यकता र सरोकारलाई एकीकृत पार्ने आवश्यकतालाई आफ्नो म्यान्डेटमा समावेश गर्नेबारे मात्र नभई बरु महिला उम्मेदवारलाई संसदीय निर्वाचनमा समावेश गर्नेबारे पनि व्यापक सहमति सृजना गरेको थियो । राष्ट्रको नयाँ लैङ्गिक नीति-निर्देशनका निमित्त त्यो बडापत्र एउटा नापनक्सा बन्न पुग्यो । यसका १२ वटा परिच्छेदमा प्रतिनिधिमूलक राजनीतिमा महिलाको पूर्ण र समान सहभागिताका निमित्त माग समावेश भएका छन् ।

## नागरिक समाज परिचालनको राजनीति

डब्ल्युएनसी बडापत्र अभियानले महिलाहरू महिला नागरिकका खास राजनैतिक तथा नागरिक समानताका निमित्त गहनताका साथ अगाडि बढिरहेका सक्रिय राजनैतिक कारक भएको सङ्केत दियो । परम्परागत पात्रहरूले महिलालाई गौण भनेर परिभाषित गर्ने चलनचल्तीको कानुनले संविधानलाई कुल्चिनु पर्छ भनेर सल्लाह दिने प्रयास गर्दा नागरिकका रूपमा समानता उपभोग गर्न पाउने आफ्नो अधिकारलाई कुण्ठित पार्न खोज्ने कुनै पनि प्रयासको विरोध गर्न राष्ट्रभरि नै महिला परिचालित भए । नयाँ राष्ट्रमा लैङ्गिक समानता प्रवर्द्धन र संरक्षण गर्ने निकायहरूको एउटा प्याकेजको रुपमा : संसदमा एउटा महिलाहरूको ककस, राष्ट्रमा महिलाहरूको अवस्थाबारे एउटा कार्यालय र लैङ्गिक समानताका लागि एउटा स्वतन्त्र आयोग नै समावेश भएको हुनुपर्छ भनेर डब्ल्युएनसीले प्रस्ताव गऱ्यो । तिनीहरू पछि गएर स्थापित भए ।

सन् १९९४ देखि दक्षिण अफ्रिकामा महिला राजनैतिक क्रियाकलापमा लोकतन्त्रको विकास गर्ने एउटा औपचारिक पार्टीको साझा राजनैतिक क्रियाकलापको स्वभाव रहेको मात्र नभई त्योभन्दा पनि बढी महिलाको दैनिक उत्पादन र प्रजनन सरोकारमाथि असर पार्ने खास मुद्दाहरूको वरिपरि आन्दोलनको परिचालनसँग पनि जोडिएको थियो । ती मुद्दाहरूमा भूमि वितरण, निजीकरणको विरोध, स्वास्थ्य, प्रजनन स्वास्थ्यलगायत, एचआईभी/एड्स तथा लिङ्गमा आधारित हिंसा तथा लाखौं मानिसका लागि आवास र विद्युत्को प्रावधानजस्ता अन्य बढी स्थानीय मागहरू लगायतका थिए ।

लिङ्गमा आधारित हिंसा र दक्षिण अफ्रिकामा उच्चरूपमा देखापरेको एचआईभी/एड्स लोकतन्त्रको सङ्क्रमणका सबैभन्दा चुनौतीपूर्ण पक्षहरूमध्येका भएको साबित भए । नयाँ

लोकतान्त्रिक युगले महिलाविरुद्धका हिंसाबारे संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलन (सन् १९९३) को सन्दर्भमा महिला अधिकारबारे अझ बढी तीब्र चेतना उत्पन्न गरेको थियो, जसमा 'मानव अधिकारको रूपमा महिला अधिकार' को अवधारणालाई अन्तरराष्ट्रियस्तरमा व्यापक ढङ्गले स्वीकार तथा पारित गरिएको थियो । दक्षिण अफ्रिकाको पहिलो लोकतान्त्रिक निर्वाचनपछिको वर्ष सन् १९९५ मा बेइजिङमा आयोजित महिलाबारेको चौथो संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले लैङ्गिक समानता र राष्ट्रका निकायहरूभित्र अन्तरराष्ट्रियरूपमा लैङ्गिक मूल प्रवाहीकरणको विचारबारेको विवादका निमित्त सन्दर्भ प्रदान गऱ्यो । दक्षिण अफ्रिकामा राजनैतिक हिंसाबारेको अनुसन्धान, लिङ्गमा आधारित हिंसाको उच्चस्तर र स्थानीय प्रकृतिलाई स्वीकार गऱ्यो। राज्यले एचआईभी/एड्सको महामारीको उपचारको मुद्दालाई ढिलो गरेर सामना गरेकाले पनि यो निकै विवादित मुद्दा बन्यो । यी मुद्दाहरू राजनैतिक क्रियाशीलता र संवादको केन्द्रबिन्दु बने ।

यसप्रकार दक्षिण अफ्रिकामा निर्वाचन राजनीतिलाई मात्र राजनीतिको 'गुणस्तर तोक्ने स्थान' को रूपमा सोचिने कम सम्भावना रहेको छ। राजनीति अझ फराकिलो परिधिमा अस्तित्वमा रहेको छ। सामाजिक आन्दोलनमा संलग्न रहेका राजनैतिक कार्यकर्ताहरूको बहुसंख्या महिला थिए । उच्च दरमा निरक्षरता हुँदाहुँदै पनि उपचार कार्य अभियान (जसले एचआईभीसँग सम्बन्धित मुद्दाबारे कार्य गर्छ) जस्ता सामाजिक आन्दोलनमा सक्रिय रहेका सहभागीमा बहुसंख्यक महिला रहेका छन् । दोस्रो आमनिर्वाचनभन्दा ठीक अगाडि सन् १९९८ ताका सङ्कलन गरिएको पहिलो मतदाता सूचीमा पुरूषभन्दा बढी महिला मतदाताको रूपमा दर्ता भएको भन्ने तथ्यमा महिलाहरूको राजनैतिक सक्रियता पनि प्रतिबिम्बित भएको छ ।

माथि वर्णन गरिएका मुद्दाहरू वरिपरिका सामाजिक आन्दोलनहरूलाई परिचालन गर्नुका अतिरिक्त वकालत/अधिवचन, नालिस, अनुसन्धान र सूचना प्रवाहलाई अँगालेका कार्यहरूको लहरमा एउटा बलियो महिला तथा लैङ्गिक गैरसरकारी क्षेत्र संलग्न रहेको थियो, जुन तल्लो तहका सामाजिक आन्दोलनका क्रियाकलापहरू र संस्थागत राजनैतिक दबाब समूहहरूका साथ सहअस्तित्वमा रहेको थियो । यद्यपि, लोकतन्त्रमा सङ्क्रमणको अर्थ रुचिहरुद्वारा निर्देशित गैरसरकारी सङ्गठनहरूलाई नयाँ व्यवसायीकरण गर्नु थियो । राष्ट्र स्वयम् पनि ती समूहहरूप्रति विशेष गरेर ग्रहणशील रहेको थियो अनि माथि वर्णन गरिएका केही तनाव हुँदाहुँदै पनि सार्वजनिक निजी साझेदारी राष्ट्र-समाज सम्बन्धको कोसे ढुङ्गा बन्यो । लैङ्गिक हिंसा समाधानका लागि नागरिक समाज र राष्ट्रको प्रयास खास गरेर बलियो थियो र तिनीहरूको सम्बन्धलाई लेख तयार पार्दाखेरिको समयमा चित्रण गर्ने कामलाई निरन्तरता दिए ।

सन् २००४ को निर्वाचनमा एएनसी गठबन्धनको समग्र बहुमतमा सार्थकरूपले वृद्धि भयो । त्यसमा रहेका कारणको केही भाग विभिन्न निर्वाचन क्षेत्रको मागहरूलाई सत्तामा भएका पार्टीले सम्बोधन गर्नमा देखाएको तत्परतामा रहेको छ । महिला एजेन्डा एउटा उदाहरण हो । प्रायः दक्षिण अफ्रिकामा जस्तै गरेर अन्य केही राष्ट्रमा महिला राष्ट्रिय नीति एजेन्डालाई प्रभावित गर्नमा सक्षम भएका छन् । त्यसो हुनुको कारणको केही भाग नागरिक समाजमा महिलाको छुट्टै सङ्गठनको इतिहासमा निहित रहेको छ । झन्सारो,

रङ्गभेदविरुद्धको संघर्षको प्रकृतिका कारण र यथार्थमा धेरै महिला सङ्गठनहरुद्वारा स्वयम् रङ्गभेदको समर्थनका कारण, महिला सङ्गठनहरू भिन्न राजनैतिक पार्टीहरूसँग संलग्न रहेका थिए । महिला सङ्गठनहरूको गहिराइले पनि महिला सरोकारहरूलाई तिनीहरूको मत प्राप्त गर्नका लागि आफ्नो घोषणापत्रको भागको रूपमा लिन राजनैतिक पार्टीहरूलाई चुनौती दियो । उदाहरणका लागि वास्तवमा एएनसी महिला लिगले यसको छुट्टै सङ्गठन कायम राख्नु सामान्यतया महिला मुद्दाहरूलाई यसको सामान्य म्यान्डेटको भागको रूपमा लिनका लागि पार्टीका निमित्त निरन्तरको चुनौती हो ।

## *महिला सांसदका मुख्य उपलब्धिहरू*

संस्थाहरुलाई पैदा गर्नुको महत्त्वपूर्ण पक्ष संसदमा महिलाको ठूलो संख्यामा उपस्थिति रहेको छ । यसमा बालगृह र महिला शौचालयजस्ता भौतिक आवश्यकता समावेश रहेको छ । दक्षिण अफ्रिका र अन्यत्रका प्रमाणले देखाएअनुसार निर्वाचन प्रणालीहरूमा र संसदमा महिलाको उपस्थितिले संसदीय राजनीतिको कार्यविधि पक्ष (उदाहरणका लागि बैठक बस्ने समय) र बढी लिङ्ग संवेदनशील भएको संसदीय  एजेन्डा दुवैमा सार्थक भिन्नता ल्याएको छ । बहुसंख्यक सांसदमा औपचारिक अनुभवको कमी रहेको थियो, तर महिलाहरूले सामान्यतया समाजमा असमानता र महिलाको गौण हैसियतसँग सम्बन्धित खास अवरोधहरू सामना गर्नुपर्‍यो । तिनीहरूका महान् योगदानहरूमध्येको एक संसदीय मोर्चामा भएको छ ।

सन् १९९४ को निर्वाचनपछि डब्ल्युएनसीको बडापत्र अभियानको उपज ‘महिला एजेन्डा’ को रूपमा जे देखा पर्न आयो त्यसलाई संयोजन गर्नका लागि एउटा अन्तरदलीय महिलाको ककसको आयोजना गरिएको थियो । संसदीय परिवर्तनको चालक शक्ति एएनसी थियो भन्ने कुरा चाँडै प्रस्ट हुन आयो । यद्यपि, सार्वजनिक वचनबद्धता हुँदाहुँदै पनि आंशिकरूपमा मन्त्रीस्तरमा यथायोग्यरूपमा वचनबद्ध नेतृत्वको कमीका कारण नयाँ संस्था निर्माण एउटा जटिल विषय भएको सावित भएको छ । गर्भवती महिला र छ वर्षमुनिका बालबच्चाका लागि निःशुल्क स्वास्थ्य सेवाको पहल पहिलो स्वास्थ्य मन्त्री डा. ङ्कोसाझाना ध्लामीनी झुमाद्वारा गरिएको थियो, जो एएनसीका विरोध हुँदाहुँदै पनि प्रजनन अधिकार र गर्भपतनको अधिकारको विधानको निमित्त अग्रसर हुनुभएको थियो । एएनसीभित्र ठूलो मात्रामा महिलाको सशक्त लबीका कारण सन् १९९६ मा त्यो ऐन पारित भएको थियो ।

‘जीवनको गुणस्तर र महिलाको अवस्था’ लाई प्रवर्द्धन गर्नका लागि एउटा अस्थायी समिति (बिना बजेटको एउटा पहिलो) गठन गरिएको थियो जुन तीन वर्षभित्र जीवनको गुणस्तर र महिलाको अवस्थाबारे साझा सुपरिवेक्षण समिति-जेएमसी (Joint Monitoring Committee on the Quality of Life and Status of Women-JMC) भनेर जानिएको संसदको साझा स्थायी समिति बन्यो । यस समितिको कार्य विधानलाई सुपरिवेक्षण गर्नु र महिलाहरूलाई पूर्णसमानता उपयोग गर्नमा अवरोध पुर्‍याउने मुख्य क्षेत्रहरूबारेका अनुसन्धानलाई प्रवर्द्धन गर्नु थियो । जेएमसीको सभाध्यक्षतामा एएनसी सांसद तथा डब्ल्युएनसीका भूतपूर्व व्यवस्थापक प्रेग्स गोभेन्दरद्वारा गरिएको थियो । नागरिक समाजमा महिलाहरूले उठाएका मुद्दाबारे उहाँ सिपालु हुनुभयो र महिलासँग सम्बन्धित संसदीय एजेन्डालाई जोड दिनुभयो ।

सन् १९९८ मा घरेलु हिंसा ऐन (१९९८ को ११६ नं), नापतौल ऐन (१९९८ को ९९ नं.) र परम्परागत विवाह मान्यता ऐन (१९९८ को १२० नं) पारित गरिएको गर्नका लागि उहाँ उत्तरदायी हुनुहुन्थ्यो । यद्यपि, यसमा सिकिएका पाठमध्येको एक यो थियो कि परिवर्तन गर्न समग्रमा धेरै असल थियो । बढी महत्त्वपूर्ण यो थियो कि यथेष्ट बजेट उपलब्ध गराइनु पर्ने थियो र ऐनहरूलाई कार्यान्वयन गर्ने अधिकृतहरूका निमित्त तालिम उपलब्ध गराउनु पर्ने थियो । त्यो यथेष्टरूपमा भएन अनि यी ऐन कार्यान्वयन सोचनीय वकालत/अधिवचनको विषय बनेको छ ।

महिलाको अवस्थाबारेको कार्यालय लिङ्ग मूलप्रवाहीकरण प्रक्रियालाई नेतृत्व दिनका लागि देशमा एउटा कार्यालय स्थापना गरिएको थियो । यसले लैङ्गिक समानताबारे राष्ट्रिय नीति पनि विकास गऱ्यो । यद्यपि, सरकारमा सम्बन्धित विभागहरूको तुलनामा यसको अधिकारयुक्त भूमिका नभएको र यसका स्रोतहरू न्यून भएका कारण यसको भूमिका ठूलो मात्रामा सीमित भएको छ । यसको प्रभाव यसप्रकारले सीमित रहेको छ । यद्यपि, यसले प्रत्येक चार महिनामा विचार आदानप्रदान गर्न र प्रगति मूल्याङ्कन गर्नका लागि लैङ्गिक संघ-संस्थाहरूलाई एक स्थानमा ल्याउनमा एउटा भूमिका भने अवश्य खेल्छ ।

सन् १९९७ मा संवैधानिक निर्देशन पूरा गर्नका लागि लैङ्गिक समानताका निमित्त स्वतन्त्र आयोग स्थापना गरियो । त्यस आयोगको भूमिका राष्ट्र र समाजमा लैङ्गिक समानतालाई रक्षा र प्रवर्द्धन गर्नु, अनुसन्धान गर्नु, गुनासोहरूबारे छानबिन गर्नु र राष्ट्रले गरेका अन्तरराष्ट्रिय वचनबद्धतालाई पूरा गरेको निश्चय गर्नु थियो । आंशिकरूपले साङ्गठनिक तनावहरू र अन्य नयाँ राष्ट्रिय संस्थासँग पंक्तिबद्ध गराइएकाले यद्यपि, यसको योगदान नमिलेको छ ।

## ***नीति विकासका निमित्त चुनौती***

पहिलो लोकतान्त्रिक संसदको ध्यान नीति विकासमा केन्द्रित रहेको थियो भने दोस्रो निर्वाचनपछि सन् १९९९ पछिको अवधि नयाँ संसदीय संरचना कार्यान्वयन गर्ने वचनबद्धताद्वारा सञ्चालित भएको थियो । तर वचनबद्धतालाई वास्तविकतामा रूपान्तर गर्नु बढी कठिन थियो । चुनौतीका केही भाग विभिन्न विभागभित्र आमूल परिवर्तनसँग सम्बन्धित रहेका थिए । स्वास्थ्य विभाग उदाहरणका लागि आधारभूत जग विद्युत् आपूर्ति, दूर सञ्चार, यातायात र पानीको समेत कमीको सन्दर्भमा सामान्यतया प्राथमिक स्वास्थ्य सेवाको कमीसँग जुध्नुपरेको थियो । अपराध न्याय प्रणालीको मामिलामा घरेलु हिंसा ऐनमा दक्षिण अफ्रिकी प्रहरी सेवाबाट संवेदनशीलता र वचनबद्धताको स्तर आवश्यक थियो, जुन प्राप्त गर्न प्रायः असम्भव थियो । त्यस ऐनका कमी-कमजोरीहरूलाई निराकरण गर्नका निमित्त गरिएका प्रयासमा भिन्न विभागहरूबीच निकै ठूलो संयोजन तथा सहयोगको आवश्यकता रहेको थियो । यसलाई पूरा गर्न पनि कठिन साबित भयो । झन्सारो, त्यस कार्यलाई यथायोग्य ढङ्गले कार्यान्वयन गर्नका लागि राज्यकोषले यथेष्ट बजेट उपलब्ध गराउन सकेन । यसप्रकारले त्यो कार्य पूर्णरूपले प्रभावकारी हुन सकेन । दक्षिण अफ्रिकी सरकारले सामना गर्नुपरेको मुख्य समस्या प्रगतिशील योजना तथा नीति-निर्माण र तिनीहरूलाई कार्यान्वयन गर्नमा आवश्यक रहेको क्षमताबीच रहेको पृथकता थियो ।

घरेलु हिंसा ऐनले पहिलेको एउटा ऐन परिवार हिंसा ऐनलाई प्रतिस्थापन गर्‍यो, जुन सन् १९९३ मा पछिल्लो नेसनल पार्टी सरकारद्वारा फराकिलो परामर्शबिना चाँडै अनि सायद कुटिलताका साथ पारित भएको थियो। सन् १९९८ को ऐनको पुनरावलोकन गैरसरकारी संस्थाहरू र सुपरिचित पारिवारिक हिंसा भोगेकाहरूको आवश्यकताबारे अनुभव भएका कानुनविद्हरूसँगको तालमेलमा दक्षिण अफ्रिकी ऐन आयोग–एसएएलसी (South African Law Commission-SALC) का कार्यहरू थिए। तर यसको प्रगति पनि विधेयक मस्यौदाकारका सीमित बुझाइबाट विधेयकबारे खोइरो खन्नका लागि कतिको सहज छ भन्नेबारे प्रमाण जुटाउनमा निर्देशनात्मक रहेको छ। मस्यौदा पहिलो पटक तयार गर्दाखेरि यसको 'तटस्थता' को कमीका कारण त्यो एसएएसएलसीका सभाध्यक्षद्वारा अस्वीकृत भयो अनि पुनरवलोकन गरिएको मस्यौदा व्यवस्थापिकामा पठाइएको थियो। भाग्यवश, नागरिक समाज र जेएमसीको सतर्कताले त्यस विधेयकको पहिलो संस्करणबारे सोचबिचार गर्नका लागि न्यायविभाग समितिलाई दबाब दियो, जुन त्यसपछि अन्तिम ऐनको आधार बन्यो। ऐन पारित हुनेबारे निश्चित गर्नमा समितिको भूमिका महत्त्वपूर्ण थियो।

यसका अतिरिक्त, नागरिक समाज र जेएमसीको साझेदारीको उपज रहेको महिला बजेट प्रक्रियाको प्रवर्द्धन पनि थियो। यसको पहल केही राष्ट्रमा त्यस विचारलाई प्रवर्द्धन गर्नमा उत्सुक रहेको राष्ट्रमण्डल समूहबाट आयोः यस प्रक्रियाको अगुवा अस्ट्रेलिया थियो। प्रग्स गोभेन्दरद्वारा प्रतिपादित गरिएको र अस्ट्रेलिया र बेलायतका प्राविधिक विशेषज्ञद्वारा सहायता गरिएको त्यस प्रक्रियालाई लागू गर्ने राष्ट्रमा दक्षिण अफ्रिका पहिलो थियो। सन् १९९८ र १९९९ मा राष्ट्रिय बजेटले 'लैङ्गिक मूल प्रवाहीकरण पद्धति' लाई पारित गरेको किटानी गर्‍यो, यद्यपि त्यसपछिका तीन वर्षसम्म यो थाती रह्यो। ऐनहरूमा परिवर्तन गर्न र सन् १९९७ मा पारित गरिएको सीजीई स्थापनामा सहभागी हुनेलगायत लैङ्गिक समानताबारेका बहसहरुलाई बल पुर्‍याउनमा महिलाहरूले खेलेको भूमिकामा परिवर्तन गरिने छ भनेर कबोल गरिएको हुँदाहुँदै पनि राजनीति र व्यवस्थापिकाभित्रको पुरूष केन्द्रित संस्कृति त्यस संस्थाप्रति जाइलाग्न छोडेन। निरन्तरको लिङ्गबाद र यौन दुर्व्यवहारले वातावारणमा आमूल परिवर्तन ल्याउनमा देखापर्ने कठिनाइलाई प्रमाणित गर्‍यो।

## महिला सहभागिताले राजनीतिलाई कसरी परिवर्तन गरेको छ ?

लैङ्गिकता, प्रजनन, हिंसा र प्रथाजन्य कानुनजस्ता महिलाका खास सरोकारहरूलाई जेएमसीसँगको सङ्गतिमा नागरिक समाज सङ्गठनहरूद्वारा पारित गरिएका रणनीतिद्वारा ऐनमा रूपान्तर भएका थिए, त्यसको बदलामा जसले राष्ट्रप्रमुख थाबो बेंकीलगायत व्यवस्थापिकाका खास प्रगतिशील पुरूष सदस्यहरूसँग गठबन्धन गर्‍यो।[३] दक्षिण अफ्रिकी घटनाबाट के स्पष्टसँग देखिन्छ भने संसदमा महिलाहरूको सशक्त समूह महत्त्वपूर्ण हुँदाखेरि त्यस संख्याको प्रभावकारिताको एउटा आवश्यक पक्षलाई एन फिलिप्स विचारको राजनीति[४] भन्नुहुन्छ। महिलाहरूको उपस्थितिले बैठक बस्ने समय वा बालबच्चा हेरचार सुविधा उपलब्ध गराउनुजस्ता मुद्दामा व्यवस्थापिकाभित्र परिवर्तन गर्नतर्फ डोर्‍याउँछ। तर लैङ्गिक मुद्दा वरिपरिका राजनैतिक एजेन्डा लैङ्गिक आमूल परिवर्तनको वास्तविक अर्थ के हो भन्नेबारेको एउटा बुझाइमाथि अझ व्यापक ढङ्गले भर पर्छ।

लैङ्गिक मूलप्रवाहीकरणको सरल अर्थ लैङ्गिक समानताका आधारभूत मुद्दाहरूसँग नबाझिकन महिलाहरूलाई सबैभन्दा माथि एकीकृत गन ु हो । राजनैतिक पार्टीहरूभित्रको राजनैतिक इच्छाशक्ति नारीवादी राजनीतिज्ञहरूद्वारा सम्वर्द्धन गरिनुपर्छ, त्यसको बदला जो नागरिक समाज 'लबी' प्रति जवाफदेही र नागरिक समाजद्वारा समर्थन दुवै गरिएको हुनुपर्छ। नारीवादी राजनीतिज्ञहरूको समूहको आमूल परिवर्तनको एजेन्डाले नीति र विधानले महिलाहरूद्वारा सशक्त संख्यालाई पराजित गर्ने निश्चित गर्छ । यसमा रहेको खतरा यो हो कि यी नारीवादी राजनीतिज्ञहरूले अन्तिमसम्म साथ दिने छैनन्। लैङ्गिक आमूल परिवर्तनप्रति वचनबद्ध रहेको सांसद तथा महिला आन्दोलन र गैरसरकारी संस्थाहरूबीचको सम्बन्ध महत्त्वपूर्ण कारक तत्त्व रहेको देखिन्छ । यसले महिला सङ्गठनहरूले एकसाथ कार्य गर्नलाई निरन्तर ता दिन निश्चित गर्नेबारेको वचनबद्धतालाई आह्वान गर्छ। यो हुन्छ भन्ने निश्चित गर्नु नै एउटा चुनौती हो ।

संसदीय परिवर्तनको प्रक्रियालाई सञ्चालन गर्नमा जेएमसीको भूमिका महत्त्वपूर्ण रहेको लै ङ्गिक संयन्त्रका मूल्याङ्कनहरूले स्पष्टसँग देखाएका छन् । सीजीईले समितिको अधिनतालाई स्वीकार्‍यो र नागरिक समाजहरूमा सम्बद्ध पक्षहरूसँग सम्बन्ध विकसित गर्‍यो, यो आशा गरेभन्दा कम प्रभावकारी रहेको छ । यो आन्तरिक द्वन्द्वमा मुछियो जसले केही वर्षसम्म यसको संस्थागत विकासमा बाधा पुर्‍यायो । सार्वजनिक शिक्षा सञ्चालन र सरकारी विभागहरूलाई जवाफदेही हुनका लागि आह्वान गर्नमा यसले केही सफलता प्राप्त गरेको भए पनि यसको सार्वजनिक छवि निकै सार्थक रहेको छैन। यसले आन्तरिक निर्वाचनहरूलाई सुपरीवेक्षण गरेको छ र दक्षिण अफ्रिकाको निर्वाचन इन्स्टिच्युट (Electoral Institute of Southern Africa-EISA) सँग आफ्नो लैङ्गिक नीतिहरूबारे व्याख्या गर्नका लागि राजनैतिक पार्टीहरूलाई आह्वान गर्‍यो । राजनैतिक पार्टीहरूले महिला मुद्दालाई लिएका छन् भन्ने निश्चित गर्नमा सबैभन्दा प्रभावकारी नागरिक समाजका आफ्नै क्रियाकलापहरू रहेका छन्। यथार्थमा आफ्नो जीवनमा महिलाहरूले मत र औपचारिक राजनीतिको भूमिकालाई दिने महत्वको प्रमाण दक्षिण अफ्रिकामा दर्ता भएका मतदातामध्ये महिलाहरू सबैभन्दा बढी (दर्ता भएका मतदाताको ५४.८२ प्रतिशत) रहेका छन् ।[५]

## पादटिप्पणी

[१] For a detailed study of the gender politics of the electoral system see Fick, Glenda, Sheila Meintjes and Mary Simons (eds), 2002. *One Woman, One Vote: the Gender Politics of South African Elections*. Johannesburg: Electoral Institute of Southern Africa. See also Albertyn, Cathi, Beth Goldblatt, Shireen Hassim, Likhapha Mbatha and Sheila Meintjes, 1999. *Engendering the Political Agenda: A South African Case Study*. Johannesburg: Centre for Applied Legal Studies.

[२] This case study takes for granted some understanding of South Africa's colonial and political history. For a useful overview see Lodge, Tom, Denis Kadima and David Pottie (eds), 2002. *Compendium of Elections in Southern Africa*. Johannesburg: Electoral Institute of Southern Africa (chapter 10).

[३] Albertyn et al. 1999, op. cit.

[४] See for example Phillips, Anne, 1995. *The Politics of Presence: The Political Representation of Gender, Ethnicity and Race.* Oxford: Oxford University Press.

[५] Independent Electoral Commission, 'Registration statistics as on 26 Feb 2004', available at <http://www.elections.org.za/Statistics1.asp>.

## थप अध्ययन सामग्री

Agenda, 1999. *Agenda Monograph: Translating Commitment into Policy and Practice: Three Case Studies.* Durban: Agenda

Ballington, Julie, 1998. 'Women's Parliamentary Representation: The Effects of List PR'. *Politikon.* Vol. 25, no. 2

Beinart, William, 1994. *Twentieth Century South Africa.* Cape Town: Oxford University Press

Cock, Jacklyn, 1997. 'Women in South Africa's Transition to Democracy', in J. Scott, C. Kaplan and D. Keates (eds). *Transitions, Environments, Translations: Feminism in International Politics*. New York: Routledge

Hassim, Shireen, 1999. 'From Presence to Power: Women's Citizenship in a New Democracy'. *Agenda*, 40

— 2005. *Contesting Authority: Women's Organisations and Democracy in South Africa*. Madison: University of Wisconsin Press

Lowe-Morna, Colleen, 2004. *Ringing up the Changes: Gender in Southern African Politics*. Johannesburg: Genderlinks

Meer, Shamim, 1998. *Women Speak: Reflection on our Struggles, 1982–1997*. Cape Town: Kwela Books

Meintjes, Sheila, 1998. 'Gender, Nationalism and Transformation: Difference and Commonality in South Africa's Past and Present', in R. Wilford and R. L Miller (eds). *Women, Ethnicity and Nationalism: The Politics of Transition*. London: Routledge

**नमुना अध्ययन : स्विडेन**

# स्विडेनः चरणबद्ध विकास

लेना वाग्नेरूद

सन् १९७१ मा स्विडिस संसदमा महिलाको अनुपात १४ प्रतिशत थियो । सन् २००२ को पछिल्लो निर्वाचनपछि त्यो अनुपात ४५ प्रतिशत रहेको छ । यसमा रहेको भिन्नता मननयोग्य छ, ३० वर्षमा तीन गुणाले प्रगति भएको छ । सरकारमा पनि यो वृद्धि देख्न सकिन्छ, जहाँ सन् २००५ मा मन्त्रिमण्डलका २२ जना मन्त्रीमध्ये ११ जना महिला रहेका छन् । यो नमुना अध्ययन ती तथ्याङ्कहरू पछाडि रहेका कथामा र व्यवस्थापिकामा महिलाहरूले कसरी परिवर्तन ल्याएका छन् भन्ने कुरामाथि ध्यान केन्द्रित गर्नेछ ।[1] सन् १९८५ देखि स्विडिस संसदमा महिलाहरूको अनुपात ३० प्रतिशत नाघेको छ । एउटा चरम संख्या केद्वारा निर्मित हुन्छ भनेर भन्नु कठिन भएको भए तापनि त्यो संख्या लामो समयसम्म तुलनात्मकरूपमा उच्च रहेको छ ।

यदि महिलाहरूको प्रतिनिधित्वको परिणामस्वरूप परिवर्तनहरू आउँछन् भने यसका अंशहरू स्विडेनमा देखा पर्नुपर्छ ।

### *संख्यामा अविरल वृद्धि*

संसदमा महिलाहरूको संख्यामा भएको वृद्धिका पछाडि रहेको प्रक्रिया बुझ्नका लागि हामीले ४० वर्ष पहिलेको स्विडिस राजनीतिलाई परीक्षण गर्नुपर्छ । त्यसबखत महिलाहरू स्पष्टतः आफ्ना पुरूष सहकर्मीभन्दा राजनीतिमा कम संलग्न थिएः राजनीतिमा कममात्र सहभागी हुन्थे वा पार्टी सदस्य हुन्थे अनि पार्टीको साथै निर्णायक भूमिका रहेका निकायको नेतृत्व पंक्तिमा तिनीहरूको प्रतिनिधित्व ज्यादै न्यून रहेको थियो ।

सन् १९७२ मा एउटा मोड आयो । त्यस समयका दुईवटा मुख्य पार्टी द लिबरल्स (The Liberals) र सोसियल डेमोक्राट्स (Social Democrates) का नेताले महिला मतदातालाई जित्न प्रतिस्पर्धा गर्न सुरु गरे । यसको पछाडि रहेको रणनैतिक कारणमा

महिलाको मत जित्नु बढी सिट प्राप्त गर्नु हो, तसर्थ यसको कारण बढी शक्तिशाली हुनु नै रहेको थियो । राजनैतिक कार्यसूचीमा एउटा मुद्दाको रूपमा लिनुका साथै महिला प्रतिनिधित्वको निश्चित लक्ष्य प्राप्त गर्नका लागि लैङ्गिक समानताको अवस्था उच्च पार्नका लागि उपायहरू अपनाइएका थिए । यहाँ खासगरेर दुईवटा महत्त्वपूर्ण कारक तत्त्वका बारेमा चर्चा गर्न सकिन्छ : त्यस समयमा शक्तिमा भएर सोसल डेमोक्रेटिक पार्टी-एसडीपी (Social Democratic Party-SDP) ले सन् १९७२ मा सरकारमा एउटा केन्द्रीय लैङ्गिक नीति एकाइ प्रवेश गरायो । अनि त्यही वर्ष स्विडेनमा पार्टीको सञ्चालक परिषद्मा जस्तै लिबरल पार्टीको आन्तरिक नेतृत्वका पदहरूमा ४० प्रतिशत महिला हुनुपर्छ भनेर औपचारिकरूपमा सिफारिस गर्ने त्यो पहिलो पार्टी बनेको थियो ।

स्विडेनमा भएको प्रक्रियालाई दुईवटा गुणद्वारा चित्रण गर्न सकिन्छ : एकीकरण र चरणबद्ध प्रगति । एकीकरणको अर्थ स्विडेनको राजनीतिमा महिलाका संघहरू रहेका (हाल पनि रहेका छन्) भए पनि तिनले सधैँ स्थापित पार्टी संरचनाहरूभित्र कार्य गरेका छन् । यसको अर्थ यो पनि हो कि महिला प्रतिनिधित्वसँग सम्बन्धित उपायहरू पार्टीभित्र एउटा व्यापक विवादको विषय रहेको छ । महिला संघहरूले यस क्षेत्रमा नेतागणको रूपमा कार्य गरेका छन्, यद्यपि जहिले पनि प्रत्येक पार्टीको सर्वोच्च निर्णय लिने मोर्चा नियमित राष्ट्रिय पार्टी बैठकहरूमा, अन्तिम निर्णय लिइन्छ । यसको परिणामस्वरूप हाल स्विडेनमा रहेको अवस्था संसदमा सातवटा विभिन्न पार्टीका प्रतिनिधित्वका साथ हामीले सातवटा केही भिन्न कथाहरू पाउँछौ ।

यसप्रकार महिला प्रतिनिधित्वको मुद्दा सबै पार्टीको कार्यसूचीमा रहेको छ, यद्यपि तिनीहरू सबैले राजनैतिक पार्टीसूचीमा  लैङ्गिक समानता अनुपात ४० : ६० जस्ता सांख्यिक लक्ष भने पारित गरेका छैनन् । सनातनी पार्टी र मध्यमार्गी पार्टीहरू अझसम्म पनि समानताका लागि फितलोरूपले निर्धारण गरिएका लक्ष्यजस्ता बढी 'नरम' रणनीतिमाथि भरपरेका पार्टीका उदाहरणहरू हुन् ।

यद्यपि, चरणबद्ध प्रगतिलाई अझ बढी सामान्य छविको थेगोको रूपमा हेर्न सकिन्छ । धेरै जसो पार्टीका निमित्त बढी फितलोरूपले निर्धारण गरिएका लक्ष्यहरू पछि गएर बढी कठोर सिफारिसहरूमा आमूल परिवर्तन भएका छन्, अनि तीनवटा पार्टीले कोटा प्रणाली लागू गरेका छन् । स्विडेनको घटनामा कोटाको अर्थ स्विडेनको संविधानमा होइन, एउटा पार्टीको विधानमा स्वेच्छाले लेखिएका नियमहरू हुन् । सन् १९८१ मा स्थापना भएकाले सुरुदेखि नै ग्रिन पार्टीले कोटा प्रणाली लागू गरेको छ । बाम पार्टीका निमित्त कोटा प्रणाली प्रयोग गर्ने निर्णय सन् १९८७ मा आयो र सोसल डेमोक्राट्सका निमित्त सन् १९९३ मा आयो । प्रायजसो घटनामा आन्तरिक पार्टी संरचनामा केन्द्रित उपायहरू (परिषद् इत्यादि) ले पार्टी सूचीमा केन्द्रित रहेका उपायहरूलाई उछिनेको छ ।

कोटा प्रणालीका साथ र कोटा प्रणालीविना उदारवादी र सामाजिक लोकतन्त्रवादीहरूबीच एक पटक सुरु भएको प्रतिस्पर्धाले अहिले सबै पार्टीलाई समावेश गरेको छ । केही अपवादका साथ स्विडेनका पार्टी नेताहरूले आज-भोलि आफूलाई 'नारीवादी' को रूपमा चित्रण गर्छन् । सो

केसमा सजाएर राख्नका लागि मात्र महिलालाई समावेश गर्नु नभई विभिन्न शक्तिशाली पदका लागि हुने निर्वाचनको सूचीमा महिला र पुरूषलाई पालैपालो राख्ने एउटा महत्वाकांक्षालाई लाक्षणिक रूप दिँदै सन् १९९४ देखि 'प्रत्येक दोस्रो सिट एकजना महिलाको निमित्त' भन्ने नाराले स्विडेनको राजनीतिमा जरा गाडेको छ ।

## एजेन्डालाई आमूल परिवर्तन गर्नु

यद्यपि, यदि हामीले महिला प्रतिनिधित्वमा भएको वृद्धिको पछाडि रहेको प्रक्रियालाई शुद्ध रणनैतिक कौशलको रूपमा बुझ्यौं भने हामीले सम्पूर्ण चित्रबारे पूर्णरूपले मेलोमेसो पाउन सक्दैनौं । यथार्थमा कसरी बढी (महिला) मत प्राप्त गर्ने भन्नेबारे लेखाजोखा भएका विभिन्न पार्टीका डकुमेन्टेसनबाट स्पष्ट भएकोमा यस बढ्दो शक्तिलाई कसरी प्रयोग गर्ने, समाजमा महिलाको अवस्थालाई कसरी परिवर्तन गर्ने र लैङ्गिक समानतामा गहन अर्थमा कसरी पुग्ने भन्नेबारे पनि गम्भीर विचार-विमर्श भएका छन् ।

अध्ययनहरूले औँल्याएअनुसार सन् १९६० को दशकमा भन्दा आज-भोलि स्विडेनका महिलाहरू राजनीतिमा बढी असल ढङ्गले एकीकृत भएका छन् । सन् १९७६ देखि निर्वाचनहरूमा महिलाको उपस्थिति पुरूषको भन्दा केही उच्च रहेको छ । राजनैतिक सरोकार (वस्तुगत रूपमा नापिएको) र पार्टी सदस्यता दुवैको लैङ्गिक दूरी घटेको छ, यद्यपि त्यो पूर्णरूपले निर्मूल भने भएको छैन । यस घटना अध्ययनमा पहिला उल्लेख गरिएका तथ्याङ्कहरू सन् १९७१ मा स्विडेनको संसदमा महिलाहरू १४ प्रतिशतबाट सन् २००४ मा ४५ प्रतिशत पुग्नु, परिवर्तनको सशक्त सूचक हो ।

त्यसपछि चलाखीपूर्ण प्रश्न लैङ्गिक सन्तुलनमा भएको परिवर्तनबाट उत्पन्न भइरहेको गुणात्मक परिवर्तनमाथि कसरी अधिकार जमाउने र केवल संख्यालाई जाँचबुझ गर्नुभन्दा टाढासम्म कसरी पुग्ने भन्ने हो । यिनीहरूबारे निर्क्योल गर्ने प्रयास गर्दा द्वैध जोखिम रहेको छ । एकातर्फ आवश्यकताभन्दा बढी अपेक्षा गरिने वा महिलाहरूको प्रयासको असर र तिनीहरूको राजनैतिक सहभागिताले ल्याएका परिवर्तनहरूलाई देखाउने हतारमा अस्पष्ट न्यूनतम योग्यता प्रयोग गरिने जोखिम रहेको छ । अर्कोतर्फ, न्यून आँक्न सकिने पनि हुनसक्छ, जहाँ कठोर न्यूनतम योग्यता प्रयोग हुन्छन्, जसले अन्त्यमा गएर योगदानहरूलाई बेवास्ता गर्छ र महिलाका प्रयासलाई प्रतीकवादको क्षेत्रमा सीमित भएको रूपमा व्याख्या गर्छ ।

तार्किक निष्कर्षमा पुग्नका लागि हामीले राजनैतिक प्रक्रियालाई बुझ्नु पर्छ । व्यवस्थापिकामा के भइरहेको छ, कम्तीमा पनि सदनमा के भइरहेको छ भन्ने कुरालाई समुद्रको सतहबाट केही भागमात्र देखिने समुद्रमुनि रहेको विशाल हिमपर्वतको टुप्पोसँग तुलना गर्न सकिन्छ । एउटा अन्तिम निर्णयमा पुग्नै लागेका बखत प्रत्येक राजनैतिक मुद्दा प्रक्रियाको एउटा अवधिबाट गुज्रेको हुन्छ । प्रायजसो यो प्रक्रिया कैयन् वर्षसम्म तन्किएर जान्छ र त्यसमा व्यवस्थापिका समितिहरू र पार्टीहरूभित्र विभिन्न समूहजस्ता कैयन विभिन्न परिस्थितिमा बसिने बैठकहरू संलग्न रहेको हुन्छ ।


वास्तवमा सतहमुनि नगईकन सतहभन्दा तल के भइरहेको छ भन्ने कुरालाई सतहबाट

बुझ्नका लागि हामीले त्यस प्रक्रियालाई प्रतिबिम्बित गर्ने सूचकमाथि भर पर्नुपर्छ । त्यसो गर्ने एउटा विधि प्रश्नावलीहरू र केन्द्रीय पात्रहरूसँग व्यक्तिगत अन्तर्वार्ताहरू प्रयोग गर्नु हो । यसपछि आउने भागमा म तिनीहरूको राजनैतिक कार्यबारे स्विडिस सांसदहरूसँग सोधिएका प्रश्नका केही उदाहरण प्रयोग गर्नेछु । नमूनाहरू चुनाव अभियानका मुद्दाहरू र व्यक्तिगत रुचिका क्षेत्रहरूमा केन्द्रित रहेका छन् । इन नो क्वेस्चन (प्रश्न छैन) मा लिङ्गद्वारा उत्पन्न असाम्यको मुद्दा रहेको छ । त्यसको बदला उत्तरहरू त्यसपछिका लिङ्ग विश्लेषणको अधीनमा रहेको छ (महिलाबीच के उत्तर छ? पुरूषबीच के उत्तर छ?) प्रश्नहरू खुल्ला रहेका छन् र प्रत्येक राजनीतिज्ञले आफूले चाहेको जुनसुकै मुद्दाबारे पनि चर्चा गर्न सक्नेछ ।

उत्तरहरूलाई विश्लेषण गर्नका लागि मैले 'महिला सरोकारहरू' को अवधारणाबारेको व्यापक परिभाषा प्रयोग गरेकी छु । सैद्धान्तिकस्तरमा यसको उद्देश्य महिला नागरिकहरूको स्वशासन अधिकार वृद्धि गर्नमा अपेक्षा गर्न सकिने नीतिहरूलाई आफ्नो अधीनमा लिनु रहेको छ । स्विडेनमा समेत परिवारभित्र निजी तवरमा महिलाहरू विभिन्न प्रकारका स्याहारसुसार कार्यमा र सार्वजनिक रूपमा स्वास्थ्य र बालबच्चा तथा पाको उमेरका मानिसहरूको हेरचाहजस्ता पेसागत स्याहारसुसार क्षेत्रमा बढीजसो संलग्न रहेर महिला र पुरूषका बीचमा श्रम विभाजन रहेको छ ।

यहाँ अनुमान गरिएको कुरा यो हो कि एउटा समाजमा लैङ्गिक समानता वृद्धि गर्नमा सक्षम हुनका लागि, महिलाका सरोकारहरूबारे आवाज उठाइनु पर्छ । त्यसपछिको प्रयोगवादी प्रश्न के महिला सांसदहरूसँग तिनका पुरूष सहकर्मीको भन्दा फरक रहेको एउटा एजेन्डा छ ? के महिला सांसदहरूले महिला सरोकारबारे आवाज उठाइरहेका छन् ? भन्ने हुन्छ । तालिका ९ ले सन् १९८५, १९९४ र २००२ मा सामाजिक नीति, पारिवारिक नीति, पाको उमेरकाहरूको स्याहारसुसार अभियानको मुद्दाको रूपमा स्वास्थ्यसेवा वा व्यक्तिगत रुचिको एउटा क्षेत्रबारे चर्चा गरेका महिला र पुरूष सांसदको संख्या देखाएको छ । यी चारवटा विषयलाई महिलाका सरोकारहरूलाई अवधारणा तयार गर्ने फराकिलो विधिको रूपमा हेर्न सकिन्छ ।

**रेखाचित्र ९: स्विडेनको संसद सदस्यहरूको एजेन्डामा महिला सरोकारहरू सन् १९८५–२००२**



**टिप्पणीः** रेखाचित्रले निम्नक्रममा पढिएका दुईवटा खुल्ला प्रश्नप्रतिको प्रतिक्रियाहरूलाई देखाउँछः 'यस वर्षको निर्वाचनभन्दा पहिलेको तपाईंको चुनाव प्रचार अभियान कार्यमा धेरैजसो कुन मुद्दा वा समस्याहरूलाई जोड दिनुभयो ?' (बढीमा पाँचवटा मुद्दा उल्लेख गर्न सकिन्छ), अनि 'तपाईं व्यक्तिगतरूपमा कुन राजनैतिक मुद्दा क्षेत्रहरूमा सबैभन्दा बढी रुचि राख्नु हुन्छ ?' (बढीमा तीनवटा मुद्दा उल्लेख गर्न सकिन्छ) प्रतिक्रियाहरूलाई एउटा गहन सङ्केत प्रणालीअनुसारले सङ्केत गरिएको थियो। देखाइएका संख्याहरू महिला सरोकारलाई मुद्दाको समूहमध्ये दुईमा एकमा समावेश गरेका महिला र पुरूष सांसदको प्रतिशतहरू हुन्। 'महिलाका रुचिहरू' वर्गमा सामाजिक नीति, परिवार, स्वास्थ्यसेवा र पाका उमेरकाहरूको हेरचाहबारेका प्रतिक्रिया थिए। उत्तर दाताहरूका संख्या (महिलाःपुरूष) सन् १९८५ मा ९६ः२१८, सन् १९९४ मा १३२ः१९० र सन् २००२ मा १४२ः१७५ रहेको थियो। सन् १९७६ देखि स्विडेनको संसदमा जम्मा सांसद संख्या ३४९ रहेको छ।

**स्रोतः** सन् १९८५, १९८८ र १९९४ का संसदीय अध्ययनहरू। स्विडेनको निर्वाचन अध्ययन कार्यक्रम, राजनीतिशास्त्र विभाग, गोटेनवर्ग विश्वविद्यालय।


रेखाचित्र ९ ले कैयन् महत्त्वपूर्ण परिणाम देखाउँछ। पहिलो यो हो कि राजनीतिज्ञहरूको लिङ्ग र तिनीहरू महिला सरोकारबारे पछि लाग्नुको हदकाबीच एउटा सम्बन्ध रहेको छ। सन् १९८५ मा ७५ प्रतिशत महिला सांसदले आफ्नो चुनाव प्रचार अभियानमा सामाजिक नीति, पारिवारिक नीति, पाका उमेरकाहरूको स्याहारसुसार वा स्वास्थ्यसेवासम्बन्धी मुद्दालाई सम्बोधन गरे। पुरूष सांसदहरूबीच सम्बन्धित संख्या ४४ प्रतिशत रहेको थियो। त्यही वर्ष सन् १९८५ मा ५२ प्रतिशत महिला सांसदले स्याहारसुसार नीतिलाई व्यक्तिगत रुचिको एउटा क्षेत्रको रूपमा रहेको कुरा व्यक्त गरे भने त्यस्तो भन्ने पुरूष सांसदको अनुपात १० प्रतिशत थियो।

दोस्रो महत्त्वपूर्ण परिणाम यो हो कि यद्यपि, पछिल्ला दुईवटा सर्वेक्षणहरूमा लैङ्गिक भिन्नता पाइएका थिए, त्यो खाडल पछि गएर बन्द भएको छ। यसबारे म तल फर्केर आउने छु।

रेखाचित्र ९ मा देखाइएको तेस्रो सार्थक परिणाम विभिन्न क्षेत्रहरूसँगको तुलनासँग सम्बन्धित रहेको छ। निर्वाचन अभियानको एजेन्डामा भन्दा राजनीतिज्ञहरूको व्यक्तिगत एजेन्डाको सम्बन्धमा भने लैङ्गिक भिन्नता (तिनीहरूले आफ्नो रुचिको क्षेत्रबारे भन्दाखेरि देखापर्ने) बढी रहेको थियो। यो मनन गर्नका लागि महत्त्वपूर्ण छ किनभने वाह्य नियन्त्रणका विभिन्न स्तरसँग विभिन्न क्षेत्रहरू देखाउन सकिन्छ। उदाहरणका लागि निर्वाचन अभियान एउटा सोचनीय हदसम्म पार्टीहरूद्वारा केन्द्रीय रूपमा नियन्त्रण गरिएको क्षेत्र हो। 'व्यक्तिगत रुचि' को सूचकलाई राजनीतिको दुनियाँमा दैनिक रूपमा के भइरहेको छ अर्थात् बैठकहरू, समितिहरू इत्यादिमा महिला सरोकारलाई कसले अगाडि ल्याइरहेको छ भन्ने कुरासँग सबै भन्दा असलरूपमा सम्बन्धित एउटा उपाय हो भनेर मान्न सकिन्छ।

यसअगाडि कुनै निष्कर्ष निकाल्नुभन्दा पहिले हामीले तोकेर भन्नु पर्दा लैङ्गिक समानताका आयामहरूबारे पनि सोच्नुपर्छ। महिलाहरूको सरोकारबारे यदि हामीले अझ बढी साँघुरो परिभाषा लिएर लैङ्गिक सन्तुलनतर्फ मात्र लक्षित रहेका नीतिगत प्राथमिकताहरूलाई मात्र समावेश गर्‍यौं भने के हुन्छ ? रेखाचित्र १० ले सन् १९८५, १९९४ र २००२ मा लैङ्गिक समानतालाई अभियान मुद्दा वा व्यक्तिगत रुचिको एउटा क्षेत्रको रूपमा सुस्पष्टरूपले उल्लेख गरेका महिला तथा पुरूष सांसदहरूको संख्यालाई देखाउँछ।

**रेखाचित्र १०: स्विडेनका सांसदहरुका कार्यसूचीमा लैङ्गिक समानता, १९८५ - २००२**




**टिप्पणी:** रेखाचित्रले निम्नक्रममा पढिएका दुईवटा खुल्ला प्रश्नप्रतिको प्रतिक्रियालाई देखाउँछ:

'यस वर्षको निर्वाचनभन्दा पहिलेको तपाईंको चुनाव प्रचार अभियान कार्यमा धेरैजसो कुन मुद्दाहरू वा समस्याहरूलाई जोड दिनुभयो ?' (बढीमा पाँचवटा मुद्दा उल्लेख गर्न सकिन्छ), अनि 'तपाई व्यक्तिगतरूपमा कुन राजनैतिक मुद्दा क्षेत्रहरूमा सबैभन्दा बढी रुचि राख्नु हुन्छ ?' (बढीमा तीनवटा मुद्दा उल्लेख गर्न सकिन्छ) प्रतिक्रियाहरूलाई एउटा गहन सङ्केत प्रणालीअनुसार सङ्केत गरिएको थियो। देखाइएका संख्याहरू महिला सरोकारलाई मुद्दाहरूका समूहमध्ये दुईमा एकमा समावेश गरेका महिला र पुरूष सांसदका प्रतिशत हुन्। 'लैङ्गिक समानता' वर्गमा लैङ्गिक सन्तुलन (महिला प्रवर्द्धन) बारेका प्रतिक्रियाहरू थिए। उत्तरदाताहरूको संख्याहरू (महिला:पुरूष) सन् १९८५ मा ९६:२१८, सन् १९९४ मा १३२:१९०, र सन् २००२ मा १४२:१७५ रहेको थियो। सन् १९७६ देखि स्विडेनको संसदमा जम्मा सांसद संख्या ३४९ रहेको छ।

**स्रोत:** सन् १९८५, १९८८ र १९९४ का संसदीय अध्ययनहरू। स्विडेनको निर्वाचन अध्ययन कार्यक्रम, राजनीतिशास्त्र विभाग, गोटेनवर्ग विश्वविद्यालय।

सरसर्ती हेर्दा देखिएअनुसार यसप्रकारले परिभाषित गरिँदाखेरि स्विडेनमा राजनैतिक एजेन्डामा महिला सरोकारहरू कम देखापर्ने मुद्दा हुन्। तर मुख्य परिणाम यो हो कि तिनका पुरूष सहकर्मीहरूभन्दा महिला सांसदहरू यस क्षेत्रमा बढी गहकिलो रूपमा संलग्न रहेका छन्, यसको एकमात्र अपवाद सन् २००२ को निर्वाचन प्रचार अभियान हो।

माथि प्रस्तुत गरिएको भन्दा सूचकहरूको एउटा फराकिलो श्रेणीमाथि भर परेर स्विडेनका सांसदहरूबीचको अनुसन्धानबाट दुईवटा महत्त्वपूर्ण निष्कर्ष निकाल्न सकिन्छ।

पहिलो निष्कर्ष त्यस्ता क्षेत्रहरू रहेका छन्, जसलाई राजनीतिमा रहेका पुरूषहरूले विरलैरूपमा मात्र प्रवर्द्धन गरिएका छन् भन्ने हो। लैङ्गिक समानता त्यसको एउटा उदाहरण हो। मेरो निष्कर्ष यो हो कि यो मुद्दा त्यस्तो मुद्दा हो, जसलाई राजनैतिक एजेन्डामा महिलाहरूले राखेका छन्। महिला राजनीतिज्ञहरूबिना लैङ्गिक समानताको मुद्दामा मौनता रहन पनि सक्छ भन्ने एउटा जोखिम रहेको छ। यहाँ धेरै हदसम्म महिलाहरू छलफलका निमित्त पहल गर्छन्।

दोस्रो निष्कर्ष यो हो कि त्यस्ता केही क्षेत्र रहेका छन् जहाँ हामीले अझ बढी महिलालाई जिताउँदाखेरि जोड दिइएका कुरामा परिवर्तन आएको हामीले थाहा पाउन सक्छौं । ती क्षेत्रहरू सामाजिक नीति, पारिवारिक नीति र पाको उमेरकाहरूको हेरचाहजस्ता हेरचाहको राजनीतिसँग सम्बन्धित रहेका छन् । मैले जोड दिएको कुरामा परिवर्तन भन्नुको अर्थ के हो ? पुरूषहरूले प्रभावकारी ढङ्गले यस प्रकारका मुद्दाहरूलाई प्रवर्द्धन गर्छन्, तर भिन्नता यो रहेको छ कि महिलाहरूले तिनीहरूलाई त्यसभन्दा बढी प्राथमिकता दिन्छन् । स्विडेनको राजनीतिमा महिला तथा पुरूष आयाम स्पष्टसँग रहेको छ । यसप्रकारले संसदमा महिलाहरूको उच्च संख्याको अर्थ महिला आयाम अझ बलियो हुनु हो भन्ने कुरालाई म कायम राख्छु ।

## *श्रम विभाजन वा वास्तविक आमूल परिवर्तन ?*

माथि प्रस्तुत गरिएका निष्कर्षहरूलाई दुईवटा भिन्न कोणबाट हेर्न सकिन्छ, लिङ्गमा आधारित शास्त्रीय श्रमविभाजनको रूपमा वा अझ बढी गतिशीलरूपले एउटा वास्तविक आमूल परिवर्तनको रूपमा । हरफहरूको बीचमा पढ्दै, म यो गतिशील आमूल परिवर्तन हो भन्ने व्याख्याको पक्ष लिनतर्फ प्रवृत्त हुन्छु । यद्यपि, यसलाई साँचो हो भनेर मान्नु हुँदैन । यस घटना अध्ययनमा प्रस्तुत गरिएका जस्ता विश्लेषणहरूलाई लैङ्गिक चेतना वा लैङ्गिक संवेदनशीलताबारेका अध्ययनहरूका साथै सांसदहरूको व्यवस्थापिका क्षेत्रबाहिरका महिला सङ्गठनहरूसँगको सम्पर्कबारेका सर्वेक्षणद्वारा सार्थक ढङ्गले पुष्टि गरिएका छन् । कुरा वा वस्तुहरूलाई परिवर्तन गर्न सक्षम हुनका लागि महिला राजनीतिज्ञहरूलाई एउटा मञ्चको आवश्यकता रहेको हुन्छ ।

तालिका १८ ले स्विडेनका सांसद र महिला सङ्गठनहरूबीच रहेको सम्पर्कको मात्रा देखाउँछ । यसले सूचित गरेअनुसार महिला सङ्गठनहरूसँग पुरूष राजनीतिज्ञहरूभन्दा महिला राजनीतिज्ञ बढी सम्पर्कमा रहेका छन् । एउटा समूहको रूपमा लिएर त्यसकारणले व्यवस्थापिका क्षेत्रभन्दा बाहिर तिनीहरूको एउटा मञ्च रहेको छ । यसबारे म अन्य कुनै पनि रेखाचित्र उपलब्ध गराउँदिनँ, तर हाम्रो तथ्याङ्कले पनि सूचित गर्छ कि यस अर्थमा महिलाहरू लिङ्ग संवेदनशील छन् कि तिनीहरू भविष्यमा अझ बढी लैङ्गिक समानतातर्फ लक्षित परिवर्तनका पक्षमा बढी बलियोसँग लागेका छन् । आमूल परिवर्तन भएको छ भन्ने ठहरलाई समर्थन गर्ने एउटा थप तरिका राजनीतिज्ञहरूलाई नै सोध्नु हो । सन् १९९४ मा हामीले सांसदहरूलाई निम्नलिखित प्रश्नहरू सोध्यौं- 'विगतका २० वर्षमा स्विडेनको व्यवस्थापिकामा धेरैजसो पार्टीमा महिलाको अनुपातमा वृद्धि भएको छ । महिलाहरूको बढ्दो प्रतिनिधित्वका कारण आफ्नो पार्टीको अवस्थामा परिवर्तन आएको छ भन्ने विश्वास गर्ने तपाईंसँग ठोस मुद्दाहरू रहेका छन् ?' बहुसंख्यक स्विडिस सांसद (महिलामध्ये ७५ प्रतिशत र पुरूषमध्ये ५० प्रतिशत) परिवर्तन भएका छन् भन्ने कुरामा सहमत भए, अनि सबैभन्दा बढी उल्लेख गरिएका क्षेत्रमा लैङ्गिक समानता, पारिवारिक नीति र सामाजिक नीति थिए ।

**तालिका १८ : स्विडिस सांसदहरू तथा महिला सङ्गठनहरूबीचको सम्पर्कको हद**

| | अनवरत सम्पर्क (प्रतिशत) | | | कुनै सम्पर्क छैन (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| वर्ष | महिला सांसदहरू | पुरूष सांसदहरू | भिन्नता | महिला सांसदहरू | पुरूष सांसदहरू | भिन्नता |
| १९८५ | ५५ | ९ | +४६ | ४ | १४ | -१० |
| १९९४ | ५१ | ४ | +४७ | ४ | १८ | -१४ |
| २००२ | ४० | ६ | +३४ | ३ | १४ | -११ |

**टिप्पणी**: प्रश्न यस प्रकार थियो: यो प्रश्न एकजना राजनीतिज्ञको रूपमा विगतमा विभिन्न सङ्गठन, समूह र अधिकारीहरूसँग तपाईंको सम्पर्कबारे सम्बन्धित रहेको छ । त्यो सम्पर्क कसरी बनाइएको थियो भन्ने कुरालाई बेवास्ता गर्दै बितेका वर्षहरूमा तपाईंले व्यक्तिगतरूपमा वा पत्र पठाएर तल सूचीमा रहेका सङ्गठन, समूह वा अधिकारीहरूमध्येका कुनैसँग कत्तिको सम्पर्कमा हुनुहुन्छ ?' सांसदहरूलाई करिब २० वटा विभिन्न सङ्गठनसँग आफ्नो सम्पर्कको हदबारे बताउन भनिएको थियो । जसमध्ये महिला सङ्गठनहरूलाई सूचीकृत गरिएका थिए । आफ्ना प्रतिक्रियाहरूमा तिनीहरूले सम्पर्क हप्ताको कम्तीमा एक पटक, महिनामा एक वा दुई पटक, विशेष अवसरहरूमा कुनै बेला वा कहिले पनि भएन भनेर बताउन सक्थे । तालिकाले एक हप्तामा एक पटक वा महिनामा एक वा दुई पटक अनवरत सम्पर्क भनेर उत्तर दिनेहरू र कहिले पनि सम्पर्क भएन (कुनै सम्पर्क नभएको) भनेर उत्तर दिनेहरूको प्रतिशतलाई देखाउँछ । उत्तरदाताका संख्या (महिला:पुरूष) सन् १९८५ मा ९६:२१८, सन् १९९४ मा १३२:१९० र सन् २००२ मा १४२:१७५ रहेको थियो । सन् १९७६ देखि स्विडेनको संसदमा जम्मा सांसद संख्या ३४९ रहेको छ ।

**स्रोत**: सन् १९८५, १९८८ र १९९४ का व्यवस्थापिका अध्ययनहरू । स्विडेनको निर्वाचन अध्ययन कार्यक्रम, राजनीतिशास्त्र विभाग, गोटेनवर्ग विश्वविद्यालय ।

## *विभिन्न चरणहरू*

यहाँ प्रस्तुत गरिएका परिणामले प्रतिनिधिमूलक लोकतन्त्रबारेका अनुसन्धानको धेरैजसो भागको स्वभाव वर्णन गर्ने भनेर अझसम्म सम्झना गर्नुपर्ने प्रतिबिम्बित नगर्ने खालको वा बेस्वाँगको 'लैङ्गिक तटस्थता' लाई चुनौती दिन्छन् । तर यो पनि सम्झनु पर्छ कि लिङ्गले कुनै फरक पारे पनि कट्टरताका साथ वा विश्वव्यापी रुपले त्यस्तो हुँदैन । माथि प्रस्तुत गरिएका मुख्य निष्कर्षहरू हामीले पार्टी सम्बद्धता, उमेर, शिक्षा, संसदीय अनुभव इत्यादिलाई गणनामा लिएमा पनि टड्कारो रूपमा देखिन्छ । यद्यपि, यसको अर्थ यो होइन कि सबै पार्टीमा महिलाहरू उस्तै प्रकारले व्यवहार गर्छन् वा सोच्छन्, यस हातेपुस्तकका अन्य अध्यायहरुमा उल्लेख भएअनुसार पार्टीको विचारका साथै अन्य कैयन् सोच-विचारबारे पनि सोच्नै पर्छ ।

यहाँ वर्णन गरिएका ढाँचाहरू हाल भएका शक्तिका सम्बन्धलाई परिवर्तन गर्नुभन्दा पुष्टि गर्नमा प्राकृतिकरूपले एउटा जोखिम रहेको छ । यद्यपि, यो सम्भावित छ कि हामीसँग हातमा जे छ त्यो विभिन्न चरणहरूका सम्बन्धमा वर्णन गर्न सकिने एउटा प्रगति हो । राजनीतिको

सामाजिक कल्याणको पक्षमाथि बढी जोड दिनमा महिलाहरूले ऐतिहासिकरूपले योगदान दिएका छन् भन्ने तथ्यको अर्थ आवश्यकरूपले तिनीहरूले आफूलाई यस क्षेत्रमा सधैँ जकडेर राख्नुपर्छ भन्ने होइन । लामो समयसम्मको परिप्रेक्ष्यबाट हेरिएमा, वास्तवमा महिला र पुरूषले करिव त्यही हदसम्म सम्पूर्ण राजनैतिक क्षेत्रमा शक्ति र प्रभावको अभ्यास गरेनन् भने यो असुहाउँदो हुन्छ । यद्यपि, मलाई विश्वास छ, राजनीतिको विषयवस्तुको सम्बन्धमा देखापर्ने 'पुलिङ्ग' र 'स्त्रीलिङ्ग' का ढाँचाहरू देखापर्ने एउटा चरणबाट नगुज्रिकन महिला सांसदहरूको न्यून अनुपातबाट उच्च अनुपातमा जान प्रायः असम्भव छ ।

भरखरैका वर्षहरूमा लैङ्गिक खाडललाई पुर्न प्रयासहरू भएका छन् । यसका लागि सबैभन्दा देखिने क्षेत्र स्विडेनको व्यवस्थापिकामा सञ्चालक समितिको बनौट हो । भिन्न क्षेत्रलाई हेर्ने त्यहाँ जम्मा १६ वटा स्थायी समिति रहेका छन् । सन् १९८० को दशक र १९९० को सुरुआतमा सामाजिक बिमा, स्वास्थ्य तथा कल्याण, शिक्षा तथा श्रमबजार समितिजस्ता सामाजिक कल्याणबारे काम गर्ने समितिमा महिलाहरू *अधिक प्रतिनिधित्वमा* रहेका थिए (संसदीय औसतको तुलनामा) । सँगसँगै आर्थिक वा कर, वित्त, उद्योग र व्यापार तथा यातायातजस्ता प्राविधिक मुद्दासम्बन्धी कार्य गर्ने समितिमा तिनीहरूको *प्रतिनिधित्व न्यून* रहेको थियो । यद्यपि, सन् १९९४ को निर्वाचनदेखि 'प्रत्येक दोस्रो सिट एउटी महिलाका निमित्त' भन्ने नाराले स्विडेनको राजनीतिमा वास्तवमा जरा गाडेपछि त्यो छवि बढी सन्तुलित भएको छ । यसपछाडिको व्याख्या एउटा संस्थागत स्तरमा पाइन्छः विभिन्न पार्टीका नेतृत्वले परिवर्तन गर्ने निर्णय गरे । यो भित्र (महिला संघ तथा अन्य) र पार्टीबाहिर रहेका नारीवादी सञ्जालहरू दुवै तर्फबाट द्वैध दबाबको परिणाम थियो ।

## *परिवर्तनहरू कसरी ल्याइए ?*

यस घटना अध्ययनबाट पाइएका महत्त्वपूर्ण ठहरमध्येको एक यो हो कि 'लुकेका' क्षेत्रहरूमा सुस्त गतिमा परिवर्तन प्रायजसो भइरहन्छन् । 'मुख्य उपलब्धिहरू के के हुन् ?' वा 'परिवर्तनहरू कसरी ल्याइए ?' भन्नेजस्ता प्रश्नका दुरुस्त उत्तर दिनु कठिन हुन्छ । यद्यपि, कैयन् सूचकले एकै दिशातर्फ औँल्याउाछन् : संसदमा दिइएका भाषणबारेका अध्ययनहरू वा अगाडि ल्याइएका प्रस्ताव तथा विधेयकहरूले पनि लिङ्गको महत्वलाई दर्शाउँछ। यद्यपि, किञ्चित छुटेको कुरा उपज पक्षबारेको अध्ययन अर्थात् नागरिकमाथि राजनीति (वा नीतिहरू) को वास्तविक असर हो ।

अर्कोतर्फ, लगातार उल्लेख गरिने गरिएको महिलाका निमित्त महत्त्वपूर्ण उपलब्धि स्विडेनमा बाबुआमा दुवैलाई दिइएको सुत्केरी बिदाका तुलनात्मकरूपले उदार प्रणाली हो । यस बिदा प्रणालीले महिला तथा पुरूष दुवैलाई बालबालिकाको स्याहारसुसार गर्ने उत्तर दायित्वमा सक्रिय भूमिका लिन सक्षम बनाउने प्रयास पनि गर्छ। अझै, अन्य कैयन् राष्ट्र जस्तै स्विडेनमा लैङ्गिक भेदभावविरुद्ध र गर्भपतन अधिकारबारेको कानुन रहेको छ ।

त्यस्तै, न्यून अनुसन्धान भएकाहरु क्षेत्र परिवर्तन ल्याउनका लागि प्रयोग गरिएका यथार्थ रणनीतिहरू हुन् । यद्यपि, केही अन्य अभिलक्षणबारे यहाँ चर्चा गर्न सकिन्छ ।

१. पुरूषहरूसँगको साझेदारी र सहयोग एउटा महत्त्वपूर्ण कारक तत्त्व हो ।

२. एकीकरणबारे पहिला चर्चा गरिसकियो र स्विडेनका महिलाहरूले धेरै ठूलो हदसम्म स्थापित पार्टी संरचनाभित्र कार्य गर्न छानेको कुरा महत्त्वपूर्ण रहेको भनेर रेखाङ्कन गर्नु महत्त्वपूर्ण छ ।

३. त्यही समयमा तिनीहरूले आफ्नै संघ तथा सञ्जालहरू गठन गरेका छन् र संसद बाहिर का महिलाहरूसँगको सम्पर्कमा रहेका छन् ।

यसरी कार्य गर्नुलाई *'द्वैध रणनीति'* भनिएको छ, जसलाई महिला सांसदहरू महिला सङ्गठनहरूसँग एकसाथ कार्य गरिरहेको तर पुरूषहरूसँग पनि एकसाथ कार्य गरिरहेको रूपमा बुझ्न सकिन्छ ।

स्विडेनको संसदका पूर्व सभामुख बिरगिटा डाहलले अख्तियार गरेका रणनीतिबारेका अन्य केही बढी ठोस उदाहरणमा समावेश रहेका छन्, जसले सन् १९९० को दशकताका लैङ्गिक समानताबारेका विभिन्न पक्ष, तर फराकिलो अर्थमा लोकतन्त्रबारे पनि छलफल गर्नका लागि पाहुनाहरूलाई निम्त्याएर संसदीय बैठकको शृङ्खला प्रवेश गराउनुभयो । राजधानीबाहिरका साना बालबच्चाहरू भएका सांसदलाई स्टकहोममा कम्तीमा केही समयका लागि भए पनि आफ्नो परिवारका साथ रहनमा सक्षम बनाउन संसदमा एउटा बाल स्याहारसुसार केन्द्रलाई पनि प्रवेश गराइएको थियो ।

## *गौरवशाली संसार होइन*

मैले 'चरणबद्ध विकास' भन्ने अभिव्यक्ति प्रयोग गर्दाखेरि रेखात्मक विकासको अपेक्षा गर्न सकिँदैन भन्ने कुराको महत्त्व दर्शाउन चाहन्छु । कैयन कुराले निकै राम्ररी काम गरे तापनि स्विडेन महिलाका निमित्त एउटा गौरवशाली संसार होइन । स्विडेनको राजनीतिमा रहेका महिलाहरूले समेत चुनौतीको सामना गर्नेछन् र परिवर्तन नहुने (स्टेरियो टाइप) को विषय बन्ने छन् । प्रश्न वास्तविक अर्थमा हामीले कहिल्यै महिलाहरू कसैको अधिन नभएको लैङ्गिक समानता भएको समाज प्राप्त गर्छौं कि गर्दैनौं भन्नेबारे हो । हालैका वर्षहरूमा स्विडेनको अर्थव्यवस्था दबाबमा परेका बखतमा महिलाका निमित्त पनि बित्यास आएको छ । स्विडेनको अनुभवबाट हामीले के सिक्न सक्छौं भने राजनैतिक प्रणालीमा धौंधौ परेका यी अवस्थामा महिला सरोकारहरूबारे अझ बढी सावधान हुनुपर्छ ।

लैङ्गिक समानता उत्साही तर अव्यावहारिक (युटोपिया) लक्ष्य रहे पनि हामीले महिला र पुरूषबीच *अझ बढी* समानतामा पुग्ने सम्भाव्यतामाथि विश्वास गर्नुपर्छ । त्यो महत्वाकांक्षा साकार पार्ने प्रक्रियामा महिला सांसदहरू महत्त्वपूर्ण पात्र हुन् ।

## पादटिप्पणी

१. Most of this case study builds on research presented in the author's dissertation (Wängnerud 1998) and related work (Wängnerud 2000a and 2000b). However, a deeper study of the process within the parties is presented in Wängnerud 2001, and indicators relating to political participation among female citizens are presented in Oskarson and Wängnerud 1995. The Swedish Election Study Program sends questionnaires to voters as well as to MPs. Sören Holmberg, Peter Esaiasson and Martin Brothén have also been responsible for the investigations referred to in the text. Some figures have been updated for this case study and have not been published elsewhere.

## सन्दर्भ सामग्री र अध्ययन सामग्री


Oskarson, Maria and Lena Wängnerud, 1995. *Kvinnor som väljare och valda: Om betydelsen av kön i svensk politik* [Women as voters and elected MPs: On the importance of gender within Swedish politics]. Lund: Studentlitteratur

Wängnerud, Lena, 1998. *Politikens andra sida. Om kvinnorepresentation i den svenska riksdagen* [The second face of democracy: Women's representation in the Swedish Parliament]. Gothenburg: Göteborg Studies in Politics

— 2000a, 'Testing the Politics of Presence: Women's Representation in the Swedish Riksdag'. *Scandinavian Political Studies*. Vol. 23, no. 1, pp. 67–91

— 2000b, 'Representing Women', in Peter Esaiasson and Knut Heidar. *Beyond Westminster and Congress. The Nordic Experience*. Columbus: Ohio State University Press

— 2001, 'Kvinnors röst: En kamp mellan partier' [Female votes: A competition between parties], in Christer Jönsson (ed.), *Rösträtten 80 år* [Eighty years of the suffrage]. Forskarantologi. Stockholm: Justitiedepartementet

# अध्याय ६

# निष्कर्ष

'यो समयमा बाँच्नु परेकोमा आफूलाई अभागी नठान्नुहोस् । बरु अत्यन्त भाग्यमानी भएको सोच्नुहोस् किनभने तपाईसँग न्याय र अन्य मानव कल्याणका लागि काम गर्ने एउटा अवसर छ । यस्तो अवसर सबैका लागि सधैँ आउँदैन ।'

*आङ साङ सु की*

यस हातेपुस्तकको मुख्य उद्देश्य संसदमा महिला सहभागिताको प्रक्रियाबारे एउटा व्यापक सिंहावलोकन उपलब्ध गराउनु थियो, साथै घटना अध्ययनहरूको स्रोत देखाउँदै संसदीय संरचनाहरूमा महिलाको योगदान र प्रभावकारितालाई उच्च बनाउन महिला सांसदका अनुभवहरू प्रतिबिम्बित हुने र ती अनुभवसम्म पहुँच प्राप्त गर्ने घटना अध्ययनहरूको स्रोत देखाउँदै केही ठोस रणनीतिहरू महत्वपूर्ण भएको दर्साउनु पनि थियो । प्रत्येक अध्यायमा महिला सहभागिताका अवरोधहरूदेखि लिएर तिनलाई पराजित गर्ने संयन्त्र र प्रभाव पार्ने उपायसम्मको प्रक्रियालाई भिन्न भिन्न कोणहरूबाट विवेचना गरिएको छ । यहाँ केलाइएका अनुभवहरु प्रायोगिक र विज्ञहरुको ज्ञानका उपज हुन्, जसले विश्वका प्रत्येक कुनाबाट शक्तिको द्वारसम्म पुग्न महिलाहरूले गर्ने यात्राका पछाडि रहेको कथा प्रस्तुत गर्दछ ।

यी विशेषताहरु आइडियाको पद्धतिमा अनुपम हुन् : तथ्यहरू निकाल्नु, वास्तविक सत्यता, एकत्रित ज्ञान तथा अनुभवहरू, सशक्त समूहको निर्माण, संस्थाहरूको प्रयोग तथा व्यापक राजनैतिक प्रक्रियाहरूमा फरक ल्याउन आवश्यक रणनैतिक गठबन्धनहरू बनाउने दुवै कुरामा जोड दिनु, एवम् उपलब्ध गराइएका सूचनाहरूले पूर्व, पश्चिम, उत्तर र दक्षिणका महिलाका वास्तविकताहरूलाई प्रतिबिम्बित गरेको निश्चय गर्नु ।

# १. मुद्दा तथा अवरोधहरू

महिला सहभागिता र तिनीहरुको पक्षमा उपलब्ध गराइएका सुविधाहरु किन यस्ता, र राम्रा देखिने भएकाले तिनीहरु सजावटका निमित्त नै हुन् त भन्नेबारे रूपरेखा कोर्दै हामीले प्रारम्भ गऱ्यौँ । कुनै पनि राजनैतिक प्रक्रियामा महिलाहरूको योगदान एउटा आधारभूत मानवअधिकार किन हो भन्ने र आधारभूत प्राविधिक, सामाजिक, आर्थिक र राजनैतिक रुपान्तरणबिना समकालीन विश्व-समाजले त्यो प्राप्त गर्न सक्दैन भन्ने आवश्यकताबारे हामीले व्याख्या गऱ्यौँ । कुरा अझ स्पष्ट छ : विश्व जनसंख्याको आधा भाग महिला रहेका छन् । सबै विषयमा तिनीहरूको दृष्टिकोण, अनि राजनीतिमा तिनको सक्रिय तथा समतामूलक संलग्नता नागरिक संलग्नताको कुनै पनि प्रक्रियाको एउटा अभिन्न पक्ष हो । साथै, राजनीति भनेको जनतालाई शासन गर्ने विषय भएकाले प्रभावित वर्गको प्रतिनिधिमूलक अनि न्यायपूर्ण समावेशबिना शासन गर्न सकिन्छ भनेर विश्वास गर्न सम्भव छैन ।

सामान्यतया महिलाको राजनीति र विशेषतः संसदमा प्रवेश गर्ने सिलसिलामा देखा पर्ने केही अवरोधबारे ध्यान दिँदै **अध्याय २** ले महिलाहरूले सामना गर्नुपर्ने समस्या र तिनमा रहेका आकांक्षाहरूबीचको आपसी सम्बन्ध महत्वपूर्ण रहेको भन्ने कुरा दर्साएको छ । तसर्थ, राजनैतिक, आर्थिक, सामाजिक, वैचारिक र मनोवैज्ञानिक अवरोधहरूमा वर्गीकरण गरेर हामीले ती अवरोधबारे विस्तृत सिंहावलोकन प्रस्तुत गऱ्यौँ । संक्षेपमा केही मुख्य अवरोधलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- राजनैतिक पार्टीको सहयोगमा कमी,
- महिला सांसदहरू र अन्य सार्वजनिक सङ्गठनहरूबीच समन्वय र सहयोग सञ्जालको कमी,
- महिलाको सार्वजनिक सहभागितामा अवरोध पुऱ्याउने पुरूषमुखी मान्यता र पुरूषहरूको हालीमुहाली भएको संरचनाको प्रभुत्व,
- सञ्चार जगत्को सहयोगको अपर्याप्त परिचालन,
- महिलाका निमित्त उच्च स्तरको नेतृत्वमुखी तालिम र शिक्षाको कमी,
- महिला सहभागिताका निमित्त सहयोगी नभएको निर्वाचन प्रणाली र
- कोटा आरक्षणमा कमी ।

अरब राष्ट्रहरू, इक्वेडोर र इन्डोनेसियासम्बन्धी घटना अध्ययनले आर्थिक, सामाजिक, सांस्कृतिक र भूराजनैतिक भिन्नता हुँदाहुँदै पनि महिला सहभागिताका यी साझा अवरोधहरू महत्वपूर्ण रहेको दर्साउँछ । यी क्षेत्रका महिलाका निमित्त पुरूषको हालीमुहाली रहेका संघ-संस्थाहरूको विद्यमानता, महिला समावेशविरुद्ध कार्य गर्ने राजनैतिक, कानुनी र निर्वाचनसम्बन्धी खाकाहरू, महिला उम्मेदवारलाई समर्थन गर्न वा अनुमोदन गर्न हिच्किचाउने राजनैतिक पार्टीहरू, सञ्चारमाध्यमको सहयोगको कमी र द्रुत गतिमा परिवर्तनशील

राजनैतिक नक्साका अतिरिक्त प्रत्यक्ष राजनैतिक परिधि बाहिरका नागरिक संस्थाहरुसँग अपर्याप्त सञ्जाल रणनीतिहरु सबैले महिला प्रतिनिधित्वका लागि निरन्तर चुनौती खडा गर्छन् ।

## २. अवरोधहरूलाई परास्त गर्नु

**अध्याय** ३ मा हामीले माथि उल्लिखित अवरोधहरुमध्ये दुईवटा अवरोधको रुपमा रहेका राजनैतिक पार्टीहरू र निर्वाचन प्रणालीबारे सम्बोधन गऱ्यौं । लोकतन्त्रमा सायद सबैभन्दा रणनैतिक उत्तरदायित्वका निमित्त राजनैतिक दलहरुमाथि सर्वाधिक विश्वास गरिन्छ । ती उत्तरदायित्वहरू निर्वाचनका लागि उम्मेदवारहरू तयार गरेर छनौट गर्नु अनि तिनीहरूलाई नेतृत्वका पद र सरकारमा सहयोग गर्नु हुन् । उम्मेदवारको सूची तयार गर्ने र महिलाको राजनैतिक उन्नतिको साँचो बोकेकाले तिनीहरु राजनैतिक पार्टीहरू निर्वाचित हुने कार्यालयमा द्वारपाल झैं हुन्छन् । यस प्रक्रियामा महिलाले महिला सांसद छनौट गरिने नियमलाई ख्याल गर्नै पर्छ भन्ने तर्क गरिन्छ । महिलाहरूलाई संसदमा पुऱ्याउन निर्वाचित हुनका लागि पार्टी सूचीमा महिला समावेश र पदस्थापन अत्यावश्यक र महत्वपूर्ण हुने भएकाले पार्टीका जिम्मेवार व्यक्तिहरुले उम्मेदवार छनौट गर्ने चरण सबैभन्दा निर्णायक चरण हो । पार्टीहरू उच्च रुपमा लैङ्गिक समानता दिने निकायहरु नबनुन्जेल नेतृत्वको तहमा महिलाको पहुँचमा अवरोध आउने छ ।

समानुपातिक प्रतिनिधित्व प्रणाली (PR) ले तत्कालै महिला प्रतिनिधित्वलाई वृद्धितर्फ उन्मुख गराउने छ भन्ने कुनै सुनिश्चितता नभए पनि अनुसन्धानहरुले त्यो सही दिशातर्फको एउटा पाइला हो भनेर व्यापक रुपमा सङ्केत गरेका छन् । अध्याय तीनले के पनि सङ्केत गर्छ भने कुनै पनि प्रकारको समानुपातिक प्रतिनिधित्व प्रणालीले महिला प्रतिनिधित्वका लागि कार्य गर्छ भन्ने होइन । त्यसका विपरीत केही समानुपातिक प्रतिनिधित्व प्रणालीको तुलनामा अन्यलाई (अर्थात् निर्वाचन क्षेत्रको उच्च परिणाम र निर्वाचन सीमाको संयोजनद्वारा पार्टीको उच्च परिणामलाई सुनिश्चितता दिने) रुचाइन्छ भनेर लेखिकाले जोड दिएकी छन् । तैपनि 'तत्काल परिणामको सुनिश्चितता गर्न सकिँदैन' भनेर हामीलाई सावधान गराइन्छ । यद्यपि, बहुमतीय प्रणालीभन्दा समानुपातिक प्रतिनिधित्व प्रणालीका फाइदालाई फ्रान्सको घटना अध्ययनले स्पष्ट पारेको छ, जसले प्रचलित निर्वाचन प्रणालीका कारण विभिन्न संसदमा महिला प्रतिनिधित्वमा रहेको व्यापक भिन्नताको चित्रण गर्छ । निर्वाचन प्रणालीका प्रकारबाहेक महिला सांसदहरू र तिनीहरू संलग्न राजनैतिक पार्टीका साथै सांसदहरू र संसद बाहिरका अन्य सरोकारवाला सङ्गठनका बीचमा संयोजन र सङ्गठनको आवश्यकता छ । अर्को शब्दमा 'निर्वाचन प्रणाली परिवर्तन गर्नु संसदमा महिला प्रतिनिधित्व अभिवृद्धि गर्नका लागि अपनाइने व्यापक रणनीतिको एउटा भाग मात्र हो ।'

**अध्याय** ४ ले महिला प्रतिनिधित्व वृद्धि गर्ने अर्को संयन्त्रको रुपमा कोटा प्रणालीलाई हेर्दछ । यहाँ, कोटा प्रणालीका पक्षविपक्षहरूबारे छलफल गरिएको छ । प्रयोग गरिएका विभिन्न प्रकारका कोटा प्रणालीलाई परिभाषित गरिएको छ (नर्डिक राष्ट्रहरूको अनुभवबारेको संक्षिप्त

सिंहावलोकनका साथ) र राजनैतिक पार्टीहरू तथा कोटा प्रणालीबीच सम्बन्धका साथै द्वन्द्वपछिका समाजहरूको गतिशीलता र कोटा प्रणाली कार्यान्वयनबारे निर्क्योल गरिएको छ। वास्तवमा कोटा प्रणालीको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि कोटा प्रणालीसम्बन्धी ऐनहरू मात्र पर्याप्त छैनन् भनेर तर्क गरिन्छ। केले फरक पार्छ भने कोटा प्रणाली 'सुरुआतदेखि नै राजनैतिक पार्टीको छनौट र नामाङ्कन प्रक्रियामा अनिवार्यरूपले निहित हुनुपर्छ।'

कोटा प्रणालीसम्बन्धी ऐन जति अस्पष्ट हुन्छ त्यति नै ती प्रभावकारी नहुने सम्भावना हुन्छ भनेर लेखिकाले हामीलाई चेतावनी दिएकी छन्। यस प्रणालीका निमित्त निर्दिष्ट आवश्यकताहरूको अनुपालन नभएको खण्डमा कुनै किसिमको अनुज्ञा आवश्यक हुनुपर्छ भनेर उनले निरन्तरता दिएकी छन्।

राजनीतिमा महिला अभियानको द्रुत गतिको आवाजलाई प्रतिध्वनित गर्दै लेखिकाले कोटा प्रणालीको सफल कार्यान्वयनबारे निश्चय गर्न महिला सङ्गठनहरूबाट दबाब आवश्यक छ भनेर जोड दिन्छिन् र संसदीय संरचनामा महिला प्रवेशका सबै अवरोधलाई कोटा प्रणालीले मात्र निर्मूल गर्न सक्दैन भन्ने कुरालाई मनमा राख्न हामीलाई अनुरोध गर्दछिन्।

ल्याटिन अमेरिका र दक्षिण एसिया क्षेत्रीय घटना अध्ययनहरूका साथ अर्जेन्टिना, बुर्किना फासो, फ्रान्स र रुवान्डाका घटना अध्ययनले निर्वाचन प्रणाली, राजनैतिक पार्टी र कोटा प्रणालीबीचको अन्तरक्रियाबारे विभिन्न अनुभवजनित चिन्तनहरू उपलब्ध गराउँछन्। लेखिका के स्वीकार गर्दछिन् भने ल्याटिन अमेरिकामा निर्वाचन प्रणाली र कोटा प्रणालीले केही राष्ट्रका संसदमा रहेका महिलालाई लाभ पुऱ्याए पनि हठी लैङ्गिक प्रवृत्ति र पार्टी नेतृत्वमा पुरूषहरूसँग समानताको प्राप्तिमा कमी जस्ता ठूला चुनौती रहेका छन्। तर घटना अध्ययनले 'महिलाहरू उपस्थित भए तापनि तिनीहरूले लैङ्गिक समानताको एजेन्डा प्रवर्द्धन गर्न सधैं कार्य गर्दैनन्' भनेर कमै चर्चा गरिएको संख्याभन्दा धेरै परसम्म प्रभाव पार्ने विषयतर्फ पनि औंल्याइएको छ। तैपनि यस टिप्पणीलाई लेखिकाले 'सायद नवआगन्तुकहरूको एउटा समूहले त्यस्तो तीव्र गतिमा राजनैतिक बजारको तर्कलाई रूपान्तर गर्न सक्ला भनेर अपेक्षा गर्नु उचित हुँदैन। महिलालाई शक्तिमा पुऱ्याउनु एउटा कुरा हो भने राजनीतिज्ञहरूको व्यवहारलाई रूपान्तर गर्नु नितान्त अर्को कुरा हो' भन्ने टिप्पणी गरेर सन्तुलन गरेकी छन्। भारत, बङ्गलादेश र पाकिस्तानमा कोटा प्रणालीद्वारा प्राप्त उपलब्धि हेर्दा दक्षिण एसियाको घटना अध्ययनकी लेखिकाले ल्याटिन अमेरिका र बुर्किना फासोमा उठाइएको बुँदालाई मुखरित गरेकी छिन्। जसमा उनले बहुसंख्यकको आयमा रहेको असमानता र आर्थिक निर्बलीकरणले कैयन् महिलाहरुको आधारभूत क्षमतामा भएको कमीमा प्रभावकारी रूपले रूपान्तरित हुन्छ अनि त्यसप्रकारले तिनीहरू नेतृत्वका निमित्त योग्य समूहबाट बाहिर नै रहन बाध्य हुन्छन् भनेर सूचित गराएकी छिन्। लेखिका टिप्पणी गर्दछिन् 'केही फेरबदल हुँदाहुँदै पनि स्थानीय राजनीतिमा मध्यम र उच्चवर्गको निरन्तर प्रभुत्वको अर्थ विशेष विधिले महिलाहरूबीचको भिन्नतामाथि खेलबाड गरिएको छ...तल्लो जातका महिलाहरूले आफ्नै समुदायको सन्तोषजनक प्रतिनिधित्व गर्नमा कठिनाइ भएको पाउँछन् भने त्यसै बखत तिनीहरू कुनै पनि सामान्यीकरण गरिएको महिला सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम

रहेका छैनन् ।' द्वन्द्वपछिको असामान्य अवस्थाको रुवान्डाको घटना अध्ययनकी लेखिका पनि महिला सांसदहरूले 'आधारभूत विकासको आवश्यकता अति वृहत् भएको र अधिकार, अवस्था र स्रोतहरूमाथिको पहुँच र शिक्षामा पुरूषहरूभन्दा पछाडि परेका महिलाले आफ्नो निर्वाचन क्षेत्रप्रति बफादार रहँदै, उदाहरणका लागि विदेश मामिलाजस्ता मुद्दाहरूको नयाँ लहरभित्र लैङ्गिक परिप्रेक्ष्य प्रवेश गराउने विधिहरू खोज्नै पर्ने भएकाले महिलाहरु दोहोरो बोझ उठाउँछन्' भनेर टिप्पणी गर्दै सहमति जनाएकी छन् ।

## ३. असर पार्नु

महिलाहरूको राजनैतिक सहभागितासँग सम्बन्धित विभिन्न चुनौतीबारे वर्णन गर्नु तुलनात्मक रूपमा सजिलो छ, तर महिलाको सामर्थ्य र आफूले रोजेका पेसामा तिनले पारेको सकारात्मक भिन्नतालाई कदर गर्नु निकै गाह्रो छ । यस हातेपुस्तकको दोस्रो विषय राजनैतिक प्रक्रियामा असर पार्न संसदमा महिलाहरू 'संख्याभन्दा पर' कसरी जान सक्छन् भन्नेबारे केन्द्रित रहनतर्फ लाग्छ । **अध्याय ५** ले महिलाले प्रायजसो विधायकले 'नियमको रणनीति' लागू गरेर स्वभाव बयान गर्ने अन्तर्भूत 'संस्थागत पुल्लिङ्गता' मा कसरी सुधार ल्याउन सक्छन् भन्नेबारे रूपरेखा तयार पार्छ । तिनीहरूले नियम सिक्ने, नियम प्रयोग गर्ने र नियम परिवर्तन गर्ने मुख्य तीनवटा क्षेत्र पहिचान गर्छन् । यसको उद्देश्य 'सङ्केत' भन्दा पर जानु र एउटा महिलाको सन्दर्भ अख्तियार गर्न र महिला मुद्दाहरूमा परिवर्तन ल्याउनतर्फ लाग्नु हो । एउटा प्रभाव पार्न खोज्ने महिलाहरूले तीनवटा व्यापक चालबाजीलाई ध्यानमा राख्नु जरुरी छः

- संसदीय कार्यमा लागू हुने नियमहरू सिक्नु,
- ती नियमलाई चाहनाअनुसार परिवर्तनका निम्ति प्रयोग गर्नु, र
- महिला सरोकारहरूलाई अगाडि बढाउन असहयोगी नियम परिवर्तन गर्नु ।

प्रत्येक चालबाजीमा चारवटा व्यापक वर्गमा पर्ने विभिन्न रणनीति समाविष्ट छन् : संसदीय संस्थाको प्रकृति, प्रतिनिधित्वका मुद्दाहरू, महिला सांसदका निमित्त रहेका र प्रयोग गरिएका संवादहरू र वैधानिक वा नीतिगत उपजहरू ।

विभिन्न वर्गहरूद्वारा प्रभाव पार्दै नियम सिक्नेबारे प्रायजसो उल्लेख गरिने पक्ष सांसदहरूका निमित्त तालिम र अभिमुखीकरण अभ्यासहरूको आवश्यकता हो, जसले तिनीहरूलाई अरू कुराका साथै निम्नलिखित कुरामा सक्षम बनाउँछ :

- महिलाहरूको सन्दर्भ तथा महिला मुद्दाबीचको विभेद छुट्ट्याउन सक्षम बनाउँछ,
- स्थानीय, क्षेत्रीय र अन्तरराष्ट्रिय विभिन्न स्तरमा सञ्चारमाध्यम र महिला सङ्गठनहरूबीच सञ्जाल विकास गर्न सक्षम बनाउँछ, र
- समितिका व्यापक तहमा सक्रिय भूमिका निर्वाह गर्न सक्षम बनाउँछ ।

नियमहरू परिवर्तन गर्ने सम्बन्धमा महिला सांसदहरूले निम्नलिखित कुराबारे सोच्नु पर्छ :

- महिलाहरूको परिबन्दलाई सहायता गर्न र नीति तथा सिफारिसहरूको कार्यान्वयन पक्षलाई सुपरिवेक्षण गर्न राष्ट्रिय संयन्त्रहरूको स्थापना,
- विशेष गरेर नेतृत्वदायी पदका सम्बन्धमा आफ्नो पार्टीका उम्मेदवार छनौटका नियमहरू परिवर्तन गर्नु,
- संसदभित्र महिला सांसदहरूलाई प्राथमिकता दिने र त्यहाँका विभिन्न समितिमा कोटा प्रणाली संस्थागत गर्ने जस्ता आफ्ना पुरूष सहकर्मीभन्दा कम आबाज उठाइने वा आफ्नो न्यून प्रतिनिधित्व भएका क्षेत्रहरूमा महिला सांसदलाई प्राथमिकता दिने जस्ता संयन्त्रहरूको स्थापना,
- महिला मुद्दाहरू र महिला प्रतिनिधित्वलाई प्रायोजन गर्ने वा सहायता गर्ने संसद बाहिरका पहलहरूका निमित्त विशेष प्रोत्साहन दिने (अर्थात् महिला नेतृत्व विकास तालिम विद्यालयहरू, सञ्चारमाध्यमका महिला राजनीतिज्ञहरूसम्बन्धी कार्यक्रमहरू) र
- महिलाका निमित्त देखा परिरहेका सरोकारका मुद्दाका विषयहरू समावेश गर्न संसदीये दायरालाई विस्तार पार्ने ।

प्रस्तुत हातेपुस्तकको यस भागमा रूपरेखा तयार गरिएका प्रभावहरूलाई उच्च पार्नका लागि ठोस सुझावका अतिरिक्त आवश्यकताका अरू बढी सामान्य क्षेत्रमाथि जोड दिइएको छ :

- सामान्य चेतना अभिवृद्धि, तथा खास गरेर ग्रामीण महिलाहरूका सम्भाव्यता विषयक ठम्याइ,
- महिलाका लागि प्रभावकारी अनुसन्धान र तालिम,
- संवाद र कार्यहरूलाई साकार रुप दिनमा आम सञ्चारमाध्यमको महत्वपूर्ण भूमिकाबारे बुझ्नु र त्यसतर्फ लक्षित गर्नु,
- निरन्तरको सकारात्मक विभेद, जसले राजनैतिक मञ्चमा आफ्नो संख्या वृद्धिका निम्ति महिलालाई सक्षम बनाउँछ, त्यसका साथै नागरिक संलग्नताका विभिन्न क्षेत्रमा कोटा र महिला सहभागितालाई सशक्त बनाउनका लागि खास कोष छुट्याउने जस्ता महिला सहभागितालाई प्रोत्साहनकारी  कानुनहरू संशोधन गर्नु (वा नयाँ प्रवेश गराउनु),
- सरकारहरू (अर्थात् राष्ट्रिय संयन्त्रमार्फत्), महिला सङ्गठनहरू तथा अन्य सार्वजनिक र सरोकारमा आधारित सङ्गठनका तर्फबाट ठोस तथा प्रभावमा आधारित सकारात्मक पहलहरू र
- सांसदहरू र सामान्यतया महिलाको अवस्थामा सुधार ल्याउन कार्यरत बाह्य सङ्गठनहरू तथा सरोकार समूहहरूबीच समूहगत सम्बन्ध र सञ्जाल कायम राख्ने ।

दक्षिण अफ्रिका, फ्रान्स, स्विडेन र रूवान्डाका घटना अध्ययनले महिलाहरूले प्रभाव पारिरहेका विभिन्न अवस्था र क्षेत्रहरू चित्रण गर्छन् । अन्य कैयन् परिवर्तनमा निम्नलिखित पनि पर्छन् :

- महिलाहरूको बजेट निर्धारण, समानतासम्बन्धी ऐनहरूको तर्जुमा र राष्ट्रिय संयन्त्रको निर्माण जस्ता संस्थागत र प्रतिनिधिमूलक परिवर्तनहरू, र
- महिलाहरूलाई निर्दिष्ट गरिने, तिनको सहभागिताको मूल्याङ्कन र अनुसन्धान गरिने, पुरूषहरूसँग साझेदारी गरिने र तिनीहरूका प्रयासलाई ठम्याइने विधिहरूमा परिवर्तन गर्न महिला आन्दोलनसँग सहकार्य र सञ्जाल विकास जस्ता संवादमा परिवर्तन ।

## ४. अन्तरराष्ट्रिय प्रयासहरू

सामान्यतया व्यवस्थापिका क्षेत्रका क्रियाकलापका मुख्य पात्रहरूको र विशेषतः महिला सांसदहरू (अन्तर्व्यवस्थापिका संघ, आईपीयु) को अनुभव टिप्पणीयोग्य छ । आईपीयुले ध्यान केन्द्रित गरेको परिवर्तन ल्याउन र राजनीतिमा प्रभाव पार्न अत्यावश्यक कारक तत्वको रूपमा रहेको महिला र पुरूषबीच साझेदारी जस्ता केही संख्याका आवश्यकतालाई सफलतापूर्वक पूरा गर्नका लागि यसबाट सिक्नु महत्वपूर्ण छ । केहीको नाम लिनु पर्दा राष्ट्रिय संसदका, ककस, महिलाका साझा आवश्यकताप्रति प्रतिक्रिया जनाउन, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक मुद्दाहरूलाई सम्बोधन गर्न संसदीय क्षमता अभिवृद्धि गर्नमा महिला सांसदहरूको क्षमता अभिवृद्धि गर्न अन्तरराष्ट्रिय अन्तरसरकारी सङ्गठनहरूले खेल्न सक्ने महत्वपूर्ण भूमिकामाथि पहिलेका अध्यायहरूले दिएको जोडलाई आईपीयुको कार्यले अझ वैधता प्रदान गर्दछ ।

उदाहरणका लागि महिला सांसदहरूको आईपीयु बैठकका छलफलहरूबारे तुलनात्मक रुपमा कम थाहा पाइएको तथापि महत्वपूर्ण रहेको वास्तविकतालाई प्रकाशमा ल्याउँछ । ककस आफ्नो प्रतिनिधित्व अभिवृद्धि गर्न भेला भएर अनुभव र रणनीतिहरू साटासाट गर्ने महिला सांसदहरूको एउटा मोर्चामात्र होइन, यो महिलाहरूको आवश्यकता पूरा गर्ने सङ्गठनात्मक संरचनाका निमित्त पनि लाभदायी छ । परिवर्तनशील सन्दर्भ, राजनैतिक वास्तविकता र महिला सांसदहरूको उत्तरदायित्वका आवश्यकताहरूमा उत्तरदायित्वलाई अझ टड्कारो बनाउनु पर्ने आवश्यकता हुँदा यो खास मुद्दा हुन जान्छ । यस सम्बन्धमा स्थानीय, क्षेत्रीय र अन्तरराष्ट्रिय विभिन्न स्तरमा समन्वयात्मक प्रयासहरू गरिनु पर्छ र प्रारम्भ गरिसकेको अग्रगामी कार्यलाई नक्कल गर्नुभन्दा निर्माण गर्नुपर्छ ।

## ५. अगाडिको बाटो

संक्षेपमा, संख्याभन्दा पर हेर्नुको अर्थ संख्याको कुनै अर्थ हुँदैन भन्ने होइन । त्यस विपरीत, संख्या राजनीतिमा प्रभाव पार्नका लागि सम्पूर्ण हो । जे भए तापनि विश्वको जनसंख्याको आधा भाग हुन सक्दैन, तर एउटा महत्वपूर्ण निर्वाचन क्षेत्र हुन्छ । बितेका चुनौती र हाल भएका चुनौतीहरूसम्बन्धी वृत्तान्तभरि चलेको एउटा पहिल्याइहरूमध्येको एक यो हो कि *सफलता सम्भव छ, परिवर्तन भइसकेको छ, र अगाडि बढ्न* अरू बाँकी छ ।

महिलाहरूको राजनैतिक सहभागिता वृद्धिका निम्ति गर्नुपर्ने कार्यहरू निकै बाँकी रहेका छन्

भन्ने बुझाइका साथ आइडिया यसको सञ्चालनको दोस्रो दशकमा प्रवेश गरेको छ । तैपनि पुरूषको साझेदारीमा महिलाद्वारा संख्याको शक्तिलाई समग्र समाजलाई सकारात्मक आमूल परिवर्तनमा रूपान्तर गर्ने कामलाई निरन्तरता दिनु नै यो सहस्राब्दीको अर्थ हो । प्रत्येक राष्ट्रमा अपनाइएका विधिहरू भिन्न हुनेछन् । विकल्पहरूको परीक्षण गर्नु, सबैभन्दा असल चलनको प्रमाण सङ्कलन गर्नु र सुधारकहरूलाई प्रोत्साहन दिनु आइडियाको चुनौती हो । लोकतन्त्रको बहसबारे सूचित गर्न हामी लालायित हुँदा त्यसको बदला आफ्नो जीवनमा असर पार्ने समग्र राजनैतिक संरचनामा सबै नागरिकको प्रतिनिधित्व भएपछि मात्र त्यो प्राप्त गर्न सकिन्छ भनेर वास्तवमा विश्वास गर्ने कैयन् साहसी, सृजनशील र सक्रिय महिला तथा पुरूषबाट हामी सिक्छौं । यस हातेपुस्तकद्वारा हामीले अगाडि बढिरहेको लोकतान्त्रिक अग्रगमनको एउटा राजमार्ग वा लोकमार्गमा साइनबोर्डहरूलाई महत्त्वका साथ देखाएर सहायता पुऱ्याएका छौं भनेर हामी आशा गर्छौं ।

# अनुसूची क
# लेखकहरूका बारेमा

**अस्सा करामः** संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत अरब राष्ट्रहरूका लागि अरब मानव विकास प्रतिवेदन एकाइ क्षेत्रीय ब्युरोका वरिष्ठ नीति अनुसन्धान सल्लाहकारको रुपमा कार्यरत हुनुहुन्छ । विश्वभरिका धार्मिक नेता तथा समुदायहरूसँग मिलेर काम गरी शान्तिका लागि विश्व धर्म सम्मेलन सन् २००० का निमित्त वरिष्ठ सल्लाहकार तथा कार्यक्रम निर्देशकको रूपमा सेवा गरिसकेपछि उहाँले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममा प्रवेश गर्नुभयो । उत्तरी आयरल्यान्डको बेलफास्टस्थित क्विन्स् विश्वविद्यालयको जातीय द्वन्द्व अध्ययन केन्द्रमा कार्यक्रम व्यवस्थापक तथा राजनीतिमा प्राध्यापकको रूपमा काम गरिसके पछि उहाँ त्यसमा प्रवेश गर्नुभएको हो । धेरै वर्षसम्म अरब तथा युरोप दुवै क्षेत्रमा मानव अधिकार तथा विकाससम्बन्धी कार्य तथा अध्यापन गरेर उहाँ इन्टरनेसनल आइडियामा वरिष्ठ कार्यक्रम अधिकृतको रूपमा प्रवेश गर्नुभएको हो । उहाँ सन् १९९६ देखि १९९८ सम्म यसको लिङ्ग तथा अरब विश्व विषयक कार्यक्रमकी निर्माता हुनुहुन्थ्यो । आइडियाको *संसदमा महिला* (सन् १९९८) सम्बन्धी हातेपुस्तकको प्रथम संस्करणका अतिरिक्त उहाँका प्रकाशनहरू *ट्रान्जिसनल पोलिटिकल इस्लाम* (सन् २००४), *इस्लामिजम्स्, वुमन एन्ड स्टेट* (सन् १९९८), *रिलिजियस वुमन एज पब्लिक एक्टर्स* (सन् २००२) र *रिलिजन, वुमन एन्ड कन्फ्लिक्टः अ मेनुवल* (सन् २००४) लगायत रहेका छन् ।

**जुली ब्यालिङ्टन** : इन्टरनेसनल आइडियामा सन् २००१ देखि २००५ सम्म राजनीतिमा महिला परियोजनाप्रति जिम्मेवार रहेको कार्यक्रमको अधिकृत हुनुहुन्थ्यो । त्यस अवधिमा उहाँले *संसदमा महिलाः सङ्ख्याभन्दा पर* हातेपुस्तकको इन्डोनेसियाली, फ्रान्सेली, स्पेनीस तथा संक्षिप्त रुसी संस्करण तथा क्षेत्रीय भाषाका संस्करणको व्यवस्थापन तथा सम्पादन गर्नुभयो । महिलाका निमित्त निर्वाचन-कोटाबारे विश्व तथ्याङ्क भण्डारणको व्यवस्थापनलगायत महिलाका निमित्त निर्वाचन कोटाबारे इन्टरनेसनल आइडियाले गरेको अपूर्व कार्यको उहाँले अगुवाइ गर्नुका साथै विश्वभरका कोटा प्रणाली कार्यान्वयनबारे पाँचवटा क्षेत्रीय प्रकाशनको पनि सम्पादन गर्नुभएको छ । सन् २००१ मा इन्टरनेसनल आइडियामा प्रवेश गर्नु अघि उहाँ जोहानसवर्गस्थित दक्षिण अफ्रिकाको निर्वाचन आयोगको लिङ्ग तथा निर्वाचनसम्बन्धी परियोजनाका अगुवा हुनुहुन्थ्यो । उहाँले धेरै पुस्तक तथा लेखहरु लेख्नुभएको छ । विशेषतः महिलाको राजनैतिक प्रतिनिधित्व तथा सहभागिता, मतदाताको उपस्थिति र निर्वाचन राजनीतिसँग सम्बन्धित अनुसन्धानमा उहाँको रुचि रहेको छ । उहाँ हाल

जेनेभास्थित अन्तर्व्यवस्थापिका संघको महिला तथा पुरूषबीच साझेदारी प्रवर्द्धनका निम्ति सञ्चालित परियोजनामा कार्यरत हुनुहुन्छ, जुन परियोजनाको उद्देश्य व्यवस्थापिकामा महिला सहभागिता र प्रवर्द्धन गर्नु हो ।

**अमल सब्बाघ** : महिलाहरूका मुद्दा प्रवर्द्धन गर्नका लागि अरब विश्वमा स्थापित प्रथम अर्ध सरकारी आयोगहरूमध्येको एक मानिने महिलाहरूका निमित्त जोर्डेनी राष्ट्रिय आयोग-जेएनसीडब्ल्यु (Jordanian National Commission for Women, JNCW) की महासचिव भई सन् २००५ सम्म कार्यरत हुनुहुन्थ्यो । जेएनसीडब्ल्युले महिलाहरूसँग सम्बन्धित नीति तथा विधेयक परिभाषित गर्न र तिनीहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सरकारी तथा गैरसरकारी दुवै क्षेत्रमा प्राथमिकता, योजना तथा कार्यक्रमहरूलाई पहिचान कार्य गर्दै महिलाहरूका निमित्त एउटा राष्ट्रिय रणनीति निर्माण गर्नमा जोर्डनले गरेको प्रयासको नेतृत्व गर्छ । डा. सब्बाघ पहिले *सेन्टर फर अग्रारियन रिफर्म एन्ड रुरल डिभलपमेन्ट इन दी नियर इस्ट (Centre for Agrarian Reform and Rural Development in the Near East - CARDNE),* जोर्डनमा मुख्य निर्देशक हुनुहुन्थ्यो र त्यसभन्दा पहिला सामाजिक विकासका लागि जोर्डनी मन्त्रालयभित्रका केही पदहरूमा कार्यरत हुनुहुन्थ्यो । उहाँले नटिङ्घम विश्वविद्यालय, बेलायतबाट सामाजिक नीतिमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । उहाँको अनुसन्धानको रुचि सामाजिक समानता, सीमान्तकृत समूहहरूको सशक्तीकरण, विशेष गरी ग्रामीण समूहहरू तथा विपन्नहरूको सशक्तीकरण र लैङ्गिक समानताका मुद्दाहरूमा केन्द्रित छ ।

**द्रुदे दालेरुप** : स्टकहोम विश्वविद्यालय, स्विडेनको राजनीतिशास्त्रकी प्राध्यापक द्रुदे दालेरुपले राजनीति, सामाजिक आन्दोलनहरूमा महिला, महिला आन्दोलनको इतिहास, श्रम बजार मा लिङ्गभेद तथा नारीवादी सिद्धान्तबारे गहन अनुसन्धान गर्नुभएको छ । उहाँले हालसालै *द रेड स्टकिङ्: द राइज एन्ड फल, द न्यु आइडियाज एन्ड इम्प्याक्ट अफ डेनिस वुमन्स लिबरेसन मोभमेन्ट १९७५ - १९८५ (The redstockings: The rise and fall, the new ideas and impact of the Danish Women's liberation movement, 1970-1985),* र डेनिस भाषामा कैयन् लेख तथा पुस्तक प्रकाशन गर्नुभएको छ । अन्य कुराहरूका साथै उहाँले अंग्रेजीमा *द न्यू वुमन्स मुभमेन्ट, फेमिनिज्म एन्ड पोलिटिकल पावर इन युरोप एन्ड द युएसए* (सेज, १९८६) तथा *'फ्रम अ स्मल टु लार्ज माइनोरिटी: वुमन एन स्क्यान्डे नेभियन पोलिटिक्स'* जस्ता कृतिहरु प्रकाशन गर्नुभएको छ । उहाँले स्क्यान्डेनेभियन पोलिटिकल स्टडिज भोल्युम ११ संख्या ४ (१९८८) र महिला प्रतिनिधित्वबारे एउटा हातेपुस्तक पनि लेख्नु भएको छ, जुन मन्त्रीहरूको नर्डिक परिषद्द्वारा पाँचवटा सबै नर्डिक भाषामा प्रकाशित भएको थियो । उहाँ *वुमन, कोटाज एन्ड पोलिटिक्स: अ कम्पेरिजन अफ द युज अफ कोटाज वर्ल्डवाइड* की सम्पादक (रोटलेज, सन् २००६ मा प्रकाशित हुने) हुनुहुन्छ ।

**एलिसा केरियो** अर्जेन्टाइनी कानुन व्यवसायी हुनुहुन्छ । उहाँले जनअधिकारमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ र नर्थइस्ट विश्वविद्यालयको संवैधानिक अधिकार विषयका प्राध्यापक हुनुहुन्छ । उहाँ संवैधानिक सभाको सदस्य (सन् १९९४), अर्जेन्टाइनी कंग्रेसकी सदस्य (सन् १९९५ देखि २००३ सम्म),संवैधानिक मामिला आयोगकी अध्यक्ष

(सन् १९९९ देखि २००१ सम्म), मुद्रा निर्मलीकरण विरुद्धको आयोगका अध्यक्ष (२००१) तथा राजनैतिक महाअभियोग आयोगका सदस्य समेत हुनुहुन्थ्यो । सयभन्दा बढी संवैधानिक तथा लैङ्गिक समानतासम्बन्धी महत्वपूर्ण पहल रहेका विधेयक तथा अधिकार र नीतिमा विशेषज्ञता रहेका पुस्तक तथा पत्रपत्रिकामा लेखहरू प्रकाशित गरिसकेकी कारियोले सन् २००४ मा *हासिया उन नुएभो कोन्त्रातो मोराल* नामक कृति पनि प्रकाशित गर्नुभयो । उहाँ सन् २००१ देखि २००३ सम्म संसदमा तेस्रो बहुमत रहेको संसदीय ब्लक ए आर आइका अध्यक्ष र सन् २००३ मा राष्ट्रप्रमुख पदका निमित्त उम्मेदवार हुनुहुन्थ्यो । सन् २००४ मा ब्युनर्स आयर्समा उहाँले इन्स्टिट्युटो हन्नाह आर्डेन्ट स्थापना गर्नुभयो र उहाँ हाल त्यस संस्थालाई निर्देशन गर्नुहुन्छ । इन्टरनेसनल आयडियासँगको सहयोगमा उहाँले सन् २००४ मा ल्याटिन अमेरिकाको महिला राजनैतिक नेतृत्व सञ्जाल (रेड डि मुजिरेस लिडरेस पो लिटिकास डि अमेरिका ल्याटिना) को पहल गर्नुभयो । यसका अतिरिक्त उहाँ संवैधानिक अधिकारका लागि अर्जेन्टाइनी संघ, अधिकारको दर्शनसम्बन्धी अर्जेन्टाइनी संघ, अमेरिकाको महिला नेतृहरुको सम्मेलन (WLCA), अन्तरराष्ट्रिय विकास समाज र पश्चिमी गोलार्द्धका सम्मेलनमा स्थापित महिला नेतृहरूकी सदस्य हुनुहुन्छ ।

**एलिजाबेथ पाउले** : समावेशी सुरक्षाको रुवान्डाली परियोजना वुमन वेगिङ पिसका निर्देशक हुनुहुन्छ एजिजाबेथ पाउले । पहिले उहाँ वासिङ्टन डिसीमा वुमन वेगिङ पिसको नीति आयोगकी सह निर्देशक हुनुहुन्थ्यो । त्यस भूमिकामा रहँदा उहाँले महिलाको राजनैतिक सहभागिताबारे एउटा कार्यक्षेत्रमा आधारित नमुना अध्ययन 'शासन व्यवस्था सुदृढीकरण: रुवान्डाको संक्रमणमा महिलाहरूको भूमिका' को मुख्य अनुसन्धानकर्ता तथा ग्रन्थकार भई पुस्तक तयार गर्नुभयो । द्वन्द्व विश्लेषण, लोकतन्त्र तथा शासन व्यवस्था, नागरिक समाज, संक्रमणकालको न्याय तथा लैङ्गिक समानता र महिला विषयमा उहाँ जानकार हुनुहुन्छ । एक अनुभवी प्रशिक्षक तथा तालिम सञ्चालक रहनुभएकी पाउलेले अंगोला, माली, नाइजेरिया, दक्षिण अफ्रिका र रुवान्डामा शान्ति स्थापनाकर्ता तथा नागरिक समाज अभियानकर्ताहरूसँग मिलेर कार्य गर्नुभएको छ । महिलाहरूको राजनैतिक सहभागिता तथा नेतृत्व, संक्रमणकालीन न्याय र शान्ति सम्झौताहरूमा नागरिक समाजको संलग्नताबारे पाठ्यक्रम विकास गर्नुका साथै पाउलीले वासिङ्टन डिसीस्थित अमेरिकी विश्वविद्यालयको अन्तरराष्ट्रिय सेवा स्कुलबाट स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ ।

**फ्रेन गिनवाला, पीएच्.डी.** : अफ्रिकी नेसनल कंग्रेसको राष्ट्रिय कार्यकारी समितिकी सदस्य डा. फ्रेन गिनवाला अफ्रिकाका निमित्त विश्व गठबन्धनमा हाल कार्यरत उपसभाध्यक्ष तथा दक्षिण अफ्रिकाको क्वाभुलु विश्वविद्यालयकी चान्सलर हुनुहुन्छ । हाल उहाँ विकासका मुद्दाहरू विशेष गरेर असल शासन तथा मानव अधिकारबारे कार्यरत हुनुहुन्छ । सन् २००५ मा उहाँ अफ्रिकामा मानवीय सुरक्षाबारे एउटा विवरण तयार पार्नुभयो । उहाँ न्यायपूर्ण तथा दिगो इजरायली प्यालेस्टाइनी शान्तिका लागि अन्तरराष्ट्रिय महिला परिषद्मा सदस्य हुनुहुन्छ । सन् २००४ मा संसदीय सदस्यता नछाडेसम्म उहाँले दस वर्ष दक्षिण अफ्रिकामा लोकतान्त्रिक तवरले निर्वाचित राष्ट्रिय सभाको प्रथम सभामुख भई काम गर्नुभयो । सन् १९९० मा निर्वासनबाट दक्षिण अफ्रिका फर्केपछि उहाँ नयाँ दक्षिण अफ्रिकी संविधानले

महिलाका निमित्त प्रभावकारी समानताका लागि सञ्चालित अभियानमा सबै महिला सङ्गठनलाई एकत्रित गर्न गठन गरिएको महिला राष्ट्रिय गठबन्धनकी संस्थापक सदस्य तथा प्रथम संयोजक बन्नुभयो । सन् १९९० को दशकको प्रारम्भमा उहाँ अफ्रिकन नेसनल कंग्रेस सम्झौता टोली र संविधान सभासदस्य हुनुहुन्थ्यो ।

**जोनी लोभेन्दुस्की** : बेलायतस्थित बर्कबेक कलेज, लन्डन विश्वविद्यालयकी प्राध्यापक जोनी लेभेन्दुस्कीले बेलायती तथा युरोपेली महिलाहरूको राजनैतिक व्यवहार र विशेषतः राजनीतिमा महिला प्रतिनिधित्वबारे अनुसन्धान गर्नुभएको छ । उहाँका प्रमुख पुस्तकहरू महिलाहरूको संख्या वृद्धि भएपछि राजनीतिमा के हुन्छ भन्नेबारेको प्रतिबिम्ब *फेमिनाइजिङ पोलिटिक्स* (सन् २००५), युरोपमा महिलाहरू तथा नारीवादको असरसम्बन्धी तुलनात्मक अध्ययन-*वुमन एन्ड युरोपियन पोलिटिक्स* (सन् १९९६), बेलायती उम्मेदवार छनौट प्रक्रिया विषयक अध्ययन-*राजनैतिक पदपूर्ति* (सन् १९९५ मा पिपा नोरिससँग), थ्याचरका वर्षहरूमा बेलायती महिलाहरूको आन्दोलनसम्बन्धी अध्ययन-*कन्टेम्पोररी फेमिनिस्ट पोलिटिक्स* (सन् १९९३ मा भिकी रानडलसँग) र *पोलिटिक्स एन्ड सोसाइटी इन इस्टर्न युरोप* (सन् १९८९ मा जिन वुडलसँग) रहेका छन् । *द पोलिटिक्स अफ द सेकन्ड इलेक्टोरेट* (सन् १९८१), *द न्यु पोलिटिक्स अफ एबोर्सन* (सन् १९८६), *जेन्डर एन्ड पार्टी पोलिटिक्स* (सन्१९९३), *डिफ्रेन्ट रोल्स डिफ्रेन्ट भोइसेज* (सन् १९९४) र *वुमन इन पोलिटिक्स* (सन् १९९६) लाई उहाँले सहसम्पादन गर्नुभएको छ । उहाँ *स्टेट फेमिनिज्म एन्ड द पोलिटिकल रिप्रेजेन्टेसन अफ वुमन* (क्याम्ब्रिज युनिभर्सिटी प्रेस, सन् २००५) को मुख्य सम्पादक (क्लाउडी बाउडिनो, मारिला गुवाडाग्निनी, पेत्रा मेइयर र डायन सेन्सबरीसँग) तथा ग्रन्थकारहरूमध्ये एक हुनुहुन्छ ।

**करिना जाब्रे** : आईपीयुको महिला तथा पुरूषबीच साझेदारी कार्यक्रमको व्यवस्थापक हुनुहुन्छ, करिना जाब्रे । उहाँ व्यवस्थापिकामा महिला सहभागिता अभिवृद्धि गर्नतर्फ लक्षित क्रियाकलापहरूका लागि जिम्मेदार हुनुहुन्छ । आईपीयुमा उहाँ राजनीतिमा महिला विषयक अनुसन्धान सामग्री तथा तथ्याङ्कहरूको विकास र उत्पादनका निमित्त तथा अन्तरराष्ट्रिय मानवतासम्बन्धी ऐन र बाल सुरक्षाका मुद्दाहरूसँग सम्बन्धित आईपीयु क्रियाकलापहरूका निमित्त पनि जिम्मेवार हुनुहुन्छ । आईपीयुसँग संलग्न हुनुभन्दा पहिला कारिन जाब्रे युनेस्कोको लैङ्गिक मुद्दा संयोजन एकाइमा कार्यरत हुनुहुन्थ्यो ।

**खोफिफाह इन्दर पारावान्सा** : इन्डोनेसियाको एयरलाङग्गा विश्वविद्यालय सामाजिक तथा राजनीति शास्त्र विभागबाट स्नातक हुनुहुन्छ । उहाँ नाहदलातुलका पुचुक पिम्पियान मुस्लिमात उलामा (एनयु, इन्डोनेसियाको सबैभन्दा ठूलो इस्लाम सङ्गठनहरूमध्येको एक) की अध्यक्ष हुनुहुन्छ । उहाँ *लिम्बागा पेमेनाङ्गान पेमिलु पार्ताइ केबङ्कितान बाङ्सा* (राष्ट्रिय जागरण पार्टी) को अध्यक्ष पनि हुनुहुन्छ । उहाँ *देवान पेर्वाकिलान राक्यात रिपब्लिक इन्डोनेसिया* (डीपीआर आर आई, गणतन्त्र इन्डोनेसियाको प्रतिनिधि सभा) की  सदस्य भई सन् १९९२, १९९७ र १९९९ मा तीनवटा भिन्नाभिन्नै कार्यकालका निमित्त सदस्य निर्वाचित हुनुभयो । डीपीआरको कार्य अवधिमा अन्य पदलगायत उहाँले निम्नलिखित पदहरूमा सेवा गर्नुभयो : *पिम्पियान कोमिसी* (आयोग प्रमुख), *पिम्पियान फ्राग्सी* (विभागको प्रमुख)

र *पिम्पियान डीपीआर री* (उपसभामुख) । उहाँले महिला सशक्तीकरण राज्यमन्त्री र राष्ट्रिय परिवार नियोजन समन्वय परिषद्को प्रमुखको रूपमा (सन् १९९९ देखि २००१ सम्म) पनि सेवा गर्नुभयो ।

**लेना वाग्नेरुद** : गोटेनवर्ग विश्वविद्यालय, स्विडेनको राजनीति शास्त्र विभागमा सह प्राध्यापक लेना वाग्नेरुदले महिला प्रतिनिधित्वसम्बन्धी मुद्दाबारे कैयन् पुस्तक तथा लेख लेख्नुभएको छ । व्यावहारिक रुपमा उहाँको ध्यान स्विडेनको संसदमाथि छ तर संसदमा लामो समयसम्म महिलाहरूको संख्या सापेक्षरूपमा उच्च रहेका अन्य नर्डिक राष्ट्रको संसदमा समेत उहाँ केन्द्रित रहनुभएको छ । उहाँको हालको अनुसन्धान प्रत्येक निर्वाचनमा स्विडेनको संसद छाड्ने सांसदहरूको बढ्दो संख्यामा केन्द्रित रहेर व्यवस्थापिकाभित्र सदस्यहरूको कुल संख्या विषयमा रहेको छ । नागरिक समाजभित्र राजनैतिक मुद्दाहरूबारे छलफल गर्नका लागि विभिन्न मोर्चालाई प्रबन्ध गर्ने आयोजनामा पनि उहाँ कार्यरत हुनुहुन्छ ।

**माला एन. हतुन** : न्यु स्कुल फर सोसल रिसर्च, न्युयोर्क, अमेरिकामा राजनीतिशास्त्रका उपप्राध्यापक र *सेक्स एन्ड द स्टेटः एबोर्सन, डिभोर्स, एन्ड दी फेमिली अन्डर ल्याटिन अमेरिकी डिक्टेटरसिप एन्ड डेमोक्र्यासी* (क्याम्ब्रिज युनिभर्सिटी प्रेस, २००३) नामक ग्रन्थकी ग्रन्थकार हुनुहुन्छ । लैङ्गिक राजनीति, महिला अधिकार अनि जाति तथा राजनीतिबारे उहाँका लेखहरु *ल्याटिन अमेरिकी रिसर्च रिभ्यु, पर्सपेक्टिभ अन पोलिटिक्स, सोसल रिसर्च, करेन्ट हिस्ट्री* तथा अन्य कैयन् जर्नलहरूमा प्रकाशित भएका छन् । उहाँले अंग्रेजी, स्पेनी र पोर्तुगालीमा विविध ग्रन्थहरू सम्पादन गर्नुभएको छ । उहाँले हालसालै संयुक्त राज्य अमेरिकाको नोत्रेदाम विश्वविद्यालय  केलोग इन्स्टिच्युट र हार्भर्ड रेडक्लिफ इन्स्टिच्युटमा विद्वतवृत्ति पाउनुभयो । उहाँका कार्यलाई *नेसनल साइन्स फाउडेसन, द सोसल साइन्स रिसर्च काउन्सिल र नेसनल सेक्युरिटी इजुकेसन* प्रोग्राममार्फत् सहायता पुऱ्याइएको छ । उहाँले हार्भर्ड विश्वविद्यालयबाट राजनीति शास्त्रमा विद्यावारिधि उपाधि र स्टान्फोर्ड विश्वविद्यालय, अमेरिकाबाट अन्तरराष्ट्रिय सम्बन्धमा स्नातक उपाधि प्राप्त गर्नुभएको छ । उहाँको हालको अनुसन्धान लिङ्गको राजनीति तथा ल्याटिन अमेरिका र विश्वभरिमा जातिगत प्रतिनिधित्वमाथि केन्द्रित रहेको छ ।

**मारिएत सिनउ** : *सेन्टर नेसनल डि ला रिसेर्चे साइन्टिफिक* (सीएनआरएस, नेसनल सेन्टर फर साइन्टिफिक रिसर्च) को राजनीति, वैज्ञानिक तथा अनुसन्धान निर्देशक हुनुहुन्छ । उहाँ फ्रान्सको *पेरिसस्थित सेन्टर डि रिसेर्चेज पोलिटिक्स डि साइन्सेज पो* (सीईभीआईपीओ एफ, सेन्टर फर पोलिटिकल रिसर्च) मा कार्यरत हुनुहुन्छ । उहाँको अनुसन्धानको मुख्य क्षेत्र महिलाहरूको राजनैतिक प्रवृत्ति तथा व्यवहार र महिला राजनीतिज्ञहरू हो । उहाँको कार्य पारिवारिक नीति तथा बालस्याहार प्रणालीसँग पनि सम्बन्धित रहेको छ । उहाँका हालैका प्रकाशनहरूमा *प्रोफेसनः फेम्मे पोलिटिक सेक्से इट पाउभोयर साउस ला भे रिपब्लिक* (प्रोफेसनः वुमन पोलिटिसियन जेन्डर एन्ड पावर अन्डर द फिफ्थ रिपब्लिक), *हु केयर्स ? वुमन्स वर्क चाइल्ड केयर एन्ड वेलफेयर स्टेट रिडिजाइन* (जेन जेन्सनसँग, युनिभर्सिटी अफ टोरोन्टो प्रेस, २००१), र *मिटिऱ्यान्ड इट लेस फ्राङ्काइसेसः उन रेन्डेजभोस मान्क्यु*

(मिटरान्ड एन्ड फ्रेन्च वुमनः अ मिस्ड रेन्डेजभोस) (जे. जेन्सनसँग, पेरिस पेसेज डी साइन्सेज पो. १९९५) आदि छन् ।

**नादेज्दा स्वेदोभा** : रूसी राजनीतिमा रूसी महिलाबारे अन्तराष्ट्रिय विशेषज्ञ नादेज्दा स्वेदोभा फुलब्राइट स्कलर हुनुहुन्छ । रुसको मस्कोस्थित *रसियन एकेडेमी अफ साइन्सेज इन्स्टिच्युट अफ द युएसए एन्ड क्यानाडा स्टडिज*मा प्रमुख अनुसन्धानकर्ता स्वेदोभाले अन्य संघ-सङ्गठनलगायत रूसको स्टेट ड्युमा, सुप्रिम सोभियत, स्वास्थ्य मन्त्रालय र विदेश मामिला मन्त्रालयको निमित्त परामर्शदाताको रूपमा कार्य गर्नुभएको छ । उहाँ रूसी राजनीति शास्त्रीहरूको संघको लैङ्गिक समूहको उपसभाध्यक्ष र रूस, पूर्व सोभियत गणराज्यहरू र संयुक्त राज्य अमेरिकामा राजनीतिमा महिलासँग सम्बन्धित असंख्य लेखका लेखिका हुनुहुन्छ । उहाँका प्रकाशनहरू *द कोड अफ अनर अफ द रसियन वुमन मुभमेन्ट* (१९९३) र द अबिस (१९८८) आदि छन् । उहाँ *वुमन इन पोलिटिक्स एन्ड सोसाइटी* (१९९६) मा रूसी निर्वाचनमा महिलासम्बन्धी एउटा अध्यायकी सहलेखिका हुनुहुन्छ । उहाँको प्रकाशन *सिम्प्ली एबाउट द कम्प्लेक्स: जेन्डर एजुकेसन* (मस्को: अन्टिक्भा प्रेस, २००२) किर्गिज तथा अमेरिकी भाषामा अनुवाद भएका छन् । सन् २००३ मा उहाँ विश्व बैंकको अनुरोधमा रूसी महासंघमा लैङ्गिक ओहदाका मुद्दाहरूबारे समीक्षा प्रतिवेदन तयार पार्ने टोलीको सदस्य हुनुहुन्थ्यो । सन् १९९९ मा डा. स्वेदोभालाई उहाँका पथप्रदर्शक अनुसन्धानहरूलाई मान्यता दिँदै रसियन एकाडेमी अफ साइन्सेजले कदरपत्र प्रदान गर्‍यो र सन् २००३ मा रूसमा महिलाहरूको स्थितिमा सुधार ल्याउन उहाँले गरेको प्रयासलाई मान्यता दिँदै रूसको श्रम तथा सामाजिक विकास मन्त्रालयले पनि उहाँलाई एउटा कदरपत्रद्वारा सम्मानित गर्‍यो ।

**नेस्तोरिन कम्पोरे** : मोन्ट्रियल विश्वविद्यालय, क्यानाडाबाट विकास समाजशास्त्रमा विद्यावारिधि उपाधि प्राप्त नेस्तोरिन कम्पोरे हाल ओउगाडोगो, बुर्किना फासोको डच राजदूतावासका निमित्त लैङ्गिक सल्लाहकार तथा सञ्चार र पत्रकारिता विभाग, ओउगाडोगो विश्वविद्यालयमा प्राध्यापक पनि हुनुहुन्छ । उहाँ बुर्किना फासोको एउटा अग्रणी गैरसरकारी संस्था लोकतान्त्रिक शासन व्यवस्था केन्द्रका निमित्त लोकतन्त्र तथा शासन व्यवस्थाबारे लैङ्गिक सल्लाहकार समेत हुनुहुन्छ । उहाँले महिलाहरूको राजनैतिक सहभागिताबारे केही खोजपूर्ण तथा प्रयोगबादी अनुसन्धान गर्नुभएको छ । सन् २००४ डिसेम्बरदेखि उहाँले बुर्किना फासोमा महिलाहरूको राजनैतिक सहभागितामा अभिवृद्धि तथा सुधार गर्न दातासमूहद्वारा आर्थिक सहयोग पुऱ्याइएको तीन वर्षे कार्यक्रमको संयोजन गरिरहनुभएको छ ।

**नीना पकारी** : इक्वेडोरको किच्वा आदिवासी जनजाति समूहका वकिल हुनुहुन्छ, निना पकारी । उहाँले इक्वेडोरका आदिवासी जनजातिहरूको संघको कानुनी सल्लाहकार (सन् १९८९ देखि १९९३ सम्म) तथा भूमि तथा क्षेत्रहरूकी नेतृ (सन् १९९३ देखि १९९६ सम्म) को रूपमा सेवा गर्नुभएको छ । न्याय प्रशासनद्वारा राजनैतिक संविधानमा जनजातिको समूहगत अधिकारका साथै तिनीहरूको मान्यतालाई समावेश गर्न सन् १९९७ मा उहाँ संविधान सभामा निर्वाचित हुनुभयो । उहाँ पाचाकुटिक आन्दोलनका संस्थापक, सन् १९९८ देखि २००२ सम्म इक्वेडोरको संसदको निर्वाचित सदस्य र सन् १९९८ देखि २००० सम्म यसको उपाध्यक्ष हुनुहुन्थ्यो । उहाँको रुचि विधायिकी कार्य आर्थिक तथा सामाजिक मुद्दाहरूका साथै आदिवासी

जनजातिका पुरूष तथा महिलाको अधिकार रक्षामा केन्द्रित छ । उहाँले सन् २००३ जनवरी १५ देखि अगस्ट ६ सम्म इक्वेडोरको विदेश मामिला मन्त्री भई कार्य सम्हाल्नुभयो त्यसैले त्यहाँको सरकारी उच्च पदमा आसीन हुने प्रथम आदिवासी जनजातिका महिलाको रुपमा उहाँलाई चिनिन्छ । उहाँ अन्तरराष्ट्रिय कार्यक्रमहरूमा सक्रियरूपले सहभागी हुनुभएको छ र उहाँका राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा धेरै प्रतिवेदन प्रकाशित भएका छन् ।

**रिचार्ड इ. म्याटल्यान्ड** : अमेरिकाको टेक्सास स्थित ह्युस्टन विश्वविद्यायमा राजनीति शास्त्रका प्राध्यापक हुनुहुन्छ र नर्वेस्थित वर्गन विश्वविद्यालयको प्रशासन र साङ्गठनिक सिद्धान्त विभागसँग उहाँको लामो समयदेखि संलग्नता रहेको छ । अनुसन्धानको क्षेत्रमा उहाँको रुचि महिला तथा राजनीति, तुलनात्मक राजनीति र सार्वजनिक नीतिका क्षेत्रहरू रहेका छन् । उहाँका कार्यहरू *अमेरिकन जर्नल अफ पोलिटिकल साइन्स, द ब्रिटिस जर्नल अफ पोलिटिकल साइन्स, द जर्नल अफ पोलिटिक्स, कम्पेरेटिभ पोलिटिकल स्टडिज र क्यानेडियन जर्नल अफ पोलिटिकल साइन्स* लगायत राजनीति शास्त्रका मुख्य जर्नलहरूमा प्रकाशित भएका छन् । डा. म्याटल्यान्डका कार्यहरूको साझा विषय महिला प्रतिनिधित्वमा निर्वाचन प्रणालीहरूको असर रहेको छ । उहाँले क्यानाडा, कोस्टारिका, इन्डोनेसिया, नर्वे, स्विडेन, संयुक्त राज्य अमेरिका र पूर्वी युरोपका निर्वाचन प्रणालीहरू तथा महिला प्रतिनिधित्व सम्बन्धी विषयमा अनुसन्धान गर्नुभएको छ । उहाँ *वुमन्स एक्सेस टु पोलिटिकल पावर इन पोस्ट कम्युनिस्ट युरोप* (अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् २००३) का सहसम्पादक पनि हुनुहुन्छ ।

**शीला मिन्जेस** : दक्षिण अफ्रिकाको विट्वाटरस्ट्रान्ड विश्वविद्यालयमा राजनीतिक अध्ययन विभागका सहप्राध्यापक शीला मेइन्टजेस लैङ्गिक समानता आयोगमा सन् २००१ देखि २००४ सम्म पूर्णकालीन आयुक्त हुनुहुन्थ्यो । उहाँ अफ्रिकी राजनीति, राजनैतिक सिद्धान्त, नारीवादी सिद्धान्त र राजनीति विषय अध्यापन गर्नुहुन्छ । उहाँले दक्षिण अफ्रिकास्थित रोडेस विश्वविद्यालयबाट स्नातक, बेलायतस्थित सस्सेक्स विश्वविद्यालयबाट अफ्रिकी अध्ययनमा स्नातकोत्तर र बेलायतको लन्डन विश्वविद्यालयको अफ्रिकी तथा पूर्वीय अध्ययन स्कुलबाट अफ्रिकी इतिहासमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । लैङ्गिक राजनीति तथा लैङ्गिक हिंसाबारे उहाँका कृतिहरु प्रकाशित छन् । हालसालै मेइन्टजेसका तीनवटा पुस्तक *द अफ्टरम्याथ, वुमन इन पोस्ट कन्फ्लिक्ट ट्रान्सफरमेसन* (जेड प्रेस सन् २००२), *वान वुमेन वान भोट, द जेन्डर पोलिटिक्स अफ साउथ अफ्रिकन इलेक्सन्स्* (इलेक्टोरल इन्स्टिच्युट अफ साउदर्न अफ्रिका, सन् २००२) र *वुमन राइटिङ अफ्रिका: द साउदर्न भोल्युम* (फेमिनिस्ट प्रेस एन्ड युनिभिर्सिटी अफ द विट्वाटरस्ट्रान्ड प्रेस, सन् २००३) को सहसम्पादन गर्नुभएको छ ।

**शिरिन राई** : वार्विक विश्वविद्यालय, संयुक्त अधिराज्यमा राजनीति तथा अन्तरराष्ट्रिय अध्ययन विषयमा प्राध्यापक हुनुहुन्छ । उहाँको अनुसन्धानको रुचि नारीवादी राजनीति, लोकतन्त्रीकरण, विश्वव्यापीकरण र विकाससम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्र हो । लिङ्ग, शासन व्यवस्था तथा लोकतन्त्रीकरणका मुद्दाहरूबारे उहाँले घनीभूतरूपमा लेख्नुभएको छ र धेरै पुस्तककी लेखिका हुनुहुन्छ । उहाँको पछिल्लो पुस्तक *जेन्डर एन्ड द पोलिटिकल*

*इकोनोमी अफ डेभलपमेन्ट* (क्याम्ब्रिजः पोलिटी प्रेस, २००२) हो । उहाँले *रिथिङ्किङ इम्पावरमेन्टः जेन्डर एन्ड डेभलपमेन्ट इन अ ग्लोबल लोकल वर्ल्ड* (रउटलेज, २००२) सहसम्पादन गर्नुभएको छ । साथै *मेनस्ट्रिमिङ जेन्डरः डेमोक्रेटाइजिङ द स्टेट ?* (म्यान्चेस्टर विश्वविद्यालय प्रेसद्वारा, २००३ मा संयुक्त राष्ट्रसंघका लागि प्रकाशित) र *इन्टरनेसनल फेमिनिस्ट जर्नल अफ पोलिटिक्स अन जेन्डर गभर्नेन्स एन्ड ग्लोबलाइजेसन,* २००४, अङ्क ६, संख्या ४ को विशेष संस्करण सम्पादन गर्नुभएको छ ।

**सोनिया पाल्मेइरी** : सन् २००३ देखि २००४ सम्म अन्तर्व्यवस्थापिका संघ - आईपीयुमा लैङ्गिक मुद्दाहरूबारे अनुसन्धानकर्ताको रुपमा कार्यरत रहेर सोनिया पाल्मेइरीले राष्ट्रिय संसदहरूमा महिलाहरूको प्रगति तथा अवरोधबारे विभिन्न विश्लेषणात्मक सामग्री उत्पादन गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएको छ । उहाँको विद्यावारिधिको शोधपत्रले संसदमा महिला प्रभावको प्रश्नलाई अन्वेषण गरेको थियो र अस्ट्रेलियाई संघीय संसदका दुईवटा सुनुवाइमा महिला तथा पुरूष सांसदहरूबीचको अन्तरक्रियाको लैङ्गिक गतिशीलतालाई परीक्षण गरेको थियो । उहाँले 'संसदीय लैङ्गिक बहस' *अस्ट्रेलियन जर्नल अफ पोलिटिकल साइन्स,* भोल्युम ३४ संख्या १ (सन् १९९९) लगायत संसदमा महिलासम्बन्धी विषयमा कैयन् लेख तथा सम्मेलनपत्र प्रकाशित गर्नुभएको छ ।

# इन्टरनेसनल आइडिया: एक झलक

### इन्टरनेसनल आइडिया के हो ?

लोकतन्त्र तथा निर्वाचन सम्बन्धि सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था (International Institute for Democracy and Electoral Assistance) दिगो लोकतन्त्रको लागि विश्वभर सहयोग गर्ने अन्तरसरकारी संस्था हो ।

तुलनात्मक ज्ञान प्रदान गरी एवं लोकतान्त्रिक सुधारमा सहयोग गरी तथा नीति र राजनीतिमा प्रभाव पारी दीगो लोकतान्त्रिक परिवर्तनमा सहयोग गर्नु इन्टरनेसनल आइडियाको मिशन हो ।

### इन्टरनेसनल आइडियाले के गर्छ ?

निर्वाचन, संविधान निर्माण प्रक्रिया, राजनीतिक दल, लोकतन्त्रमा लैङ्गिकता तथा महिलाहरूको राजनीतिक सशक्तिकरण, लोकतन्त्रको आत्म-मुल्यांकन, र लोकतन्त्र तथा विकासका क्षेत्रमा, हामी तीन कार्यक्षेत्रमार्फत काम गर्छौं :

- संसारभरीका विविध सन्दर्भमा लोकतन्त्र निर्माण प्रकृयाहरूका व्यावहारिक अनुभवहरूबाट सिकिएका तुलनात्मक ज्ञान र अनुभवहरू प्रदान गरी;
- लोकतान्त्रिक संस्था र प्रक्रियाहरूको सुधारमा राजनीतिकर्मीलाई सघाउ पुऱ्याउने, तथा आमन्त्रित गरिएको खण्डमा राजनीतिक प्रक्रियामा सहयोग गरी;
- तुलनात्मक ज्ञानका श्रोतहरू राजनीतिकर्मीहरूलाई सहयोग मार्फत लोकतन्त्र निर्माण नीतिमा प्रभाव पारी;

### इन्टरनेसनल आइडियाले कहाँ काम गर्छ ?

इन्टरनेसनल आइडियाले विश्वभर काम गर्छ । स्वीडेनको स्टकहोममा मुख्यालय रहेको यस संस्थाका अफिसहरू अफ्रिका, एसिया र ल्याटिन अमेरिकामा छन् ।